

# जिल्ला अदालतका फैसलाहरूको संगालो

## २०६८


NJA - Nepal

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

हरिहरभवन, ललितपुर

२०६८

# जिल्ला अदालतका फैसलाहरूको

## संगालो

## २०६८

NJA-Nepal

प्रकाशक

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

हरिहरभवन, ललितपुर, नेपाल

**सल्लाहकार :** माननीय श्री तिलप्रसाद श्रेष्ठ, न्यायाधीश/फ्याकल्टी

**संकलन तथा सम्पादन:** श्री ज्योति पाण्डे, अनुसन्धान अधिकृत

**सहयोग :** श्री पत्रिका बस्नेत, निजी सचिव
श्री प्रतिक्षा श्रेष्ठ, प्रशासन सहायक

**लेआउट/डिजाइन :** श्री विष्णुबहादुर बरुवाल, प्रकाशन सहायक

**प्रकाशक :** राष्ट्रिय न्यायिक प्रतिष्ठान
हरिहरभवन ललितपुर, नेपाल

**प्रकाशित :** ५०० प्रति

**सर्वाधिकार** : राष्ट्रिय न्यायिक प्रतिष्ठान
आषाढ, २०६८

**मुद्रक :** फरम्याट प्रिन्टिङ्ग प्रेस, हाँडीगाउँ, काठमाडौं

हरिहरभवन, ललितपुर, नेपाल
फोन नं. : ९७७-१-५५४९०५७, ५५४९०६७
फ्याक्स : ९७७-१-५५३०६६२
पोष्ट बक्स नं २४८६५

E-mail: info@njanepal.org.np
URL: www.njanepal.org.np

Hariharbhawan, Lalitpur, Nepal
Tel: 977-1-5549057, 5549067
Fax : 977-1-5530662
Post Box No.: 24865

खिलराज रेग्मी
प्रधान न्यायाधीश

सर्वोच्च अदालत, नेपाल

सर्वोच्च अदालत
काठमाडौं

## शुभकामना

राष्ट्रिय न्यायिक प्रतिष्ठानले विगत वर्षमा भैँ यस वर्ष पनि जिल्ला अदालतहरुवाट भएका फैसलाहरु संकलन एवं छनौट गरी प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ ।

न्याय सम्पादनको क्रममा निष्पक्षता कायम गरी सवैलाई समान रुपमा न्यायको अनुभूति गराउने सशक्त माध्यम न्यायपालिका हो । न्यायाधीशमा मुद्दामा उठाइएको तथ्यगत र कानूनी प्रश्न बुझ्न सक्ने क्षमता हुनुपर्दछ । सक्षम न्यायाधीशद्धारा नै मुद्दामा पक्षहरुलाई सन्तुष्टी प्रदान गर्ने आधार र कारण सहितको फैसला तयार हुने गर्दछ । त्यसैले फैसलालाई न्यायाधीशको श्रृजनात्मकता झल्काउने आधारभूत पक्षको रुपमा लिने गरिन्छ । परिणामतः यस्ता फैसलाको कारण न्यायपालिकाप्रतिको जनआस्थामा स्वतः अभिवृद्धि हुने गर्दछ ।

न्यायाधीशहरुको क्षमता विकास गर्ने क्रममा राष्ट्रिय न्यायिक प्रतिष्ठानले निरन्तर रुपमा तालिम, प्रशिक्षण, अन्तरक्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको हामी सवैमा विदितै छ । यस्ता कार्यक्रमको प्रभाव मापन गर्ने विभिन्न माध्यम मध्ये फैसला लेखनलाई पनि महत्वका साथ लिनुपर्दछ भन्ने मलाई लागेको छ । यसै सन्दर्भमा प्रतिष्ठानले माननीय जिल्ला न्यायाधीशहरुवाट आफ्नो क्षमताको प्रदर्शन गरी तयार पारिएका फैसलाहरु संकलन गरी सो मध्ये केही फैसलाहरु प्रकाशन गर्ने कार्यलाई सकारात्मक एवं फलदायी ठानेको छु । यी फैसलाहरुको प्रकाशनवाट न्यायकर्मीहरुमा हौसला एवं प्रेरणा प्राप्त हुनका अतिरिक्त कानूनका विद्यार्थी, कर्मचारी, कानून व्यवसायी लगायत सम्वद्ध सवैका लागि पनि यी फैसलाहरु उपयोगी हुनेछन् भन्ने अपेक्षा राखेको छु ।

सदा भैँ जिल्ला अदालतहरुका फैसला प्रकाशन गर्ने कार्यको निरन्तरता आगामी दिनमा पनि हुनेछ भन्ने आशा राख्दै प्रस्तुत प्रकाशनका लागि प्रतिष्ठानलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

खिलराज रेग्मी
प्रधान न्यायाधीश

प्रधान न्यायाधीश

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
# NATIONAL JUDICIAL ACADEMY, NEPAL

N.J.A-Nepal

Ref. No.:-

## मन्तव्य

जिल्ला अदालतका माननीय न्यायाधीशज्यूहरुको फैसला जनसमक्ष ल्याउने यो हाम्रो दोस्रो प्रयास हो । यस्तो प्रकाशनको निरन्तरता भई नै रहने छ । माननीय न्यायाधीशज्यूहरु, शुभेच्छुक र सवै पाठक वर्गको सद्भाव र सहयोग प्राप्त भइरहने छ भन्नेमा पनि हामी विश्वस्त छौ ।

जिल्ला अदालतबाट भएका फैसलाहरुबारे निकट सरोकारवालाहरुका अतिरिक्त जिज्ञासु सर्वसाधारण, न्यायिक निकायहरु, अध्ययन, अनुसन्धानकर्ता एवं कानूनका विद्यार्थीहरुका लागि पनि आवश्यकता अनुसार सम्बन्धित फैसलाहरुको बिषयगत प्रवृति, स्तरीयता र न्यायिक विलक्षणता निहार्ने अवसर प्राप्त हनेछ भन्ने लागेको छ । सुरु जिल्ला अदालतले गर्ने निर्णयमा अवलम्बित कानून, कानूनी सिद्धान्त एवं नजीरको प्रयोग, प्रासंगिकता र व्याख्या, न्यायाधीशको तार्किकता र कल्पनाशील दक्षता, मेहनत र लगन समेत प्रतिविम्बित हुने हुँदा हरतरहले यस्तो प्रकाशनको सर्वकालिक र वहुआयामिक महत्व रहने हुन्छ नै ।

यही कुरा महशुस गरी उत्कृष्ट ५ फैसला पठाई सहयोग गरिदिनुहुन माननीय जिल्ला न्यायाधीशज्यूहरुलाई अनुरोध भएअनुसार जे जति फैसलाहरु प्राप्त भएका थिए ती मध्ये भाषा, शैली र स्तर समेतका निश्चित आधारहरुमा टेकेर सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरुको विज्ञसमुहबाट छनौट भएसम्मका फैसलाहरुको संगालो प्रकाशन यहांहरुको हातमा छ । पक्कै पनि स्रोत र साधनको कमी र सीमितताको कारणले धेरै भन्दा धेरै फैसला प्रकाशन गर्ने हाम्रो चाहना र सवै माननीय न्यायाधीशज्यूहरुको अपेक्षा पनि पूरा हुनसकेको छैन । अपितु प्राप्त हुन आएका समस्त फैसलाहरु प्रतिष्ठानमा सुरक्षित रहने छन् र आवश्यकता अनुसार न्यायिक शिक्षा र अध्ययनको लागि पनि प्रयोग गरिने छन् ।

विविध विषयगत फँाटको छनोटमा एकैजना माननीय न्यायाधीशज्यूको पनि एक भन्दा बढी फैसला प्रकाशन हुन पुग्नु संयोग र छनौट प्रतिको हाम्रो तटस्थता र इमान्दारी बाहेक केही होइन । यहाँहरुले यसरी नै बुझ्नु हुने आसा छ । प्रतिस्पर्धा, स्तरीयता र तुलनात्मकतामा जो जहाँ छौ यो प्रकाशनले नेपालको न्यायिक धरातल झन् झन् समृद्ध हुदै गएको सन्देश सम्प्रेषण गर्नुका साथै सबैलाई आत्मा निरीक्षणको अवसर पनि दिनेछ भन्ने लागेको छ ।

अन्तमा, यस प्रकाशनका लागि सारपूर्ण शुभकामना प्रदान गर्नु भएकोमा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यू प्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्न चाहन्छु । व्यस्तताका बावजुद पनि फैसलाहरु प्रकाशनका लागि छनौट गरिदिनु भै सहयोग गर्नु हुने सर्वोच्च अदालतका सम्बन्धित माननीय न्यायाधीशज्यूहरु प्रति पनि कृतज्ञाता व्यक्त गर्दछु । फैसलाहरु पठाई सहयोग पुऱ्याउनु हुने सवै माननीय जिल्ला न्यायाधीशज्यूहरुप्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

यस प्रकाशनको कार्यमा अमूल्य परामर्श दिई हरतरहबाट प्रकाशन योग्य बनाउन सहयोग पुऱ्याउनु हुने प्रतिष्ठानको फ्याकल्टी पुनरावेदन अदालतका माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै संकलन र सम्पादन संयोजन गर्ने अनुसन्धान अधिकृत श्री ज्योति पाण्डेको कार्यको प्रशंसा नगरिरहन सक्दिन । त्यस्तै यो प्रकाशनमा हरतरहले लाग्नु भएका अनुसन्धान अधिकृत श्री श्रीकृष्ण मुल्मी र अन्य साथीहरु श्री बिष्णु बहादुर बरुवाल, श्रीमति प्रतिक्षा श्रेष्ठ, श्रीमति पत्रिका वस्नेत समेत सवै सहयोगी साथीहरुको परिश्रम र लगनको पनि हार्दिक प्रशंसा गर्न चाहन्छु ।

०६८।३।२९

राघब लाल वैद्य
कार्यकारी निर्देशक

# प्राक्कथन

राष्ट्रिय न्यायिक प्रतिष्ठानले विगत वर्ष जस्तै जिल्ला अदालतहरुको फैसलाको संगालो प्रकाशित गर्ने क्रममा प्राप्त भएका फैसलाहरुलाई विभिन्न समूहमा विभाजन गरी सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरुबाट मूल्याङ्कन गराई प्रकाशनयोग्य भनी सिफारिश गरिएका फैसलाहरु संगालोको रूपमा प्रकाशन गरिएको छ ।

प्रस्तुत संगालोको प्रकाशन कार्यमा हामीलाई हौसला, प्रोत्साहन र निर्देशन दिनु हुने कार्यकारी निर्देशक श्री राघब लाल वैद्यज्यूप्रति म आभार व्यक्त गर्दछु । यी फैसलाहरु प्रकाशन गर्न अमूल्य सुझाव एवं संगालो प्रकाशनको प्रत्येक चरणमा आवश्यक सुझाव र हौसला प्रदान गर्नु हुने प्रतिष्ठानका फ्याकल्टी तथा मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ, पूर्व रजिष्ट्रार श्री नृपध्वज निरौला, मा.न्या.श्री महेन्द्रबहादुर कार्की, श्री श्रीधर सापकोटा, रजिष्ट्रार श्री लालबहादुर कुँवर, अनुसन्धान अधिकृत श्री श्रीकृष्ण मुल्मीज्यूप्रति आभारी छु। समयमै कम्प्युटर टाइप गरी संगालोलाई प्रकाशन योग्य बनाउने प्रतिष्ठानका सहयोगी द्वय श्री पत्रिका वस्नेत र श्री प्रतिक्षा श्रेष्ठ साथै लेआउट/डिजाइन गर्ने श्री विष्णुबहादुर बरुवाललाई हार्दिक धन्यबाद दिन चाहन्छु। साथै मुद्रण गर्ने फरस्याट प्रेस हाडीगाँउ र त्यहाँका सबै सहयोगीप्रति समेत धन्यबाद दिन चाहन्छु।

संकलन तथा सम्पादन
ज्योति पाण्डे
अनुसन्धान अधिकृत

# विषय सूची


| सि.नं. | पक्ष/विपक्ष | न्यायाधीशको नाम | पृष्ठ |
|---|---|---|---|
| | **भाग - १ : फौजदारी मुद्दा** | | |
| | **कर्तव्य ज्यान, सवारी ज्यान, अपहरण तथा शरीर बन्धक** | | **१ - ८८** |
| १. | नेपाल सरकार विरूद्ध बासुदेव यादव समेत | मा.न्या.श्री बज्रेश प्याकुरेल | |
| २. | नेपाल सरकार विरूद्ध भाइराजा राई दनुवार | मा.न्या.श्री लेखनाथ ढकाल | |
| ३. | नेपाल सरकार विरूद्ध रिसा परियार समेत | मा.न्या.श्री राजकुमार खतिवडा | |
| ४. | नेपाल सरकार विरूद्ध दिपेन श्रेष्ठ समेत | मा.न्या.श्री उमेशराज पौडेल | |
| ५. | नेपाल सरकार विरूद्ध कृष्णबहादुर परियार समेत | मा.न्या.श्री रमेशकुमार खत्री | |
| ६. | नेपाल सरकार विरूद्ध शंकर सहनी मलाह समेत | मा.न्या.श्री विनोदप्रसाद शर्मा | |
| ७. | नेपाल सरकार विरूद्ध कमल भन्ने लेखबहादुर गुरुङ्ग समेत | मा.न्या.श्री लेखनाथ ढकाल | |
| | **जबरजस्ती करणी र अप्राकृतिक मैथुन** | | **८९ - १६४** |
| ८ | नेपाल सरकार विरूद्ध बिसे नेपाली | मा.न्या.श्री अर्जुन अधिकारी | |
| ९ | नेपाल सरकार विरूद्ध जीवन रिजाल | मा.न्या.श्री बालचन्द्र शर्मा | |
| १० | नेपाल सरकार विरूद्ध रामबहादुर वि.क. | मा.न्या.श्री हरिप्रसाद बगाले | |
| ११ | नेपाल सरकार विरूद्ध प्रदिप श्रेष्ठ | मा.न्या.श्री काजिबहादुर राई | |
| १२ | नेपाल सरकार विरूद्ध कर्णबहादुर वि.क. | मा.न्या.श्री कृष्णकमल अधिकारी | |
| १३ | नेपाल सरकार विरूद्ध रुद्रप्रसाद पौडेल | मा.न्या.श्री रमेशकुमार खत्री | |
| १४ | नेपाल सरकार विरूद्ध सोमबहादुर लामा | मा.न्या.श्री पुरुषोत्तमप्रसाद ढकाल | |
| १५ | नेपाल सरकार विरूद्ध इन्तियाज आलम | मा.न्या.श्री अर्जुनप्रसाद कोइराला | |
| | **बहुविवाह र बालविवाह** | | **१६५ - १७०** |
| १६ | नेपाल सरकार विरूद्ध बिक्रम सिलवाल समेत | मा.न्या.श्री नारायणप्रसाद श्रेष्ठ | |
| १७ | नेपाल सरकार विरूद्ध गोविन्द सुनुवार समेत | मा.न्या.श्री कृष्णबहादुर थापा | |
| | **जातीय विभेद, छुवाछुत** | | **१७१ - १७६** |
| १८ | नेपाल सरकार विरूद्ध गोरखबहादुर चन्द | मा.न्या.श्री स्वीकृति पराजुली | |
| | **नकबजनी चोरी** | | **१७७ - १८६** |
| १९ | नेपाल सरकार विरूद्ध भक्तबहादुर सार्की (नेपाली) समेत | मा.न्या.श्री ऋषिराम निरौला | |
| | **डाँका** | | **१८७ - १९४** |
| २० | नेपाल सरकार विरूद्ध माधव श्रेष्ठ समेत | मा.न्या.श्री. हरिश्चन्द्र ढुंगाना | |
| | **क्षतिपूर्ति र बालक सम्बन्धी तथ्यांक गोपनीयता** | | **१९५ - २११** |
| २१ | केशु ढुंगाना समेत विरुद्ध कैलाश सिरोहिया समेत | मा.न्या.श्री लेखनाथ घिमिरे | |

२२ मेघनाथ शर्मा विरूद्ध मन्त्रिपरिषद सचिवालय समेत मा.न्या.श्री रमेशकुमार खत्री

**झुट्टो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको** **२१२ - २१७**

२३ नेपाल सरकार विरुद्ध चक्रबहादुर पकुवाल समेत मा.न्या.श्री रामचन्द्र राई

**अनियमित बन पैदावर काटी हटाएको** **२१८ - २२७**

२४ नेपाल सरकार विरुद्ध राजेश चौहान समेत मा.न्या.श्री उमेशराज पौडेल

**सरकारी छाप दस्तखत किर्ते एवं जालसाजी** **२२८ - २३९**

२५ नेपाल सरकार विरुद्ध रत्न महर्जन समेत मा.न्या.श्री लेखनाथ ढकाल

**भाग -२ : देवानी मुद्दा**

**दर्ता बदर** **२४० - २५८**

२६ तीर्थधर तुलाधर समेत विरूद्ध रामेश्वरप्रसाद मानव कपालीसमेत मा.न्या.श्री टेकनारायण कुँवर

**करार, अपुताली हक कायम र रकम दिलाई भराई** **२५९ - ३११**

२७ हरिराम प्रसाद कान्दु समेत विरूद्ध सकुन्तलादेवी कान्दु गुप्ता समेत मा.न्या.श्री दीपेन्द्र अधिकारी

२८ एलिना क्षेत्री समेत विरुद्ध रुद्रबहादुर क्षेत्री समेत मा.न्या.श्री रमेशकुमार खत्री

२९ रनमाया दर्नाल विरुद्ध मैया बस्नेत मा.न्या.श्री टेकनारायण कुँवर

३० उमा भट्टराई विरुद्ध दोलखा ट्राभल्स टुर्स प्रा.लि.समेत मा.न्या.श्री टेकनारायण कुँवर

**श्री बारा जिल्ला अदालत**
**इजलास**
**अतिरिक्त जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेल**
**फैसला**
**२०६६ सालको स.फौ.नं.१६१/५०।०६६।००७३२**
**नि.नं. ४४**
***मुद्दा :- कर्तव्य ज्यान***

| **वादी** | **प्रतिवादी** |
|---|---|
| जिल्ला बारा, बबुआइन गा.वि.स. वडा नं. ८ बस्ने मुसाफिरप्रसाद यादवको जाहेरीले नेपाल सरकार................ १ | परगन भगत राउत अहिरको छोरा जिल्ला बारा, बबुआइन गा.वि.स. वडा नं. ८ वस्ने वर्ष ५५ को वासुदेव यादव ...........................१<br>पुनित राउत अहिरको छोरा ऐ.ऐ. बस्ने वर्ष ४० को नागेन्द्र यादव ....................................................................... ..१<br>रामदेव राउत अहिरको छोरा ऐ.ऐ. बस्ने वर्ष २५ को भोला यादव ..........................................................................१<br>महादेव राउत अहिरको छोरा ऐ.ऐ. बस्ने वर्ष ३० को भुलावन यादव ..........................................................................१<br>महादेव राउत अहिरको छोरा ऐ.ऐ. बस्ने वर्ष २५ को गोपिचन यादव ..........................................................................१ |
| **साक्षी...........**<br>कागज......... | **साक्षी..........**<br>कागज......... |

**अदालतबाट बुझिएका व्यक्ति :**
कागज :

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस भई मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं.र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यस अदालतको कार्यक्षेत्रभित्रको भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र फैसला निम्न अनुसार छ।

**मुद्दाको संक्षिप्त तथ्य :**

(१) कलैया अस्पतालको मुर्दाघरमा रहेको मृतक प्रतिमा कुमारीको लास हेर्दा नाक, कानबाट रगत आई अनुहारभरि लागेको भन्नेसमेत व्यहोराको लास प्रकृति मुचुल्का।

(२) मिति २०६६।९।१९ गते वासुदेव यादवसमेतका प्रतिवादीहरूले मसमेतलाई कुटपिटसमेत गरी घाइते बनाएकोमा उपचारको क्रममा छोरी प्रतिमा कुमारीको मृत्यु भएकोले उक्त मृतक लास सदगतको लागि जिम्मा पाऊँ भन्नेसमेत व्यहोराको मुसाफिर यादवको निवेदन।

(३) मिति २०६६।९।१९ गते जिल्ला बारा, बबुआइन गा.वि.स. वडा नं. ८ स्थित गणेश महतोको खला नजिक बाटोमा मुसाफिर यादव र निजको नाबालिका छोरी वर्ष डेढकी प्रतिमा कुमारीलाई वासुदेव यादवसमेतले कुटपिट गरी घाइते बनाएको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

(४) मृतक प्रतिमा कुमारीको मिति २०६६।९।१९ को, जाहेरवाला मुसाफिर यादवको मिति २०६६।९।२१ को र लालमुनि देवीको मिति २०६६।९।२५ को कलैया अस्पतालको इमर्जेन्सीमा उपचार गराएको Emergency Ticket ।

(५) मेरो धान पनि चोर्ने र उल्टै हामीमाथि उजुरी पनि दिने भन्दै मिति २०६६।९।१९ गतेका दिन बिहान १० बजेको समयमा प्रतिवादीहरू वासुदेव यादवसमेतले हातमा लाठीसमेत बोकी आई मलाई घरबाट तानी सडकमा कुटपिट गर्न लागेको अवस्थामा मेरो श्रीमती नाबालक छोरी प्रतिमा कुमारीलाई काखमा बोकी छुट्याउन आउँदा निज प्रतिवादीहरूले यो आइमाईसमेतलाई कुट्नुपर्छ भन्नासाथ प्रतिवादी वासुदेव यादवले मेरो नाबालिका छोरी प्रतिमा कुमारीको टाउकोमा लाठीले प्रहार गरी घाइते बनाएकोमा सोही चोटका कारण उपचारको क्रममा छोरीको मृत्यु भएकोले कानुन बमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको मुसाफिर यादवको किटान जाहेरी ।

(६) मेरो श्रीमान् जाहेरवाला मुसाफिर यादवलाई द्वारबाट प्रतिवादी वासुदेव यादव, नागेन्द्र यादव, भोला यादव, भुलावन यादव गोपिचन यादवले तानी सडकमा लगी कुटपिट गरेको देखी मैले नाबालक छोरी प्रतिमा कुमारीलाई काखमा बोकी गई मेरो श्रीमान्लाई नकुट्नुस् भन्दा निज प्रतिवादीहरूले मलाई गालीगलौज गरी यसलाई पनि मार भनी वचन दिनासाथ प्रतिवादी वासुदेव यादवले म र मेरो काखमा रहेको छोरी प्रतिमा कुमारीलाई लाठीले टाउकोमा प्रहार गरी घाइते बनाएकोमा छोरीको उपचारको क्रममा मृत्यु भएको हो भन्नेसमेत व्यहोराको मृतकको आमा लालमुनिदेवी यादवको कागज ।

(७) म तथा मेरो भतिजो नागेन्द्र यादव, भुलावन यादव, गोपिचन यादव र नाति भोला यादवसमेत भई प्रहरीमा किन हामी उपर निवेदन दिएको भनी जाहेरवालासँग सोध्दा झैझगडा हुन लागेको अवस्थामा निजको श्रीमती लालमुनिदेवीले काखमा छोरी प्रतिमा कुमारीलाई बोकी आएपछि उक्त झगडामा को कसले चलाएको हात मुक्काले जाहेरवालीकी नाबालिका छोरी प्रतिमा कुमारीलाई लागी घाइते भई निजको उपचारको क्रममा मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी वासुदेव यादवको बयान कागज ।

(८) मृतक प्रतिमा कुमारीको मृत्यु धार नभएको वस्तुको चोट लागी रक्तश्राव भई मृत्यु भएको हो (The above features found on autopsy are suggestive of death due to intra-cranial hemorrhage due to trauma by blunt object) भन्नेसमेत व्यहोराको शव परीक्षण प्रतिवेदन ।

(९) मिति २०६६।९।१९ गतेका दिन जाहेरवालालाई प्रतिवादी वासुदेव यादवसमेतले कुटपिट गरिरहेको अवस्थामा निजको श्रीमतीले नाबालिका छोरी प्रतिमा कुमारीलाई काखमा बोकी छुट्याउन जाँदा प्रतिवादीहरूले कुटपिट गर्ने क्रममा प्रतिवादी वासुदेव यादवले चलाएको लाठी निज नाबालिका प्रतिमा कुमारीको टाउकोमा लागी घाइते भई निजको उपचारको क्रममा मृत्यु भएको हो भन्नेसमेत व्यहोराको उतिचन ठाकुर हजामको कागज ।

(१०) मिति २०६६।९।१९ गतेका दिन जाहेरवाला र प्रतिवादीहरूबीच झैझगडा हुँदा जाहेरवालाको छोरी प्रतिमा कुमारीलाई चोट लागी घाइते भएकोमा उपचारको क्रममा सोही चोटका कारण मृत्यु भएको

हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

(११) यसमा जाहेरवाला मुसाफिर यादवको जाहेरी दर्खास्त, घटनास्थल प्रकृति मुचुल्का, लास जाँच मुचुल्का, मृतकको आमा लालमुनिदेवी यादव तथा उतिचन ठाकुर हजामको कागज, शव परीक्षण प्रतिवेदन, प्रतिवादी वासुदेव यादवको बयान कागज र वस्तुस्थिति मुचुल्कासमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट मिति २०६६।९।१९ गते जाहेरवालाको डेढ वर्षकी छोरी प्रतिमा कुमारीलाई विरुद्ध खण्डका प्रतिवादीहरूले कुटपिट गरेको कारण उपचारको क्रममा मृत्यु भएको हुँदा प्रतिवादीहरू वासुदेव यादव, नागेन्द्र यादव, भोला यादव, भुलावन यादव र गोपिचन यादवलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सजाय हुन मागदाबीसहितको अभियोग पत्र ।

(१२)जाहेरवालाको छोरीलाई के कसरी चोटपटक लाग्यो र के कसरी निजको मृत्यु भएको हो म भन्न सक्दिनँ । मैले लाठीले हिर्काएको समेत छैन । मिति २०६६।९।१९ गते बिहान ६.०० बजे नै उठी मेरो गाउँ नजिकै धर्मपुर भन्ने गाउँमा धान तौलिने कामको लागि गएको थिएँ । काम सकी सोही दिन दिउँसो १.०० बजेको समयमा आफ्नो घर फर्की आएको हुँ । घटनास्थल प्रकृति मुचुल्का सम्बन्धमा मलाई केही थाहा छैन । मेरो धान चोरी भएको छैन । जाहेरवाला मुसाफिर प्रसाद यादवसँग मेरो घर परिवारको सानोतिनो मनमुटाव भइरहन्थ्यो । सोही विषयमा नागेन्द्र यादव, भोला यादव, भुलावन यादव, गोपिचन यादवसमेतका केटाहरूले म घरमा नभएको अवस्थामा जाहेरवालासँग झैझगडा गरेछन् । सोही क्रममा जाहेरवालाकी छोरी वर्ष डेढकी प्रतिमा कुमारी भुइँमा खसी चोटपटक लागी उपचार गराउने क्रममा मृत्यु भएछ । सोही विषयमा प्रहरीले मलाई पक्राउ गरेको हो । म घटना वारदातमा संलग्न छैन भन्नेसमेतको प्रतिवादी वासुदेव यादवले यस अदालतमा गरेको बयान ।

(१३) प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको बयान, मृतकको शव परीक्षण प्रतिवेदन, घटना मुचुल्का विवरण, मृतककी आमा तथा प्रत्यक्षदर्शी उतिचन ठाकुरले प्रतिवादी वासुदेव यादवको लाठी प्रहारबाट बालिकाको मृत्यु भएको भन्ने भनाई व्यहोरासमेतबाट प्रतिवादी निर्दोष रहेछन् भन्न सकिने अवस्था नहुँदा पछि ठहरे बमोजिम हुने नै हुँदा प्रतिवादी वासुदेव यादवलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ को देहाय (२) बमोजिम थुनामा राखी पुर्पक्ष गर्नु भन्ने यस अदालतको मिति २०६६।१०।१४ को थुनछेक आदेश ।

(१४)निवेदक प्रतिवादीलाई अ.बं. ११८(२) नं. बमोजिम थुनामा राख्ने गरी त्यस अदालतबाट मिति २०६६।१०।१४ मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहनु परेन । कानुन बमोजिम गर्नुहोला भन्ने श्री पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।१२।१२ को आदेश ।

(१५)पार्टी पोलिसीको कारण जाहेरी दिएको हुँ । जाहेरी दरखास्तमा भएको सहीछाप मेरो हो व्यहोरा मेरो होइन । जाहेरी व्यहोराबिना पढेर नै सहीछाप गरेको हो । मेरो छोरीको मृत्यु ढुङ्गामा लडेर भएको हो । प्रतिवादीहरूसँग मिति २०६६।९।१९ गते बिहान १० बजेको समयमा झैझगडा कुटपिट भएको होइन । मेरो छोरीको मृत्यु घरको छेउमा खेलिरहेको अवस्थामा लडेर टाउकोमा चोट लाग्दा उपचारको लागि लग्ने अवस्थामा मृत्यु भएको हो भन्ने जाहेरवाला मृतकका बाबु मुसाफिर यादवले यस अदालतमा गरेको बकपत्र ।

(१६) जाहेरवालीको छोरीलाई प्रतिवादीहरूले कुटपिट गरेको छैन । वारदातको मिति समयमा प्रतिवादी धान तौलन गएका थिए । मृतक बालिकाको मृत्यु कुटपिटको चोटबाट भएको होइन छैन । जाहेरवालाको छोरी प्रतिमा कुमारी हिँडिरहेको क्रममा लडी ढुङ्गामा लागी मरेको हो भनी स.ज. ९ मा र के कारणले, कहाँ, कहिले मरेको भनी सोधिएकोमा स.ज. १३ तथा १४ मा २०६६।९।१९ गते गाउँदेखि बाहिर उपचार गर्न लैजाँदा खसेर टाउकोमा चोट लागी मरेको हो । वारदात हुँदा सो स्थानमा म थिइनँ प्रतिवादी निर्दोष हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी वासुदेव यादवको साक्षी राम असिस यादवले गरेको बकपत्र ।

(१७) मिति २०६६।९।१९ गते झगडा भएको छैन । जाहेरवालाको छोरी खेलिरहेको बेला लडेर मृत्यु भएको हो । अनुसन्धानमा भएको कागजमा भएको सहीछाप मेरो हो । जाहेरवालाको छोरी लडेको देखें, कहाँ मरेको देखिनँ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका सुरेशप्रसाद यादवले यस अदालतमा गरेको बकपत्र ।

(१८) अनुसन्धान अधिकृतसमक्ष गरेको वस्तुस्थिति मुचुल्काको कागजमा भएको सहीछाप मेरो हो, व्यहोरा मेरो होइन । जाहेरवालाहरू र प्रतिवादीहरूबीच झैझगडा भएको होइन । जाहेरवालाको छोरी प्रतिमा कुमारीको मृत्यु खेलिरहेको बेला लडेर इँटाले ठोकिँदा भएको हो । उक्त समयमा म त्यहीँ उपस्थित थिएँ, मैले देखेको हो भन्नेसमेत व्यहोराको प्रहरीसमक्ष कागज गर्ने उतिचन ठाकुरले यस अदालतमा गरेको बकपत्र ।

**अदालतको ठहर**

(१९) यसमा वादी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता भुवनेश्वर पौडेल तथा प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता मुमताज महमदको बहस सुनियो । वादी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता भुवनेश्वर पौडेलले बहसको क्रममा मृतक डेढ वर्षकी प्रतिमा कुमारीको कलैया अस्पतालमा गराइएको इमर्जेन्सी उपचारको विवरणमा बालिकाको मृत्यु भएको उल्लेख र सोही इमर्जेन्सी टिकटमा टाउको फुटेको, नाक कानबाट रगत बगेको र Physical Assault भनी उल्लेख भइरहेको अवस्था छ । लास प्रकृति मुचुल्का, घटनास्थल मुचुल्काले वारदात स्थलमा इँटा वा ढुङ्गा कहीँ कतै देखाएको वा त्यस्तो इँटा-ढुङ्गामा बजारिएको घटना प्रकृति देखिएको छैन । मृतकको Post-Mortem Report मा मृत्युको कारण धार नभएको वस्तुको चोट लागि रक्तश्राव भई मृत्यु भएको हो (... death due to intra-cranial hemorrhage due to trauma by blunt object) भन्ने उल्लेख भएको र सोही रिपोर्टमा नाक तथा कानबाट रगत बगेको तथा तालु एवं कन्चटको हड्डी फुटेको (Partial and Temporal bone were found to be fracture ...) भन्ने उल्लेख भएको हुँदा मृतक डेढ वर्षकी प्रतिमा कुमारीको मृत्यु स्वाभाविक वा अन्य कारणले भएको नभई टाउकोमा लागेको गम्भीर चोटसमेतको कारण रक्तश्राव भई हृदयाघातबाट भएको र त्यस्तो परिणाम प्रतिवादीको समेत संलग्नताबाट भएको हो । प्रतिवादीका साक्षीले अदालतमा आई बकपत्र गर्दा झुट्ठा कुरा व्यक्त गरेका छन । जाहेरवाला, वस्तुस्थितिका व्यक्ति तथा प्रहरीमा कागज गर्ने व्यक्तिहरूले अदालतमा बकपत्र गर्दा अस्वाभाविक एवं मुद्दाको मिसिल एवं तथ्यभन्दा फरक कुरा व्यक्त गरी प्रतिवादीलाई निर्दोष देखाउन खोजेका छन् । मृतकको मृत्यु झगडाको क्रममा भुइँमा खसेर टाउकोमा गम्भीर चोट लागी भएको हो भन्ने स्वयं प्रतिवादीले अदालतमा

समेत स्वीकार गरेको तथ्यभन्दा फरक व्यहोरा लेखाएको हुँदा बकपत्र गर्ने व्यक्तिहरूको भनाइभन्दा पनि तत्कालको किटानी जाहेरी, मृतकको आमाको अनुसन्धानमा भएको बयान, प्रतिवादी वासुदेव यादवको अधिकार प्राप्त अधिकारी एवं अदालतको बयान, Post Mortem Report, मृतक लगायत जाहेरवाला र मृतकको आमाको कलैया अस्पतालमा भएको इमर्जेन्सी उपचार Report समेतका आधार प्रमाणबाट वारदात भएको र यी प्रतिवादीको कसुरमा संलग्नता देखिएको अवस्था हुँदा अभियोग दाबी अनुसार सजाय गरी पाऊँ भनी बहस गर्नुभयो ।

(२०) प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता मुमताज महमदले प्रतिवादी निर्दोष छन् । वारदातको समय बिहान ६ बजे धर्मपुर भन्ने ठाउँमा धान जोख्न गएका छन् । अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेका छन् । यिनका साक्षीले पनि यिनी निर्दोष छन् भनी बकपत्र गरेका छन् । स्वयं जाहेरवालाले अदालतमा उपस्थित भई मृतक आफ्नो छोरी ढुङ्गामा लडेर मृत्यु भएको हो । उक्त दिन वारदात भएको छैन । कुटपिट झगडा भएको होइन । मैले दिएको जाहेरी नपढीकन सहीछाप गरी दिएको हुँ । जाहेरी पार्टी पोलिसीको कारण दिएको हुँ भनी भनेका छन् । वस्तुस्थितिका सुरेशप्रसाद यादवले पनि मृतकको मृत्यु खेलिरहेको बेला लडेर भएको हो भनी भनेका छन् । सबै व्यक्तिले यी प्रतिवादी निर्दोष रहेको भनी अदालतमा समेत भनिरहेको अवस्थामा अभियोग दाबी अनुसार सजाय पाउनुपर्ने होइन । कसुरको अभियोग लगाउने वादी पक्षले अभियोग दाबीलाई प्रमाणबाट पुष्टि गर्नुपर्दछ । मृतकको मृत्यु कर्तव्यबाटै भएको हो भनी मान्ने हो भने पनि यी प्रतिवादी वासुदेव यादवको कसुरमा संलग्नता पुष्टि हुन सकेको छैन । तसर्थ प्रतिवादी वासुदेव यादवले अभियोगबाट सफाइ पाउनुपर्दछ भनी बहस गर्नुभयो ।

(२१) जाहेरवाला र प्रतिवादीहरूको बीच झगडा छुट्याउन गएकी जाहेरवालाको श्रीमती लालमुनिदेवी यादव र साथमा बोकेको डेढ वर्षकी छोरी प्रतिमा कुमारीलाई विरुद्ध खण्डका प्रतिवादीहरूले कुटपिट गरेको कारण निज प्रतिमा कुमारीको उपचारको क्रममा मृत्यु भएको हुँदा प्रतिवादीहरू वासुदेव यादव, नागेन्द्र यादव, भोला यादव, भुलावन यादव र गोपिचन यादवलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग मागदाबी रहेछ । हालसम्म फरार रहेका प्रतिवादीहरू नागेन्द्र यादव, भोला यादव, भुलावन यादव तथा गोपिचन यादवको हकमा मु.ऐ. अ.ब. १९० नं. बमोजिम मुलतबी राखिदिनू ।

(२२) वादी प्रतिवादी दुवै पक्षको बहस सुनी मिसिल प्रमाण अध्ययन गरी प्रस्तुत मुद्दामा निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखियो ।

(क) मृतक प्रतिमा कुमारीको मृत्यु कर्तव्यबाट भएको हो वा होइन ?

(ख) यी प्रतिवादी वासुदेव यादवको वारदातमा संलग्नता छ वा छैन ?

(ग) यी प्रतिवादीको वारदातमा संलग्नता देखिए अभियोग दाबीअनुसारको सजाय हुनुपर्ने हो वा होइन ?

(२३) पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा मृतक प्रतिमा कुमारीको Post Mortem Report, मा धार नभएको वस्तुको चोट लागी रक्तश्राव भई मृत्यु भएको हो (... death due to intra-cranial hemorrhage due to trauma by blunt object) भन्नेसमेत उल्लेख भएको, पीडितसमेतले तत्काल बारा अस्पतालमा उपचार गराएको Emergency Ticket, घटनास्थल प्रकृति मुचुल्कामा उल्लेखित विवरण । मृतककी आमा लालमुनिदेवी यादवको अनुसन्धानमा भएको कागजसमेतबाट मृतक डेढ वर्षकी प्रतिमा कुमारीको मृत्यु स्वाभाविक वा अन्य कारणले भएको हो भनी मान्न सकिने अवस्था देखिएन । मिसिल संलग्न

प्रमाण कागजातहरू र तिनको एकआपसमा परस्पर मिल्दो विवरणबाट मृतकको मृत्यु कर्तव्यबाटै भएको कुरामा विवाद देखिँदैन ।

(२४) अब दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा मिसिल संलग्न जाहेरवालाको किटानी जाहेरी व्यहोरा, मृतककी आमा लालमुनिदेवी यादवको अनुसन्धानको क्रममा भएको कागजको व्यहोरा, प्रतिवादी वासुदेव यादवको अधिकार प्राप्त अधिकारी तथा अदालतमा भएको बयान व्यहोरालाई समेत मूल आधार मानी अन्य मिसिल संलग्न Post Mortem Report, Emerghency Ticket, घटना स्थल मुचुल्कासमेतका सबुद प्रमाणहरूको अध्ययन, विश्लेषण गर्नुपर्ने देखियो ।

(२५) प्रतिवादी वासुदेव यादवसमेतका व्यक्तिहरूले मसँग वादविवाद गरी कुटपिट गर्न लागेको अवस्थामा मेरो श्रीमतीले देखी नाबालक छोरी आफ्नो काखमा बोकी म भएको ठाउँमा आई श्रीमान्लाई नकुट्नुस् भनी आग्रह गर्दा अन्य व्यक्तिले अह्राई वासुदेव यादवले श्रीमतीसमेतलाई कुटपिट गरी बच्चा खोसी फालिदिएको र छोरीको नाकबाट रगत आई घाइते भएको हुँदा उपचार गराउन लैजाँदा मृत्यु भएको भनी जाहेरवाला मुसाफिर यादवले दिएको जाहेरी । त्यस्तै मृतककी आमा लालमुनिदेवी यादव जो यस घटनामा आफैं घाइते एवं प्रत्यक्षदर्शी हुन्, उनले अनुसन्धानमा कागज गर्दा प्रतिवादीहरूले धान चोरेको आरोपमा श्रीमान्लाई तानी सडकमा लगी बाँसको लाठी तथा हात मुक्काले कुटपिट गरिरहेको देखी म आफ्नो सानो छोरीलाई बोकी छुट्याउन जाँदा वासुदेव यादवसमेतका व्यक्तिहरूलाई आग्रह गर्दा नागेन्द्र यादवसमेतका व्यक्तिहरूले मलाई गाली गरी यसलाई पनि लाठीले कुट भन्दा वासुदेव यादवले लाठी प्रहार गर्दा मेरो दायाँ घाँटी नजिक गर्धनमा चोट लागेकोमा अर्को लाठी प्रहार गर्दा मैले काखमा बोकिरहेकी छोरी प्रतिमा कुमारीको टाउकोमा चोट लागी हामी आमा छोरी भुइँमा लड्यौं । छोरीको नाक मुखबाट रगत आएकोले मैले बचाउ भनी जोडले कराउँदा गाउँका मानिस आई उपचारको लागी लगेका हुन् भन्ने मुख्य भनाइ रहेछ । म तथा मेरो भतिजो नागेन्द्र यादव, भुलावन यादव, गोपिचन यादव र नाति भोला यादवसमेत भई प्रहरीमा किन हामी विरुद्ध उजुरी दिएको भनी जाहेरवालासँग सोध्दा झैझगडा हुन लागेको अवस्थामा निजको श्रीमती लालमुनिदेवीले काखमा छोरी प्रतिमा कुमारीलाई बोकी आएपछि उक्त झगडामा को कसले चलाएको हात मुक्काले जाहेरवालाको नाबालिका छोरी प्रतिमा कुमारीलाई लागी घाइते भई निजको उपचारको क्रममा मृत्यु भएको हो भन्ने प्रतिवादी वासुदेव यादवको अधिकार प्राप्त अधिकारीसमक्षको बयान कागज । प्रतिवादीले अदालतमा बयान गर्दा वारदातको समयमा आफू अन्यत्र गएको वारदात स्थलमा नभएको तर अन्य प्रतिवादीहरूले आफू नभएको बेला झगडा गरेछन् र जाहेरवालाको छोरी भुइँमा लडी मरेको हो भनी आफ्नो संलग्नता नभएको र वारदात पनि कर्तव्य नभई आफैं लडेर मृत्यु भएको कुरा उल्लेख गरेको पाइन्छ । अन्य प्रतिवादीहरू हालसम्म फरार रहेका छन्, तसर्थ अन्य प्रतिवादीहरूको सम्बन्धमा निजको भनाइ परीक्षणयोग्य नै रहेको छ । निज प्रतिवादीले वारदात समयमा आफू अन्यत्रै छु भनी लिएको अन्यत्र (Alibi) को जिकिर प्रमाणबाट पुष्टि गर्न सकेको पाइँदैन । अन्य प्रतिवादीहरूसँग झगडा भएको अवस्थामा मृतक भुइँमा आफैं खसेर मरेको हो भन्ने निजको अदालतसमक्षको भनाइ यथार्थ र पत्यारलायक मान्न सकिने अवस्था छैन । अधिकार प्राप्त अधिकारीसमक्ष आफ्नोसमेत संलग्नता देखाई वारदात भएको कुरालाई स्वीकार गर्ने प्रतिवादीले के कति कारणबाट आफ्नो पूर्व भनाइभन्दा फरक बयान अदालतमा गरेका हुन् । सो कुरासमेत मिसिलबाट खुल्न सकेको पाइँदैन । यस्तो अवस्थामा निजको अधिकार प्राप्त अधिकारीसमक्षको

बयान अन्यथा हो भनी मान्न मिलेन । तसर्थ जाहेरवाला, पीडित तथा स्वयं प्रतिवादीहरूको परस्पर मिल्दो अवस्थाको उल्लेखित बयान व्यहोरा अनुसार पनि प्रतिवादी वासुदेव यादवको उल्लेखित वारदातमा संलग्नता रहेको देखिन्छ ।

(२६) प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताले अदालतमा बकपत्र गर्ने जाहेरवाला, वस्तुस्थिति मुचुल्काका व्यक्ति प्रतिवादीका साक्षी लगायतका व्यक्तिहरूले वारदात नै नभएको, प्रतिवादी कसुरमा संलग्न नभएको, प्रतिवादी निर्दोष भएको हुँदा निजहरूको बकपत्रलाई प्रमाणमा लिई प्रतिवादी वासुदेव यादवलाई कसुरबाट सफाइ दिलाई पाऊँ भनी जिकिर गर्नुभएको हुँदा जाहेरवाला, वस्तुस्थितिका व्यक्ति एवं साक्षीको बयान व्यहोरा र तिनको प्रमाणित मूल्य तथा ग्राह्यता सम्बन्धमा समेत विवेचना गर्नुपर्ने देखियो ।

(२७) जाहेरवालाले अदालतमा बकपत्र गर्दा जाहेरीको आफ्नो सहीछापलाई स्वीकार गरी व्यहोरालाई इन्कार गरेका छन् । एकातर्फ जाहेरी दिएको कुरा स्वीकार पनि गर्ने र अर्कोतर्फ पार्टी पोलिसीको कारण जाहेरी दिएको हुँ भनी वारदात नै नभएको जस्तो पनि देखिने व्यहोरा उल्लेख गरेका छन् । जाहेरी दिँदा के कुन पार्टीको के कस्तो पोलिसीको कारण जाहेरी दिएको हो, सो खुलाउन सकेका छैनन् । बकपत्रको स.ज. ५ मा जाहेरी दर्खास्तबिना पढेरै सहीछाप गरेको हो भनी आफैंले पार्टी पोलिसीको कारण जाहेरी दिएको हुँ भन्ने व्यहोरालाई खण्डित हुने व्यहोरा उल्लेख गरेको पाइन्छ । त्यस्तै स.ज. ८ मा ढुङ्गामा लडेर मृत्यु भएको भन्ने व्यहोरा लेखाई पुन: स.ज. १० मा घरको छेउमा खेलिरहेको अवस्थामा लडेर टाउकोमा चोट लाग्दा उपचारको क्रममा लादा मरेको भनी स.ज. ९ मा उल्लेखित वारदातको दिन झैझगडा कुटपिट भएको होइन भन्ने व्यहोरा लेखाएका छन्। आफू, श्रीमती र मृतक बच्चीसँगै कलैया अस्पतालमा Emergency मा उपचार गराएको कागज प्रमाण मिसिल संलग्न हुँदाहुँदै पनि बयान गर्दा कतै लडेर मरेको भन्ने, कतै ढङ्गामा लडेर मरेको भन्ने र कतै वारदात नै नभएको भनी आफ्नै किटानी जाहेरी व्यहोरालाई खण्डित हुने गरी विपरीत (Hostile) बकपत्र गरी मुद्दालाई जरैदेखि कमजोर र प्रतिवादीलाई पूर्ण सफाइ दिने गरी बकपत्र गरेको अवस्था हुँदा निजको झुट्ठा व्यहोरा उल्लेखित अदालतको बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्न सकिने देखिएन । जाहेरवालाको प्रतिवादीसँगको अप्रत्यक्ष रूपले नाजायज साठँगाँठ र सौदाबाजीको कारण जाहेरवालाले आफ्नो सत्य तथ्य र पूर्व भनाइ विपरीत बकपत्र गर्दा न्यायको गरिमा समाप्त हुने मात्र होइन अदातलप्रतिको जनविश्वाससमेत घट्न जाने हुन्छ । यस्तो अभ्यासलाई सकारात्मक रूपमा लिन सकिँदैन । तसर्थ जाहेरवालाले जानीजानी झुट्ठा व्यहोरा बकपत्र गरेको कारणले मात्र समग्र मिसिलमा रहेको अन्य प्रमाणलाई नजर अन्दाज गरी कसुरदारले सफाइ पाउने अवस्था हुन सक्दैन ।

(२८) त्यस्तै अर्का व्यक्ति अर्थात् प्रतिवादीका साक्षी रामअसिस यादवले कुटपिट भएको छैन, कुटपिटको कारण सो चोटले मृतक प्रतिमा कुमारीको मृत्यु भएको होइन भनी स.ज.४ मा बकपत्र गरेका छन् । त्यस्तै स.ज.१२ मा वारदात समयमा घटनास्थलमा थिएन भन्ने व्यक्तिले स.ज. १३ मा मृतकको मृत्यु खसेर टाउकोमा चोट लागी भएको हो भनी स.ज. १४ मा गाउँदेखि बाहिर खसेर मरेको कुरा सुनेको हुँ भनेका छन् । स्वयं प्रतिवादीले समेत झगडा हुँदा कुटपिटको कारण मृत्यु भएको भनी अधिकार प्राप्त अधिकारीसमक्ष स्वीकार गरिरहेको अवस्थामा निजको साक्षीले तथ्य नै फरक हुने गरी गरेको बकपत्रको प्रमाणिक मूल्यसमेत केही नहुने हुन्छ । प्रतिवादीका यी साक्षी वारदातका चस्मदिद् नभएको,

वारदात स्थलमा महजुद नरहेको र केवल सुनेको भरमा आफ्नो पक्षलाई बचाउ गर्ने गरी गरेको आफ्नो पक्षको भनाइभन्दा फरक बकपत्रले प्रतिवादीलाई सहयोग पुग्न सक्ने देखिँदैन ।

(२९)त्यस्तै वस्तुस्थिति मुचुल्काका व्यक्ति सुरेशप्रसाद यादवले अनुसन्धानमा कागज गर्दा आफू वारदात भएको सुनी घटनास्थलमा पुग्दा घटनास्थलमा दुवै पक्षका व्यक्ति मैले देखिनँ । मुसाफिरको छोरीलाई उपचारको लागि कलैया अस्पताल लगिसकेका थिए भनी लेखाएकोमा अदालतमा बकपत्र गर्दा स.ज.९ मा जाहेरवालाको छोरी लडेको देखें, कहाँ मरेको देखिनँ भनी बिल्कुल आफ्नो पूर्व भनाइ विपरीत बकपत्र गरेको पाइन्छ । निजको भुट्ठा बकपत्रले प्रतिवादीलाई कसुर र सजायबाट बचाउन वा सफाइ दिलाउन प्रयास गरेको देखियो । तर साक्षीले बकपत्रमा उल्लेख गरेको व्यहोरा मिसिल, तथ्य र आफ्नै पूर्व भनाइभन्दा फरक र भुट्ठा भएमा त्यस्तो बकपत्रलाई प्रमाणमा लिन सकिने अवस्था रहँदैन । न त त्यस्तो बकपत्रको आधारबाट मात्र प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने अवस्था नै रहन्छ ।

(३०)त्यस्तै सो वारदातका अर्का चस्मदिद् भनिएका उतिचन ठाकुरले समेत अदालतमा बकपत्र गर्दा भैभगडा भएको होइन, वारदात समयमा प्रतिवादीहरू घरमा थिएनन्, मृतकको मृत्यु खेलिरहेको बेला लडेर इँटाले ठोकिँदा भएको हो भन्ने आफ्नो पूर्व भनाइभन्दा फरक र भुट्ठा व्यहोरा उल्लेख गरेको पाइन्छ ।

(३१) समग्रमा हेर्दा प्रस्तुत मुद्दाका जाहेरवाला लगायत वादी पक्षका साक्षीहरूले अदालतमा उपस्थित भई आफ्नो पहिलेको भन्दा फरक तथा भुट्ठा बकपत्र गरी मुद्दालाई जरैदेखि कमजोर बनाउने, प्रतिवादीहरूलाई निर्दोष देखाई सफाइ दिलाउन खोजेको देखियो । यस्तो कार्य गर्दा मुद्दाका प्रतिवादीहरू अप्रत्यक्ष रूपले नाजायज साँठगाँठ र सौदाबाजी गरेनन् होला भनी मान्न सकिने अवस्था रहेछ । गरी समग्र न्यायिक वातावरणलाई नै दूषित, दुर्गन्धित बनाउन खोज्ने त्यस्ता व्यक्तिहरूलाई न्यायका सहयोगीको रूपमा मान्न सकिँदैन । मृतक अवोध, अञ्जान, निर्दोष नाबालकप्रतिको अन्यायलाई निजको आफ्नै बाबु जाहेरवाला मोजाहिर यादवले समेत ढाकछोप र बढावा दिने गरी गरेको बयान व्यवहारले निज कसुरदारभन्दा कम निर्दयी रहेछन् भनी अनुमान गर्न पनि सकिँदैन । फौजदारी मुद्दामा जाहेरवाला लगायत साक्षीहरूले न्यायलाई नै विचलन गराउने न्यायप्रतिको जनआस्था घटाउने उद्देश्यले आफूले पहिले व्यक्त गरेको भन्दा फरक भनाइ व्यक्त गरेमा र सो भनाइ मिसिल संलग्न प्रमाण तथा तथ्यगत रूपमा समेत स्वाभाविक नभई बनावटी र असंगत भएको देखिएमा र त्यस्तो भनाइको तात्पर्य प्रतिवादी वा कसुरदारलाई सजायबाट उन्मुक्ति दिलाउने खालको भएमा त्यस्तो भुट्ठा वा विपरीत भनाइलाई प्रमाणमा लिन सकिँदैन । कतिपय मुलुकमा यस्तो भुट्ठा बयान बकपत्र गर्ने जाहेरवाला, साक्षीहरूलाई सजाय गर्नेसमेत प्रभावकारी कानुनी व्यवस्था रहेको छ । तर नेपालमा भने भुट्ठा बयान बकपत्र गर्ने जाहेरवाला, साक्षीहरूलाई सजाय गर्ने छुट्टै र प्रभावकारी कानुनको अभाव रहेको छ । मुलुकी ऐन अदालती बन्दोबस्तको १६९ नं. मा भएको व्यवस्था समग्रमा पूर्ण र प्रभावकारी नभए पनि प्रयोग गर्न नै नसकिने अवस्थाको भने छैन । तसर्थ प्रस्तुत मुद्दामा जाहेरवाला मोजाहिर यादव, वस्तुस्थितिका व्यक्ति सुरेशप्रसाद यादव र जम्मदित उतिचन ठाकुरले भुट्ठा बकपत्र गरेको कसुर पुष्टि प्रमाणित भएको हुँदा निजहरूलाई मु.ऐ. अदालती बन्दोबस्तको १६९ नं. बमोजिम जनही पन्ध्र सय रुपैयाँ सजाय स्वरूप जरिवाना हुन्छ ।

(३२) अब तेस्रो प्रश्न सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दाको घटना प्रकृति अनुसार प्रतिवादी वासुदेव यादवसमेत र जाहेरवाला मुसाफिर यादवबीच धान चोरीको विषयमा विवाद झगडा हुँदा सो झगडामा आफ्नो लोग्ने जाहेरवाला मुसाफिर यादवलाई प्रतिवादीहरूले कुटपिट गर्न लागेको अवस्थामा घटनास्थलमा मृतक डेढ वर्षकी प्रतिमा कुमारीलाई काखमा बोकी आफ्नो लोग्नेलाई कुटपिट नगर्नुहोस् भनी झगडा छुट्याउन गएकी लालमुनिदेवी यादवलाई आक्रोशित प्रतिवादीहरूमध्ये प्रतिवादी वासुदेव यादवले तत्काल आवेशमा आई बाँसको लाठीले हिर्काउँदा निज लालमुनि देवीलाई गर्धनमा र निजले काखमा बोकिरहेकी मृतक प्रतिमा कुमारीको टाउकोमा गम्भीर चोट लागी भुइँमा बजारिन गएको कारण सख्त घाइते भएकी प्रतिमा कुमारीको सोही चोटबाट मृत्यु भएको देखिन्छ ।

(३३) अभियोजन पक्षले अभियोग पत्रमा यी प्रतिवादीहरू उपर ज्यान सम्बन्धीको १ र १३(३) नं. बमोजिम कसुर अपराधमा ऐ. १३(३) बमोजिम सजायको मागदाबी लिएको देखियो । मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३ नं. को कसुर ठहर हुन मनसाय तत्व र मार्नुपर्नेसम्मको कारण अनिवार्य हुनुपर्ने भनी सम्मानित सर्वोच्च अदालतबाट धेरै कर्तव्य ज्यान मुद्दाहरूमा व्याख्या र नजिर प्रतिपादन भएको छ । प्रस्तुत वारदातमा प्रतिवादी वासुदेव यादवसमेतले मृतक प्रतिमा कुमारी तथा निजको आमा लालमुनि देवीलाई मार्नुपर्नेसम्मको मनसाय तत्व थियो भनी अभियोजन पक्षले खुलाउन वा पुष्टि गर्न नसकेको अवस्थामा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सजाय हुनुपर्दछ भन्ने अभियोजन पक्षको अभियोग दाबीसँग सहमत हुन सकिने अवस्था देखिएन । तर प्रस्तुत वारदात ज्यान सम्बन्धी महलअन्तर्गतको के कुन प्रकृतिको कसुरको दायराभित्र पर्ने हो सो विषय निर्क्योल हुनु आवश्यक छ ।

(३४) कहिलेकाहीं फौजदारी वारदातको घटना प्रकृति अनुसार एउटालाई मार्छु भनी प्रहार गरेको चोट जसलाई प्रहार गरेको हो उसलाई नलागी अर्कैलाई लाग्न गएको अवस्थामा कर्ताको आपराधिक दुराशय एउटाबाट अर्कोमा सर्दछ र यो अवस्थालाई दुराशयको स्थानान्तरण (Transfer of Malice) भनी फौजदारी न्यायमा विवेचना गर्ने गरिन्छ । कतै प्रस्तुत वारदात पनि यस्तै दुराशयको स्थानान्तरण (Transfer of Malice) को परिभाषा र व्याख्याअन्तर्गत पर्ने हो कि भन्ने तर्क सम्बन्धमा संक्षिप्त विवेचना गर्नु उपयुक्त हुने देखिन्छ ।

(३५) फौजदारी न्यायमा प्रचलित (Transfer of Malice) को सिद्धान्तको परिभाषा र व्याख्या सम्बन्धमा हेर्दा फौजदारी कानुनका विज्ञ ग्रानविल विलियम्स (Glanville Williams) ले पनि सरेको मनसायका सम्बन्धमा उनको पुस्तक फौजदारी कानुन (Criminal Law, second edition, page 72) मा "आपराधिक मनसाय कानुनी अर्थमा नियोजित रूपमा गरिएको दोषपूर्ण कार्य हो, जसलाई उचित कारणबिनाको र अक्षम्य मानिन्छ । आपराधिक मनसायले कानुनमा सामान्यतया मनसाय वा लापरबाहीको बोध गराउँदछ । जब कुनै एउटालाई लक्षित गरी गरेको प्रहार दुर्घटनावश अर्कोमाथि पर्न जान्छ भने त्यसलाई सरेको मनसायबाट घटित क्रिया मान्नुपर्ने हुन्छ । अर्को शब्दमा भन्दा यदि अभियुक्तले गरेको कुनै निश्चित घटना कुनै अवस्थामा दोषपूर्ण मानिन्छ भने त्यो कार्य अनिच्छित वस्तु (व्यक्ति वा सम्पत्ति) माथि घट्न पुग्छ भने पनि त्यसमा मनसाय नरहेको भन्ने कुराको महत्व रहँदैन । उसको आपराधिक दुराशय एउटा वस्तुबाट अर्कोमा सर्दछ भन्ने कानुनी अनुमान रहन्छ । यस्तो अवस्थामा अभियुक्तलाई कानुनी प्रयोजनको लागि मनसायपूर्वक प्रहार गरेको ठानी व्यवहार गरिन्छ । वस्तुतः यस्तो गरौं भन्ने उसको मनसाय र लापरबाही रहेको हुँदैन । (Malice in its legal means a wrongful act done intentionally,

without just cause or excuse, "Malice" in Law generally means intention or recklessness, Transferred intention (transferred Malice) occurs when an injury intended for one falls on another by accident, In other words if the accused intends particular consequence he is guilty of crime of intention even though his act takes effect upon any object (whether person or property) that was not intended, His Malice is by a legal fiction transferred from the one object to the other, The accused is then treated for legal purpose as though he had intended to hit the object that he did hit, though in fact he not have the intent, nor even was reckless as to it,)" भन्नेसमेत उल्लेख गरेको देखिएबाट सरेको मनसाय स्वरूप सिर्जित कार्यलाई पनि हत्याको अपराधकै कोटीमा राखेको पाइन्छ ।

(३६) भारतीय दण्ड संहिता, १८६० को दफा ३०१ मा यदी "कुनै व्यक्तिले आफूले गरेको कुनै कार्यबाट मानिस मर्न सक्दछ भन्ने जानीजानी मनसायसहित कुनै कार्य गर्दा कुनै मानिसको मृत्यु हुन्छ भने दण्डनीय मानव हत्याको कसुर हुन जान्छ । त्यसरी नै सोही तरिकाबाट गरिएको कार्यबाट उसले नचाहेको वा थाहा नभएको मानिसको मृत्यु भए पनि दण्डनीय मानव हत्या सरहकै कसुर हुन्छ । (If a person, by doing anything which he intends or knows to be likely to cause death, commits culpable homicide by causing the death of any person, whose death he neither intends nor knows himself to be likely to cause, the culpable homicide committed by the offender is of the description of which it would have been if he had caused the death of the person whose death is intended or knew himself to be likely to cause.)" भन्नेसमेत व्यवस्था रहेको पाइन्छ ।

(३७) सोही कानुनी व्यवस्थाको व्याख्या गर्दै भारतीय सर्वोच्च अदालतबाट जगपाल सिंहविरुद्ध पन्जाब राज्य भएको मुद्दामा "सरेको मनसायको सिद्धान्त अनुसार कुनै पनि हत्याको आरोपीलाई दफा ३०१ बमोजिम सजाय गर्न मिल्छ (Accused is punishable for murder under doctrine of transfer of malice under section 301 of the code when he aimed at one and killed another person, (Jagpal singh vs. State of Panjab, (1991) Cr.LJ 597 (SC)" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिएबाट सरेको मनसायबाट सिर्जित अपराधलाई भारतमा पनि हत्याकै दर्जामा राखी सजाय गर्ने गरिएको पाइन्छ ।

(३८) दुराशयको स्थानान्तरण (Transfer of Malice) को सिद्धान्तलाई मान्यता दिँदै हाम्रो सर्वोच्च अदालतले टेकबहादुर रेउलेको जाहेरीले वादी नेपाल सरकारविरुद्ध नरबहादुर रेउले भएको (ने.का.प. २०६१ अंक ११ पृ. १४८६ नि.न. ७४६६) कर्तव्य ज्यान मुद्दामा "लक्षित व्यक्ति उपर कार्य गर्दा जुन अपराध हुन सक्थ्यो, उक्त कार्य अर्को अनिच्छित व्यक्ति उपर भएमा पनि सोही अपराध मानिन्छ । एउटा मानिसलाई मार्ने नियतले गरेको प्रहार अर्को अनिच्छित मानिसलाई लागेर मृत्यु हुन पुगेको अवस्थामा कर्ताको अपराधिक मनसाय समाप्त भएको मानिने नभई सरेको (Transferred) मानिने हुँदा मनसाय प्रेरित हत्याको फौजदारी दायित्व सिर्जना हुने" भनि व्याख्या भएको छ । त्यस्तै नेपाल सरकार विरुद्ध कन्हैयाराम कुर्मीसमेत भएको (ने.का.प. २०६४ नि.नं. ७८४४) कर्तव्य ज्यान मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट "...प्रतिवादी कृष्ण कार्कीले प्रतिवादी कन्हैयालाई मार्न भनी प्रहार गरेको छुरी प्रतिवादी कन्हैयाले आफू बच्न मृतकलाई धकेल्दा मृतक शुकु थापालाई लाग्न गई मरेको भन्ने सरेको

मनसायको स्पस्ट अवस्था विद्यमान रहेको देखिँदा त्यस्तो सरेको मनसायबाट प्रतिवादी कृष्ण कार्कीको मनसाय समाप्त भएको सम्भी निजले गरेको कसुरबाट उन्मुक्ति दिन मिल्ने नदेखिने ...” भनी व्याख्या भएको पाइन्छ ।

(३९) दुराशयको स्थानान्तरण (Transfer of Malice) को सिद्धान्त र प्रयोग सम्बन्धमा माथि विवेचना गरिएको परिभाषा, भारतीय कानुन र सर्वोच्च अदालतका फैसलाहरूसमेतबाट के स्पस्ट हुन्छ भने यो सिद्धान्तको प्रयोगको लागि कर्ताको कार्यमा “मनसाय तत्व” अनिवार्य रूपमा हुनु आवश्यक छ । अर्थात् हाम्रो कानुनी व्यवस्थाको सन्दर्भमा ज्यान सम्बन्धी महलको १३ नं. अन्तर्गत पर्ने कसुरहरूको सन्दर्भमा यो सिद्धान्तलाई प्रयोग गर्न सकिन्छ । सम्मानित सर्वोच्च अदालतबाट पनि माथि विवेचित दुवै फैसलाहरूमा यो सिद्धान्तको प्रयोग भएको पाइन्छ । तर “मनसाय तत्व” रहित कतिपय ज्यान मुद्दाहरूमा पनि कसुरदारलाई सजाय हुन सक्ने कानुनी व्यवस्था ज्यान सम्बन्धी महलमा विद्यमान रहेको हुँदा यो सिद्धान्तको प्रयोग त्यस्ता कसुरहरूमा भने गर्न सकिने अवस्था देखिएन । प्रस्तुत मुद्दामा पनि प्रतिवादी वासुदेव यादवले मृतक प्रतिमा कुमारी र निजको आमा लालमुनिदेवी यादव उपर चोट छोडेको कार्य मनसाययुक्त नभई मनसायरहित कार्य हो भन्ने सम्बन्धमा मिसिल प्रमाणसमेतबाट प्रस्ट भइरहेको हुँदा दुराशयको स्थानान्तरण (Transfer of Malice) को सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने अवस्था देखिएन ।

(४०) घटना प्रकृतिले कतै यो वारदात ज्यान सम्बन्धी महलको ५ नं. र ६ नं. ले कसुरको परिभाषा गरी सजायको व्यवस्था गरेको भवितव्यको परिधि अन्तर्गत पर्ने हो कि भन्ने सम्बन्धमा विवेचना गर्नुपर्दा ज्यान सम्बन्धीको ५ नं. मा “ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएकोमा भवितव्य ठहर्दछ” भन्ने कानुनी व्यवस्था भएको र ऐ. ६ नं. ले भवितव्यको प्रकृति एवं प्रकारसमेत छुट्याई कस्तो भवितव्यमा के कति सजाय हुने हो भन्ने सम्बन्धी व्यवस्था गरेको छ ।

(४१) ज्यान सम्बन्धीको ५ नं. ले भवितव्यको अवस्था कायम हुनको लागि कुनै पनि कार्य तत्काल आवेश प्रेरित भई तत्कालै शारीरिक आक्रमण गरेको अवस्थाको कल्पना गरेको नभई आफूले गरेको कार्यबाट लक्षित व्यक्ति मर्लाजस्तो नदेखिने कुनै कार्य गर्दा मरेको अवस्थालाई मध्यनजर राखेको पाइन्छ । अर्थात् कर्ताले गरेको कार्य प्रत्यक्ष रूपमा आपत्तिजनक वा कसुरजन्य नभएको भए पनि अचिन्तित परिणाम सिर्जना भई मृत्यु भएको सम्मको अवस्थालाई दृष्टिगत गरी उक्त नं. को व्यवस्था भएको देखिन्छ । कर्ता आवेश प्रेरित छ र निजले गर्न खोजेको काम अर्थात् निजले प्रहार गरेको चोट निर्दोष र स्वाभाविक नभई प्रारम्भ त गैरकानुनी र अनुचित छ र त्यसको परिणामले मानिस मर्नेसम्मको बिन्दुमा पुग्दछ भने त्यस्तो परिस्थितिलाई समेट्ने गरी ज्यान सम्बन्धीको ५ नं.को प्रावधानको तर्जुमा भएको देखिन आउँदैन । (नेपाल सरकारविरुद्ध वसन्तकुमार यादवसमेत, ने.का.प. २०४६ नि.नं. ७८३४) उल्लेखित मुद्दामा भएको विवेचनासमेतलाई मध्यनजर राख्दा प्रस्तुत वारदातमा पनि प्रतिवादी वासुदेव यादवले बाँसको लाठीले प्रहार गरेको कार्य कसुरजन्य कार्य होइन भनी भन्न सकिने अवस्था छैन । आफूले गरेको कसुरजन्य कार्यबाट मानिस मर्नेसम्मको बिन्दुमा पुगेको अवस्थामा ज्यान सम्बन्धीको ५ नं. र ६ नं.को परिभाषा र कसुरको परिधिभित्र पर्न सक्ने अवस्था देखिँदैन ।

(४२) मृतकलाई ज्यान मार्नेसम्मको प्रतिवादीको मनसाय तत्व नरहेको कारण प्रस्तुत वारदात ज्यान सम्बन्धीको १३ नं. को परिधिभित्र पर्ने अवस्था नदेखिएको र प्रतिवादीले आवेशमा आई प्रहार गरेको चोट निर्दोष र स्वाभाविक नभई प्रारम्भ त गैरकानुनी र अनुचित भएको कारण ज्यानसम्बन्धी महलको ५ नं. र ६ नं.को दायरामा समेत पर्ने अवस्था नभएको परिप्रेक्ष्यमा ज्यान सम्बन्धीको १४ नं.आकर्षित हुने हो वा होइन भन्ने सम्बन्धमा समेत विवेचना गर्नुपर्ने देखियो ।

(४३)ज्यान सम्बन्धी महलको १४ नं. को व्यवस्था हेर्दा “ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ । लुकी चोरीकन हानेको पनि रहेनछ । उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा बिष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लातमुक्का इत्यादी हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दस वर्ष कैद गर्नुपर्दछ” भन्ने व्यवस्था रहेको छ । अर्थात् ज्यान सम्बन्धीको १४ नं. को बनावट हेर्दा मनसायरहित अवस्था, लुकीचोरी प्रहार नगरेको अवस्था, जोखिमी हतियारले प्रहार गरेको वा बिष खुवाएको कसुर बाहेकको अवस्था र तत्काल उसै मौकामा उठेको रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, लातमुक्काले चोट छोडेको अवस्था हुनुपर्ने देखिन्छ । यस दफाको संरचनामा विधायिकाले एउटा यस्तो अवस्थाको परिकल्पना गरेको पाइन्छ जसमा कर्ताले मनसायरहित अवस्थामा तत्काल आवेशमा आई मृतकउपर शारीरिक आक्रमण वा साधारण लाठा, ढुङ्गा, लातमुक्काको प्रहार गरेको अवस्था विद्यमान हुनुपर्ने अनिवार्यता खोजेको पाइन्छ ।

(४४)यस मुद्दाको वारदात प्रकृतिसँग माथि विवेचना गरिएको ज्यान सम्बन्धी महलको १४ नं. को अवस्थाहरू परस्पर मिल्ने भिड्ने अवस्था छ वा छैन भन्ने विषयमा तुलनात्मक अध्ययन गर्दा प्रतिवादी वासुदेव यादवले मृतक प्रतिमा कुमारी तथा निजलाई बोक्ने निजको आमा लालमुनिदेवी यादवलाई मार्नुपर्नेसम्मको मनसाय इवी रहे भएको भन्ने मिसिल संलग्न सबुद प्रमाणबाट देखिएको अवस्था नहुँदा मनसाय तत्वरहित अवस्थाको विद्यमानता रहेछ भन्ने देखिन्छ । त्यस्तै प्रतिवादी वासुदेव यादवले वारदात स्थलमा लुकीचोरी प्रहार गरेको अवस्था पनि छैन । जोखिमी हतियार प्रयोग गरेको वा बिष खुवाएको नभई साधारण लाठीको रूपमा बाँसको लट्ठी प्रहार गरेको अवस्था देखिन्छ । साथै तत्काल उठेको रिसको आवेशमा आई प्रहार गरेको हो वा होइन भन्ने सम्बन्धमा मिसिल अध्ययन गर्दा आफ्नो लोग्नेसँग झगडा कुटपिट गर्न आक्रोशित रूपमा आएका प्रतिवादीहरूले कुटपिट गर्न लागेको अवस्थामा घटनास्थलमा डेढ वर्षकी प्रपतमा कुमारीलाई काखमा बोकी झगडा छुट्याउन गएकी लालमुनिदेवी यादव तथा निजको डेढ वर्षकी छोरी प्रतिमा कुमारीलाई आक्रोशित प्रतिवादीहरूमध्ये प्रतिवादी वासुदेव यादवले तत्काल रिस थाम्न नसकी बाँसको लाठीले हिर्काई चोट छोडेको भन्ने कुरा मिसिल प्रमाण र घटना वारदातको तथ्यबाट स्थापित भइरहेको देखिँदा प्रस्तुत वारदातमा ज्यान सम्बन्धी महलको १४ नं. को कसुर भएको देखियो ।

(४५)तसर्थ माथि विभिन्न प्रकरणहरूमा गरिएको विवेचनाबाट प्रतिवादीहरूको कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. र १४ नं. को कसुर वारदात देखिएको हुँदा हाल थुनामा रहेका यी प्रतिवादी वासुदेव यादवलाई ऐ. १४ न.बमोजिम कैद वर्ष १० (दस वर्ष) हुने ठहर्दछ । अ.बं.१८६ नं. बमोजिम यो फैसला गरिदिए ।

**तपसिल**

(१) यो फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्नुहोला भनी जिल्ला सरकारी वकिल कार्यालय बारामा फैसलाको जानकारी पठाउनू .....................................

(२) कारागार कार्यालय पर्सा वीरगन्जमा थुनामा रहेका प्रतिवादी वासुदेव यादवका नाउँमा पुनरावेदनको म्याद जारी गर्नू .........................................................................................................

(३) माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी वासुदेव यादवलाई ज्यान सम्बन्धी महलको १ नं. र १४ नं. को कसुर अपराध गरेको हुँदा सोही नं. बमोजिम कैद वर्ष १० (दस वर्ष) हुने ठहरी फैसला भएकोले प्रतिवादी वासुदेव यादव मिति २०६६।९।१९ देखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६६।१०।१४ को आदेशले पुर्पक्षका लागि थुनामा रहे बसेकोले प्रहरी हिरासतमा रहे बसेको मितिदेखि कैद कट्टा हुने गरी कैद ठेकी लगत राख्नू ..........................................................................

(४) जाहेरवाला मुसाफिर प्रसाद यादव, वस्तुस्थिति मुचुल्काका सुरेशप्रसाद यादव र चस्मदिद् उतिचन ठाकुर समेतले झुट्ठा बकपत्र गरेको हुदा निजहरूलाई मुलुकी ऐन अदालती बन्दोबस्तको १६९ नं. बमोजिम जनही रुपैयाँ १५००। जरिवाना हुन्छ लगत कसी असुल गर्नू

(क) जाहेरवाला मुसाफिर प्रसाद यादवलाई रु. १५००।

(ख) वस्तुस्थिति मुचुल्काका सुरेश प्रसाद यादवलाई रु. १५००।

(ग) चस्मदिद् उतिचन ठाकुरलाई रु. १५००।

(५) फरार रहेका प्रतिवादीहरू नागेन्द्र यादव, भोला यादव, भुलावन यादव तथा गोपिचन यादवसमेतले तामेली म्याद गुजारी बसेकोले निजहरूको हक्मा अ.बं.१९० न.बमोजिम मुद्दा मुलतवी राख्नू । निजहरू पक्राउ परे वा उपस्थित हुन आए मुलतवीबाट जगाई कारबाही गर्ने र पक्राउ नपरे वा हाजिर नभए अंश मुचुल्का भएको मितिले २ वर्षपछि मुद्दा मुलतवीबाट जगाई कारबाही गर्ने गरी फरारी किताबमा लगत जनाई राख्नू ।

(६) नक्कल माग्ने सरोकारवालासँग नकल दस्तुर लिई नक्कल दिने र दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू...............................................................................................

ब्रजेश प्याकुरेल
जिल्ला न्यायाधीश

यो पाना ४ को फैसला माननीय न्यायाधीशज्यूले बोली
टिपाउँदा टिप्ने ना.सु. मोहनसिंह दाहाल............।
कम्प्युटर टाइप गर्ने :- क.अ.प्रेमलालप्रसाद कुशवाहा

इति संवत् २०६७ साल भाद्र १३ गते रोज १ शुभम्.........................................................।

**श्री ललितपुर जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश श्री लेखनाथ ढकाल**

**फैसला**

**संवत् २०६६।६७ सालको स.वा.फौ मि.नं. ०६६-सी.आर-००३९/१४० नि.नं.१३६**

*मुद्दा :- कर्तव्य ज्यान ।*

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| ल.पु.जि. डुकुछाप गा.वि.स. वडा नं. ४ दनुवारगाउँ बस्ने मनोज दनुवारको जाहेरीले वादी नेपाल सरकार ...............................१ | ल.पु.जि. डुकुछाप गा.वि.स. वडा नं. ४ दनुवारगाउँ बस्ने लक्ष्मीबहादुर दनुवारको छोरा वर्ष ३२ को कुमार भन्ने भाईराजा राई दनुवार..........................................१ |
| **साक्षी:-** | |
| बुझिएका मानिसहरू ...............................१ | **साक्षी:-** |
| **कागज:-** | X |
| X | **कागज:-** |
| | X |

**अदालतबाट बुझिएका प्रमाण**

X

**साक्षी**

१. अर्जुन दनुवार.......................१

२. बुद्धलक्ष्मी दनुवार...................१

३. मनोज दनुवार........................१

४. राजेश काण्टकार.....................१

५. डा.चन्द्रशोभा अमात्य..............१

न्याय प्रशासन ऐन,२०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं.बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ ।

१. मिति २०६६।५।११ गते बेलुका अं. ५:३० बजेको समयमा मेरी श्रीमती ठूली दनुवार पसलबाट घर आउँदा घरनिरकै ढुंगाको सिँढीमा लडी ऐ.१२ गते काठमाडौंको फर्पिङ अस्पतालमा लगी उपचार गराउँदा निको नभएकोले पाटन अस्पतालमा रिफर गरी ल्याई उपचार गराउँदागराउँदै मृत्यु भएकोले कानुन बमोजिम गरी पाऊँ भन्नेसमेत व्यहोराको भाईराजा राई दनुवारको जाहेरी दरखास्त ।

२. दायाँ आँखाभन्दा तल गालाको भागमा ४ इन्च जति लम्बाइको घाउ रही रातो मासु देखिएको, दायाँ खुट्टाको साहिली औंलाको भागमा तछारिएको चोट रहेको, दायाँपट्टि आँखाको डिलमा तछारिएको घाउ चोट रहेको भन्नेसमेत व्यहोराको लास जाँच मुचुल्का ।

३. मेरी बहिनी ठूली दनुवारलाई ज्वाइँ कुमार भन्ने भाईराजा दनुवारले मिति २०६६।५।११ गते बेलुका राति कुटपिट गरी अचेत पारी मिति २०५५।५।१२ गते बिहान फर्पिङ मनमोहन अस्पतालमा लगि केही बेरमा रिफर गरी पाटन अस्पतालमा ल्याई देखाउँदा मृत्यु भएको बुझियो, निज ज्वाइँले गरेको कुटपिटको चोट पीडाको कारण बहिनीको मृत्यु भएकोले कानुन बमोजिम गरी पाऊँ भन्नेसमेत व्यहोराको मनोज दनुवारको जाहेरी दरखास्त ।

४. कुमार भन्ने भाईराजा दनुवारको घरको ढोकाबाट भित्र पसी हेर्दा चारवटा कोठा रहेको र पूर्वतर्फको कोठामा काठको लम्बाइ १८ इन्च, चौडाइ ७ इन्चको रगतजस्तो पदार्थ लागेको पिर्का रहेको, पश्चिमतर्फको कोठामा बिस्तारासहितको खाट रहेको, पूर्वतर्फको सिरानीमा गुलावी र आकाशे रंगको दुईवटा सिरानीको खोलमा रगतजस्तो रातो पदार्थ लागी सुकेको, दुवै खोल र पिर्का प्रहरीले बरामद गरी लगेको तथा सोही घरको बरन्डा तथा कोठामा ठूली दनुवार घाइते अवस्थामा देखिएको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

५. **"The cause of death in from head ingst hepatie desease"** भन्नेसमेत व्यहोराको शव परीक्षण प्रतिवेदन ।

६. मिति २०६६।५।११ गते विहान म बुंगमतीबाट फर्केर आउँदा पनि श्रीमती सुतेर भर्खर उठेकी र काममा समेत नगएकीले गाली गरी माथितिर गएँ, माथिबाट फर्केर आउँदा पनि फेरि कोठामा सुतिरहेकीले भित्र कोठामा गई निजको चुल्ठोमा समाती लछारपछार पारी अगाडि बरन्डामा ल्याई एक दुई थप्पड हानें र लछारपछार पर्दा भित्तामा र बरन्डामा रहेको काठको पिर्कामा ठोकिएर चोट लागेको हो, पिर्कामा लागेको रगत श्रीमतीको हो र निज श्रीमतीलाई मैले कुटपिट लछारपछार गरी घाइते भई उपचारको क्रममा मृत्यु भएको हो, मैले सजायबाट बच्न झुट्टा जाहेरी दिएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी कुमार भन्ने भाईराजा दनुवारको बयान ।

७. मिति २०६६।५।१२ गते बिहान अं.८ बजेको समयमा मेरो दाजु मेरो घरमा आई तेरो भाउजू बोल्नु भएन, अनुहारमा चोट थियो र उपचारको लागि फर्पिङ मनमोहन अस्पतालमा लगेकोमा त्यहाँ उपचार हुन नसकी पाटन अस्पतालमा ल्याएकोमा सोही अस्पतालमा मृत्यु भएको हो, निजको मृत्यु दाजुले गरेको कुटपिटको चोट पीडाको कारणबाट भएको हो भन्नेसमेत व्यहोराको कुमार दनुवारको कागज ।

८. मिति २०६६।५।१२ गते बिहान अं. १० बजेतिर भाउजू बिरामी भएकोले उपचार गर्न लैजाने भन्ने थाहा पाएकोले मसमेत उपचार गराउन गएको हुँ, बुझ्दा दाजु भाईराजा दनुवारले मिति २०६६।५।११ गते बेलुकी कुटपिट गरेको र उपचारको लागि फर्पिङ मनमोहन अस्पतालमा लगेकोमा त्यहाँबाट पाटन अस्पतालमा ल्याएकोमा त्यहीँ मृत्यु भएको भन्ने थाहा पाएको हुँ, निज भाउजू ठूली दनुवारको मृत्यु दाजु कुमार भन्ने भाईराजा राई दनुवारको कुटपिटको चोट पीडाको कारणले भएको हो भन्नेसमेत व्यहोराको हिमला दनुवारको कागज ।

९. मिति २०६६।५।१२ गते अं. १०:३० बजेको समयमा साला नाता पर्ने कुमार भन्ने भाईराजा दनुवारको श्रीमती ठूली दनुवारलाई अघिल्लो दिन चोट लागेकोले उपचार गर्न लैजानुपर्‍यो भनेकोले मसमेत मनमोहन अस्पतालमा गएकोमा उक्त अस्पतालमा उपचार हुन नसकी पाटन अस्पताल लगेको र सोही अस्पतालमा मृत्यु भएको हो । निजहरूबीच पहिलापहिला पनि झैझगडा हुन्थ्यो, मृतक ठूली दनुवारको

मृत्यु निज भाईराजा दनुवारको कुटपिटको चोट पीडाबाट भएको हो भन्नेसमेत व्यहोराको अच्यूत दनुवारको कागज ।

१०. मेरो छोरी ज्वाइँ कुमार भन्ने भाईराजा राई दनुवारले मिति २०६६।५।११ गते बेलुकी छोरी ठूली दनुवारलाई बिनाकारण कुटपिट गरी सख्त घाइते बनाई भोलिपल्ट मात्र अस्पताल लगेका हुन् र निज ज्याइँकै कुटपिटको चोट पीडाको कारण छोरीको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको अर्जन दनुवारको कागज ।

११. मिति २०६६।५।१२ गते ३/४ बजेतिर घाँस काटी घरमा आउँदा दाजुको छोरी ठूली दनुवारको मृत्यु भएको सुनें र कसरी भएको भनी बुझ्दा ऐ. ११ गते बेलुकी ज्वाइँ कुमार भन्ने भाईराजा राई दनुवारले कुटपिट गरी घाइते बनाई उपचारको क्रममा मृत्यु भएको हो, निजले लछारपछार गरी पिर्काले हानी मारेको भन्ने निरोज दनुवारसमेतको घटना विवरण कागज ।

१३. प्रतिवादी कुमार भन्ने भाईराजा राई दनुवारले आफ्नै श्रीमती ठूली दनुवारलाई कुटपिट लछारपछार गरी काठको पिर्का तथा भित्तामा ठोकाई सख्त घाइते बनाई सोही चोट पीडाको कारण निज ठूली दनुवारको मृत्यु भएको देखिएकोले प्रतिवादी कुमार भन्ने भाईराजा दनुवारले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. अनुसारको कसुर अपराध गरेकोले निजलाई सोही ज्यान सम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुन मागदाबी लिई पेस भएको अभियोग पत्र ।

१४. अभियोग पत्र देखाई सुनाउँदा सुनिपाएँ । उक्त मितिमा म कामबाट घर फर्किंदा मेरी श्रीमतीले ९ महिनाको बच्चालाई बेवास्ता गरी रक्सी खाएर अचेत भई सुतिरहेकी रहिछन् । म आएको थाहा पाउँदा उठिन् । यसरी सानो बच्चालाई छोडेर रक्सी खाएर नबस भनी सम्झाउन बुझाउन खोज्दा भनाभन भई सामान्य हातपात भएको थियो । हप्काई सम्झाउन खोज्दा लछारपछार हुँदा निज लडी भुइँमा भएको पिर्कामा ठोकिएर सामान्य चोट लागेको थियो । रक्सीले मातेको अवस्था हुँदा भोलि सम्झाउँला भनी भित्र कोठामा लगी सुताएँ । हेल्थपोस्टबाट औषधि ल्याएर घाउ भएको ठाउँमा लगाइदिएँ । सामान्य अवस्था नै होला । बेलुकाको समय भएकाले केही भएको रहेछ भने भोलि अस्पताल लैजाउँला भनी सुताएको थिएँ । बेलुका टाउको अलि असजिलो भयो भनिरहेकी थिइन् । बिहानै काका भाइलाई भनेर फर्पिङ अस्पतालमा लगेकोमा त्यहाँ उपचार हुन नसक्ने भनेकाले एम्बुलेन्समा हाली पाटन अस्पताल ल्याएकोमा बाटामै निजको मृत्यु भइसकेको रहेछ । मैले निजलाई सम्झाई बुझाई रक्सी नखान र बालबच्चाको ख्याल गर्न सम्झाउन खोजेको मात्र थिएँ । मार्ने नियत र अवस्था थिएन भन्नेसमेत व्यहोराको प्रतिवादीले यस अदालतमा गरेको बयान ।

१५. तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी कसुरदार होइनन् भन्न मिल्ने नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल प्रतिवादी भाईराजा राई दनुवारलाई अ.वं. ११८ नं. को देहाय दफा २ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने देखिएकोले नियमानुसार सिधा खर्च र अ.वं. १२१ नं. बमोजिम थुनुवामा पुर्जी दिई जिल्ला कारागार शाखा नख्खुमा लेखी पठाइदिने साथै प्रतिवादी चुक्ता भइसकेको देखिँदा वादीले अभियोग पत्रमा उल्लेख गरेका साक्षीहरूलाई जि.स.व.का. ललितपुर मार्फत र प्रतिवादीका साक्षीहरूलाई प्रतिवादी मार्फत उपस्थित गराई नियमानुसार पेस गर्नु भन्ने मिति २०६६।५।३० को यस अदालतको थुनछेक आदेश ।

१६. पिर्काले हानेर मार्‍यो भन्ने सुनेको हुँ । हस्पिटल ल्याउँदाखेरी मरिसकेको भन्ने थाहा पाएको हुँ । अगाडिको झगडा देखेको हुँ । मारेको बेलामा कुटपिट गरेको देखेको होइन । गाउँलेले घरमा ढोका लागेको देखेर हेर्न आउँदा थाहा भएको हो । ल्याउँदा र लाँदाखेरी पनि देखेको हुँ । बिहीबारको दिन बेलुकी मारेको हो । छोरीलाई आइतबार लगेको हो भन्नेसमेत व्यहोराको बुझिएका मानिस अर्जुन दनुवारले यस अदालतमा गरेको बकपत्र ।

१७. प्रतिवादी भाईराजा दनुवारले बिहीबारको दिनमा छोरीलाई मारेको हो । हस्पिटल लानुपर्छ भनेको सुनेपछि हिजो बाटोमा भेटेको छोरी कसरी मर्‍यो भन्ने लाग्यो पहिले पनि पिटेर टाँका लगाएको थियो । ज्वाइँले छोरीलाई पिटिरहने हुँदा सानो चोट लागेको होला, हस्पिटलमा लगेपछि ठीक भइहाल्छ भनेको त ४ बजेतिर तेरो छोरी मर्‍यो भनेर गाउँमा थाहा भयो । छोरीको लास शान्त भवनमा छ भनेकोले गएको थिएँ । भाईराजाको बुवा पनि हामीसँगै थियो । मान्छे ल्यायो भनेर बुङ्गमतीमा भन्दा मैले मरेको भए छाड्दिनँ भनेँ । उसले म पञ्चायती व्यवस्थाको मान्छे भन्यो । भोलिपल्ट हस्पिटल आउँदा छोरी लडेर मरेको भनेर पोस्टमार्टम गरेछन् । लास आर्यघाट लानुपर्छ भने मैले पोस्टमार्टम नगरी लास झिक्न दिन्नँ भनेँ । १४ गतेको दिनमा पोस्टमार्टम गर्दा पिर्काले हिर्काएको समेत देखियो । आइतबार केस फाराम गरी लास झिकेर लग्यौं । भाईराजाले छोरीलाई पिर्काले पिटेर मारेकोले उसले सजाय पाउनुपर्छ । उसलाई जन्मकैदको सजाय हुनुपर्छ भन्नेसमेत व्यहोराको बुझिएका मानिस बुद्धलक्ष्मी दनुवारले यस अदालतमा गरेको बकपत्र ।

१८. पहिलेदेखि नै कुटपिट गर्ने गर्दथे । बहिनीको घर र हाम्रो घर नजिकै पर्ने हुँदा थाहा हुन्थ्यो । बहिनीको हत्या भएपछि शान्त भवनबाट मलाई फोन आयो । बहिनी लड्यो भन्यो अनि लास बुझ्न भन्यो । उसले बहिनीलाई कुटपिट गरेर मारेको हो भनेर हामीले पक्राउ गर्न लगाएको हो भन्नेसमेत व्यहोराको जाहेरवाला मनोज दनुवारले यस अदालतमा गरेको बकपत्र ।

१९. आजभन्दा ९(नौ) वर्ष अगाडिदेखि चिन्दछु । उहाँको विकास भन्ने दाईले मेरो कारखानामा भाईराजालाई लिएर आउनुभएको हो सोही समयदेखि मेरो कारखानामा निजले निरन्तर काम गरिरहेको छ । सोझो किसिमको मिहिनेती मान्छे हो । मसँग बस्दाखेरी राम्रै छ । ठूली दनुवारलाई मेरो कारखानामा बस्द खेरी चिनजान भएको हो । श्रीमती श्रीमान्बीच समान्य झैझगडा हुनु स्वाभाविकै हो । उसले श्रीमतीलाई धेरै माया गर्दथ्यो । भाईराजाले हस्पिटल आउनुपर्‍यो भनेर फोन गर्नुभयो त्यसपछि म हस्पिटल गएपछि थाहा भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षीको बकपत्र ।

**अदालतको ठहर**

यसमा नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयको लागि पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री मोना सिंहले मृतकको मृत्यु कर्तव्यबाट भएको तथ्य लास प्रकृति मुचुल्कासमेतका मिसिल प्रमाणबाट स्पष्ट छ, जाहेरवालाको जाहेरी दरखास्तबाट मृतक र प्रतिवादीबीच पहिलेदेखि झगडा हुने गरेको र वारदातको दिनमा पनि प्रतिवादीले मृतकलाई पटकपटक प्रहार गरी कर्तव्य गरेको भन्ने उल्लेख गरेकोमा अदालतमा आई बकपत्र गर्दा पनि सोही कुरालाई समर्थन गरेको हुँदा उक्त जाहेरीमा उल्लेखित कुरा प्रमाणमा लिनुपर्ने देखिन्छ, प्रतिवादीले दिएको प्रारम्भिक जाहेरीमा मृतक आफैं लडी घाइते भएका हुन् भनी उल्लेख गरेको र पछिल्लो अनुसन्धानले प्रतिवादीले कर्तव्य गरेको

देखिन आएकोले निज प्रतिवादीले मृतकलाई मारी आफू बच्ने दूषित नियत थियो भन्ने देखिन आउँछ, प्रतिवादीले मृतकलाई बेलुकाको समयमा कुटपिट गरेको, छिमेकीलाई खबर नगरेको र उपचारमा बेवास्ता गरी भोलिपल्ट मात्र अस्पताल लगेको कारणले समेत मृतकको मृत्यु भएको देखिन आएको छ, उक्त कुरालाई प्रतिवादीले मौकामा र अदालतमा बयान गर्दा स्वीकार गरेकोले प्रतिवादीको विरुद्धमा प्रमाणमा लिनुपर्ने हुन जान्छ, लास प्रकृति मुचुल्का र पोस्टमार्टम रिपोर्टले मृतकको शरीरमा बहुसंख्यक चोट परेको देखिएको र उक्त चोटबाट मृतकको मृत्यु भएको हुँदा प्रतिवादीकै कर्तव्यले मृतकको मृत्यु भएको वारदात पुष्टि भएको पाइन्छ, तसर्थ मौकामा बुझिएकी बुद्धलक्ष्मी दनुवारले मौकामा र अदालतमा बकपत्र गर्दा प्रतिवादीले पिर्काले पिटेर मारेको भनी लेखाएको र पोस्टमार्टम गर्ने डा.ले अदालतमा आई गरेको बकपत्रसमेतको आधारबाट प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्छ भन्ने र प्रतिवादीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री रामकृष्ण पाण्डेले मृतक र प्रतिवादीबीच झगडा भई घटना भएको तथ्यमा विवाद नभए तापनि उक्त वारदात अभियोग मागदाबी बमोजिम कर्तव्यको वारदात हो भन्न मिल्दैन । मुलुकी ऐनको ज्यान सम्बन्धी महलको १३(३) नं. को दाबी आकर्षित हुन घरेलु हात हतियार प्रयोग भएको हुनुपर्नेमा प्रतिवादीले कुनै किसिमको घरेलु हातहतियार प्रयोग गरेको अवस्था छैन, प्रतिवादीले मृतकलाई मार्नंपर्ने कुनै मनसाय, पूर्व रिसइवी रहेको नदेखिएको र जोखिमी हात हतियार पनि प्रयोग नभएको अवस्थाले प्रस्तुत वारदातलाई कर्तव्यको वारदात भन्न मिल्दैन, प्रस्तुत मुद्दामा चस्मदित गवाहको अभाव छ, मेरो पक्षले मृतकलाई मार्न कुनै षड्यन्त्र नगरेकोले अभियोग दाबी बमोजिम कसुरदार हुन भन्न मिल्दैन, त्यसैले सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र फौजदारी न्यायको शंकाको सुविधा अभियुक्तले पाउनुपर्छ भन्ने मान्य सिद्धान्तको आधारमा समेत मेरो पक्षलाई आरोपित कसुरबाट सफाइ वा भवितव्य वा अ.वं. १८८ नं बमोजिम न्यूनतम सजायबाट उन्मुक्ति पाउनुपर्छ भनी गर्नुभएको बहससमेत सुनी निम्नलिखित प्रश्नमा निर्णय दिनुपर्ने देखियो ।

**१.मृतक ठूली दनुवारको मृत्यु कर्तव्यबाट भएको हो होइन ?**
**२.प्रतिवादीले मृतकलाई कर्तव्य गरी अभियोग माग दाबी बमोजिमको कसुर गरेका हुन् होइनन् ?**
**३.प्रतिवादीलाई सजाय हुनुपर्ने हो होइन ? हो भने के कति सजाय हुनुपर्ने हो ?**

वादी र प्रतिवादी पक्षका कानुन व्यवसायीहरूले गर्नुभएको बहससमेत सुनी एवं मिसिल कागजसमेत अध्ययन गरी सर्वप्रथम **पहिलो प्रश्न**माथि विचार गर्दा मिति २०६६।५।११ गतेको दिन बेलुका ५:३० बजेको समयमा प्रतिवादीले मृतक ठूली दनुवारलाई कुटपिट गरी मृतकको मृत्यु भएकोले प्रतिवादीलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं बमोजिम सजाय गरिपाऊँ भन्नेसमेतको अभियोग मागदाबी देखियो । जाहेरवालाको जाहेरीबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने उल्लेख भएकोमा घटनास्थल प्रकृति मुचुल्काबाट कोठाको पूर्व कुनामा काठको ल.अ. १८" चौडाइ ७" को पिर्कामा रगत लागेको, सिरानीको खोलमा रगतजस्तो पदार्थ देखिएको भन्नेसमेतको विवरण उल्लेख भएको र लास प्रकृति मुचुल्कामा मृतकको गलाको भागमा ४" लम्बाइ घाउ रही रातो मासु देखिएको, माइली औंलाको भागमा दधारिएको चोट रहेको, आँखाभन्दा माथि डिलमा दधारिएको चोट रहेको भन्नेसमेतको विवरण उल्लेख भएको पाइन्छ । लास पोस्टमार्टम गर्ने डा.ले मृतकको मृत्युको कारण "**Head injury + Hepatic disease**" भन्ने उल्लेख गरेकोमा पाटन अस्पतालबाट मृत्युको कारणबाट खुलाइएको अर्को पत्रमा "मृतकको मृत्युको कारण टाउकाको चोटले हो साथै कलेजोमा पनि रोग थियो" भन्ने उल्लेख भएको देखिएको र पोस्टमार्टम गर्ने डा. ले अदालतमा आई गरेको बकपत्रको स.ज.६ मा कलेजो खराबी पनि थियो मृत्युको कारण टाउकोमा **Blant force Injury** हो भन्ने र बकपत्रको स.ज.८ र ९ मा मृतकको अनुहार तथा गालामा पनि चोट

थियो भन्नेसमेत उल्लेख भएको देखिन आउँछ । उक्त स्थितिले मृतक कलेजोको पुरानो रोगी भए तापनि मृतकको मृत्यु **Head Injury** को कारणले भएको भन्ने पोस्टमार्टम गर्ने डा.को बकपत्रमा समेत खुल्न आएकोले उक्त बकपत्रलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिनुपर्ने देखिँदा र कर्तव्यको वारदात भएको तथ्यलाई जाहेरवालाको जाहेरी अदालतको बकपत्र, लास प्रकृति मुचुल्का, पोस्टमार्टम रिपोर्ट प्रतिवादीको मौका र अदालतको बयानबाट समेत स्पष्ट देखिन आएकोले मृतकको मृत्यु कर्तव्यबाट भएको देखिन आयो ।

अब : प्रतिवादीले अभियोग माग दाबी बमोजिमको कसुर गरेका हुन् होइनन् भनी **दोस्रो प्रश्न**तर्फ विचार गर्दा प्रतिवादीले प्रारम्भमा आफ्नो पत्नी ठूली दनुवार पसलबाट घर आउँदा घरनिरकै ढुङ्गाको सिँढीमा लडी बायाँ आँखामा चोट लागेको र उपचारको क्रममा मृत्यु भएको भन्नेसमेतको जाहेरी दिएकोमा मनोज दनुवारको पछिल्लो जाहेरीबाट आफ्नो बैनी मृतक ठूली दनुवारलाई प्रतिवादी ज्वाइँले मादक पदार्थ सेवन गरी कुटपिट गर्ने गरेको र वारदातको दिनमा पनि पटकपटक कुटपिट लछारपछार गरी मृतक बैनीको भोलिपल्ट मृत्यु भएको भन्नेसमेतको व्यहोरा उल्लेख भएको देखिन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा मृतकलाई कुटपिट गरेकोमा इन्कार भई बयान गरे तापनि वारदातको दिनमा कामबाट घर फर्किंदा पत्नीले बच्चालाई बेवास्ता गरी रक्सी खाएर सुतेकोले मैले सम्झाएकोमा आपसमा लछारपछार हुँदा मृतक भुइँमा लडी पिर्कामा ठोक्किएर सामान्य चोटपटक लागेको हो भन्ने कुरालाई स्वीकार गरेको पाइन्छ । यस्तै अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदातको दिन मृतकसँग झगडा भई चुल्ठोमा समाती लछारपछार पारी भुइँमा लडाएँ, निज लडेपछि पुनः उठाएर भित्तामा काठको पिर्कामा ठोक्काएँ भन्नेसमेतको बयान गरेको देखिन आउँछ । प्रतिवादीले दिएको पहिलो जाहेरीमा मृतक पसलबाट घर आउँदा ढुङ्गाको सिँढीमा लडी चोट लागी मृत्यु भएको हो भन्ने अदालतमा बयान गर्दा निज लछारपछार हुँदा पिर्कामा ठोक्किएर चोट लागेको हो भन्ने र मौकामा बयान गर्दा पिर्कामा ठोक्काएँ भनी पृथक्-पृथक् बयान गरेको स्थितिले मृतकको मृत्यु प्रतिवादीकै कर्तव्यले Head Injury भई मृतकको मृत्यु भएको तथ्य पुष्टि हुन आएको पाइन्छ । प्रतिवादीले मृतकलाई लछारपछार गरी कुटपिट गरेको र पिर्कामा ठोक्काई मृतकको मुत्यु भएको भनी मौकामा गरेको बयान मिसिल संलग्न अन्य मिसिल प्रमाणबाट अन्यथा हो भन्ने देखिन नआएकोले त्यस्तो बयानलाई प्रमाण ऐन २०३१ को दफा ९ बमोजिम प्रतिवादीको विरुद्धमा प्रमाणमा लिन मिल्ने नै देखिन आयो । जाहेरवाला मनोज दनुवारले दिएको जाहेरी र अदालतको बकपत्रमा मृतक र प्रतिवादीबीच पहिलेदेखि नै झगडा हुने गरेको र वारदातको दिन पनि बहिनीको हत्या गरेपछि छिमेकीलाई खबर नगरी भोलिपल्ट लडेर मरेको भनी लास बुझ्न भनेका हुन् भनी उल्लेख गरेको र पछि कुटपिट गरी मारेको भनेकोले पक्राउ गर्न लगाएका हौं भनी उल्लेख गरेको पाइन्छ । यस्तै मौकामा बुझिएकी बुद्धलक्ष्मी दनुवारले मौकामा कागज गर्दा र अदालतमा बकपत्र गर्दा प्रतिवादीले मृतकलाई पिर्काले पिटेर मारेका हुन् भनी उल्लेख गरेको स्थितिले उक्त बकपत्रलाई प्रमाण ऐन २०३१ को दफा १८ ले प्रमाणमा लिन मिल्ने र घटनास्थलमा बरामद पिर्कामा लागेको रगत र तकियाको खोलमा लागेको रगत परीक्षण गर्दा ती वस्तुमा लागेको रगत Human blood भन्ने देखिन आएकोले प्रतिवादीले अदालतको बयानमा उल्लेख गरेझैं आफैं ठोकिएर मृतकको Head Injury भई मृत्यु भएको हो भन्ने भनाइ विश्वसनीय देखिन आएन ।

प्रतिवादी पक्षका कानुन व्यवसायीले प्रस्तुत वारदात कर्तव्यको नभई भवितव्यको वारदात हुँदा मेरो पक्षले अभियोग मागदाबीबाट सफाइ पाउनुपर्छ भनी जिकिर लिनुभएको छ, सोतर्फ विचार गर्दा मुलुकी ऐन ज्यान सम्बन्धी महलको ५ नं. ले "ज्यान लिने इविलाग वा मनसाय नभई कसैको आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने व्यवस्था भएको पाइन्छ । यस किसिमको व्यवस्था आकर्षित हुन कुनै क्रियाबाट मानिस मर्ला भन्ने जस्तो नदेखिएको हुनु आवश्यक

छ । भवितव्यमा व्यक्तिले गरेको क्रियाबाट परिणाम चाहेजस्तो हुनु हुँदैन । तर प्रस्तुत वारदातमा मृतक प्रतिवादीबीच पहिलेदेखि नै झैझगडा भएको र वारदातको दिनमा पनि मृतक र प्रतिवादीबीच झैझगडा, लछारपछार, कुटपिट भई मृतकको मृत्यु भएको, वारदात भएको कुरा छिमेकीलाई समेत नभनी रातभर गुपचुप राखेको, आफू अपराधबाट बच्न प्रतिवादीले ढुङ्गाको सिँढीबाट लडी मरेको भनी जाहेरी दिएको समेत देखिँदा र सम्मानित सर्वोच्च अदालतले मदनलाल श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार वि. हरिश्चन्द्र कर्माचार्य भएको कर्तव्य ज्यान मुद्दामा “आफ्नो श्रीमतीलाई सलले घाँटीमा कसी भुइँमा लडाएकोमा श्रीमतीको उपचार गर्न नलगी सो कुरा कसैलाई नबताई ढोका बन्द गरी बाहिर निस्किएको र एक घण्टापछि आएको कार्यबाट मार्न चाहेको स्पष्ट हुने हुँदा त्यस्तो कार्य भवितव्य नहुने” (ने.का.प २०६३ अंक १० नि.नं ७७८० पृ. १३७४) भनी सिद्धान्त प्रतिपादन भएको देखिएकोले प्रस्तुत वारदातलाई भवितव्यको वारदात कायम हुनुपर्छ भन्ने तर्कसँग सहमत हुन सकिएन । तसर्थ माथि विवेचना भए बमोजिमको जाहेरी दरखास्त, घटनास्थल तथा लास प्रकृति मुचुल्का, पोस्टमार्टम रिपोर्ट, डा.को बकपत्र, प्रतिवादीको अदालत र मौकाको बयान, परीक्षण रिपोर्ट, मौकामा बुझिएका मानिसहरूको मौकाको कागज एवं अदालतको बकपत्रसमेतको मिसिल संलग्न कागजातको आधारमा प्रतिवादीले मृतकलाई लछारपछार गरेको, मृतकलाई निरन्तर रूपमा कुटपिट गर्दा शरीरका विभिन्न भागमा घाउ चोट देखिएको, पिर्काले टाउकोमा प्रहार गरेको कारणले Head Injury भई मृतकको मृत्यु भएको, वारदात र तथ्यलाई लुकाउन झुठा जाहेरी गरेको र वारदात भएपछि पनि रातभर छिमेकीलाई खबर नगरी मृतकको उपचारमा समेत बेवास्ता गरेको कारणले मृतकको मृत्यु भएको देखिएकोले प्रतिवादी भाईराजा राई दनुवारलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर्छ ।

अब : प्रतिवादी पक्षका कानुन व्यवसायीले प्रस्तुत वारदात भवितव्यको प्रकृतिको भई अ.वं. १८८ नं बमोजिम प्रयोग गरी प्रतिवादीलाई न्यूनतम सजाय हुनुपर्छ भनी वैकल्पिक जिकिर लिनुभएतर्फ विचार गर्दा यस किसिमको वारदात, अवस्था र पृष्ठभूमिका अभियुक्तलाई उक्त ऐनको व्यवस्था प्रयोग गरी सजाय घटाउन उपयुक्त हो होइन भन्नेतर्फ पनि विचार गर्दा मुलुकी ऐन अ.वं. १८८ नं. ले “इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शंकाले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐन बमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा आफ्नो चित्तले देखेको कारणसहितको खुलासा राय जाहेर गर्न हुन्छ” भन्नेसमेतको व्यवस्था भएको पाइन्छ । तर यो मुद्दाको प्रकृति हेर्दा पति र पत्नीबीचको झगडाबाट उत्पन्न परिस्थितिमा घटना घटेको भए तापनि मृतकलाई प्रतिवादीले चुल्ठो समाती लछारपछार पार्ने, कुटपिट गर्ने, पिर्काले टाउकोमा प्रहार गर्नेजस्ता कार्य निरन्तर (Continue) रूपमा भए गरेको देखिन्छ । मृतकलाई निरन्तर कुटपिट गर्दा र टाउको जस्तो संवेदनशील अंगमा प्रहार गर्दा मानिसको मृत्यु हुन सक्छ भन्ने सम्भाव्यतालाई प्रतिवादीले बुझेकै मान्नुपर्ने हुन आउँछ । वारदातको दिन बेलुकी ५:३० बजे घटना भएपछि मृतक सोही कारणले नै थला परी भोलिपल्ट मृत्यु भएको देखिन्छ । प्रतिवादीले घटनापछि भोलिपल्ट बिहानसम्म उक्त घटनाको बारेमा छिमेकीलाई खबर गरेको र मृतकको चोट, पीडाप्रति सकारात्मक भाव राखेकोसम्म पाइँदैन । मृतकलाई भोलिपल्ट बिहान शिथिल अवस्थामा देखेपछि मात्र स्वास्थ्य चौकीमा पुऱ्याएको र त्यहाँ उपचार हुन नसक्ने भनेपछि पाटन अस्पतालमा ल्याउँदाको अवस्थामा मृतकको मृत्यु भएको देखिन आएको छ । प्रतिवादीले आफ्नो आपराधिक कार्य लुकाउन मृतक पत्नी पसलबाट घर आउँदा घरनिरकै ढुङ्गाको सिँढीमा लडी उपचार गराउँदा मृत्यु भएको भन्ने अनुसन्धान अधिकारीलाई जाहेरी दिएको र सोही व्यहोरा माइती पक्षका जाहेरवालालाई भनेको जाहेरवालाको बकपत्रबाट पनि देखिन आउँछ । तसर्थ “आपराधिक क्रियालाई छली हिँड्ने आपराधिक प्रकृतिका

प्रतिवादीका हकमा अ.वं. १८८ नं.को सुविधा प्रदान गर्नं न्यायोचित नहुने" भनी सम्मानित सर्वोच्च अदालतले चन्द्रबहादुर मल्लविरुद्ध तीर्थप्रताप सेनको जाहेरीले नेपाल सरकार वादी भएको कर्तव्य ज्यान मुद्दामा सिद्धान्त प्रतिपादन गरेको (ने.का.प.२०६० अंक ३,४ नि.नं.७१९४ पृ.२२९) देखिएकोले माथि उल्लेखित र विवेचित आधारबाट प्रस्तुत मुद्दामा अपराधको प्रकृति र प्रतिवादीको आपराधिक मनोवृत्तिको कारणले अ.वं. १८८ नं. बमोजिम ऐनले तोकेको सजाय घटाउन उपयुक्त नदेखिएको र सजाय घटाउन पनि मेरो चित्तमा पनि उचित नलागेको हुँदा प्रतिवादीलाई अभियोग माग दाबी बमोजिम सजाय हुने ठहरेकोले पुनरावेदन अदालत पाटनमा साधक सदरको लागि जाहेर गर्ने ठहर्छ। सो ठहरेकोले तपसिल बमोजिमका कलममा तपसिल बमोजिम हुने गरी मुलुकी ऐन अ.वं. १८६ नं. बमोजिम फैसला गरिदिएँ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी भाईराजा राई दनुवारलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहरेकोले निज प्रतिवादी मिति २०६६।५।१४ गते देखि प्रहरी हिरासतमा रहेकोले निजलाई लागेको सर्वश्वसहित जन्मकैद सोही मितिबाट कट्टा हुने गरी असुल गर्नु भनी लगत दिनू .......१

प्रस्तुत मुद्दामा पुनरावेदन परेमा पुनरावेदनको रोहबाट र पुनरावेदन नपरे साधक जाहेरको लागि पुनरावेदन अदालत पाटनमा मिसिल पठाइदिनू ........................................................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी कुमार भन्ने भाईराजा राई दनुवारलाई पुनरावेदनको म्याद दिनू ..................................................................३

फैसलाको प्रतिलिपिसहितको जानकारी श्री जि.स.व.का.ललितपुरलाई दिनू ....................................................४

सरोकारवालाले फैसलाको नक्कल माग गरे कानुन बमोजिम लाग्ने दस्तुर लिई दिनू.....................................५

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू .......................................................................६

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी
कम्प्युटर गर्ने टा.ना.सु. रूपा महर्जन
फाँटवालाः- ना.सु. शेरबहादुर ढुङ्गेल

.......................
लेखनाथ ढकाल
जिल्ला न्यायाधीश

इति संवत् २०६७ साल पौष १२ गते रोज २ शुभम्........................................................।

**श्री रोल्पा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री राजुकुमार खतिवडा**
**फैसला**
**संवत् २०६५ सालको दा.नं. ७०- ०६५- ०००० २०७**
**निर्णय नं. - २३**
***मुद्दा - कर्तव्य ज्यान***

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| जिल्ला रोल्पा लिवाङ गा.वि.स. वडा नं. ४ बस्ने सुप्रा परियारको जाहेरीले नेपाल सरकार.................................१ | जिल्ला रोल्पा लिवाङ गा.वि.स.वडा नं. ४ बस्ने रिसा परियार....................................................................१ |
| | ऐ.ऐ. बस्ने जोखबहादुर वि.क.......................................१ |

| **साक्षी** | **साक्षी** |
| --- | --- |
| जाहेरवाला सुप्रा परियार.................................१ | सुकमती परियार....................................................१ |
| नौमाली परियार.........................................१ | पदम श्रेष्ठ...........................................................१ |
| विर्षा परियार भन्ने विर्षा वि.क........................१ | भक्तबहादुर श्रेष्ठ..................................................१ |
| सेतु घर्ती ................................................१ | चन्द्री सुनार.........................................................१ |
| सुनमाया परियार.......................................१ | |

| **कागज** | **कागज** |
| --- | --- |
| अभियोगपत्रमा उल्लेखित कागजातहरू | **X** |

**अदालतबाट बुझेको**
**साक्षी**

सुप्रा परियार................१
सुनमाया परियार...........१
सुकमती परियार............१
भक्तबहादुर श्रेष्ठ............१
विर्षा वि.क...................१

**कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.वं. २९ नं. बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

मेरो छिमेकी रिसा परियारले मिति २०६५।१०।१ गते बच्चा जन्माएको जस्तो किसिमको निजको शारीरिक अवस्था र निज बिरामी भएकी छु भनी बहाना बनाएकोले शंका मानी मिति २०६५।१०।१ गते बिहान मसमेतका गाउँका महिलाले निज रिसा परियारलाई जिल्ला अस्पताल रेउघामा पठाउँदा निजले नभनेकी र मसमेत गाउँका महिलाले तिम्रो पति मैते परियार पहिलादेखि नै भारततर्फ गई घर फर्की आएका छैनन् । तिमीले को कसको गर्भ बोकी बच्चा जन्माएकी छौ भन, केही हुन्न भनी निजलाई गहिरिएर सोधपुछ गर्दा मेरो माहिलो भिनाजु जोखबहादुर वि.क.सँग २०६४ साल चैत महिनामा अवैध रूपमा शारीरिक यौनसम्पर्क हुन गई निजको वीर्यबाट मेरो पेटमा गर्भ रहेको, २०६५।१०।१ गते बिहान ६:०० बजे बच्चा जन्माउने व्यथा लागी बाख्रा गोठमा स्त्री जातको शिशुको जन्म दिई भिनाजु जोखबहादुर वि.क लाई बोलाउन पठाई दुवै जना मिली मार्ने मनसाय गरी सालनालसहित बाख्रा गोठको पेटीमा कपडाले लपेटी राखेकी छु भनी बताएकी हुँदा उक्त नवजात शिशुको लास सुरक्षितसाथ गाउँका मानिसहरूलाई बोलाई कुरुवा राखी आएकी छु । कानुन बमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको सुप्रा परियारको जाहेरी दरखास्त ।

जिल्ला रोल्पा लिवाङ गा.वि.स. वडा नं. ४ स्थित पूर्व रिसा परियारको पाखोबारी, पश्चिम निज रिसा परियारकै पाखोबारी, उत्तरमा निज रिसा परियारको जग्गा दक्षिण रेउघा उपल्लो गाउँ जाने मूलबाटो यति ४ किल्लाभित्र पूर्व पश्चिम मोहडा भई पूर्वपश्चिम मूलढोका भएको १५ हात लम्बाइ ७ हात चौडाइ भएको ढुंगा-माटोको गारो भएको खरको छानो भएको भुइँतले कच्ची घर सो घरको पूर्वपट्टिको मूलढोका खोलीभित्र पसी हेर्दा घरको भित्र बीच भागमा २½ हात अग्लो दिवाल लगाएको पूर्वपट्टि मानिस बस्ने गरेको सो २½ फिट अग्लो दिवालको माथि दक्षिण टाउको उत्तर खुट्टा गरी खैरो पछ्यौराले र पुरानो कपडाहरूले बेरी छोपी राखेको अवस्थामा स्त्री जातक नवजात शिशुको लास रहेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६४ साल फागुन महिनाको गते दिन थाहा भएन, सो महिनामा मेरो माहिलो भिनाजु जोखबहादुर वि.क. सँग मेरो आफ्नै घरमा १ पटक रातको समयमा शारीरिक सम्पर्क भएको र पुनः मिति २०६५ सालको वैशाख महिनामा १ पटक शारीरिक यौनसम्पर्क गरी २ पटक निजसँग शारीरिक यौनसम्पर्क हुन जाँदा निजको वीर्यबाट मेरो पेटमा गर्भ रहन गएको कुरा पटकपटक निज भिनाजुलाई बताएकी हुँ । भिनाजुले जे पर्छ म तिमीलाई बेहोर्छु भनी बताएको र मिति २०६५।१०।१ गते बिहान ६ बजेको समयमा मलाई बच्चा जन्माउने व्यथा लागेको र पछि बच्चा जन्माइसकेपछि मेरो जेठी छोरी सुनमाया परियारलाई जोखबहादुर वि.क.लाई बोलाई ल्याऊ भनी पठाएकी हुँ । छोरीले जोखबहादुर वि.क.लाई बोलाई आएपश्चात् आउनासाथ निज जोखबहादुर वि.क.ले मैले जीवित जन्माएको स्त्री जातक नवजात शिशुको घाँटी च्याँपी मारिदिएको हो । हाल मेरो पति मिति २०६४ साल पौष महिनामा भारततर्फ जानुभएको हो, गएदेखि घर फर्की आउनुभएको छैन भन्ने व्यहोराको प्रतिवादी रिसा परियारले अधिकार प्राप्त अधिकारीसमक्षको बयान कागज ।

मिति यकिन थाहा भएन, २०६४ साल फागुनको अन्तिमतिर निज प्रतिवादी रिसा परियारले श्रीमान् घर हुनुहुन्न घर चुहिन थाल्यो, घर छाइदिनुहोस् भनी मसमेत अन्य गाउँलेहरूलाई भनेपछि सबै गाउँलेहरू मिली निजको घर छायौं, साँझ अन्य गाउँलेहरू सबै आ-आफ्नो घरतिर गए निज रिसा परियारले रक्सी ल्याई मलाई दिइन्, आफूले पनि खाइन् । दुवै जनाले मादक पदार्थ रक्सी खाइसकेपछि दुवै जनाको सहमतिबाट यौनसम्पर्क गरेको हुँ । त्यसपछि २०६५ आषाढ महिनाको सुरुतिर निजको गोठ छाउन गएको बेलामा पुनः दोस्रोपटक शारीरिक सम्पर्क भएको हो । मिति २०६५ साल माघ १ गते बिहान माघे संक्रान्तीको चाड भएकोले घरमा खिचडी पाकेको थियो, मलाई सन्चो नभएकोले खिचडी बाँड्न परिवार र बच्चाबच्ची गाउँमा गए, म उक्त दिन बिहानदेखि साँझसम्म आफ्नै घर बसेको

थिएँ, गाउँघर कहीं कतै पनि गएको थिइनँ । रिसा परियारकी छोरी सुनमाया परियार उक्त दिन मलाई बोलाउन आएको पनि होइन र म उक्त स्थानमा जाँदा पनि गइनँ । निज रिसा परियारले जन्माएको बच्चालाई मैले देख्दा पनि नदेखेको हुँदा मैले मार्ने कुरै आउँदैन, उक्त कुरा झुट्टा हो भन्ने जोखबहादुर वि.क.ले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

Hydrostatic Test गरी फोक्सोको टुक्रा पानीको घोलमा राख्दा सो टुक्रा पानीमा तैरियो । यसबाट जन्मेर श्वासप्रश्वास गरेपछि मात्र बच्चाको मृत्यु भएको प्रमाणित हुन्छ । भन्ने र Internal Test - All visura well formed and not ful smelling lung well expanded occupying the thoracic cavity and losely sumounding the heart. Cause of Death - Asphyxia due to strangulation. भन्ने उल्लेखित शव परीक्षण प्रतिवेदन ।

मिति २०६५।१०।१ गते माघे संक्रान्ती परेको कारण म मेरो घरमा थिएँ । सोही दिन रिसा परियार बिरामी भई गाउँको सुप्रा परियारसमेतका महिलाहरूले निजलाई उपचार गराउन रेउघा अस्पताल लगी उपचार गराउने क्रममा रिसा परियारले बच्चा जन्माएकी हो, थाहा भए अनुसार निजलाई घरमा ल्याई को कसको गर्भ बोकी बच्चा जन्माएकी हौ भन भनी भन्दा निजले भिनाजु जोखबहादुर वि.क. को गर्भ बोकी बच्चा जन्माएको र भिनाजु जोखबहादुर वि.क.ले मैले जन्माएको बच्चाको घाँटी च्यापी मारेको हो भनी बताएको हो । रिसाले श्रीमान् घरमा नभएको अवस्थामा पर पुरुषको गर्भधारण गरी मास पुऱ्याई बच्चा जन्माई मारेकी हुन् । निजसँग को-को संलग्न हुन मलाई थाहा छैन भन्नेसमेत मौकामा बुझिएका नौमाली परियार, रिसा वि.क, कमिनी घर्ती र सेतु घर्ती कामीसमेतको एकै मिलानको छुट्टाछुट्टै घटना विवरण कागज ।

मिति २०६५।१०।१ गते बिहानको समयमा म मेरो घरमा नै बसिरहेकी थिएँ । सोही बिहान मेरी आमा रिसा परियारले बच्चालाई जन्म दिनुभएको हो । बच्चा जिउँदो नै थियो । मेरो आमा रिसा परियारले बच्चा जन्माइसकेपछि त गएर माहिलो भिनाजु जोखबहादुर वि.क.लाई बोलाएर लिएर आउनु भन्नुभएकोले म माहिलो बुवाको घरमा गई माइलो बुवालाई बोलाएर लिएर आएको हुँ, मेरो आमा रिसा परियारले बच्चालाई जन्म दिँदा मैले देखेकी हुँ, मेरो माहिलो बुवा जोखबहादुर वि.क. हाम्रो घरमा आई आमा र माहिलो बुवाबीच खास कुरा भयो । त्यसपछि माहिलो बुवा जोखबहादुर वि.क.ले बच्चालाई कपडामा लपेटी बाख्रा गोठमा लगी राखेका हुन् । त्यसपछि माहिला बुवा जोखबहादुर वि.क. गाउँतिर लागेका हुन् भन्ने सुनमायाँ परियारले गरेको घटना विवरण कागज ।

प्रतिवादी जोखबहादुर वि.क.ले अधिकार प्राप्त अधिकारीसमक्ष झुट्टो बयान गरेका हुन् । मैले बच्चा जन्माएपछि छोरीलाई बोलाउन पठाउँदा उनी मेरा घरमा आई मैले जीवित जन्माएको बच्चालाई घाँटी च्यापेर मारिदिएका हुन् । मेरो पनि घर बिग्रने, तेरो पनि घर बिग्रने त्यही भएर बच्चा मारिदिन्छु भनेका थिए । मैले नमार भन्दाभन्दै तिमीहरूलाई पनि मारिदिन्छु भनी धम्की दिएकाले हामी डरायौं भनी मिति २०६५।१०।२० गते रिसा परियारले यस अदालतमा गरेको बयान । मैले हेर्दा बच्चा मृत अवस्थामा कपडाले बेरेको थियो । बच्चालाई कसले किन मार्नुपऱ्यो, त्यो मलाई थाहा भएन । जन्म दिनेलाई नै थाहा होला । रिसा परियारले बिरामी भएको जस्तो बहाना गरेकीले स्वास्थ्य चौकीमा जचाउन पठाइएको र निजको धेरै खुन बगेकोले कसको गर्भ हो भनी सोधपुछ गर्दा जोखबहादुर वि.क.को गर्भ बोकेकी थिएँ भनेर रिसा परियारले भनेकी हो भन्ने जाहेरवाली सुप्रा परियारले अदालतमा गरेको बकपत्र ।

प्रतिवादी रिसा परियारसँग यौनसम्पर्क राखेको कुरा ठीक हो तर मैले जन्मेको बच्चालाई मारी फालेको भन्ने कुरा बेठीक हो । मैले बच्चा मारिनँ, प्रतिवादी रिसा परियारको घरमा जाँदै गइनँ, मैले बच्चा पनि देखेको छैन ।

रिसा परियारले मलाई फसाउन त्यस्तो बयान दिएकी हुन्, उनको बयान झुट्टा हो । मबाट बच्चा मार्ने काम भएको छैन भन्नेसमेत व्यहोराको मिति २०६६।१०।२१ गतेको प्र.जोखबहादुर वि.क.को यस अदालतको बयान ।

मिति २०६५।१०।१ बिहान आमालाई व्यथा लाग्यो र बच्चा जन्मिसकेपछि आमाले माहिलो बुवालाई बोलाउन जा भनेपछि म बोलाउन गएँ र माहिलो बुवा र म मेरो घरमा आयौं । आमासँग माहिलो बुवाको के कुरा भयो मलाई थाहा भएन त्यसपछि माहिलो बुवाले बच्चाको घाँटी च्यापी मारेर कपडाले लपेटी बाख्राको गोठमा लगेर राखेका हुन् भन्ने सुनमाया परियारको यस अदालतमा भएको बकपत्र ।

मिति २०६५।१०।१ गते माघे संक्रान्तीका दिन म रिसाको घरमा जाँदा रिसा घरमा थिइन् । छोरीलाई खिचडी दिएर म घर फर्के, रिसा बिरामी भएर पछि सुप्रा, नौमालीसमेतले अस्पताल लगेर गएका थिए, साँझ घरमा केरकार गर्दा भिनाजु जोखबहादुर वि.क.ले बच्चालाई मारेका हुन् भनी रिसा आफैंले भनेकी हुँदा थाहा पाएकी हुँ भन्ने प्रतिवादी रिसा परियारकी साक्षी सुकमती परियारले गरेको बकपत्र ।

प्रतिवादी जोखबहादुर र रिसा परियारको सम्बन्ध मलाई थाहा छैन । मिति २०६५।१०।१ गते जोखबहादुरलाई घरमा देखेकी हुँ । प्रतिवादी जोखबहादुरले बच्चा मारेको होइनन् । मेरो घर र जोखबहादुरको घर आमुन्ने सामुन्ने छ । रिसाकी दिदीकी छोरी सुरुमा रिसाको घरमा बस्थिन्, त्यसपछि जोखबहादुरको घरमा बसेको हुँदा त्यसै रिसइवीले लेखेकी हुन् भन्ने जोखबहादुर वि.क.का साक्षी भक्तबहादुर श्रेष्ठले गरेको बकपत्र ।

पहिले पहिले साली भिनाजु ठट्टा मस्करी गर्छन् भन्ने गाउँमा सुनेको हुँ । माघे संक्रान्तीका दिन बिरामी भई घरमा सुतेका थिए, घटनास्थलमा गई बच्चा मारी अपराध गरेको होइनन् । मेरो घर र जोखबहादुरको घर १० मिनेट टाढा पर्छ । म गाउँतिर जाँदा घरमा सुतेको देखेकी हुँ भन्ने जोखबहादुर वि.क.की साक्षी चन्द्री सुनारले गरेको बकपत्र ।

माघे संक्रान्तीका दिन मेरो घरमा २ वटी नन्दहरू आएका थिए । मेरो लोग्ने घरबाट कतै निस्केको होइन । अरू दिन त काठको काम गर्ने हुँदा गाउँमा जान्थे, माघे संक्रान्तीका दिन भने उनले घर छाडेका होइनन् । रिसा परियारको कुरा झुट्टा हो । खै साली भिनाजु के गरे मलाई थाहा भएन । गाउँलेले ल है तेरो बहिनीले त तेरो लोग्नेलाई बोलाउँछे रे भन्थे तर मेरो लोग्ने रिसाको घरमा जाने बस्ने गरेका होइनन् भन्ने घटना विवरण कागज गर्ने बिर्षा वि.क. को बकपत्र ।

**अदालतको ठहर**

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री वासुदेव शर्माले प्रतिवादी रिसा परियारले प्रतिवादी जोखबहादुर वि.क. को अवैध गर्भबाट छोरी जातको शिशुको जन्म दिई दुवै जनाको सल्लाहमा प्रतिवादी जोखबहादुरले शिशुको घाँटी थिची मारेको देखिन्छ । शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज गर्ने व्यक्तिहरूको भनाइ प्रत्यक्षदर्शी सुनमाया परियारको बकपत्र लगायतका प्रमाणबाट पनि सो तथ्य पुष्टि भएको हुँदा प्रतिवादीहरू जोखबहादुर वि.क. र रिसा परियारलाई ज्यान सम्बन्धीको १३(३) नं. अनुसार सजाय हुनुपर्दछ भनी आफ्नो बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादी जोखबहादुर वि.क.को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री जितविक्रम मल्लले जाहेरी दरखास्तमा मेरो पक्ष प्रतिवादी जोखबहादुर वि.क.को नाम उल्लेख नभएको केवल सहअभियुक्त रिसा परियारको पोलको आधारमा मात्र जोखबहादुरलाई आरोप लागाएको, प्रत्यक्षदर्शी भनिएकी सुनमाया परियारको मौकाको कागज

र अदालतको बकपत्रको व्यहोरासमेत विरोधाभासपूर्ण रहेको एवं मेरो पक्ष जोखबहादुर वारदात भएको दिन वारदातस्थलमा नभई आफ्नै घरमा भएको र कसुरमा इन्कार रही बकपत्र गरेकोबाट समेत प्रतिवादी जोखबहादुर वि.क वारदातमा संलग्न नभएको पुष्टि हुन्छ । त्यसैगरी शव परीक्षण प्रतिवेदनबाट पनि घाँटी थिचेर नै शिशुको हत्या भएको भन्ने स्पष्ट उल्लेख भएको नहुँदा र मेरो पक्ष उपर वादी पक्षबाट लगाइएको आरोप पुष्टि हुने आधार नभएको हुँदा प्रतिवादी जोखबहादुर वि.क.ले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी आफ्नो बहस प्रस्तुत गर्नुभयो । प्रतिवादी रिसा परियारको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रेमप्रकाश हमालले प्रतिवादी जोखबहादुर वि.क.को संसर्गबाट प्रतिवादी रिसा परियारले छोरी जातक शिशुको जन्म दिएको र निजकै भिनाजु जोखबहादुरले घाँटी थिची बच्चाको हत्या गरेको तथ्य प्रत्यक्षदर्शी सुनमाया परियारको भनाइ, शवपरीक्षण प्रतिवेदनसमेतबाट पुष्टि भएको अवस्था छ । प्रतिवादी रिसा परियारले बच्चा नमार म दूध खुवाउँछु भन्दाभन्दै आफूबाट खोसेर भिनाजु जोखबहादुरले लिई घाँटी थिचेर मारेको भन्ने प्रतिवादी रिसा परियारको बयान एवं प्रत्यक्षदर्शी सुनमाया परियारको सोही मिलानको भनाइबाट पनि प्रतिवादी रिसा परियारले शिशुको हत्या नगरेको पुष्टि भइरहेको हुँदा प्रतिवादी रिसा परियारले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी आफ्नो बहस जिकिर प्रस्तुत गर्नुभयो ।

मिसिल अध्ययन गरी विद्वान् जिल्ला न्यायाधिवक्ता एवं. विद्वान् कानुन व्यवसायीहरूको बहस जिकिरसमेत सुनी विचार गर्दा प्रस्तुत मुद्दामा देहाय बमोजिमको विषयमा निर्णय दिनुपर्ने देखियो ।

(क) बच्चा जन्मिएपछि कर्तव्यद्वारा मरेको हो होइन ?

(ख) अभियोग दाबी बमोजिमको कसुर यी प्रतिवादीहरूबाट भएको हो होइन ?

(ग) प्रतिवादीहरूलाई सजाय हुनुपर्ने हो होइन ?

अब, पहिलो प्रश्नतर्फ विचार गर्दा प्रतिवादी रिसा परियारले प्रतिवादी जोखबहादुर वि.क.को गर्भ बोकी मिति २०६५।१०।१ मा शिशुको जन्म दिई जोखबहादुर र रिसा परियारको संलग्नतामा नवजात शिशुलाई कर्तव्य गरी मारेको हुँदा प्रतिवादीहरू जोखबहादुर वि.क. र रिसा परियारलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसुरमा ऐ.को दफा १३(३) नं. अनुसार सजायको माग दाबी लिई अभियोगपत्र पेस भएको देखिन्छ । मिति २०६५।१०।१ गते मसमेतका गाउँका महिलाहरूले छिमेकी रिसा परियारले बच्चा जन्माएको जस्तो किसिमको निजको शारीरिक अवस्था देखिएको र निजले आफू बिरामी छु भनी बहाना बनाएकोले अस्पताल लैजान खोज्दा नमानेकी हुँदा तिम्रो श्रीमान् घरमा छैनन् के कसको गर्भ बोक्यौ भन, तिमीलाई केही हुँदैन भनेपछि निज रिसा परियारले मैले आफ्नै भिनाजु जोखबहादुर वि.क. सँग शारीरिक सम्पर्क गरेको, मिति २०६५।१०।१ मा स्त्री जातक शिशुको जन्म दिएको र भिनाजु जोखबहादुरलाई बोलाई दुवै जनाको सल्लाहमा बच्चा मारी सालनालसहित बाख्रा गोठमा कपडाले लपेटी राखेको छ भनी बताएकी हुँदा कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने सुप्रा परियारले दिएको जाहेरी दरखास्तमा उल्लेख भएको छ ।

घटनास्थल एवं. लास जाँच मुचुल्कामा नवजात शिशुको मुख खुल्ला रही जिब्रो बाहिर देखिएको, घाँटीमा नीलडाम देखिएको, ५० सेन्टिमिटरको डाँम रहेको भन्नेसमेत उल्लेख छ । जिल्ला अस्पताल रोल्पाबाट भएको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Asphyxia due to strangulation भनी लेखिएको र जन्मेर श्वासप्रश्वास गरेपछि मात्र बच्चाको मृत्यु भएको भन्नेसमेत उल्लेख भएको पाइन्छ । त्यसैगरी प्रतिवादी रिसा परियारले अधिकार प्राप्त अधिकारी एवं यस अदालतको बयानमा समेत जीवित शिशुको जन्म भई शिशु रोएको, आफूले दूध खुवाउन खोज्दा भिनाजु जोखबहादुरले शिशुलाई मारिदिएकोले दूध खुवाउनसमेत पाइनँ भनी उल्लेख गरेकी छन् । वारदातको प्रत्यक्षदर्शी रहेकी प्रतिवादी रिसा परियारकी छोरी वर्ष १० की सुनमाया परियारले समेत मौकाको कागजमा एवं. यस

अदालतमा उपस्थित भई बयान गर्दासमेत २०६५।१०।१ मा आमाले घरमा बच्चा जन्माउनुभएको हो, आमाले भने बमोजिम माहिलो बुवालाई बोलाउन गएँ र माहिलो बुवा आई बच्चाको घाँटी चेपेटी मारेरे कपडाले लपेटी बाख्राको गोठमा लगेर राख्नुभएको हो भनी उल्लेख गरेकी छन् । प्रतिवादी जोखबहादुर वि.क.ले नवजात शिशुको घाँटी च्यापी मारेको भन्ने घटनाकी प्रत्यक्षदर्शी सुनमाया परियार र प्रतिवादी रिसा परियारको भनाइ, जन्मेर श्वासप्रश्वास गरेपछि मात्र बच्चाको मृत्यु भएको भन्ने र मृत्युको कारणमा Asphyxia due to strangulation भनी उल्लेखित शव परीक्षण प्रतिवेदन एवं मृतक शिशुको घाँटीमा नीलो डाम देखिएको भन्नेसमेत लास जाँच प्रकृति मुचुल्का व्यहोरासमेतबाट शिशुको घाँटीमा हातले कडासँग थिच्दा मृत्यु हुन गएको पुष्टि भएकोले जीवित जन्मिएको शिशुको कर्तव्यद्वारा मृत्यु भएको देखिन आयो ।

अब, अभियोग दाबी बमोजिमको कसुर प्रतिवादीहरूबाट भएको हो होइन भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा वारदात समयमा प्रतिवादी रिसा परियारको पति मैते नेपाली आफ्नो घरमा नभएको भन्ने कुरा जाहेरी दरखास्त एवं प्रतिवादी रिसा परियारको बयानबाट समेत खुल्न आउँछ । मिति २०६५।१०।१ का दिन प्रतिवादी रिसा परियारले नवजात शिशुको जन्म दिएको तथ्य स्पष्ट भएको र सोही दिन घाँटी थिची कर्तव्यद्वारा नवजात शिशुको मृत्यु हुन गएको अवस्था पुष्टि भएको छ । प्रतिवादी रिसा परियारले अधिकार प्राप्त अधिकारी एवं. अदालतसमक्षको बयानमा समेत आफ्नो पति घरमा नभएको, २०६४ सालको फागुन र २०६५ सालको वैशाख महिनामा आफ्नै भिनाजु जोखबहादुर वि.क. सँग आफ्नो शारीरिक सम्पर्क भएको, सो सम्पर्कबाट आफ्नो पेटमा गर्भ रहन गएको हुँदा भिनाजुलाई पटकपटक भन्दा जे पर्छ तिमीलाई म व्यहोर्छुँ भनेकोले गर्भपतन नगराएको, मिति २०६५।१०।१ का दिन बिहान बच्चा जन्माउने व्यथा लागि बच्चा जन्मिएको र आफ्नी जेठी छोरी सुनमाया परियारलाई भिनाजु जोखबहादुर वि.क. लाई बोलाउन पठाई निज आएपछि मैले जीवित जन्माएकी स्त्री जातक नवजात शिशुको घाँटी च्यापी मारिदिएका हुन्, मैले दूध खुवाउँछु, सालनाल काट्छु भन्दा पनि नदिई घाँटी च्यापी मारेका हुन् भनी उल्लेख गरेकी छन् । प्रतिवादी जोखबहादुर वि.क. नवजात शिशुको हत्या गरेको कुरामा इन्कार रहे तापनि प्रतिवादी रिसा परियारसँग पटकपटक यौनसम्पर्क राखेको कुरामा सावित रहेका छन् ।

घटनास्थलमा उपस्थित प्रतिवादी रिसा परियारबाहेककी प्रत्यक्षदर्शी निजकै १० वर्षीया छोरी सुनमाया परियारले आफ्नो आमा रिसा परियारले बच्चा जन्माई मलाई माहिला बुवालाई बोलाउन पठाउनुभयो र माहिला बुवा आउनासाथ बच्चा लिई कपडाले बेरेर गोठमा फालेका हुन् भनी किटानी गरी मौकामा कागज गरेकी छन् भने यस अदालतमा उपस्थित भएर निजकै आमा प्रतिवादी रिसा परियार र प्रतिवादी जोखबहादुर वि.क.को रोहवरमा गरेको बयानमा समेत प्रतिवादी जोखबहादुर वि.क.ले बच्चाको घाँटी च्यापी मारेर कपडाले लपेटी गोठमा फालेका हुन् भनी बच्चाको हत्या प्र. जोखबहादुर वि.क.बाट भएको तथ्य खुलाएकी छन् । यसप्रकार कानुन बमोजिम साक्षी हुन योग्य सुनमाया परियारको मौकामा भएको कागजलाई थप पुष्टि र समर्थन हुने गरी अदालतमा भएको बयानलाई प्रमाण योग्य मान्नुपर्ने देखिन्छ । आफ्नो कुरा प्रस्ट व्यक्त गर्न सक्ने घटनाकी प्रत्यक्षदर्शी १० वर्षीय नाबालिका सुनमाया परियारले यस अदालतमा उपस्थित भई घटना सम्बन्धमा सिलसिलेवार रूपमा व्यक्त गरेको प्रमाण ऐन बमोजिम जिरहसमेतबाट परीक्षण भएको एवं प्रतिवादी रिसा परियारको बयानबाट पनि समर्थित भइरहेको भनाइलाई नाबालिका भएकै आधारमा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने विद्वान् अधिवक्ताको बहस जिकिरसँग यो इजलास सहमत हुन सकेन ।

प्रतिवादी जोखबहादुर वि.क.ले वारदात भएको दिन म आफ्नै घरमा थिएँ, वारदात स्थलमा थिइनँ, त्यसकारण सो हत्यामा आफ्नो संलग्नता छैन भनी अन्यन्त्र थिएँ भन्ने जिकिर (Plea of Alibi) लिएको हुँदा त्यसतर्फ

पनि विवेचना गर्नु आवश्यक देखिएको छ । वास्तवमा घटना भएको अवस्थामा अभियुक्त अन्यत्रै रहे भएमा घटनामा आरोपित अभियुक्तको संलग्नता हुन सक्दैन भन्ने मान्यताको आधारमा अन्यत्रै थिए भनी जिकिर लिइने गरिन्छ । तर त्यस्तो जिकिर लिनु मात्र पर्याप्त हुँदैन । अन्यत्रै रहेको भनी जिकिर लिने पक्षले वारदात हुँदाका अवस्थामा अन्यत्रै रहेको स्वतन्त्र रूपमा प्रमाणित गर्न सक्नुपर्दछ । त्यसैगरी अभियुक्तले अपराध गरेको भन्ने आरोपको इन्कार वा खण्डन गर्न एवं आफू रहेको भनी जिकिर लिइएको स्थानबाट वारदातस्थलमा गई घटनामा संलग्न भई फर्कन सकिने सम्भावना नभएको वा फर्कन नसक्ने प्रवल सम्भावना भएको अवस्थामा यस प्रकारको जिकिरको प्रयोग हुन सक्ने देखिन्छ । आफू रहेको भनिएको स्थान र समयमा घटनास्थलमा पुगेर अपराध गरी फर्कन सकिने अवस्थाको विद्यमानतामा अन्यत्र रहेको भनी जिकिर लिँदैमा त्यस्तो जिकिर निर्दोषिताको आधार हुन सक्दैन ।

प्रस्तुत वारदातको सन्दर्भमा विचार गर्दा वारदात स्थल प्रतिवादी रिसा परियारको घर र प्रतिवादी जोखबहादुरको वि.क.को घर १५।२० मिनेटको हिँडाइमा पुग्न सकिने दूरीमा छ भन्ने तथ्य प्रतिवादी जोखबहादुर वि.क.को अधिकार प्राप्त अधिकारी एवं अदालतसमक्षको बयानबाट स्पष्ट भएको छ । यसरी १५।२० मिनेटमा पुग्न सकिने वारदातस्थलमा गई घटना घटाई आफ्नो घरमा फर्कन सक्ने स्थिति र अवस्थाको विद्यमानतातर्फ पनि ध्यान दिइनुपर्दछ । वारदात भएको दिन २०६५।१०।१ को बिहान प्रतिवादी रिसा परियारले नवजात शिशुको जन्म दिएपछि सो स्थानमा पुगेका प्रतिवादी जोखबहादुरले प्रतिवादी रिसा परियारको काखबाट बच्चा लिई घाँटी थिची तत्कालै बाख्रा गोठमा राखी फर्केको भन्ने प्रतिवादी रिसा परियार एवं अर्की प्रत्यक्षदर्शी सुनमाया परियारको भनाइबाट पनि नवजात शिशुको हत्या अत्यधिक छोटो समयमा भएको भन्ने देखिन आएको छ, यसबाट पनि प्रतिवादी जोखबहादुर वारदात स्थलमा केही क्षण मात्र रहे भएको हुँदा त्यसअघि र पछि आफ्नै घरमा हुनु स्वाभाविकै हुन्छ । घटनाको प्रकृति, निजको घर र वारदात स्थलको दूरी एवं घटना घटाउँदा लागेको समयसमेतको अवस्थालाई ध्यान दिँदा वारदात भएको दिन आफ्नै घरमा रहेको भन्ने प्रतिवादी जोखबहादुर वि.क.को भनाइ  निजको वारदातमा संलग्नता नरहेको भन्ने आधार हुन सक्ने देखिँदैन । त्यसैगरी प्रतिवादी जोखबहादुर वि.क. ले मिति २०६५।१०।१ को दिन आफूलाई सन्चो नभएकोले घरैमा थिएँ, कतै गइनँ, उक्त दिन माघे संक्रान्ती भएकोले परिवार केटाकेटी खिचडी बाँड्न गाउँमा गएँ । मेरो घरमा आफ्नै आमा आउनुभएको थियो भनी बयानमा उल्लेख गरेका छन् भने निजकै श्रीमती विर्षा वि.क.ले अधिकार प्राप्त अधिकारीसमक्ष कागज गर्दा उक्त दिन प्रतिवादी जोखबहादुर बिहान ७ बजेतिर खिचडी लिएर आमा बुवाको घरमा गई १ घण्टा जति पछि घरमा फर्केका र म आफ्नी नन्दहरूलाई खिचडी पुऱ्याउन गई दिनको १२ बजेतिर घरमा फर्कंदा जोखबहादुर घरमै थिए भनी उल्लेख गरेकी छन् । यसरी प्रतिवादी जोखबहादुरले सो दिन आफू घरबाट बाहिर ननिस्की घरैमा बसिरहेको भने तापनि निजकै श्रीमती विर्षा वि.क.को प्र.जोखबहादुर वि.क बिहान ७ बजेतिर बुवाआमाको घरमा खिचडी पुऱ्याउन गई १ घण्टापछि फर्केको भन्ने भनाइबाट पनि प्रतिवादी जोखबहादुर बिहानको समयमा घरबाट बाहिर निस्केको भन्ने देखिन आउँछ भने प्रस्तुत वारदात पनि बिहानको समयमै भएको देखिन्छ । यसरी प्रतिवादीको भनाइ र निजकै श्रीमती विर्षा वि.क.को भनाइ आपसमा विरोधाभासपूर्ण देखिएबाट पनि वारदातको दिन आफू घरैमा भएकोले अपराध गरेको होइन भन्ने प्रतिवादीको भनाइ खण्डित भइरहेको छ ।

प्रतिवादी जोखबहादुर वि.क.ले बच्चाको हत्या गरेको कुरामा इन्कार रही बयान गरे तापनि लोग्ने घरमा नभएको अवस्थामा प्रतिवादी रिसा परियारको घरमा गई पटकपटक निजसँग यौनसम्पर्क राखेको कुरा स्वीकार गरेको अवस्था छ । त्यस्तै बच्चालाई नमारौं भन्दा तेरो पनि घर बिग्रने, मेरो पनि घर बिग्रने, त्यसैले मार्नुपर्छ भन्दै हामीलाई समेत धाक धम्की दिएकाले हामी डरायौं भन्नेसमेत प्रतिवादी रिसा परियारको बयानमा उल्लेख भएको अवस्थासमेतलाई

विचार गर्दा प्रस्तुत वारदातमा प्रतिवादी जोखबहादुर वि.क.को प्रत्यक्ष संलग्नता रहेको तथ्य प्रमाणित भइरहेको अवस्थामा अन्य कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको निजको इन्कारी बयानलाई आधार मानी निजको कसुरमा संलग्नता थिएन भनी निष्कर्षमा पुग्नु न्यायोचित हुँदैन। उल्लेखित अनुसार घटनाको अवस्था, प्रतिवादी रिसा परियारको बयान, घटनाकी प्रत्यक्षदर्शी सुनमाया परियारको सिलसिलेवार भनाइ, लास जाँच मुचुल्कामा उल्लेखित नवजात शिशुको लासको अवस्था एवं शव परीक्षण प्रतिवेदनलगायत माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी जोखबहादुर वि.क.ले नवजात शिशुको घाँटी थिची हत्या गरेको पुष्टि भएको हुँदा निजले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादी जोखबहादुर वि.क. लाई सोही १३(३) नं. बमोजिम सर्वस्व सहित जन्मकैद हुने ठहर्छ।

अब, प्रतिवादी रिसा परियारको हकमा विचार गर्दा निजको अधिकार प्राप्त अधिकारी एवं अदालतको बयानसमेतबाट आफ्नो श्रीमान् घरमा नभएको अवस्थामा प्रतिवादी जोखबहादुर परियारसँगको यौनसम्पर्कबाट गर्भ रहन गएको र आफूले गर्भ रहेको कुरा बताउँदा जे पर्छ तिमीलाई म व्यहोर्छु भनेको हुँदा कानुन बमोजिम गर्भपतन नगराई बच्चालाई जन्म दिएको भन्ने देखिन आउँछ। त्यस्तै मिति २०६५।१०।१ गते बिहान बच्चा जन्माएपछि प्रतिवादी रिसा परियारले तत्कालै आफ्नी छोरी सुनमायामार्फत भिनाजु जोखबहादुर वि.क.लाई बोलाउन पठाएको र जोखबहादुर प्रतिवादी रिसा परियारको घरमा आउँदा जीवितै रहेको नवजात शिशु प्रतिवादी जोखबहादुरले प्रतिवादी रिसा परियारको काखबाट आफ्नो हात लिएको भन्ने तथ्य स्पष्ट भएको छ। त्यसैगरी प्रतिवादी जोखबहादुरले बच्चासमेत म व्यहोर्छु भनेको कारण कानुन बमोजिम गर्भपतन नगराएको भन्ने प्रतिवादी रिसा परियारको भनाइबाट समेत प्रतिवादी रिसा परियारको शिशु हत्या गर्ने पूर्व मनसाय रहेको भन्ने देखिन आउँदैन ।

घटनाकी प्रत्यक्षदर्शी सुनमाया परियारको भनाइबाट समेत प्रतिवादी जोखबहादुर घरमा आएपछि जोखबहादुर र रिसा परियारबीच कुरा भएको र रिसा परियारको काखबाट प्रतिवादी जोखबहादुरले बच्चा लिएको भन्ने भनाइ एवं बच्चा नमारौं, म दूध खुवाउँछु, नाल काट्छु भन्दाभन्दै प्रतिवादी जोखबहादुरले बच्चा खोसेर लिई घाटी थिची मारेको भन्ने प्रतिवादी रिसा परियारको भनाइ र घटनाको प्रकृतिबाट समेत प्रतिवादी रिसा परियारको नवजात शिशुको हत्या गर्ने पूर्व मनसाय नभए तापनि प्रतिवादी जोखबहादुर वि.क. घटनास्थलमा आई प्रतिवादी रिसा परियारसँग कुरा गरेपछि प्रतिवादी जोखबहादुर वि.क.बाट बच्चाको हत्या भएको भन्ने देखिन्छ। प्रत्यक्षदर्शी सुनमाया परियारको आमा र माहिला बुवा (प्रतिवादी जोखबहादुर वि.क) ले केही कुरा गरे त्यसपछि माहिला बुवाले बच्चाको घाँटी थिची मारेका हुन् भन्ने भनाइ एवं जोखबहादुर वि.क. बाट बच्चाको घाँटी थिची हत्या हुँदा प्र. रिसा परियारले रोक्ने प्रयास नगरी हेरिरहेको अवस्थासमेतबाट प्रतिवादी रिसा परियार ज्यान मार्नमा मत सल्लाहमा पसेको देखिँदा प्रतिवादी रिसा परियारले मुलुकी ऐन ज्यान सम्बन्धी १७(३) नं. बमोजिमको कसुर गरेको ठहर्छ। सो ठहर्नाले घटनाको प्रकृति एवं अवस्थासमेतलाई विचार गर्दा प्रतिवादी रिसा परियारलाई सोही १७(३)नं. बमोजिम ३(तीन) वर्ष कैद हुने ठहर्छ। प्र.रिसा परियारलाई ज्यान सम्बन्धीको १३(३) नं. विपरीतको कसुरमा सोही नं. बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग दाबी सो हदसम्म पुग्न नसक्ने ठहर्छ। अरू तपसिल बमोजिम हुने गरी प्रस्तुत मुद्दा अ.वं. १८६ नं. बमोजिम फैसला गरिदिएँ।

**तपसिल**

ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी जोखबहादुर वि.क लाई मुलुकी ऐन, ज्यान सम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद र प्रतिवादी रिसा परियारलाई ज्यान सम्बन्धीको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद हुने ठहरेकोले प्रतिवादी रिसा परियार मिति २०६५।१०।२ देखि र प्रतिवादी जोखबहादुर वि.क. मिति २०६५।१०।९

देखि अनुसन्धानको क्रममा हिरासतमा रही मुद्दा पुर्पक्षको लागि हालसम्म थुनामा रहेको देखिँदा सोही मितिबाट कैद कट्टा हुने गरी कैदको लगत ठेकी कैदी पुर्जी दिनू......................................................................................१

प्रतिवादी जोखबहादुर वि.क.- सर्वस्वसहित जन्म कैद

प्रतिवादी रिसा परियार - कैद वर्ष ३ (तीन)

प्रतिवादी जोखबहादुर वि.क.को अंश भाग जायजात तायदात मुचुल्का गरी अंश रोक्का गरी निस्सा मिसिल सामेल राख्नू ..................................................................................................................................२

प्रस्तुत इन्साफमा चित्त नबुझे सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, तुलसीपुरमा पुनरावेदन गर्नु भनी प्रतिवादी जोखबहादुर वि.क. र प्रतिवादी रिसा परियारलाई पुनरावेदनको म्याद दिनू......................................................................................................................३

प्रस्तुत इन्साफमा चित्त नबुझे सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, तुलसीपुरमा पुनरावेदन गर्नू भनी फैसलाको प्रतिलिपिसहित श्री जिल्ला सरकारी वकिल कार्यालय, रोल्पालाई जानकारी दिनू.......................................................................................................४

सरोकारवालाले नक्कल माग्न आए नियमानुसार नक्कल उपलब्ध गराइदिनू...................................................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे वा पुनरावेदनको म्याद व्यतीत भएपछि साधक जाँचको लागि प्रस्तुत मिसिल श्री पुनरावेदन अदालत, तुलसीपुरमा पठाइदिने गरी नियमानुसार अभिलेख शाखामा बुझाइदिनू .......................................................................................................................................६

माननीय न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी
फैसला तयार गर्ने
डिट्ठा दयानिधि रिजाल
कम्प्युटर टाइप गर्ने प्रजिता के.सी.

.......................
राजुकुमार खतिवडा
(जिल्ला न्यायाधीश)

इति संवत् ०६६ साल माघ १३ गते रोज ४ शुभम् .........................................................।

**श्री इलाम जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायधीश श्री उमेशराज पौडेल**

**फैसला**

**२०६४ सालको स.फौ. नं. ०१९-०६४-००३५८**

**निर्णय नं. ११७**

***मुद्दा :- कर्तव्य ज्यान ।***

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| जिल्ला पाँचथर फाकतेप गा. वि. स. वार्ड नं. १ बस्ने भेषराज चोम्जोङ्गको जाहेरीले नेपाल सरकार........................................................१ | जिल्ला इलाम न.पा. वार्ड न २ बस्ने दिपन भन्ने दिपेन श्रेष्ठ...............................................................१<br>जिल्ला इलाम आम्चोक गा.वि.स. वार्ड नं. ३ बस्ने बिनु अधिकारी................................................१ |
| ऐ. को साक्षीः- | ऐ.ऐ.को साक्षीः- |
| ऐ को प्रमाणः- | ऐ.ऐ.को प्रमाणः- |

**अदालतबाट बुझेको**

साक्षी : प्रमाण :

प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यसप्रकार छ :-

जिल्ला इलाम इ.न. पा. वार्ड नं.२ स्थित कविता श्रेष्ठ पक्की घरको दोस्रो तलाको पशिचमपट्टिको कोठामा भित्रबाट ढोकामा छिड्किनी लगाई बन्द अवस्थामा रही उक्त कोठाको पूर्वतर्फको झ्याल खुला रही सोही झ्यालमाथि भ्यान्टिलेसनको समाउने रहेको हेन्डिलमा रातो सल बाँधी घाँटीमा गाँठो बनाई उत्तरपट्टि टाउको ढल्काई दुवै खुट्टाको तिघ्राभन्दा मुनिको भागले भुइँमा जमिनमा तेर्सो परेको अवस्थामा मृतक उर्मिला सुब्बाको लास रहेको भन्नेसमेत व्यहोराको मिति ०६४।५।३ गतेको घटनास्थल/लास जाँच मुचुल्का ।

म जाहेरवालाकी बहिनी उर्मिला चेम्जोङ्ग मिति ०६४।४।२९ गते विपक्षीमध्ये बिनु अधिकारीको सहयोगमा विपक्षीमध्ये दिपेन भन्ने दिपन श्रेष्ठको घर इ. न. पा. गई. विपक्षी दिपनले उक्त मितिदेखि ०६४।५।३ गतेसम्म यौन शोषण गरी उक्त ३ गते बिहान बहिनी उर्मिलालाई के कसरी हत्या गरी निजकै घरकोठामा सलले झुन्ड्याइदिएछ । लासको अवस्था घुँडा टेकेको र सामान्य रूपमा सलले टङ्गिएको, झ्यालबाट मान्छे भित्र-बाहिर आउन जान सक्ने अवस्था रहेको, मृतकको चिउँडो र मुखमा नीलडाम रहेको हुँदा विपक्षी बिनु अधिकारीको सहयोगमा दिपेन भन्ने दिपन श्रेष्ठको कर्तव्यबाट नै बहिनीको मृत्यु भएकोले कानुन बमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको भेषराज चम्जोङ्गले मिति ०६४।५।४ गते जिल्ला प्रहरी कार्यालय इलाममा चढाएको जाहेरी दरखास्त ।

जाहेरवालाकी बहिनी उर्मिला चेम्जोङ्गको शंकास्पद मृत्यु भएको सम्बन्धमा म नागरिक समाजको प्रतिनिधित्व गरी अस्पताल पोस्टमर्टम गृहमा गई हेर्दा लासको मुठी खुल्ला, जिब्रोले दाँतलाई छोएको तर जिब्रो

नटोकेको, चिउँडोमा आठ आनी पैसा जत्रो घाउ देखिएको, देब्रेपट्टि कानको जरीसम्म चिउँडोको हड्डी भएर गएको लामो नीलडाम देखिएको, पासोको डाम गर्धनमा हुनुपर्नेमा रुद्रघण्टीमुनि डाम देखिएको हुँदा मृत्य आत्महत्या नभई कर्तव्य गरी मारी झुन्ड्याएको हो भन्ने विश्वास लाग्छ भन्ने समेत व्यहोराको भिरेनकुमार चेम्जोङ्गले मिति ०६४।५।५ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

उर्मिला चेम्जोङ्गको लास हेर्ने समितिमा मसमेत रही शवगृहमा गई हेर्दा मृतकको घाँटी वरिपरि १ इन्च गहिरो दबिएको नीलडाम रहेको, चिउँडोमा चोट रहेको, बायाँ साइडमा कसिएको जस्तो चोट रहेको, बायाँ हातको नारीको छाला पिल्सिएको, योनीमा प्याड लगाएको, प्याडमा रगत सामान्य जमेको अवस्थामा रहेको, मृतकले जिन्सको पाइन्ट र टिसर्ट लगाएको, घाँटीमा रातो पहेँलोको सल बाँधिएको, आँखा दुवै बन्द रहेको सलको अवस्था हेर्दा सलमा कुनै बल प्रयोग नगरी खुल्ला अवस्था रहेको, घाँटीमा बाँधिएको गाँठोबाट झुन्डिन प्रयोग गरेको झ्यालको हेन्डिलमा बाँधिएको गाँठो हल्का रूपमा खोलिएको अवस्थाबाट उर्मिला चेम्जोङ्गको मृत्य आत्महत्या नभई पूर्ण रूपमा कर्तव्य गरी मारेको अवस्थामा देखिएको साथै घटनाको बारेमा जानकारी पाई प्रतिवादीको बाबु घटनास्थल नआएको, प्रहरीमा तत्काल जानकारी नगराएको एकै घरमा बसेको, झुन्डिएको झ्याल खुल्ला रहेको समेतको आधार प्रमाणबाट प्रतिवादी दिपेन भन्ने दिपन श्रेष्ठले करणीसमेत गरी कर्तव्य गरी मारेकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको प्रकाश अधिकारीले मिति ०६४।५।५ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

मिति ०६४।५।३ गते द्वारिका श्रेष्ठको घरमा उर्मिला चेम्जोङ्गको मृत्यु भएको सुनी घटनास्थलमा आई हेर्दा मृतक रहेको कोठाको ढोका बन्द रही झ्याल खुल्ला रही झ्यालको हेन्डिलमा कुर्ताको सलले बाँधी झुन्डिएको, शरीरको घुँडादेखि माथिको भाग अं. ४ इन्च चाक पुट्ठाले छुन बाँकी रही खुट्टाले भुइँमा छोएको, एउटा हात भित्तामा राखेको बाकस पलङ्गको खोपीभित्र र एउटा हात अर्को खोपीमा अर्ध मुट्ठी अवस्थामा रहेको, मृतक लासको गाँठो दायाँ साइडमा गालामुनि रहेको अवस्थामा देखेको हुँदा र प्रतिवादी दिपेन भन्ने दिपन श्रेष्ठको विगतको क्रियाकलाप हेर्दासमेत निजले कर्तव्य गरी मारेको अवस्थामा देखिन्थ्यो भन्नेसमेत व्यहोराको कृष्ण श्रेष्ठले मिति ०६४।५।५ मा अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

उर्मिला चेम्जोङ्ग मरेको सुनी पोस्टमार्टम गृहमा लास हेर्दा जिब्रो नटोकेको, मुचुल्का विपरीत चिउँडोका आठ आना पैसा आकारको चोट भएको, गालामा नीलडाम भएको, अनुहार सुन्निएको नचिनिने अवस्थामा रहेको, सलले घाँटीको अगाडि रुद्रघण्टी कसिएर बाँधिएको, बायाँ हात नारीमा पिल्सिएको, सल झुन्डिएको जस्तो अवस्थामा नरहेको, शरीरको पेटको भागमा नीलडाम भएको जस्तो देखिएको, पेन्टीमा सामान्य रगत देखिएको समेतको आधार प्रमाण र पक्राउ प्रतिवादी दिपेन श्रेष्ठ फटाहा आचरणको व्यक्ति भएको हुँदा उर्मिला चेम्जोङ्गसमेतलाई विभिन्न प्रलोभनमा पारी कोठामा ल्याई जबरजस्ती करणी गरी कर्तव्य गरी मारी कोठामा झुन्डाएकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको उदीपकुमार चेम्जोङ्गले मिति ०६४।५।५ मा अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज

उर्मिला चेम्जोङ्ग मरेको सुनी मिति ०६४।५।३ गते लास हेर्दा चिउँडोमा गहिरो चोट भएको, जिन्सको पाइन्ट र टिसर्ट लगाएको, अनुहार निलो कालो अवस्थामा रहेको, सलको वरिपरि घाँटीमा नीलडाम बनाएको, दुवैपट्टि दाँतले जिब्रोलाई छोएको, बाँया हात जोड्नीमा छाला पिल्सिएका पेन्टी र प्याडमा रगत देखिएको समेतको आधार प्रमाण र पक्राउ प्रतिवादी दिपेन श्रेष्ठ विगतदेखि नै फटाहा आचरणको व्यक्ति भएको हुँदा उर्मिला चेम्जोङ्गसमेतलाई विभिन्न प्रलोभनमा पारी कोठामा ल्याई जबरजस्ती करणी गरी कर्तव्य गरी मारी कोठामा

झुन्डाएकोमा पूर्ण विश्वास लाग्छ । घटनास्थल मुचुल्का र लास प्रकृति मुचुल्कासमेत केही फरक रही सम्बन्धित अभिभावक बिना नै लास उठाउने कार्य भएको अवस्थाबाट कर्तव्यमा पूर्ण शंका छ भन्नेसमेत व्यहोराको ठाकुरसिंह थेगिम लिम्बूले मिति ०६४।५।५ मा अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

मिति ०६४।५।३ गते द्वारिका श्रेष्ठको घरमा उर्मिला चेम्जोङ्गको मृत्यु भएको सुनी घटनास्थलमा आई हेर्दा मृतक कोठाको झ्यालमा झुन्डिरहेको, आफैं झुन्डी मर्न सक्ने अवस्था नदेखिएको, जिन्स पाइन्ट र टिसर्ट लगाएको मृतक लासको चिउँडोमुनि चोट रहेको, लासको तिघ्रामुनिको भाग खुट्टाले भुइँ छोएको अवस्थामा देखेको, ढोका बन्द तर झ्याल खुल्ला अवस्थामा रहेको हुँदा र प्रतिवादी दिपेन भन्ने दिपन श्रेष्ठको उर्मिला चेम्जोङ्गसँग विगत ४।५ महिना अगाडिदेखि प्रेम सम्बन्ध रही उर्मिलालाई कपडा, पैसासमेत दिई ललाई फकाई यौन शोषणसमेत गर्दै आएको र मृतकले विवाहको प्रस्ताव राख्दा आलटाल गरी यौन शोषण गर्दै आएको कारणबाट निज प्रतिवादी दिपेन ०६४।५।२९ गते प्रतिवादी बिनु अधिकारीमार्फत बोलाई जाहेरीमा उल्लेखित मिति समयमा बिनु अधिकारीसमेत व्यहोराको ताराकुमार एक्तेनाले मिति ०६४।५।७ मा अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

The cause of Death will be ascertained after viscera report. भन्नेसमेत व्यहोराको मिति ०६४।४।३२ गते म इलाम अस्पताल इलाम च.नं. २७ को पत्रसाथ जिल्ला प्रहरी कार्यालय इलाममा शव परीक्षण प्रतिवेदन ।

मिति ०६३ पौषबाट दिपेन श्रेष्ठ र मृतक उर्मिला चेम्जोङ्गबीच प्रेम सम्बन्ध रहेको कुरा मैले थाहा पाएको हो । ०६४।४।३२ गते मसमेत उर्मिला चेम्जोङ्गसँग दिपेन श्रेष्ठको घरमा गई बसी ०६५।५।१ गते हामी क्याम्पस गई ऐ.२ गते पुनः प.दिपेनले बोलाई म र उर्मिला दिपेनको घरमा गई उर्मिलाले दिपेनसँग आज महत्वपूर्ण गफ गर्नु छ भनेकोले उनी दिपेनकै घरमा बसी मचाहिँ आफ्नो कोठामा आएँ । ३ गते बिहान दिपेनको घरमा फोन गरी उर्मिला कहाँ छ भनी मैले भन्दा ट्वाइलेटमा छ तिमी तुरुन्त आऊ भनेकोले म जाँदा उर्मिला झुण्डी मरेको छ भनेपछि दिपेन, सुदीप र म कोठामा गई हेदा ढोका लागेको र झ्याल खुल्ला रहेको उक्त झ्यालको भ्यान्टिलेसनको माथि हेण्डलमा सलको पासो बाँधी झुण्डी मृत अवस्थामा देखेको हुँ । घटनाबारेमा सोध्दा म फस्ने भएँ । यसरी भएको भन्नु भनी मलाई उर्मिलाले बोलाएर आएको, उर्मिलासँग गफ गरें । त्यसपछि सानो भाइ सुदीप तामाङ्ग, म ंर दिपेन सामान मिलाउन थाल्यौं । केही छिनपछि सुदीपलाई उर्मिला के गदैं छ भनी कोठा हेर्न लगाउँदा एउटा कोठाको ढोका बन्द छ भनी सुदीप तल झऱ्यो । त्यसपछि हामी तीनैजना तलामाथि जाँदा उर्मिलाले आत्महत्या गरिसकेकी रहिछन् भन्न भनी भन्न लगाएका थिए । मृतक र दिपेनबीच प्रेम सम्बन्ध रही विवाहको प्रस्ताव मृतकले राख्नु, सुदीप तामाङ्गलाई घटनाको बारेमा तथ्य ढाँटी भन्न सिकाउनु, फोन गर्दा ट्वाइलेटमा छ भन्नु, निज मृत आस्थामा पाइनु, घटनाको बारेमा साथीलाई फोन गरी जानकारी दिन नमान्नु जस्ता आधारमा मैले नदेखे पनि उर्मिला चेम्जोङ्गलाई दिपेन श्रेष्ठले नै कर्तव्य गरी मारेका हुन् । मैले कुनै सहयोग र सल्लाह दिई मार्ने कार्य गरेको होइन भन्नेसमेत व्यहोरा प्रतिवादी बिनु अधिकारीले मिति ०६४।५।७ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको बयान कागज ।

उर्मिला चेम्जोङ्ग मेरो घरकोठामा आउने रात बस्ने गरी हामीबीच एकअर्काले माया गर्ने किसिमको सम्बन्ध रही कपडा पैसासमेत दिई डेढ महिनादेखि यौन सम्पर्कसमेत हुने गरेको र १२।१५ पटक यौन सम्पर्क भएको थियो । जाहेरीमा उल्लेखित मिति २९ र ३० गते बिनु अधिकारी र उर्मिला चेम्जोङ्ग २ रात मसँग बसी ३१ गते गएका र ०६४।५।२ गते मैले फोन गरी उर्मिला र बिनु मेरो घरमा आई मैले र उर्मिला विवाहको गफ गरी मैले अहिले टेन्सन नलेऊ पर्ख भनी बिनुलाई समेत सम्झाउन भनेको थिएँ । बेलुका बिनु कोठामा गइन् र

उर्मिला मसँग बसी खाना खाई सँगै एउटै खाटमा सुती निजलाई मैले शारीरिक सम्पर्क गर्न खोज्दा महिनावारी भएकाले मानिनन् । पेन्ट लगाएर सुतेकीले राति अप्ठ्यारो हुन्छ भनी बाकसमा रहेको आमाको सल बेरेर सुत्न मैले दिएको हो । राति १२ बजेपछि उर्मिला निदाइन् । म एउटै खाटमा सुतेको निज बिहान उठी झुन्डिएपछि मैले पछिमात्र देखेको हो । झ्याल खुल्ला रही मानिस आवतजावत गर्न सक्ने अवस्थाको थियो । मैले पटकपटक यौन शोषण गरेको, विवाह गर्न उर्मिलाले प्रस्ताव राख्दा मैले आलटाल गरेको, हाम्रो सम्बन्धको बारेमा गाउँ समाजमा धेरैलाई थाहा भएकोले मेरो कारणबाट निजको मृत्यु भएको हो । तर मैले मारेको होइन । मैले सुदीप र बिनुलाई उर्मिला एक्कासि झुन्डिएको अवस्थामा देखेको हो भन्न भनेर सिकाएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी दिपेन श्रेष्ठले ०६४।५।९ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको बयान कागज ।

उर्मिला चेम्जोङ्गले आत्महत्या गरेको सुनी घटनास्थल पुगी हेर्दा मृतक लासको तिघ्रादेखि मुनि भागले भुइँ छोएको, ६ फुट उचाईको झ्यालको हेन्डिलमा सल बाँधी झुन्डिएको सलको लम्बाइ ३ फुट रहेको, मृतकको ओठ सुन्निएको भनिएको कोठाको बीचको झ्याल खुला रहेको आदि कारणबाट मृतकलाई कर्तव्य गरी मारी झुन्ड्याएको अवस्थामा देखिएको हो । दिपेन श्रेष्ठले विभिन्न प्रलोभन देखाई घरकोठामा बोलाई यौन शोषण गरी कर्तव्य गरी मारी कोठामा झुन्ड्याएकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको सन्तोष लिम्बूले मिति ०६४।५।१० गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

मिति ०६४।५।३ गते दिपेन श्रेष्ठले उर्मिला चेम्जोङ्ग कोठामा झुन्डी मरेछ भनी मलाईसमेत लिई घर आएपछि बिनु अधिकारी आइपुगी हामी तीनैजना तलामाथि जाँदा कोठाको झ्याल खुला रही झुन्डी मरेको अवस्थामा देखेको हो । त्यसपछि दिपेनले उर्मिलालाई हेर्न म गएको कोठा बन्द रहेको, जाँदा कोठामा झुन्डिरहेको अवस्थामा हामी ३ जनाले भेटेको हो भनी भन्नु भनी कुरा सिकाएका हुन् । प्रहरी तथा उर्मिलाको कोठामा बस्ने साथीलाई खबर गरौं भनी बिनुले भन्दा दिपेनले कसैलाई नभनौं भने । उर्मिला र दिपेनको प्रेम सम्बन्ध रही उर्मिलाले विवाहको प्रस्ताव खाख्दा आलटाल गरेकोले तथा सही तथ्य नभनी विभिन्न कुरा सिकाई भन्न लगाएको अवस्थाबाट उर्मिला चेम्जोङ्गलाई प्रतिवादी दिपेन श्रेष्ठले कर्तव्य गरी मारेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको कुदीप तमाङले मिति २०६४।५।१० गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

उर्मिला चेम्जोङ्गलाई प्रतिवादी दिपेन श्रेष्ठ र बिनु अधिकारीले कर्तव्य गरी मारे मराएको बारेमा मलाई यकिन थाहा छैन भन्नेसमेत व्यहोराको दुर्गाबहादुर ओझाले मिति ०६४।५।१० गते, भीमबहादुर राई तथा कुमार प्रधानले मिति ०६४।५।१२ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको प्रायः एकै मिलान व्यहोराको अलगअलग कागज ।

मिति ०६४।५।३ गते दिपेन श्रेष्ठको घरमा उर्मिला चेम्जोङ्ग मरेको सुनी हेर्न जाँदा कोठाको ढोका बन्द रही झ्याल खुला रहेको अवस्थामा मृतक उर्मिला पाइन्ट र टिसर्ट लगाई कुर्ताको सलले पासोमा झुन्डिरहेको, मृतकको खुट्टाले भुइँ छोएको अवस्थामा थियो । मृतक र दिपेन श्रेष्ठबीच प्रेम सम्बन्ध रही दिपेनले कोठामा बोलाई विवाहको प्रलोभन दिई यौन शोषण गरी विवाह गर्न प्रतिवादीले अस्वीकार गरी सोही कारण कर्तव्य गरी मारी झुन्ड्याएकोमा पूर्ण विश्वास लाग्छ । प्रतिवादी बिनु अधिकारीको सम्बन्धमा केही थाहा छैन भन्नेसमेत व्यहोराको रस्मिता नेम्वाङ्गले मिति ०६४।५।१७ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

मृतकको चिउँडोमा चोट घाउ रही शरीरमा नीलडाम रहनु, मृतकले मलाई मिति ०६४।४।२९ गते विवाह गर्ने प्रस्ताव राखी दिपेनले यौन सम्पर्क गरेको भनेकी, मृतक दिपेनकै घरमा मृत अवस्थामा फेला परेकी आदि कारणबाट जाहेरी मिति समयमा प्रतिवादी दिपेन श्रेष्ठले कर्तव्य गरी मारी झुन्ड्याएकोमा पूर्ण विश्वास

लाग्छ । प्रतिवादी बिनु अधिकारीको सम्बन्धमा केही थाहा छैन भन्नेसमेत व्यहोराको बिनु नेम्वाङ्गले मिति ०६४।५।१७ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

प्रतिवादी दिपेन श्रेष्ठले विवाह गर्ने कार्यमा विवाद भई उर्मिला चेम्जोङ्गलाई कर्तव्य गरी मारी झुन्ड्याएकोमा पूर्ण विश्वास लाग्छ । प्रतिवादी बिनु अधिकारीसमेतको मिलोमतोमा शंका लाग्छ भन्नेसमेत व्यहोराको निरुन्ता सुब्बाले मिति ०६४।५।१७ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

जाहेरवालाकी बहिनी उर्मिला चेम्जोङ्ग दिपेन श्रेष्ठको घरकोठामा मृत अवस्थामा रहेको सुनी हेर्न जाँदा लासले भुइँ छोएको, चिउँडोमा नीलडाम देखिएको समेत हुँदा कर्तव्य गरी मारी झ्यालमा झुन्ड्याएको अवस्था भएको र प्रतिवादी दिपेन श्रेष्ठले मृतकसँग प्रेम सम्बन्ध राखी यौन शोषण गरी उर्मिलाले विवाह गरौं भन्दा दिपेनले अस्वीकार गरी कर्तव्य गरी मारेकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको मिति ०६४।५।१३ गतेको वस्तुस्थिति मुचुल्का ।

मृतक उर्मिला चेम्जोङ्गको भिसेरा परीक्षण गर्दा कीटनाशक, ढुसीनाशक, झारपातनाशक, फेयुमिगेन्ट र मुसानाशक पाउन सकिएन भन्नेसमेत व्यहोराको मिति ०६४।५।२१ गते केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, काठमाडौंले पठाएको परीक्षण प्रतिवेदन ।

प्रतिवादी दिपेन श्रेष्ठलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ र १३३) नं. अन्तर्गतको कसुरमा ऐ.को १३(३) नं. बमोजिम र प्रतिवादी बिनु अधिकारीलाई ऐ. महलको १ र १७(२) नं. अन्तर्गतको कसुरमा ऐ.को १७(२) नं. बमोजिम सजाय गरी पाउन मागदाबी लिई वादी नेपाल सरकारका तर्फबाट यस अदालतमा प्रस्तुत गरेको अभियोग पत्र ।

मेरो साथी उर्मिला चेम्जोङ्ग दिपेन श्रेष्ठको घर गई मैले उर्मिलालाई फोन गर्दा दिपेनले उठाई ट्वाइलेटमा छ तिमी यहाँ तुरुन्त आउ भनेपछि म जाँदा दिपेनले उर्मिला झुन्डिएको छ भनेकोले खुल्ला झ्यालबाट हेर्दा झुन्डिरहेको अवस्थामा देखेको हो । उर्मिलाले ३।४ महिना अघिदेखि दिपेनसँग मेरो प्रेम सम्बन्ध छ भनेकी थिइन् । ०६४।५।२ गते दिपेनले उर्मिलालाई फोन गरी बोलाएपछि म र उर्मिला दिपेनको घरमा गई उर्मिलाले विवाहको कुरा गर्नु छ भनेकोले म डेरामा आएँ, उर्मिला दिपेनकै घरमा बसिन् । भोलिपल्ट उर्मिला डेरामा नआएपछि मैले दिपेनलाई फोन गर्दा दिपेनले जरुरी काम छ भनी मलाई बोलाएपछि म गएपछि झुन्डिएको कुरा बताएको हो । मेरो कर्तव्यबाट उर्मिलाको मृत्यु भएको होइन । प्रेम सम्बन्ध भई कुनै कारणले बेइज्जती हुने स्थिति भएर झुन्डी मरेको हुन सक्छ तर मलाई कसैमाथि शंका छैन, अनुसन्धान अधिकारीसमक्षको बयान जुलुस तोडफोडसमेत भएको कारण डरले गरेको हो । तर दिपेनले मारेकोमा शंका लाग्दैन । दिपेनले यसरी मरेको हो भनी भन्नु भनी मलाई भन्न सिकाएको चाहिँ हो । मलाई घटनाबारे थाहा नभएकोले कसले मारे थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादी बिनु अधिकारीले यस अदालतमा गरिदिएको बयान कागज ।

उर्मिला चेम्जोङ्गसँग मेरो प्रेम सम्बन्ध रही पटकपटक यौन सम्बन्ध समेत भएको, यस्तो सम्बन्ध रहेको कुरा डेरा बस्ने दिदी साथीले समेत थाहा पाई उर्मिलालाई निज दिदीले पिटेको मर्नुभन्दा ३।४ हप्ताअघि मलाई बेइज्जत भयो विवाह गरौं भनी निजले भनेपछि मैले अहिले होइन भनेको, ०६४।५।२ गते उर्मिला र बिनु अधिकारीलाई मैले फोन गरी बोलाई निजहरू मेरो घरमा आई उर्मिला मेरै घरमा बसेको र बिनु आफ्नो डेरा गएको, निज उर्मिलाले महिनावारी भएको छ भनेकाले शारीरिक सम्पर्क नगरी राति उर्मिला र म एउटै खाटमा सुतेको र भोलिपल्ट ३ गते बिहान म उठी हेर्दा खाटमा उर्मिला नरहेकी, पसलमा गई केही बेर बस्दासमेत निज नआएपछि केही बेरपछि बिनुले फोन गरी मैले यहाँ आउ भनेपछि ममाथि तलामा गई हेर्दा एउटा कोठा बन्द रही

ढोका ढक्ढक्याउँदासमेत नबोलेपछि झ्यालबाट हेर्दा निज उर्मिलालाई झुन्डिएको अवस्थामा देखेको र नजिकै सुदीप तामाङ्गकोमा गई उक्त कुरा बताई सुदीपसँगै घर आउँदा बिनुसमेत आइपुगेकीले हामी ३ जना उर्मिला झुन्डिएको कोठामा गई हेरेको हो । प्रहरीमा खबर गर्नुभन्दा पहिले बुवालाई खबर गर्न बुवाको अफिस गई खबर गरी फिर्ता प्रहरीमा खबर गरेको हो । पेन्ट लगाएर सुत्न अप्ठ्यारो भई मैले सल झिकी बेर्न दिएको हो । मैले कर्तव्य गरी मारेको होइन । अनुसन्धान अधिकारीसमक्ष कागज गर्नेले किन त्यस्तो व्यहोरा लेखाए थाहा भएन । अनुसन्धान अधिकारीसमक्षको बयान राम्रो राम्रो कुरा मात्र मलाई सुनाई सबै व्यहोरा मलाई नसुनाई मलाई सही गराएको रहेछ । बिनु अधिकारीसँग समेत मेरो कुनै सम्बन्ध छैन, चिनजान मात्र हो । मसँग प्रेम सम्बन्ध रहेको कारण समाजले थाहा पाई बेइज्जत हुने डरले उर्मिला आफैं मरेकी हुन् भन्नेसमेत ब्यहोराको प्रतिवादी दिपेन श्रेष्ठले यस अदालतमा गरिदिएको बयान कागज ।

प्रतिवादी दिपेन श्रेष्ठ यस अदालतको मिति ०६४।५।३० गतेको आदेशानुसार मु. ऐन अ.बं.११८ को देहाय २ बमोजिम मुद्दा पुर्पक्षको क्रममा थुनामा रही र प्रतिवादी बिनु अधिकारी अ.बं ११८ को देहाय ५,१० नं. बमोजिम माग भएको धरौटी रु.२०,०००। बापतमा जिल्ला इलाम आमचोक ३ (क) कि.नं.१२३ को दाताराम फुएल नामदर्ताको जग्गा जेथा जमानत राखी मुद्दा पुर्पक्षको क्रममा तारिखमा रही मुद्दा पुर्पक्ष भएको ।

The cause of death is Hanging भन्नेसमेत व्यहोराको इलाम अस्पताल इलामको च.नं.६७ मिति ०६४।५।२७ गतेको पत्र ।

घटनास्थल तथा लासको अवस्था हेर्दा मृतक उर्मिला र प्रतिवादी दिपेन श्रेष्ठबीच प्रेम सम्बन्ध रही उर्मिलाको अस्मितासमेत लुटी उर्मिलाले दिपेनसँग विवाहको कुरा गरेपछि अन्तरजातीय विवाह नहुने भएकोले अनेक उपाय रची निज प्रतिवादी दिपेन श्रेष्ठले आफ्नै घरमा उर्मिलालाई कुटपिट गरी नीलडाम बनाई सलको प्रयोग गरी घाँटीमा बाँधी मरणासन्न अवस्थामा पुऱ्याई घिसारी झुन्डिएको बहाना हुनेगरी झुन्ड्याएको हो । घटनापछि खबर नगर्नुले बिनु अधिकारी पनि मार्ने कार्यमा संलग्न छन् जस्तो लाग्छ भन्नेसमेत ब्यहोराको बुझिएका मनिस उदीपकुमार चेम्जोङ्गले यस अदालतमा गरिदिएको बकपत्र ।

मैले घटनास्थल गई लास हेर्दा बसेको जस्तो, घुँडाहरू भुइँमा तेर्सिएको, चिउँडोमा नीलडाम रहेको, सलको गाँठो र सल बाँधिएको भ्यान्टिलेसन लगभग ६ फिट रहेको, मृतक लगभग ५ फिट उचाइको रहेको, सल ७५ डिग्री कोणमा रहेको, मृतकको हात सोकेसमा अडिएको, सलको गाँठो चिउँडोपट्टि रहेको देखेको हुँदा मृतकलाई कर्तव्य गरी मारेको र मार्नेमा दिपेन श्रेष्ठसँग मृतकको सम्बन्ध रही दिपेन श्रेष्ठलाई घरायसी दबाब रही आचरणसमेत खराब रहेको हुँदा निजले नै कर्तव्य गरी मारेको र बिनु अधिकारीले दिपेनले सिकाएको कार्य गरेको र खबरसमेत नगरेकोले निजको समेत संलग्नता छ भन्नेसमेत व्यहोराको बुझिएको मानिस सन्तोष लिम्बूले यस अदालतमा गरिदिएको बकपत्र ।

मुर्दा घरमा गई लास हेर्दा चिउँडोमा चोट रहेको, जिब्रो नटोकेको, हात मुठी खुल्ला रहेको, मृतकको अनुहारमा निलो डाम देखेको, घटनास्थलमा हेर्दासमेत आफैं मर्न सक्ने स्थिति नरहेको र उर्मिलाको कोठामा बस्ने साथीलाई सोध्दा उर्मिला र दिपेन श्रेष्ठबीच प्रेम सम्बन्ध रहेको थाहा भएको हुँदा प्रतिवादी दिपेन श्रेष्ठले विभिन्न प्रलोभन देखाई उर्मिलासँग यौन सम्पर्क गरी प्रतिवादीसँग विवाहको कुरा गरेपछि प्रतिवादीले इन्कार गरी कुटपिट गरी केही खुवाई लठ्याई झन्ड्याएर मारेको हो र दिपेनको घर पुऱ्याई आउने बिनु अधिकारीले समेत घटनाबारेमा आफन्त लगायतमा जानकारी नगराएको हुँदा निजको समेत संलग्नता छ भन्नेसमेत व्यहोराको जाहेरवाला भेषराज चेम्जोङ्गले यस अदालतमा गरिदिएको बकपत्र ।

लास घरभित्र गई मैले लास आफैं हेरेको र झुन्डिएको कोठाको अवस्था प्रकृति सुन्दा मृतक उर्मिला चेम्जोङ्गको मृत्यु आत्महत्याबाट भएको नभई कर्तव्य गरी मारेको हो । अन्यत्र डेरा भएको व्यक्ति उर्मिला दिपेन श्रेष्ठको घरमा मृत अवस्थामा रहनु तथा उक्त घरमा दिपेन र मृतक मात्र रहेको अवस्थामा रहनु, लास कर्तव्यबाट मरेको अवस्थामा रहनु घरमा आधारबाट प्रतिवादी दिपेन श्रेष्ठले नै कर्तव्य गरी मारेको हो भन्नेसमेत व्यहोराको बुझिएको मानिस प्रकाश अधिकारीले यस अदालतमा गरिदिएको बकपत्र ।

उर्मिला मरेछ म जेल पर्छु । पहिला बाबुलाई खबर गरी पुलिसलाई खबर गर्ने भनी भन्नुभयो । माथि उर्मिला झुन्डिएको छ । कोठा बन्द छ । झुन्डिएर मरेको ३ जनाले नै देख्यौं भनी भन्नु भनेर दिपेन श्रेष्ठले सिकाए । अधिकार प्राप्त अधिकारीसमक्षको कागज व्यहोरा मैले भने बमोजिम लेखिएको ठीक सत्य व्यहोरा हो भन्नेसमेत व्यहोराको बुझिएका मानिस सुदीप तामाङ्गले यस अदालतमा गरिदिएको बकपत्र ।

मैले दिपेन श्रेष्ठको घरमा गई लास हेर्दा ढोका बन्द, झ्याल खुल्ला रही मान्छे आवतजावत गर्न सक्ने थियो । लासले भुइँ छोएको, हात च्याकमाथि राखेको, चाकले भुइँ छोएको, चिउँडोमा चोट रहेको थियो । मैले मृतकको लास देखेको र मृतक र उर्मिलाबीच प्रेम सम्बन्ध रहेको आधारबाट उर्मिलालाई दिपेन श्रेष्ठले नै कर्तव्य गरी मारेको हो भन्नेसमेत व्यहोराको बुझिएको मानिस रस्मिता नेम्वाङ्गले यस अदालतमा गरिदिएको बकपत्र ।

मैले लासको अवस्था र घटनास्थलसमेत प्रत्यक्ष देखेको हुँदा उर्मिला चेम्जोङ्गको मृत्यु आत्महत्याबाट भएको नभई प्रतिवादी दिपेन श्रेष्ठले निजसँग यौन सम्बन्ध राखी कर्तव्य गरी मारेका हुन् भन्नेसमेत व्यहोरा बुझिएका मानिस ताराकुमार एक्तेनले यस अदालतमा गरिदिएको बकपत्र ।

मृतकको मुठी खुला रही चिउँडोमा घाउ रहेको, गालामा तेसो लामो नीलडाम रहेको, देब्रे हातमा छाला पिल्सिएको, सेनेटरी प्याड लगाई रगतसमेत देखिएको अवस्थामा पोस्टमर्टम गृहमा लास देखेको हुँदा कर्तव्यबाटै मृत्यु भएको हुनपर्छ । मृतक तेर्सो अवस्थामा पासो लागेको, सोकेसलाई अँगालो मारेको, जीउमा घाउचोटको अवस्थासमेतबाट आत्महत्या हुन सक्तैन । मृतकले प्रतिवादी दिपेन श्रेष्ठको घरमा गएर मरेको अवस्था, प्रेम सम्बन्ध रही विवाहको कुरा चलेको तर प्रतिवादीले इन्कार गरेको अवस्था तथा मृतकको शरीरको अवस्था हेर्दा प्रतिवादी र मृतकबीच केही संघर्ष भएको र अर्धमृत अवस्थामा पुऱ्याई ल्याई झुन्ड्याएको हुनुपर्छ भन्नेसमेत व्यहोराको बुझिएको मानिस धिरेन चेम्जोङ्गले यस अदालतमा गरिदिएको बकपत्र ।

मैले झुन्डिएको लास देखेको हुँदा समग्र लासको अवस्था हेर्दा कर्तव्यबाट उर्मिला चेम्जोङ्गको मृत्यु भएको जस्तो लाग्छ । प्रेम सम्बन्धमा अन्तरजातीय भई अस्वीकार गरी कुटपिट गरी प्रतिवादी दिपेन श्रेष्ठले कर्तव्य गरी प्राण जाने बेलामा झुन्ड्याएको जस्तो लाग्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस उमेश राईले यस अदालतमा गरिदिएको बकपत्र ।

मैले झुन्डिएको लास देखेको हुँदा लासको अवस्था हेर्दा कर्तव्यबाट उर्मिला चेम्जोङ्गको मृत्यु भएको र प्रतिवादी दिपेन श्रेष्ठकै कर्तव्यबाट मृत्यु भएको हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस सुन्दिप कार्कीले यस अदालतमा गरिदिएको बकपत्र ।

मैले लास देखिनँ । दिपेनले उर्मिलालाई विवाह गर्ने भन्थ्यो । प्रेम सम्बन्ध समाजले थाहा पाई बेइज्जत हुने डरले आत्महत्या गरेको हुन सक्छ भन्नेसमेत व्यहोराको प्रतिवादी दिपेन श्रेष्ठका साक्षी निर्मला श्रेष्ठले यस अदालतमा गरिदिएको बकपत्र ।

मृतक उर्मिला चेम्जोङ्गको भिसेरा नमुनामा कीटनाशक विषादी (अर्गानोफोस्फोरस, अर्गानोक्लोरिन तथा कार्बामेट), मुसा मार्ने विष (जिंक/आल्मुनियम फोस्फाईड), लागू औषध (Benzodiazepines, Opiates तथा

Barbiturates ) पाइएन भन्नेसमेत व्यहोराको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको च. नं. ५४६ मिति ०६४।१०।२९ को पत्रसाथ प्राप्त परीक्षण प्रतिवेदन ।

**"The cause of death is asphyxia due to hanging leading to air way obstruction cause respirstory failure."** भन्ने डा. श्रीराम शाहको हस्ताक्षर भएको जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको च. नं. १४९४ मिति ०६६।२।१ को पत्र ।

**" The visera report was seen and the postmortem report was received. The cause of death is asphyxia as a result of hanging."** भनी डा. प्रवेश चौधरीले दिनुभएको राय भन्ने मेची अञ्चल अस्पताल भद्रपुर झापाको च. नं. २०८ मिति ०६६।५।३० को पत्र ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.बं.२९ नं. अनुसार यसै अदालतको अधिकार क्षेत्रभित्रको भै बुझिएसम्मका मिसिल संलग्न प्रमाण कागजको आधारमा छिनी किनारा हुने देखिएकोले मिसिल फाइल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् जिल्ला न्यायाधिवक्ता कृष्णमोहन कोइराला, जाहेरवालाका तर्फबाट नै उपस्थित हुनुभएका विद्वान् अधिवक्ता यामप्रसाद लिम्बू तथा प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय हिरण्यप्रसाद अधिकारी र खगराज कट्टेलसमेतले गर्नुभएको बहस जिकिरसमेत सुनी र विद्वान् कानुन व्यवसायीहरूबाट पेस हुन आएको लिखित बहस-नोटसमेत अध्ययन गरी निर्णयतर्फ विचार गर्दा यसमा अभियोग दाबी अनुसारको कसुर प्रतिवादीले गरेका हुन् होइनन् ? र सजाय हुनुपर्ने हो होइन ? सो सम्बन्धमा नै यस अदालतले निर्णय दिनुपर्ने देखिन आयो ।

यस सन्दर्भमा विचार गर्दा प्रतिवादीमध्येका दिपन भन्ने दिपेन श्रेष्ठले मृतकलाई कर्तव्य गरी मारेको र सो कार्यमा प्रतिवादी बिनु अधिकारीको सहयोगी भूमिका रहेको भन्ने आरोपमा प्रतिवादीमध्येका दिपन भन्ने दिपेन श्रेष्ठ उपर ऐ. ऐनको ज्यान सम्बन्धीको महलको १३(३) नं.अनुसार र प्रतिवादी बिनु अधिकारी उपर ऐ. ऐनको ज्यान सम्बन्धीको महलको १७(२) नं.अनुसारको सजायको माग दाबी लिई वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा अभियोग-पत्र दायर भएको पाइन्छ। प्रतिवादीहरूले मौका अनुसन्धानको क्रममा र यस अदालतमा बयान गर्दाको अवस्थामा समेत आरोपित कसुर गरेमा पूर्ण रूपमा इन्कार हुँदै मृतक आफैं झुन्डी मरेको भनी बयान गरेको देखिन्छ। तर जाहेरवाला लगायतका मौकामा कागज गर्ने सम्पूर्ण व्यक्तिहरूले मृतकको मृत्यु प्रतिवादीहरूको कर्तव्यबाट नै भएको भनी यी प्रतिपवादीहरू उपर किटानी रूपमा पोल गरेको र आफ्नो उक्त मौकाको पोललाई समर्थन हुनेगरी यस अदालतसमक्ष बकपत्र गरेको पाइन्छ। मौकामा मृतकको शव परीक्षण गर्ने चिकित्सकहरूको टोलीले मृतकको शव परीक्षण गर्दा मूतकको मृत्यु के-कसरी भएको हो सो कुरा शव परीक्षण प्रतिवेदनमा नखुलाई भिसेरा परीक्षणको प्रतिवेदन प्राप्त भएपछि मात्र मृत्युको कारण खुलाउन सकिने भनी शव परीक्षण प्रतिवेदनमा लेखिदिएको र पछि **'The cause of death is hanging '** भन्ने व्यहोरा उल्लेख भएको इलाम अस्पतालको चं नं.६७ मिति २०६४।५।२७ को पत्र प्राप्त भई मिसिल संलग्न रहेको देखिन्छ। तर उक्त पत्रमा मौकामा शव परीक्षण गर्ने सबै चिकित्सकहरूको हस्ताक्षर नभई डा. दिनेशकुमार वि.क को मात्र हस्ताक्षर रहेको पाइन्छ। यसरी इलाम अस्पतालबाट प्राप्त पत्रमा उल्लेख भएको मृतकको मृत्युको कारण भनिएको राय शव परीक्षण गर्ने सबै चिकित्सकहरूको टोलीको राय हो वा हस्ताक्षर गर्ने चिकित्सकको मात्र राय

हो भन्ने कुरा नखुलेबाट यस अदालतको आदेशनुसार मौकामा मृतकको शव परीक्षण गर्ने सबै चिकित्सकहरूलाई मृतकको मृत्युको कारण खुलाई पठाउन लेखी पठाएकोमा डा. प्रवेश चौधरीले **"The viscera report was seen and the of hanging. "** भन्ने उल्लेख गरी पठाएको र डा. श्रीरामप्रसाद शाहले **" The cause of death is asphyxia due to hanging, leading to air way obstruction cause respiratory failure. "** भन्ने उल्लेख गरी पठाएको देखिन्छ । डा. यज्ञराज खरेलबाट भनै कुनै राय प्राप्त हुन सकेको देखिएन ।

प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले बहसको क्रममा र पेस गर्नुभएको लिखित बहस नोटमा समेत मृतकको लास जाँच प्रकृति मुचुल्काम जिब्रो टोकेको, पिसाब निस्किएको, हात मुठी पारेको अवस्था देखिएको र उक्त अवस्था केवल झुन्डिएर मरेकोमा मात्र देखिने कुरा चिकित्सा विधिशास्त्रले पुष्टि गरिसकेको, मृतकको लासको चिउँडोमा देखिएको सानो चोट अडेको परिणाम स्वरूप परेको भन्ने कुरा फोटोबाट प्रस्ट भएको, अन्य कुनै नील घाउ चोट नदेखिएको, मृतकको मृत्यु झुन्डिएर मरेको भन्ने विशेषज्ञको किटानी राय रहेको, एक जवान व्यक्तिलाई एक्लैले झुन्डाउन सक्ने अवस्था नरहेको, प्रतिकारका चिन्ह रहे भएको नदेखिएको, मृतकलाई झुन्ड्याएर कर्तव्य गरेको भन्ने अभियोग-पत्रमा दाबी नै नरहेको, लास जाँच प्रकृति मुचुल्का र विशेषज्ञको राय एकआपसमा मिलिरहेको, मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने कुरालाई वादीले वस्तुगत रूपमा स्थापित गर्न नसकेको, सम्मानित सर्वोच्च अदालतबाट ज्यान मुद्दामा सर्वप्रथमतः मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने वस्तुगत अधारमा स्थापित गर्न नसकेमा दोषी ठहराउन नमिल्ने भनी स.अ.बुलेटिन २०६३ पूर्णांक ३४२ पृष्ठ ७ मा सिद्धान्तसमेत प्रतिपादन भइरहेको देखिएको समेतका मिसिल संलग्न प्रमाणबाट मृतकको मृत्यु कर्तव्यबाट भएको नभई आत्महत्या हो भन्ने कुरा पुष्टि भइरहेको देखिएको भनी उल्लेख गर्नुभएको देखिन्छ ।

मृतक आफैं झुन्डी मरेको अर्थात् मृतकले आत्महत्या गरेको भन्ने प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको उक्त जिकिरलाई अस्वीकार गर्दै वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ताले आफ्नो बहसको क्रममा र पेस गर्नुभएको लिखित बहस नोटमा समेत मौकाको लास जाँच मुचुल्कामा मृतकको दायाँ हात पूरा मुट्ठी र बायाँ हात अर्धमुट्ठी अवस्थामा भै पलङ्को सोकेसमाथि (भित्रपट्टि पर्ने गरी) रहेको, अनुहारमा रगत जमी (Petechiae) सामान्य कालो नीलो अवस्थामा रहेको भन्ने लास प्रकृति मुचुल्का र Autopsy Report मा उल्लेख भएको, मृतकको चिउँडोमुनि दाहिनेपट्टि ३x२x०.५CM को चोट र देब्रेपट्टि ४ cms linear over mandible भन्ने Autopsy Report समेतबाट देखिएको, मृतकको दायाँ गालामुनि पट्टिको भागमा १ इन्च खाली रही भुन्डिएको सल कसिएको अवस्थामा भई Position of knot Right side between chin and angle of mandible भन्ने Autopsy Report मा उल्लेख भएको, घटनास्थलमा मृतकले पिसाब गरी भुइँमा समेत केही जमेको भन्ने लास प्रकृति मुचुल्कामा उल्लेख भए पनि मृतकले लगाएको पेन्ट भिजेको अवस्था उल्लेख नभएको हुँदा मृतकले पिसाब गरेको भन्ने स्पष्ट नभएको र भुइँमा इनामेल पोखिएको भन्नेसमेत उल्लेख हुँदा जमिनमा देखिएको रातो वस्तु सोही इनामेल हो भन्ने देखिएको, Autopsy Report df Eye-conjunctival Haemorrhage, Nose-froatingmouth-protruded Tongue between teath, saliva dribbling fron left side of angleof mouth, ligature mark-level above thyroid cartilage left to right slightly oblique, encircling the neck except anteriorly lenght of ligature mark: 1.3 inhes, breath of mark 2 cm, margin-lrregular, lungs-congested and Petedhial haemorrhage भन्ने उल्लेख भएको देखिएको, मृतक झुन्डिन प्रयोग गरेको सलको अवस्था तन्किएको नभई loose (सामान्य खुल्ला) अवस्थामा रहेको तथा गाँठोसमेत कस्सिएको अवस्था नरहेको, झुन्डिन प्रयोग सल बाँधिएको झ्यालमाथिको भेन्टिलेसनको हेन्डिलदेखि

मृतकको घाँटीसम्मको दूरी र जमिनसम्मको दूरी अस्वाभाविक र आफैं झुन्डिन पर्याप्त नरहेको, घटनास्थलमा मृतक लास रहेको कोठाको ढोकाको चुकुलभित्रबाट लगाइएको भए पनि मानिस आउन जान सक्नेगरी अर्को झ्याल खुल्ला रहेको, मृतकको लागि घटनास्थल नौलो भएको, कोठाको बत्ती नबलेको, बिहान प्रतिवादीले स्वीकार गरेको, मृतक आड लागेको पलङ्गको सोकेसमाथि राखेको पेटीसहितको पेन्ट, सिन्कासमेत साबुत अवस्थामा देखिएको, मृतकको अनुहारमा परेको देखिएको घाउ नीलडाम पर्न सक्ने कुनै वस्तु घटनास्थलमा फेला नपरेको, मृतकले गाएको पहिरनका आधारमा झुन्डिन प्रयोग भएको सलको उपस्थिति स्वाभाविक नदेखिएको, मृतकको अनुहार, झुन्डिएको सल बाँधिएको दिशा तथा लास रहेको अवस्थालाई हेर्दा सलको डाम पछाडि गर्धनपट्टि हुनुपर्नेमा गलाको भागतर्फ गाँठो रहेको, मृतकले आत्महत्या गर्नको लागि प्रतिवादीकै घरकोठा छनौट गर्नुपर्ने कुनै कारण पनि नदेखिएको समेतका मिसिल संलग्न प्रमाणबाट मृतकको मृत्यु कर्तव्यबाट नै भएको भन्ने कुरा पुष्टि भइरहेको भनी उल्लेख गर्नुभएको पाइन्छ ।

त्यसैगरी जाहेरवालाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता यामप्रसाद लिम्बूले बहसको क्रममा र पेस गर्नुभएको लिखित बहसनोटमा समेत मृतक प्रतिवादीको घरमा जाँदाको अवस्थासम्म सही सलामत रहेको र मृत्यु हुँदा शरीरमा घाउचोट देखिएको, घटनास्थलको प्रकृति हेर्दा मृतकको अनुहारमा परेको उक्त चोट आफैं लाग्न सक्ने अवस्था रहेको नदेखिएको, मृतकको उचाइ, भुइँबाट झुन्डिएको स्थानको नाप र घाँटी आमने सामने सीधा हुन गई झुन्डिन प्रयोग गरेको भनिएको सल अंग्रेजी 'J' आकारमा आफैं झुन्डिन पुगी मृतकको घाँटीमा कुनै दबाब पर्न सक्ने अवस्था नदेखिएको, मृतक आफैं झुन्डी मर्नुपर्ने पनि कुनै कारण अवस्था नदेखिएको समेतको आधार प्रमाण एवम् परिस्थितिजन्य अवस्थासमेतबाट मृतकको मृत्यु आत्महत्या नभई निजको मृत्यु कर्तव्यबाटै भएको हो भन्ने कुरा पुष्टि भएको भनी बहसमा जिकिर लिनुभएको पाइन्छ ।

वादी प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूले प्रस्तुत गर्नुभएको उल्लेखित बहस जिकिर र मिसिल संलग्न कागज प्रमाणको मूल्यांकन र विवेचना गरी प्रस्तुत मुद्दामा मृतकको मृत्यु आत्महत्या हो वा कर्तव्य हो भन्ने कुराको नै सर्वप्रथमतः निरुपण गर्नुपर्ने देखिन आयो । प्रतिवादीहरूले मौका अनुसन्धानको क्रममा र यस अदालतमा बयान गर्दाको अवस्थामा समेत मृतक आफैं झुन्डी मरेको अर्थात् मृतकले आत्महत्या गरेको भनी बयान गरेको र निज प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले पनि प्रतिवादीको उक्त बयान समर्थन हुनेगरी मृतकको मृत्यु कर्तव्यबाट नभई आत्महत्या नै हो अर्थात् मृतक आफैं भुन्डी मरेको भनी बहस जिकिर लिनुभएको देखियो । प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूले मृतकको मृत्यु आत्महत्या नै हो भन्ने क्रममा मृतकको लास जाँच प्रकृति मुचुल्काबाट मृतकले जिब्रो टोकेको, हात मुट्ठी पारेको, वारदातस्थलमा मृतकले पिसाब फेरेको स्थिति अवस्था देखिएको र उक्त अवस्था केवल भुन्डिएर मरेको अवस्थामा मात्र देखिने कुरा चिकित्सा विज्ञानले पुष्टि गरिसकेको भन्ने पनि जिकिर लिनुभएको पाइन्छ । तर विद्वान् अधिवक्ताहरूले जिकिर लिएझैं मृतक लासमा रहेको ती अवस्थाहरूबाट मात्रै मृतक आफैं भुन्डी मरेको अर्थात् Suicidial Hanging भनेर यकिन गर्न सक्ने अवस्था हुँदैन । प्रसिद्ध विधिशास्त्री Modi को Medical jurisprudence and Toxicology नामक पुस्तक लगायतका चिकित्सा विधिशास्त्रका पुस्तकहरूलाई हेर्दा मृतक लासले जिब्रो टोकेको, हात मुट्ठी पारेको, पिसाब फेरेको जस्ता अवस्थालाई मात्र मृतक आफैं झुन्डी मरेको भन्ने निश्चयात्मक आधार रहेको भनी उल्लेख भए गरेको देखिन आउँदैन । अतः मृतक लासमा देखिएको उक्त अवस्थाका कारणबाट मृतक आफैं झुन्डी मरेको भन्ने पुष्टि भएको भन्ने प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूको बहस जिकिरलाई स्वीकार गर्न सकिने अवस्था रहेन ।

प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले मृतक लासको चिउँडोमा सानो चोट रहेको जुन चोट चिउँडो अडेको परिणामस्वरूप परेको भन्ने कुरा मिसिल संलग्न फोटोहरूबाट प्रस्ट भएको, अन्य कुनै चोटपटक प्रतिकारका चिन्ह नरहे नभएको कारणबाट समेत मृतकको मृत्यु कर्तव्यबाट भएको नभई आत्महत्या हो भन्ने कुरा प्रस्ट भएको भन्ने पनि बहसमा जिकिर लिनुभएको पाइन्छ । तर मौकाको शव परीक्षण प्रतिवेदन हेर्दा मृतक लासमा दुईवटा चोटहरू रहेको भन्ने कुरा स्पष्ट रूपमा उल्लेख भएको पाइन्छ । एउटा चिउँडोमुनि ३X२X०.५CM को चोट देखिन्छ । चोटको उक्त नापलाई हेर्दा विद्वान् कानुन व्यवसायीहरूले भनेझैं उक्त चोटलाई सानो चोट भनेर भन्न सकिने अवस्थाको रहेको एकातिर देखिँदैन भने उक्त चोट चिउँडोभन्दा मुनि रहेको देखिँदा र उक्त चोटको आकार प्रकारलाई समेत दृष्टिगत गर्दा विद्वान् अधिवक्ताहरूले जिकिर लिएझैं उक्त चोट चिउँडो अडेको कारणबाट परेको भन्न सकिने अवस्था देखिँदैन । यसको साथै मृतक लासमा अर्को चोट पनि रहेको पाइन्छ । उक्त अर्को चोट 4 cms linear Left Side over mandible मा रहेको शव परीक्षण प्रतिवेदनबाट देखिएको छ । शव परीक्षण प्रतिवेदनबाट मृतकको आँखामा Conjunctival Haemorrhage देखिएको, फोक्सोमा Petechial Haemorrhage समेत देखिन आउँछ । घटनास्थलको प्रकृतिलाई हेर्दा मृतकको अनुहारमा जुन चोटहरू रहेको देखिएको छ उक्त चोट आफैं पर्न सक्ने स्थिति रहेको भएको पाइँदैन । मृतकको शरीरमा परेको उक्त चोट र शव परीक्षण प्रतिवेदनबाट देखिएको आँखाको Conjunctival Haemorrhage, अनुहारको रगत जमेको स्थिति अवस्था र फोक्सोमा Petechial Haemorrhage बाट मृतकको मृत्यु आत्महत्या हो भन्न सकिने अवस्था नरही ती अवस्थाहरूले मृतकको मृत्यु कर्तव्यबाट नै भएको भन्ने कुरालाई संकेत गरेको देखिन्छ ।

प्रमाणका प्रकाश अधिकारीको मौकाको कागज र यस अदालतसमक्षको बकपत्रबाट झुन्डिन प्रयोग गरेको भनिएको लको गाँठो कस्सिएर रहेको अवस्था देखिन आएको छैन । कुनै व्यक्ति कुनै ठाउँमा झुन्डी आत्महत्या गरेको हुन्छ भने झुन्डिँदा पर्ने दबाबको कारण झुन्डिँदा प्रयोग गरेको पासोको गाँठो सधैं नै कस्सिएको अवस्थामा फेला परेको हुनुपर्छ अन्यथा सो व्यक्ति झुन्डी मरेको भन्ने कुरामा शंका गर्नुपर्ने अवस्था हुन्छ । Modi को Medical jurisprudence and Toxicology नामक पुस्तक लगायतका चिकित्साविधिशास्त्रका पुस्तकहरूको अध्ययन गर्दा झुन्डी मरेको लासको पासोको गाँठो कस्सिएको अवस्थामा रहेको हुन्छ भन्ने उल्लेख भएको देखिन्छ । तर प्रस्तुत मुद्दाको मृतक उर्मिला चेम्जोङ्गले झुन्डिन प्रयोग गरेको भनिएको पासोको गाँठो कस्सिएको अवस्थामा नरहेको भन्ने कुरा मौकामा कागज गर्ने प्रकाश अधिकारीको कागज एवम् निजको यस अदालतसमक्षको बकपत्रबाट देखिन आएको छ । यसरी मृतक झुन्डिन प्रयोग गरेको भनिएको पासोको गाँठो कस्सिएको अवस्थामा नरहनु र अनुहारमा चोटपटक रहेको देखिएबाट पनि मृतक आफैं झुन्डी मरेको भन्न सकिने अवस्था देखिन आएन ।

मौकाका लास जाँच प्रकृतिलाई हेर्दा जमिनदेखि झुन्डिन प्रयोग गरेको स्थानको उचाइ ६ फिट ३ इन्च रहेको पाइन्छ । शवपरीक्षण प्रतिवेदनबाट मृतकको उचाइ ५ फिट १ इन्च रहेको देखिएको छ । यसरी हेर्दा मृतकको उचाइ र झुन्डिन प्रयोग गरेको सल बाँधेको स्थानको उचाइको फरक १ फिट २ इन्च मात्र रहेको देखियो । अनि मृतकको घाँटीमा बाँधेको गाँठोदेखि झुन्डिएको स्थानसम्मको सलको नाप २ फिट १० इन्च रहेको देखिएको छ । उक्तः स्थितिलाई हेर्दा यदि मृतक उभिएर रहने हो भने मृतक झुन्डिन प्रयोग गरेको भनिएको सल अंग्रेजी **'J'** आकारमा लत्रिन जोने भई घाँटीमा कुनै दबाब पर्न सक्ने अवस्था नदेखिएकोले पनि मृतकले आत्महत्या गरेको भन्ने कुरा विश्वासलायक देखिएन । यसको साथै मिसिल सामेल रहेको मृतकको फोटोहरू हेर्दा मृतकको चिउँडो सोकोसमा अडेको देखिन अएको र मृतकको हात पनि सोकेसको भित्रपट्टि पर्नेगरी अडिएर रहेको

देखिन्छ । यसरी मृतकको चिउँडो तथा हातसमेत फोटोमा देखिएको सोकेसमा अडेर रहेको अवस्थामा देखिँदा पनि मृतकले आत्महत्या गरेको भन्ने भनाइ पनि मिल्दो देखिन आउँदैन ।

मिसिल सामेल रहेका मौकामा वारदातस्थलमा खिचिएको उक्त फोटोहरूबाट झुन्डिन प्रयोग गरिएको भनिएको सलको एउटा टुप्पो झ्यालको भेन्टिलेसनको हेन्डिलमा बाँधिएको र अर्को टुप्पो मृतकको घाँटीमा बाँधिएको अवस्थामा देखिन आई मृतकको अनुहार पनि झ्यालतर्फ नै फर्किएको अवस्था देखिन आएको छ । तर मृतकको भुइँमा तेर्सो परेर रहेको तिघ्राभन्दा मुनिको खुट्टाको भाग सीधा अगाडि तेर्सो पपरेर रहेको नदेखिई 'L' आकारमा तेर्सो परेर रहेको देखियो । कुनै पनि व्यक्तिले झुन्डी आत्महत्या गर्नको लागि कुनै वस्तुको एउटा टुप्पा कुनै स्थानमा बाँधी पासो बनाउनु मात्र पर्याप्त हुँदैन । त्यसरी बाँधिसकेपछि आफूलाई झुन्ड्याउन पनि अत्यावश्यक हुन जान्छ । अनि त्यसरी बाँध्नको लागि र झुन्ड्याउनको लागि कुनै वस्तुको सहारा लिनु पनि अत्यावश्यक हुन्छ । प्रस्तुत मुद्दाको मृतक कुनै वस्तुमा चढेको वस्तुबाट आफूलाई खसाएर पूर्ण रूपमा झुन्ड्याएको (Fully suspended) अवस्था होइन । केवल ६ फिट ३ इन्च उचाइको झ्यालको भेन्टिलेसनको हेन्डिलमा सलको एउटा टुप्पो बाँधिएको र ५ फिट १ इन्च उचाइको मृतकको घाँटीमा सलको अर्को पुप्पो बाँधिएको र त्यसरी घाँटीमा बाँधिएको सलको नाप बराबरको नजिकमा एउटा सोकेस रहेको देखिन्छ भने सो बाहेक मृतकले झुन्डिनको लागि प्रयाग गर्न सक्ने कुनै वस्तुहरू वारदातस्थलमा रहे भएको देखिन अएको छैन । उक्त स्थितिमा मृतकले झ्यालको भेन्टिलेसनको हेन्डिलमा सलको एउटा टुप्पो बाँधिसकेपछि त्यसको गाँठोदेखि २ फिट १० इन्च लम्बाइको सल रहने गरी अर्को टुप्पो आफ्नो घाँटीमा गाँठो पारी बाँध्न सक्ने अवस्था के के हुन सक्दो रहेछ ? भनी विचार गर्दा एउटा अवस्था भनेको वारदातस्थलमा रहेको सोकेसमा बसेर वा सुतेर बाँध्ने, अर्को अवस्था भनेको मृतकले आफू उभिएर बाँध्ने र तेर्सो अवस्था भनेको मृतकले घुँडा टेकेर रही बाँध्ने । यी तीन अवस्थामा मात्र बाँध्न सकिने देखिन आउँछ। अब यसरी झ्यालका भेन्टिलेसनमा र आफ्नो घाँटीमा मृतकले सल बाँधिसकेपछि निज मृतकले आत्महत्या गर्ने उद्देश्यले आफूलाई झुन्डाउन खोजेको भए वारदातस्थलमा रहेको उक्त सोकेसमा सुती आफूलाई तल खसाउने एउटा अवस्था हुन सक्थ्यो । यदि त्यसो भए गरिएको अवस्था भए मृतकको हात हाल जुन रूपमा रहेको छ त्यो रूपमा रहन सक्ने थिएन भने मृतक वारदातस्थलमा फेला परेको Posture मा फेला पर्ने अवस्था पनि हुने थिएन । अर्को अवस्था भनेको हाल फोटोबाट देखिए अनुसार सोकेसको भित्रपट्टि रहेको हातको Support मा खुट्टालाई तनक्क अगाडितर्फ तेर्सो पारेर पसारी झुन्डिने, त्यो स्थिति पनि अगाडि सोकेस रहेको कारणबाट हुन सक्ने सम्भावना देखिएन । अर्को अवस्था भनेको घुँडा टेकेर बिस्तारै शरीरलाई जमिनतर्फ लगी झुन्डिने, यदि त्यस्तो भएको भए मृतकको घुँडा टेकिएको अवस्थामा फेला पर्नुपर्ने थियो, त्यसरी फेला परेको पनि देखिएको छैन । यसरी उक्त वारदातस्थलमा मृतकले झुन्डिनको लागि झ्यालको भेन्टिलेसनको हेन्डिलमा र आफ्नो घाँटीमा सल बाँधिसकेपछि निजले आफूलाई झुन्ड्याउन सक्न उपरोक्त उल्लेखित अवस्थाको प्रयोग भए गरिएको देखिएन । उक्त वारदातस्थलमा मृतकले आफूलाई झुन्ड्याउनको लागि सहारा लिन सक्ने अन्य कुनै वस्तु रहेको भन्ने नदेखिँदा उल्लेखित अवस्थाहरू बाहेक अन्य कुनै प्रकारबाट मृतकले झुन्डिन सक्ने सम्भावना भने वारदातस्थलको प्रकृतिबाट देखिन आउँदैन र मृतक जुन Posture मा फेला परेकी छन्, त्यसरी तिघ्रामुनिको भागलाई 'L' आकारमा तेर्सो पारेर भुइँमा राखी झुन्डिन सक्ने सम्भावना त झन् पटक्कै देखिँदैन । किनकि त्यसरी 'L' अकारमा खुट्टालाई फर्काएर राख्ने भन्ने कुरा प्रायः असम्भव हुन्छ । यसरी हेर्दा पनि मृतकले आत्महत्या गरेको भन्ने कुरा स्वीकार गर्न सक्ने अवस्था रहेन ।

मिसिल सामेल रहेको उल्लेखित फोटोबाट देखिएको मृतक अनुहार र झुन्डिन प्रयोग गरेको भनिएको सल बाँधिएको दिशा, मृतक लास रहेको Posture, Position, Ligature Mark को सम्बन्धमा शवपरीक्षण प्रतिवेदनमा उल्लेखित कुराहरू र झुन्डी मरेको लासमा देखिने Logature Mark को सन्दर्भमा प्रसिद्ध विधिशास्त्री डा. J.P.Modi ले आफ्नो पुस्तक Medical Jurisprudence and Toxicology मा उल्लेखित कुराहरूलाई दृष्टिगत गर्दा पनि मृतक उर्मिला चेम्जोङ्गले आत्महत्या गरेको भन्ने कुरामा शंका गर्नुपर्ने स्थिति देखिन आएको छ ।

प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले बहसको क्रममा शव परीक्षण गर्ने चिकित्सकहरूले मृतकको मृत्यु झुन्डिएर भएको भनी किटानी राय दिएको र लास जाँच प्रकृति मुचुल्कासँग विशेषज्ञको उक्त राय आपसमा मिलिरहेको देखिँदा मृतकको मृत्यु कर्तव्यबाट भएको नभई निजको मृत्यु आत्महत्या रहे भएको पुष्टि भएको भन्ने पनि जिकिर लिनुभएको देखिन्छ । विद्वान् कानुन व्यवसायीहरूले बहसमा जिकिर लिनुभएझैं शवपरीक्षण गर्ने चिकित्सकहरूले मृतकको मृत्यु झुन्डिएको कारणबाट श्वास प्रश्वास अवरुद्ध हुन गई भएको भन्ने नै राय व्यक्त गरेको देखिन आएको छ । तर चिकित्सकहरूको उक्त रायको आधारबाट मात्र मृतकले आत्महत्या गरेको भनी भन्न मान्न सकिने अवस्था हुँदैन । किनभने एकातिर चिकित्सकहरूले आफ्नो रायमा Suicidial Hanging भनी किटानी राय दिएको अवस्था छैन भने अर्कोतिर Hanging भनी राय दिएकै कारणबाट मात्र त्यसलाई Suicidial भनी अर्थ गर्न मिल्ने हुँदैन । यसको साथ मृतकको मृत्यु श्वास प्रश्वास अवरुद्ध हुन पुगेको (Asphyxia) कारणबाट भएको भन्ने विशेषज्ञको रायबाट देखिन आएको छ । Hanging बाहेकको अन्य कतिपय प्रकारबाट हुने मृत्युको कारण पनि श्वासप्रश्वास अवरुद्ध हुन पुगेको (Asphyxia) कारणबाट हुन सक्ने कुरा चिकित्सा विधिशास्त्रको अध्ययनबाट देखिन आउँछ । जस्तो कि Strangulation मा पनि अधिकांशतः मृत्युको कारण Asphyxia नै हुन्छ । अनि Hanaging  र Strangulation बाट हुने मृत्युमा देखिने कतिपय लक्षणहरू समान हुने हुँदा कतिपय अवस्थामा मृत्यु Strangulation बाट भएकोमा पनि चिकित्सकहरूले Hanging भनी राय दिइरहेको अवस्था देखिन्छ । प्रस्तुत मुद्दाका मृतकको शवपरीक्षण प्रतिवेदन उल्लेखित कतिपय विवरणहरू झुन्डी मरेको लासमा देखिन नसक्ने बरु Strangulation बाट मरेको लासमा देखा पर्ने लक्षणहरू देखा परेको स्थिति रहेको छ । मृतकको मौकाको शव परीक्षण प्रतिवेदनमा रहेको आँखामा conjunctive Haemorrhage, अनुहारमा Petechiae र congested, मस्तिष्कमा congested, फोक्सोमा congested र Petechial haemorrhage भनी उल्लेख भएका अवस्थाहरू यस्ता अवस्थाहरू हुन् जुन सामान्यतया झुन्डी मरेको लासमा देखिँदैन बरु त्यस्तो अवस्था Strangulation बाट मरेको लासमा देखा पर्ने हुन्छ । उक्त अवस्थाहरू प्रायः Strangulation बाट मरेको लासमा देखिने भन्ने कुरालाई प्रसिद्ध विधिशास्त्री  Dr. J.P.Modi ले आफ्नो पुस्तक Medical Jurisprudence and Toxicology को एक्काइसौं संस्करणको पृष्ठ १९०-२०२ सम्मका विभिन्न स्थानमा उल्लेख गरेका छन् । मृतकको शव परीक्षण प्रतिवेदनबाट मृतकको शरीरमा देखिएको २ वटा चोट एउटा चिउँडोमुनिको 3cmx2cmx0.5cm चोट र अर्को 4cm linear left side over mandible  ले पनि मृतक आफैं झुन्डी मरेको भन्ने स्थितिलाई भन्दा पनि Strangulation को अवस्थालाई संकेत गरेको छ । किनकि झुन्डी मरेको लासमा पुस्तकहरूमा उल्लेख गरेको स्थिति अवस्था चिकित्सा विधिशास्त्रीहरूले आफ्ना पुस्तकहरूमा उल्लेख गरेको स्थिति अवस्था चिकित्सा विधिशास्त्रका पुस्तकहरूको अध्ययनबाट देखिन आउँछ । यसरी हेर्दा मृतक झुन्डिएको कारणबाट श्वासप्रश्वास अवरुद्ध हुन पुगेको भन्ने राय नै एकातिर शंकास्पद देखिन आएको छ भने अर्कोतिर सोही रायको कारणबाट मात्र माथि भनेझैं मृतकले आत्महत्या गरेको भनी यकिन गर्न सकिने

अवस्था नरहने हुँदा विशेषज्ञको उक्त रायबाट मृतकले आत्महत्या गरेको भन्ने कुरा पुष्टि भएको भन्ने प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीको जिकिरसँग पनि सहमत हुन सकिएन ।

प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले बहसको क्रममा एउटा जवान व्यक्तिले अर्को जवान व्यक्तिलाई एक्लैले झुन्ड्याउन सक्ने अवस्था नै नरहने भन्ने पनि बहसमा जिकिर लिनुभएको पाइन्छ । हो निश्चय नै पनि कुनै एउटा व्यक्तिले अर्को जवान व्यक्तिलाई सामान्यतया झुन्ड्याउन सक्ने अवस्था रहँदैन र तर प्रस्तुत मुद्दाको वारदातस्थल, त्यहाँको भौतिक स्थिति, अवस्था, मृतकको उचाइ, जमिनदेखि सल बाँधिएको झ्यालको भेन्टिलेसनको हेन्डिलको उचाइ र उक्त हेन्डिलदेखि मृतकको घाँटीमा बाँधिएको सलको गाँठोसम्मको नाप विवरण, मृतक लास रहेको अवस्थासमेतलाई दृष्टिगत गर्दा उक्त स्थिति अवस्थामा एउटा व्यक्तिले अर्को व्यक्तिलाई सहजै त्यस स्थितिमा राख्न नसक्ने भन्ने देखिन आउँदैन । अतः प्रस्तुत मुद्दाको मृतकलाई अर्को एउटा व्यक्तिले मृतक फेला परेको Posture मा राख्न नसक्ने भन्ने विद्वान् कानुन व्यवसायीहरूको उक्त जिकिरसँग पनि सहमत हुन सकिएन ।

प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठले यस अदालतमा बयान गर्दा मृतक र आफ्नोबीच प्रेम सम्बन्ध रहेको कुरा समाजले थाहा पाई बेइज्जत हुने डरले मृतक आफैं झुन्डी मरेको भनी बयान गरेको देखिन्छ । प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठको मौका अनुसन्धानको क्रममा भएको बयान एवम् यस अदालतमा भएको बयानसमेतबाट मृतक पटकपटक प्रतिवादीको घरमा आई रात बिताउने गरेको र मृतक र प्रतिवादीबिच धेरैपटक शारीरिक सम्पर्क भइसकेको भन्ने देखिन आएको छ । एउटा अविवाहित मृतक पटकपटक सहज र स्वतन्त्र रूपमा प्रतिवादीको घरमा आई रात बिताउने र प्रतिवादीसँग सहज रूपमा शारिरिक सम्पर्कसमेत कायम गर्ने गरेको देखिएबाट निज मृतकले समाजबाट आफ्नो बेइज्जती हुने भन्ने कुरालाई पचाइसकेको अर्थात् सामाजिक लोकलज्जालाई निज मृतकले पचाइसकेको देखिन्छ । वारदातको समयमा मृतकको महिनावारी भएको भन्ने देखिन आएकोले प्रतिवादीसँगको शारीरिक सम्पर्कबाट मृतक गर्भवती भएको भन्ने पनि देखिन आएको छैन । यस्तो स्थितिमा प्रतिवादीको बयानबाट निजले मृतकसँग विवाह गर्नलाई भनी उल्लेख गरेको समयावधि पनि धेरै लामो र पर्खनै नसक्ने अवस्थाको रहेको भन्ने पनि देखिएन । प्रतिवादी बिनु अधिकारीको बयानबाट मृतकले निजसँग आत्महत्या गर्ने वा गर्नैपर्ने त्यस्तो कुनै कारण नबताएको भनी बयान गरेको पाइन्छ । उल्लेखित स्थिति अवस्थालाई दृष्टिगत गर्दा प्रतिवादी दिपेन श्रेष्ठसँगको प्रेम सम्बन्धको कुरा समाजले थाहा पाएकोले बेइज्जत हुने डरले आफैं झुन्डी मरेको भन्ने निज प्रतिवादी दिपेन श्रेष्ठले यस अदालतको बयानमा लिएको जिकिरसँग पनि सहमत हुन सक्ने अवस्था देखिएन ।

प्रतिवादी दिपेन श्रेष्ठको बयानबाट २०६४।५।२ गते राति मृतक र प्रतिवादी दिपेन श्रेष्ठसँगै एउटै खाटमा सुतेको भन्ने पनि देखिन आएको छ । निजको बयानबाट उक्त समयमा मृतक र निज प्रतिवादीको बीचमा कुनै झैझगडा वा वादविवाद भएको वा मृतक झुन्डी मर्नुपर्नेसम्मको कुनै कारण अवस्था सिर्जना हुन पुगेको भन्ने पनि देखिन आएको छैन । बरु निज प्रतिवादी दिपेन श्रेष्ठको बयानबाट मृतक बिनाकुनै चिन्ता रातभरि मस्तसँग सुतेको निदाएको भन्ने देखिन आएको छ । यसरी बिनाचिन्ता सहज रूपमा मस्तसँग रातभरि प्रतिवादी दिपेन श्रेष्ठसँग एउटै खाटमा सुतेकी मृतकले अप्रत्यासित रूपमा एक्कासि बिहान उठी वारदातस्थलमा गई झुन्डी मरेको भन्ने कुरालाई सहज विश्वास गर्न सकिने अवस्था रहँदैन । उसमा पनि वारदातस्थल मृतक र प्रतिवादी दिपेन श्रेष्ठ रातभरि सुतेको कोठाभन्दा बेगल कोठा रहे भएको देखिएको र उक्त वारदातस्थल मृतकको लागि नयाँ नौलो रहे भएको देखिन आउनुको साथै प्रतिवादी दिपेन श्रेष्ठको बयान लगायत प्रमाणका व्यक्तिहरूको

कागज व्यहोरासमेतबाट उक्त कोठा अँध्यारो रहेको भन्ने देखिएको र प्रतिवादीको बयानबाट उक्त कोठाको बत्ती बलेको भन्ने पनि देखिन नआएको (निजको बयानबाट निजले नै बिहान बत्ती बाली मृतक लास हेरेको भनी उल्लेख गरेको देखिएको) स्थितिमा मृतकको लागि अपरिचित रहेको त्यस्तो अँध्यारो कोठामा गई मृतकले आत्महत्या गरेको भन्ने कुरा पनि मिल्दो देखिन नआउनुको साथै त्यस्तो भनाइलाई विश्वास गर्न सकिने अवस्था पनि देखिएन । मृतक आफैं झुन्डी मर्नुपर्नेसम्मको अन्य कुनै कारण पनि मिसिलबाट देखिन आएको छैन भने मृतक झुन्डी मर्नुको लागि प्रतिवादी दिपेन श्रेष्ठकै घर छनौट गर्नुपर्नेसम्मको कुनै कारण आधार पनि मिसिलबाट देखिन लाएको छैन । यसरी माथि विवेचना गरिएका विभिन्न तथ्य, आधार प्रमाण, परिस्थितिजन्य अवस्थासमेतबाट मृतक आफैं झुन्डी मरेको अर्थात् मृतकले आत्महत्या गरेको भन्न सकिने अवस्था देखिन आएन । मिसिल सामेल रहेका कागज प्रमाणलाई दृष्टिगत गर्दा मृतकको मृत्यु अन्य कुनै घटना घटी भएको भन्ने देखिँदैन भने मृतक मृत्यु स्वाभाविक मृत्यु (Natural Death) भन्ने पनि देखिन आएको छैन । यसरी माथि विवेचना गरिए अनुसार मृतक आफैं झुन्डी मरेको भन्ने देखिन नआएका, निजको मृत्यु अन्य कुनै घटना घटी भएको भन्ने नदेखिएको र मृतकको मृत्यु स्वाभाविक मृत्यु (Natural Death) भन्ने पनि देखिन नआएको समेतका उल्लेखित कागज एवम् परिस्थितिजन्य अवस्थाबाट मृतकको मृत्यु कर्तव्यबाट नै भएको भनी मान्नुपर्ने देखिन आयो । यसरी प्रस्तुत मुद्दाको मृतकको मृत्यु कर्तव्यबाटै भएको भनी ठोस रूपमा भन्न यकिन गर्न सकिने पर्याप्त आधार प्रमाणहरू प्रस्तुत मुद्दामा रहे भएको अवस्था देखिँदा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले प्रस्तुत गर्नुभएको स.अ.बुलेटिन २०६३ पूर्णाङ्क ३४२ पृष्ठ ७ मा प्रकाशित नजिर सिद्धान्त पनि प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुन सक्ने देखिन आएन ।

माथि उल्लेख भए अनुसार मृतकको मृत्यु कर्तव्यबाटै भएको पुष्टि भइसकेपछि अब यी प्रतिवादी दिपेन श्रेष्ठको कर्तव्यबाट मृतकको मृत्यु भएको हो होइन ? भन्ने प्रस्तुत मुद्दामा उपस्थित अर्को प्रश्नको सम्बन्धमा विचार गर्दा प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठले मौका अनुसन्धानको क्रममा र यस अदालतमा बयान गर्दाको अवस्थामा समेत मृतकलाई कर्तव्य गरी मारेको भन्ने अभियोग दाबीप्रति इन्कार रही बयान गरेको देखिन्छ । प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठलाई दोषी ठहर गर्न प्रमाणबाट निजको संलग्नता पुष्टि हुनुपर्छ अन्यथा निजलाई दोषी ठहर गर्न मिल्दैन । प्रस्तुत मुद्दाको अभियोग-पत्रमा प्रतिवादी दिपेन श्रेष्ठको यो यस्तो कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने दाबी नै रहेको देखिँदैन र दाबी नै नभएपछि यो प्रमाणले यो यस्तो कर्तव्यको पुष्टि भएको भन्न सकिने अवस्था नै छैन । अभियोग-पत्रलाई पुष्टि गर्ने लिखत प्रमाण भनेको लास जाँच मुचुल्का र विशेषज्ञले दिएको मृत्युको कारण हो । प्रस्तुत मुद्दामा अभियोग दाबीलाई पुष्टि गर्ने न त लास जाँच मुचुल्का छ न त मृत्युको कारण नै । जाहेरवालाको जाहेरी सुनी सुनाई आधारमा परेको र सो जाहेरीमा उल्लेखित तथ्य नै फरक पारी जाहेरवालाले अदालतमा बकपत्र गरेको देखिँदा त्यस्तो बकपत्रलाई अदालतले प्रमाणको रूपमा लिनै मिल्दैन । यस सम्बन्धमा सर्वोच्च अदालत बुलेटिन २०६३ पूर्णाङ्क ३३४ पृष्ठ ८ मा "लास प्रकृति लगायतका प्रमाणबाट जाहेरीको तथ्य फरक परे दोषी ठहर गनै नमिल्ने" भनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको छ । मौकामा बुझिएका व्यक्तिहरू सबैले शंका लाग्छ विश्वास लाग्छ भन्नेसम्म उल्लेख गरेको देखिएको तर कसैलाई शंका लाग्नु विश्वास लाग्नु कसुर ठहर गर्ने आधार बन्न सक्दैन, घटना घट्न र कसुर प्रमाणित हुनु अलगअलग कुरा हुन् । कुनै पनि कसुर प्रमाणित गर्ने ठोस एवम् शंकारहित प्रमाण हुनुपर्छ । बिरोधाभासपूर्ण प्रमाण हुनु हुँदैन । विरोधाभासको अन्त्य गर्नु र द्विविधाको अन्त्य गर्नु नै प्रमाणको एकमात्र उद्देश्य हो । अस्पष्ट र अनिश्चयात्यक कथनलाई मात्र कसुरदार ठहर गर्ने आधार

बनाउन मिल्दैन । प्रस्तुत मुद्दामा प्रतिवादीविरुद्धको कसुर पुष्टि गर्ने कुनै पनि बलियो र निश्चयात्मक प्रमाण रहे भएको नदेखिँदा ने.का.प.२०६५ अंक ४ पृष्ठ ४२३ नि.नं.७९५३ मा प्रतिपादित सिद्धान्तसमेतबाट प्रतिवादीले सफाइ पाउनुपर्ने स्थिति देखिएको छ । प्रस्तुत मुद्दाको उठान लगायतका सम्पूर्ण कागज प्रमाणबाट मृतकको मृत्यु प्रतिवादी दिपेन श्रेष्ठको घरकोठामा भएको भन्ने आधारमा शंका गरी सोही शंकाको आधारमा अभियोग-पत्र दायर भएको छ । तर चस्मदिद र प्रत्यक्ष सबुत प्रमाण कोही पनि छैन । यस्तो स्थितिमा ने.का.प.२०४४ अंक ११ पृष्ठ ११०७ मा प्रकाशित सिद्धान्तसमेतबाट प्रतिवादीले कसुर गरेको भनी ठहर गर्न मिल्ने नदेखिएको र प्रस्तुत मुद्दामा कर्तव्य गरी झुन्ड्याएको भनी दाबी गरे पनि के-कसरी कर्तव्य गरे भन्ने कुरा अभियोग-पत्रमा उल्लेख गर्न नसकेको अवस्थामा अदालत स्वयम्ले नै यसैगरी कर्तव्य गऱ्यो होला भनी कर्तव्यको आफैं अनुमान गरी वादी दाबी नै संशोधन गरी दाबी कायम गरी फैसला गर्न मिल्ने नदेखिँदा प्रतिवादी दिपेन श्रेष्ठले अधियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी बहस गर्नुभएको र सोही व्यहोराको लिखित बहस-नोट पेस गर्नुभएको देखिन्छ । तर वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता एवम् जाहेरवालाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले जाहेरवालाको जाहेरी एवम् अदालतसमक्षको बकपत्र, मौका आफ्नो व्यहोरा लेखाउने व्यक्तिहरूले अदालतसमक्षको बकपत्र र परिस्थितिजन्य प्रमाणबाट प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठको कर्तव्यबाटै मृतकको मृत्यु भएको भन्ने अभियोग दाबी पुष्टि भइरहेको देखिँदा प्रतिवादी दिपेन श्रेष्ठलाई अभियोग मागदाबी अनुसारको सजाय हुनुपर्छ भनी बहस गर्नुभएको र सोही व्यहोरासमेतको लिखित बहस-नोट प्रस्तुत गर्नुभएको पाइन्छ ।

विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको बहस एवम् पेस गर्नुभएको उपरोक्त व्यहोराको लिखित बहस-नोट लगायतका मिसिल संलग्न प्रमाण कागजलाई दृष्टिगत गर्दा प्रस्तुत मुद्दाका मृतक उर्मिला चेम्जोङ्गलाई मिति २०६४।५।२ गतेका दिन प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठले आफ्नो घरमा बोलाए अनुसार प्रतिवादीमध्येकी बिनु अधिकारीले मृतक उर्मिला चेम्जोङ्गलाई गई प्रतिवादीको घरमा छाडेको र निज उर्मिला चेम्जोङ्ग मिति २०६४।५।३ गतेका दिन प्रतिवादी दिपेन श्रेष्ठकै घरमा कोठामा मृत अवस्थामा फेला परेको भन्ने कुरामा कुनै विवाद देखिन आएको छैन । मृतकको चिउँडो र मुखमा चोट नीलडामसमेत रहे भएको देखिएको भन्नेसमेतको आधारबाट मृतकलाई प्रतिवादीमध्येकी बिनु अधिकारीको सहयोग प्रतिवादी दिपेन श्रेष्ठ कर्तव्य गरी निजकै घरकोठामा सलले झुन्ड्याइदिएको भन्ने जाहेरवाला भेषराज चेम्जोङ्गको प्रतिवादी दिपेन श्रेष्ठ उपर किटानी जाहेरी परेको देखिन्छ भने जाहेरवालाले यस अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा पनि प्रतिवादी बिनु अधिकारीसमेतको सहयोग संलग्नतामा प्रतिवादी दिपेन श्रेष्ठ मृतकलाई कुटपिट गरी केही खुवाई लठ्याई झुन्ड्याई मारेको भनी बकपत्र गरेको पाइन्छ । जाहेरवालाले मौकामा जाहेरी दिँदाको अवस्थामा प्रतिवादीले मृतकलाई के-कसरी कर्तव्य गरी मारी झुन्ड्याएको भनी उल्लेख गरेको र यस अदालतमा बकपत्र गर्दा भने कुटपिट गरी केही खुवाई लट्ठ्याई झुन्ड्याई मारेको भनी बकपत्र गरेको तर्फ इङ्गित गर्दै प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अभिवक्ताहरूले जाहेरवालाले मौकाको जाहेरीमा उल्लेख गरेको तथ्य नै फरक पारी अदालतमा बकपत्र गरेबाट निजको बकपत्रले मौकाको जाहेरी पुष्टि भएको नदेखिएको र मौकाको जाहेरीभन्दा फरक नयाँ तथ्य बकपत्रमा उल्लेख भएको देखिँदा त्यस्तो बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने जिकिर राख्नुभएको पाइन्छ । सोही क्रममा "लास जाँच प्रकृति लगायतका प्रमाणबाट जाहेरीको तथ्य फरक परे दोषी ठहर गर्न मिल्दैन" भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भई सर्वोच्च अदालत बुलेटिन २०६३ पूर्णाङ्क ३४९ पृष्ठ १५ मा प्रकाशित भएर रहेको भन्ने पनि जिकिर लिनुभएको पाइन्छ । विद्वान् कानुन व्यवसायीहरूले प्रस्तुत गर्नुभएको उक्त नजिर

सिद्धान्तलाई हेर्दा कसैलाई कसुरदार हो भनी भन्ने क्रममा जाहेरवालाले आफ्नो जाहेरीमा उल्लेख गरेको तथ्य लास जाँच प्रकृति मुचुल्का लगायतमा प्रमाणहरूबाट फरक देखिन आए अर्थात् उक्त प्रमाणहरूबाट जाहेरवालाले जाहेरीमा उल्लेख गरेको तथ्य मिलेको देखिन नआए त्यसरी प्रमाणबाट पुष्टि हुन नसकेको तथ्यको आधारमा कसैलाई कसुरदार ठहर गर्न नमिल्ने भन्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरेको कुन तथ्य लास जाँच प्रकृति मुचुल्का लगायतका प्रमाणबाट फरक परेको हो सो कुरा विद्वान् कानुन व्यवसायीहरूले बहसको क्रममा खुलाउन सकेको देखिँदैन । जाहेरवालाले आफ्नो जाहेरीमा लास जाँच प्रकृति मुचुल्काबाट मृतकको शरीरमा देखिएको चोटसमेतको आधार देखाई प्रतिवादी दिपेन श्रेष्ठ उपर मृतकको चिउँडोमुनि चोट रहेको भन्ने देखिएको अवस्थामा उक्त नजिर सिद्धान्त प्रतिपादन भएको मुद्दाको तथ्य र प्रस्तुत मुद्दाको तथ्य नै बेगल रहे भएको देखिन आएकोले उक्त नजिर सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुन सक्ने अवस्था देखिएन ।

जाहेरवालाले सुरु जाहेरीमा मृतक लासले घुँडा टेकेको, मृतक लास सामान्य रूपमा सलले टङ्गिएको, मानिस भित्र बाहिर आउन सक्नेगरी झ्याल खुल्ला रहेको, मृतकको चिउँडो र मुखमा नीलडाम रहेको भन्ने तथ्यबाट मृतक कर्तव्यबाट भएको भन्दै प्रतिवादी दिपेन श्रेष्ठले के-कसरी मारी झुन्ड्याइदिएछ भनी उल्लेख गरेको देखिएको र निज जाहेरवालाले यस अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा शवपरीक्षण प्रतिवेदनमा अनौठा गन्ध भनी उल्लेख भएका कुराहरू र अनुहारमा परेको चोटको आधारबाट मृतकलाई कुटपिट गरी केही खुवाई लठ्याई झुन्ड्याएर मारेको भनी बकपत्र गरेको स्थिति निजको बकपत्रबाट देखिन आयो । यसरी हेर्दा निज जाहेरवालाले सुरु जाहेरीमा के-कसरी मारी झुन्ड्याएछ भनी उल्लेख गरेकोमा पछि शव परीक्षण प्रतिवेदनमा उल्लेख भएका कुराहरूसमेतको आधारमा यो यसरी कर्तव्य गरेको भनी बकपत्र गरेको सम्म देखिएको तर सुरुको जाहेरी तथा यस अदालतसमक्षको बकपत्रसमेतमा मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको भन्ने नै मूलभूत आशय रहेको देखिँदा प्रतिवादीतर्फका विद्वान् अधिवक्ताहरूले बहसमा जिकिर लिएझैं जाहेरवालाले यस अदालतमा बकपत्र गर्दा नयाँ र फरक तथ्य देखिनेगरी बकपत्र गरेको भन्न सकिने आस्था देखिन आएन । अतः जाहेरवालाको यस अदालतसमक्ष बकपत्रलाई यस अदालतले प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भन्ने प्रतिवादीतर्फका विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग पनि सहमत हुन सकिने अवस्था रहेन ।

मौकामा बुझिएका व्यक्तिहरूले आफ्नो भनाइ राख्दा शंका लाग्छ, विश्वास लाग्छ भनी आफ्नो भनाइ राखेको देखिएको तर कसैलाई शंका लाग्नु विश्वास लाग्नु नै प्रतिवादीविरुद्धको कसुर ठहर हुने आधार बन्न सक्दैन, अस्पष्ट र अनिश्चयात्मक कथनलाई आधार बनाएर कसुरदार ठहर गर्न मिल्दैन भन्ने पनि प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूलको जिकिर रहेको देखिन्छ । विद्वान् अधिवक्ताहरूले बहसमा जिकिर लिएझैं कुनै पनि घटना घट्नु र कसैविरुद्धको कसुर प्रमाणित हुनु भनेको निश्चय नै अलगअलग कुराहरू हुन् । ठोस, प्रत्यक्ष, शंकारहित, विवादरहित र निश्चयात्मक प्रमाणको खोजी गरी अर्थात् फेला परेसम्मका सर्वोत्तम प्रमाणको खोजी गरी कसैविरुद्धको प्रमाणित हुने नहुने भन्ने कुराको निरुपण हुनुपर्छ भन्ने कुरामा पनि विवाद गरिरहनुपर्ने अवस्था रहँदैन । तर फौजदारी कानुनमा के पनि भनिन्छ भने कुनै पनि कसुरदारले साक्षी प्रमाण राखेर कसुर गरेको हुँदैन । त्यसै कारणले गर्दा सधैं र सबै अवस्थामा कसुरदारले कसुर गरेको देख्ने चश्मदिदको उपस्थिति रहँदैन भने सधैं र सबै अवस्थामा प्रत्यक्ष प्रमाण फेला नपर्न पनि सक्छ । त्यस्तो स्थिति अवस्थामा आरोपित गरिएको व्यक्तिले आरोपित कसुर गरेको हो होइन भनी यकिन गर्नको लागि परिस्थितिजन्य प्रमाणको सहारा लिनु अत्यावश्यक हुन जान्छ । सम्मानित सर्वोच्च अदालतबाट तत्कालीन श्री ५ को सरकारविरुद्ध ठूली भन्ने कान्छी तामाङ्ग भएको कर्तव्य ज्यान मुद्दामा “व्यक्तिले साक्षी राखी कर्तव्य गर्ने भन्ने स्वाभाविक प्रक्रिया

हुँदैन । यस्तै प्रत्यक्ष प्रमाण नभएको अवस्थामा परिस्थितिजन्य प्रमाणलाई राम्ररी छानबिन गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ । प्रत्यक्ष प्रमाणको अभाव छ भनी त्यसको लाभ अभियुक्तलाई मात्र दिने हो भने परिस्थितिजन्य प्रमाणको धारणा मृतप्रायः हुन जाने स्थिति सिर्जना हुन जाने हुन्छ" भनी सिद्धान्तसमेत प्रतिपादन धारणा देखिन्छ ( ने.का.प.२०४५ अंक ११ पृष्ठ ११९९) । तर परिस्थितिजन्य प्रमाण सदैव बलियो र कुनै ठोस निष्कर्ष दिन सक्ने खालको हुनुपर्दछ र परिस्थितिजन्य प्रमाणका कडीहरू अटुट रूपमा रूपमा एकआपसमा जोडिएर रहेको हुन जरुरी हुन्छ । यसै सम्बन्ध सम्मानित सर्वोच्च अदालतबाट बुद्धिप्रसाद सुवेदीविरुद्ध खडानन्द सुवेदी भएको कर्तव्य ज्यान मुद्दामा "परिस्थितिजन्य प्रमाणको आधारमा ठहर गर्ने आधारबिन्दु र सम्बद्ध तथ्यको कडी एकआपसमा एकबद्ध रूपले आवद्ध एवम् गाँसिएको हुनुपर्दछ र सो गाँसिएको मालाकार कडीमा कुनै छुट हुनु हुदैन । एउटा तथ्य अर्को तथ्यसँग अन्योन्याश्रित हुनु अपरिहार्यता हुन्छ । एकआपसमा गाँसिएका यिनै तथ्यगत कडीलाई समातेर नै एउटा ठोस आधारमा अभियुक्त निर्दोष छैनन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ भने सम्मानित सर्वोच्च परिस्थितिजन्य प्रमाणले मद्दत गर्दछ" भनी सिद्धान्त प्रतिपादन भइरहेको पाइन्छ (ने.का.प.२०४८ अंक ५ पृष्ठ १९३) । सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको उक्त नजिर सिद्धान्तलाई दृष्टिगत गर्दा विवाद निरुपण गर्न आवश्यक पर्ने सम्बद्ध सबै तथ्यहरूको कडी मालाकार रूपमा एकआपसमा अन्योन्याश्रित तवरले गाँसिन गई एउटा ठोस निष्कर्षमा पुग्न सकिने भएमा मात्र त्यस्तो परिस्थितिजन्य प्रमाणको आधारबाट आरोपित गरिएको व्यक्तिले कसुर गरेको हो होइन भनी निष्कर्षमा पुग्न सकिने देखिन आयो ।

प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूले बहसमा जिकिर लिनुभएझैं प्रस्तुत मुद्दाका जाहेरवाला वारदातका प्रत्यक्षदर्शी होइनन् भने मौकामा कागज गर्ने कोही पनि व्यक्ति वारदातका प्रत्यक्षदर्शी देखिँदैनन् । यसरी हेर्दा प्रस्तुत मुद्दामा प्रत्यक्ष प्रमाण सर्वथा अभाव रहेको देखिन्छ । त्यसकारण प्रस्तुत मुद्दामा पनि प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठले आरोपित कसुर गरेको हो होइन भनी यकिन गर्न मूलतः परिस्थितिजन्य प्रमाणकै सहारा लिनुपर्ने अवस्था रहेको पाइन्छ । तर त्यस्तो अवस्था रहँदै पनि प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूले बहसमा जिकिर लिनुभएझैं जाहेरवाला तथा मौकामा कागज गर्ने व्यक्तिहरू (जसले आफ्नो मौकाको कागज व्यहोरालाई यस अदालतमा बकपत्र गर्दासमेत पुष्टि गरीदिएका छन्) को मौकाको भनाइलाई प्रमाणको रूपमा बिल्कुलै ग्रहण गर्न नमिल्ने भन्नेचाहिँ होइन । किनभने अप्रत्यक्ष प्रमाण पनि अन्य कुनै ग्राह्य प्रमाणबाट समर्थित हुन्छ भने त्यस्तो अप्रत्यक्ष प्रमाणले पनि ग्राह्य प्रमाणको रूप धारण गर्न पुग्छ । अनि कतिपय अवस्थामा अप्रत्यक्ष भनिएको प्रमाण पनि कुनै निश्चित तथ्यमा आधारित रहेको देखिएमा त्यस्तो अप्रत्यक्ष प्रमाण पनि बलियो प्रमाणको रूपमा देखापर्न सक्छ । मूलभूत कुरा के हो भने अप्रत्यक्ष प्रमाण स्वतन्त्र प्रमाणबाट समर्थित हुन्छन् भने मात्र त्यस्तो अप्रत्यक्ष प्रमाणलाई ग्राह्य प्रमाण रूपमा स्वीकार गर्न सकिने हन्छ । यस परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत प्रस्तुत मुद्दाका जाहेरवाला र प्रकाणका व्यक्तिहरू, मृतक उपर कर्तव्य हुँदै गरेको अवस्थामा वा मृतकलाई कसैले कर्तव्य गरी ज्यान मार्दाकै अवस्था देख्ने प्रत्यक्षदर्शी व्यक्तिहरू नभए पनि निजहरूले प्रतिवादी उपर कर्तव्य गरी मारेको भनेर बिनाकुनै आधार दोषारोपण गरेको देखिन नआई निजहरूमध्ये कोही मौकामा मृतकलाई मृत अवस्था फेला परेकै Posture मा देख्ने व्यक्तिहरू रहे भएको देखिन आएका छन् भने कतिपयले मृतकलाई अस्पतालको शवगृहमा देख्ने व्यक्तिहरू रहे भएको देखिन आएको र निजहरूले मृतकको शरीरमा परेको चोट, सलको गाँठोको अवस्था, मृत अवस्थामा फेला परेको Posture मृतकको तिघ्राभन्दा मुनिको भागले तेर्सो परेर जमिन छोएको अवस्था, मृतक र सल बाँधिएको झ्यालको भेन्टिलेसनको उचाइ, घाँटीको गाँठोदेखि झ्यालको हेन्डिलमा बाँधिएको सलको गाँठोसम्मको नाप, कोठाको ढोकाभित्रबाट बन्द

भए पनि झ्याल खुल्ला रहेको स्थिति र प्रतिवादीका पूर्व आचरणसमेत तथ्यहरूको आधारबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भन्दै जिउँदो अवस्थामा प्रतिवादी र मृतक मात्र रहेको प्रतिवदीको घरमा गएकी मृतक भोलिपल्ट मृत अवस्थामा फेला परेको स्थितिसमेतका निश्चित तथ्य आधार देखाएर मृतकलाई प्रतिवादी दिपेन श्रेष्ठले कर्तव्य गरी मारेको भनी दोषारोपण गरेको स्थिति अवस्था देखिन आएको र मृतकको शरीरमा चोट रहेको भन्ने लगायतका कतिपय परिस्थितिजन्य अवस्थाहरू लास जाँच प्रकृति मुचुल्का र शवपरीक्षण प्रतिवेदन लगायतका मौकामा कागज गर्नेमध्येका यस अदालतमा उपस्थित भई आफ्नो मौकाको जाहेरी एवम् कागज व्यहोरा समर्थित हुनेगरी बकपत्र गर्ने प्रमाण व्यक्तिहरूको कथनलाई Supporting Evidence को रूपमा स्वीकार गर्न सकिने अवस्था रहे भएको देखिन आयो । निजहरूको भनाइलाई प्रमाणमा लिन नमिल्ने भन्ने प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग पनि सहमत हुन सकिएन ।

अब प्रस्तुत मुद्दामा विद्यमान रहेको परिस्थितिजन्य प्रमाणका कडीहरू एकआपसमा मालाकार रूपमा गाँसिएका छन् छैनन् र त्सबाट कुनै ठोस निष्कर्ष निकालन सकिन्छ कि सकिँदैन ? भन्नेतर्फ दृष्टिगत गर्दा प्रस्तुत मुद्दाका प्रतिवादीहरूको मौका अनुसन्धानको क्रममा भएको बयान एवम् यस अदालतमा भएको बयानबाट मिति २०६४।५।२ का दिन प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठले मृतक उर्मिला चेम्जोङ्गलाई निजको घरमा बोलाए अनुसार प्रतिवादी बिनु अधिकारी र मृतक प्रतिवादी दिपेन श्रेष्ठको घरमा गएको भन्ने देखिन आएको छ । प्रतिवादी बिनु अधिकारीको यस अदालतको बयानबाट मृतकले विवाह सम्बन्धी कुरा गर्नु छ भनी भनेपछि मृतकलाई प्रतिवादीको घरमा छोडी आफू फर्की गएको भन्ने देखिन आयो । प्रतिवादीको घरमा पुग्दाको अवस्थासम्म मृतक स्वस्थ रहेको भन्ने देखिन आएको छ अर्थात् मृतकलाई कुनै रोग लागेको भन्ने देखिन आएको छैन । उक्त मिति २०६४।५।२ मा मृतक र प्रतिवादी दिपेन श्रेष्ठबीच विवाह सम्बन्धी कुराकानी भएको भन्ने कुरा पनि प्रतिवादी दिपेन श्रेष्ठको बयानबाट देखिन आएको छ । उक्त मिति २०६४।५।२ को राति मृतक र प्रतिवादी एउटै खाटमा सुतेका र मृतक करिब १३ बजेपछि बिनाकुनै चिन्ता मस्तसँग निदाएको भन्ने पनि प्रतिवादीको बयानबाट देखिन आएको छ । प्रतिवादीको उक्त बयानबाट मृतक तत्काल गर्भवती पनि नभएको र मृतक र प्रतिवादीबीचको जातीय विभेदको कारण विवाहको लागि आफ्नो अभिभावकलाई मनाउन केही समय लाग्ने भएकोले मंसिरमा विवाह गर्ने भनी मृतकलाई प्रतिवादीले आश्वस्त पारेपछि मृतक चिन्तामुक्त भई सुतेको भन्ने देखिन आयो । मृतकले प्रतिवादीसँग सो मितिभन्दा अगाडि पनि पटकपटक विवाहको लागि दबाब दिँदै आएको कारण मृतकलाई सम्झाउनका लागि प्रतिवादी दिपेन श्रेष्ठले प्रतिवादी बिनु अधिकारीलाई समेत भनेको भन्ने पनि प्रतिवादीको बयानबाट देखिन आएको छ । प्रतिवादीहरूको उक्त बयानबाट मृतकले प्रतिवादी दिपेन श्रेष्ठसँग विवाहको लागि निक्कै दबाब दिँदै आएको र प्रतिवादी दिपेन श्रेष्ठले विवाह गर्न आलटाल गर्दै आएको भन्ने पनि प्रतिवादी दिपेन श्रेष्ठको बयानबाट देखिन आएको छ । प्रतिवादी दिपेन श्रेष्ठले मृतकसँग विवाह गर्न आलटाल गरेको भन्ने कुरा मौकामा कागज गर्ने अधिकांश व्यक्तिहरूको कागज एवम् बकपत्रसमेतबाट पुष्टि भएको देखिन्छ । उक्त मिति २०६४।५।२ को राति प्रतिवादी र मृतकबीच विवाहको कुराकानी भइसकेपछि मृतकचाहिं सुतेको भए पनि प्रतिवादीलाई छटपटाहट भई निन्द्रा नलागेको भन्ने पनि निज प्रतिवादी दिपेन श्रेष्ठको बयानबाट देखिन आएको छ । निजको उक्त बयान व्यहोरालाई दृष्टिगत गर्दा मृतकले प्रतिवादीसँग विवाहको लागि पटकपटक दबाब दिएको तर अन्तरजातीय विवाहलाई प्रतिवादीको अभिभावकले सहजै स्वीकार नगर्ने भएकोले के गरौं कसो गरौं भन्ने लगायतको चिन्ता प्रतिवादीलाई हुन गई त्यही छटपटाहटमा निजलाई निद्रा नलागेको भन्ने देखिन आयो । प्रतिवादी दिपेन श्रेष्ठको बयान लगायतका मिसिल संलग्न प्रमाणबाट उक्त

मिति २०६४।५।२ गतेको राति उक्त घरमा प्रतिवादी दिपेन श्रेष्ठको अभिभावक आमाबाबुसमेत रहे भएको भन्ने देखिन आएको छैन अर्थात् उक्त घरमा प्रतिवादी दिपेन श्रेष्ठ र मृतक मात्र रहे भएको भन्ने देखिन आयो । ती दुईमध्ये मृतकचाहिं मस्तसँग सुती निदाएको र प्रतिवादीलाई मृतकले विवाहको लागि दबाब दिएको कारण पर्न गएको चिन्ताले गर्दा निज सुत्न नसकेको भन्ने पनि देखियो । सोही क्रममा निजको मनमस्तिष्कमा विभिन्न किसिमका सोचले जन्म लिन पुगेको र सोही सोच एवम् अन्तरद्वन्द्वको परिणामस्वरूप निजले मृतकलाई सदाको लागि आफ्नो जीवनबाट पन्छाउने अठोट गर्न पुगेका रहेछन् भनी भन्नुपर्ने उल्लेखित परिस्थितिबाट देखिन आएको छ । किनभने एकातिर मृतकले प्रतिवादीसँग विवाहको लागि दबाब दिने र अर्कोतर्फ अन्तरजातीय विवाहलाई प्रतिवादीको अभिभावकले स्वीकार नगर्ने भएपछि उक्त परिस्थितिबाट उन्मुक्ति पाउनको लागि प्रतिवादी दिपेन श्रेष्ठसँग रातभरिको पर्याप्त समय र अनुकूल अवसर पनि रहे भएको देखिन्छ । कसरी भने उक्त घरमा मृतक र प्रतिवादी दिपेन श्रेष्ठसँग अर्को विकल्प बाँकी रहेको पनि देखिन आएन । यसरी प्रतिवादी दिपेन श्रेष्ठसँग मृतकलाई कर्तव्य गरी मार्न पर्नेसम्मको कारण अवस्था पनि रहे भएको देखिन आएको र त्यसको लागि प्रतिवादीसँग रातभरिको पर्याप्त समय र अनुकूल अवसर पनि रहे भएको देखिन्छ । कसरी भने उक्त घरमा मृतक र प्रतिवादी दिपेन श्रेष्ठ मात्र रहे भएको, निज दुवै जना एउटै कोठामा एउटै ओछ्यानमा रहेका र मृतक मस्त निन्द्रामा रहे भएको स्थिति अवस्थामा प्रतिवादी दिपेन श्रेष्ठले मृतकलाई सहजै आफ्नो नियन्त्रणमा लिई बिनाकुनै रोकटोक, बिनाकुनै अवरोध जे जस्तो कर्तव्य गर्न पनि सक्ने अवस्था र परिस्थिति भएको देखिन आएको छ । शवपरीक्षण प्रतिवेदनसमेतबाट मृतकको शरीरमा चोट परेको देखिन आएको र मृतक मृत अवस्थामा फेला परेको वारदातस्थलमा त्यस्तो चोट मृतकलाई आफैं पर्न सक्ने स्थिति अवस्था नदेखिएको नरहेको कुरा माथि विवेचन गरिसकिएकै छ । मिसिल संलग्न कागज प्रमाणबाट उक्त चोट मिति २०६४।५।२ का दिन मृतक प्रतिवदीको घरमा जानुभन्दा अगावै मृतकको शरीरमा रहे भएको भन्ने पनि देखिन आएको छैन । मृतकको शरीरमा परेको उक्त चोट यो यसरी परेको भनी प्रतिवादी दिपेन श्रेष्ठले आफ्नो बयानमा खुलाउन सकेको पनि देखिँदैन । उक्त चोट मृतक आफैंले आफ्नो शरीरमा चोट पार्नुपर्नेसम्मको कुनै कारण पनि मिसिलबाट देखिन आएको छैन । मिसिल सामेल रहेका कागजबाट मृतक र प्रतिवादीबाहेक सो अवस्थामा सो स्थानमा अन्य तेस्रो व्यक्तिको उपस्थिति रहे भएको पनि देखिन आउँदैन भने अन्य तेस्रो व्यक्तिबाट मृतकको शरीरमा उक्त चोट परेको भन्ने कुरा पनि मिसिलबाट देखिन आएको छैन । उक्त स्थितिलाई हेर्दा अन्यथा प्रमाणित नभएसम्म मृतकको शरीरमा परेको चोटलाई प्रतिवादी दिपेन श्रेष्ठकै कर्तव्यबाट परेको भनी मान्नुपर्ने देखियो । लास जाँच प्रकृति मुचुल्का एवम् मिसिल सामेल रहेको वारदातस्थलमा मौकामा खिचिएको फेटोहरू हेर्दा मृतकले सर्ट र जिन्सको पाइन्ट लगाएको स्थिति देखिएको छ । उक्त पहिरनलाई दृष्टिगत गर्दा मृतक झुन्डिन प्रयोग गरेको भनिएको सलको उपस्थितिलाई स्वाभाविक मान्न सकिने अवस्था छैन । उक्त सलका सम्बन्धमा प्रतिवादी दिपेन श्रेष्ठले बयान गर्दा मृतकलाई निजले लगाइराखेको पाइन्ट लगाएर सुत्न अप्ठ्यारो हुन्छ भनी राति १२ बजेतिर बाकसमा रहेको आमाको सल झिकेर मृतकलाई निजको बयानबाट नदेखिँदा आफ्नै कोठाको बाकसबाट निजले सल झिकेको भन्ने देखियो । निज प्रतिवादीको उक्त बयानबाट पाइन्ट लगाएर सुत्न अप्ठ्यारो भएको कारण मृतकले अनुमान गरी उक्त सल मृतकलाई दिएको भन्ने देखियो । तर प्रतिवादीको उक्त बयानलाई सहजै विश्वास गर्न सकिने अवस्था देखिँदैन । किनभने प्रतिवादी दिपेन श्रेष्ठको कोठामा रहेको बाकसमा निजको आमाको सल रहने भन्ने कुरा नै सर्वप्रथमतः अविश्वसनीय देखिन्छ भने प्रतिवादीकै बयानबाट मृतक र प्रतिवादीबीच विगतको लामो समयदेखि यौन सम्पर्क भइरहको भन्ने देखिन आई मृतक र प्रतिवादीबीच कुनै पर्दा नै नरहेका अवस्थामा

मृतकलाई वास्तवमा लगाएको पाइन्टको कारण सुत्न अप्ठ्यारो भएको भए पनि पाइन्ट फुकालेर सुत्न हिच्किचाउनुर्पे स्थिति नरहने हुँदा सल बेरेर सुत्नुपर्नेसम्मको अवस्था नै देखिँदैन । यसको साथै प्रतिवादीकै बयानबाट उक्त समयमा मृतकको महिनावारी भइरहेको भन्नेसमेत भइरहेकी मृतकलाई आफ्नी आमाको सल बेर्न दिएको भन्ने प्रतिवादीको भनाइलाई पनि सहजै स्वीकार गर्न सकिने अवस्था देखिएन । यसरी हेर्दा उक्त सल मृतकको साथमा रहेको र मृतकले नै वारदातस्थलमा लगेको भन्ने देखिन आएन । मृतकको मृत्यु कर्तव्यबाट भएकोले भन्ने कुरामाथि विवेचना भइसकेको छ । प्रतिवादीको घरमा मृतक र प्रतिवादी बाहेक अन्य कसैको उपस्थिति रहेको देखिएको छैन । मृतकलाई अन्य कुनै तेस्रो व्यक्तिले कर्तव्य गरी मारेका भन्ने पनि देखिएको छैन । उल्लेखित स्थिति अवस्थालाई विचार गर्दा माथि विवेचना गरिए अनुसार प्रतिवादीले मृतक उपर चोट छाडेपछि निज मृतक अचेत अवस्थामा पुगेकी र त्यही अचेतन अवस्थामा पुगेकी मृतकलाई वारदातस्थलमा लगी मृतक फेला परेको Posture मा झुन्ड्याएर राख्ने क्रममा प्रतिवादी दिपेन श्रेष्ठले आफ्नो घरको आमाले प्रयोग गर्ने कोठाबाट आमाको सल झिकी ल्याई प्रयोग गरेका रहेछन् भनी मान्नुपर्ने देखिन आयो । प्रतिवादी दिपेन श्रेष्ठले आफ्नो बयानमा बिहान उठ्दा मृतकलाई खाटमा नदेखेको र आफू तल पसलमा गएको भनी बयान गरेको पाइन्छ । निजको उक्त बयानबाट आफूसँग सँगै सुतेकी मृतकलाई नदेखेपछि निज कहाँ गइन् भनी खोज्नेतर्फ प्रतिवादी नलागी तल पसलमा गएको भन्ने उल्लेख गरेको देखिँदा पनि निजले माथि उल्लेख गरेझैं मृतकलाई झुन्ड्याएको भन्ने कुराको पुष्टि भएको छ । कसरी भने प्रतिवादीको घरमा रहेकी मृतक बिहान उठेर घरका अन्यत्र भागमा जाने अवस्था हुँदैन । अतः मृतकलाई नदेखेपछि निज मृतक कहाँ गइछन् भनी स्वाभाविक रूपबाट प्रतिवादीले खोजबिन गर्नुपर्नेमा त्यसो नगरेबाट प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारिसकेको स्थिति हुँदा मृतकलाई खोजबिन नगरी तल पसलतर्फ गएको रहेछन् भनी मान्नुपर्ने देखिन आयो । त्यसपछि सहप्रतिवादी बिनु अधिकारीले प्रतिवादी दिपेन श्रेष्ठको घरमा फोन गरी मृतकलाई सोध्दा निज ट्वाइलेटमा छ भनी प्रतिवादी दिपेन श्रेष्ठले सहप्रतिवादी बिनु अधिकारीलाई व्यहोरा ढाँटी सुनाएको र बिनु अधिकारीलाई जरुरी काम छ भनी बोलाएको भन्ने पनि प्रतिवादीहरूको बयानबाट देखिन आएको छ । प्रतिवादी दिपेन श्रेष्ठले प्रमाणका सुदीप तामाङ्गलाई समेत बोलाई ल्याएको भन्ने प्रतिवादी दिपेन श्रेष्ठको बयानबाट र सुदीप तामाङ्गको कागजबाट देखिन्छ । त्यसपछि निज सुदीप तामाङ्ग र प्रतिवादी बिनु अधिकारीलाई प्रतिवादी दिपेन श्रेष्ठले माथि लगी कोठाको झ्यालबाट मृतकलाई देखाएको भन्ने निजहरूको बयान तथा कागजबाट देखिन आएको र त्यसपछि प्रतिवादी दिपेन श्रेष्ठले प्रतिवादी बिनु अधिकारी र प्रमाणका सुदीप तामाङ्गलाई घटनाबारे कसैले सोधे भने यो यसरी भन्नु भनी तथ्य ढाँटी भन्न सिकाएको भन्ने कुरा प्रतिवादीहरूको बयानबाट देखिन आयो । यसरी तथ्य लुकाउन खोज्ने र अन्य कुरा भन्न सिकाउने जस्ता प्रतिवादीको उक्त मनस्थितिलाई हेर्दा पनि कसुर वारदातमा प्रतिवादीको संलग्नतालाई पुष्टि गरेको देखिन्छ । त्यसपछि पनि प्रतिवादी दिपेन श्रेष्ठले घटनाबारे प्रहरीमा खबर गर्न हिच्किचाएको भन्ने स्वयं प्रतिवादी दिपेन श्रेष्ठको बयान एवम् सुदीप तामाङ्गको कागजबाट देखिन आएको र पछि मात्र प्रतिवादी दिपेन श्रेष्ठले पहिला आफ्ना बाबुलाई खबर गरेका र बाबुलाई खबर गरी फर्कंदा मात्र प्रहरीलाई खबर गरेको भन्ने देखिँदा उल्लेखित स्थितिले पनि प्रतिवादी आरोपित कसुरका कसुरदार रहे भएको तर्फ इङ्गित गरेको देखिन्छ । किनकि वास्तवमा प्रतिवादीले आरोपित कसुर गरेको अवस्था नभए निजले मौकैमा वारदातका सम्बन्धमा प्रहरीलाई खबर गर्न र साथीहरूलाई समेत खबर गर्न हिच्किचाउनुपर्ने अवस्था नै रहने थिएन ।

यसरी माथि विवेचना गरिए अनुसार प्रतिवादी बिनु अधिकारुले मृतकलाई मिति २०६४।५।२ मा प्रतिवादी दिपेन श्रेष्ठको घरमा छोडेको, सो अवस्थामा मृतक स्वस्थ रहेको देखिएको, उक्त दिन मृतकले प्रतिवादीसँग विवाहको कुरा गरेको, यी प्रतिवादीले मृतकलाई मंसिरमा विवाह गर्ने भनी आश्वस्त पारेपछि मृतक र प्रतिवादी करिब १२ बजेसम्म गफ गरी बसी १२ बजेपछि मृतक बिनाकुनै चिन्ता सुती निदाएको तर प्रतिवादीलाई मृतकले आफूसँग विवाहको लागि जोड गरेको र आफ्ना आमाबाबुले भने अन्तरजातीय विवाहलाई स्वीकार नगर्ने भएकोले के गर्ने र के नगर्ने भन्ने कुराको चिन्ताले निन्द्रा लाग्न नसकेको भन्ने देखिएको, त्यसै अवस्थामा जन्म लिएको सोचको परिणति स्वरूप मृतकलाई सदाको लागि पन्छाउने अठोट प्रतिवादीले गर्न पुगेको भन्ने पनि उक्त परिस्थितिबाट देखिन आएको, मृतकमाथि परेको चोट आफैं परेको भन्ने देखिन नआएको, अन्य तेस्रो व्यक्तिको उपस्थिति रहेको पनि नदेखिँदा मृतकमाथि प्रतिवादीले नै चोट छोड्न पुगेको भन्ने देखिएको र त्यसरी चोट छोडेपछि मृतक अचेतन अवस्थामा पुग्न गएकोले आमाको कोठाबाट आमाको सल झिकी ल्याई मृतक फेला परेका Postute मा मृतकलाई झुन्ड्याएको भनी उल्लेखित परिस्थितिको आधारमा मान्नुपर्ने देखिन आएको, मृतकलाई आफूले झुन्ड्याएको कारण बिहान उठ्दाको अवस्थामा मृतकलाई नदेखेपछि निजलाई खोज्नपट्टि नलागी सिधै पसलमा गएको भन्ने पनि मान्नुपर्ने देखिएको, त्यसपछि प्रतिवादी बिनु अधिकारीले फोन गर्दा मृतक ट्वाइलेटमा छ भनी ब्यहोरा ढाँटेको, त्यसपछि प्रतिवादी बिनु अधिकारीलाई र सुदीप तामाङ्गलाई वारदातको सम्बन्धमा व्यहोरा ढाँटी भन्नु भनी सिकाएको र यथासमयमा घटनाको सम्बन्धमा प्रहरीलाई खबर गर्न हिच्किचाएको देखिएको, मिति २०६४।५।२ को साँझ स्वस्थ अवस्थाकी मृतक प्रतिवादीको घरमा गएकी र त्यसपछि कोही कसैले मृतकलाई जीवित अवस्थामा नदेखेको, एकैचोटी मिति २०६४।५।३ मा मृत अवस्थामा मृतकको लास फेला परेको देएिको र माथि विवेचना गरिएअनुसार मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने देखिएको र वारदातस्थलमा मृतक र प्रतिवादी बाहेक अन्य तेस्रो व्यक्तिको उपस्थिति रहेको नदेखिएको समेतका मिसिलबाट देखिएको परिस्थितिजन्य प्रमाणका कडीहरू एकआपसमा एकबद्ध एवम् अन्योन्याश्रित रूपमा गाँसिएको देखिन आई त्यसरी सिलसिलेवार रूपमा रहेका ती कडीहरूको मूल्यांकन र विवेचना गर्दा यी प्रतिवादी दिपेन श्रेष्ठ निर्दोष होइन रहेछन् भनी ठोस निष्कर्षमा पुग्न सकिने अवस्था देखिन आयो ।

हुनत प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले बीच बजारमा घटना भएको, घटना भएको घरमा एस.एन.बी. भन्ने अन्तर्राष्ट्रिय प्रोजेक्टको कार्यालयमा बसी त्यसमा चौबीसै घन्टा २ जना सुरक्षा गार्ड खटिएको अवस्था रहने र ती सुरक्षागार्डलाई बुझ्दासमेत निजहरूले घटना घटाएको कसैलाई थाहा जानकारी नभएको भनी कागज गरेको देखिएको, प्रतिवादी दिपेन श्रेष्ठको घरमा मृतकको मृत्यु भएको कारण निज उपर शंका गरी अभियोग पत्र दायर भएको तर चस्मदिद एवम् प्रत्यक्ष र बलियो सबुत प्रमाण केही नभएको स्थितिमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०४४ अंक ११ पृष्ठ ११०७ र दिपेन श्रेष्ठलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा निजले पूर्ण रूपबाट सफाइ पाउनुपर्छ भनी बहसमा जिकिर लिनुभएको देखिन्छ । निज कानुन व्यवसायीहरूले बहसमा जिकिर लिनुभएको वारदात घटेको घरमा भाडामा बसेको कार्यालय सुरक्षाको लागि खटिएको भनिएका सुरक्षा गार्ड दुर्गाबहादुर ओझाले गरेको मौकाको कागज हेर्दा निजहरू तलामाथि रहने भएकोले केही आवाज पनि मुनि तलाको सुनिँदैन भनी कागज गरेको देखिन्छ । उक्त कागज व्यहोराबाट निजहरू रहे बसेको स्थानबाट वारदातस्थलमा भए घटेका कुनै कुरा निजहरूले थाहा जानकारी पाउन नसक्ने अवस्थाको रहेको भन्ने देखिन आयो । उसमा पनि मृतक र प्रतिवादी मात्र रहे भएको स्थानमा र मृतक सुती निदाएको अवस्थामा मृतकलाई आफ्नो नियन्त्रणमा लिई प्रतिवादीले मृतक उपर गरेको कुनै कर्तव्यको जानकारी अन्य

कसैलाई हुन नसकेको भन्ने कारण मात्र प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउन सक्ने आधार बन्न सक्दैन । अब विद्वान् अधिवक्ताहरूले प्रस्तुत गर्नुभएको उल्लेखित नजिरको सम्बन्धमा विचार गर्दा माथि विवेचना गरिए अनुसारको परिस्थितिजन्य प्रमाणसमेतबाट मृतकको मृत्यु कर्तव्यबाट नै भएको र मृतकको कर्तव्यमा प्रतिवादी दिपेन श्रेष्ठको संलग्नता रहेको भनी भन्न सकिने ठोस आधार रहे भएको भन्ने देखिन आएको छ । यरी प्रस्तुत मुद्दामा चस्मदिद साक्षी र प्रत्यक्ष प्रमाणको अभाव रहेको देखिए पनि माथि विवेचित परिस्थितिजन्य प्रमाणले नै बलियो प्रमाणको रूप धारण गर्न पुगी त्यही परिस्थितिजन्य प्रमाणको आधारबाट प्रतिवादीले आरोपित कसुर गरेको भनी ठोस रूपमा भन्न सकिने अवस्था देखिएको तर प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले पेस गर्नुभएको उल्लेखित नजिर सिद्धान्त प्रतिपादन भएको मुद्दाको तथ्य सो अनुसार रहेको देखिन नआई प्रस्तुत मुद्दाको तथ्य र विद्वान् कानुन व्यवसायीहरूले प्रस्तुत गर्नुभएको उल्लेखित नजिर सिद्धान्त प्रतिपादन भएको मुद्दाको तथ्य बेगल रहे भएको देखिँदा उक्त नजिर सिद्धान्त प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुन सक्ने अवस्था देखिएन ।

प्रस्तुत मुद्दाको सन्दर्भमा त अझ वास्तवमा भन्नुपर्दा मृतकको मृत्यु कर्तव्यबाट भएको हो भन्ने कुराको मात्र पुष्टि गरे पुग्ने अवस्थाको देखिन आउँछ । अन्य कुरा पुष्टि गरिरहनुपर्ने नै आवश्यक देखिँदैन । किनभने प्रस्तुत मुद्दाको मृतक मिति २०६४५।५।२ का दिन प्रतिवादीको घरमा गएको भन्ने कुरामा कुनै विवाद छैन । २०५।५।३ का दिन निज प्रतिवादीकै घरमा मृत अवस्थामा फेला परेको देखिन आएको छ। निज मृतक प्रतिवादीको घरमा प्रवेश गरेदेखि निज मृतक मृत अवस्थामा फेला पर्नुभन्दा अगाडिको अवस्थासम्ममा प्रतिवादीकै कब्जा वा नियन्त्रण वा संरक्षणमा रहे भएको भन्ने देखिन आएको छ । निज प्रतिवादीको कब्जा वा नियन्त्रणमा रहे भएको अवस्थामा मृतकको मृत्यु भएको देखिन आएको र माथि विवेचना गरिए अनुसार मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने देखिन आयो । यसरी प्रतिवादीको संरक्षण कब्जामा रहे भएको अवस्थामा मृतकको मृत्यु भएको देखिन आएको र माथि विवेचना गरिए अनुसार मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने देखिन आएको अवस्थामा आफ्नो कर्तव्यबाट मृतकको मृत्यु भएको होइन भन्ने कुरा प्रतिवादीले कुनै ठोस प्रमाण प्रस्तुत गरी पुष्टि गराउन सकेको अवस्थामा बाहेक मृतकको मृत्यु प्रतिवादीकै कर्तव्यबाट भएको भनी यस अदालतले अनुमान गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट वादी तत्कालीन श्री ५ को सरकारविरुद्ध फरेस्टर मानेश्वर मण्डलसमेत भएको कर्तव्य ज्यान मुद्दामा “अभियुक्तहरूले आफ्नो कब्जामा रहेको व्यक्तिको मृत्यु हुन जान्छ भने त्यो व्यक्तिको मृत्यु कालबाट भएको अथवा अन्य कुनै घटना घटी भएको भन्ने कुराको शंकारहित तथ्ययुक्त प्रस्ट प्रमाणले समर्थन गराउने जवाफदेही अभियुक्तहरूकै हुन जान्छ यसमा कुनै शंका र विवाद हुँदैन । यस्तोमा साधारण र लरतरो धुरमुरे प्रमाण प्रस्तुत गरेर अभियुक्तहरूले सफाइ पाउने अवस्था पर्दैन.... यस प्रकारका मुद्दामा वादीले अपराध अभियुक्तको कब्जामा घटेको हो र सो अपराध कर्तव्य हो भन्ने कुरा पुष्टि गरे पुग्छ” भनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको देखिन्छ । (ने.का.प.२०४२ अंक ३ पृष्ठ ३३४) ।

प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूले बहसको क्रममा प्रतिवादी दिपेन श्रेष्ठले मृतकलाई कर्तव्य गरी मारी झुन्ड्याएको भनी अभियोग पत्रमा दाबी गरे पनि के कसरी कर्तव्य गरे भन्ने कुरा अभियोग पत्रमा उल्लेख गर्न नसकेको अवस्थामा अदालत आफैंले यसैगरी कर्तव्य गऱ्यो होला भनी अनुमान गरी दाबी नै संशोधन गरी फैसला गर्न मिल्दैन, सुरुमा मृतकलाई प्रतिवादीले कर्तव्य गरी मारी झुन्ड्याएको भनी दाबी गरेको अवस्थामा प्रमाणबाट मृतकको मृत्यु झुन्डिएर भएको भन्ने देखिन आएपछि अब आएर झुन्ड्याएर मारेको भनी दाबी संशोधन गरी फैसला गर्न मिल्दैन भन्ने पनि जिकिर लिनुभएको पाइन्छ। वादी नेपाल

सरकारको तर्फबाट प्रस्तुत भएको अभियोग पत्र हेर्दा प्रतिवादी दिपेन श्रेष्ठ उपर ज्यान सम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुरमा ज्यान सम्बन्धीको १३(३) नं. बमोजिमको सजायको मागदाबी लिई अभियोग पत्र दायर भएको देखिन्छ । उक्त अभियोग पत्रले मूलतः प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने ठहर गरी प्रतिवादी उपर सजायको मागदाबी गरिएको रहेछ भन मान्नुपर्ने देखियो । प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारी वारदातस्थलमा लगी मृतक फेला परेको Posture मा झुन्ड्याएको भए वा प्रतिवादीले मृतकलाई चोटसमेत छोडी आफ्नो नियन्त्रणमा लिई वारदातस्थलमा लगी उल्लेखित Posture मा झुन्ड्याइदिएको कारण निजको मृत्यु भएको जे भए पनि मूलतः मृतकको मृत्यु प्रतिवादीकै कर्तव्यबाट भएको देखिन आउने र त्यस्तो अवस्थामा प्रतिवादीले सोही ज्यान सम्बन्धी महलको १ र १३(३) नं. अनुसारको कसुर गरेको र सोही ज्यान सम्बन्धी महलको १३(३) नं. अनुसारको सजाय हुने अवस्था रहँदा जे जसरी प्रतिवादीको कर्तव्यबाट मृत्यु भएको भए पनि त्यसबाट यस अदालतले दाबी संशोधन गरी फैसला गर्नुपर्ने अवस्था देखिन आएन । प्रस्तुत मुद्दामा वारदात भए गरेको देख्ने प्रत्यक्षदर्शीको अभाव रहेको भएपछि परिस्थितिजन्य प्रमाणसमेतको आधारमा मृतकलाई प्रतिवादीले कर्तव्य गरी मारेको भनी भन्ने क्रममा सुरु अभियोग पत्रमा कर्तव्य गरी मारी झुन्ड्याएको भन्ने उल्लेख गरेकोमा पछि प्रमाण बुझ्दै जाँदाको अवस्थामा मृतकको मृत्यु झुन्ड्याएको भन्ने उल्लेख गरेकोमा पछि प्रमाण बुझ्दै जाँदाको अवस्थामा मृतकको मृत्यु प्रतिवादीकै कर्तव्यबाट भएको भन्ने देखिन आएपछि निजले आरोपित कसुर गरेको भनी ठहर गर्दा वादी दाबी नै संशोधन हुन जान्छ भनी अर्थ गर्न मिल्ने पनि देखिँदैन । उसमा पनि अभियोग पत्रमा दाबी गरिएअनुसारको सजाय हुने वा सोभन्दा कम सजाय हुने अन्य कुनै ऐन अन्तर्गत कसुर गरेको भन्ने कुरा पछि प्रमाण बुझ्दै जाँदाका अवस्थामा ठहरिन गएमा पनि अदालतहरूले वादी दाबीभन्दा बेगल ऐन अनुसारको सजाय गर्ने हाम्रो न्यायिक परिपाटी रही आएको छ । उदाहरणको लागि ज्यान सम्बन्धी महलको १३(४) नं. अन्तर्गतको सजायको माग दाबी लिई अभियोग पत्र दायर भएको व्यक्तिले पछि प्रमाणबाट ज्यान सम्बन्धी महलको १३(३) नं. अनुसारको सजायको कसुर गरेको देखिन आएमा वा ज्यान सम्बन्धीको १३ नं. को सजायको माग दाबी गरिएको व्यक्तिले ज्यान सम्बन्धी महलको १७ नं. लगायतका अन्य कम सजाय हुने कसुर गरेको देखिन आएको अवस्थामा अभियोग पत्रमा दाबी गरिएभन्दा बेगल ऐन अन्तर्गतको सजाय पनि अदालतहरूले गर्ने गरी आएको पाइन्छ । यस्तो स्थितिमा विद्वान् कानुन व्यवसायीहरूले उठाउनुभएको तर्कबाट एकातिर दाबी संशोधन भएको भन्न मिल्ने अवस्था छैन भने अर्कोतिर प्रतिवादीले कर्तव्य गरी मारी झुन्ड्याएको भनी अभियोग पत्रमा उल्लेख भएको अवस्थामा पछि प्रमाणबाट प्रतिवादीले झुन्ड्याएर कर्तव्य गरेको भन्ने देखिन अएका अवस्थामा पनि यस अदालतले प्रतिवादीलाई कसुरदार ठहर गर्न र सजाय गर्न सक्ने नै देखिन आएकोले प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूले उठाउनुभएको उक्त बहस जिकिरसँग पनि यस अदालत सहमत हुन सकेन ।

अतः माथि प्रकरणमा विवेचना गरिए अनुसार प्रतिवादी दिपन भन्ने दिपन श्रेष्ठले आरोपित कसुर गरेको कुरालाई मौका अनुसन्धानको क्रममा र यस अदालतमा बयान गर्दाको अवस्थामा समेत इन्कार रही बयान गरेको भए पनि मिति २०६४।५।२ गतेका दिन मृतक प्रतिवादी दिपेन श्रेष्ठको घरमा गएकी भन्ने देखिएको, उक्त घरमा मृतक र प्रतिवादी दिपेन श्रेष्ठ मात्र रहेको, निजहरू सो रात प्रतिवादी दिपेन श्रेष्ठको घरमा गएकी मृतकलाई पछि कसैले जीवित अवस्थामा नदेखेको, निज मृतक मिति २०६४।५।३ का दिन मृत अवस्थामा फेला परेको, निजको मृत्यु कर्तव्यबाट भएको भन्ने देखिएको, मृतकलाई अन्य कुनै तेस्रो व्यक्तिले कर्तव्य गरेको भन्ने पनि देखिन नआएको, वारदात अगाडिको, वारदात अवस्थाको र वारदात पछाडिको प्रतिवादी दिपेन श्रेष्ठको माथि

विवेचित क्रियाकलाप र मनस्थिति शंकास्पद देखिएको, वारदातको सम्बन्धमा प्रहरीलाई खबर गर्न आलटाल गरेको, मृतकलाई प्रतिवादीले नै कर्तव्य गरी मारको भनी जाहेरवाला लगायत मौकामा कागज गर्ने व्यक्तिहरूले प्रतिवादी दिपेन श्रेष्ठ उपर किटानी रूपमा पोल गरेको देखिएको, मृतकको मृत्यु प्रतिवादी दिपेन श्रेष्ठकै घरमा निजकै संरक्षण कब्जामा रहेको अवस्थामा भएको दखिएको र कर्तव्यमा आफ्नो संलग्नता नरहेको भन्ने कुरा पुष्टि हुने कुनै आधार प्रतिवादीले देखाउन नसकेको समेतका माथि विवेचित तथ्य आधार प्रमाण र उल्लेखित सम्मानित सर्वोच्च अदालतबाट प्रतिवादी नजिर सिद्धान्त र मिसिलबाट देखिएको परिस्थितिजन्य अवस्थासमेतबाट यी प्रतिवादीले आरोपित कसुर गरेको भन्ने कुरा पुष्टि भएको देखिएकोले प्रतिवादी दिपेन श्रेष्ठलाई मुलुकी ऐन ज्यान सम्बन्धीको महलको १३(३) नं. अनुसार सजाय हुने ठहर्छ।

अब प्रतिवादी बिनु अधिकारीको सम्बन्धमा विचार गर्दा निज प्रतिवादी उक्त मिति २०६४।५।२ गतेका दिन मृतकलाई प्रतिवादी दिपेन श्रेष्ठको घरमा छोडी गएको भन्ने देखिन आएको, मृतक र प्रतिवादी दिपेन श्रेष्ठबीच विवाहको कुरालाई लिएर विवाद रहेको प्रतिवादीले वारदातपछि वारदातको सन्दर्भमा व्यहोरा ढाँट्ने लगायतका कार्य गरेको भन्ने देखिएको साथै यी प्रतिवादीसमेतको मिलोमतो संलग्नतामा प्रतिवादी दिपेन श्रेष्ठले मृतकलाई कर्तव्य गरी मारेको भनी जाहेरवाला लगायतका व्यक्तिहरूले यी प्रतिवादीलाई पोल गरेको देखिएको समेतका प्रमाण एवम् परिस्थितिजन्य अवस्थाबाट यी प्रतिवादी बिनु अधिकारी पनि बिल्कुलै निर्दोष रहिछन् भन्न सकिने अवस्था देखिन नआएको र यी प्रतिवादी बिनु अधिकारी वारदात अगाडि र वारदात पछाडिको मतियारसम्म रहे भएको भन्ने देखिन आएकोले यी प्रतिवादी बिनु अधिकारीलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल १७(३) नं.अनुसार ६ महिना कैदको सजाय हुने ठहर्छ। अरू तपसिल बमोजिम गर्नू।

**तपसिल**

माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठलाई मुलुकी ऐन ज्यान सम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहरेकोले निज प्रतिवादी मिति २०६४।५।३ गतेबाट थुनामा रही यस अदालतको आदेशानुसार पुर्पक्षको निमित्त थुनामै रहेको देखिँदा निजलाई लागेको कैदमध्ये २ वर्ष ४ महिना २० दिन भुक्तान भइसकेको देखिँदा बाँकी कैद १७ वर्ष ७ महिना १० दिन भुक्तान गर्न निजलाई मिति २०८४।५।२ गते सम्म कैदमा राखी ऐ. ३ गते कैदबाट मुक्त गरी दिनु भनी कारागार कार्यालय इलाममा रीत पूर्वक कैदी पुर्जी पठाइदिनू..............................................................................................................१

निज प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठको अंश सर्वस्व हुने ठहरेकोले निजको अंश कानुन बमोजिम रोक्का राखी प्रस्तुत फैसला अन्तिम सदर भई आएपछि सर्वस्व गर्न लगत राख्नू..........................................................२

प्रतिवादी बिनु अधिकारीलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलमो १७(३) नं. बमोजिम ६ महिना कैद हुने ठहरेकोमा निज प्रतिवादी मिति २०६४।५।३ गतेबाट थुनामा रही यस अदालतको आदेशानुसार मिति २०६४।६।३ गतेबाट तारिखमा रहेको देखिँदा निजलाई लागेको कैद १ महिना भुक्तान भइसकेकोले बाँकी कैद ५ महिना भुक्तान गर्न निज बेरुजु हुँदा लगत कसी राख्नू ..........................................................................................३

प्रतिवादी बिनु अधिकारीले यस अदालतबाट माग भएको धरौटी रु.२०,०००।- बापतमा मिति २०६४।६।३ गते दाताराम फुएल नामदर्ताको जिल्ला इलाम आमचोक गा.वि.स वार्ड नं.३(क) कि. नं. १२३ ज.रो. ७-१-३-१

जग्गा जेथा जमानत राखी तारिखमा रहेकोमा निजले यस अदालतबाट तोकी पाएको मिति २०६६।६।२२ गतेको तारिख गुजारी बसेको देखिएको भए पनि निजले यस अदालतमा मिति २०६६।५।१५ गते द.नं. ७१ मा दर्ता गराएको निवेदनबाट निज अदालतमा उपस्थित हुन नसक्ने भनी देखाएको कारण मनासिबै देखिँदा मुलुकी ऐन अ.बं. १२४ नं. को अन्तिम वाक्यांशले निजले राखेको धरौटी जफत गरिरहनुपर्ने देखिन नआएकोले प्रस्तुत फैसला अन्तिम सदर भई आएपछि र निजलाई लागेको कैद भुक्तान भएपछि उक्त धरौटी बापत राखेको जेथा फिर्ता फुकुवा गरिदिनू.........................................................................................................................४

प्रस्तुत फैसला चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नु भनी हाल कारागार कार्यालय जगन्नाथ देवल, काठमाडौंमा थुनामा रहेका प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठलाई उक्त कारागार कार्यालयमा र प्रतिवादी बिनु अधिकारीलाई निजको घर ठेगानामा पुनरावेदनको म्याद पठाइदिनू..............................................................................................................................५

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय इलाममा प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी लेखी पठाइदिनू............................६

प्रस्तुत फैसला उपर पुनरावेदन परे पुनरावेदनको रोहबाट र नपरे कानुन बमोजिम गरी साधक जाँचको लागि मिसिल पुनरावेदन अदालत इलाम पठाइदिनू...........................................................................................७

सरकारावालाले नक्कल सार्न माग गरे कानुन बमोजिम गरी नक्कल दिनू .....................................................८

प्रस्तुत मुद्दामा अन्य काम बाँकी नदेखिँदा दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू.........९

प्रस्तुत पाना -२८ को फैसला माननीय जिल्ला
न्यायाधीशज्यूले टिपाए बमोजिम तयार गर्ने :-
ना.सु. फणीन्द्रराज भट्टराई ।

............................

उमेशराज पौडेल

इति संवत् २०६६ साल पौष २३ गते रोज ५ शुभम्..................................................... जिल्ला न्यायाधीश

**श्री पर्वत जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री रमेश कुमार खत्री**

**फैसला**

**सम्वत २०६४ सालको स.फौ.नं. ००००१ नि. नं.६२**

***मुद्दा : सवारी ज्यान ।***

| **वादीको नाम थर वतन** | **प्रतिवादीको नाम थर वतन** |
| --- | --- |
| वागलुङ जिल्ला वा.न.पा. वडा नं. १ वस्ने प्रेमबहादुर किसानको जाहेरीले नेपाल सरकार.................................१ | पर्वत जिल्ला धाईरिङ गा.वि.स.वडा नं. ५ वस्ने चन्द्रबहादुर दमाईको छोरा वर्ष २८ को कृष्णवहादुर परियार..........................................१<br>बागलुङ जिल्ला वा.न.पा. वडा नं. १ वस्ने वर्ष २० को केशवबहादुर वोहोरा.........................................................................१<br>पर्वत जिल्ला धाईरिङ गा.वि.स.वडा नं. ९ घर भै ऐ वडा नं. ५ मिलन चोक वस्ने वेदनाथ आचार्यको छोरा वर्ष २८ को नारायण प्रसाद आचार्य.........................................................................१ |

| **वादीका साक्षी** | **प्रतिवादीका साक्षी** |
| --- | --- |
| जाहेरवाला / देखिजान्ने सुनिजान्ने तथा बुझिएका मानिसहरु | दुर्गा बहादुर दर्जी....................................................................१<br>काले दमै .........................................................................१<br>भिमे दमै ..........................................................................१ |

**आदलतवाट वुझेका साक्षी**

शंकर राना................................१
युवराज रेग्मी............................१
प्रम बहादुर किसान....................१
कल्पना आचार्य .......................१
सिता वोहोरा ...........................१
उमेश के. सी...........................१

**अदालतबाट बुझेका कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई दर्ता एवं दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

मेरो भाउजू तुलकुमारी सर्किनी मिति २०६४।१०।१८ गतेका दिन छोरी भेटी, घर आउने क्रममा ग.१ज. २५०५ नं. को जिप चढी आउँदा उक्त जिप चालक कृष्ण परियारले जथाभावी रूपमा गाडी चलाउँदा उक्त जिप सडक तल खसी दुर्घटना हुँदा भाउजूको मृत्यु हुन गएकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा

१६१ बमोजिम कारबाही गरी किरिया खर्च तथा क्षतिपूर्ति दिलाई पाऊँ भन्नेसमेत व्यहोराको प्रेमबहादुर किसानको जाहेरी दरखास्त ।

जिल्ला पर्वत माझफाँट गा.वि.स. वडा नं. ३ बारी बेनीस्थित पूर्वमा र पश्चिममा बेनी मालढुंगा कच्ची मोटरबाटो, उत्तरमा ठाडो भीर, दक्षिणमा खोल्सो भिरालो जमिन तल कालीगण्डकी नदीको तीर यति ४ किल्लाभित्र रहेको २५ फिट चौडाइ भएको कच्ची मोटरबाटोदेखि १३ मिटरको दूरी दक्षिणतर्फ ओरालो ठाउँमा दुर्घटना अवस्था उत्तरतर्फ अगाडिको भाग भई ग.१ज. २५०५ नं. को पिक अप जिप रहेको भन्ने व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

जिल्ला म्याग्दी अर्थुङे-१ स्थित चौर तीर म्याग्दी जिल्ला अस्पतालको कम्पाउन्डभित्र रहेको मुद्दा घरमा पूर्व खुट्टा पश्चिम टाउको अवस्थामा मृतक लास रहेको, बायाँ खुट्टाका नलीमा आधा इन्च काटिएको, दायाँ साइड कम्मरमा सानो खोस्रिएको दाग, दायाँ साइडमा निधारमा १ इन्च काटिएको, आँखा अर्ध खुल्ला, नाक, कान, मुख, दाँत, जिब्रो, छाती सामान्य रहेको भन्ने व्यहोरा मृतक तुलकुमारी सर्किनीको लास जाँच प्रकृति मुचुल्का ।

Non fatal stable भन्नेसमेत व्यहोरा घाइते बाटुली भण्डारी, सुदीप भण्डारी, सीता बोहोरा, निसान पुन, कमल गौतम, दुर्गा पुन, भगवती सुवेदी र कल्पना आचार्यको नाउँको छुट्टाछुट्टै घाउ जाँच केश फारम रिपोर्ट ।

गाडीमा फाइदा भएमा किनेर चलाउनुपर्‍यो भनी १ महिनाअघि ग.१ज. २५०५ नं. को साहु नारायण आचार्यसँग सल्लाह गरेर उक्त जिपमा कन्डक्टर खलाँसी दुवै काम गर्दै आएको थिएँ। उक्त जिप मिति २०६४।१०।१८ गतेका दिन वारि बेनीबाट मालढुङ्गातर्फ आउने क्रममा वारि बेनी कच्ची बाटोमा जिप रोकी चालक केशव बोहोरा यात्रु जम्मा गर्दै गर भनी बजार गएका र म यात्रु खोज्ने क्रममा उक्त जिप बाटोदेखि तल खसेर दुर्घटना भएको हो उक्त जिप चालक म होइन मैले लाइसेन्स पनि लिएको छैन, सवारी धनी पर्वत धाइरिङ ५ मिलनचोक बस्ने नारायणआचार्य हुन्, मैले मादक पदार्थ सेवन गरेको थिइनँ भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्ण परियारको अनुसन्धान अधिकारीसमक्षको बयान कागज ।

स्कुल गएर घर फर्कने क्रममा मिति २०६४।१०।१८ गते उक्त ग.१ज. २५०५ नं. को जिप चढी आउँदा सडकदेखि तल खस्न गई र्दुघटना भएको हो, के कसरी दुर्घटना भएको हो थाहा भएन म पनि घाइते भई सामान्य उपचारपछि ठीक भएको र उपचार खर्च क्षतिपूर्तिसमेत पाइसकेका छौं भन्नेसमेत एकै मिलान व्यहोराको घाइते किसान पुन र कमल गौतमले अनुसंन्धानको क्रममा गरेको कागज ।

मृतकको श्रीमान् कृष्णबहादुर सार्कीले किरिया खर्च तथा क्षतिपूति बापतको रकम रु. १६०,०००।- एक लाख साठी हजार बुझेको मिति २०६४।११।१० गतेको भरपाई कागज ।

ग.१ज. २५०५ नं. को जिपको पछाडिको सबै बत्तीहरू फुटेको, एकसिलेटर गियर, ब्रेक काम नलाग्ने अवस्थामा रहेको भन्नेसमेत व्यहोराको मेकानिकल जाँच प्रतिवेदन र धौलागिरी अञ्चल जिप व्यवसायी समिति वागलुङका अध्यक्ष कुमार खड्काले जिप बुझेको भरपाई कागज ।

मृतक तुलकुमारी सर्किनी छोरीको घर गई फर्कने क्रममा ग.१ज. २५०५ नं. को जिप चढी आउँदा पर्वत वारि बेनीस्थित कच्ची सडकमा उक्त जिप गलत साइडमा रोकी यात्रुहरू खोज्न जाँदा दुर्घटना हुँदा तुलकुमारी सर्किनीको मृत्यु भएको अन्य घाइते भएको भन्ने सुनेको हुँ भन्नेसमेत व्यहोराको ध्रुवबहादुर किसानको कागज ।

गाउँकै भाउजू नाता पर्ने मृतक तुलकुमारी सर्किनी छोरीको घरबाट आफ्नो घरमा आउने क्रममा ग.१ज. २५०५ नं. को जिप चढी आउँदा पर्वत वारि बेनीमा चालकले गलत भिरालो स्थानमा ओट नराखी पार्किङल गरेको कारण दुर्घटना भएको, निज प्रतिवादी कृष्ण परियारले पनि कहीले काही उक्त जिप चलाउने गरेको गाडी चालक तथा कन्डक्टरको लापरवाहीको कारण उक्त दुर्घटना भई मृत्यू भएको भन्ने समेत एकै मिलान व्यहोराको रनबहादुर मिजार, दिलबहादुर किसान, प्रेमबहादुर किसानले अनुसंन्धानको क्रममा गरी दिएको छुट्टा छुट्टै कागज ।

माइतीमा आमालाई छाड्न भनी आउने क्रममा ग.१ज. २५०५ नं. को जिप बेनीतर्फ सडकको गलत साइडमा रोकेको थियो, म चढेको केही बेरमा उक्त जिप गुडी दुर्घटना भएको थियो, दुर्घटनामा मेरो आमाको मृत्यु भएको, गलत साइडमा पार्किङ गरेको कारण उक्त दुर्घटना भएको हो, प्रतिवादी कृष्ण परियारले पनि उक्त जिप चलाउने गर्थे भन्ने सुनेको हुँ, उक्त दुर्घटना लापरबाहीको कारणबाट भएको हो, मेरो र बच्चाको उपचार खर्च पाइसकेको छु भन्नेसमेत व्यहोराको सीता बोहराको कागज, त्यस्तै उपचार खर्च पाइसकेको छौं, कुनै हक दाबी छैन भन्नेसमेत व्यहोराको घाइते भगवती सुवेदी र कल्पना आचार्यले अनुसन्धानको क्रममा गरी दिएका कागज ।

ग.१ज. २५०५ नं. को जिप उमेश के.सी.बाट भोग गर्ने गरी सम्झौता गरी नारायण आचार्यले लिएको कागज । जिप दुर्घटना हुँदा घाइते भएका बाटुली भण्डारी, सुदीप भण्डारी र दुर्गा पुनलाई उपस्थित गराउन खोज्दै जाँदा निजहरूले उपचार खर्च पाइसकेको र अन्य आवश्यक नपर्ने भन्ने र जिपधनी नारायण आचार्य काम विशेषले काठमाडौं गएकोले उपस्थित गराउन नसकेको भन्नेसमेत व्यहोरा प्र.स.नि. प्रकाश सिम्खडाको प्रतिवेदन ।

जिप चालक केशवबहादुर बोहोरा परियारले चालक अनुमतिपत्र बिना लापरबाहीसाथ सवारी चलाएका प्रतिवादी केशवबहादुर बोहोराले आफूले सवारी चलाउनुपर्ने आफूले नचलाई चालक अनुमति पत्र नभएको कृष्णबहादुर परियारलाई चलाउन दिएको कारण ग.१ज. २५०५ नं. को जिप दुर्घटना भई मृतक तुलकुमारी सर्किनीको मृत्यु भएको देखिँदा निज प्रतिवादी कृष्णबहादुर परियारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४७ विपरीत दफा १६१ (२) अनुसारको कसुर गरेको स्पष्ट हुन आउँदा निज कृष्णबहादुर परियारलाई सोही ऐनको दफा १६१ (२) १६१ (४) अनुसार सजाय हुन र प्रतिवादी केशवबहादुर वोहोरा र सवारी धनी नारायणप्रसाद आचार्य चालक अनुमति पत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई सोही सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (५) अनुसारको कसुर गरेको देखिँदा निज प्रतिवादी केशवबहादुर बोहोरा र नारायणप्रसाद आचार्यलाई ऐनको दफा १६१ (५) अनुसार सजाय हुन माग दाबी लिइएको छ भन्नेसमेत व्यहोराको अभियोग पत्र माग दाबी ।

यसमा मेरो व्यहोरा यो छ कि गाडी मैले चलाएको होइन गाडी ड्राइभर केशवबहादुर बोहोराले चलाएको थियो, दुर्घटना हुँदा म यात्रुहरू खोज्न बसपार्कतर्फ गएको थिएँ, म यात्रुहरू खोजी गरी गाडी भएको ठाउँमा फर्किंदा गाडी दुर्घटना भइसकेको थियो । गाडी दुर्घटना भएको देखी वारि बेनी गई कुरा बताएपछि मलाई समातेर जिल्ला प्रहरी कार्यालयमा बुझाइदिएको हुन् । गाडी मैले चलाएको र दुर्घटना गराएको होइन उक्त गाडीमा मैले खजासी कन्डक्टर काम भने गर्दछु । दुर्घटना भएपछि चालक भागेर नभेटिएको कारण मलाई समातेको हुनुपर्दछ । मसँग चालक अनुमति पत्र छैन । निज चालक केशवबहादुर बोहोराको वास्तविक ठेगाना वागलुङ जिल्ला वा.न.पा.११ रामरेखा हो भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णबहादुर परियारले यस अदालतमा गरेको बयान ।

मिति २०६४।१०।१८ गते दिनको १.०० बजेतिर उक्त दुर्घटना भएपछि खबर आई मससमेत प्रहरी अधिकृतको टोली दिनको ३.०० बजे घटनास्थलमा पुग्दा गाडी सडकदेखि दक्षिणतर्फ १०.१२ मिटर तल दुर्घटनाग्रस्त अवस्थामा थियो, त्यसमा घाइते भएका सबैलाई उपचारको लागि लगिसकेको थिएँ, घाइतेमध्येकी १ जना महिलाको पछि मृत्यु भएको थाहा भयो । गाडी दुर्घटनाको बारेमा बुझ्दा गाडी रोकेर अरू मानिसहरू खोज्न भनी कृष्णबहादुर गएको अवस्थामा गाडी अचानक आफैं पछाडि ब्याक भै दुर्घटना भएको भनी त्यहाँ पछिका गाडीमा रहेका यात्रुहरूले बताउनुभएको हो भन्नेसमेत व्यहोरा घटनास्थल मुचुल्कामा काम तामेल गर्ने प्र. ह. शंकर रानाले यस अदालतमा आई गरेको बकपत्र ।

मिति २०६४।१०।१८ गते दिनको अन्दाजी १.०० बजेतिर उक्त सवारी दुर्घटना भएको कुरा जिल्ला प्रहरी कार्यालय पर्वतमा जानकारी भएपछि निरीक्षक डम्मर के.सी को कमान्डमा मससमेतका प्रहरी कर्मचारी टोली सोही दिनको ३.०० बजे घटनास्थलमा पुगेका थियौं । घटनास्थलमा पुग्दा दुर्घटनाग्रस्त गाडी सडकदेखि दक्षिणतर्फ अन्दाजी १०.१२ मिटर जति तल रहेको थियो । घाइते भएका सबै यात्रीहरूलाई उपचारको लागि लगिसकेका थिए । उक्त दुर्घटनाबाट १ जना महिलाको उपचारको क्रममा मृत्यु हुन गएको हो । उक्त गाडी स्टार्टै गरी ओट नहाली प्यासेन्जर खोज्न जाने क्रममा अचानक आफैं पछाडि ब्याक भै दुर्घटना भएको कुरा त्यहाँ रहेका प्यासेन्जरहरूले बताएका थिए भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्कामा काम तामेल गर्ने प्र.स. नि. युवराज रेग्मीले यस अदालतमा आई गरेको बकपत्र ।

यसमा मेरो व्यहोरा यो छ कि भाउजू तुलकुमारी सर्किनी पर्वत मल्लाजमा आफ्नो छोरीको घरमा गै आफ्नो घर वागलुङमा फर्कने क्रममा पर्वत बेनीस्थित आई उक्त ग.१ज. २५०५ नं को जिप जढी फर्कने क्रममा कृष्णबहादुर परियारले चलाएको उक्त जिप दुर्घटनाग्रस्त भै मेरो भाउजूको तत्कालै मृत्यु भएको र अन्य धेरै जना घाइते भएका हुन् । चालक कृष्णकहादुर परियारसँग चालक अनुमति पत्र पनि नभएको व्यक्तिले जिप चलाई दुर्घटना गराएको हुँदा निजलाई कानुन बमोजिम कारबाही हुनुपर्दछ भन्नेसमेत व्यहोरा जाहेरवाला प्रेमबहादुर किसानले यस अदालत आई गरेको बकपत्र ।

मिति २०६४।१०।१८ गते दिउँसो १.०० बजेतिरको समयमा वारि बेनीबाट मिलन चोकसम्म आउनको लागि उक्त ग.१ज. २५०५ नं को जिप चढी आउने क्रममा चढेको १० मिनेट जति भएको अवस्थामा ड्राइभरले जिपमा ओट नराखी चालु अवस्थामा छाडी अन्य पेसेन्जरहरू खोज्न हिँडेको हुँदा जिप ओरालोतर्फ पछाडिबाट ब्याक हुँदै गई १०० मिटर जति तल गई दुर्घटना भएको हो । मलाई दुर्घटना हुँदा देब्रे तर्फको कानमा चोट लागेको हो र देब्रे हातमा पनि चोट लागेको हो, मलाई चोट हाल उपचारपछि ठीक भएको छ । गाडीको चालक कृष्णबहादुर परियार नै हुन्, निजले मलाई गाडीमा चढ्न आग्रह गरेअनुसार म उक्त जिपमा चढेकी हुँ म भन्नेसमेत व्यहोरा कल्पना आचार्यले यस अदालतमा आई गरेका बकपत्र ।

मिति २०६४।१०।१८ गते पर्वत मल्लाज माझफाँटबाट वागलुङ आउनको लागि वारि बेनीमा आइपुगेपछि चालकले यहाँ जिपमा बस्नुहोस् भनी जिपको पछाडिको सिटमा म मेरो सानी छोरी र मेरी आमा तुलकुमारीसमेतका अन्य व्यक्तिहरू जिपमा चढी जिपमा चढेको ५ मिनेट जति अगाडि गएको जिप कालीगण्डकीतर्फ गई दुर्घटना भएको र उक्त दुर्घटनापश्चात् मलाई मेरो शरीरको टाउको, हातमा, सामान्य चोटपटक लागेको र मेरी छोरीको शरीरको भित्री भागमा चोटपटक लागेको र मेरी आमा तुलकुमारी सर्किनीको स्याग्दी बेनीमा उपचारको क्रममा मृत्यु भएको हो । चालकको अनुमति पत्र भए नभएको मलाई थाहा छैन, दुर्घटना हुने समयमा चालक जिपमा

भए नभएको सम्बन्धमा म जिपको पछाडिपट्टि भएको हुँदा थाहा भएन । मेरो आमाले जिपमा ड्राइभर छ छैन हेर त भनी भन्दाभन्दै जिप दुर्घटना भयो भन्नेसमेत व्यहोराको सीता बोहोराले यस अदालतमा आई गरेको बकपत्र ।

घटना घटेपछि मलाई जिल्ला प्रहरी कार्यालय पर्वतमा उपस्थित हुनु भनी जानकारी आएकोले म जिल्ला प्रहरी कार्यालय पर्वतमा उक्त करारनामा र निवेदनसहित उपस्थित भई आफ्नो भएको ब्यहोरा खुलाइदिएको छु । उक्त करारनामा लागेको सहीछाप मेरो र नारायण आचार्यको हो । पेस गरेको करारनामा प्रतिलिपि नै हो । अदालतबाट खोजी भएकामा अवस्थामा दाखिला गर्न सक्दछु भन्नेसमेत ब्यहोराको उमेश के.सी. ले यस अदालतमा आई गरेको बकपत्र ।

प्रतिवादी नारायणप्रसाद आचार्यले यस अदालतबाट जारी भएको ३० दिने समाह्वान म्याद मिति २०६५।३।५ मा आफैंले हातैमा बुझी लिई म्यादमा हाजिर हुन नआई सुरु म्यादै गुजारी बसेका रहेछन् ।

प्रतिवादी कृष्णबहादुर परियारले यस अदालतबाट तोकी पाएको मिति २०६५।६।२ गतेदेखिको तारेख गुजारी बसेको रहेछ ।

**अदालतको ठहर**

नियमानुसार दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा वादी दाबी बमोजिम हुनुपर्ने हो, होइन ? निर्णय दिनुपर्ने देखिन आयो ।

सम्बद्ध मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी कृष्णबहादुर परियारउपर इजाजतपत्र नलिई सवारी हाँकी दुर्घटना गराई मृतक तुल कुमारी सर्किनीको मृत्यु भएको कसुरमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) बमोजिमको सजायको अतिरिक्त देहाय दफा (४) बमोजिम थप सजाय हुनसमेत र प्रतिवादी नारायणप्रसाद आचार्य र केशवबहादुर बोहोरा उपर इजाजतपत्र नभएका कृष्णबहादुर परियारलाई सवारी चलाउन दिई दुर्घटना भई तुलकुमारीको मृत्यु भएको कसुरमा ऐ.ऐनको दफा १६१(५) बमोजिम सजाय हुनसमेत माग दाबी लिई वादी नेपाल सरकारका तर्फबाट अभियोग पत्र दायर भएको पाइन्छ । आफूविरुद्धको अभियोगको प्रतिवादी कृष्णबहादुर परियारले आफू दुर्घटना भएको सवारीमा खलासी कन्डक्टरको रूपमा कार्यरत रहेको, दुर्घटनाग्रस्त जिप ड्राइभर केशव बोहोराले हाँकेको आफू यात्री खोज्न बसपार्कतर्फ गएको अवस्थामा दुर्घटना भएकोले चालक भागेको अवस्था हुँदा आफूलाई समाती कारबाही भएको हो । मेरो सवारी चलाउने अनुमति पत्र छैन । दुर्घटना भएको ग.१.ज. २५०५ नं. को जिप मालिक नारायणप्रसाद आचार्य हुन् । आफूले गाडी नचलाएको र दुर्घटनासमेत नगराएकाले अभियोग दाबी बमोजिम सजाय हुनपर्ने होइन भन्नेसमेत जिकिर लिई यस अदालतमा बयान गरेको देखिन आउँछ । प्रतिवादीमध्ये नारायणप्रसाद आचार्य यस अदालतबाट जारी भएको समाह्वानमा हाजिर भई आफूविरुद्धको अभियोगको प्रतिवाद गरेको अवस्था छैन भने प्रतिवादीमध्ये केशवबहादुर बोहोराका नाउँको समाह्वान तामेल हुन सकेको भन्ने नै मिसिल प्रमाणबाट देखिन आउँदैन ।

प्रस्तुत मुद्दामा वादी पक्षको अभियोग दाबीबारे प्रतिवादी कृष्णबहादुर परियारले प्रतिवाद गरी बयान गरेको र निजले आफ्नो बयानमा दुर्घटनाग्रस्त सवारी आफूले हाँकेको होइन । ड्राइभर केशवबहादुर बोहोराले हाँकेको भन्नेसमेत जिकिर लिएको देखिँदा उक्त जिकिर र वादी पक्षको दाबीसमेतको समग्र मूल्यांकन गरी न्याय निरोपण गर्नुपर्ने देखिन आउँछ ।

उपरोक्त सन्दर्भमा हेर्दा दुर्घटनाग्रस्त ग.१ज. २५०५ नं. को जिप बेनी मालढुंगा सडकबाट १३ मिटर तल खसी सो जिपमा रहेकी तुलकुमारी सार्किनीको मृत्यु भएको भन्ने मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्का

लगायत लास जाँच प्रतिवेदनसमेतबाट प्रमाणित हुन्छ। सो कुरालाई यस अदलतमा बयान गर्ने प्रतिवादी कृष्णबहादुर परियारले समेत अन्यथा भन्न सकेको देखिँदैन।

दुर्घटनाग्रस्थ सवारी जिप कसले हाँकेको थियो वा त्यो सवारी कुन चालकको नियन्त्रणमा थियो भन्ने सम्बन्धमा हेर्दा मृतकको देवर प्रेमबहादुर किसानले दिएको जाहेरी दरखास्तबाट मिति २०६४।१०।१८ गतेका दिन चालक अनुमति पत्र नभएका कृष्णबहादुर परियारले ग.१ज. २५०५ नं. को जिप चलाएकोमा बेनी मालढुंगा सडकमा जथाभावी चलाउँदा जिप खसाली जिपमा रहेकी भाउजु तुल कुमारी सर्किनीको मृत्यु भएको भनी प्रतिवादी कृष्णबहादुर परियारलाई किटान गरेको देखिन आउँछ। अनुसन्धानको सिलसिलामा बुझिएका दुर्घटनाग्रस्त जिपमा यात्रा गर्ने निसान पुनलगायतका नाबालक यात्रुहरूले बेनीबाट मालढुंगा जाने उक्त जिपमा चढी आएकोमा घटनास्थल नजिक जिप रोकेकोमा पछि एक्कासि जीप खसी दुर्घटना भएको भनी घटना वारदातलाई उजागर गरी कागज गरेको पाइन्छ भने बुझिएका अन्य ध्रुवबहादुर किसान, रनबहादुर मिजारसमेतले सडकमा गाडी अडाउने ओट नराखेको कारणले जिप सडकभन्दा तल खसेको र उक्त जिप प्रतिवादी कृष्णबहादुर परियारले चलाएको तर्फ संकेत गरी कागज गरेका पाइन्छ। त्यस्तै सीता बोहोराले गरेको कागजबाट निजसमेत सो गाडीमा चढेको र प्रतिवादी कृष्णबहादुर परियारले गाडी मालढुंगा जाने हो आउनुस् सिट खाली छ भन्दै थिए। उक्त जिप सडकबाट खस्यो। उक्त जिप कृष्णबहादुर परियारले चलाउने गर्दथे भन्ने सुनेको हो भन्नेसमेत व्यहोरा उल्लेख भएको देखिन्छ। बुझिएका अन्य कल्पना आचार्यसमेतले गरेको कागजबाट गाडी दुर्घटना भई घाइते भएको भन्नेसमेत स्पष्ट हुन आउँछ।

यात्रा गर्ने  यात्रीका हकमा सवारी चालक को थियो यकिन गरी भन्न सक्ने अवस्था विरलै हुन्छ। यात्रीको ध्यान अन्य कुरामा भन्दा यात्रा गर्ने कुरामा नै केन्द्रित हुनु स्वाभाविक हुन्छ। अनुसन्धान तहकिकातबाट दुर्घटना हुनु तत्काल अगाडि जिपको चालक सिटमा कोही रहेको भन्ने देखिन आउँदैन। यस्तो अवस्थामा सडकमा रोकी राखेको जिपको चालक को हो भनी यात्रीहरूले ठम्याउन नसकी निर्क्यौल गरी जवाफ दिन नसक्नु स्वाभाविक नै हुन्छ।

दुर्घटनाग्रस्त जिप बेनीतर्फबाट मालढुंगातर्फ आइरहेको कुरा मिसिल प्रमाणबाट प्रमाणित हुन्छ। बेनीबाट मालढुंगातर्फ आउँदा सवारीलाई सडक दक्षिण किनारामा रोक्नुमा सवारी अड्याई राख्न परेमा ओट राखी अड्याउने सामान्य प्रचलन हो व्यावसायिक रूपमा दक्ष चालकले यस्ता कुरामा ध्यान दिने गरेकै हुन्छ। चालकले उकालो वा ओरालो सडकमा केही समयका लागि सवारी रोक्दा सवारीको parking Brake लाई क्रियाशील गराई सवारीलाई gear मा राख्न जरुरी हुन्छ। जसबाट गुडेर जाने प्रक्रिया अवरुद्ध हुने हुन्छ। वास्तवमा दक्ष चालकबाट यस्तो दक्षता स्वाभाविक रूपमा अपेक्षित हुन्छ। सवारी सञ्चालनको उपरोक्त आधारभूत कुरामा सवारी चालकले ध्यान नदिएको अवस्थाबाटै दुर्घटनाग्रस्त सवारी अनुमति पत्र प्राप्त गरी नसकेका अपरिपक्व व्यक्तिले चलाएको कुराको स्वतः अनुमान गर्न सकिन्छ।

प्रमाण ऐन २०३१ को दफा ७ (ग) मा व्यवस्था भएअनुसार कुनै घटनाको सामान्य क्रम विचार गर्दा तर्कसंगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा न्याय निरोपण रोहमा अदालतबाट अनुमान गर्न मिल्ने नै हुन्छ।

प्रस्तुत मुद्दामा प्रतिवादी कृष्णबहादुर परियारले उक्त जिप आफूले नहाँकेको, उक्त जिप चालक केशवबहादुर बोहोराले हाँकेको भन्ने जिकिर लिएकोमा उक्त सवारीमा यात्रा गर्ने अनुसन्धानको सिलसिलामा बुझएका कुनै पनि व्यक्तिले दुर्घटनाग्रस्त सवारीमा चालक र खलासी तथा कन्डक्टर अलगअलग मानिस थिए

भनी उल्लेख गरेको पाइँदैन । जिप सवारी रोकिएको ठाउँ चोक बजार हो भन्ने पनि घटनास्थल प्रकृतिबाट देखिन आउँदैन । प्रतिवादी कृष्णबहादुर परियारले बयान गर्दा सवारी रोकी चालक भनिएको केशवबहादुर बोहोरा कहाँ गयो त ? स्पष्ट गरेको अवस्था छैन । सवारी दुर्घटना भएपछि चालक भागी गएको भन्ने पनि कोही कसैले उल्लेख गरेको पाइँदैन । घटनास्थलमा सवारीसँग सम्बन्धित व्यक्तिहरूमा महजुद रहेको भनेको यिनै प्रतिवादी कृष्णबहादुर परियार मात्र रहेको मौकाको अनुसनधान लगायतका मिसिल कागजबाट प्रमाणित हुन आउँछ ।

यात्री राखी सवारी सञ्चालन गर्ने भनेको नियमानुसार सवारी दर्ता गरी सवारी सञ्चालन गरिने अवस्था हो । दुर्घटनाग्रस्त सवारी अनुमति प्राप्त चालकले हाँकेको भए त्यसको चालक को हो ? खुल्ने अवस्था स्वाभाविक हुन्छ । प्रतिवादी कृष्णबहादुर परियारको कथनबाहेक अन्य कुनै पनि माध्यमबाट दुर्घटनाग्रस्त जिपको चालक केशवबहादुर बोहोरा भनी खुल्न नआएको तथ्य प्रस्तुत मुद्दाका सन्दर्भमा विचारणीय देखिन आउँछ ।

प्रतिवादी कृष्णबहादुर परियारले बयान गर्दा उल्लेख गरेको चालक भनिएको केशवबहादुर बोहोराको वतनमा म्याद जारी हुँदा वतन फेला नपरेको, सो वतनमा सो नाम गरेको व्यक्ति नभएको भनी समाह्वान तामेल हुन सकेको पाइँदैन । चालक केशवबहादुर बोहोरा हुन् भनी प्रतिवादीले उल्लेख गरेकोमा निजको अस्तित्व रहे भएको कुरा देखाउने दायित्व प्रतिवादी कृष्णबहादुर परियारसमेतमा रहने हुन्छ । साक्षी सवुद प्रस्तुत गरी आफ्नो निर्दोषिता स्थापित गर्नुको सट्टा अदालतवाट तोकेको तारिख छाडी बसेको स्थितिबाट सो दायित्व निर्वाह गरेको भन्ने त्यसै पनि प्रमाण हुन आउँदैन ।

जाहेरवालाले प्रतिवादी कृष्णबहादुर परियार उपर किटानी जाहेरी दिएकोमा यस अदालतमा उपस्थित भई दुर्घटना भएको जिप चालक अनुमति पत्र नभएका प्रतिवादी कृष्णबहादुर परियारले हाँकेको हो भनी मौकाको जाहेरी व्यहोरा समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ । साथै मौकामा बुझिएकी कल्पना आचार्यले समेत यस अदालतमा उपस्थित भई उक्त जिपमा मसमेत थिएँ । मसमेत घाइते भएको हो । उक्त जिपको चालक कृष्णबहादुर परियार नै हुन् । निज मेरो गाउँ घर नजिक रहेको हुँदा मैले देखी चिनेकाले निजकै आग्रहमा जिपमा चढेको भनी किटान गरी बकपत्र गरेको देखिएको र प्र.ह. शंकर रानाले गरेमो बकपत्रसमेतवाट दुर्घटनाग्रस्त जिप प्रतिवादी कृष्णबहादुर परियारले नै चलाएको भन्ने प्रमाणित हुन आएकाले प्रमाणका मानिसहरूको उपरोक्त कथन प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणमा लिन मिल्ने नैं देखिन आउँछ ।

उपरोक्त उल्लेखित आधार र कारणबाट प्रतिवादी कृष्णबहादुर परियारले सवारी हाँकेको अवस्था दुर्घटना भई मृतक तुलकुमारी सर्किनीको मृत्यु भएको भन्ने प्रमाणित हुन आएकोले प्रतिवादी उपर वादी पक्षबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) को दाबी लिएको देखिँदा उक्त दाबी ठहर्ने के हो ? भन्ने सम्बन्धमा हेर्दा उक्त दफामा कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची ठक्कर लागी वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानी वा लापरबाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई मानिस मरेमा कसुरको मात्राअनुसार दुई वर्षदेखि दस वर्षसम्म कैद हुनेछ भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) मा उल्लेखित "ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरबाही गरी" भन्ने वाक्यांशको सैद्धान्तिक पक्षको विश्लेषण गरी निष्कर्षमा पुग्नु वाञ्छनीय हुने देखिन्छ । अंग्रेजी कानुन पद्धतिमा बात लाग्ने हत्या (Manslaughter) अन्तर्गत

Recklessness, Gross Negligence र Negligence आदिलाई लिने गरिन्छ । हाम्रो कानुनमा Recklessness र Negligence लाई बुझाउने स्पष्ट व्यवस्था नभए तापनि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) को कानुनी व्यवस्थालाई Recklessness अर्थात् लापरबाहीको रूपमा बुझ्न उपयुक्त हुने देखिन्छ । सामान्य अर्थमा Reaclessness भनेको “Taking an injustified Risk" को स्थिति हो र हाम्रो कानुनी व्यवस्थामा उल्लेख भएको “ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानी जानी” भन्ने वाक्यांशको अर्थ पनि unjustified Risk taking नै हो भन्ने देखिन्छ ।

कुनै पनि मानिस कुन अवस्थामा Reckless हुन्छ भन्दा “A man id reckless in the sense required when he carries out a deliberate act knowing that there is some risk of damage resulting from the act but nevertheless continues in the performance of act" (criminal law text and materials fourth edition by C.M.V.Clarkson and H.M.K keating p-158) भनी उल्लेख गरेको पाइन्छ । जसबाट आफ्नो कार्यको सम्भावना गलत परिणामको आभास हुँदाहुँदै त्यसप्रति लापरबाह भई कुनै कार्य गर्नुलाई व्यक्तिले Reckless भई कार्य गरेको मान्नुपर्ने देखिन्छ ।

सवारीको सम्बन्धमा Driving Recklessly अर्थात् लापरबाही गरी सवारी हाँकेको भन्ने कुरालाई बुझाउन निम्न दुई अवस्थालाई उपरोक्त पुस्तकको पृष्ठ १६३ मा उल्लेख गरेको पाइन्छ ।

(1) First that the defendant was in fact driving the vehicle in a such a manner as to create and obvious and serious risk of causing physical injury to some other person.

(2) Second that is driving in that manner the defendant did so without having given any thought to the possibility of there being any such risk or having recognized that there was some risk involved had nonetheless gone on to take it.

सवारी सञ्चालनको विषयमा उपरोक्त मापदण्डमा आधारित रहेर चालकले लापरबाहीपूर्वक सवारी हाँकेको कारण व्यक्तिको जीउ धनको क्षति भएको हो, होइन ? निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिन आउँछ ।

वस्तुतः Recklessness अर्थात् लापरबाही भन्नाले आफ्नो कार्यको परिणाम खतरा देख्दादेख्दै त्यस्तो परिणाम छल्न सकुँला भन्ने आशयले कार्य गरिन्छ र त्यस्तो कार्यबाट अर्काको जीउ वा सम्पत्ति क्षति वा नष्ट हुन पुग्छ भने त्यसलाई बुझाउने भन्ने कुरा उपरोक्त विवेचित अवस्थाले स्पष्ट गर्दछ ।

उपरोक्त सैद्धान्तिक पृष्ठभूमिमा प्रस्तुत मुद्दाको विषयवस्तुलाई हेर्दा सवारी ऐन, २०४९ को दफा ४५ ले कुनै पनि व्यक्ति चालक अनुमति प्राप्त नगरी कुनै सवारी चलाउन नपाउने गरी निषेध गरेको छ । प्रतिवादी कृष्णबहादुर परियारले चालक अनुमति प्राप्त गरेको अवस्था छैन । चालक अनुमति पत्र नभएको अर्थात् योग्यता परीक्षण नै नभएका व्यक्ति सवारी चलाउन भनेको Taking an unjustified Risk को स्थिति हो र गलत साइडमा सवारी रोकी सवारी आफैं गुड्न सक्ने कुरामा ध्यान नदिनु भनेको उच्च लापरबाहीको (Recklessness) स्थितिसमेत हो । प्रतिवादी चालक कृष्णबहादुर परियारको यस्तो कार्यलाई ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरबाही गरी सवारी हाँकेको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ ।

प्रतिवादी कृष्णबहादुर परियारले दुर्घटनाग्रस्त सवारी हाँकेको होइन भन्ने जिकिर लिएकोमा संकलित प्रकरणबाट निजले नै उक्त सवारी हाँकेको भन्ने प्रमाणित हुँदा यसै तथ्यबाट दुर्घटना लापरबाहीपूर्वक गराएको हो, होइन भन्ने निष्कर्षमा पुग्न सहज हुन्छ । वादी पक्षबाट प्रतिवादीले लापरबाही गरी सवारी चलाई मृतकको मृत्यु भएको भन्ने दाबी लिएपछि उक्त सवारी सावधानीपूर्वक वा कसरी हाँकेको थियो सो कुरा स्पष्ट गर्ने दायित्व

प्रतिवादीसमेतमा निहित रहन्छ । प्रतिवादीले दुर्घटना के कसरी भएको हो ? स्पष्ट गरी बयान गर्नुको सट्टा अर्कै व्यक्तिले उक्त सवारी हाँकेको भनी मिथ्या कुरा उल्लेख गरी बयान गरेको सन्दर्भसमेतबाट दाबीको सवारी दुर्घटना प्रतिवादीको लापरबाहीबाट नै हुन गएको भन्ने निष्कर्षमा पुग्नुपर्ने हुन्छ ।

वादी नेपाल सरकारतर्फबाट अभियोग दाबी लिएका प्रतिवादी केशवबहादुर बोहोरा र नारायणप्रसाद आचार्यको हकमा प्रतिवादी केशवबहादुर बोहोराको वतन नै फेला नपरेको र वादी पक्षले निजको अस्तित्व नै स्थापित गर्न सकेको नदेखिँदा निजको हकमा दुर्घटनाग्रस्त सवारी जिम्मा लिएको प्रमाणित हुन आउँदैन ।

प्रतिवादी नारायणप्रसाद आचार्यका हकमा हेर्दा निजलाई वादी पक्षले सवारी धनीको रूपमा प्रस्तुत गरी उमेश के.सी. र यी प्रतिवादीबीच भएको करारनामासमेत अभियोग पत्रसाथ प्रस्तुत गरेको देखिन आउँछ । मिसिल संलग्न सवारीधनी प्रमाणपत्रमा सवारी धनीमा उमेश के.सी. को नाम उल्लेख भएकोमा अभियोग पत्रसाथ प्रस्तुत करारनामाबाट उक्त सवारी प्र. नारायणप्रसाद आचार्यले सञ्चालन गर्न जिम्मा लिएको देखिएको, उक्त करारनामामा दुर्घटना लगायतका सम्पूर्ण जिम्मेवारी नै बेहोर्ने उल्लेख भएको र उमेश के.सी. ले यस अदालतमा उपस्थित भई सोही अनुसार बकपत्रसमेत गरेबाट वादी पक्षले उक्त सवारी यी प्रतिवादी नारायणप्रसाद आचार्यको जिम्मा रहेको भनी सवारीधनीको रूपमा लिएको दाबीलाई अन्यथा भन्न सकिने देखिन आउँदैन ।

प्रतिवादी नारायणप्रसाद आचार्यका नाममा जारी भएको समाह्वान निजको नाममा तामेल भएकोमा निज यस अदालतमा हाजिर भई अभियोग दाबीको प्रतिवाद गरेको अवस्था छैन । प्रतिवादी दुर्घटनाग्रस्त सवारीको धनी नरहेको वा उक्त सवारी निजले जिम्मा लिई सञ्चालल नगरेको भए त्यसै अनुसार प्रतिवाद गर्नेमा प्रतिवाद नगरेको अवस्थाबाटै दुर्घटनाग्रस्त जिप प्रतिवादीको स्वामित्व वा सञ्चालनमा रहेको कुरालाई अन्यथा भन्न मिल्ने देखिँदैन ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४६ मा कसैले आफ्नो स्वामित्वको वा आफ्नो जिम्मामा रहेको कुनै सवारी चालक अनुमति प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिन नहुने व्यवस्था गरेको पाइन्छ । दुर्घटनाग्रस्त ग.१ज. २५०५ नं. को जिप सवारी चालक अनुमति पत्र नभएका प्रतिवादी कृष्णबहादुर परियारले हाँकेको अवस्था दुर्घटना भई मृतक तुल कुमारीको मृत्यु भएको कुरा माथि विवेचना भएकै छ । प्रतिवादी नारायणप्रसाद आचार्यले उक्त सवारी कृष्णबहादुर परियारलाई चलाउन नदिएको भए त्यही अनुसार प्रतिवाद गर्नेमा फरार रही बसेको अवस्थासमेतबाट निजले अनुमति पत्र नभएका प्रतिवादीलाई सवारी चलाउन दिएको भन्ने अभियोग दाबीलाई अन्यथा भन्न सकिने देखिन आउँदैन ।

अतः विवेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी चालक अनुमतिपत्र नभएका कृष्णबहादुर परियारले दुर्घटनाग्रस्त ग.१ज. २५०५ नं. को जिप सवारी चलाई सडकको गलत साइडमा उक्त जिप रोकी सवारी गुड्न सक्ने नसक्ने कुरामा ख्याल नराखी सवारी त्यसै छाड्दा उक्त सवारी सडकभन्दा तल खसी सवारीमा रहेकी तुलकुमारी सर्किनीको मृत्यु भएको देखिन आएको र प्रतिवादीको यस्तो कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) मा परिभाषित कसुरभित्र पर्ने देखिन आएकाले प्रतिवादी कृष्णबहादुर परियारले उल्लेखित दफाअन्तर्गतको कसुर गरेको ठहर्छ । प्रतिवादी नारायणप्रसाद आचार्यले सवारी चालक अनुमति पत्र नभएका प्रतिवादी कृष्णबहादुर परियारलाई सवारी चलाउन दिई सो सवारी दुर्घटना भई मृतक तुलकुमारी सर्किनीको मृत्यु भएको देखिँदा निजले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (५) अन्तर्गतको कसुर गरेको ठहर्छ । प्रतिवादी केशवबहादुर बोहोराको हकमा वादी पक्षले निजको अस्तित्व नै स्थापित गर्न सकेको नदेखिँदा निजका हकमा वादी दाबी पुग्न नसक्नेसमेत ठहर्छ ।

ठहर भएका प्रतिवादीहरूलाई हुने सजायका हकमा विचार गर्दा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) मा कसुरको मात्रा अनुसार २ वर्षदेखि १० वर्षसम्म कैद हुने व्यवस्था गरेको देखिएकोमा सजाय निर्धारण गर्दा आपराधिक कार्यको गाम्भीर्यतालाई नै प्रथमतः विचार गर्नुहुन्छ । पीडितका प्रति कुनै रिसइवी आग्रह वा पूर्वाग्रहले उक्त घटना वारदात गरे गराएको भन्ने देखिँदैन । चालक अनुमति पत्र नभए पनि सवारी हाँक्नै नजान्ने कुनै ज्ञान नै नभएको भन्ने पनि मिसिल प्रमाणबाट देखिन आउँदैन । उच्च तथा अनियन्त्रित गतिमा जथाभावी सवारी हाँकेको भन्ने अवस्था पनि नहुँदा प्रस्तुत मुद्दामा कसुरको मात्रा अनुसार प्रतिवादी कृष्णबहादुर परियारलाई तीन वर्ष कैद सजाय र ऐ. ऐनको दफा १६१ (४) अनुसार थप दुई हजार जरिवानासमेत हुने ठहर्छ । प्रतिवादी यस अदालतबाट तोकि पाएको तारिख गुजारी बसेको देखिँदा मुलुकी ऐन अ.वं. १२४ नं. बमोजिम मागेको धरौट रकम रु. २०,०००।- बराबरको जेथासमेत जफत हुने ठहर्छ ।

प्रतिवादीमध्ये नारायणप्रसाद आचार्यका हकमा हेर्दा अदालतबाट जारी भएको समाह्वानमा निज हाजिर भई अभियोग दाबीको प्रतिवाद गरेको देखिँदैन । अदालतमा हाजिर नभई फरार रहने अभियुक्तका हकमा अन्यत्र देशमा भागी फरार भएको अपराध (Offence of absconding) भनिन्छ र त्यसबापत छुट्टै सजाय हुने व्यवस्थासमेत रहेको पाइन्छ । हामी कहाँ त्यस्तो व्यवस्था नभए तापनि अदालतको समाह्वानमा हाजिर नहुने, अदालतलाई सहयोग नगर्ने र अटेर गर्ने कार्यलाई न्यायिक कार्यमा अवरोध पुऱ्याएको (Obstruction to the justice) मान्नुपर्ने र यस्तो कार्यलाई सजाय बढाउने (Aggrevating factor) तत्वको रूपमा लिन उपयुक्त हुने हुँदा प्रतिवादी नारायणप्रसाद आचार्यलाई दुई वर्ष कैद सजाय हुने ठहर्छ । सो ठहर्नाले तपसिलका कुरामा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन अ.वं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

**तपसिल**

प्रतिवादी कृष्णबहादुर परियारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) नं. वमोजिम ३ वर्ष कैद तथा ऐ. को १६१ (४) नं. अनुसार थप जरिवाना रु. २०००।- हुने ठहरेकोले निज मिति २०६४।१०।२३ गते देखि अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६४।१०।२० का आदेशानुसार रु. २०,००० धरौटी राखी तारेखमा रहेको र हाल तारेख गुजारी बसेको देखिँदा प्रहरी हिरासतमा रहेको दिन २६ कट्टा गरी देहाय बमोजिम कैद तथा जरिवानाको लगत राखी असुल गर्नु ..........................................................१

प्रतिवादी पर्वत जिल्ला धाइरिङ गा.वि.स वडा नं. ५ बस्ने चन्द्रबहादुर दमाईको छोरा वर्ष २८ को कृष्णबहादुर परियारको कैद वर्ष २ महिना ११ दिन ४ र जरिवाना रु २०००।- ..................................................................॥

प्रतिवादी नारायणप्रसाद आचार्यको अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई सवारी दुर्घटना भएको र निज अदालतमा हाजिर नभई भागी फरार रहेको देखिँदा सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६१(५) नं. अनुसार २ वर्ष कैद हुने हुँदा लगत कसी असुल गर्नु...................................................................२

प्रतिवादी पर्वत जिल्ला धाइरिङ गा.वि.स वडा नं. ९ घर भई हाल ऐ वडा नं. ५ मिलनचोक बस्ने वेदनाथ आचार्यको छोरा वर्ष २८ को नारायणप्रसाद आचार्य के कैद वर्ष २ ।...........................................................॥

माथि देहाय दफा २ नं. बमोजिमको कैद असुल गरी फैसला कार्यान्यवन गर्ने प्रयोजनको लागि प्रतिवादी नारायणप्रसाद आचार्यलाई पक्राउ गरी यस अदालतमा दाखिला गरी दिनु भनी जिल्ला प्रहरी कार्यालयमा लेखि पठाइदिनु..................................................................................................................................३

प्रतिवादी कृष्णबहादुर परियार के यस अदालतको मिति २०६४।१०।२० का आदेशानुसार अ. वं. १२४ नं. बमोजिम निजबाट माग गरेको धरौटी रु २०,०००।- बापत निजले धनसरी दमिनीका नाउँको जेथा जमानी राखी तारेखमा रहेकोमा निज कृष्णबहादुर परियारले यस अदालतबाट तोकी पाएको तारेख गुजारी बसेको देखिँदा उक्त जमानीबापत राखेको रु २०,०००।- बराबरको जेथा जफत गरी बाँकी रहन आएमा जमानीवालालाई फिर्ता दिने गरी लगत राख्नु..........................................................................................................................४

यस इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत बागलुङमा पुनरावेदन गर्नु भनी प्रतिवादी कृष्णबहादुर परियारका नाउँमा स.मु.स ऐन २०४९ को दफा २६ (१) नं. अनुसार पुनरावेदनको म्याद दिनु.......................................................................................................................................५

प्रतिवादी केशव बोहोराको हकमा दाबी पुग्न नसक्ने ठहरेकाले यो इन्साफमा चित्त नबुझे स.मु.स. ऐन २०४९ दफा २६ (१) नं. अनुसार ७० दिनभित्र श्री पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय पर्वतलाई पुनरावेदनको म्याद दिनु.................................६

सरोकारवाला व्यक्तिले फैसलासहितका कागजातहरूको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु..................................................................................................................................७

यो मिसिलको दायरीको लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत वागलुङमा पठाइदिने गरी नियमानुसार अभिलेख शाखामा बुझाइदिनु.............................................................................८

प्रस्तुत फैसला मा. न्या. ज्यूले बोली टिपाए
बमोजिम कम्प्युटर टाइप गराउने
डिट्ठा कृष्ण लामिछाने
कम्प्युटर टाइप गर्ने स.क. अ. कालिका तिमिल्सेना

............................
रमेशकुमार खत्री
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल फागुन ६ गते ५ रोज शुभम् ...................................................................।

**श्री सर्लाही जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश विनोदप्रसाद शर्मा**
**फैसला**
**२०६५ सालको सा.फौ.नं.-७१**
**र.नं.३८-०६५-०३१०३**
**निर्णय नं.-३२५**
***मुद्दा :- अपहरण तथा शरीर बन्धक ।***

**वादीको नाम, थर, वतन**

जिल्ला सर्लाही, हजरिया गा.वि.स.वडा नं.३ बस्ने रुद्रप्रसाद वाग्लेको जाहेरीले वादी नेपाल सरकार..............................................१

**ऐ को सबद प्रमाण**

साक्षी......

कागज....

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला सर्लाही हजरिया गा.वि.स.वडा नं.३ बस्ने भिखारी सहनीको छोरा वर्ष २४ को शंकर सहनी मलाह...............................१

ऐ.ऐ.बस्ने फुदी सहनीको छोरा वर्ष ३० को रामपृत सहनी मलाहा....................................................................१

ऐ.बलरा वडा नं.८ बस्ने रेवती सिंहको छोरा वर्ष २६ को शिवा भन्ने अजय सिंह भूमिहार..............................................१

जि.रौतहट मलाही गा.वि.स. वडा नं.३ बस्ने माघो सहनीको छोरा लालबाबु भन्ने लालका सहनी..........................................१

**ऐ को सबद प्रमाण**

साक्षी......

कागज....

**अदालतबाट बुझेको**

साक्षी......कागज....

अ.बं.२९ नं.तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

मिति २०६५।४।२५ गते साँझ १७:०० बजेको समयमा शंकर सहनी र रामपृत सहनीसमेतका व्यक्तिहरूले तराई आर्मी केन्द्रीय कार्यालय नामको पर्चा रुद्रप्रसाद वाग्लेलाई दिई रु.३,५१,०००।- चन्दा माग गरेको भन्ने जि.सर्लाही हजरिया गा.वि.स. वडा नं.३ मा भएको घटनास्थल प्रकृति मुचुल्का ।

म सानो कृषक व्यक्तिलाई मिति २०६५।४।२५ गते साँझ शंकर सहनीसमेतका व्यक्तिहरूले तराई आर्मी केन्द्रीय कार्यसमिति लेखिएको रु.३,५१,०००।- को सहयोग २४ घण्टाभित्रमा गर्नु, नदिए ज्यान मारिदिन्छु भन्नेसमेत व्यहोराको धम्कीपूर्ण शब्द लेखिएको पर्चा मलाई दिई गएको र ऐ.२८ गते साँझ पर्चामा माग भएको रुपैयाँ माग्दै तराई आर्मी समूहका मानिसहरू आई मलाई डर त्रास देखाई रुपैयाँ नदिए अपहरण गरी बन्धक बनाउँछु भन्नेजस्ता धम्की दिइरहेको अवस्थामा घर परिवारले हारगुहार गर्दा मसमेतका गाउँलेहरूले अभियुक्तमध्येका

शंकर सहनीलाई पक्राउ गरी दाखिल गरेका छौं । अन्य नाम थाहा नभएको अपराधीहरूको यकिन नाम, थर, बतन पत्ता लगाई कानुनी कारबाही गरी पाऊँ भन्ने रुद्रप्रसाद वाग्लेले दिएको जाहेरी दरखास्त ।

म अनपढ व्यक्ति भएको, गाउँकै रामपृत सहनीसमेतले सो समूहमा लागेपछि पैसा राम्रो आउँछ भनेका थिए र मैले देखे चिनेका रौतहट, मलाइटोल बस्ने सुरेश सहनी र लालका सहनीसमेतले मिति २०६५।४।२७ गते म बरहथवा बजार आउँदै गर्दा बाटोमा भेटी बरामद भएको २ वटा पुर्जी जाहेरवाला रुद्रप्रसाद वाग्लेलाई दिनु भनी छाडेका हुन् । निजहरूको संगतबाट मलाई पटक-पटक रु.१०००।- दिएका थिए । मिति २०६५।४।२८ गते साँझ निज रुद्रप्रसाद वाग्लेले रुपैयाँ नदिएमा अपहरण गर्ने भनी हामीहरूको पूर्वयोजना थियो भन्नेसमेत व्यहोराको प्रतिवादी शंकर सहनीले गरेको बयान कागज ।

जाहेरवाला रुद्रप्रसाद वाग्लेको जाहेरी घटना वारदात प्रतिवादी शंकर सहनीसमेतले घटाएको हुन् । मिति २०६५।४।२५ गते रु.३,५१,०००।- २४ घण्टाभित्र दिनु नत्र ज्यानै मारिदिन्छु भनी लेखिएको पुर्जा दिएको र ऐ.२८ गते साँझ सोही रुपैयाँ चन्दा लिन आउँदा जाहेरवालाले इन्कार गरेपछि अपहरण गर्ने प्रयास गरेका र स्थानीय मानिसहरूले हारगुहार गरी जाहेरवालालाई अपहरण हुन नदिई अभियुक्त शंकर सहनीलाई पक्राउ गर्न सफल भएको हो भन्नेसमेत व्यहोराको बुझिएका मानिसहरू रामकुमार नेपाल, विष्णुप्रसाद पन्त, सुशील गौतम, ताराप्रसाद वाग्ले र चिन्तामणि वाग्लेसमेतले गरेको घटना विवरणको कागज ।

प्रतिवादीहरूले जाहेरवाला रुद्रप्रसाद वाग्लेलाई रकम माग गरेको पत्र दिई सो रकम नदिएमा ज्यानै मारी दिने धम्कीसमेत दिई वारदातका दिन अपहरण गर्ने पूर्वयोजना अनुसार नै घटनास्थलमा उपस्थित भएको समेत देखिएकोले प्रतिवादीहरू शंकर सहनी मलाहा, रामपृत सहनी मलाहा, शिवा भन्ने अजय सिंह भूमिहार र लालबाबु भन्ने लालका सहनीले मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १, २, ३ र ६ नं.विपरीतको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरू उपर ऐ. महलको ५नं.बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग पत्र ।

जाहेरवाला मेरो गाउँकै मानिस हुन्, मलाई कुनै कुरा जानकारी भएन । जिल्ला रौतहट, गा.वि.स. मलाई थाहा छैन, मलाइटोल बस्ने सुरेश सहनी मलाहा र सोही गाउँका लालबाबु भन्ने लालका सहनीले यो चिठ्ठी लगी जाहेरवाला रुद्र प्रसादसमेतलाई बुझाई रुपैयाँ लिई आउनु, नगए ज्यान मारिदिन्छौं भनेका हुँदा मैले डरले चिठ्ठी लिएर गएको हुँ । जाहेरी व्यहोरा ठीकै हो भन्नेसमेत प्रतिवादी शंकर सहनी मलाहाले यस अदालतमा गरेको बयान ।

प्रतिवादी शंकर एक्लै थिए, निजले चिठ्ठी दिन गएबापत कुटपिट गरी प्रहरीको जिम्मा लगाइदिएको हो भन्ने प्रतिवादी शंकर सहनीको साक्षी अकलु पासवानले गरेको बकपत्र ।

म उपरको पोल उजुरी झुठा हो । गाउँको पाटापाटीले गर्दा मेरो नाम पोल गरेको हुन सक्छ । मैले अपहरण उद्योग गरेको छैन, कर्जा लिएको पनि होइन, जाहेरवालाको घर म गएको पनि छैन । किन मसमेतलाई पोल गरे निज नै जानुन् भन्ने प्रतिवादी रामपृत सहनी मलाहाले गरेको बयान ।

सो दिन, समयमा प्रतिवादी आफ्नै घरमा हुँदा दाबी झुठा हो भन्ने प्रतिवादी रामपृत सहनीको साक्षी रामचन्द्र सहनी मलाहा र बिजुली सहनीले गरेको बकपत्र ।

मैले अपहरण गरे गराएको पत्र लेखाएको समेत होइन । शंकर सहनी, रामपृत सहनीले के कसो गरे मलाई थाहा भएन, मैले कुनै कसुर अपराध गरे गराएको छैन । म उपर पोल उजुरी झुठा हो भन्ने प्रतिवादी शिवा भन्ने अजय सिंह भूमिहारले गरेको बयान ।

उक्त दिन म निज प्रतिवादीकै घरमा निज प्रतिवादीकै साथमा थिएँ, दाबी झुठा हो भन्ने प्रतिवादी शिवा भन्ने अजय सिंह भूमिहारको साक्षी राम कलेश्वर ठाकुरले गरेको बकपत्र ।

म घरमा बसिरहेको अवस्थामा तराई आर्मीका सदस्यहरू हौं भन्ने तराई आर्मीको निम्तो २४ घण्टाभित्र रु.३,५१,०००।- चन्दा देऊ भनी ५।६ जना अपरिचित्त व्यक्तिहरूले चन्दा रसिद दिई गएको थियो । ऐ.२८ गते यी हामीले चिनेका शंकर सहनीले तराई आर्मीका सदस्यले सोधी पठाएको थियो भनी भन्दा आफूले सधैंभरि हेरचाह गरी आएकोले शंकर सहनीले त्यसो भन्दा रिस उठी २।४ थपड दिई प्रहरीसमक्ष बुझाइदिएको थियो भन्नेसमेत जाहेरवाला रुद्रप्रसाद वाग्लेले यस अदालतमा गरेको बकपत्र ।

तराई आर्मीका सदस्यहरू हौं भन्ने तराई आर्मीको निम्तो २४ घण्टाभित्र रु.३,५१,०००।- चन्दा देऊ भनी ५।६ जना अपरिचित्त व्यक्तिहरूले चन्दा रसिद दिई गएको थियो । ऐ.२८ गते यी हामीले चिनेका शंकर सहनीले तराई आर्मीका सदस्यले सोधी पठाएको थियो भनी भन्दा जाहेरवालाले २।४ थपड दिई प्रहरीसमक्ष बुझाइदिएको थियो भन्नेसमेत तथा बुझिएका मानिस चिन्तामणि वाग्लेले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी लालबाबु भन्ने लालका सहनी मलाहाले मिति २०६६।३।२५।५ मा तामेल भएको सुरु म्याद गुज्रारी बसेका देखिन्छ ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी वादीतर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री बुद्धिलाल श्रेष्ठ र प्रतिवादी शंकर सहनी, रामपृत सहनी मलाहाको तर्फबाट विद्वान् अधिवक्ता श्री शिवराम श्रेष्ठको बहस सुनियो । प्रतिवादीहरूले जाहेरवाला रुद्रप्रसाद वाग्लेलाई रकम माग गरेको पत्र दिई सो रकम नदिएमा ज्यानै मारिदिने धम्कीसमेत दिई वारदातका दिन अपहरण गर्ने पूर्वयोजना अनुसार नै घटनास्थलमा उपस्थित भएको समेत देखिएकोले प्रतिवादीहरूले मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १, २, ३ र ६ नं.विपरीतको कसुर अपराध गरेको देखिँदा निजहरू उपर ऐ.महलको ५नं.बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग पत्र देखिँदा निजहरूले दाबी बमोजिम कसुर गरेको हो होइन भन्ने नै ठहर गर्नुपर्ने देखियो ।

यसमा प्रतिवादीमध्येका शंकर सहनीको हकमा विचार गर्दा जाहेरवाला रुद्रप्रसाद वाग्लेको घरअगाडि आँगनमा शंकर सहनीसमेतका मानिसहरूले तराई आर्मी लेखेको चिट्ठीमा फिरौती रकम लेखेको खामबन्दी चिट्ठी रुद्रप्रसाद वाग्लेलाई दिएको भन्ने मिति ०६५।४।२८ को घटनास्थल प्रकृति मुचुल्काबाट देखिएको छ । मिसिल संलग्न सो चिट्ठी हेर्दा हिन्दी भाषामा छापिएको र हातले “२४ घण्टामा सम्पर्क नगरे गोली हानी हत्या गरिनेछ” भनी लेखेको देखिन्छ । सो चिट्ठीका सम्बन्धमा परिवार बसी छलफल गर्दैको अवस्थामा शंकर सहनीसमेत आई चिट्ठी बमोजिमको रकम किन नदिएको यसलाई अपहरण गरी लग्नुपर्छ भनी भन्दै गर्दा परिवारले एक्कासि होहल्ला गरेपछि निजहरू भाग्न लाग्दा मसमेतका गाउँलेहरूले शंकर सहनीलाई पक्राउ गरी दाखिला गरेका छौं भन्ने जाहेरी दरखास्त व्यहोरा देखिन्छ । निज प्रतिवादी शंकर सहनीले सरकारी वकिलसमक्ष बयान गर्दा म बरहथवा बजार आउँदै गर्दा बाटोमा भेटी बरामद भएको २ वटा पुर्जी जाहेरवाला रुद्रप्रसाद वाग्लेलाई दिनु भनी छाडेका हुन्, निजहरूको संगतबाट मलाई पटक-पटक रु.१०००।- दिएका थिए, मिति २०६५।४।२८ गते साँझ निज रुद्रप्रसाद वाग्लेले रुपैयाँ नदिएमा अपहरण गर्ने भनी हामीहरूको पूर्वयोजना थियो भनी बयान गरेको देखिन्छ । सो बयान कसो रहेछ भनी हेरिँदा निजले अदालतमा बयान गर्दा स.ज.८ मा सो बयानमा भएको

सहीछाप मेरो हो, बयान व्यहोरा ठीकै छ, मैले भने बमोजिम लेखेको ठीक हो भनी व्यहोरा लेखाएको देखिन्छ। यसबाट सरकारी वकिलसमक्ष निजले गरेको बयानलाई निजले अन्यथा भनेको देखिएन। सो बयानमा उल्लेख गरेको तथ्यगत व्यहोरामध्ये निजले चिट्ठी दिएको, घटनास्थल प्रकृति मुचुल्का र निजसमेत गई पैसा लिन आएको व्यहोरा जाहेरी दरखास्त र सो साथ निजलाई दाखेल गरिएको तथ्यले समर्थित गरेको छ।

निजले अदालतमा आरोपित कसुरलाई इन्कार गरेको र जाहेरवालाले बकपत्र गर्दा जाहेरी व्यहोरालाई पुष्टि नगरी प्र.शंकरले त्यस दिन कुनै किसिमको डर धाक दिएको थिएन भनी व्यहोरा लेखाएकोले आरोपित कसुर पुष्टि भएको छैन भनी प्रतिवादीतर्फका कानुन व्यवसायीले प्रस्तुत गर्नुभएको तर्क सम्बन्धमा विचार गर्दा प्रथमतः प्र.शंकर सहनीले सरकारी वकिलसमक्ष गरेको बयान ठीक साँचो भनी अदालतको बयानमा उल्लेख गरिसकेको अवस्थामा विविध कुरालाई लिएर निजले दिएको कथनले सर्वाधिक महत्व राख्ने देखिँदैन। समग्रमा नै अनुसन्धान क्रममा उठेका घटना प्रकृति मुचुल्का, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले लेखाइदिएको व्यहोरा र जाहेरी व्यहोरालाई अन्यथा नभनी निजले ठीक साँचो हो भनी अदालतमा बयान गरेपछि ती प्रमाणहरूले देखाएको तथ्यहरूलाई निजले स्वीकार गरेको नै मान्नुपर्ने हुन्छ। त्यसमा पनि आरोपितले कसुर स्वीकार गरेको सरकारी वकिलसमक्षको बयानलाई नै अदालतमा ठीकै हो भनी स्वीकार गरिसकेको अवस्था देखिन्छ। सो सरकारी वकिलसमक्ष भएको बयानलाई अनुसन्धान क्रममा तयार भएका र यी वादीले अदालतसमक्ष सो कागजातहरू ठीक साँचो हुन् भनी स्वीकार गरेको जाहेरी दरखास्त लगायतका कागजातहरूले समर्थन गरेका छन्। यस अवस्थामा निजको सरकारी वकिलसमक्षको बयान स्वतन्त्र प्रमाणबाट समर्थित भएको नै देखिन्छ। जाहेरवालाले अदालतमा बकपत्र गर्दा जाहेरी अनुरूप शंकर सहनीले चिट्ठी दिएको तथ्य उल्लेख नगरी पैसा माग गरेको भन्ने पनि उल्लेख नगरेको देखिन्छ। तथापि निजलाई आरोपित कसुर गरेको हो भनी प्रहरीमा बुझाएको तथ्यलाई अन्यथा भनेको देखिँदैन। घटनास्थल प्रकृति मुचुल्काबाट प्र.शंकर सहनीले पत्र दिएको तथ्य स्थापित भएको र सो मुचुल्काको रोहवरमा जाहेरवाला बसेको देखिएको अवस्थामा सो घटनास्थल प्रकृति मुचुल्कालाई जाहेरवालाले अन्यथा नभनेको स्थितिमा निजले बकपत्र गर्दा खम्बीर नगरेको तथ्यका कारणले मात्र प्र.शंकर सहनी उपरको दाबी पुष्टि नहुने भने विद्वान् अधिवक्ताको जिकिरसँग यो इजलास सहमत हुन सकेन।

प्रस्तुत मुद्दा समग्रमा हेर्दा व्यक्तिविरुद्ध संगठित समूहको आपराधिक प्रयासको रूपमा लिनुपर्ने देखिन्छ। संगठित समूहका विरुद्ध Individual को निरीहता सम्बन्धमा वर्तमान परिस्थितिमा कुनै विवाद छैन। यो तथ्य सामान्य समझका जोसुकै नागरिकले पनि टड्कारै महसुस गरेको अवस्था छ। त्यसैले संगठित समूहले घटाएको घटनामा व्यक्ति साक्षीको रूपमा देखिनेभन्दा पनि अन्य भौतिक सबुद प्रमाणका आधारमा न्याय निरोपण गर्ने प्रक्रियालाई सहज रूपमा लिन धेरैजसो मुलुकका अदालतहरूले अग्रसरता देखाएको अवस्था एकातिर छ भने पीडित साक्षीहरूको संरक्षण भएमा मात्र त्यस्ता साक्षीहरूले बिनाकुनै त्रास न्यायिक प्रक्रियामा भाग लिन सक्छन् भने मान्यताहरूसमेत विकसित भएका छन्। पीडित साक्षीहरूको सुरक्षा, गोपनीयता सम्बन्धमा विभिन्न मुलुकहरूले कानुनी व्यवस्था गर्नुका साथै पीडित संरक्षणका विभिन्न योजनाहरूलाई समेत व्यवहारमा लागू गरेका छन्। राज्यविरुद्धको अपराधमा अपराधीलाई कानुन बमोजिमको कारबाहीको दायरामा ल्याउन व्यक्तिको सहयोगको आवश्यकताको कार्यान्वयन राज्यद्वारा पीडितको सुरक्षा एवं संरक्षणको प्रत्याभूतिले मात्र सम्भव हुन्छ भन्ने मान्यताले धैरै मुलुकहरूमा स्थान पाइसकेका छन्।

प्रस्तावित अपराध कार्यविधि संहिता, २०५९ को दफा १७६ ले कुनै खास कसुरबाट पीडित व्यक्ति वा मुद्दाको साक्षीले, साक्षी भएकै कारण निजलाई अभियुक्त पक्षबाट अनुचित डर, त्रास, भय हुन सक्ने वा जीउ

ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने भनी निजले प्रहरी एवं अदालतमा सूचना दिएमा त्यस्तो साक्षीको सुरक्षा राज्यले गर्नुपर्ने स्पष्ट गरेको पाइन्छ । यसबाट साक्षीको संरक्षण र सुरक्षाको वोध राज्य पक्षलाई भएको स्पष्ट हुन्छ । संयुक्त राष्ट्र संघले सन् १९८५ मा जारी गरेको Declaration of Basic Principles या Justice for Victims of Crime and Abuse of Power ले पीडित संरक्षण सम्बन्धमा एउटा नयाँ अध्यायको सुरुवात गरेको पाइन्छ । Rome Statute of International Criminal Court को धारा ६८ ले पीडित र साक्षीको संरक्षणसम्बन्धी व्यवस्था गरेको छ । UN Convention Against Transnational Organized Crime, 2000 को दफा २४ ले पनि पीडित र साक्षीको संरक्षण सम्बन्धमा केही प्रावधान समावेश गरेको छ ।

पीडित एवम् साक्षीको संरक्षण गर्नुपर्ने आवश्यकता वोध कतिपय देशका न्यायपालिकाले पनि गरेका छन् र व्याख्याको माध्यमबाट दूरगामी महत्व राख्ने सिद्धान्तहरू कायम गरेका छन् । भारतीय सर्वोच्च अदालतद्वारा मेनका गान्धीको मुद्दामा (Maneka Gandhi v. Union of India, AIR 1978 SC 597) पीडित र साक्षीको हक अधिकारको संरक्षण हुने गरी कानुनद्वारा कार्यविधि निर्धारण गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो भने कर्तार सिंहको मुद्दामा (Kartar Singh v. State of Punjab 1994, SCC 569) साक्षीको परिचयमा गोपनीयता कायम गर्न मातहत अदालतहरूलाई निर्देशनसमेत जारी गरिएको थियो । विशाकाको मुद्दामा (Vishaka v. State of Rajasthan (1997) 6 SCC 241) पीडित महिलाको संरक्षणका लागि बुँदागत निर्देशन नै जारी गरिएको छ । Best Bakery Case को नामले चर्चित N.H.R.C. v. State of Gujarat को विवादमा सन् २००३ मा भारतीय सर्वोच्च अदालतले साक्षीको संरक्षणका लागि कानुन निर्माण हुनुपर्ने कुरामा आफ्नो गम्भीर चासो र सरोकार व्यक्त गरेको छ । भारतीय सर्वोच्च अदालतले सार्वजनिक सरोकार सम्बन्धी विवादका सन्दर्भमा पीडित एवम् साक्षीको संरक्षण सम्बन्धमा उपयुक्त कानुन निर्माण हुनुपर्ने न्यायिक दृष्टिकोण अगाडि सारेको छ । भारतीय सर्वोच्च अदालतले Zahira Habibulla Sheikh vs State of Gujarat, 2004 (4 SCC 158) को मुद्दामा पीडितको महत्वलाई निम्न शब्दमा उल्लेख गरेको छ :

> "Right from the inception of (the) judicial system it has been accepted that discovery, vindication and establishment of truth is the main accepted underlying existence of courts of justice. The operating principles for a fair trial permeate the common law in both civil and criminal contexts. Application of these principles involves a delicate judicial balancing of competing interests in a criminal trial, the interests of the accused and the public *and to a great extent that of (the) victim* have to be weighed not losing sight of the public interest involved in the prosecution of persons who commit offences".

हाम्रो सर्वोच्च अदालतले पनि "अपराधीलाई बचाई दिने नियतले स्वयं पीडितले वयान दिन सक्ने स्थितिलाई ध्यानमा राखी निर्णयकर्ताले निर्णय दिँदा कसैले सफाइ दिने बयान दिँदैमा निरपराध ठहर गर्नुपर्ने हुँदैन, व्यक्तिको बयानलाई सबुदको रूपमा लिन सकिन्छ तर अकाट्य प्रमाणको रूपमा लिन मिल्दैन । पीडितले अदालतमा आई प्रतिवादीहरूलाई निर्दोष भनी बकपत्र गरी दिँदैमा ऐनको व्यवस्था निष्क्रिय हुने गरी निर्णय गर्न न्यायसंगत नठहर्ने" (ने.का.प. २०६१ अंक ७, नि.नं. ७४११ पृ.८९३ श्याम माझी वि. श्री ५ को सरकार) भनी सिद्धान्त प्रतिपादन गरेको देखिन्छ ।

वर्तमानमा यी विकसित मान्याताहरू तथा हाम्रो न्यायिक पद्धतिमा विकसित हुँदै गरेका मान्यताहरूलाई पनि सापेक्षिक रूपमा हेरी संगठित अपराध सम्बन्धमा धारणा बनाई त्यसलाई सम्बोधन गर्न सकिने रणनीतिहरू अख्तियार गर्नु उपयुक्त हुने यस इजलासलाई लागेको छ । राज्यले पीडित साक्षीको संरक्षण गर्नेतर्फ अग्रसरता नलिएसम्म फौज्दारी न्यायको सहभागी पीडितबाट न्यायिक प्रक्रियामा अपेक्षित सहयोग प्राप्त हुन नसक्ने पनि यस इजलासले महसुस गरेको छ ।

न्यायिक जगत्मा विकसित भएका यी मान्यताहरू र हाम्रै सर्वोच्च अदालतको पीडितले प्रायः अदालतमा आई गर्ने विपरीत बकपत्रलाई अन्य प्रमाणहरूको रोहबाट हेर्नुपर्ने मान्यता विकसित गरेको तथ्यसमेतलाई मध्यनजर राखी प्रस्तुत मुद्दाको समग्र तथ्य र मिसिल संलग्न प्रमाणहरूलाई मूल्याङ्कन गर्दा जाहेरवालाको जाहेरी विपरीतको बकपत्र मात्र सफाइको आधार हुन नसक्ने निष्कर्षमा यो इजलास पुगेको छ ।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट प्र.शंकर सहनीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान निज मौकामा पक्राउ परेको र सो पक्राउ परेको तथ्य निजले स्वीकार गरेकै अवस्थाबाट पुष्टि भइरहेको देखिएको हुँदा निजले दाबी बमोजिम कसुर गरेको ठहर्छ । सो ठहर्नाले मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ५ नं. सपठित ३नं.बमोजिम निजलाई ४ वर्ष कैद हुने ठहर्छ ।

अन्य प्रतिवादीहरूको हकमा विचार गर्दा यी प्रतिवादीहरू रामपृत सहनी मलाहा, शिवा भन्ने अजय सिंह भुमिहार र लालबाबु भन्ने लालका सहनीको अनुसन्धानको क्रममा बयान हुन सकेको अवस्था छैन । निजहरूले अदालतमा बयान गर्दा प्र. रामपृतले म उपरको पोल उजुरी झुठा हो, गाउँको पाटापाटीले गर्दा मेरो नाम पोल गरेको हुन सक्छ, मैले अपहरण उद्योग गरेको छैन, जाहेरवालाको घर म गएको पनि छैन भनी तथा प्र.शिवा भन्ने अजय भूमिहारले मैले अपहरण गरे गराएको, पत्र लेखाएको समेत होइन, शंकर सहनी, रामपृत सहनीले के कसो गरे मलाई थाहा भएन, मैले कुनै कसुर अपराध गरे गराएको छैन, म उपर पोल उजुरी झुठा हो भनी आरोपित कसुर इन्कार गरी बयान गरेको देखिन्छ । प्र. शंकर सहनीले निजहरूलाई पोल गरे पनि सोको पुष्टि स्वतन्त्र प्रमाणबाट हुन सकेको छैन । प्र. शंकर सहनीलाई मौकामा पक्राउ गरेका जाहेरवालाले पनि अन्य प्रतिवादीहरूको नाम जाहेरी दरखास्तमा उल्लेख गर्न सकेको देखिँदैन । जाहेरवालाले अदालतमा आई बकपत्र गर्दासमेत निजहरूलाई यसै अदालतमा देखेको, सो भन्दा पहिले नदेखेको भनी बकपत्र गरिदिएको देखिन्छ । यसबाहेक यी प्रतिवादीहरूको सो वारदातमा संलग्नता देखिने प्रमाण वादी पक्षबाट प्रस्तुत हुन सकेको छैन । यी प्रतिवादीहरूको कसुरमा संलग्नता देखाउने सहअभियुक्तको पोलबाहेक अन्य कुनै प्रमाण पेस हुन सकेको देखिंदैन । सहअभियुक्तको पोल स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म दह्रो प्रमाणका रूपमा ग्राह्य हुन नसक्ने हाम्रो न्यायिक परिपाटी रही आएको देखिन्छ । शंकाको भरले मात्र सजायको भागी बनाउनु फौज्दारी न्यायका सिद्धान्तको विपरीत हुने र शंकाको सुविधा अभियुक्तले पाउने फौज्दारी न्यायको मान्य सिद्धान्त हो । यस अवस्थामा सबुद प्रमाणबाट प्रतिवादीहरू उपरको आरोपित कसुर पुष्टि हुन आएको नदेखिँदा निज प्रतिवादीहरू रामपृत सहनी मलाहा, शिवा भन्ने अजय सिंह भूमिहार र लालबाबु भन्ने लालका सहनीले दाबी अभियोगबाट सफाइ पाउने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्नू ।

**तपसिल**

प्रतिवादी शंकर सहनीके माथि राय खण्डमा लेखिए बमोजिम निजलाई ४(चार) वर्ष कैद हुने ठहरेकाले निज मिति २०६५।४।२८ गते देखि पुर्पक्षका लागि हाल कारागारमा हिरासतमा रहेकोले सो मितिबाट लागू हुने गरी मिति २०६९।४।२७ सम्म कैद ठेकी लगत कसी कैदी पुर्जी दिनू ...................................................................१

अन्य प्रतिवादीहरूले सफाइ पाउने ठहरेकाले सरकार वादी मुद्दा हुँदा केही गर्नु परेन । प्रतिवादी रामपृत सहनी र शिवा भन्ने अजयकुमार सिंह भूमिहारलाई अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए यस मुद्दामा थुना मुक्त गरिदिनू भनी कारागार कार्यालयमा लेखी पठाइदिनू...........................................................................................२

यस इन्साफमा चित्त नबुझे पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्नू भनी जिल्ला सरकारी वकिल कार्यालय सर्लाहीलाई यो फैसला भएको जानकारीसहित स.मु.स.ऐन, २०४९ को दफा २६(१) बमोजिम पुनरावेदनको म्याद दिनू । प्रतिवादी शंकर सहनीको नाउँमा ७० दिने पुनरावेदनको म्याद कारागार कार्यालयमार्फत तामेल गर्नू.........................................................................................................................................३

सरोकारवालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनू ...............................४
प्रस्तुत् मुद्दाको दायरीको लगत कट्टा गरी सक्कल मिसिल अभिलेख शाखामा बुझाई दिनू ..................................५

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी लेख्ने
डिट्ठा प्रिती शाह
फाँट ना.सु.भरत घिमिरे

..........................
विनोदप्रसाद शर्मा
जिल्ला न्यायाधीश

इति संवत् २०६७ साल आषाढ १३ गते रोज १ शुभम् ..............................................................।

**श्री ललितपुर जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री लेखनाथ ढकाल**

**फैसला**

**संवत् २०६६।०६७ को स.वा.फौ.मि.नं.०३२।११९ निर्णय नं.१५०**

***मुद्दा :- अपहरण तथा शरीर बन्धक ।***

**वादीको नाम, थर, वतन**

ललितपुर जिल्ला सैंवु गा.वि.स.वडा नं.४ नख्खु बस्ने वर्ष ४४ को लक्ष्मी अधिकारीको जाहेरीले नेपाल सरकार.......................१

**साक्षी**

जाहेरवाली लक्ष्मी अधिकारी..........................१

पीडित जितिससिंह चाहाल...........................१

जीवन महत.............................................१

विजय महत............................................१

डम्बरबहादुर भोलन...................................१

**कागज**

जाहेरी दरखास्त, घटनास्थल विवरण कागजहरू ।

**प्रतिवादीको नाम, थर, वतन**

शेरबहादुर गुरुङको छोरा तनहुँ मिर्लुङ गा.वि.स.वडा नं.८ प्युसेरा घर भई हाल ललितपुर जिल्ला सैंवु गा.वि.स.वडा नं.४ नख्खुमा डेरा गरी बस्ने वर्ष २८ को कमल भन्ने लेखबहादुर गुरुङ..................................................१

सुन्दरकुमार बज्राचार्यको छोरी जिल्ला संखुवासभा मनकामना गा.वि.स.वडा नं.२ घर भई हाल जिल्ला ललितपुर, ललितपुर उप-महानगरपालिका वडा नं.३ धोवीघाटमा डेरा गरी बस्ने वर्ष ३३ की सुमिना श्रेष्ठ भन्ने सुलोचना बज्राचार्य...............................................................१

**साक्षी**

विद्या शाक्य.......................................१

कागज

X

**अदालतबाट बुझेको**

**साक्षी :-**

पीडित जितिससिंह चाहाल...........................१

जाहेरवाली लक्ष्मी अधिकारी..........................१

जीवन महत.............................................१

विजय महत............................................१

विद्याशाक्य...............................................१

डम्बरबहादुर भोलन...................................१

प्रतिवेदक प्र.नि.केदार खनाल.........................१

प्रमाण कागज :-

X

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नं.ले यसै अदालतको अधिकार क्षेत्रभित्रको भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

१. मिति २०६५।०७।११ गते लक्ष्मी अधिकारीको नाति जितिससिंह चाहाललाई अपहरण गरी लाने मानिसहरू फेला पारी मोटरसाइकल रोकी नाम, थर, वतन सोधपुछ गर्दा मोटरसाइकल चालकले मेरो नाम कमल भन्ने लेखबहादुर गुरुङ घर जिल्ला तनहुँ मिर्लुङ गा.वि.स.वडा न.८ हाल नख्खुमा डेरा गरी बस्छु भनी बताएको र सोही मोटरसाइकलमा बसी आएकी महिलाले आफ्नो नाम सुमिना श्रेष्ठ भन्ने सुलोचना बज्राचार्य घर संखुवासभा जिल्ला भई हाल ललितपुर उप-महानगरपालिका वडा न.३ धोवीघाटमा बसेकी छु भनी बताएकीले निजहरूलाई पक्राउ गरी निजहरूको शरीर तलासी गर्दा कमल भन्ने लेखबहादुर गुरुङको साथबाट रु.१,५६,०००।- नगद रुपैयाँ र ९८४११९६६५५ नं.को सिमसहितको मोबाइल थान १, नाइक लेखेको कालो झोलामा २ वटा राहदानी, नागरिकताहरू, कमल गुरुङ नामको भारतीय निर्वाचन आयोगको परिचय पत्र थान १ समेतका कागजातहरू फेला परेको, सुमिना भन्ने सुलोचना बज्राचार्यको शरीर तलासी गर्दा ९८०३३४९५१२ न. को सिमसहितको मोबाइल थान १ फेला परेकोले निजहरूको साथबाट बरामद सामान तथा घटनामा प्रयोग भएको वा१९प १३०७ न.को मोटरसाइकलसमेत प्रहरीले बरामद गरी लगेको भन्नेसमेतको मिति २०६५।७।१२ को बरामदी मुचुल्का ।

२. मिति २०६५।७।११ गते दिउँसो अं ३:०० बजेको समयमा ललितपुर जिल्ला सैंबु गा.वि.स.वडा न.४ नख्खु बस्ने लक्ष्मी अधिकारीले मेरो नाती वर्ष साढे तीनको जितिससिंह चाहाललाई सोही नख्खुमै डेरा गरी बस्ने तनहुँ जिल्ला मिर्लुङतर्फ घर बताउने अ.वर्ष २८।२९ को कमल भन्ने लेखबहादुर गुरुङ र ललितपुर धोवीघाट नयाँ बस्ती डेरा गरी बस्ने सुमिना श्रेष्ठ भन्ने सुलोचना बज्राचार्यसमेतले विभिन्न किसिमको लोभ लालच देखाई ललाई फकाई सैंबु गा.वि.स.वडा न.४ नख्खुबाट अपहरण गरी लगेको र करिब १ घन्टा जति पछाडि लेखबहादुर गुरुङले निजकै ९८४११९६६५५ नं.को मोबाइलबाट मेरो ९८४१३३५०८१ नं.को मोबाइलमा फोन गरी नगद रु.२०,००,०००।- माग गरेको र उक्त रकम नदिए बच्चाको ज्यान धरापमा छ भनी धम्कीपूर्ण भाषा प्रयोग गरेकोले खोजी एवं अनुसन्धान गरी पाउँ भनी तत्काल मौखिक निवेदन गरेकीले यस परिसरबाट मेरो कमान्डमा बच्चा तथा निज व्यक्तिहरूको खोजी कार्यका लागि आवश्यक मद्दतसहितको टोली निज पीडित लक्ष्मी अधिकारीलाई साथमा लिई विशेष सुराक पत्ता लगाई खोजी गर्दा गराउँदा काठमाडौंको हल्चोक स्वयम्भू नजिक चक्रपथतर्फ बच्चालाई साथमा नै लिई उल्लेखित निज लेखबहादुर गुरुङ र सुमिना भन्ने सुलोचना बज्राचार्यसमेतको गोप्य रूपमा खोजतलास गर्ने क्रममा काठमाडौं जिल्ला का.म.न.पा.वडा न.१५ हल्चोक ठूलो भऱ्याङस्थित चक्रपथ रोडमा जाहेरवाली लक्ष्मी अधिकारीसँग रकम माग गरी लिई बच्चा पीडितलाई दिई तत्कालै निज कमल भन्ने लेखबहादुर गुरुङले मोटरसाइकल हाँकी मोटरसाइकल पछाडि सुमिना भन्ने सुलोचना बज्राचार्यसमेतलाई लिई भाग्ने क्रममै निजहरू दुवै जनालाई वा१९प १३०७ नं.को बच्चा अपहरण कार्यमा प्रयोग भएको मोटरसाइकलसहित पक्राउ गरिएको हो । निजहरू उपर कडाभन्दा कडा कारबाही गरी पाऊँ भन्नेसमेतको २०६५।७।१२ को प्र.नि.केदार खनालको प्रतिवेदन ।

३. २०६५।७।१२ गते बिहान निजको मोबाइलबाट मेरो मोबाइलमा पटक-पटक फोन गर्दै रकमको बार्गेनिङ गऱ्यो । नातिको ज्यान धेरै धरापमा छ, छिट्टै रकम जम्मा गर्नं भन्दै फोन गऱ्यो त्यत्रो रकम दिन सक्दिनँ, रु.५,००,०००।- सम्म दिन्छु त्यो पनि अहिले तुरुन्तै छैन, रु.२,००,०००।- पछि दिन्छु अहिले जम्मा रु.३,००,०००।- लिएर आउँछु भन्दा निजले हुन्छ भन्दै साथमा रु.१,५०,०००।-मात्र लिई उक्त स्थानतर्फ जाँदा निज वा१९प १३०७ नं.को मोटरसाइकलमा नाति जितिसलाई सुमिना श्रेष्ठ भन्ने सुलोचना बज्राचार्यको काखमा च्यापी लिई म भएको ठाउँमा आइपुग्दा बच्चा मलाई देख्नासाथ बेस्सरी रोई कराई गऱ्यो र मैले काखमा लिई मेरो ब्यागबाट

मैले प्लास्टिकको झोलामा पोका पारी राखेको सो रकम निजलाई दिएकोमा निज लेखबहादुर गुरुङले रकम गन्दै नगनी लिई मोटरसाइकलबाटै तत्काल भाग्ने क्रममा प्रहरीले निजहरू दुवै जनालाई मोटरसाइकलसहित पक्राउ गर्न र रकम बरामद गर्न सफल भएकोले सोही व्यहोराको जोहेरी दिन आएको छु, मेरो नाबालक नाति जितिससिंह चाहाललाई ललाई फकाई अपहरण गरी लगी शरीर बन्धक बनाई राखी फिरौती रकम माग गरी लिने निजहरूलाई तथा मतियार साथीहरू हुन सक्ने हुँदा पत्ता लगाई अपहरणतर्फ अनुसन्धान कारबाही गरी मेरो उक्त रकम दिलाई भराई पाऊँ भन्नेसमेतको लक्ष्मी अधिकारीको जाहेरी दरखास्त ।

४. जाहेरीवाली लक्ष्मी अधिकारीले पैसा दिन आलटाल गरेजस्तो गरेकोले मोटरसाइकल अगाडि रहेका लेखबहादुरले नै प्लास्टिकको झोलामा मोडिरहेको रकम जबरजस्ती आफैंले तानी लिई बच्चा दिई मोटरसाइकल अगाडि बढाउन लाग्दा केही अगाडि पुगेपछि एउटा गाडीले बाटो छेकी सादा पोसाकमा रहेका प्रहरीले कमल भन्ने लेखबहादुर गुरुङ, मोटरसाइकल तथा नगद र मसमेतलाई प्रहरीले नियन्त्रणमा लिएको हो । बच्चालाई अपहरण गरी बालाजु गेस्टहाउसमा गई बसेपछि लेखबहादुरले फोन गरी पैसा नदिएमा बच्चालाई मारिदिने भनी फोन गरी मोबाइलको स्विच अफ गर्ने गरेका थिए । रु.२० लाखबाट सुरु भई रु.२ लाख दिने भन्ने जाहेरवाली लक्ष्मी अधिकारीसँग कुरा मिल्यो । यसरी मिति २०६५।७।१२ गते रकम लिई बच्चा फिर्ता गर्ने क्रममा हामी पक्राउमा परेका हौं । लेखबहादुरको साथबाट बरामद भएको रु. १,५०,०००।- लक्ष्मी अधिकारीको रकम हो । आएको रकमबाट बाँडी खाने र लेखबहादुरले मसँग लगेको सापटी रु.१५,०००।- समेत लिने खाने नियतले उक्त अपहरण कार्यमा संलग्न भएकी हुँ । बरामद ९८०३३४९५१२ नं को सिमसहितको मोबाइल मेरो हो, वा१९प १३०७ नं.को मोटरसाइकलसमेत बरामद भएको हो भन्नेसमेतको प्रतिवादी सुमिना श्रेष्ठ भन्ने सुलोचना बज्राचार्यको अनुसन्धान अधिकृतसमक्ष भएको बयान ।

५. जाहेरवाली लक्ष्मी अधिकारीको नाति जितिससिंह चाहाललाई अपहरण गरी बन्धक बनाई फिरौती रकम माग्नेमा मेरो योजनाअनुसार म र सुमिना श्रेष्ठ भन्ने सुलोचना बज्राचार्यको संलग्नता छ । अन्य मानिसको संलग्नता छैन । जितिससिंह चाहाललाई मिति २०६५।७।११ गते दिनको अ.३:०० बजेतिर सैंवु गा.वि.स.वडा न.४ स्थित नख्खुबाट ललाई फकाई अपहरण गरी लगेको हो । मिति २०६५।७।१२ गतेको बरामदी मुचुल्कामा उल्लेखित बरामद भई आएको नगद रु.६,०००।- मेरो आफ्नो हो १,५०,०००।- जितिससिंह चाहाललाई अपहरण गरी बन्धक बनाई फिरौती रकम लिएको रकम हो । उक्त नगद तथा राहदानी नागरिकतासमेतका कागजातहरू र ९८४१११६६५५ न. को सिमकार्डसहितको मोबाइल मेरो हो, मेरो साथबाट बरामद भएको हो । घटनामा प्रयोग भएको वा१९प १३०७ नं.को मोटरसाइकलसमेत हाम्रै साथबाट बरामद भएको हो । उक्त मोटरसाइकल दिपेन बान्तावा राईसँग म घुम्न जान्छु भनी मिति २०६५।७।११ गतेका दिन मागी ल्याएको थिएँ । जोहरवालीको नाति जितिस सिंहलाई अपहरण गरी लाने कुरा थाहा थिएन भन्नेसमेतको प्रतिवादी कमल भन्ने लेखबहादुर गुरुङले घटना वारदातलाई पुष्ट्याइँ गर्दै अनुसन्धान अधिकृतसमक्ष गरिदिएको साविती बयान कागज ।

६. २०६५।७।१२ गतेका दिन रु.१,५०,०००।- फिरौती रकम लक्ष्मी अधिकारीबाट लिई कमल भन्ने लेखबहादुर गुरुङ र सुलोचना बज्राचार्यले बालक जितिससिंह चाहाललाई फिर्ता गरिसकेपछि रकम लिई भाग्ने क्रममा प्रहरीद्वारा निजहरू तत्कालै पक्राउमा परेको कुरा सुनी थाहा पाएको हुँ । ०६५।७।११ गतेका दिन कमल भन्ने लेखबहादुर गुरुङ सुलोचना बज्रचार्यसमेतले जितिससिंह चाहाललाई अपहरण गरी लगी काठमाडौंको बालाजुमा लगी बन्धक बनाई राखी मिति ०६५।७।१२ गतेका दिन फिरौती रकम रु.१,५०,०००।- लक्ष्मी अधिकारीसँग लिई

बालकलाई मुक्त गरेको हुँदा निजहरू उपर कानुन बमोजिम कडा कारबाही हुनुपर्दछ भन्नेसमेतको विजय महतको कागज ।

७. लेखबहादुर गुरुङ ललितपुर सैंबुबाट बच्चा लिई आउने र सुलोचना बज्राचार्य ललितपुर धोबीघाटबाट मैले चलाएको गाडीमा चढी सुन्धारामा होटलमा बस्ने मानिसहरू हुन् भन्नेसमेतको वा५च ८९२३ नं.को कार यसै कागजसाथ दाखिल गरेको छु भन्नेसमेतको ड्राइभर डम्बरबहादुर भुलोनले गरेको कागज ।

८. ०६५।७।११ गतेका दिन निज प्रतिवादी कमल भन्ने लेखबहादुर गुरुङसमेतले ललितपुर नख्खुबाट हाल थाहा भए अनुसार जाहेरवाला लक्ष्मी अधिकारीको नाति जितिससिंह चाहाललाई अपहरण गरी मैले पठाएको गाडीमा राखी अन्यत्र लगेको रहेछ, सो कुरा हाल मात्र सुनी थाहा पाएको हुँ, निजहरूले के कसरी अपहरण गरी शरीर बन्धक बनाई राखी फिरौती रकम लिएका हुन्, मलाई थाहा भएन । जाहेरवालीको नाति जितिससिंह चाहाललाई अपहरण गरी लगेकोमा हाल थाहा जानकारी पाएकोले कानुन बमोजिम कारबाही गरी पाऊँ भन्नेसमेतको राजेन्द्रकुमार विष्टले गरेको कागज ।

९. ०६५।७।११ गते दिन अं ३:०० बजेको समयमा जहेरवाली लक्ष्मी अधिकारीको नाति वर्ष साढे ३ को जितिससिंह चाहाललाई कमल भन्ने लेखबहादुर गुरुङले ललाई फकाई अपहरण गरी गाडीमा चढाई लगेको भन्ने ठाउँ भएको भन्नेसमेतको घटनास्थल मुचुल्का ।

१० कमल भन्ने लेखबहादुर गुरुङ र सुलोचना बज्राचार्यसँग सोधपुछ गर्दासमेत निजहरूले बच्चा अपहरण गरी लगेको थियौं, रु.१,५०,०००।- फिरौती लिई बच्चा छाडिदिने भनी पक्राउमा परेको क्रममा बताउँदा निजहरूले जितिससिंह चाहाललाई अपहरण गरी ल्याई फिरौती रकमसमेत माग गरी मैले सञ्चालन गर्दै आएको म्याग्दी घतान लजको रुम नं ३०२ न.मा ल्याई बन्धक वनाई राखेका हुन्, निजहरू उपर कडा कारबाही हुनुपर्छ भन्नेसमेत प्रेम चोखालले गरी दिएको कागज ।

११.मलाई कमल अंकलले लानुभएको मोटरसाइकलमा लानुभएको थियो । हजुरआमा भेटेपछि रोएको हुँ । मलाई पक्राउमा परेका कमल भन्ने लेखबहादुर गुरुङ र पछि नाम थाहा भएको सुलोचना बज्राचार्यले मलाई अपहरण गरी लगी पछि सुने थाहा पाए अनुसार बालाजु भन्ने ठाउँको गेस्ट हाउसमा लगी बन्धक बनाई हजुरआमा लक्ष्मीसँग रु.१,५०,०००।- रकम फिर्ता गरिसकेपछि केही पर मोटरसाइकलमा गएका कमल भन्ने लेखबहादुर गुरुङ र सुमिना भन्ने सुलोचना बज्राचार्य पक्राउमा परेका हुन् भन्नेसमेतको जितिस सिंह चाहालको कागज ।

१२.२०६५।७।१२ गतेका दिन जितिससिंह चाहाललाई फिर्ता गरी रकम लिई भाग्ने क्रममा सुलोचना बज्राचार्य र कमल भन्ने लेखबहादुर गुरुङ पक्राउमा परेको हुँदा निजहरू उपर कानुन बमोजिम कडा कारबाही हुनुपर्छ भन्नेसमेतको बुझिएका मानिसहरू राजा श्रेष्ठ, जीवन के.सी. र जीवन महतले गरी दिएको घटना विवरण कागज ।

१३.पीडित जितिससिंह चाहाल तथा जाहेरवाली लक्ष्मी अधिकारी र प्रतिवादी सुलोचना बज्राचार्यलाई मैले चिनेको थिएन । कमल भन्ने लेखबहादुर गुरुङसमेतले जितिससिंहलाई अपहरण गरी लगी बन्धक बनाई राखी फिरौती रकमसमेत माग गरी रु.१,५०,०००।- फिरौती रकम लिई जितिससिंहलाई लिई भाग्न लागेको अवस्थामा मोटरसाइकलसहित पक्राउमा परेको हुँदा निजहरू उपर कानुन बमोजिम कडा कारबाही हुनुपर्छ भन्नेसमेतको दिपेन राईको कागज ।

१४ मिति २०६५।७।११ गतेका दिन अ.३:०० बजेको समयमा अ.३ वर्षको नाबालक जितिससिंह चाहाललाई ललाई फकाई चकलेट खाने र राम्रो सामान किनिदिने बहाना बनाई प्रतिवादीहरू मिली अपहरण गरेको र रु.२० लाख

फिरौती रकमसमेत माग गरेकोमा १,५६,०००। रकमसहित पक्राउमा परेको हुँदा कमल भन्ने लेखबहादुर गुरुङसमेतका प्रतिवादीलाई मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १,२,३ नं. को कसुर गरेकोमा उक्त महलको ३ नं. बमोजिम सजाय हुन र सोही महलको ७ र ९ नं. बमोजिम थप सजाय गरी पाऊँ भन्नेसमेतको अभियोग माग दाबी ।

१५.लेखबहादुर गुरुङले मिति २०६५।७।१० गते मेरो कोठामा आई कुरा सल्लाह गरेको भन्ने कुरा र रकम रु.२० लाख लिने भन्ने कुरा झुट्ठो हो अन्य कुरा साँचो हो भन्नेसमेतको प्रतिवादी सुलोचना बज्राचार्यको यस अदालतमा भएको बयान ।

१६.मैले बच्चा अपहरण गरेको र शरीर बन्धक राखेको होइन । मलाई फसाउन खोजिएको हो । अपराध नगरेको हुँदा सजाय पाउनुपर्ने होइन । मलाई आर्थिक कारोबारमा फसाउन खोजिएको हो भन्नेसमेतको प्रतिवादी लेखबहादुर गुरुङको यस अदालतमा भएको बयान ।

१७.प्रतिवादीहरूलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी अ.ब.११८ को देहाय २ बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्नू भनी स्थानीय कारागार शाखा नख्खुमा नियमानुसार सिधा खर्च र अ.ब.१२१ न. बमोजिम थुनुवा पुर्जी दिई लेखी पठाइदिने गरी अ.ब.१२४(ग) न.बमोजिम यो आदेश पर्चा गरी दिएँ भन्नेसमेतको मिति २०६५।८।९ को यस अदालतको आदेश ।

१८.मलाई गाडीमा लगेको कमलले हो भन्नेसमेतको पीडित जितिससिंह चाहालको बकपत्र मिसिल सामेल रहेको छ ।

१९.जितिससिंह चाहाललाई घुमाएर लिई आउँछु भनेर प्रतिवादीले घरबाटै लगेको हो भन्नेसमेतको जाहरेवाली लक्ष्मी अधिकारीको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

२०.जाहेरवालीको नाति अपहरणमा परेको भनी घरमा नै आई भनेपछि थाहा पाएको हो । प्रतिवादी लेखबहादुरले जाहेरवालीको घरबाटै वच्चालाई डुलाएर ल्याउँछु भनी लगेकोमा पछि फोनबाट २० लाख फिरौती रकम माग गरी बच्चा अपहरण गरेका हुन् भन्नेसमेतको जीवन महतको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

२१.जितिससिंह चाहाललाई दिनको अ.२ बजेको समयमा लक्ष्मी अधिकारीको घर कोठामा आई बाबु चक्लेट खान जाउँ भनी लगी सोको एक घण्टापछि लक्ष्मी अधिकारीलाई फोन गरी म कुख्यात अपहरणकारी हुँ, तेरो बच्चाको ज्यान जोखिममा छ भनी फोन गरी फिरौती रकम माग गरेका थिए भन्नेसमेतको विजय महतको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

२२ प्रतिवादी सुलोचना बज्राचार्य बच्चा अपहरण गर्ने मानिस नभई आफ्नो मेहनत तथा काम गर्ने मानिस हो भन्नेसमेतको प्रतिवादीको साक्षी विद्या शाक्यको बकपत्र ।

२३.एक जना नाम थाहा नभएको ३०-३५ वर्षकी महिलासमेत चढी काठमाडौं सुन्धारा गई एउटा होटलमा पसी आधा घण्टामा बाहिर निस्के र ललितपुर अल्का अस्पतालमा छोडेको हो भन्नेसमेतको अनुसन्धानको क्रममा बुझिएका मानिस गाडी चालक डम्बरबहादुर भोलनले गर्नुभएको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

**अदालतको ठहर**

यसमा नियमानुसार साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयको लागि पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् जिल्ला न्याधिवक्ता श्री जयानन्द पनेरुले प्रतिवादीहरू उपर जाहेरवालाको किटानी जाहेरी छ, जाहेरवाला धटनाको स्वयं पीडित र प्रत्यक्षदर्शीसमेत भएकोले

प्रतिवादीहरूले फिरौती रकम माग गरी आफ्नो नाबालक नाति जितिससिंह चाहाललाई अपहरण गरिएको भनी अदालतमा समेत गरेको बकपत्र प्रमाण ऐन बमोजिम प्रमाणमा लिनुपर्ने अवस्था छ, प्रतिवादीहरू साथबाट जाहेरवालाबाट फिरौती लिएको रकम बरामद भएको अवस्थाले जाहेरवालाको जाहेरी अन्यथा छ भन्ने मिल्दैन, प्रतिवादी लेख बहादुरले नाबालक बच्चालाई अपहरण गर्न याक एण्ड यती होटल क्यासिनोको गाडी प्रयोग गरेको र जाहेरवाला र प्रतिवादीबीच भएको सञ्चार सम्पर्कले अभियोग दाबीलाई पुष्टि गरेको देखिन आउँछ, प्रतिवादीहरूले मौकामा बयान गर्दा बच्चालाई अपहरण गरी फरौती रकम माग गर्ने योजना र उद्देश्य रहेको स्पष्ट हुँदा त्यस्तो साविती बयानलाई प्रमाणमा लिन नमिल्ने भन्न मिल्दैन । जाहेरवालाको र प्रतिवेदक प्र.नि.केदार खनालको अदालतको बकपत्रबाट प्रतिवादी दशीको सामान फिरौती रकमसहित पक्राउमा परेको पुष्टि हुँदा उक्त बकपत्रलाई प्रमाण ऐन बमोजिम प्रमाणमा लिनुपर्ने हुन आउँछ, तसर्थ मिसिल संलग्न रहेका अन्य मिसिल प्रमाणको आधारमा समेत प्रतिवादीहरूलाई अभियोग माग दाबी बमोजिम सजाय हुनुपर्छ भन्ने र प्रतिवादी कमल भन्ने लेखबहादर गुरुङको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री सञ्जीव राईले मेरो पक्षले बच्चा अपहरण गरेको भन्ने जाहेरवालाको भनाइ नै विवादास्पद छ, मेरो पक्षले नाबालक बच्चालाई फिरौती रकम माग गर्ने उद्देश्यले लगेको नभई संरक्षक जाहेरवाला लक्ष्मीको मञ्जुरीले लगेको भन्ने देखिन आउँछ, प्रतिवादीबाट बरामद भएको भनिएको पैसा लक्ष्मीले दिएको प्रतिवादीको बयानबाट देखिन आएकोले जाहेरवालाको विवादास्पद भनाइलाई प्रमाणमा लिन मिल्दैन, तसर्थ विवादास्पद मिसिल प्रमाणको आधारमा प्रतिवादीलाई कसुर ठहर गर्न नमिल्ने हुँदा र शंकाको सुविधा अभियुक्तले पाउने हुँदा मेरो पक्षले आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भन्ने र प्रतिवादी सुलोचना बज्राचार्यको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री वसन्त नालामीले मेरो पक्षले तथ्यलाई स्वीकार गरे पनि अपहरण गरेको अपराधलाई स्वीकार गरको छैन, संकलित मिसिल प्रमाणबाट तथ्य नै विवादित छ, नाबालक जितिससिंहको संरक्षक नै कमल हो भन्ने देखिन आउँछ, जाहेरवाला र कमलबीच भएको ८।९ लाखको लेनदेन व्यवहारले जाहेरवाला र प्रतिवादी कमलबीचको आपसी सहयोग र सुसम्बन्धलाई स्पष्ट पार्ने हुँदा प्रतिवादीहरूले बच्चा अपहरण गरेको भन्न मिल्दैन, मेरो पक्षले बच्चालाई समातेको देखिएको सम्म हुँदा र रकम र त्यसको लाभ लिने दिने उद्देश्यसमेत नहुँदा आरोपित कसुर गरेको हुन् भन्न मिल्दैन, त्यसैले सुलोचनाको अपराध गर्ने नियत, मनसायसमेत नभएको र अज्ञानताबस बच्चालाई समाई सहयोग पुऱ्याई दिएको अवस्थाबाट आरोपित कसुर गरेकी छन् भन्न मिल्ने नदेखिँदा मेरो पक्षले आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहससमेत सुनी निम्नलिखित प्रश्नमा निर्णय दिनुपर्ने देखियो ।

१. प्रतिवादीहरूले नाबालक जितिससिंह चाहाललाई अपहरण गरी अभियोग माग दाबी बमोजिमको कसुर गरेका हुन् होइनन् ?
२. प्रतिवादीहरूलाई सजाय हुनुपर्ने हो होइन ? र सजाय हुनुपर्ने भए के कति सजाय हुनुपर्ने हो ?

वादी र प्रतिवादीहरूको तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको बहससमेत सुनी एवं मिसिल कागजसमेत अध्ययन गरी सर्वप्रथम पहिलो प्रश्नतर्फ विचार गर्दा मिति २०६५।७।११ गतेका दिन अ.३:०० बजेको समयमा अ.३ वर्षको नाबालक जितिससिंह चाहाललाई ललाई फकाई चकलेट खाने र राम्रो सामान किनिदिने बहाना बनाई प्रतिवादीहरू मिली अपहरण गरेको र रु.२० लाख फिरौती रकमसमेत माग गरेकोमा १,५६,०००। रकमसहित पक्राउमा परेको हुँदा कमल भन्ने लेखबहादर गुरुङसमेतका प्रतिवादीलाई मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १,२,३ नं. को कसुर गरेकोमा उक्त महलको ३ नं. बमोजिम सजाय हुन र सोही महलको ७ र ९ नं. बमोजिम थप सजाय गरी पाऊँ भन्नेसमेतको अभियोग माग दाबी देखियो ।

जितिससिंह चाहाल साढे ३ वर्षको नाबालक भएको तथ्य मिसिल प्रमाणबाट कुनै विवाद छैन । प्रतिवादीहरूले लक्ष्मी अधिकारीको नाति जितिससिंह चाहाललाई विभिन्न किसिमले लोभलालच देखाई ललाई फकाई अपहरण गरी लगेको र १ घण्टापछि मोबाइलबाट फोन गरी रु.२० लाख मागेको भनी मौखिक निवेदन गरेको आधारमा सुराक पत्ता लगाउँदै जाँदा ठूलो भऱ्याङस्थित चक्रपथ रोडमा लक्ष्मीसँग रकम लिई भाग्ने क्रममा रकमसहित पक्राउमा परकोले कारबाहीको लागि पेस गरेको भन्ने प्रहरीको प्रतिवेदनबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको पाइन्छ । यस्तै जाहेरवालाले दिएको जाहेरीमा छोरी ज्वाइँले जितिसलाई मेरो जिम्मामा छाडी विदेश गएका, आफूहरूले घरको तल्लो तलामा बस्ने प्रतिवादी लेखबहादुरले डेरामा लगी बिस्कुट चकलेट पनि दिने गरेका थिए, पैसाको आवश्यकता पऱ्यो भनी बेला मौकामा पैसा लाने गरेकाले बच्चालाई ललाई फकाई गर्दा पनि वास्ता गरिनँ, वारदातको दिन ४:३० बजेको समयमा मोबाइलमा फोन गरी नाति जितिससिंह मसँग सुरक्षित छ, २० लाख बैंकमा जम्मा गरिदिनु नत्र ज्यान खतरामा छ भनेकोले बार्गेनिङ गर्दै जाँदा ३ लाख लिएर आउँछु भन्दा हल्चोकमा आउनु भनेकोले प्रहरीलाई खबर गरी त्यहाँ पुग्दा बच्चा लिई ब्याग दिई भाग्ने क्रममा पक्राउमा परेको भन्नेसमेतको व्यहोरा उल्लेख भएको देखिन आउँछ । प्रतिवादीमध्येका लेखबहादुर गुरुङले मौकामा बयान गर्दा जाहेरवाला बस्ने घरमा डेरा लिई बस्न आएकोमा निजसँग चिनजान भई पैसा सापटीसमेत लिई आएको थिएँ । उक्त रकम क्यासिनोमा हारेको र लक्ष्मीको पैसा तिर्न नसकेकोले सुलोचनाको संलग्नतामा लक्ष्मीको नाति अपहरण गर्ने र फिरौती रकम लिई भागी जाने योजना बनाई बच्चालाई राम्रो सामान किनिदिन्छु भनी ललाई फकाई क्यासिनोको गाडी प्रयोग गरी सुलोचनासमेत भई अपहरण गरी बच्चालाई होटलमा लगी राखेको र जाहेरवालासँग फिरौती रकम माग गरी पैसा लिई बच्चा दिने क्रममा पैसासहित पक्राउमा परेको कुरालाई स्वीकार गरी बयान गरेको पाइन्छ । यस्तै अर्का प्रतिवादी सुलोचनाले पनि कमलले एउटा काम गर्न सहयोग चाहिन्छ भनेको र गाडीमा बच्चा लिई आएकोले सुन्धाराको लजमा बच्चा लिई बसेको र पछि मोटरसाइकलमा बच्चासमेत राखी अर्को गेस्टहाउसमा कोठा बुक गरी बच्चासहित रात बिताएका र जाहेरवालाको सहमति अनुसार बच्चा लिई हल्चोकमा जाँदा पैसासहित पक्राउमा परेको कुरालाई स्वीकार गरी बयान गरेको देखिन आउँछ । प्रतिवादीहरूको मौकाको साविती बयान जाहेरवालाको जाहेरी, प्रहरीको प्रतिवेदन र बरामदी मुचुल्कासमेतबाट समर्थित भएको पाइएकोले प्रतिवादीहरूको मौकाको बयानलाई इच्छाविरुद्धको हो भन्ने देखिन आएन ।

प्रतिवादीमध्येको लेखबहादुर गुरुङले अदालतमा बयान गर्दा जाहेरवालाले १ दिनका लागि बच्चा राख भनेकोले घुमाउन लगेको हुँ भनी स.ज.५ मा उल्लेख गरको, नगद रु.९६००। प्रहरीले बरामद गरेकोमा ९०००। मात्र लेखिएको हो, बाँकी रकम १ लाख ५० हजार दिदीले दिएकी हुन् भनी स.ज.७ मा उल्लेख गरेको र गेस्टहाउस बुक गरी रातको समयमा बसेको, १२ गते बच्चा लिई हल्चोकमा गएको हो भनी स.ज.८ मा उल्लेख गरेको देखिन आउँछ । निज प्रतिवादीले उल्लेख गरेको कुरालाई जाहेरवालाले इन्कार गरेको पाइन्छ । जाहेरवालाको सहमति र मञ्जुरीमा घुमाउन लगेको भए बच्चा अपहरणमा परेको भनी प्रतिवादीलाई जाहेरवाला लक्ष्मीले प्रहरीमा खबर गरी पक्राउ गर्नेसमेतको योजना बनाउनुपर्ने अवस्था सिर्जना हुने थिएन भन्ने कुरालाई पनि सहजै अनुमान गर्नुपर्ने हुन आउँछ । प्रतिवादीबाट बरामद भएको रकम जाहेरवालाले दिएको भन्ने कुरा पनि विश्वसनीय देखिँदैन । ३ वर्षको बच्चालाई संरक्षकबिना गेस्टहाउसमा राख्नु, वारदातस्थल हल्चोकमा बच्चा र पैसासहित पक्राउ परेको कुरा प्रतिवादीको अदालतको बयानले अन्यथा प्रमाणित नभएसम्म उक्त बयानको तथ्यले कसुरलाई स्वीकार गरेकै मान्नुपर्ने हुन आउँछ । यस्तै अर्का प्रतिवादी सुलोचना बज्राचार्यले अदालतमा बयान गर्दा २०६५।७।११ गते गाडीमा लेखबहादुरले बच्चा लिई आए सुन्धारामा गई होटलमा बस्यौं, त्यसपछि नयाँ बसपार्कको होटलमा रात बितायौं । १२

गते १ बजे बच्चा दिने कुरा भएपछि मोटरसाइकलमा बसी बच्चा लिई सम्पर्कमा पुगेपछि लक्ष्मीले रकमको पोका दिन खोल्नुभयो, मैले बच्चा दिन खोज्दा बच्चासहित पक्राउमा परेको हो भनी कसुरमा सावित भई बयान गरेको पाइन्छ । निजका साक्षीले अपहरण गरेजस्तो लाग्दैन, अपहरण गर्ने खालको मानिस होइनन् भन्ने उल्लेख गरे तापनि प्रतिवादीले अदालतमा स्वइच्छाले बयान गरेको कुराले नै कसुर गरेको देखिन आएको अवस्थामा साक्षीको भनाइले कुनै प्रमाणिक महत्व राख्ने देखिँदैन । तसर्थ प्रतिवादीहरूले अदालतमा समेत सम्पूर्ण तथ्यलाई स्वीकार गरेकै देखिँदा र मिसिल संलग्न अन्य प्रमाणबाट समेत प्रतिवादीहरूले कसुरलाई स्वीकार गरी गरेको मौकाको बयान र तथ्यलाई स्वीकार गरेको अदालतको बयानसमेत प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजको विरुद्धमा प्रमाणमा लिन नमिल्ने देखिएन ।

प्रतिवादीहरूका कानुन व्यवसायीले प्रतिवादीले जाहेरवालाकै मञ्जुरीले जितिससिंहलाई लिएर गएको हुँदा र जाहेरवालाले दिएको पैसा बरामद भएको हुँदा जाहेरवालाको विवादास्पद भनाइलाई प्रमाणमा लिन मिल्दैन भनी जिकिर लिनुभएको छ । सो तर्फ विचार गर्दा जाहेरवाला र प्रतिवादी एउटै घरमा बसेको, जाहेरवालासँग पैसा लिई क्यासिनो जाने गरेको र पैसा हारेकोले अरू पैसाको आवश्यकता परेको हुँदा याक एण्ड यती होटलको क्यासिनोको गाडी झिकाई फिरौती रकम माग गर्ने उद्देश्यले बच्चालाई अपहरण गरेको भन्ने प्रतिवादीको भनाइ रहेकोमा उक्त कुरा प्रतिवादी लेखबहादुरको मोबाइल नं.९८४१११६६५५ र जाहेरवाला लक्ष्मीको ९८४१३३५०८१ नं.को मोबाइलबाट मिति ०६५।७।११ (२७-१०-२००८) मा विभिन्न समयमा पटकपटक फोन सम्पर्क स्थापित भएको मोबाइल कल विवरणबाट पुष्टि हुन आएको पाइन्छ । नाबालक बच्चालाई रातको समयमा होटलमा लगी राख्नु, जाहेरवालासँग फोन सम्पर्क गरी संवाद गर्नु र हल्चोकमा पैसा र बच्चा लेनदेन गर्दाको अवस्थामा नै पक्राउमा परेको तथ्यले जोहरवालाको भनाइ विवादास्पद छ भन्ने प्रतिवादी पक्षका कानुन व्यवसायीहरूको तर्कसँग सहमत हुन सकिएन । जाहेरवाला लक्ष्मीले अदालतमा आई बकपत्र गर्दा मिति ०६५।७।११ गते ३ बजे प्रतिवादी लेखबहादुरले बच्चालाई घुमाउन लैजान्छु भनी लगेको केही समयपछि बच्चा अपहरण भयो, २० लाख खातामा जम्मा गरी दिनु नत्र मारिदिन्छु भनी भनेकोले प्रहरीलाई खबर गरी प्रतिवादीले बोलाएको स्थल मिलनचोकमा रु.एक लाख पचार हजार लिई आएकोमा प्रतिवादीले पैसा दिनभन्दा जाहेरवालाले बच्चा नभई दिन्न भनेकी र पछिबाट सुलोचनाले बच्चा लिएर आएको र पैसा लेखबहादुरले लगेकोमा पैसासहित पक्राउमा परेको कुरा उल्लेख भएको पाइन्छ। यस्तै प्र.नि.केदार खनालले जाहेरवालाको घरबाट बच्चा अपहरण गरी फिरौती मागेका २० लाखबाट बार्गेनिङ सुरु भएकोमा सानो भऱ्याङमा पैसा लिने दिने कुराको सहमति अनुसार प्रहरीले पछ्याउँदै जाँदा पैसासहित प्रतिवादीहरू पक्राउमा परेका हुन् भनी जाहेरवालाको भनाइलाई समर्थन गरी बकपत्र गरेको पाइन्छ । यस्तै क्यासिनो नेपाल एण्ड याक एण्ड यती होटलका बा.५च ८९२३ का ड्राइभर डम्बरबहादुर भुलोनले मौकामा कागज गर्दा र अदालतमा आई बकपत्र गर्दा होटलबाट गेस्ट लिएर आउनु भनी एकान्तकुना पुगें, प्रतिवादीले बच्चासमेत गाडीमा राखी सुन्धारामा पुऱ्याएको, निजहरू होटलमा पसी प्रतिवादी लेखबहादुर आधा घण्टापछि निस्केपछि अल्का अस्पतालमा लगी छाडेको हो भनी उल्लेख गरेको पाइन्छ । यस्तै किसिमले जीवन महत र विजय महतले मौकामा कागज गर्दा र अदालतमा बकपत्र गर्दा बच्चा घुमाउन लैजान्छु भनी प्रतिवादीले लगेको र पछि बच्चाको ज्यान जोखिममा छ भनी २० लाख फिरौती रकम मागेका हुन् भनी उल्लेख गरको देखिँदा उल्लेखित व्यक्तिहरूले अदालतमा आई गरेको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ नं. बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिन आयो । तसर्थ जाहेरवालाको मौकाको जाहेरी र अदालतको बकपत्र, प्रहरीको प्रतिवेदन र प्र.नि.को अदालतको बकपत्र, बरामदी मुचुल्का, प्रतिवादीहरूको मौकाको र अदालतको बयान, पीडितको अदालतको बकपत्र, एवं अन्य बुझिएका मानिसहरूले गरेको मौकाको कागज एवं

अदालतको बकपत्रसमेतका प्रमाणहरूबाट प्रतिवादीहरूले वर्ष ३ का नाबालक जितिससिंह चाहाललाई अपहरण गरी २० लाख फिरौती रकम माग गरी १ लाख ५० हजार रकम र बच्चा लिँदा दिँदाकै अवस्थामा पक्राउमा परेको कुरा पुष्टि हुन आएकोले प्रतिवादीहरू कमल भन्ने लेखबहादुर गुरुङ र सुलोचना बज्राचार्यले अभियोग माग दावी बमोजिम कसुर गरेको ठहर्छ।

अब : प्रतिवादीहरूलाई के कति सजाय हुने हो भनी दोस्रो प्रश्नतर्फ विचार गर्दा पीडित जितिससिंह वर्ष ३ को नाबालक भएकोमा कुनै विवाद छैन। बालकको सर्वोपरी हितलाई (Best Interest) लाई राज्यले प्राथमिकता दिनुपर्ने नेपालको हस्ताक्षर गरेको Convention on Rights of Child 1989 (C.R.C) / International Covenant on Civil & Political Right 1966 (I.C.C.P.R) र बालबालिका सम्बन्धी ऐन, २०४८ ले व्यवस्था गरेको पाइन्छ। बालकले धर्तीमा पदार्पण गर्नेबित्तिकै व्यक्तिसरह अधिकार प्राप्त गर्ने र नाबालक भएसम्म विशेष अधिकार प्राप्त गर्ने मान्यतालाई सबै सदस्य राष्ट्रले स्वीकार गरेको देखिन आएकोले नाबालकलाई प्रदान गरेको हक अधिकार प्रचलन र सुरक्षालाई राज्यले गम्भीरतापूर्वक लिनुपर्ने हुन आउँछ। तसर्थ प्रतिवादी लेखबहादुरले आफ्नो एकै घरमा बस्ने नाबालक बच्चालाई फिरौती रकम माग गर्ने उद्देश्यले अपहरणको क्रिया गर्नु धर्म, नैतिकता र मानवताको दृष्टिकोणले पनि अन्यन्तै गम्भीर र संगिन छ। यस्तो किसिमको अपराधमा न्यायकर्ताले स्वविवेकको अधिकार प्रयोग गर्दा युक्तियुक्त रूपमा गर्नु विधायिकाको सच्चा इच्छाको अभिव्यक्ति हुने हुन्छ। तसर्थ प्रतिवादीहरूले वर्ष ३ को नाबालक जितिससिंहलाई फिरौती रकम माग गर्ने उद्देश्यले अपहरण गरी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं.को कसुर गरेकोले प्रतिवादीमध्येका कमल भन्ने लेखबहादुर गुरुङलाई निजले गरेको अपराधको प्रकृति र कसुरको गम्भीरतालाई विचार गरी उक्त ऐनको सोही महलको ३ न.बमोजिम १० (दस) वर्ष कैद र रु.१ लाख ५० हजार जरिवाना र दुई व्यक्ति मिली संगठित रूपमा नाबालक जितिससिहंलाई अपहरण गरेकोले उक्त ऐनको सोही महलको दफा ७ बमोजिम थप २ (दुई) वर्ष र सोही ९ नं.बमोजिम नाबालकलाई अपहरण गरेकोले थप २ वर्षसमेत जम्मा १४ (चौध) वर्ष कैद सजाय हुनेसमेत ठहर्छ। यस्तै अर्का प्रतिवादी सुमिना श्रेष्ठ भन्ने सुलोचना बज्राचार्यलाई निजले अपराध गर्न र गराउनमा खेलेको भूमिकासमेतको आधारमा निजलाई उक्त ऐनको सोही महलको ३ न.बमोजिम ७ (सात) वर्ष कैद र रु. ५० हजार जरिवाना र उक्त ऐनको सो महलको ७ न.बमोजिम दुई जना मिली संगठित रूपमा अपहरण गरेकोले ३ न.ले हुने सजायमा थप २ वर्ष कैद र उक्त महलको ९ नं.बमोजिम वर्ष ३ का नाबालक जितिससिंह चाहाललाई अपहरण गरेकोमा अर्को थप २ (दुई) वर्षसमेत जम्मा ११ (एघार) वर्ष कैद सजाय भई अपराधमा प्रयोग भएको बा१९प १३०७ न.को CBZ मोटरसाइकल जफत हुनेसमेत ठहर्छ। सो ठहर्नाले अरू तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन अ.व.१८६ नं.बमोजिम फैसला गरिदिएँ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीमध्येका कमल भन्ने लेखबहादुर गुरुaलाई निजले गरेको अपराधको प्रकृति र कसुरको गम्भीरतालाई विचार गरी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं.को कसुर गरेकोले उक्त ऐनको ३ न.बमोजिम १० (दस) वर्ष कैद र रु.१ लाख ५० हजार जरिवाना र दुई व्यक्ति मिलि संगठित रूपमा नाबालक बच्चालाई अपहरण गरेकोले उक्त ऐनको ७ नं. बमोजिम थप २ (दुई) वर्ष र ९ नं.बमोजिम थप २ वर्षसमेत गरी जम्मा १४ (चौध) वर्ष कैद हुनेसमेत ठहरेकोले निज पक्राउ भई प्रहरी हिरासतमा बसेको मिति २०६५।७।१२ देखि लागू हुने गरी उक्त कैद वर्ष १४ (चौध) को लगत

कस्नु र साथै लागेको जरिवाना रु.१ लाख ५० उक्त कैद भुक्तान भएपछि दाखिला गरे थुनाबाट छाडिदिनू र दाखिला गर्न नसके जरिवानाबापत कैदमा राखी असुल गर्नू भनी तहसिल शाखामा लगत दिनू...................१

यस्तै अर्का प्रतिवादी सुमिना भन्ने सुलोचना बज्राचार्यलाई निजले अपराध गर्न र गराउन खेलेको भूमिकासमेतको आधारमा निजलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं.को कसुर गरेकोले सोही महलको ३ न.बमोजिम ७ (सात) वर्ष कैद र ५० हजार जरिवाना र उक्त ऐनको सो महलको ७ नं.बमोजिम दुई जना मिली संगठित रूपमा नाबालक बच्चालाई अपहरण गरेकोले ३ नं.ले हुने सजायमा थप २ वर्ष कैद र उक्त महलको ९ नं.बमोजिम वर्ष ३ का नाबालक जितिससिंहलाई अपहरण गरेकोमा अर्को थप २ (दुई) वर्षसमेत जम्मा ११ (एघार) वर्ष कैद सजाय हुने ठहरेकोले निज प्रहरी हिरासतमा बसेको मिति २०६५।७।१२ देखि लागू हुने गरी उक्त कैद वर्ष ११ (एघार) को लगत कस्नु र साथै लागेको जरिवाना रु. ५० (पचास हजार) उक्त कैद भुक्तान भएपछि दाखिला गरे थुनाबाट छाडिदिनू र दाखिला गर्न नसके जरिवाना बापत कैदमा राखी असुल गर्नू भनी तहसिल शाखामा लगत दिनू. ..............................................................................................२

माथ इन्साफ खण्डमा लेखिए बमोजिम अपराधमा प्रयोग भएको वा१९प १३०७ न.को CBZ मोटरसाइकल जफत हुने भएकोले सोको रेकर्ड राखी नियमानुसार गर्नू.......................................................................३

यस इन्साफ उपर चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरूको नाउँमा पुनरावेदनको म्याद जारी गर्नु र फैसलाको प्रतिलिपिसहितको जनाउ जि.वि.स.का.ललितपुरलाई दिनू.........................................................................................४

सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई नक्कल दिनू ...................................................५

प्रस्तुत् मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू..............................६

मा.जि.न्या.ज्यूले बोली टिपाए बमोजिम टिपी
कम्प्युटर टाइप गर्नेः-
फाँटवालाः- ना.सु.सुनीलकुमार झा ।

.......................
लेखनाथ ढकाल
(जिल्ला न्यायाधीश)

इति संवत् २०६६ साल मंसिर २२ गते रोज शुभम्...........................................।

**श्री हुम्ला जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री अर्जुन अधिकारी**

**फैसला**

**संवत् २०६६ सालको र.नं.८०-०६६-०००१/स.फौ.नं.१**

*मुद्दा :- जबरजस्ती करणी गर्ने उद्योग*

**'क' कुमारीको जाहेरी नेपाल सरकार.......................................................................वादी**

**विरुद्ध**

**जि. हुम्ला सर्किदेउ गा.वि.स. वडा नं. १ बस्ने वर्ष २४ को गम्भीर भन्ने बिसे नेपाली............प्रतिवादी**

**वादीका साक्षी**

जाहेरवाली 'क' कुमारी...........................................१

पीडित 'रिता' कुमारी.............................................१

घटना विवरणका सौरीकला रोकाया............................१

" 'ख' बहादुर............................१

" गणेशबहादुर शाही....................१

" बालकृष्ण रोकाय.....................१

" बाँचकला बोहरा.......................१

**कागज**

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन...........................१

प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवदेन........................१

**प्रतिवादी साक्षी**

नरजित परियार..............................१

चन्द्रसिंह कार्की..............................१

**कागज**

×

**अदालतबाट बुझेको**

**वादीको साक्षी**

जाहेरवाली 'क' कुमारी.........................................................१

पीडित 'रिता' कुमारी...........................................................१

घटना विवरणका सौरीकला रोकाया........................................१

घटना विवरण 'ख' बहादुर....................................................१

" "बालकृष्ण रोकाया..................................१

" " बाँचकला बोहोरा.................................१

**प्रतिवादीका साक्षी**

नरजित परियार...................................................................१

चन्द्रसिंह कार्की...................................................................१

पीडितको होस ठेगानामा भए नभएको समेत सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालयमा बुझिएको..................१
पीडित तथा प्रतिवादीको विभिन्न मितिका स्वास्थ्य परीक्षण प्रतिवेदन सम्बन्धमा विशेषज्ञ डा. प्रकाशप्रसाद शाहलाई बुझिएको.............................................................................................१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.ब.२९ नं. बमोजिम प्रस्तुत मुद्दा यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

सम्मानित सर्वोच्च अदालतको केही मुद्दाहरू पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी निर्देशिका, २०६४ बमाजिम प्रस्तुत मुद्दामा जाहेरवाली, पीडित र पीडितको बुवा (झट्केलो) को वास्तविक नाम परिवर्तन गरी क्रमश 'क' कुमारी, 'रिता' कुमारी र 'ख' बहादुर कायम गरिएको छ ।

मिति २०६६।०५।१५ गते बेलुका ८.१५ बजेको समयमा जिल्ला हुम्ला सर्किदेउ गा.वि.स. वडा नं.१ बस्ने वर्ष २४ को गम्भीर भन्ने बिसे नेपालीले मेरो हिँडडुल तथा बोलचाल गर्न नसक्ने अपाङ्ग छोरी वर्ष २० की 'रिता' कुमारीलाई उत्तानो पारी सुताई कपडासमेत खोलेको अवस्थामा फेला पारेको र निज प्रतिवादी भागी फरार रहेकोले पक्राउ गरी पाऊँ, साथै पीडितको स्वास्थ्य परीक्षणसमेत गराई पाऊँ भन्ने जिल्ला हुम्ला सिमिकोट गा.वि.स. वडा नं.३ बस्ने वर्ष ४५ की 'क' कुमारीको मिति २०६६।०५।१६ गतेको निवेदन ।

जिल्ला हुम्ला सिमिकोट गा.वि.स. वडा नं. ३ स्थित पूर्वमा जयबहादुर रोकायाको जग्गा, पश्चिममा कैलाश लामाको घर तथा कालिन्चोक जाने कच्ची ठाडो बाटो, उत्तरमा नेपाल दूरसञ्चारको घर कम्पाउन्ड, दक्षिणमा लोटाइ लामाको घर जग्गा यति ४ किल्ला बीचमा दक्षिण मोहडा भएको जिल्ला वन रेन्जपोस्टको कार्यालय सो कार्यालय भवनको पूर्व साइडमा खाली जमिन रहेको सो जमिनमा माटो दबेको, धसिएको सो नजिकै रहेको घाँस माडिएको भन्ने अवस्थामा रहेको मिति २०६६।०५।१६ को घटनास्थल मुचुल्का ।

मिति २०६६।०५।१५ गते बेलुका ८.१५ बजेको समयमा म आफ्नो होटलबाट पिसाब फेर्न भनी घर नजिकै रहेको जिल्ला वन रेन्जपोस्टको पूर्व साइडमा जाँदै गर्दा प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीले मेरो हिँडडुल तथा बोलचालसमेत गर्न नसक्ने अपाङ्ग छोरी वर्ष २० की 'रिता' कुमारीलाई जबरजस्ती करणी गर्ने उद्देश्यले जमिनमा उत्तानो पारी लडाई कपडासमेत खोलिरहेको अवस्थामा मैले फेला पारी के हो भन्दा प्रतिवादी भागी फरार भएको र मैले छोरीलाई हेर्दा छोरीको भित्री कपडासमेत खोलेको अवस्थामा रहेको मेरी छोरीलाई जबरजस्ती करणी गर्न खोज्ने प्रतिवादीलाई पक्राउ गरी जबरजस्ती करणी हदैसम्मको कारबाही गरी पाऊँ भन्ने व्यहोराको मिति २०६६।०५।१७ को 'क' कुमारीको जाहेरी दस्तखत ।

पीडित रिताकुमारीको योनी वरिपरि कुनै पनि किसिमको घाउ चोटपटकको निसाना तथा नीलडाम र चिथोरिएको चिन्ह नभएको, छातीमा पनि चिथोरिएको तथा नीलडाम नरहेको तर पछाडिपट्टि दुवै हिपमा २×३ से.मि. को नीलडाम रहेको र हिपमा अलिअलि चिथोरिएको भन्ने जिल्ला स्वास्थ्य कार्यालय हुम्लाको मिति २०६६।०५।१७ को पीडितको स्वास्थ्य परीक्षण प्रतिवदेन ।

प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीको दुवै घुँडाको ठीक मुनि दायाँ हातको हत्केला पछाडि चिथोरिएको, देब्रे क्लेभिकल बोनको दायाँ किनारामा सानो चिथोरिएको, अन्य अवस्था सामान्य रहेको भन्ने जिल्ला स्वास्थ्य कार्यालय हुम्लाको मिति २०६६।०५।१८ को प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

एकीकृत ने.प.का. माओवादी भ्रातृ संगठन दलित राष्ट्रिय मुक्ति मोर्चा जिल्ला कार्य समितिका सदस्य गम्भीर भन्ने बिसे नेपालीले मिति २०६६।०५।१५ गते राति ८.१५ को समयतिर वर्ष २० की 'रिता' कुमारीलाई

सिमिकोट रेन्जपोस्टको भवनमा बलात्कार गर्ने प्रयास गरेको भनी महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालले दर्ता गराएकोले यसमा के भएको हो ? आवश्यक छानबिन गरी कारबाहीको प्रक्रिया अगाडि बढाउनु भन्ने मिति २०६६।०५।१७ को जिल्ला प्रशासन कार्यालय हुम्लाको पत्र ।

मिति २०६६।०५।१५ गते बेलुका ८.१५ बजेको समयमा मलाई पिसाब लागेकोले म सिमिकोट गा.वि.स. वडा नं.३ स्थित ए.ने.क.पा. माओवादीको पार्टी कार्यालय अगाडि रहेको भवन पूर्व साइडमा पिसाब फेर्न जान भनी गएकोमा सो रेन्जपोस्ट भवन पूर्व साइडमा निज जाहेरवालीकी छोरी जिल्ला हुम्ला सिमिकोट गा.वि.स. वडा नं.३ बस्ने हिँडडुल तथा बोलचाल गर्न नसक्ने अपाङ्ग लाटी वर्ष २० की नाम परिवर्तन 'रिता' कुमारीलाई सोही भवनमा अडेस लागेको देखेको हुँ । म त्यहीँ छँदा निज (नाम परिवर्तन) 'रिता' कुमारी लडेको जस्तो मानी मैले निजलाई समाती उठाउने प्रयास गरेको हुँ । मैले जमिनमा उत्तानो पारी लडाएको होइन । निजको कपडा खोलिएको थियो, थिएन मलाई थाहा भएन उक्त समयमा मैले मादक पदार्थ (रक्सी) सेवन गरेको थिएँ । निज अपाङ्ग लाटी 'रिता' कुमारी जमिनमा लडेको जस्तो मानी एक हात पिठ्युँ र अर्को हात तिघ्रामुनि राखी उठाउने प्रयास गर्दा निज पीडित 'रिता' कुमारी चिच्याई कराएको हो । त्यसै क्रममा जाहेरवाली 'क' कुमारी कहाँबाट आई मलाई देखेकोले मैले निज पीडित 'रिता' कुमारीलाई त्यही छोडी भागेको हुँ । मैले मादक पदार्थ (रक्सी) सेवन गरेको र रातको समयमा एकान्त स्थानमा महिलालाई समातेको देखेर अनर्थ सोच्लान् भनी म भागेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज ।

मिति २०६६।०५।१५ गते बेलुका ८.१५ बजेको समयमा तिमीलाई सिमिकोट गा.वि.स. वडा नं.३ रेन्जपोस्ट कार्यालय पूर्व साइडमा जमिनमा उत्तानो पारी लडाई कपडा खोल्ने व्यक्ति को हो भनी निज प्रतिवादीसमेतलाई अगाडि उभ्याई निज पीडित 'रिता' कुमारीको आमा 'क' कुमारीले हातको इसारा, हाउभाउले सोद्धा निज प्रतिवादी बिसे नेपालीलाई मात्र हेरी संकेत गरेको अन्य प्रतिक्रिया केही नजनाएको पीडित 'रिता' कुमारीको कागज ।

जिल्ला हुम्ला सर्किदेउ गा.वि.स. वडा नं.१ बस्ने लालवीर नेपालीको छोरा वर्ष २४ को गम्भीर भन्ने बिसे नेपालीले ऐ. सिमिकोट गा.वि.स. वडा नं.३ स्थित वन रेन्जपोस्ट कार्यालय भवन पूर्व निज जाहेरवालीको छोरी हिँडडुल तथा बोलचालसमेत गर्न नसक्ने अपाङ्ग, लाटी वर्ष २० की 'रिता' कुमारीलाई जबरजस्ती करणी गर्ने उद्योग गरेको अवस्थामा जाहेरवाली 'क' कुमारीले देखी, थापालाई निज प्रतिवादी भागी फरार भएपछि जोहेरवालीले होहल्ला गरेपछि के भएको हो भनी बुझ्न जाँदा पीडित अपाङ्ग 'रिता' कुमारी जिल्ला वन रेन्जपोस्ट कार्यालय भवनको पूर्व साइडमा उत्तानो अवस्थामा जमिनमा लडेको र कपडासमेत नसमालिएको अवस्थामा देखेको हुँ । निज प्रतिवादी बिसे नेपालीले अपाङ्ग महिलालाई रातको समयमा एक्लै यौन सन्तुष्टि पूरा गर्ने उद्देश्यले एकान्त, अँध्यारो तथा अपाङ्गपनको फाइदा उठाई जबरजस्ती करणी गर्न खोजेको हो भन्नेसमेत व्यहोराको एकै मिलानको जिल्ला हुम्ला सिमिकोट गा.वि.स. वडा नं.५ बस्ने सौरीकला रोकाय, ऐ.ऐ. वडा नं. ३ बस्ने 'ख' बहादुर, ऐ.ऐ. वडा नं. ४ बस्ने बालकृष्ण रोकाय, ऐ.ऐ. वडा नं. २ बस्ने बाँचकला बोहोरा र ऐ.ऐ. बडा नं.३ बस्ने गणेशबहादुर शाहीसमेतको घटना विवरण कागज ।

अभियुक्त गम्भीर भन्ने बिसे नेपालीको शारीरिक परीक्षणबाट दुवै घुँडाको ठीक मुनि दायाँ हातको हत्केला पछाडि चिथोरिएको, देब्रे क्लेभिकल बोनको दायाँ किनारामा समेत चिथोरिएको संकेत देखिनु र जाहेरवालीले किटानी जाहेरी दिनु, बुझिएका सौरीकला रोकाय, 'ख' बहादुर, गणेशबहादुर शाही, बालकृष्ण

रोकाय र बाँचकला बोहोरासमेतका मानिसहरूले पनि अभियुक्तले पीडित अपाङ्ग लाटीलाई जबरजस्ती करणी गर्न खोजेको भनी खुलाइदिएको र अभियुक्तले पीडितलाई जबरजस्ती करणी गर्न खोजेको नभई उठाइदिनलाई समातेको हुँ भनी अधिकार प्राप्त अधिकारीसमक्ष बयान दिनुबाट र अन्य संकलित सवुत प्रमाणको आधारबाट अभियुक्त गम्भीर भन्ने बिसे नेपालीले जाहेरवालीको छोरी पीडित 'रिता' कुमारीलाई मिति २०६६।०५।१५ गते राती अं. ८:१५ बजेको समयमा कोही नभएको अवस्था कमजोर रहेकी अवस्थाको फाइदा लिन जबरजस्ती करणी गर्ने मनासायले निज पीडित 'रिता' कुमारीलाई समाती जबरजस्ती करणी गर्न खोजेको तर करणी गर्न नपाउँदै जाहेवालीले देखेको कारण जबरजस्ती करणी गर्ने उद्योग गरी मुलूकी ऐन, जबरजस्ती करणी महलको १,३(५), ३ क को देहाय (५) र ५ नं. अनुसारको कसुर अपराध गरेको पुष्ट्याइँ हुन आएकोले निज अभियुक्त गम्भीर भन्ने बिसे नेपालीलाई सोही मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ क र ५ नं. अनुसार सजाय गरी पाउन र पीडितलाई अभियुक्तबाट मुलुकी ऐन, जबरजस्ती करणी महलको १० नं. अनुसार उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने व्यहोराको अभियोग माग दाबी ।

मिति २०६६।०५।१५ गते बेलुकी अं. ७:२५ बजेतिर मलाई पिसाबले च्यापेकोले पिसाब गर्न माथिल्लो बजारको रेन्जपोस्टतिर गएको थिएँ । सोही समयमा रेन्जपोस्टको भवनमा पीडित एक्कासि आफैं ढलेकीले मैले निजलाई उठाएर राख्न खोज्दा पीडित कराएकीले मैले त्यहीँ छाडी गएको हुँ । पुनः रक्सी खाने ठाउँमा गएको थिएँ । घटनास्थल मुचुल्का ठीक हो । जाहेरीमा पीडितको कपडा फुकाल्न लागेको भन्ने व्यहोराबाहेक अरू सम्पूर्ण ठीक हो । घटनास्थलबाट म भागी गएको भन्ने कुरा गलत हो । मैले रातिको समयमा अञ्जानमा लाटीलाई उठाएर गल्ती गरेकाले कानुनमा जे व्यवस्था छ, त्यो भोग्न तयार छु भनी प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीले यस अदालतमा गरेको बयान कागज ।

प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीलाई मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने गरी नि.श्रेस्तेदारले मिति २०६६।०५।१९ मा गरेको थुनछेक आदेश मिति २०६६।०५।२९ मा माननीय जिल्ला न्यायाधीशबाट समर्थन भएको ।

पीडित भुइँमा लडेको देखेर राम्रो मनले प्रतिवादीले उठाएका हुन । करणी गर्ने उद्देश्यले होइन भनी प्रतिवादीका साक्षी नरजित परियार र चन्द्रसिंह कार्कीले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६६।०५।१५ गते बेलुकी अं. ८:१५ बजेको समयमा म पीडित मेरी छोरी रिता कुमारी लिन जाँदा यी प्रतिवादी त्यहाँबाट भागी गए । छोरीको मेक्सी घुँडादेखि माथि फर्काइएको थियो । खुट्टाहरू नांगै थियो, योनी खुल्ला थियो वा ढाकिएको थियो मलाई त्यति याद भएन । प्रतिवादीले मेरो छोरीलाई जबरजस्ती करणी गर्न खोजेका हुन् । जाहेरीको व्यहोरा मेरै हो भन्नेसमेतको जाहेरवाली 'क' कुमारीले गरेको बकपत्र ।

आमाको रोहवरमा प्रहरीमा लेखिएको कागज ठीक छ भनी पीडित 'रिता' कुमारीले यस अदालतमा गरेको बकपत्र ।

अनुसन्धान अधिकृतसमक्ष गरिएको कागजको व्यहोरा पढी बाँची सुनाउँदा सुनी पाएँ । सो कागजमा लेखिएको व्यहोरा सहीछाप मेरै हो भनी घटना विवरणका मानिस बाँचकला बोहोरा, सौरीकला रोकाय, बालकृष्ण रोकाय र 'ख' बहादुरले यस अदालतमा गरेको बकपत्र ।

पीडित 'रिता' कुमारी (नाम परिवर्तन) को होस ठेगानामा छ, छैन ? निज अशक्त वा अपाङ्ग हो, होइन? जिल्ला स्वास्थ्य कार्यालय हुम्लामा उपलब्ध प्राविधिको आधारमा पीडितको स्वास्थ्य परीक्षण गरी खुलाई पठाइदिनु भन्ने यस अदालतको आदेशानुसार स्वास्थ्य परीक्षण गर्दा निज बोल्न पनि नजान्ने, सुन्न पनि नसक्ने

र सामान्य शारीरिक परीक्षण गर्दा निजको होस ठेगानामा नरहनुका साथै अशक्त अपाङ्ग भएको व्यहोरा प्रमाणित गरिन्छ भनी जिल्ला स्वास्थ्य कार्यालयका डा.प्रकाशप्रसाद शाहले सही गरी च.नं. १९८ मिति २०६६।०७।२३ मा यस अदालतमा पठाएको पत्र ।

मिति २०६६।०५।१७ र २०६६।०७।२३ मा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन दिने र मिति २०६६।०५।१८ मा प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन दिने सम्बन्धित विशेषज्ञ डाक्टरलाई बकपत्रको लागि उपस्थित गराउनु भन्ने यस अदालतको आदेशानुसार बकपत्र गराउँदा विभिन्न मितिमा पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा लेखिएको व्यहोरा देखाउँदा देखें, मैले चेक जाँच गरेको हो भनी जिल्ला स्वास्थ्य कार्यालयका डा. प्रकाशप्रसाद शाहले यस अदालतमा मिति २०६७।०७।२४ मा गरेको बकपत्र ।

जिल्ला सरकारी वकिल कार्यालय हुम्लाको च.न.३३ मिति २०६६।०७।२३ को पत्रानुसार पेस भएको सी.डी. चक्का प्रतिवादीलाई सुनाउनू भन्ने आदेशानुसार प्रतिवादीलाई सुनाइएको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएकी प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री झक्कल बहादुर थापाले पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पछाडिपट्टि दुवै हिपमा नीलडाम रहेको र हिपमा अलि-अलि चिथोरिएको भन्ने देखिएको छ । मौकामा गरिएको प्रतिवादीको स्वास्थ्य परीक्षणबाट दुवै घुँडाको ठीक मुनि, दायाँ हातको हत्केला पछाडि चिथोरिएको, देब्रे क्लेभिकल बोनको दायाँ किनारमा सानो चिथोरिएको भन्ने देखिन्छ । प्रतिवादी उपर किटानी जाहेरी हुनुको साथै जाहेरवालीले जोहेरीलाई प्रतिवादी कसुरदार हुन् भनी अधिकार प्राप्त अधिकारीसमक्ष गरेको कागजलाई समर्थन गरी बकपत्र गरेका छन् । जबरजस्ती करणीको कसुर गर्न लाग्दा जाहेरवालीलाई देख्नेबित्तिकै प्रतिवादी भागेको छ । प्रतिवादीको प्रकृति मुचुल्कासमेतबाट आरोपित वारदात भएको देखिन्छ । मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भइरहेकोले अभियोग माग दाबी बमोजिम सजाय गरी पाऊँ भनी बहस प्रस्तुत गर्नु भयो ।

उपरोक्त बहस तथा प्रतिवादीले गरेको जिकिरसमेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत मुद्दाका निम्न प्रश्नहरूको न्यायिक निरोपण गर्नुपर्ने देखिन आयो ।

(१) होस ठेगानामा नभएकी पीडितको अधिकार प्राप्त अधिकारीसमक्षको कागज तथा अदालतसमक्षको बकपत्रलाई मुद्दाको सन्दर्भमा प्रत्यक्ष प्रमाणको रूपमा ग्राह्य हुन्छ, हुँदैन ?

(२) प्रस्तुत मुद्दामा जबरजस्ती करणीको उद्योगको वारदात भएको हो, होइन ?

(३) प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीले अभियोग माग दाबी बमोजिमको कसुर अपराध गरेको हो, होइन ?

(४) प्रतिवादीको कसुर ठहर भए निजलाई के कति सजाय हुने हो ?

(५) अभियोग दाबी बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति भराई दिनुपर्ने हो, होइन ?

निर्णयतर्फ सर्वप्रथम पहिलो प्रश्न सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दाका पीडित 'रिता' कुमारी होस ठेगानामा समेत नभएकी भनी जाहेरवाली 'क' कुमारीसमेतको कागजबाट देखिन्छ । निज पीडित रिता कुमारीको होस ठेगानामा छ, छैन भनी जिल्ला स्वास्थ्य कार्यालय हुम्लामा पीडितको स्वास्थ्य परीक्षण गर्न पठाउँदा उक्त

कार्यालयबाट मिति २०६६।०७।२३ को पत्रबाट निज पीडितको होस ठेगानामा नरहेको समेत भनी पीडितको स्वास्थ्य परीक्षणबाट देखिएको व्यहोरा लेखी आएको पाइन्छ । जुन व्यहोरालाई उक्त स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञ डा.प्रकाशप्रसाद शाहको अदालतको बकपत्रसमेतबाट समर्थन भइरहेको पाइन्छ । यस्तो अवस्थामा पीडित 'रिता' कुमारी होस ठेगानामा समेत नरहेकी महिला भएको देखियो । जबरजस्ती करणीको उद्योग मुद्दामा आरोपित अभियोग दाबी बमोजिम प्रतिवादीबाट कसुर वारदात भएको हो, होइन भनी महत्वपूर्ण प्रत्यक्ष प्रमाणको रूपमा पीडितको अदालतसमक्षको बकपत्रलाई लिइन्छ तर जब पीडित व्यक्तिको होस ठेगानामा नै छैन भने निजलाई आफूले गरेको र आफूप्रति भएको कुनै पनि क्रियाकलापको सम्बन्धमा ज्ञान नहुने र केही भन्न नसक्ने हुन्छ । प्रस्तुत मुद्दामा होस ठेगानमा नभएकी पीडितको संरक्षक आमाले घटना वारदात सम्बन्धमा कुनै ठोस व्यहोरा खुलाउन नसकेकोलाई रोहवरमा भनी सहीछापसम्म गरेको देखिन्छ । यस्तो आफूमाथि गरिएको अपराधको प्रकृति र परिणाम थाहा नपाउने अवस्थाकी पीडितले अभियोग दाबी बमोजिमको वारदात सम्बन्धमा सामान्य व्यक्तिले जसरी केही भन्न नसक्ने अवस्थामा केवल निजको संरक्षकले रोहवरमा बसेको भन्ने आधारमा मात्रै पीडितको सो भनाइलाई प्रमाणमा लिन मिल्ने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा ३८ अनुसार शारीरिक वा मानसिक रोगका कारण वा अरू कुनै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको उपयुक्त जवाफ दिन नसक्ने व्यक्ति साक्षी हुन नसक्ने भन्ने साथै करार ऐन, २०५६ को दफा ३(१) को खण्ड (ख) अनुसार होस ठेगानमा नभएको व्यक्ति करार गर्नसमेत अयोग्य हुने व्यवस्था रहेको पाइन्छ । उल्लेखित परिप्रेक्ष्यमा विचार गर्दा प्रस्तुत मुद्दामा होस ठेगानमा नभएकी पीडितको संरक्षक आमाको रोहवरमा गरिएको अधिकार प्राप्त अधिकारीसमक्षको कागज तथा अदालतसमक्षको बकपत्रलाई मुद्दाको सन्दर्भमा प्रमाण्को रूपमा ग्राह्य मान्न मिल्ने देखिएन । यस्तो अवस्थामा होस ठेगानमा नभएकी पीडित उपर प्रतिवादीबाट आरोपित कसुर भएको हो, होइन भन्ने सम्बन्धमा भेटिएसम्मका अन्य प्रत्यक्ष तथा परिस्थितिजन्य प्रमाणहरूद्वारा निरोपण गर्नुपर्ने देखियो ।

दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा पीडितलाई प्रतिवादीले जबरजस्ती करणीको उद्योग गरेकोले सो कसुरमा निजलाई सजाय गरी पाऊँ भन्ने अभियोग दाबी देखिन्छ । जाहेरवाली 'क' कुमारीको मौकाको प्रतिवादीलाई पक्राउ गरी पीडितको स्वास्थ्य परीक्षण गराई पाऊँ भन्ने निवेदन तथा जाहेरी दरखास्तबाट मिति २०६६।०५।१५ गते रातको ८:१५ बजे जाहेरवालीकी छोरी पीडित 'रिता' कुमारीलाई प्रतिवादीले उत्तानो पारी जमिनमा सुताई कपडासमेत खोलेको अवस्थामा फेला पारी के हो भन्दा प्रतिवादी भागेको, पीडितको भित्री कपडासमेत खोलेको अवस्थामा भएको समेतबाट जबरजस्ती करणीको उद्योगको वारदात भएको भनी किटान गरी लेखाइदिएको र सो व्यहोरालाई अदालतमा बकपत्र गर्दासमेत समर्थन गरेको पाइन्छ । घटनास्थल मुचुल्काबाट रेन्जपोस्ट कार्यालय भवनको पूर्व दिशामा खाली जमिन रहेको, सो जमिनको माटो धसिएको, नजिकै रहेको घाँस माडिएको अवस्थामा रहेको भन्ने देखिन्छ । पीडितको स्वास्थ्य परीक्षणबाट पछाडिपट्टि दुवै हिपमा २×३ से.मि. नीलडाम रहेको र हिपमा अलि अलि चिथोरिएको भन्ने देखिन्छ । जसलाई पीडितले वारदातको अवस्थामा गरेको संघर्षको चिन्हको रूपमा लिन पर्ने देखियो । बुझिएकी बाँचकला बोहोरासमेतको अधिकार प्राप्त अधिकारीसमक्षको कागज तथा अदालतको बकपत्रसमेतबाट वारदात सम्बन्धमा हल्ला भई गई हेर्दा निज पीडित उत्तानो अवस्थामा लडेकी थिइन् । निजले लगाएको कपडा खुल्ला अवस्थामा थियो । निजलाई उठाई लगाएको कपडासमेत समाली घरमा ल्याएको हो भनी लेखाएको देखिन्छ । यस्तो अवस्थामा घटनास्थल प्रकृति मुचुल्का, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, बुझिएका व्यक्तिहरूको अधिकार प्राप्त अधिकारीसमक्षको कागज तथा अदालतको बकपत्रसमेतबाट

मिति २०६६।०५।१५ गते रातको ८:१५ बजेको समयमा यी पीडित 'रिता' कुमारी उपर जबरजस्ती करणीको उद्योगको वारदात भएको देखियो ।

अब, तेसो प्रश्नतर्फ हेर्दा प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीले जाहेरवालीकी छोरी पीडित रिता कुमारीलाई मिति २०६६।०५।१५ गते राति अं.८:१५ बजेको समयमा कोही नभएको र शारीरिक अवस्थासमेत कमजोर रहेको फाइदा लिन जबरजस्ती करणी गर्ने मनासायले समाती जबरजस्ती करणी गर्न खोजेका तर करणी गर्न नपाउँदै जाहेरवालीले देखेको कारण जबरजस्ती करणी गर्ने उद्योग गरेकोले मुलुकी ऐन, जबरजस्ती करणीको ३(क) र ५ नं. बमोजिम प्रतिवादीलाई सजाय हुन र पीडितलाई प्रतिवादीबाट ऐ. को १० नं. अनुसार उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोग माग दाबी देखिन्छ । जाहेरवाली 'क' कुमारीले दिएको मौकाको प्रतिवादीलाई पक्राउ गरी पीडितको स्वास्थ्य परीक्षण गराई पाऊँ भन्ने निवेदनमा साथै मिति २०६६।०५।१७ को जाहेरी दरखास्तबाट मिति २०६६।०५।१५ गते बेलुका ८:१५ बजेको समयमा जाहेरवाली आफ्नो होटलबाट पिसाब गर्न भनी घर नजिकै भएको जिल्ला वन रेन्जपोस्ट कार्यालयको पूर्वतर्फ जाँदै गर्दा प्रतिवादीले हिँडडुल तथा बोलचालसमेत गर्न नसक्ने पीडितलाई जबरजस्ती करणी गर्ने उद्देश्यले जमिनमा उत्तानो पारी लडाई कपडासमेत खोलिरहेको अवस्थामा फेला पारी के हो भन्दा निज प्रतिवादी बिसे नेपाली मलाई देखी भागी फरार भएको र पीडितलाई हेर्दा भित्री कपडा खोलेको अवस्थामा रहेकी थिइन् । जबरजस्ती करणी गर्न खोज्ने निज प्रतिवादीलाई जबरजस्ती करणी उद्योगमा हदैसम्म सजाय गरी पाऊँ भनी प्रतिवादी उपर किटानी जाहेरी दिएको र सो व्यहोरालाई अदालतमा बकपत्र गर्दासमेत जाहेरवालीले समर्थन गरेको देखिन्छ । प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको बयानबाट मिति २०६६।०५।१५ गते राति ८:१५ बजे पीडित रिता कुमारी निजसँग वारदात स्थलमा भएकी, प्रतिवादीले मादक पदार्थ खाएको, पिसाब गर्न भनी रेन्जपोस्ट भवनको पूर्वतर्फ जाँदा पीडित जमिनमा बसेकी, लडेकी भनी उठाउन खोज्दा पीडित चिच्याई कराएकी र जाहेरवालीलाई देखेपछि त्यही छाडी गएको हो, भागेको होइन भनी कसुरमा इन्कार रही वारदात सम्बन्धी केही तथ्यलाई भने स्वीकारी बयान गरेको देखिन्छ । निज प्रतिवादीको अदालतसमक्षको बयानबाट वारदातको रात अं.७:२५ तिर पिसाब गर्न गएको, पीडित आफैं ढलेकाले मैले निजलाई उठाएर राख्न लाग्दा नसकेकोले त्यत्तिकै छाडी पुनः रक्सी खान चक्र होटलमा गएको, सो दिन होसै नहुने गरी रक्सी खाएको, घटनास्थल मुचुल्काको व्यहोरालाई स्वीकारेको, जाहेरी व्यहोराको पीडितको कपडा फुकाल्न लागेको भन्ने व्यहोराबाहेक अन्यलाई स्वीकारेको, अनुसन्धान अधिकारीसमक्षको बयानको अधिकांश व्यहोरालाई स्वीकारी आरोपित कसुरमा इन्कार रही वारदात सम्बन्धी केही तथ्यहरूलाई भने स्वीकार गरेको देखिन्छ । बुझिएकी सौरीकला रोकायसमेतको कागजबाट प्रतिवादीले पीडितलाई जमिनमा लडाई जबरजस्ती करणीको उद्योग गरेको अवस्थामा जाहेरवालीले पिसाब गर्न जाँदा देखी हल्ला गरेपछि वारदात स्थलमा गई हेर्दा पीडित उत्तानो अवस्थामा थिइन् निजको कपडा खुल्ला थियो । प्रतिवादी बिसे नेपालीले पीडितको अपाङ्गपनको फाइदा उठाई जबरजस्ती करणी गर्ने उद्योग गरेको हुनुपर्दछ भनी लेखाइदिएको देखिन्छ । बुझिएका 'ख' बहादुरको कागजबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्ने उद्योग गरेको ठीक साँचो हो भनी किटानी गरी लेखाइदिएको पाइन्छ । उक्त बुझिएका व्यक्तिहरूल अदालतसमक्ष आई आफ्नो अधिकार प्राप्त अधिकारीसमक्षको कागजलाई समर्थन गरी बकपत्रसमेत गरेको पाइन्छ ।

प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीको मौकामा मिति २०६६।०५।१७ मा स्वास्थ्य परीक्षण हुँदा निजको दुवै घुँडाको ठीक मुनि, दायाँ दातको हत्केला पछाडि चिथोरिएको, देब्रे क्लेभिकल बोनको दायाँ किनारमा सानो चिथोरिएको भन्ने मिति २०६६।०५।१८ को स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिन्छ । उक्त स्वास्थ्य परीक्षण

प्रतिवेदन सम्बन्धमा अदालतको आदेशानुसार सम्बन्धित विशेषज्ञ डा. प्रकाशप्रसाद शाहलाई प्रतिवादीसमेतको रोहवरमा अदालतको आदेशानुसार बकपत्र गराउँदा सो व्यहोरालाई समर्थन गरी बकपत्र गरेको समेत पाइन्छ । यस्तो अवस्थामा प्रतिवादीको शरीरमा देखिएको मौकाको उक्त चिथोरिइएको चोटलाई पीडितले वारदातको अवस्थामा प्रतिवादीको कसुरबाट बच्नका लागि गरेको संघर्षको परिणाम स्वरूप उक्त चोटहरू लाग्न गएको मान्नुपर्ने देखिन्छ । प्रतिवादीले यस अदालतमा बयान गर्दा वरदातको समयमा होसै नहुने गरी रक्सी खाएको भनी बयान गरेका भए पनि उक्त बयानमै निजले होस नहुने गरी रक्सी खाएको भए सो अवस्थामा भए गरिएका घटना सम्बन्धमा प्रतिवादीले भन्न सक्ने अवस्थै आउँदैन । त्यसमा पनि अदालतसमक्षको बयानको स.ज.५ बाट यी पीडितलाई छोडी पुनः रक्सी खाने ठाउँमा गएको थिएँ भनी लेखाएबाट होसै नहुने व्यक्तिले पुनः रक्सी खाने ठाउँमा जान सक्ने अवस्थै हुँदैन । जसबाट होसै नहुँने गरी रक्सी खाएको भन्ने प्रतिवादीको भनाइ तथ्यद्वारा पृष्टि भएको देखिँदैन । प्रतिवादीले अदालतसमेतको बयानमा प्रमुख रूपमा पीडित अपाङ्ग रिता कुमारी लडेकोले उठाउन खोजेको सम्म हो । पीडित चिच्याएकोले छाडी गएको हो भनी जिकिर लिएको देखिए पनि यदि पीडित लडी प्रतिवादीले निजलाई उठाउने सदनियत प्रतिवादीको भएको भए जाहेरवाली आउनासाथ पीडितलाई छाडी प्रतिवादी जानुपर्ने अवस्था देखिँदैन । यस्तो अवस्थामा प्रतिवादीले पीडितलाई लडेको अवस्थामा उठाएको सम्म हो भनी लिएको जिकिरसमेत स्वाभाविक देखिँदैन । जिल्ला सरकारी वकिल कार्यालयमार्फत प्राप्त भएको मुद्दासँग सम्बन्धित सी.डी. चक्का प्रतिवादीलाई हल्लाएको, चलाएको र काख (कालो) मा राखेको भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादीले सो सम्बन्धमा अदालतमा बयान गर्दा होसै नहुने गरी रक्सी खाएको अवस्थामा के बोलेँ थाहा भएन भनी जिकिर लिएको भए पनि रक्सी खाएको अवस्थामा बोलेको भन्ने जिकिरका आधारमा मात्र सो सी.डी. चक्काको आवाजलाई सान्दर्भिक प्रमाणको रूपमा लिन नमिल्ने मान्न मिलेन ।

प्रतिवादी बिसे नेपालीले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरेको व्यक्तिहरूमध्ये एक जनाले वारदात हुँदा नेपालगञ्ज भएको, अर्कोले घटनास्थलमा थिइनँ भनी लेखाएबाट निजहरूको घटना सम्बन्धको बकपत्र पत्यार लायक देखिँदैन । त्यसमा पनि निज साक्षीहरूले यी प्रतिवादीहरूले जबरजस्ती करणीको उद्योग गरेको होइन भनी किटानीका साथ भन्न नसकी जबरजस्ती करणी गर्न खोजेजस्तो लाग्दैन भनी अनुमान र शंकाको कुरा लेखाई दिएको देखिन्छ । हाम्रो समाजमा यौन मामिलालाई धर्म, नैतिक आचरण र संवेदनशीलताको रूपमा लिइने गरिन्छ । आफ्नी अशक्त, अपाङ्ग, कान नसुन्ने, होस ठेगानमा नरहेकी वर्ष २० की छोरीलाई जबरजस्ती यौनसम्पर्क राख्न खोजेको भनी प्रतिवादीलाई चुनौती दिई कारबाही र सजायको माग गरी किटानी जाहेरी दिनुलाई बिना ठोस आधार अन्यथा मान्न मिल्दैन । प्रतिवादीले समेत निजउपर जाहेरवालीले किन किटानी जोर दिइन् भन्ने सम्बन्धमा तथ्यगत रूपमा भन्न र जिकिर लिन सकेको देखिँदैन । तसर्थ, माथि विवेचित आधार कारण एवं प्रत्यक्ष तथा परस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीले अभियोग दाबी बमोजिम पीडितलाई रातिको समयमा कोही नभएको अवस्थामा जबरजस्ती करणी गर्ने मनसायले समाती उत्तानो पारी जबरजस्ती करणी गर्न खोजेको तर जाहेरवालीले कराएकीले जबरजस्ती करणी गर्न नपाई पीडितलाई जबरजस्ती करणी उद्योग गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (५), ३ क र ५ नं. को कसुर अपराध गरेको ठहर्छ ।

अब, चौथो प्रश्नतर्फ विचार गर्दा, यी प्रतिवादीले माथि उल्लेखित गरे बमोजिम पीडित वर्ष २० की 'रिता' कुमारीलाई जबरजस्ती करणीको उद्योग गरेको ठहरेपछि निजलाई के कति सजाय हुने हो भन्ने सम्बन्धमा हेर्दा मुलुकी एने, जबरजस्ती करणीको महलको ५ नं. मा जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने

पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ भन्ने व्यवस्था देखिन्छ, यसैगरी सोही महलको ३ नं. को देहाय (५) मा जबरजस्ती करणी गर्नेलाई बिसे वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म कैद सजाय हुने प्रावधान देखिन्छ। पीडितको उमेर २० वर्ष भएको भन्नेमा विवाद देखिँदैन। प्रतिवादीले रक्सी खाएको अवस्थामा कसुर गरेको, प्रतिवादीले पालनपोषण गर्नुपर्ने २ जना नाबालक छोराछोरी भएको समेतको अपराध गर्दाको अवस्था र अन्य परिस्थितिलाई विचार गर्दा प्रतिवादीलाई उल्लेखित जबरजस्ती करणीको ५ नं. न ३ नं. को देहाय (५) बमोजिम ५ वर्षको आधा २ वर्ष ६ महिना कैद हुने ठहर्छ। यसरी जबरजस्ती करणीको उद्योग ठहरी प्रतिवादीलाई सजाय भएको अवस्थामा जबरजस्ती करणीको महलको ३ क नं. बमोजिम अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप कैद गर्नुपर्दछ भन्ने प्रावधान यी प्रतिवादीको हकमा आकर्षित हुन्छ, हुँदैन भन्ने सन्दर्भमा हेर्दा उक्त ३ क नं. ले अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई थप ५ वर्ष कैद गर्ने भन्ने व्यवस्था गरेको पाइन्छ। सोही महलको ५ नं. मा जबरजस्ती करणीको उद्योग गर्नेलाई जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ भन्ने व्यवस्था गरेको देखिन्छ। जबरजस्ती करणीको ३ नं. र ३ क नं. परस्पर पूरक अर्थात् ३ नं. मा ३ क समावेश भएसरह देखिन्छ। त्यसो हुँदा अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणीको उद्योग गर्नेलाई समेत ऐजन ५ नं. बमोजिम आधाले थप गर्नुपर्ने देखिन्छ। त्यसैले यी प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीले अशक्त, अपाङ्ग पीडित 'रिता' कुमारीलाई जबरजस्ती करणीको उद्योग गरेको ठहरेकोले यी प्रतिवादीलाई जबरजस्ती करणीको ३ क नं. बमोजिम थप ५ वर्ष को आधाले हुने २ वर्ष ६ महिना प्रतिवादीलाई थप कैदसमेत हुन्छ। तसर्थ यी प्रतिवादीलाई जबरजस्ती करणीको ५ नं., ३ नं. को देहाय (५) र ३ क नं. बमोजिम जम्मा ५ (पाँच) वर्ष कैद सजाय हुने ठहर्छ।

अब, अन्तिम प्रश्न सम्बन्धमा विचार गर्दा अभियोग पत्रमा पीडितलाई जबरजस्ती करणीको महलको १० नं. अनुसार उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने दाबी देखिन्छ। जबरजस्ती करणी गरेको ठहरेमा त्यस्ती महिलालाई भएको शारीरिक र मानसिक क्षति विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराइदिनुपर्नेछ भन्ने व्यवस्था देखिन्छ। उक्त व्यवस्था अनुसार जबरजस्ती करणी गरेको ठहरेमा भन्नुको अर्थ पूर्ण रूपमा जबरजस्ती करणी गरेको ठहराएको हुनुपर्ने अनिवार्यतालाई देखाउँछ। जबरजस्ती करणी गरेको ठहर्नु र जबरजस्ती करणीको उद्योग गरेका ठहर्नु बिल्कुलै भिन्न र फरक अवस्था हो। त्यसैले जबरजस्ती करणीको उद्योग गरेको अवस्थामा उल्लेखित १० नं. बमोजिम कसुरदारबाट पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्ने भन्ने मिलेन। तसर्थ, जबरजस्ती करणीको १० नं. बमोजिम पीडित 'रिता' कुमारीलाई प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीको तर्फबाट उचित क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्नेतर्फको वादी नेपाल सरकारको अभियोग माग दाबी पुग्न नसक्ने ठहर्छ। अरूमा तपसिलमा लेखिए बमोजिम हुने गरी अ.वं.१८६ नं. बमोजिम यो फैसला गरिदिएको छ।

**तपसिल**

प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीको, माथि ठहर खण्डमा लेखिए अनुसार जबरजस्ती करणीको ३ नं. को देहाय (५) र ५ नं. बमोजिम कैद वर्ष २ ६ महिना साथै जबरजस्ती करणीको ३ क.नं. बमोजिम थप कैद २ वर्ष ६ महिना हुने ठहरी जम्मा ५ (पाँच) बर्ष कैद हुने ठहरेकोले निज मिति २०६६।०५।१७ देखि मुद्दा अनुसन्धानको क्रममा प्रहरी हिरासतमा र मिति २०६६।०५।१९ देखि यस अदालतको आदेशानुसार मुद्दा पुर्पक्षको

निमित्त थुनामा हुँदा हिरासतमा रहेको मितिदेखिकै कैद कट्टीले मिति २०६६।०५।१६ सम्म कैदमा बसी २०७१।०५।१७ गते कैद मुक्त हुने गरी कैद म्याद ठोकी असुल गर्नका लागि कारागार कार्यालय हुम्लामा कैदी पुर्जी पठाइदिनू.........................................................................................................................१

प्रतिवादी गम्भीर भन्ने बिसे नेपालीले फैसला सुनी पाएको कागजमा सहीछाप गरेकाले पुनरावेदनको म्याद दिइरहनु परेन ।...........................................................................................................................२

यस फैसलामा चित्त नबुझे ऐनको म्याद ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत जुम्लामा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि राखी जिल्ला सरकारी वकिल कार्यालय हुम्लालाई जानकारी दिनू ।...............................३

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ।.............................................४

दायरीको लागत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।.............................................५

मा.जि.न्या.ज्यूले बोली टिपाए बमोजिम
टिपोर्ट गर्नेः ना.सु. सन्तबहादुर पौडेल
टाइप गर्नेः सा.क.अ. राजबहादुर शाही

............................
अर्जुन अधिकारी
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल चैत्र १८ रोज ४ शुभम् ...................................................................।

**श्री मकवानपुर जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री बालचन्द्र शर्माबाट भएको**
**फैसला**
**संवत् २०६४ सालको स.फौ.नं.१५/१९० (नि.नं.२५१/४)**
(र.नं.०४८–०६३-००१६१)
*मुद्दा :- जबरजस्ती करणी ।*

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला मकवानपुर मन्थली गा.वि.स.वडा नं.२ अम्बासबेसी बस्ने वर्ष ३४ को चिमकान्त घिमिरेको जाहेरीले वादी नेपाल सरकार .....................................................१ | जिल्ला मकवानपुर मन्थली गा.वि.स.वडा नं.२ अम्बासबेसी टोल बस्ने शम्भुबहादुर रिजालको छोरा वर्ष १६ को जीवन रिजाल .....................१ |
| निजको प्रमाण<br>साक्षी<br>कागज | निजको प्रमाण<br>साक्षी<br>कागज |

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मु.ऐन अ.ब. २९ नं. समेतले यसै अदालतको अधिकार क्षेत्रभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ ।

मिति २०६४।२।७ गते बिहान अं.८:०० बजेको समयमा जि.म.मन्थली गा.वि.स.वडा नं.२ बस्ने शम्भु रिजालको छोरा वर्षा १७ को जीवन रिजालले मेरो छोरी वर्ष ६ की सुनिता घिमिरेलाई फकाई फुलाई गरी बलात्कार गरेकोले निजलाई आवश्यक कारबाहीको लागि पेस गरेको छु भन्ने समेतको चिमकान्त घिमिरेले इ.प्र.का.ठिंगनमा दिएको निवेदन ।

पीडित सुनिता घिमिरेको योनी दुखेको, सुनिएको रातोपन भई आएको निजको योनी (Libia Minora) च्यातिएको देखिएको भन्नेसमेत व्यहोराको ठिंगन हेल्थपोस्टको बिरामी जाँच पुर्जा ।

जि.म.मन्थली गा.वि.स.वडा नं.२ बस्ने शम्भु रिजालको छोरा वर्ष १७ को जीवन रिजालले मिति २०६४।२।७ गते बिहान अं.८:०० बजेको समयमा ऐ.बस्ने चिमकान्त घिमिरेको वर्ष ६ की छोरी सुनिता घिमिरे स्कुल पढ्न गएको अवस्थामा फकाई फुलाई गरी जबरजस्ती करणी गरी योनीसमेत फाटेको हुँदा निज जीवन रिजाललाई कारबाही गरी पाऊँ भन्ने चिमकान्त घिमिरेको निवेदन परेको हुँदा आवश्यक कारबाहीको लागि प्रतिवादी जीवन रिजाल पीडित सुनितालाई पठाइएको छ भन्ने व्यहोराको इ.प्र.का. ठिंगनको पत्र ।

मिति २०६४।२।७ गते बिहान अं.५:३० बजेको समयमा मेरो छोरी वर्ष ६ की सुनिता घिमिरे पढ्न गएको अवस्थामा सोही दिनको ८:०० बजेको समयमा अभियुक्त जीवन रिजालले आफ्नै घरको चोटामा लगी छोरीलाई जबरजस्ती करणी गरी कानुन बमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको चिमकान्त घिमिरेको जाहेरी दरखास्त ।

जि.म.मन्थली गा.वि.स.वडा नं २ स्थित प्रतिवादी जीवन रिजालले आफ्नै घरको माथिल्लो चोटामा लगी मिति २०६४।२।७ गते बिहान अं.८:०० बजेको समयमा पीडित सुनिता घिमिरेलाई जबरजस्ती करणी गरेको भन्ने देखाइएको घरको चार किल्लासहितको विवरण ।

बिहानपख म र मेरो दाइ अनिल घिमिरेसँगै स्कुलमा पढ्न गएको बेलामा स्कुलकै कम्पाउन्डमा खेलिरहेको अवस्थामा जीवन रिजालले हामीलाई चकलेट खुवाउँछु भनी चोटामा लगी दाइ अनिललाई बाहिर निकाली मलाई कोठामा राखी खाटमा सुताई मेरो पिसाब गर्ने ठाउँमा मामा जस्वनले आफ्नो पिसाब गर्ने कुरा जोडी भित्र धकेली दुखाइदिनुभयो र मैले रुँदा मामाले छाडी दिनुभयो, सो कुरा घरमा आई आमालाई भनिदिएको हुँ भन्नेसमेत व्यहोराको पीडित सुनिता घिमिरेले गरी दिएको घटना विवरण कागज ।

पीडित केटी सुनिता घिमिरेको योनीको बाहिरपट्टि रातो डाम देखिएको भन्नेसमेत व्यहोराको हेटौंडा अस्पतालको रिपोर्ट ।

मिति २०६४।२।७ गते बिहान अं.८:०० बजेको समयमा भान्जी सुनिता घिमिरे र भान्जा अनिल घिमिरे स्कुलको कम्पाउन्डमा खेलिरहेको अवस्थामा निजहरूलाई चकलेट दिने बहाना बनाई चोटामा बोलाई भान्जीलाई काखमा लिई गालामा किस खान थालें र ओठसमेत चुस्ता यौन उत्तेजना आयो र करणी गर्ने मन लाग्यो । अनिललाई कपडा सिलाउने मेसिन भएको ठाउँमा बसाइदिन र सोही कोठाको पूर्वपट्टितर्फ कुनामा बिस्तारासहितको खाटमा भान्जी सुनितालाई सुताई माथिबाट चढी मेरो लिङ्ग भान्जीको योनीमा घुसाई भित्र छिराउँदा भान्जीले रुन लाग्दा निजको मुख थुनी केही मात्र छिराउँदा योनी च्यातिँदा रगत आएकोले छाडिदिई भान्जाभान्जीहरूलाई घरतर्फ पठाई म डरले भागी ललितपुरमा गई बसेँ । ऐ.१५ गते घरमा आउँदा ऐ.१७ गते जाहेरवालाले पक्राउ गरी निवेदनसहित इ.प्र.का.ठिंगनमा बुझाइदिएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी जीवन रिजालको साबिती बयान ।

मिति २०६४।२।७ गते बिहानपख मेरो छोरी सुनिता घिमिरे र देवरका छोरा अनिल घिमिरे स्कुलमा पढ्न गएको अवस्थामा निजहरू स्कुलको कम्पाउन्डमा खेलिरहेको बेला प्रतिवादी जीवन रिजालले चकलेट दिने बहाना बनाई आफ्नो घरको चोटामा लगी अनिल घिमिरेलाई बाहिर निकाली छोरी सुनितालाई चोटामा खाटमा सुताई जबरजस्ती करणी गरी योनीसमेत च्याती रगताम्यसमेत बनाइएको कुरा निज छोरीबाट थाहा पाएको र निज प्रतिवादी जीवनलाई खोजतलास गर्दा काठमाडौंतर्फ भागी गएको भनी बुझिएको गाउँलेहरूको सल्लाह अनुसार इ.प्र.का. ठिंगनमा निवेदन दिई मेरो पतिले ठिंगन हे.पो.बाट शारीरिक जाँचसमेत गराई निज प्रतिवादीलाई पक्राउसमेत गरी जि.प्र.का. मकवानपुरमा आ.का.को लागि जाहेरीसमेत दिनुभएको हो भन्नेसमेत व्यहोराको पीडित सुनिता घिमिरेको आमा विमला घिमिरेले गरी दिएको घटना विवरण कागज ।

यसमा मेरो व्यहोरा यो छ कि मलाई मिति थाहा छैन म र बहिनी सुनिता घिमिरे बिहानपख स्कुलमा पढ्न गएको बेला कम्पाउन्डमा खेलिरहेको अवस्थामा मामा जीवन रिजाल आई तिमीहरू चोटामा हिँड चकलेट दिन्छु भनी लग्नुभयो । गएपछि मामा जीवनले बहिनी सुनितालाई काखमा लिई किस खान थाल्नुभयो, मलाई बाहिर निकालिदिई बहिनीलाई चोटामा लग्नुभयो । बहिनी भित्र रुन थाल्यो, भित्र गई हेर्दा मामा जीवनले नांगै

बहिनीमाथि चढिरहनुभएको थियो । बहिनी र मामा बाहिर निस्कनुभयो । बहिनी र म आफ्नो घरमा आई भोलिपल्ट ठूली आमालाई मामा जीवनले बहिनी सुनितामाथि चढेको कुरा भनिदिएको हुँ भन्नेसमेत व्यहोराको अनिल घिमिरेको घटना विवरण कागज ।

मिति २०६४।२।७ गते बिहान अं.८:०० बजेको समयमा जाहेरवाला चिमकान्त घिमिरेको छोरी वर्ष ६ की सुनिता घिमिरे स्कुलमा पढ्न गएको बेलामा प्रतिवादी जीवन रिजालले आफ्नो चोटामा लगी जबरजस्ती करणी गरी गुप्ताङ्गसमेत च्यातिदिएको कुरा सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको घटनास्थल वरपरका मानिसहरूले करिबकरिब एकै मिलानका गरिदिएको कागज ।

शम्भुबहादुर रिजालको छोरा जीवन रिजालको विद्यालय अभिलेख अनुसार २०४८।१।२० गते भएको भन्ने व्यहोराको श्री भुटनदेवी उच्च माध्यमिक विद्यालयको पत्र । च.नं.१०४ मिति २०६४।२।२० को जन्म मिति प्रमाणित गरिएको पत्र ।

प्रतिवादी जीवन रिजालले नाबालक वर्ष ६ की सुनिता घिमिरेलाई चकलेट दिन्छु भनी फकाई घरको कोठामा लगी योनीमा लिङ्ग जोडी लिङ्ग केही प्रवेशसमेत गराई जबरजस्ती करणी गरी मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं.बमोजिमको कसुर अपराध गरेकोले प्रतिवादी उपर ऐ.महलको ३(१) नं.बमोजिम सजाय गरी ऐ.महलको १० न..बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

मिति २०६४।२।८ गते काठमाडौं गई १२ गते बेलुका घरमा आई १३ गतेदेखि १७ गतेसम्म स्कुल जाने-आउने गरिरहेको थिएँ । सो कुरा स्कुलबाट रिकर्ड झिकाई हेरे पनि हुन्छ । एक्कासि मलाई ७ गते मैले सुनितालाई करणी गरेको रे भनी पक्राउ गरेका हुन्, मैले करणी गरेको होइन, बाबु बाबुबीचको झगडाको विषयलाई लिएर फसाउनको लागि म उपर झुट्ठा उजुर गरेका हुन्, मैले निज सुनितालाई करणी गरेको नहुँदा दाबी बमोजिम सजाय हुनुपर्ने होईन भन्नेसमेत व्यहोराको प्रतिवादी जीवन रिजालले यस अदालतमा गरेको बयान ।

पिता चिमकान्त घिमिरेको रोहवरमा पीडित सुनिता घिमिरे, जाहेरवाला चिमकान्त घिमिरे, घटनास्थल प्रकृति मुचुल्काका मानिस चन्द्रलाल थिङ्ग, भीमबहादुर घिमिरे, मौकामा प्रहरीमा कागज गर्ने अनिल घिमिरे, जाँच गर्ने चिकित्सक डा.गुणराज लोहनी, स्वास्थ्य परीक्षण गर्ने हेल्थ असिस्टेन्ट नगेन्द्रप्रसाद पटेल, प्रहरीमा कागज गर्ने सन्तबहादुर थोकर, विमला घिमिरे, टेकबहादुर दाहाल, सुनिल नेगी, भरत सापकोटा, इन्द्रप्रसाद दाहाल, मौकामा कागज गर्ने राष्ट्रपति तिमल्सिना, प्रतिवादीका साक्षी इन्द्रबहादुर वि.क, चेतबहादुर रिजालले यस अदालतमा गरेको पृथक्पृथक् बकपत्र मिसिल संलग्न रहेछ ।

मिति २०६५।८।२१ मा डोरमार्फत भई सर्जमिन मुचुल्का मिसिल संलग्न रहेछ ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट अभियोग पत्र दायर हुँदा प्रतिवादी जीवन रिजालले पीडित वर्ष ६ की नाबालक छोरीलाई मिति २०६४।२।७ गते जबरजस्ती करणी गरेको भनी मिति २०६४।२।१९ मा परेको जाहेरीको आधारमा तयार भएको अभियोग पत्रमा प्रतिवादी उपर जबरजस्ती करणीको १ नं.बमोजिमको कसुर अपराध गरेको हुँदा ऐ.ऐनको ३(१) नं.बमोजिम सजाय गरी १७ नं.बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने दाबी लिएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट आफ्नो अभियोग दाबीको प्रतिरक्षाको लागि उपस्थित

विद्वान् जिल्ला न्यायाधिवक्ता श्री बलराम त्रिपाठीले प्रतिवादी आरोपित कसुर गरेमा साबिती भई मौकामा बयान कागज गरेका छन् । प्रतिवादीले नै आफूलाई करणी गरेको भनी पीडितको मौकाको कागज र अदालतमा समेत बकपत्र गरिदिएकी । मौकामा गरिएको पीडितको स्वास्थ्य परीक्षणबाट पनि योनी असामान्य भन्ने देखिएको छ । यस्ता प्रतिवादीविरुद्धका प्रमाणहरूबाट प्रतिवादीको कसुर अपराध पुष्टि भएकाले अभियोग दाबी बमोजिम सजाय गरी पाऊँ भनी गर्नुभएको बहस र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शिवबहादुर कोइरालाले मेरो पक्ष १६ वर्षभन्दा घटी उमेरको नाबालक हो । यसैले मेरो पक्षको बालबालिका सम्बन्धी ऐनको सन्दर्भबाट हेरिनुपर्नेमा अनुसन्धानकै क्रममा भएको मेरो पक्षको उमेर जाँचको Report बाट पनि १६ वर्ष पूरा भएको नदेखिनेमा अनुसन्धानकर्ताले सो प्रतिवेदन मौकामा पेस नगरी लुकाई राखेको, त्यसैबाट पनि अनुसन्धान निष्पक्ष नभएको भन्न सकिन्छ । मेरो पक्ष आरोपित कसुरमा इन्कारिरहेका र सो इन्कारीलाई मेरो पक्षका साक्षीको बकपत्रबाट पुष्टि भएको छ । पीडितको योनीमा देखा परेका केही खत चिन्हहरू करणीकै कारणबाट भएको भन्ने चिकित्सकको अदालतमा भएको बकपत्रबाट नदेखिएको । मेरो पक्षको विरुद्धको कसुर वादी पक्षबाट ठोस तथा शंकारहित तवरबाट प्रमाणित गराउन सकेको नदेखिँदा आरोपित कसुरबाट मेरो पक्षले सफाइ पाउनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनी मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरी प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निर्णय दिनुपर्ने देखिन आयो ।

(१) प्रतिवादी नाबालक वा १६ वर्ष पूरा भए नभएको के हो ?

(२) प्रतिवादीले आरोपित कसुर गरे नगरेको के हो ?

अब, पहिलो प्रश्नको हकमा विचार गर्दा, मौकामा परेको जाहेरीमा प्रतिवादीको उमेर १७ वर्षको भनी उल्लेख भएकोमा निज प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्षमा बयान कागज गर्दा आफ्नो उमेर १६ वर्ष भएको भनी उल्लेख गरेका छन् भने अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीबाट उमेरको हकमा निज प्रतिवादीले पढेका स्कुलहरू श्री भुटनदेवी उच्च माध्यमिक विद्यालय र श्री विद्याधिश्वरी माध्यमिक विद्यालयबाट प्राप्त पत्रमा विवरण फारममा उल्लेख भएअनुसार २०४८।१।२० गते भन्ने देखिन आएकोले वारदात मिति २०६४।२।७ का बखत प्रतिवादीको उमेर १६ वर्ष पूरा भइसकेको देखिन आउँछ । त्यसरी नै अनुसन्धानको सिलसिलामा प्रतिवादीको उमेर जाँच सम्बन्धी जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको पत्रबाट प्रतिवादीको उमेर १४/१५ वर्षको भनी उल्लेख भई आएको पनि देखिन्छ । प्रतिवादीले यस अदालतमा आई बयान गर्ने क्रममा आफ्नो उमेर वर्ष १५ को भनी उल्लेख गरी प्रमाणको रूपमा चिनाको छायाँ प्रति पेस गरेको जसमा २०४९।१।१२ उल्लेख भएको देखिन आएकोबाट प्रतिवादीको उमेर सम्बन्धमा भिन्नभिन्न प्रमाणहरू देखिन आएको अवस्था छ । जस अनुसार अस्पतालको उमेर जाँचको प्रतिवेदनबाट निज प्रतिवादी १५ वर्षको देखिन आउँछ, निजले पेस गरेको चिनाबाट पनि निजको उमेर १५ वर्षकै देखिन आउँछ तर निज अध्ययनरत स्कुलमा रहेको निजको विवरण फारममा निजको उमेर १६ वर्ष पूरा गरिसकेको देखिन आएको छ । यस्तो स्थितिमा अब निज प्रतिवादीको उमेर यकिन गर्नुपर्ने अवस्था देखा पर्न आएकोमा उमेरको सवालमा आफ्नो उमेर के कसो हो, आफू के कहिले जन्मेको हो, जस्ता कुराहरू आफूलाई थाहा हुने कुरा नभई आफ्ना अभिभावकले जे जहिले जन्म भएको हो भनी लेखाइदिए सोही मितिलाई नै आफ्नो जन्म मिति मान्नुपर्ने अवस्था आउँछ । प्रस्तुत विवादमा अस्पतालबाट जारी गरिएको जन्म दर्ताको प्रमाणपत्र भएको देखिँदैन भने स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जन्म दर्ता प्रमाणपत्र पनि प्रतिवादीले पेस गर्न सकेको देखिँदैन । प्रतिवादी पक्षका विद्वान् अधिवक्ताले निज प्रतिवादी नाबालक भनी बहसमा जिकिर लिनुभएकोले उमेर निर्धारणका सम्बन्धमा बालबालिकाका सम्बन्धमा व्यवस्था गर्न बनेका कानुन नियमले

के कस्तो व्यवस्था गरेका छन् भनी सम्बद्ध कानुन व्यवस्थातर्फ हेर्दा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ ले उमेर निर्धारणको सम्बन्धमा (क), (ख), (ग), (घ) गरी ४ खण्डमा व्यवस्था गरेकोमा (क) मा अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्र, (ख) खण्ड (क) बमोजिमको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधीकारीको कार्यालयबाट जारी गरिएको प्रमाणपत्र, (ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लेख भएको मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति, (घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर । यस प्रकार उमेर निर्धारणको व्यवस्था गरेकोमा खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिम जारी भएका प्रमाणपत्र मिसिल संलग्न रहे भएको पाइँदैन भने खण्ड (ग) र खण्ड (घ) बमोजिमका उमेरका निर्धारण भएका कागजातहरू मिसिलमा रहे भएको देखिन आउँछ । सोका अतिरिक्त प्रतिवादीबाट पेस भएको चिना पनि मिसिल संलग्न हुँदा अब सो चिनाको प्रस्तुत मुद्दाको सन्दर्भमा उमेर निर्धारणका हकमा प्रामाणिक महत्व छ वा छैन भन्नेतर्फ विश्लेषण गर्नुपर्दा प्रथमतः सो चिना प्रतिवादीले मौकामा पेस गर्न सकेको पाइँदैन भने मौकाको बयानमा पनि निज प्रतिवादीले सो चिना पेस गर्न सक्नेमा पनि पेस गरेको देखिँदैन । प्रतिवादीबाट पेस भएको चिना यो सालको यो महिनाको यति गते यो यसले तयार गरेको भनी चिनामा लेखिएको नहुने हुनाले त्यस्तो चिना जे जहिले पनि जे जसले पनि बनाइदिन सक्ने हुँदा र त्यस्तो चिनालाई उमेर निर्धारणको लागि पनि हुने भनी माथि उल्लेखित कानूनी व्यवस्थाले उल्लेख गरेको पनि नहुँदा यस्तो वैधताको परीक्षण नै हुन नसक्ने आफू अनुकूल तयार हुन सक्ने बनाउन सक्ने चिनालाई प्रमाणमा लिन मिल्ने देखिएन । अब मिसिल संलग्न प्रतिवादीको उमेरको हकमा २ वटा कागजात देखिन आएका छन् । पहिलोमा चिकित्सकबाट प्रमाणित प्रतिवादीको उमेर जाँचको प्रतिवेदन र दोस्रोमा निज प्रतिवादीले स्कुलमा अध्ययन गर्दा भरेको विवरण फारममा उल्लेख भएको जन्म मिति यी दुवै कागज प्रमाणबाट प्रतिवादीको उमेरमा एकरूपता नभई चिकित्सकको प्रतिवेदनमा १४/१५ वर्ष भनिएको छ भने स्कुलको रेकर्डबाट १६ वर्ष पुगेको देखिन्छ । यस्तो स्थितिमा चिकित्सकको उमेर जाँच सम्बन्धी प्रक्रिया मात्र एउटा अनुमानित प्रक्रिया हो र यस्तो चिकित्सकको भनाइ रायसम्म नै प्रमाण होइन । यसैले चिकित्सकको रायले मात्र उमेर निर्धारणको लागि अन्तिम प्रमाण होइन र यो मात्र राय भएको हुँदा यस्तो अनिश्चित र अनुमानित आधारमा भएको चिकित्सकको राय मात्र  लाई प्रतिवादीको उमेर यकिन हुने अन्तिम र खम्बीर प्रमाणको रूपमा लिन सकिँदैन तयसको परिपुष्टि अरू प्रमाणले पनि गर्नुपर्ने हुन्छ । अर्कोतर्फ आफ्ना बालबच्चाको उमेर निर्धारण गर्ने प्रमुख पक्ष भनेका आफ्नै अभिभावक भएकोमा वा हुनेमा निजहरूले उल्लेख गरिदिएको जन्म मितिका हकमा पछिसम्म सोही जन्ममिति कायम हुने गर्दछ । प्रस्तुत विवादमा यिनै प्रतिवादीले आफूले पढेको स्कुलमा भरेको विवरण फारममा जन्ममिति २०४८।१।२० भनी उल्लेख गरेको सो पनि एउटा स्कुलबाट नभई दुई फरकफरक स्कुल, दुई फरक फरक स्कुलमा भर्ना गर्दाका बखत एउटै उमेर/जन्ममिति उल्लेख हुनु र सो जन्ममिति कुनै व्यहोराबाट प्रतिवादीले अन्यथा हो भन्न पनि नसक्नु यस्तो अवस्थामा उक्त स्कुलमा रहेका यस्ता कागजपत्रमा उल्लेख भएको कुराहरू प्रमाण भएका र यस्तो कुरालाई प्रमाण ग्रहण गर्नुपर्ने हुन्छ । चिकित्सकको भनाइ मात्र राय हो भने कुनै व्यक्तिका सम्बन्धमा सम्बन्धित ठाउँमा रहेका विवरणहरूमा उल्लेख भएका कुराहरू प्रमाण हुन् ।  यसैले रायलाई सोझै प्रमाणमा लिन सकिँदैन भने स्कुल आदिमा रहेका विवरण फारमसमेतमा उल्लेखित कुराहरूलाई अन्यथा गराई नल्याएसम्म प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ । बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ ले पनि विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति भएसम्म त्यही जन्ममितिलाई मान्नुपर्ने र नभए मात्र सरकारी अस्पतालबाट प्रमाणित उमेरलाई मान्नुपर्ने गरी व्यवस्था गरेकोले विद्यालयमा

भर्ना हुँदाका बखत उल्लेख गरेको जन्ममिति २०४८।१।२० भन्ने देखिँदा सो मितिले वारदात हुँदा २०६४।२।७ सम्ममा यी प्रतिवादीले १६ वर्ष नाघिसकेको हुँदा १५ वर्षको नाबालक प्रतिवादी भन्ने प्रतिवादी पक्षका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन ।

अर्को, प्रतिवादीले आरोपित गरे नगरेतर्फ विचार गर्दा प्रतिवादी उपर जबरजस्ती करणीको १ नं.को कसुरमा सोही ऐनको ३(१) नं.बमोजिमको सजायको माग दाबीका अतिरिक्त सोही एनेको १० नं.ले क्षतिपूर्तिसम्मको दाबी लिएको देखिन आउँछ । पीडित नाबालक वर्ष ६ की भएको भन्नेमा विवाद देखिँदैन । त्यस्ती नाबालकको हकमा मञ्जुरी नै लिई करणी गरेमा पनि जबरजस्ती करणी हुने र १० वर्षभन्दा मुनिका बालबालिका भए प्रतिवादीलाई जबरजस्ती करणीको ३ नं.को देहाय १ ले १० वर्षदेखि १५ वर्षसम्म कैद हुने कानुनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी जीवन रिजालले वर्ष ६ की पीडितलाई करणी गरेको भन्ने जाहेरी व्यहोरा रहेकोमा प्रतिवादीले आरोपित कसुर गरेमा साबित भई मौकामा बयान कागज गरी दिएका र हेल्थपोस्टमा भएको मिति २०६४।२।१८ को स्वास्थ्य परीक्षणबाट Libia Minora Rapture भएको भन्नेसमेत देखिन्छ । २०६४।२।७ को वारदात भनिएकोमा २०६४।२।१८ मा मात्र पीडितको स्वास्थ्य परीक्षण भएको देखिन्छ । प्रस्तुत मुद्दामा पीडित वर्ष ६ की भएकी र निजले मौकामा कागज गर्दा "मेरो पिसाब गर्ने ठाउँमा मामाले आफ्नो पिसाब गर्ने जाडी भित्र धकेली दुखाइदिनुभयो । मैले दुख्दा रोएकोमा मामाले मुख थुनिदिनुभयो" भनी लेखाइदिएकी । निज पीडितले अदालतमा आई बकपत्र गर्दा, स.ज.८, ९, १०, १९, २३ र २५ समेतमा आफूलाई प्रतिवादीले करणी गरेको भनी मौकाको कागजसँग मिल्दोजुल्दो गरी उल्लेख गरी दिएको देखिन्छ । करणीजस्तो मुद्दामा प्रत्यक्षदर्शी साक्षी बिरलै देखिने हुन्छ । त्यसैले यस्ता घटनाको प्रत्यक्षदर्शी भनेकै पीडित नै हुन र ती पीडितको भनाइले महत्वपूर्ण स्थान लिने गर्दछ । उसैमा पनि यस्ता नाबालक जसलाई परिणामको कुनै जानकारी नै अनि मिलाएर बनाएर बोल्न सक्ने अवस्थाका पनि हुने नहुँदा जे जस्तो भए गरेको हो, जे जस्तो घटेको हो, सत्य र वास्तविक कुराहरू राख्ने गर्दछन्, त्यसैले यस्तो भनाइलाई प्रमाणमा ग्रहण गर्ने गरिन्छ । त्यसैमा पनि ढिलो गरी पीडित अस्वस्थ र सन्चो नभएको भनी स्वास्थ्य परीक्षणको लागि हेल्थपोस्टमा उपचारको लागि सोमा पनि पीडितको योनीसँग सम्बन्धित कारणको लागि गएकोमा Libia Minora Raptured भएको देखिनेमा, प्रतिवादी करणी गरेमा मौकामा साबित हुने, पीडितले पनि मौकामा कागज गर्दा अनि अदालतमा आई बकपत्र गर्दा पनि प्रतिवादीले करणी गरी दुखाइदिएको भनी भनेबाट पीडितलाई प्रतिवादीले करणी गरेका रहेनछन् भन्न यस्ता सम्बद्ध प्रमाणले सकिएन भने अर्कोतर्फ आफ्नै छोरीलाई आफ्नै बाबु आमाले यत्तिकै हुँदै नभएको अवस्थामा पनि छोरीको चरित्रमा नै पछिसम्म असर पर्ने गरी प्रतिवादीले करणी गरेको भनी भनिहाल्नुपर्ने कुनै कारण पनि देखिँदैन । यो यस्तो कारणबाट यो यस्तो गर्नको लागि जाहेरवाला र निजको श्रीमतीले आफूलाई दोष लगाएका हुन् भनी बयानमा प्रतिवादीले लेखाउन पनि नसकेको र रिसइबीको कारण भनी उल्लेख गरे पनि विश्वास गर्न सक्ने किसिमको भनाइ प्रतिवादीको पनि रहे भए नदेखिँदा पीडितको हकमा पीडितको भनाइलाई प्रमाणमा लिनु नपर्ने कुनै त्यस्तो प्रमाण प्रतिवादीले उल्लेख गर्न नसकेको यस्तो अवस्थामा माथि उल्लेख गरिएका आधार प्रमाणबाट प्रतिवादीले आरोपित कसुर गरेको देखिँदा प्रतिवादीलाई अभियोग पत्र माग दाबी बमोजिम जबरजस्ती करणीको ३(१) नं.ले कैद वर्ष १० -दस) हुने ठहर्छ ।

अब, जबरजस्ती करणीको १० नं.बमोजिमको क्षतिपूर्तितर्फको माग दाबी रहेकोमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको ठहर भएकोले प्रतिवादीबाट पीडितले दाबी क्षतिपूर्ति पाउने नै देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादीको अंश रोक्का भएको नदेखिँदा प्रतिवादीको अंश भाग रोक्का राखी सोबाट आधी अंश क्षतिपूर्तिबापत

यो फैसला अन्तिम भएको मितिले ३ महिनाभित्र पीडितलाई दिलाई दिनसमेत ठहर्छ । सो ठहर्नाले अरू तपसिल बमोजिम गर्ने गरी आज यो मुद्दा मु.ऐ.अ.बं.१८६ नं.बमोजिम फैसला गरी दियाँ ।

**तपसिल**

प्रतिवादी जीवन रिजाल के माथि इन्साफ खण्डमा लेखिए बमोजिम कसुर गरेको ठहरेकाले निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(१) नं.बमोजिम कैद वर्ष १० (दस) सजाय हुन्छ। निज प्रतिवादी मिति २०६४।२।१९ देखि प्रहरी हिरासतमा रही यस अदालतबाट मिति २०६४।३।१० मा भएको आदेशानुसार मुद्दा पुर्पक्षको निमित्त थुनामा रहेको देखिँदा प्रहरी हिरासतमा रहेकै मितिदेखि निज प्रतिवादीलाई लागेको कैद सजाय कट्टी हुने गरी कानुन बमोजिम कैद म्याद ठेक्न तहसिल शाखामा लगत दिनू ...........................................१

पीडित ००४ आ.व.०६३/६४ के माथि इन्साफ खण्डमा लेखिए बमोजिम पीडितले जबरजस्ती करणीको महलको १० नं.बमोजिम क्षतिपूर्तिबापत प्रतिवादीको अंश भागको सम्पत्तिको आधा अंश पाउने ठहरेकोले निज प्रतिवादीको अंश रोक्का राखेको सम्पत्तिबाट आधा भाग क्षतिपूर्तिबापत दिलाई पाऊँ भनी फैसला अन्तिम भएपछि निज पीडितको दरखास्त परे कानुनको रीत पुऱ्याई ३ महिनाभित्र प्रतिवादीबाट क्षतिपूर्ति भराई दिनू भनी तहसिल फाँटमा लगत दिनू ..........................................................................................................२

यस अदालतको फैसला उपर चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्नुहोला भनी प्रतिवादीलाई ७० दिने पुनरावेदनको म्याद दिनू र फैसलाको प्रतिलिपि साथ राखी जिल्ला सरकारी वकिल कार्यालय मकवानपुर हेटौंडामा जानकारी दिनू र फैसलाको जनाउ सूचना पीडितलाई दिनू .............................३

नक्कल माग्ने सरोकारवालाबाट कानुनको रीत पुऱ्याई नक्कल दिनू ......................................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल पुनरावेदन परे श्री पुनरावेदन अदालत हेटौंडामा पठाइदिनु नपरे सुरक्षित साथ राख्न यस अदालतको अभिलेख शाखामा बुझाइदिनू ...........................................................५

प्रस्तुत फैसला मा.जि.न्या.ज्यूले बोली
टिपाउनुभए बमोजिम टिपी तयार गर्ने
डि राजन अर्याल, कम्पयुटर गर्ने डी. श्यामकुमार सुवेदी ।

............................
बालचन्द्र शर्मा
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल ज्येष्ठ ४ गते रोज २ शुभम्............................................................

**श्री पाल्पा जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री हरिप्रसाद वगाले**

**फैसला**

(संवत् २०६४ सालको स.फौ.नं. ६५-०६४-०००११४८/४५ नि.नं. ६७)

***मुद्दा :- जबरजस्ती करणी ।***

| **वादीको नाम थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
| --- | --- |
| पाल्पा जिल्ला जल्पा गा.वि.स. वडा ७ बस्ने जितबहादुर वि.क. को जाहेरीले नेपाल सरकार.................................१ | जिल्ला पाल्पा जल्पा गा.वि.स. वडा नं. ७ बस्ने रामबहादुर वि.क.......................................१ |
| साक्षी जाहेरवाला जितबहादुर वि.क...............................१ | |
| देख्ने गणेश वि.क...................................................१ | **साक्षी** |
| सुन्ने श्यामी वि.क...................................................१ | हरिबहादुर बाह्रघरे.......................................१ |
| सुन्ने केशबहादुर बाह्रघरे..........................................१ | गंगाबहादुर वि.क........................................१ |
| सुन्ने कमन सिंह बैम्बु............................................१ | ढेगा महिला................................................१ |
| सुन्ने राजेन्द्र लक्ष्मी गैरे............................................१ | कुलबहादुर सारु..........................................१ |
| | नेत्रबहादुर बयम्बु..........................................१ |
| **कागज** | |
| पीडितको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसहित अभियोग पत्र साथ प्रस्तुत कागजातहरू | **कागज** |

**अदालतबाट बुझेको साक्षी**

श्यामी वि.क............................................१

जितबहादुर वि.क.....................................१

अ.हे.व. कमल जावली...............................१

पीडित शान्ति वि.क................................१

कागजः-

प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

मिति २०६४।११।०३ गते राति जिल्ला पाल्पा जल्पा गा.वि.स. वडा नं. ७ बस्ने वर्ष ४४ को रामबहादुर वि.क. ले आफ्नै छोरी वर्ष १२ की शान्ति वि.क.लाई जबरजस्ती करणी गरेको भनी स्थानीय व्यक्ति र घर परिवारबाट निजलाई नियन्त्रणमा लिई यस कार्यालयमा दाखिल गराई जानकारी गराएकोले निज रामबहादुर वि.क. तथा निजको छोरी पीडित शान्ति वि.क.लाई स्वास्थ्य परीक्षणको लागि पठाएको छ । निज पीडित शान्ति वि.क.को करणी भएको छ छैन खुलाई पठाइदिनु हुन भन्नेसमेत व्यहोराको जिल्ला प्रहरी कार्यालय पाल्पाले मिति २०६४।११।१४ गते जिल्ला अस्पताल पाल्पालाई लेखेको पत्र ।

पीडित शान्ति वि.क.को योनी च्यातिएको (Hymen Tear) भन्नेसमेत व्यहोराको पाल्पा जिल्ला अस्पतालबाट प्राप्त घाउ जाँच केश फारम रिपोर्ट ।

मेरो साढु भाइ पर्ने वर्ष ४४ को रामबहादुर वि.क.ले मिति २०६४।११।०३ गते राति निजको श्रीमती घरमा नभएको अवस्थामा आफ्नै छोरी वर्ष १२ की शान्ति वि.क. लाई जबरजस्ती करणी गरेकाले स्थानीय व्यक्तिहरूको रोहवरमा निजलाई नियन्त्रणमा लिई यस कार्यालयमा दाखिला गरेको हुँदा निज रामबहादुर वि.क.लाई कानुन बमोजिम कडा कारबाही गरी पाऊँ भन्ने व्यहोराको मिति २०५५।११।०५ गते जितबहादुर वि.क.ले दिएको जाहेरी दरखास्त ।

मिति २०६४।११।०३ गते मेरो आमा माइत गएकी र घरमा बुवा, दाजु तथा म र बहिनी मात्र भएको अवस्थामा बेलुका खाना खाई बुवा घरको तल्लो तलामा र म तथा मेरो बहिनी घरको आटीमा सुती निदाएको अवस्थामा मैले लगाएको कट्टु खोलेको जस्तो लागी ब्युँझी को हो भनी सोध्दा नकरा भनी मेरो बुवाले मेरो कट्टु खोली ममाथि चढी करणी गर्न लाग्दा मलाई दुखेकोले म कराएँ । बुवाले नकरा भनी करणी गरेकाले म रुँदा कराउँदा पनि मेरो मुख थुनी कपाल लुछ्री करणी गर्दै गर्दा पीडा सहन नसकी म रोएँ कराएँ मेरो दाजु गणेश वि.क. समेत आई हेरी गएको र बुवाले मलाई करणी गर्न छाडेपछि म पीडा सहन नसकी डरले नजिकै बारीमा रहेको मकैको डाँठको थुप्रोमा गई लुकी बसेको हुँ भन्नेसमेत व्यहोराको मिति २०६४।११।०५ गते पीडित शान्ति वि.क.ले अनुसन्धानको क्रममा गरेको कागज ।

मिति २०६४।११।०३ गते मेरो आमा माइत गएकी घरमा बुवा बहिनीहरू तथा म मात्र भएको अवस्थामा बेलुका खाना खाई बुवा घरेको तल्लो तलामा र मेरी बहिनी घरको आटीमा सुतेकी थिइन् । राति बहिनी शान्ति वि.क. रुँदा कराउँदा मेरो रानी बहिनी घरबाट बाहिर निस्केको देखी बहिनी शान्ति वि.क. सुतेको ठाउँमा जाँदा बुवा निज बहिनीमाथि नाङ्गै चढेको देखेको र सो स्थिति देख्न नसकी म घरबाट बाहिर गई जाहेरवालासमेतलाई खबर गरेको हो । बहिनीलाई सोध्दा बुवाले करणी गरे भनेकीले मसमेतले बुवालाई नियन्त्रणमा लिएका हौं भन्नेसमेत व्यहोराको पीडित शान्ति वि.क.को दाजु गणेश वि.क.ले मिति २०६४।११।०५ गते अनुसन्धानको क्रममा गरेको कागज ।

मिति २०६४।११।०३ गते मेरो श्रीमती माइत गएको हुँदा घरमा सानी छोरी सोनु वि.क., जेठी छोरी शान्ति वि.क. तथा गणेश वि.क. र म मात्र भएकोमा बेलुका छोरा छोरीहरूले खाना खाई आ-आफ्नै स्थानमा सुत्ने क्रममा छोरी शान्ति वि.क. तथा सानी छोरी घरको आटीमा सुत्न गएको र घरको तल्लो तलामा सुतेकोमा मनमा विकृत्ति उत्पन्न भई राति अं. २१.०० बजेको समयमा म आटीमा छोरी शान्ति वि.क. सुतेको स्थानमा गई छोरीको छेउमा सुतेको र छोरी निदाएकोले मैले शान्ति वि.क. ले लगाएको टाउजर र कट्टु खोल्दा छोरी ब्युँझिएर को हो भनी भनेकाले मैले नकराऊ भनी बोल्न नदिई मेरो कट्टु खोली छोरीमाथि चढी करणी गर्न लाग्दा छोरीले नमानेकीले मैले छोरीलाई कुटपिट गरी छोरीलाई जबरजस्ती करणी गरिरहेको अवस्थामा छोरी रोई कराएकीले छोरा गणेश वि.क. ले टर्च लाइट बाली आई हेरी बाहिर गएका हुन् । मैले करणी गरेपश्चात् म मेरो बिस्तरामा आई सुतेकोमा स्थानीय व्यक्तिहरूले मलाई नियन्त्रणमा लिएका हुन् भन्नेसमेत व्यहोराको मिति २०६४।११।०९ गते अधिकार प्राप्त अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी रामबहादुर वि.क.ले गरेको साबिती बयान कागज ।

जिल्ला पाल्पा जल्पा गा.वि.स. वडा नं.७ स्थित पूर्वमा रामबहादुर वि.क. को बारी, पश्चिम हरिबहादुर दर्लामीको बारी उत्तरमा भीमबहादुर वि.क. को घर, दक्षिणमा भीम बहादुर वि.क.को गोठ जग्गा यति चार किल्लाभित्र रहेको ९ हात चौडाइ, १३ हात लम्बाइको कच्ची घर । सो घरभित्र पसी हेर्दा उत्तर कुनाबाट आटीमा

चढ्ने सिँढी रहेको सो सिँढीबाट माथि चढी हेर्दा आटीमा पश्चिम किनारा भुईंमा गुन्द्री तथा बिस्ताराहरू रहेको र सोही बिस्तारामा मिति २०६४।११।०३ गतेका राति सुतिरहेकी शान्ति वि.क.लाई रामबहादुर वि.क.ले जबरजस्ती करणी गरेको भन्ने मिति २०६४।११।२० गतेको घटनास्थल मुचुल्का ।

मिति २०६४।११।०३ गते म आफ्नै माइती घर गएको र घरमा मेरा छोरीहरू तथा छोरा र श्रीमान् भएकोमा म मिति २०६४।११।०४ गते मेरो घरमा आउँदा मेरो श्रीमान् रामबहादुर वि.क.ले वर्ष १२ की छोरी शान्ति वि.क. लाई जबरजस्ती करणी गरेकाले श्रीमान्लाई तानसेनमा लगेका हुन् भन्ने थाहा पाई छोरीलाई सोध्दा बुवाले करणी गरे भनेकीले निजको भनाइमा विश्वास नलागी प्रहरी कार्यालयमा गई निज लोग्ने रामबहादुर वि.क.लाई सोध्दा राति मनमा के विकृत्ति उत्पन्न भयो नगर्ने काम गरियो भनी लोग्नेले भनेका थिए भन्नेसमेत व्यहोराको अनुसन्धानको क्रममा बुझिएकी श्यामी वि.क.ले गरेको मिति २०६४।११।२० गतेको कागज ।

जिल्ला पाल्पा जल्पा गा.वि.स वडा नं. ७ स्थित मेरै वडामा पर्ने रामबहादुर वि.क.को घरमा होहल्ला हुँदा मसमेतले थाहा पाई निज रामबहादुर वि.क.को घरमा गई बुझ्दा निज रामबहादुर वि.क.ले आफ्नै वर्ष १२ की शान्ति वि.क.लाई जबरजस्ती करणी गरेको भन्ने थाहा पाएका हौं । निज शान्ति वि.क. उक्त समय घरमा नभई नजिकै बारीमा रहेको मकैको डाँठमा त्रसित अवस्थामा रोई बसेकी थिइन् । निज रामबहादुर वि.क.ले निज शान्ति वि.क.लाई करणी गरेको ठीक साँचो हो भन्नेसमेत एकै मिलान व्यहोराको बुझिएका केशबहादुर बाह्रघरेसमेतका व्यक्तिहरूले मिति २०६४।११।२० गते गरेको वस्तुस्थिति कागज ।

प्रतिवादी रामबहादुर वि.क.ले आफ्नै छोरी १२ वर्षकी शान्ति वि.क.लाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र २ नं. हाडनाता करणीको महलको १ नं. मा उल्लेखित कसुर गरेकाले निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३ (२) नं. बमोजिम र हाडनाता करणीको १ नं. अनुसार हुने सजायसमेत थप गरी सजाय गरी ऐ. जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीको आधा अंश पीडित शान्ति वि.क. लाई दिलाई पाऊँ भन्नेसमेत व्यहोराको अभियोग माग दाबी ।

मिति २०६४।११।०३ गते राति अं. ९.३० बजेको समयमा म र मेरो श्रीमती श्यामी वि.क. एउटै बिस्तरा ओछ्यानमा छौं । छोरी शान्ति वि.क. लाई करणी गर्ने कल्पना पनि गरेको होइन छैन । छोरीको स्वास्थ्य परीक्षण गराएँ तर मेरो परीक्षण गराएनन् । मैले अपराध नगरेको हुँदा अभियोग माग दाबीबाट सफाइ पाऊँ भनी प्रतिवादी रामबहादुर वि.क. ले यस अदालतमा गरेको इन्कारी बयान ।

मिति २०६४।११।०३ गते राति प्रतिवादी मेरा पति रामबहादुर वि.क. र म एउटै बिस्तरामा सुतेका हौं । छोरी शान्ति वि.क.लाई प्रतिवादी रामबहादुर वि.क.ले जबरजस्ती करणी गरेको होइन। छोरीलाई कसले जबरजस्ती करणी गर्‍यो मलाई थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादीको श्रीमती श्यामी वि.क. ले यस अदालतमा गरेको बकपत्र ।

शान्ति वि.क.लाई को कसले जबरजस्ती करणी गरे मलाई थाहा छैन । गाउँका केटाहरूले मच्चाएर मैले दबाबमा परी जाहेरी दरखास्त दिएको हुँ । प्रतिवादीले आफ्नी छोरीलाई जबरजस्ती करणी गरेका होइनन् तसर्थ प्रतिवादीलाई कुनै कारबाही हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको जाहेरवाला जिलबहादुर वि.क.ले यस अदालतमा गरेको बकपत्र ।

पीडित शान्ति वि.क.को शरीरमा कुनै घाउ चोट लागेको थिएन । निजको हाइमन च्यातिएको थियो । निज पीडित शान्ति वि.क.को हाइमन सेक्सकै कारण च्यातिएको हो भन्नेसमेत व्यहोराको पीडितको स्वास्थ्य परीक्षण गर्ने अ.ह.ब. कमल ज्ञावलीले यस अदालतमा गरेको बकपत्र ।

**अदालतको ठहर**

नियम बमोजम साप्ताहिक एवं दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ एवं मुलुकी ऐन अ.व.२९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको देखिन्छ । प्रस्तुत मुद्दाको अभियोग माग दाबीतर्फ हेर्दा प्रतिवादी रामबहादुर वि.क.ले आफ्नै छोरी १२ वर्षकी शान्ति वि.क.लाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महल १ र २ नं. र हाडनाता करणीको महलको १ नं. मा उल्लेखित कसुर अपराध गरेकाले निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम र हाडनाता करणीको महलको १ नं. अनुसार हुने सजायसमेत थप गरी सजाय गरी ऐ.जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीको आधा अंश पीडित शान्ति वि.क.लाई दिलाई पाऊँ भन्नेसमेत अभियोग माग दाबी भएको दखियो । प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट बहसमा उपस्थित हुन भएका विद्वान् जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतमले अपराध अनुसन्धानदेखि अभियोजनसम्मको चरणमा यी प्रतिवादीले आरोपित कसुर गरेकोमा साविती बयान दिएका र निजले आरोपित कसुर गरेका हुन् भन्ने सन्दर्भमा पीडित शान्ति वि.क.को कागज, किटानी जाहेरी, प्रतिवादीको श्रीमती श्यामी वि.क. तथा छोरा गणेश वि.क.ले गरेको कागज एवं वस्तुस्थिति मुचुल्का र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका तथ्ययुक्त प्रमाणहरूबाट आरोपित कसुर पुष्टि भइरहेको छ । केवल अदालतमा प्रतिवादीको इन्कारी बयान र निजको परिवारका छोरी, श्रीमती र जाहेरवालाले मौकाको किटानी कागज तथा जाहेरीको प्रतिकूल हुने गरी गरेको बकपत्रलाई मात्र आधार लिई न्याय निरोपण भएमा वास्तविक न्याय पर्न सक्दैन तसर्थ अनुसन्धानमा संकलित सबुद प्रमाणलाई मूल्याङ्कन गरी अभियोग माग दाबी बमोजिम प्रतिवादीलाई सजाय गरी पाऊँ भनी गर्नुभएको बहस र प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अभिवक्ता श्री राजन नेपालले वादी पक्षका गवाहहरू जाहेरवाला र पीडितसमेतले प्रतिवादीले आरोपित कसुर गरेका होइनन् भनी निजहरूले मौकामा अनुसन्धानको क्रममा गरेको किटानी जाहेरी तथा कागजको प्रतिकूल हुने गरी अदालतमा बकपत्र गरेकोले वादी पक्षको अभियोग माग दाबी शंकारहित तवरले पृष्टि नभएको र फौजदारी मुद्दामा प्रतिवादीले शंकाको सुविधा पाउने हुँदा निजले आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहससमेत सुनी मिसिल संलग्न प्रमाण कागजहरूको अध्ययन गर्दा निम्न विषयमा निर्णय दिनुपर्ने देखियो ।

(क) यी प्रतिवादीको घरमा निजको नाबालिका छोरी शान्ति वि.क. लाई करणी गरी जबरजस्ती करणीको वारदात घटेको हो, होइन ?

(ख) शान्ति वि.क. लाई करणी गरेको वारदात घटेको भए यी प्रतिवादीले पीडितलाई करणी गरी आरोपित कसुर गरेको हुन, होइन ?

(ग) जाहेरवाला जितबहादुर वि.क., पीडित शान्ति वि.क. र प्रतिवादी श्रीमती श्यामी वि.क. ले मौकामा अनुसन्धानको क्रममा दिएको किटानी जाहेरी तथा गरेको कागजको प्रतिकूल हुने गरी निजहरूले यस अदालतमा गरेको बकपत्र दण्डनीय प्रकृतिको हो, होइन ?

सर्वप्रथमतः प्रस्तुत जबरजस्ती करणी मुद्दामा पीडित भनिएकी प्रतिवादीकी छोरी नाबालिका शान्ति वि.क.लाई आफ्नै घरमा करणी भएको र आरोपित जबरजस्ती करणीको वारदात घटेको हो होइन भन्ने पहिलो प्रश्नतर्फ विचार गर्दा निज पीडितले मौकामा अधिकार प्राप्त अनुसन्धान अधिकारीसमक्ष गरेको कागजमा राति विस्तारामा सुती निदाएको अवस्थामा प्रतिवादी बुवाले जबरजस्ती करणी गरेको कारणबाट योनी दुखिरहेको छ । करणीको पीडाले राम्रोसँग हिँड्न पनि मिलेको छैन भनी स्पष्ट किटानीसाथ आफ्नो व्यहोरा लेखाएको देखिन्छ । करणीको पीडा सहन नसकी वारदातको रातमा पीडित बहिनी शान्ति वि.क. रोए कराएको सुनी बहिनी सुतेको स्थानमा गई टर्च बाली हेर्दा नाङ्गो अवस्थामा बहिनीमाथि बुवा चढिरहेको देखेको हुँ भनी प्रतिवादीको छोरा वर्ष १५ का गणेश वि.क.ले समेत स्पष्ट रूपमा अनुसन्धानको क्रममा कागज गरी दिएको पाइयो । उक्त तथ्यलाई निज पीडितको स्वास्थ्य परीक्षण गर्ने पाल्पा अस्पतालका अ.हे.ब. कमल ज्ञवालीको पीडितको Hymen Tear ( योनीको कन्याजाली च्यातिएको) भनी घाउ जाँच केश फारममा उल्लेख गरेका र सोही अस्पतालमा वरिष्ठ मेडिकल अधिकृत हरिराम मरहठ्ठासमेतले पीडितको स्वास्थ्य जाँच गरी लेखी पठाएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडित १२ वर्षकी बालिकाको Hymen यौन क्रियाको कारणबाट च्यातिएको प्रमाणित हुन्छ भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । पीडितको स्वास्थ्य परीक्षण गर्नेमध्येका अ.हे.ब. कमल ज्ञवालीले यस अदालतमा बकपत्र गर्दासमेत सोही व्यहोरालाई समर्थन हुने गरी पीडितको शरीरमा अन्य चोटपटक नहुँदा निजको Hymen Sex कै कारणले च्यातिएको हुन सक्तछ भनी गरेको बकपत्रसमेतका सबुद प्रमाणबाट यी पीडित नाबालिका शान्ति वि.क.लाई मिति २०६४।११।०३ को रातमा करणी भएको र निजको घरमा प्रस्तुत वारदात घटेको तथ्य पुष्टि हुन आयो ।

अब यी प्रतिवादीले पीडित आफ्नै छोरी शान्ति वि.क.लाई आरोपितले जबरजस्ती करणीको कसुर अपराध गरेका हुन् होइनन् भन्ने दोस्रो प्रश्न विचार गर्दा निज प्रतिवादीले यस अदालतमा बयान गर्दा उक्त वारदातको रातमा श्रीमती मेरै साथमा थिइन् र आरोपित कसुर गरी छोरीलाई करणी गर्ने कार्य गरेको होइन भनी आरेपित कसुरमा इन्कारी बयान गरेका छन् । तथापि यी प्रतिवादीले मौकामा अधिकार प्राप्त अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा मिति २०६४।११।०३ गते बिरामी श्रीमतीलाई झारफुक र औषधि गर्न भनी रु.७,००।- दिई माइततर्फ पठाएको हुँदा घरमा जेठो छोरा र २ छोरीहरू थिए । राति सुत्ने बिस्तरामा पल्टिरहेको अवस्थामा मनमा विकृत्ति उत्पन्न भई जेठी छोरी शान्ति वि.क. सुतेको आटीको बिस्तराको छेउमा गई सुतें र निज छोरी निदाएकी र मैले निजले लगाएको टाउजर र कट्टु खोल्दा छोरी ब्युँझिएकी र निजलाई बोल्न नदिई छोरीमाथि चढी करणी गर्न लाग्दा छोरी कराउन चिच्याउन थालेकीले निजलाई १/२ थप्पड दिई पिट्ने लुछ्ने गर्दा सानी छोरी पनि ब्युँझिई दिदी-दिदी भनेकोले निजलाई पिसाब फेर्न जा भनी पठाई जेठी छोरीलाई करणी गरेको हुँ । करणी गरिरहेको अवस्थामा छोरा गणेश वि.क. समेत टर्चलाइट बाली हेरेर बाहिर गएका हुन् । निज छोरीलाई करणी गरिसकेपछि आफू सुत्ने बिस्तरामा आई सुतेको हुँ भनी आरोपित कसुरमा साविती बयान दिएको देखिन्छ ।

त्यसैगरी निज प्रतिवादीको छोरी पीडित शान्ति वि.क.ले यस अदालतमा बकपत्र गर्दा वारदात भनिएको रातमा आमा मावल जानुभएको थियो । म आमा सुत्ने बिस्तरामा सुतेकोमा राति प्रतिवादी बुवा म सुतेको बिस्तरामा आउनुभएको र ए छोरी रहिछ भनी खुट्टामा ढोगी जानुभएको भनी बुवाले करणी गरेको तथ्यसम्म लुकाई बकपत्र गरेकी छन् । तापनी निज पीडितले मौकामा अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा आमा मावल गएकी र राति बहिनी र आफूसँगै सुती निदाएको अवस्थामा राति बिस्तरामा बुवा आई मेरो कट्टु

खोल्ने चलाउने गरेको जस्तो लागी ब्युँझिई को हो भन्दा बुवाले नकरा भन्दै ममाथि चढी करणी गर्न थालेकाले करणीको पीडाले म रुँदै कराउँदा बहिनी ब्युँझिएकी र बहिनीलाई बुवाले पिसाब फेर्न बाहिर जाऊ भनी बाहिर पठाई करणी गरिरहेका र म कराएको आवाज सुनी दाइ गणेश वि.क. समेत टर्च बाली आई हेरी बाहिर गएका हुन् । बुवाले मलाई करणी गरिसकेपछि म डरले घरबाहिर गई बारीमा डाँठको थुप्रोमा लुकी रुँदै बसेको बेला गाउँका ठूलाबाबा जाहेरवालासमेतका मानिसहरू आई बोलाई लगेका हुन् भनी जबरजस्ती करणी गर्ने बुवालाई कडा कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको कागज गरेको देखिन्छ । यसका अतिरिक्त वारदातको रातमा आफू सुतेको बिस्तरामा बुवा आएको र मेरो खुट्टामा ढोगी गएका हुन् भन्ने हदसम्मको पीडितले यस अदालतमा गरेको उपरोक्त बकपत्रले समेत पीडितले मौकामा गरेको कागज केही हदसम्म समर्थित भएको र प्रतिवादी आरोपित करणीको वारदात घटाउने कुनियतले पीडित छोरीको बिस्तरामा गएको भन्ने तथ्यलाई थप पुष्टि गर्दछ । त्यसरीमध्ये रातमा छोरीको बिस्तरामा जानुपर्ने र छोरीको खुट्टा ढोगी आउनुपर्ने आधार र कारणसमेत यी प्रतिवादीले यस अदालतमा गरेको इन्कारी बयान र प्रतिरक्षाको क्रममा खुलाउन सकेका छैनन् ।

प्रस्तुत मुद्दामा वादी पक्षका गवाह प्रतिवादीको श्रीमती श्यामी वि.क.ले यस अदालतमा बकपत्र गर्दा म र मेरो श्रीमान् रामबहादुर वि.क. वारदात भनिएको रातमा सँगै सुतेका छौं । छोरी शान्ति वि.क. लाई प्रतिवादीले लोग्नेले जबरजस्ती करणी गरे भन्ने वादी दाबी झुट्टा हो । निज छोरीलाई कसले जबरजस्ती करणी गरे थाहा छैन भनी बकपत्र गरेकी छन् । तर निजले बकपत्र गर्दा छोरीलाई जबरजस्ती करणी भएको होइन भनी ठोकुवा गर्न सकेको पाइँदैन । यसका अतिरिक्त निज श्यामी वि.क.ले मौकामा अनुसन्धानको क्रममा कागज गर्दा आफू माइत गएको अवस्थामा वारदात घटेको र नाबालिका छोरीले घटनाबारेमा भनेको कुरामा विश्वास नलागी प्रहरी हिरासतमा रहेका लोग्नेलाई भेटी सोधपुछ गर्दा लोग्नेले नगर्ने कुरा गर्‍यो, के भयो दिमागमा होसै आएन भनी भनेका थिए भनी लोग्नेले आरोपित कसुर गरेको तथ्यलाई उजागर गरी कागज गरेको पाइन्छ । सोको प्रतिकूल हुने गरी निजले यस अदालतमा बकपत्र गर्दा लोग्ने प्रतिवादीलाई आरोपित कसुरबाट उन्मुक्ति दिलाउने उद्देश्यले सत्य-तथ्य कुरालाई ढाकछोप गरी वारदातको रातमा माइत गएको नभई लोग्नेको साथमा सँगै सुतेको हुँ भनेकी छन् । तर निजले गरेको उक्त बकपत्रको ठीक विपरीत हुने गरी निजकै रोहवरमा यस अदालतमा बकपत्र गर्ने पीडित नाबालिका छोरीले आमा सो रातमा मावल जानुभएको थियो भनी गरेको बकपत्रबाटै निज श्यामी वि.क.को बकपत्र विषयअन्तर तथा खण्डित हुन गई असत्य झुट्टा सावित हुन गएको देखिन्छ ।

प्रतिवादीले आफ्नी छोरीलाई जबरजस्ती करणी गरेका होइनन् र गाउँलेहरूले भनेको आधारमा जाहेरी दिएको हुँ भनी जाहेरवाला जितबहादुर वि.क.ले समेत बकपत्र गरेको दखिन्छ । जबकी निज जाहेरवालाले मौकामा दिएको जाहेरीमा प्रतिवादीको १५ वर्षीय छोरा गणेश वि.क.ले वारदातको राति घरमा बहिनी रोइरहेकी छ । बहिनी र बुवा नाङ्गो अवस्थामा रहेको र बहिनीमाथि बुवा चढेका छन् भनी भनेकोले प्रतिवादीको घरमा जाँदा पीडित बाहिर मकैको डाँठमा रुँदै बसेको अवस्थामा फेला परेकी र निजलाई प्रतिवादी बुवाले करणी गरेको हुँदा कारबाही गरी पाऊँ भनी किटानी जाहेरी दरखास्त दिएको पाइन्छ । निज जाहेरवालाको रोहवरमा पीडित शान्ति वि.क.ले आफूलाई प्रतिवादी बुवाले करणी गरेका हुन् भनी मौकामा अनुसन्धानको क्रममा कागज गरेकी छन् । त्यसैगरी प्रतिवादीका छोरा गणेश वि.क.ले समेत मौकामा अनुसन्धानको क्रममा कागज गर्दा बुवाले बहिनीलाई करणी गर्दा बहिनी रोई कराई गरेको सुनी टर्च बाली हेर्न जाँदा बिस्तरामा बुवा र बहिनी नाङ्गो अवस्थामा रहेको र बहिनीमाथि बुवा चढिरहेको देखी यिनै ठूलाबाबा नाता पर्ने जाहेरवालालाई बोलाई ल्याएको तथ्ययुक्त व्यहोरा खोली कागज गरेका छन् । यसका अतिरिक्त वारदातको रातमा प्रतिवादीको घरमा होहल्ला भएको सुनी निजको

घरमा जाँदा पीडित शान्ति वि.क.बारीमा मकैको डाँठमा त्रसित अवस्थामा रोइरहेकी थिइन् । निजलाई भेटी बुझ्दा प्रतिवादी बुवाले छोरीलाई जबरजस्ती करणी गरेको ठीक साँचो रहेछ भनी केशबहादुर बाह्रघरेसमेतका व्यक्तिहरूले मौकामा गरिदिएको एकै मिलानको वस्तुस्थिति मुचुल्कासमेतका उपरोक्त आधार प्रमाणबाट यी जाहेरवालाले मौकामा दिएको सत्य तथ्य जाहेरीको व्यहोरा लुकाई ढाँटी प्रतिवादीलाई आरोपित कसुरबाट उम्काउने नियतले आफ्नो जाहेरीको प्रतिकूल (Hostile) हुने गरी झुट्ठा बकपत्र गरेको अवस्था देखियो ।

यसरी परिवारका मूल संरक्षक प्रतिवादीले आफैंले जन्माएकी छोरीउपर जबरजस्ती करणीको अपराध गर्नु र परिवारभित्रको घटेको अपराधको सुरु अनुसन्धानदेखि अभियोजनसम्मको कार्यमा वादी पक्षलाई प्रतिवादीकै परिवारका सदस्यहरू छोरा, छोरी र श्रीमती तथा साढु दाजु नाताका जोहेरवालासमेतले घटनाको यथार्थ विवरण खुलाई कागज गर्नुको साथै किटानी जाहेरी दिई निजहरूले आफ्ना पिता, पति तथा साढु भाइले आरेपित कसुर गरेका हुन् भनी मौकामा सक्रिय सहयोग पुऱ्याएको अवस्था विद्यमान देखिन्छ । साथै निजहरूकै सहयोग र मद्दतबाट प्रमाण संकलन भई फौजदारी न्याय प्रशासनको उद्देश्य अनुरूप भएपछि साक्षी प्रमाण बुझ्ने क्रममा अनुसन्धान तहकिकातमा सक्रिय सहयोग पुऱ्याउने तिनै प्रत्यक्षदर्शी तथा वादी पक्षका मुख्य गवाहहरूले प्रतिवादीलाई आरोपित कसुरमा बचाउ गर्ने अभिप्रायले आफ्नो मौकाको भनाइ प्रतिकूल (Hostile) हुने गरी प्रतिवादीले आरोपित कसुर गरेको होइनन् भनी बकपत्र गरेका छन् । तथापि निजहरूले मौकाको कागज र किटानी जाहेरीको प्रतिकूल बकपत्र गर्दैमा अपराध मर्ने र अपराधीको बचाउ हुन सक्छ भन्ने कदापि मिल्ने स्थिति देखिँदैन । न्याय निरोपण गर्दा त्यस्तो प्रतिकूल बकपत्रलाई मूल आधार बनाइयो भने फौजदारी न्यायको सिद्धान्त र मर्म विपरीत हुन जान्छ । त्यसैगरी पारिवारिक मोह माया र सम्बन्धमा हुन सक्ने असर विखण्डनका कारणले यस्तो संगीन अपराधका अपराधीलाई दण्ड सजायबाट उन्मुक्ति दिने हो भने एकातर्फ फौजदारी न्याय र कानुनी पद्धति बेकम्मा (Mockery) र व्यर्थ (Worthless) हुन जान्छ भने अर्कोतर्फ पीडित र समाजमाथि घोर अन्याय (Gross-Injustice) हुन जान्छ । न्याय सम्पादन गर्दा पीडित र समाजलाई राहत र आहत दिनुको साथै पीडकलाई कसुर अपराधको मात्रा अनुसार दण्डको भागीदार बनाइएको खण्डामा मात्र फौजदारी न्यायको मक्सद पूरा हुन सक्दछ । आफूले जन्माएको छोरीलाई करणी गर्नु भनेको राम्रो सामाजिक संस्कारको मूल्य, मान्यता र नैतिकता विपरीतको पशुवत् व्यवहार हो, त्यसमाथि पनि यौन क्रियाको चेतना नै विकसित नभएको अवस्थाकी १२ वर्षकी नाबालिका छोरीमाथि जबरजस्ती करणी गर्ने कार्य आफैंमा घृणित र क्रूर अपराध (Henious Crime) अन्तर्गत पर्दछ । तसर्थ वादी पक्षका गवाहले मौकाको कागज व्यहोराको प्रतिकूल (Hostile) हुने गरी अदालतमा बकपत्र गरेका भन्ने आधारमा यी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिनुपर्दछ प्रतिवादीतर्फका विद्वान् कानुन व्यवसायीको बहस जिकिरसँग इजलास सहमत हुन सकेन ।

उपरोक्त वर्णित सवुद प्रमाणको विश्लेषण र मूल्याङ्कनबाट यी प्रतिवादीले आफूले जन्माएको १२ वर्षकी नाबालिका छोरीलाई जबरजस्ती करणी गरी अभियोग माग दाबी बमोजिम आरोपित कसुर अपराध गरेको पुष्टि हुन आएकोले उक्त कसुर अपराधमा यी प्रतिवादी रामबहादुर वि.क.लाई मु.ऐन जबरजस्ती करणीको महलको ३ नं. को देहाय (२) बमोजिम ८ वर्ष कैद र हाडनाता करणीको महलको १ नं. बमोजिम थप १० वर्ष कैदसमेत हुने ठहर्छ, यसका अतिरिक्त निज पीडित शान्ति वि.क.लाई जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीको आधा अंश दिलाई पाऊँ भन्ने अभियोग माग दाबी भए तापनि प्रस्तुत मुद्दाको वारदात घट्नु पूर्व नै उक्त कानुनी प्रावधान संशोधन भई आधा अंशको सट्टा मनासिव क्षतिपूर्ति भराइदिने भन्ने कानुनी व्यवस्था भएको

देखिन्छ । तसर्थ निज पीडित शान्ति वि.क.लाई सोही जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट रु.५०००।- (पाँच हजार रुपैयाँ) क्षतिपूर्ति भराइदिनेसमेत ठहर्छ ।

अब जाहेरवाला जितबहादुर वि.क., पीडित शान्ति वि.क. र प्रतिवादीको श्रीमती श्यामी वि.क.ले मौकामा अनुसन्धानको क्रममा दिएको किटानी जाहेरी तथा गरेको कागजको प्रतिकूल हुने गरी निजहरूले यस अदालतमा गरेको बकपत्र दण्डनीय हुन्छ हुँदैन भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा निजहरूले अनुसन्धानको क्रममा सत्य तथ्य कुराको जाहेरी दिई प्रमाण संकलन र अभियोजनको चरणसम्म प्रस्तुत मुद्दामा सक्रिय सहयोग गरेको अवस्था देखिए तापनि साक्षी प्रमाण बुझ्ने क्रममा निजहरूले आफ्नो कसुरबाट जोगाउने उम्काउने अभिप्रायले झुट्ठा व्यहोराको बकपत्र गरेको तथ्य उपरोक्त फौसलाको प्रमाण विवेचना खण्डमा उल्लेख भइसकेको छ । सोही अनुरूप फैसलामा निजहरूले दिएको प्रतिकूल (Hostile) बकपत्रलाई प्रमाण ग्राह्य मान्न नमिल्ने कारणसमेत उल्लेख भइसकेको छ। जोसुकै व्यक्तिले कुनै विषय प्रसङ्गमा सत्य तथ्य बोल्नु निजको नैतिक आचरण र कानुनी दायराभित्र पर्ने कुराहरू हुन् । त्यसमाथि पनि कानुनले सधैं सत्य तथ्य कुराको मात्र अपेक्षा गरेको हुन्छ। सत्य तथ्य साक्षी बकपत्र र भौतिक सबुद प्रमाणको प्रस्तुति भएमा मात्र पीडितलाई राहत र पीडकलाई दण्ड राज्यले अवलम्बन गरेको फौजदारी न्यायको मक्सद पूरा हुन जान्छ। साक्षी झुट्ठा बोलेमा फौजदारी न्याय बेकम्मा (Mockery) र व्यर्थ (Worthless) हुन जाने हुँदा साक्षीले अनुसन्धानदेखि अदालतमा साक्षी परीक्षण हुँदासम्म सत्य तथ्य कुरा बोल्नुपर्दछ। अदालतमा बकपत्र गर्दा साक्षीले सत्य तथ्य बोल्ने शपथ खाएको हुन्छ । त्यस्तो शपथ खाएर साक्षीले झुट्ठा बोल्नु भनेको ईश्वर र कानुनप्रति भरोसा र डर त्रास नहुनु हो । त्यसैले शपथ खाएर झुट्ठा बोल्नु दण्डनीय कार्य हुन्छ भनी हाम्रो प्रचलित मुलुकी ऐनको अ.व. १६९ नं. मा कानुनी व्यवस्था भएकै छ । तसर्थ शपथ खाएर झुट्ठा बोल्ने र झुट्ठा प्रमाण प्रस्तुत गर्ने व्यक्तिलाई सजाय नगरी छुट दिइनु भनेको गलत काम गर्न प्रात्साहन वा अनुमति (Perjury) दिएसरह हो ।

उपरोक्त कानुनी अवधारणा र मिसिल संलग्न तथ्यगत आधार प्रमाणहरूबाट प्रस्तुत मुद्दामा जाहेरवाला, पीडित र पीडितको आमा श्यामी वि.क. ले मौकामा प्रतिवादीले आरोपित कसुर गरेका हुन् भनी किटानी रूपमा जाहेरी दिई सोही बमोजिम अनुसन्धानको क्रममा सवुद प्रमाण संकलन गर्न मद्दत पुग्ने गरी कागजसमेत गरेका र निजहरूले अदालतमा आई साक्षी परीक्षणको क्रममा बकपत्र गर्दा आफ्नो मौकाको सत्य तथ्य र यथार्थ कुराको प्रतिकूल र परस्पर विरोधाभास हुने गरी झुट्ठा बकपत्र गरेको अवस्था विद्यमान हुँदा निजहरूको बकपत्र दण्डनीय प्रकृतिको देखिन आयो । तसर्थ झुट्ठा बकपत्र गरेबापत निजहरूलाई मुलुकी ऐन, अ.व.१६९ नं. को दण्डात्मकको कानुनी प्रावधान आकर्षित हुने अवस्था देखियो। तथापि निजहरूमध्येकी पीडित शान्ति वि.क. १२ वर्षकी नाबालिका देखिँदा निजले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. बमोजिम सजायबाट उन्मुक्ति पाउने निजलाई झुट्ठा बकपत्र गरेबापत सजाय गर्न मिलेन । निजबाहेक झुट्ठा बकपत्र गर्ने जाहेरवाला जितबहादुर वि.क.लाई मुलुकी ऐन, अ.बं. १६९ नं. बमोजिम रु. २५०।- जरिवाना र पीडितको आमा श्यामी वि.क.लाई ऐ.अ.ब.१६९ नं. बमोजिम रु.१००।- जरिवाना हुनेसमेत ठहर्छ । अरू तपसिलका कुरामा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.ब.१६८ नं. बमोजिम फैसला गरी दिएँ ।

**तपसिल**

प्रतिवादी रामबहादुर वि.क. को माथि ठहर खण्डमा लेखिए बमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ (आठ) वर्ष कैद र सोही ऐनको हाडनाता करणी महलको १ नं. बमोजिम थप १० वर्ष कैद

गरी जम्मा १८ (अठार) वर्ष कैद सजाय हुने ठहरी फैसला भएकाले कैदका हकमा निज प्रतिवादी मिति २०६४।११।०४ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६४।११।२९ गतेको आदेशले पुर्पक्षका लागि थुनामा बसेको देखिँदा प्रहरी हिरासतमा बसेको मिति २०६४।११।०४ गतेदेखि कैद वर्ष १८ को गणना हुने गरी लगत कसी असुलउपर गर्नू.....................................................................................................१

पीडित शान्ति वि.क. को माथि ठहर खण्डमा लेखिएबमोजिम जबरजस्ती करणी महलको १० नं. बमोजिम प्रतिवादी रामबहादुर वि.क.बाट रु.५०००।- (पाँच हजार रुपैयाँ) क्षतिपूर्ति भराई लिन पाउने ठहरी फैसला भएकाले उक्त क्षतिपूर्तिको रकम भराई पाऊँ भनी निज पीडित शान्ति वि.क.ले प्रतिवादीको यसै सरहको जेथा देखाई ऐनका म्यादभित्र दरखास्त दिए कानुन बमोजिम उक्त क्षतिपूर्ति भराइदिने गरी लगत कस्नू ।.................................................................................................................................२

जाहेरवाला जितबहादुर वि.क. को माथि ठहर खण्डमा लेखिए बमोजिम झुठ्ठा बकपत्र गरेबापत मुलुकी ऐन, अ.ब.१६९ नं. बमोजिम रु.२५०।- (दुई सय पचास रुपैयाँ) जरिवाना हुने ठहर फैसला भएकाले निज हाल बेरुजु हुँदा निजलाई लागेको जरिवानाको लगत कसी असुलउपर गर्नू ।......................................................३

वादी पक्षका साक्षी श्यामी वि.क. को माथि ठहर खण्डमा लेखिए बमोजिम झुठ्ठा बकपत्र गरेबापत मुलुकी ऐन, अ.बं.१६९ नं. बमोजिम रु.१०० (एक सय रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएकाले निज हाल बेरुजु हुँदा निजलाई लागेको जरिवाना लगत कसी असुल उपर गर्नू ।.............................................................४

यस फैसलामा चित्त नबुझे सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ (१) बमोजिम ७० (सत्तरी) दिनभित्रमा पुनरावेदन अदालत बुटवल रुपन्देहीमा पुनरावेदन गर्नु भनी प्रतिवादी रामबहादुर वि.क.लाई फैसला पढी बाँची सुनाई फैसला सुनी पाएको कागज गराई निम्न मिसिल सामेल राख्नू । साथै मुद्दा किनारा भएको जनाउ जिल्ला सरकारी वकिल कार्यालय पाल्पामा लेखी पठाइदिनू.......................................................५

सरोकारवालाले फैसलाको नक्कल माग गरे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ।..........................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।..................................७

माननीय न्यायाधीशज्यूले बोली
टिपाउनुभए बमोजिम टिपी फैसला
तैयार गर्ने डिठ्ठा प्रेम पौडेल

............................
हरिप्रसाद बगाले
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल जेठ महिना २८ गते रोज ५ मा शुभम्..................................।

**श्री ताप्लेजुङ्ग जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री काजीबहादुर राई**
**फैसला**
**संवत् २०६६ सालको स.फौ.९/६६८ (नि.नं.१३)**
***मुद्दा : जबरजस्ती करणी ।***

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला ताप्लेजुङ्ग हाङदेवा गा.वि.स.वडा नं. ६ बस्ने क बहादुर महतको जाहेरीले वादी नेपाल सरकार..........१ | जिल्ला ताप्लेजुङ फुङलिङ्ग गा.वि.स. वडा नं. ४ बस्ने प्रदीप श्रेष्ठ..................................................१ |

| **वादीको साक्षी** | **साक्षी** |
|---|---|
| जाहेरवालासमेत | सागर मादेनसमेत । |
| **कागज प्रमाण** | **कागज प्रमाण** |
| जाहेरी दरखास्तसमेत | x |

**अदालतबाट बुझेको**

साक्षी :- सागर मादेन, शिवलाल प्रसाई, अदय खड्का, रुद्रनारायण, क बहादुर महत, ख महत, चिरञ्जीवी महत, कमल शेर्पा ।

कागज : केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त प्रतिवेदन ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन अ.बं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यसप्रकार छ :-

सम्मानित सर्वोच्च अदालतको पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दामा जाहेरवाला र पीडितको वास्तविक नाम परिवर्तन गरी क्रमशः क बहादुर र ख कायम गरिएको छ ।

म जाहेरवाला जिल्ला ताप्लेजुङ्ग हाङदेवा गा.वि.स. वडा नं. ६ मेरो घर भई हाल विगत ३ वर्ष अगाडिदेखि फुरुम्बु गा.वि.स. वडा नं. ३ पाथीभरा जाने बाटो माथिल्लो फेदीमा होटल लज दोकान व्यवसाय गर्दै आएकोमा मेरा घरमा घरायसी काम परी मिति २०६६/३/२४ गते हाङदेवा घर आएको थिएँ, दोकान घरमा नाबालक छोरी वर्ष १३ की ख महत र भाइ उदय खड्कालाई घर दोकानमा छोडी घर आएकोमा अपराधी प्रदीप श्रेष्ठ पाथीभरा दर्शन गर्न भनी गएका रहेछन्, उल्लेखित मिति २०६६/३/३० गते राति मेरो सो दोकानमा वास बसी खानापिना खाई सबै सुतेपश्चात् अपराधी प्रदीप श्रेष्ठले छोरी सुतेको कोठामा गई हातमा रुमाल लिई मुख छोपी आफ्नो काबुभित्र पारी जबरजस्ती करणी गरेछन् । त्यसपछि त्यहाँबाट पाथीभरातर्फ गए, छोरीले आफ्नो पीडा सहन नसकी रुँदै कराउँदै गरेको अवस्थामा उदय खड्काले के भयो भनी सोधेछन्, पीडित छोरीले मलाई जबरजस्ती करणी गरे भनिन्, सो कुरा मलाई टेलिफोनबाट जानकारी भए पश्चात् पीडित छोरीलाई सम्पर्क गरी

उपरोक्त कुरा बुझिन आएको हुँदा यो अपराधको सूचना प्रवाह गर्न आएको छु, निज अपराधी प्रदीप श्रेष्ठलाई मुलुकी ऐन जबरजस्ती करणीको महल बमोजिम हदैसम्मको सजाय गरी पाऊँ भन्ने मिति २०६६/३/३० को किटानी जाहेरी दरखास्त ।

जिल्ला ताप्लेजुङ्ग फुरुम्बु गा.वि.स. वडा. नं.३ स्थित माथिल्लो फेदीस्थित क बहादुर महतले सञ्चालय गरेको पश्चिम ढोका भएको १ तले चित्राले बारेको होटल लज घरको बीचको पार्टिसन गरिएको काठको ६ वटा खाटमध्ये उत्तरपट्टिको खाटमा निज प्रतिवादी प्रदीप श्रेष्ठ पीडित बालिका ख महतलाई जबरजस्ती करणी गरेको घटनास्थलमा रहेको उक्त खाटमा लगाइएको बिस्तारा माडिएको तन्नामाथि सेतो टाटा देखिएको सेतो दाग भएको अवस्थामा देखिएको भन्नेसमेत व्यहोराको मिति ०६६/३/३० गतेको घटनास्थल मुचुल्का ।

मिति ०६६/३/३० गते बिहान अन्दाजी राति ३:०० बजेको समयमा जिल्ला ताप्लेजुङ्ग फुरुम्बु ३ स्थित माथिल्लो फेदीमा होटल व्यवसायी गरी बस्ने जाहेरवाला क बहादुर महतको छोरी वर्ष १३ की ख महतलाई पाथीभरा दर्शन गर्न भनी गएको जिल्ला ताप्लेजुङ्ग फुङलिङ्ग ४ बस्ने प्रदीप श्रेष्ठले जबरजस्ती करणी गरी पाथीभरा मन्दिरतर्फ गएको भन्ने हल्लाखल्ला सुनी घटनास्थलमा गई पीडितसमेतसित बुझ्दा निज प्रदीप श्रेष्ठले मलाई जबरजस्ती करणी गरेको र पाथीभरातर्फ गएका भनी बताएकी हुँदा निज अभियुक्त प्रदीप श्रेष्ठलाई पक्राउ गरी कारबाहीको लागि दाखिला गराएको छु भन्नेसमेत व्यहोरा प्र.ह.पूर्णबहादुर थापाको प्रतिवेदन ।

निज पीडित ख महतको स्वास्थ्य परीक्षण गर्दाको अवस्थामा निजको योनी छेदन भएको भन्ने यथेष्ट आधारहरू भेटिएन निजको योनीमा पुरुषको शुक्रकीट भेटिएन, योनीको झिल्ली नभएको भेटियो भन्नेसमेत व्यहोराको ताप्लेजुङ्ग जिल्ला अस्पतालको रिपोर्ट ।

मिति ०६६/३/२९ गते राति म आफ्नो घरमा सुतिरहेको थिएँ । हाम्रो होटलमा वास बसेका ३ जनामध्ये प्रतिवादी प्रदीप श्रेष्ठले म निदाएको मौका पारी एकान्त समयमा मलाई जबरजस्ती मेरो योनीमा निजको लिङ्ग प्रवेश गराई करणी गरेको हो भन्नेसमेत व्यहोराको पीडित ख को कागज ।

मिति ०६६/३/२९ गतेको दिन मसमेत गाउँकै साथी चिरञ्जीवी महतरा र प्रदीप श्रेष्ठ पाथीभरा देवीको दर्शन गर्नका लागि जाँदै गर्दा माथिल्लो फेदीमा पुगेपछि रात परेकोले वास फेदीमा जाहेरवाला क बहादुर महतको होटलमा बसियो । राति मसमेत निदाएको मौका पारी निज प्रतिवादी प्रदीप श्रेष्ठले करणी गरेछन् । बिहानको राति उठ जाऔं भनी उठाएकोले हामी ३ जना उठी मन्दिर गएको अवस्थामा प्रहरीले पक्राउ गरेको हो, मैले निज बालिकालाई करणी गरेको होइन भन्नेसमेत व्यहोराको कमल शेर्पाको कागज ।

मिति ०६६/३/२९ गते पाथीभरा देवीको दर्शन गर्नको लागि मसमेत प्रदीप श्रेष्ठ र कमल शेर्पा ३ जना गएको र फेदीमा वास बसी बिहान जानुपर्छ भनी जाहेरवाला क बहादुर महतको घरमा वास बसी राति हामी निदाएको मौका पारी प्रतिवादी प्रदीप श्रेष्ठले उठी जाहेरवालाको छोरी ख महतलाई जबरजस्ती करणी गरेछन् । बिहानको राति २:०० बजेको समयमा निज प्रदीप श्रेष्ठले हामीलाई उठाई हामी मन्दिर जाउँ भनेकोले मन्दिर गयौं, प्रहरीले पक्राउ गरेको हो, मैले निज ख लाई करणी गरेको छैन भन्नेसमेत व्यहोराको चिरञ्जीवी महतराको कागज ।

म लगायत दुई जना साथी कमल शेर्पा र चिरञ्जीवी महतरा ०६६/३/२९ गते बेलुका पीडितको होटलमा पुगी वास बसी चाउचाउ र जाँड खाई सबै जना सुत्न भनी तयार भइयो, एउटा खाटमा कमल शेर्पा सुते, एउटा खाटमा चिरञ्जीवी महतरा र म सुत्यौं, पीडित र निजको दाजु भित्रपट्टि अलगअलग सुते बेलुकी खाजा खाँदा मैले जिस्काउने काम गरेको थिएँ, बाटो हिँडेर गएका साथीहरू थाकेर निदाए, मलाई यौन सम्पर्क

गर्न इच्छा जागी पीडित सुतेको खाटमा बिस्तारै गएँ, पीडित निन्द्रामा थिइन्, मैले बिस्तारै आफ्नो कट्टु खोली लिङ्ग उत्तेजित भएपछि निजको योनीमा छिराएँ, एक्कासि निन्द्राबाट आतिँदै ब्युँझिइन्, त्यही बेला मैले निजको मुख थुनी ३ पटकसम्म भित्र बाहिर गरेपछि बिहोस भएजस्तो लागी म डरले निस्कन खोज्दा वीर्य बाहिर झऱ्यो, त्यसपछि उनी बिस्तारामा रुँदै थिइन्, मैले सँगै गएका साथीहरूलाई जबरजस्ती उठाई बोलाई त्यहाँबाट पाथीभराको दर्शन गर्न गएका थियौं, त्यहींबाट प्रहरीले पक्राउ गरी ल्याएको हो, उक्त रात मैले पीडित ख लाई जबरजस्ती करणी गरेको हुँ भन्नेसमेत व्यहोराको पक्राउ प्रतिवादी प्रदीप श्रेष्ठले मिति २०६६/४/४ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति ०६६/३/२९ गते बिहानको राति छिमेकी जाहेरवालाको छोरी ख महत रोएको आवाज सुनी जाँदा निज रोई बसिरहेको देखी के भयो किन रोएको भनी सोधपुछ गर्दासमेत नबोली रोई बसेको हुँदा मैले केही घटना भएको शंका गरी छिमेकी शुक्रवीर भट्टराईको श्रीमतीलाई बोलाई सोधपुछ गर्न लगाउँदा निज नाबालिका ख ले सो रात जिल्ला ताप्लेजुङ्ग फुङलिङ्ग गा.वि.स.वडा नं. ४ बस्ने प्रदीप श्रेष्ठले आफूलाई जबरजस्ती करणी गरेको भनी बताएबाट घटनाको बारेका थाहा पाई मेरोसमेत सहयोगमा घटनास्थलमा आएको प्रहरी कर्मचारीहरूले पाथीभरा मन्दिर परिसरभित्र निजलाई पक्राउ गरी सोधपुछ गर्दा निजले आफूले निज बालिकालाई बलात्कार गरेको हो भनी स्वीकार गरेका हुन् । सो रात निज पीडितको घरमा ठूलो मान्छे नभएको मौका छोपी निज प्रतिवादी प्रदीप श्रेष्ठले घटना घटाएको हो भन्ने व्यहोराको बुझिएका इन्द्रनारायण भट्टराईले मिति ०६६/४/४ गते गरिदिएको कागज ।

मिति ०६६/३/२९ गते निज पीडित ख को घरमा निजका बाबु आमा नभएको हुँदा म निजको घरमा सुत्न गएको थिएँ । सो दिन यी जाहेरीमा उल्लेखित प्रतिवादीसहित अन्य कमल शेर्पा र चिरञ्जीवी महतरासमेत पाथीभरा दर्शन गर्न भनी आई निज पीडित होटलमा बसी बैनीले नै चाउचाउ पकाएर खान दिएको हो । सो समयमा निजहरूले ७/८ शेर जाँडसमेत खाई अन्य कमल शेर्पा र चिरञ्जीवी महतरा सुत्न गए, निज प्रतिवादी भने अबेरसम्म गफ गरिरहेपछि अबेर भयो भनी सुत्न पर्छ भन्दा निज पनि सुत्न गए, म र बैनी ख पीडित पनि सुत्यौं । दिनभरि काम थकाइले म निदाएको मौकामा जबरजस्ती गरी करणी गरेपछि बैनीले सहन नसकी सुकसुक रोइरहेको सुनी किन रोएको होला भनी बोलाउन खोज्दा इन्द्रनारायण भट्टराई आउनुभएको र निजसमेतले सोधपुछ गर्दा निज बैनीले प्रदीप श्रेष्ठले आफूलाई जबरजस्ती करणी गरेको कुरा बताएपछि घटनाको बारेमा थाहा पाई प्रहरीसमेतलाई बोलाई निज प्रतिवादीलाई पक्राउ गरेको हो । घटना यिनै प्रतिवादी प्रदीप श्रेष्ठले पीडित ख लाई जबरजस्ती करणी गरी घटाएका हुन् भन्नेसमेत व्यहोराको बुझिएका उदयराम खड्काको मिति ०६६/४/४ गतेको कागज ।

मिति ०६६/३/२९ गते बिहान राति जाहेरवाला क बहादुर महतको उक्त होटल घरमा मानिस भेला जम्मा भई प्रहरीसमेत आउँदै गरेको देखी जाँदा पीडित ख रोइरहेकी थिइन् । शुक्रवीर भट्टराईको श्रीमतीसमेत घटनास्थलमा आई निजलाई के भयो भनी सोधपुछ गर्दा निजले फुङलिङ्ग गा.वि.स.वडा नं. ४ बस्ने प्रदीप श्रेष्ठबाट आफू बलात्कार भएको कुरा बताएपछि घटनाको बारेका थाहा पाई घटनास्थलमा आएका प्रहरीहरूले निजलाई पक्राउ गरी सोधपुछ गर्दा निजले आफूले पीडित बालिकालाई बलात्कार गरेको कुरासमेत स्वीकारे पछि र घटनास्थलको प्रकृति हेर्दा निज प्रतिवादी पीडितलाई जबरजस्ती करणी गरेकोमा हामीलाई पूर्ण विश्वास छ । सो रात घरमा ठूलो मान्छे कोही पनि नभएको मौका छोपी निज प्रतिवादी प्रदीप श्रेष्ठले निज पीडित ख लाई

बोल्न कराउनसमेत नदिई जबरजस्ती करणी गरी घटना घटाएका हुन् भन्नेसमेत व्यहोराको शिवलाल प्रसाई, शुक्रवीर भट्टराई र मोतीमाया भट्टराईले गरेको एकै मिलानको मिति ०६६/४/१५ गतेको वस्तुस्थिति मुचुल्का ।

मिसिल संलग्न किटानी जाहेरी, घटनास्थलमा बुझिएका मानिसहरूको कागज प्रतिवादी बयान पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा केश फारामसमेतका संकलित कागज प्रमाणबाट प्रतिवादीले जाहेरवालाको छोरी ख सुती निदाएको अवस्थामा जबरजस्ती करणी गरेको स्थापित हुन आएकोले निजलाई जबरजस्ती करणीको महलको १ नं. विपरीत ३(२) नं. बमोजिम कसुर अपराध गरेकोले हदैसम्म सजाय गरी क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोरा मिति ०६६/४/१८ को अभियोग पत्र ।

०६६/३/२९ गते बिहान म लगायत मेरो अन्य दुई जना साथीहरू कमल शेर्पा र चिरञ्जीवी महतरासमेत ३ जना भै पाथीभरा मन्दिरको दर्शन गर्न भनी घरबाट हिँडी बेलुका माथिल्लो फेदीस्थित निज जाहेरवाला क बहादुर महतको होटल लजमा खाजा खाएर हामी साथी भाइहरू रमाइलो गफ गरेर सुतेर भोलिपल्ट बिहान पाथीभरा मन्दिरतर्फ गएको हुँ । तसर्थ को को भई जबरजस्ती करणीको कार्य गरेको हो होइन थाहा छैन, मैले जबरजस्ती करणीको कार्य गरेको होइन । प्रहरीमा कुटपिट गरी व्यहोरा नसुनाई जबरजस्ती बयानमा सहीछाप गराएको हुँदा अभियोग दाबीबाट सफाई पाऊँ भन्ने प्रतिवादी प्रदीप श्रेष्ठले २०६६/४/१८ गते अदालतमा गरेको बयान ।

यसमा सरकारी पक्षका मानिसहरू र प्रतिवादीका साक्षी निजमार्फत झिकाई बकपत्रको लागि इजलासमा पेस गर्ने र प्रतिवादीको आर्थिक स्थिति खुल्ने व्यहोराको जवाफ जिल्ला सरकारी वकिल कार्यालयबाट लिई कानुन बमोजिम गर्नु भन्ने यस अदालतको विभिन्न मितिको आदेश ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक एवं दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता पदमबहादुर कार्कीले प्रतिवादीले आरोपित कसुर गरेकोमा किटानी जाहेरी दरखास्त परेको अवस्था छ । प्रतिवादीसमेतले सो कसुर गरेको मौकाको बयानमा स्वीकारेको देखिन्छ । सो किटानी जाहेरीलाई पीडितको मौकाको कागज निजको अदालतसमक्ष भएको बकपत्र एवं जाहेरवालाको अदालतसमक्ष भएको बकपत्रसमेतले पुष्टि गरी राखेको छ । केवल शारीरिक संघर्षको चिन्हको अभावको कारण देखाई नाबालिकामाथि भएको बलात्कार जस्तो जघन्य अपराधबाट कसैलाई उन्मुक्ति दिनु कानुन एव्म न्यायसंगतसमेत हुँदैन । स्वास्थ्यकर्मीको परीक्षण प्रतिवेदन आफैंमा मूल प्रमाण नभई पूरक प्रमाणको रूपमा अदालतले लिन सक्ने हो । यस्तो अवस्थामा अन्य स्वत्रन्त्र सबुद प्रमाणहरूले वादी दाबीलाई पूर्णरुपमा पुष्टि गरिराखेको स्थितिमा केवल प्रतिवादीको अदालतसमक्ष भएको इन्कारी बयानले मात्र अभियोग दाबीबाट फुर्सद नपाउने हुनाले अभियोग दाबी बमोजिम प्रतिवादीलाई सजायसमेत दिलाई पाऊँ भन्ने तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता सुजनप्रसाद दाहालले वारदातस्थलमा प्रतिवादीको उपस्थिति हुनु नै अपराधी हुनु होइन । पीडितको मौकाको कागज एवं अदालतसमक्ष भएको बकपत्रको व्यहोरा नै विरोधाभासपूर्ण छ । पीडित एवम् प्रतिवादीको शारीरिक परीक्षणसमेतबाट आरोपित कसुर प्रतिवादी नगरेको स्पष्ट छ । सो कुरालाई केन्द्रीय प्रहरी विधि विज्ञानशालाको प्रतिवेदनसमेतले थप पुष्टि गरी राखेको पाइन्छ । त्यस्तै वादी दाबी बमोजिमको कसुर नगरेको वादी पक्षकै साक्षीद्वय कमल शेर्पा र चिरञ्जीवी महतराको अदालतसमक्ष भएको बकपत्र व्यहोराले समेत इङ्गित गर्दछ । प्रतिवादी मौकामा अनुसन्धानको क्रममा भएको

बयान प्रहरीले कुटपिट गरी डर त्रासमा पारी गराएको कुरा निज प्रतिवादीले स्थानीय अस्पतालमा आफ्नो हातको X-ray गरेको रिपोर्टसमेतले थप पुष्टि गरी राखेको हुनाले प्रमाण ऐन ०३१ को दफा २५ अनुसार वादी दाबी प्रमाणित गर्न वादी नेपाल सरकारले गर्न सकेको पाइँदैन । यस्तो अवस्थामा जबरजस्ती करणी जस्तो जघन्य अपराधमा यथेष्ट सवुद प्रमाणको अभावमा केवल शंका र अनुमानको आधारमा भावनामा बगेर मौजुदा प्रमाणहरूको समष्टिगत मूल्याङ्कन नगरी सजाय गर्नु कुनै पनि दृष्टिकोणले नमिल्ने हुँदा प्रतिवादीलाई सफाइ पाउने गरी इन्साफ होस् भन्नेसमेत व्यहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

उपरोक्तानुसारको दुवै पक्षको विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको सारगर्भित बहस जिकिर सुनी मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन मनन गरी हेर्दा प्रतिवादीले मिति ०६६/३/२९ गते पाथीभरा देवीको दर्शनार्थ जाँदा माथिल्लो फेदीस्थित जाहेरवालाको होटल लजमा वास बसेको अवस्थामा अन्य अभिभावकको अनुपस्थितिमा जाहेरवाला क बहादुरको छोरी वर्ष १३ को व.पीडित ख लाई निज सुतेको स्थानमा गई बोल्न कराउनसमेत नदिई जबरजस्ती करणी महलको १ नं. विपरीत ऐ ३(२) नं. बमोजिमको जबरजस्ती करणीको कसुर अपराध गरेकोले निज पीडित १६ वर्षभन्दा कम उमेरको नाबालिका भएकोले निज प्रतिवादी प्रदीप श्रेष्ठलाई ऐ. ऐनको ३ (२)नं. बमोजिम हदैसम्म सजाय गरी ऐ.ऐ. को १० नं. बमोजिम निज अभियुक्तबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा निम्नानुसारको न्यायिक निरुपण गर्नुपर्ने कानुनी प्रश्नहरू इजलाससमक्ष उपस्थित भएको पाइयो ।

१) अभियोग दाबी बमोजिमको जबरजस्ती करणीको वारदात घटित भएको हो-होइन ?

२) जबरजस्ती करणीको मुद्दामा पीडितको भनाइको विश्वसनीयता प्रकरणको लागि ग्राह्य हुन्छ-हुँदैन ? जबरजस्ती करणीको वारदातमा पीडित र पीडकबीच संघर्षको चिन्ह (sign of struggle) र पीडितको योनीमा पुरुष शुक्राणु अभावमा जबरजस्ती करणी ठहर्ने-नठहर्ने र प्रतिवादीको अदालतसमक्ष भएको इन्कारी बयानले मात्र निजलाई आरोपित कसुरबाट उन्मुक्ति दिन मिल्छ-मिल्दैन ?

३) प्रतिवादीले अभियोग दाबी बमोजिमको कसुर गरेका हुन्-होइनन् ? र

४) प्रतिवादीलाई सजाय गर्ने हो-होइन ? गर्नुपर्ने भए के कति सजाय गरी निजबाट पीडितलाई के कति क्षतिपूर्ति बापतको रकम दिलाई भराई दिनुपर्ने हो ?

सर्वप्रथम पहिलो निर्णायक प्रश्नतर्फ विचार गर्दा :- आफूले सञ्चालन गरेको जिल्ला ताप्लेजुङ्ग फुरुम्बु-३ माथिल्लो फेदीस्थित होटल लजमा काम विशेषले नभएको मौकामा पाथीभरा दशनार्थ गएका प्रतिवादी प्रदीप श्रेष्ठले उक्त होटल लजमा राति सुतेकोमा आफ्नी नाबालिका वर्ष १३ की छोरी पीडित ख लाई निज निदाएको अवस्थामा नियन्त्रणमा लिई जबरजस्ती कारणी गरेकोले निजउपर कानुनी कारबाही गरी पाऊँ भनी जाहेरवाला क बहादुर महतको किटानी जाहेरी दरखास्त परेको देखिन्छ । वारदातस्थल भनिएको सो होटल लजको पार्टिसन गरिएको, पीडित सुतेको खाटमा लगाएको बिस्तारा माडिएको तन्नामाथि सेतो टाटा दाग रेहको भन्ने घटनास्थल प्रकृति मुचुल्कामा उल्लेख भएको देखिन्छ । पीडितको योनिच्छेदन भएको भन्ने यथेष्ट आधारहरू भेटिएन, निजको योनीमा शुक्रकीट भेटिएन र योनीको झिल्ली नभएको निजको शारीरिक परीक्षणमा अन्य कुनै चोटपटक देखिएन, योनी वरपर सामान्य बिमिराहरू मात्र रहेको भन्ने निजको शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । त्यस्तै पीडितले वारदातको समयमा लगाएको भन्ने पहेलो रंगको सुरुवालसमेतमा रगत र वीर्य (Blood & Semen) नपाइएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । पीडितले मौकामा कागज गर्दा प्रतिवादीसमेतलाई आफूले आफ्नो होटलमा वास बस्न दिएको

निजसमेत चाउचाउ जाँड खाई सुतेको अवस्थामा ०६६/३/३० गतेको बिहानको राति अन्दाजी २:०० बजेको समयमा मस्त निद्रामा परेको आस्थामा प्रदीप श्रेष्ठ आफू सुतेको खाटमा आई मुखमा रुमालले छोपी हात समाती मेरो योनीभित्र २ पटकसम्म लिङ्ग छिराउँदा आफू सहन नसकी मूर्च्छा परे पश्चात् निज प्रतिवादी निजको साथीहरूसँग देवीको दर्शनको लागि गएको भनी लेखाई दिएको पाइन्छ। निजले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दासमेत शब्दहरूमा सम्म केही अन्तर्भिन्नता दर्शिने गरी आफू उपर प्रतिवादीले जबरजस्ती करणी गरेको कुरामा स्पष्ट एवं प्रस्ट रूपले भएको व्यहोरा यथार्थ रूपले उल्लेख गरी दिएको देखियो। सोही अनुसार जाहेरवाला लगायत मौकामा बुझिएका व्यक्तिहरूसमेतले आफ्नो मौकाको कागजको व्यहोरा अनुसारकै अदालतमा उपस्थित भई बकपत्र गरिदिएको अवस्था छ। यी प्रतिवादीले मौकामा अनुसन्धानको क्रममा आरोपित कसुर गरेको साविती बयान दिएको पाइन्छ भने निज प्रतिवादीका सँग साथ रहेको साथीहरू क्रमशः चिरञ्जीवी महतरा र कमल शेर्पासमेतले निजलाई पोल गरी मौकामा कागज गरिदिएको देखिन आउँछ। निज प्रतिवादीले अदालतसमक्ष बयान गर्दा सो वारदात मिति र समयमा उक्त स्थानमा आफू भए पनि अभियोग दाबी बमोजिमको कसुर अपराध आफूले नगरेको भनी बयान गरेको देखिन आउँछ। यसबाट प्रतिवादीले अन्यत्र रहेको जिकिर (Plea of Alibi) नलाई सो वारदात स्थलमा यी प्रतिवादीको तत् समयमा उपस्थिति रहेको कुरामा विवाद भएन। निजले अदालतमा बयान गर्दासमेत आफूहरू मन्दिर जाने समयमा पीडित सुकसुक गरेको सुनेको, साथी चिरञ्जीवीलाई सो बारेमा सोध्न पठाउँदासमेत नबोल्दा आफूसमेत निज पीडितलाई के भयो भनी सोध्दा निज चुपचाप बसेको भन्दै आफूउपर किटानी जाहेरी दिनुको कारण निजको होटल वास बसेको र खाजा खाएको पैसा नदिएको विषयमा हुन सक्तछ भनी उल्लेख गरेको देखिन्छ। सो व्यहोरा मौका एवं अदालतमा उपस्थित भई बकपत्र गर्ने उदयराम खड्काको भनाइसँग हुँबहु मिल्न गएको देखिन्छ। निज प्रतिवादीको साक्षीले प्रतिवादीको इन्कारी बयानलाई सफाइ दिने गरी बकपत्र गरेको भए पनि निजसँग साथमा अविच्छिन्न रहेको पनि देखिँदैन। त्यस अर्थमा त्यस्ता साक्षीको मौखिक कथनलाई भरपर्दो एवं विश्वसनीय प्रमाण मान्न सकिने अवस्था हुँदैन। यसरी हेर्दा सो वारदात स्थलमा यी प्रतिवादीको स्थिति मौजुदा रहेको र हाम्रो समाजमा यौन मामलालाई धर्म नैतिक आचरण लगायतको सामाजिक संवेदनशीलताको रूपमा व्यापक अर्थमा लिइने आम प्रचलन रहेकोमा विवाहित दाम्पत्य जोडीबाहेक अन्य परपुरुषसँग यौन सम्पर्क अकल्पनीय मानिने हुँदा त्यस्तो सामाजिक संस्कार हुँदाहुँदै आफ्नो पारिवारिक एवं आफ्नो सन्तानको दूर भविष्यलाई समेत सामाजिक रूपमा चुनौती पर्न सक्ने गरी आरोपित कसुर प्रतिवादीले गरेको भनी जाहेरवालाको किटानी जाहेरी दरखास्त परेको र सोको पुष्टि पीडित स्वयम्ले आफ्नो मौकाको कागज एवं अदालतसमक्ष समेत बकपत्रद्वारा पुष्टि गरको देखिँदा प्रतिवादीको अदालतसमक्ष भएको इन्कारी बयानलाई मुख्य आधार मान्न सकिने नहुँदा अभियोग दाबी बमोजिमको वारदात भएको तथ्य पुष्टि हुन आयो।

अब निर्णायक दोस्रो प्रश्न अर्थात् पीडितको भनाइको विश्वसनीयतातर्फ नियाल्दा- माथि उल्लेख गरेझैं यी प्रतिवादीले आफू उपर जबरजस्ती करणीको अपराध गरेको भनी मौकाको कागजमा लेखाई यस अदालतसमक्ष उपस्थित भई सो कुरालाई पुष्टि हुने गरी पीडितले बकपत्र गरिदिएको पाइन्छ। पीडितको सो भनाइलाई प्रतिवादीको यस अदालतसमक्ष भएको इन्कारी बयानबाहेकका कुनै पनि अन्य स्वतन्त्र सबुद प्रमाणले खण्डन गर्न सकेको देखिँदैन। स्वभावैले आफूउपर कुनै अन्याय अत्याचार नभई बिना त्यस्तो कुनै गम्भीर कारण र आधार कसैमाथि आफ्नो व्यक्तिगत पारिवारिक लगायत सामाजिक संस्कार व्यवहारमा दूरगामी असर पर्ने गरी

कसैमाथि आफ्नो सतित्वको बाजी राख्ने कुरा आउँदैन । त्यस अर्थमा त्यस्तो पीडितको भनाइलाई अन्य अकाट्य प्रमाणको अभावमा प्रमाणमा लिइनुपर्ने नै हुन आउँछ । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित (ने.का.प.२०६२ अंक ११, पृष्ठ १४२५) संवत् २०५८ सालको फौ.नं. २५५१ संयुक्त इजलास टेकबहादुर खड्काको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी स्वस्ती बरालसमेत भएको जबरजस्ती करणी मुद्दामा मिति २०६२/११/८/२ मा भएको फैसला सिद्धान्तसमेतबाट स्थापित भइसकेको देखिन्छ । एवं प्रकारले पीडक र पीडितबीच सघर्ष चिन्हको अभाव, पीडितको योनीमा पुरुष शुक्राणुको अभाव र प्रतिवादीको अदालतसमक्ष भएको इन्कारी बयान आरोपित कसुरमा प्रतिवादीले आरोपित कसुरबाट उन्मुक्त पाउने हो-होइन भन्ने सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दामा पीडित स्वयम्ले प्रतिवादीले आफू उपर जबरजस्ती करणी गर्नुपूर्व नै आफ्नो हात बाँध्नुका अतिरिक्त मुखमा समेत रुमालले छोपेको भनी मौकामा कागज तथा अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ । सो सन्दर्भमा प्रतिवादीले समेत अन्यथा नभनेको अवस्थामा निजहरूबीच शारीरिक संघर्ष नै नभएको स्थिति देखियो । फेरि शारीरिक संघर्ष नभई पीडितको राजीखुसीले नै करणी गर्न प्रतिवादीलाई दिएको भए पनि त्यस्तो कार्यसमेतबाट पीडित नाबालिका रहेको हुँदा यी प्रतिवादीले आरोपित कसुरबाट उन्मुक्ति पाउने सम्भावनासमेत देखिन आउँदैन । त्यस्तै पीडित योनीमा पुरुषको शुक्राणु भेटिएन भन्ने पीडित स्वास्थ्य परीक्षण प्रतिवेदनतर्फ हेर्दा प्रतिवादी स्वयम्ले मौकामा कागज गर्दा आफूले पीडितलाई करणी गर्दा निज बेहोस भएजस्तो लागी वीर्य बाहिर खसाली हिँडेको भनी लेखाएको पाइन्छ । यसबाट पनि निज पीडितको योनीमा शुक्राणु थिएन भनी सहजै अनुमान लगाउन सकिन्छ । त्यस्तै पीडितले कानुनी अज्ञानवश आफ्नो यौनिक अंग त्यस्तो क्रिया भएपश्चात् सफा गर्नु लगायतका स्वास्थ्य परीक्षण गर्ने समयविधि र स्थानमा आउँदासमेत सदैव स्खलित वीर्य योनीमा वीर्य भेटिनु नभेटिनु, Hymen च्यातिनु नच्यातिनु योनीमा लिङ्ग प्रवेश होस् वा नहोस् त्यस्ता कुराले खासै अर्थ राख्दैन, सो सम्बन्धमा लैङ्गिक समानता कायम गर्न व्यवस्था लगायत Butterworth Medical Dictionary, Modis medical jurisprudence & Toxicology मा उल्लेख हुनुका अतिरिक्त सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित विभिन्न नजिर सिद्धान्तहरूबाट समेत स्पष्ट हुँदा सो कुराहरू मात्र प्रतिवादीको बचावटको मुख्य आधार प्रमाण हुन सक्ने देखिँदैन ।

अब प्रतिवादी अदालतसमक्ष भएको इन्कारी बयान सम्बन्धमा विचार गर्दा अन्य सम्पूर्ण तथ्यहरूलाई स्वीकार गरी मात्र आरोपित कसुर अनुसार पीडितलाई आफूले जबरजस्ती करणी नगरेको भनी इन्कारी बयान दिएको निजको स.ज.९ मा देखिन्छ । मौकाको निजको बयान प्रहरीले लेखी सकेर मलाई पढी वाची नसुनाई कुटपिट गरी जबरजस्ती सहीछाप गरेको भन्ने छ । सोको प्रतिवाद स्वरूप निजले स्थानीय अस्पतालमा X-ray लगायतको उपचार गरेको प्रमाण निवेदनसाथ पेस गरेको गरेको देखिन आउँछ । निजले अनुसन्धानको क्रममा मिति ०६६/४/४ गते अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिन्छ भन्ने अदालतसमक्ष ऐ. ४/१८ गते बयान गरेको पाइन्छ । निजले पेस गरेको प्रमाणको स्वास्थ्य उपचार गरेको कागज मिति ०६६/४/१९ र ऐ. ४/२२ को पाइयो । सो स्वास्थ्य उपचार अदालतबाट निजउपर थुनछेकको आदेश भएपश्चात् भए गरेको देखियो । यदि निजको जिकिर बमोजिम अनुसन्धानको क्रममा प्रहरीले कुटपिट गरी डरधाक धम्की दिई कागज गराएको भए अनुसन्धानको क्रममा म्याद थपको समय एवं अदालतसमक्ष बयानकै क्रममा सो सम्बन्धमा निवेदन दिनुपर्दथ्यो । सो दिन नसकेबाट निजको सो न्यायिक हिरासत (Judicial Custody) मा बसेको स्थितिमा उपचार गराएको देखिँदा निजको जिकिरलाई मनासिब भन्न सकिने नदेखिँदा सोबाट निज प्रतिवादीले आरोपित कसुरबाट उन्मुक्ति पाउन सक्ने अवस्था भएन ।

अब, तेस्रो प्रश्नतर्फ हेर्दा :- माथि उल्लेखित एवं विवेचित कारण प्रमाणसमेतको आधारमा यी प्रतिवादीले अभियोग दाबी बमोजिमको कसुर अपराध गरेको ठहरेकाले के, कति र कस्तो सजाय गरिनुपर्ने हो भन्ने सम्बन्धमा हेर्दा पीडितको जन्म मिति ०५३/३/२२ गते वर्ष १३ की हुन् भनी निज अध्ययनरत श्री तमोरनदी निम्नमाध्यमिक विद्यालय हाङदेवा-४ को च.नं. १० मिति ०६६/४/५ मा लेखी आएको, पीडितले समेत सोही सेरोफेरोमा आफ्नो उमेर लेखाएको र सो सम्बन्धमा प्रतिवादीले समेत अन्यथा नभनेबाट सो तथ्यमा विवाद रहेन। अभियोग दाबी बमोजिमको कसुर गरेमा त्यस्तो अभियुक्तलाई अर्थात् १० वर्षसम्म वा सोभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि १२ वर्षसम्म कैद हुने जबरजस्ती करणीको महलले कानुनी व्यवस्था गरेको पाइन्छ। यसरी विधायिकाले प्रदान गरेको न्यायिक स्वविवेकको उक्त अधिकारलाई प्रयोग गरी अभियुक्तलाई सजाय निर्धारण गर्दा सो अपराधको प्रकृति, अपराध गर्दाको अवस्था आदि समेतलाई चिन्तन मनन गरी युक्तियुक्त रूपमा गर्नुपर्ने कर्तव्य र दायित्व हुन आउँछ। सो सन्दर्भमा विचार गर्दा प्रतिवादीले पीडितलाई संघर्षपूर्ण करणी नगरेको, आरोपित कसुरको कार्य सम्पन्न भए पश्चात् फरार रहने मनसायले बीच बाटाबाटै देवीको दर्शन नगरी नभागेको, पहिलोचोटी अपराध गरेको यावत् कुरालाई संगालेर जबरजस्ती करणीको अपराध समाज र सभ्यताविरुद्धको अपराध भई अन्तर्राष्ट्रिय स्तरको बालअधिकार सम्बन्धी अन्तरराष्ट्रिय महासन्धि १९८९ (C.R.C) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञा पत्र १९७७ लगायत राष्ट्रिय रूपमा हाल विद्यमान बालबालिका सम्बन्धी ऐन, ०४८ समेतमा भएको कानुनी व्यवस्थानुसार पीडितको सर्वोत्तम हितसमेतलाई मध्यनजर राखी निर्क्यौल गर्नुपर्ने देखिन्छ। सो कुराको समग्र रूपमा चिन्तन गरी आधुनिक राज्यको दण्डको सिद्धान्त अन्तर्गत सुधारात्मक सिद्धान्त (Reformative theory of Punishment) समेतका यावत् प्रासाङ्गिक कुरालाई अवलम्बन गरी अदालतले सजाय निर्धारण गर्दा समुचित हुने देखिएकोले निज प्रतिवादी प्रदीप श्रेष्ठलाई जबरजस्ती करणी महलको ३(२) नं. बमोजिम न्यूनतम तजबिजी ८ (आठ) वर्ष कैद मात्र सजाय हुने ठहर्छ।

अब अन्तमा पीडितलाई के कति क्षतिपूर्ति बापत भराई दिने सम्बन्धमा विचार गर्दा- निज प्रतिवादीको पारिवारिक, आर्थिक हैसियतसमेत उपर न्यायिक दृष्टिगोचर गर्नुपर्ने हुन आउँछ। सोतर्फ हेर्दा आदेशानुसार प्रतिवादीले कागज गर्दा निजको नाममा कुनै चल अचल सम्पत्ति नरही एकाघरका बाबुको नाममा ३ कित्ता जग्गा रहेको सोको मूल्य ५,००,०००।- रहेको र संगोलमा ८ अंशियार रहेको भनी कागज गरिदिएको तथा मालपोत कार्यालय ताप्लेजुङ्गले प्रतिवादीको बाबुको नाममा जम्मा ३ कित्ता जग्गाको क्षे.फ. १-१०-१-३$^{१/२}$ जग्गा रहेको र प्रतिरोपनी रु ७,२४,५००।- मात्र किनबेच हुने भनी मिति ०६७/२/२० गते च.नं. ४३८ मा प्रेषित पत्रको व्यहोराबाट उल्लेख भई आएको देखिँदा निज पीडितलाई रु १,००,०००।- (एक लाख) जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीको हक हिस्साबाट क्षतिपूर्ति बापत दिलाई भराई दिनेसमेत ठहर्छ। अरू तपसिलमा लेखिए बमोजिम गर्ने गरी आज यो मुद्दा अ.वं. १८६ नं. बमोजिम अदालतबाट फैसला गरिदिएँ।

**तपसिल**

प्रतिवादीले माथि इन्साफ खण्डमा लेखिए बमोजिम जबरजस्ती करणी गरेको ठहरेकाले जबरजस्ती करणीको महलको ३(२) बमोजिम तजबिजी ८ (आठ) वर्ष कैद प्रतिवादीलाई हुन्छ। निज ०६६/३/३० देखि प्रहरीमा पक्राउ भै ताप्लेजुङ्ग कारागारमा थुनामा रहेको देखिँदा पक्राउ परेको मितिबाट कैद कट्टा हुने गरी २०७४/३/२९ सम्म कैद बसी ऐ ३० गते कैद मुक्त हुने गरी निज प्रतिवादीलाई कैदी पुर्जी दिनू......................................१

माथि इन्साफ खण्डमा लेखिए अनुसार जबरजस्ती करणीको १० नं. बमोजिम प्रतिवादका एकाघरको पिता चन्द्रबहादुरका नाउँमा दर्ता रहेको फुङलिङ्ग वडा नं. ४ मा रहेको कि.नं. १३११,१३०३ र २७२७ समेत ३ कित्ता जग्गाको क्षे.फ.१-१०-१-३$^{1/2}$ बाट प्रतिवादीको हक हिस्साबाट पीडितलाई रु. १,००,०००।- (एक लाख) क्षतिपूर्ति भराई पाउने ठहरेकोले मुद्दा अन्तिम भएपछि प्रतिवादीको हिस्साबाट सो क्षतिपूर्ति बापतको रुपैयाँ भराई पाऊँ भनी पीडित पक्षको ऐनका म्यादभित्र दरखास्त परे नियम बमोजिम लाग्ने दस्तुर लिई सो क्षतिपूर्ति भराई दिनू...२

यो फैसलाउपर चित्त नबुझे यो म्याद पाएका ७० दिनभित्र श्री पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई ७० दिने पुनरावेदनको म्याद दिनू र फैसलाको प्रतिलिपि जिल्ला सरकारी वकिल कार्यालय ताप्लेजुङ्गमा पठाइदिनू.......................................................................................................३

सरकारवालाले फैसलाको नक्कल सारी लान मागे लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू र दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू.......................................................................४

यो फैसला माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम तयार गर्ने
फाँट ना.सु. घनराज विष्ट
कम्प्युटर :- दलबहादुर तामाङ्ग

.........................
काजीबहादुर राई
जिल्ला न्यायाधीश

इति संवत् २०६७ साल भाद्र ३ गते रोज ५ शुभम्.......................................................।

**श्री रोल्पा जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश श्री कृष्णकमल अधिकारी**

**फैसला**

**संवत् २०६५ सालको दा.नं. ७०-०६५-००००११५**

**नि.नं.-१०९**

***मुद्दा :- जबरजस्ती करणी***

**वादी**

जिल्ला रोल्पा बुढागाउँ गा.वि.स. वडा नं.६ बस्ने सीता वि.क. को जाहेरीले नेपाल सरकार.................................................१

**साक्षी**

जाहेरवाली सीता वि.क......................१

प्रहरीसमक्ष कागज गर्ने मानिसहरू.......१

**कागज**

अभियोग पत्रमा उल्लेखित कागजहरू

**प्रतिवादी**

जिल्ला रोल्पा बढागाउँ गा.वि.स. वडा नं.६ बस्ने कर्णबहादुर वि.क......................................................................१

**साक्षी**

गणेशबहादुर वि.क. ....................................................१

नन्दबहादुर वि.क........................................................१

विजय वली .................................................................१

**कागज**

X

**अदालतबाट बुझेको**

साक्षी

जाहेरवाली सीता वि.क................................१

दुर्गा वि.क................................................१

विजय वली................................................१

गणेशबहादुर वि.क.....................................१

कागज

×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.वं. २९ नं. बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ।

मिति २०६५।०४।०१ गते राति अं. १:०० बजे प्रतिवादी मेरा ससुरा कर्णबहादुर वि.क.ले मलाई डर त्रास देखाई मेरो शरीरमा लगाएको सुरुवालको इजार जबरजस्ती चुँडाली एकचोटी जबरजस्ती करणी गरेको हुँदा कानुन बमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको सीता वि.क.को घरस्थित पूर्वमा निजकै खरबारी पश्चिममा निजको घर आँगन, उत्तर दक्षिणमा निजकै मकैबारी यति चार किल्लाभित्र १७ हात लम्बाइ ६ हात

चैडाइ भएको कुशको छाना भएको २ घर सो घरको भुइँतलाको कोठामा प्रतिवादी कर्णबहादुर वि.क. ले जाहेरवाली सीता वि.क.लाई जबरजस्ती करणी गरेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

जाहेरवाली सीता वि.क. को शारीरिक परीक्षण गर्दा स्तनको बीचमा कोतरिएको दाग, योनीको ओष्ठ सुनिएको र इन्फलामेसन भएको भन्ने व्यहोराको शारीरिक जाँच रिपोर्ट ।

मिति २०६५।०४।०१ गते राति म मेरो पलङमा सुतिरहेको थिएँ । भोलिपल्ट मिति ०६५।०४।०२ गते दिउँसो गए राति प्रतिवादी कर्णबहादुर वि.क.ले आफ्नो श्रीमतीलाई कुटपिट गरी घरबाट लखेटी सोही दिनका राति अं.१:०० बजेको समयमा आफ्नै बुहारी सीता वि.क.लाई विभिन्न डर त्रास देखाई जबरजस्ती करणी गरेको भन्ने कुरा गाउँ घरमा होहल्ला हुँदा सुनी थाहा पाएको हुँ । निजलाई कानुन बमोजिम सजाय हुनुपर्छ भन्ने व्यहोराको ऐमान वलीले गरिदिएको घटना विवरण कागज ।

मिति २०६५।०४।०१ गते राति म सुतिरहेको थिएँ । सोही राति अं.१:०० वजेको समयमा मेरा बुवा प्रतिवादी कर्णबहादुर वि.क.ले राति भाउजू सीता वि.क.लाई जबरजस्ती करणी गरेको भन्ने कुरा आमा लगायत भाउजूबाट सुनी थाहा पाएको हुँ तर बुवाले भाउजू सीता वि.क.लाई जबरजस्ती करणी गरेको मैले आँखाले देखेको होइन । भाउजूलाई निज बुवा कर्णबहादुर वि.क.ले जबरजस्ती करणी गरेको पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको गीता वि.क.ले गरिदिएको घटना विवरण कागज ।

मिति २०६५।०४।०१ गते मेरो पति (प्रतिवादी) कर्णबहादुर वि.क.ले सबै घर परिवारसँग झैझगडा गरी मलाई घरबाट निकालिदिएको र सोही मिति २०६५।०४।०१ गते राति १:०० बजेको समयमा निजले बुहारी सीता वि.क.लाई जबरजस्ती करणी गरे भन्ने कुरा मिति २०६५।०४।०२ गते बिहान बुहारी सीता वि.क. ले मलाई रुँदै कराउँदै सबै बताएकी हुन् । निज कर्णबहादुर वि.क. ले बुहारी सीता वि.क.लाई जबरजस्ती करणी गरेकोमा विश्वास लाग्छ, निजलाई कानुन बमोजिम कारबाही हुनैपर्छ भन्ने व्यहोराको प्रतिवादी कर्णबहादुर वि.क.को श्रीमती दुर्गा सुनारले गरिदिएको घटना विवरण कागज ।

मिति २०६५।०४।०१ गते राति म मेरै घरमा सुतिरहेको थिएँ । भोलिपल्ट मिति २०६५।०४।०२ गते बिहानको समयमा राति प्रतिवादी कर्णबहादुर वि.क.ले आफ्नो बुहारी सीता वि.क.लाई डर त्रास दिई जबरजस्ती करणी गरेको भन्ने कुरा सुनी थाहा पाएको हुँ । निजलाई कानुन बमोजिम कारबाही हुनुपर्छ भन्ने व्यहोराको कलविर वलीले गरिदिएको घटना विवरण कागज ।

मिति २०६५।०४।०१ गते रातको समयमा म मेरो घरमै बसेको थिएँ भोलिपल्ट मिति २०६५।०४।०२ गते बिहान गत राति जाहेरवाली सीता वि.क.लाई निजको ससुरा कर्णबहादुर वि.क.ले जबरजस्ती करणी गरेको भज्ने कुरा सुनी थाहा पाएको हुँ । निजलाई कानुन बमोजिम कारबाही हुनुपर्छ भन्ने व्यहोराको श्रीमती मञ्जु वि.क.ले गरिदिएको घटना विवरण कागज ।

मिति २०६५।०४।०१ गते साउने सक्रान्ति परेको कारण बिहानको खाना पिना खाई म गाउँतर्फ गएको थिएँ । सोही दिन दिउँसो १:०० बजेको समयमा गाउँबाट रक्सी सेवन गरी घरमा आई घरमा पुनः रक्सी सेवन गरी श्रीमती दुर्गा वि.क. समेतसँग झगडा गरी मैले सबै परिवारलाई घरबाट लखेटिदिएको हुँ । उक्त दिनको राति श्रीमती घरमा फर्की आइनन् । बुहारी सीता वि.क. र वर्ष ९ को छोरी गीता वि.क. नजिकै छिमेकीको घरमा गई बसेको फेला पारी बुहारी र छोरीलाई घरमा ल्याई उक्त दिनको राति बुहारी र छोरी भुइँमा सुतेका थिए । म सोही कोठाको एकातर्फ रहेको खाटमा सुतेको थिएँ । सोही दिनको राति १:०० बजेको समयमा म खाटबाट खस्न पुग्दा निद्राबाट ब्युँझिन पुगी भुइँमा सुतेकी बुहारी सीता वि.क.लाई विभिन्न किसिमको डर त्रास देखाई

बुहारीलाई जबरजस्ती करणी गरेको हुँ भन्ने व्यहोराको अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवादी कर्णबहादुर वि.क.ले गरेको साविती बयान कागज ।

प्रतिवादीको उक्त कार्य मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. विपरीत ३(४) नं. को कसुर गरेको पुष्टि हुन आएको ऐ. महलको ३(४) नं. बमोजिम सजाय हुन र आफ्नै हाडनाताभित्र पर्ने बुहारीलाई जबरजस्ती करणी गरेकोले ऐ. जबरजस्ती करणीको महल २ नं. को कसुरमा मुलुकी ऐन, हाडनाता करणी महलको २ नं. बमोजिम थप सजाय हुन र मुलुकी ऐन, जबरजस्ती करणी महलको १० नं. र १० (ग)नं. बमोजिम प्रतिवादीबाट पीडितलाई उचित क्षतिपूर्ति दिलाई भराई पाउनसमेत माग दाबी लिई दायर भएको अभियोग पत्र । मैले रक्सी सेवन गरेको थिएँ, बुहारीसँग जबरजस्ती करणी गर्ने मेरो मनसाय थिएन । मेरो श्रीमती होला भन्ने ठानेर म करणी गर्न गएको हुँ आखिर बुहारी नै पर्न गइछ । म सुतेको ठाउँमा बुहारी आई सुतेको होला भन्ने मलाई थाहा भएन । मैले मेरो जहान नै होला भन्ने ठानी मैले करणी गर्न गएको हुँ, बुहारीले सुरुवाल लगाएको थिइन, पेटीकोट थियो । मैले पेटीकोट फर्काएर करणी गरेको हुँ । सुरुवालको इजार चुँडालेको होइन । मैले निज बुहारी सीता वि.क.सँग करणी गर्दा कोही कसैले देखेनन् भन्ने प्रतिवादी कर्णबहादुर वि.क. ले अदालतसमक्ष गरेको बयान ।

ससुरा कर्णबहादुर वि.क. रक्सी खाएर मातेर  खाटमा सुत्नुभएको थियो । राति खाटबाट खसेर म सुतेको ठाउँमा खस्नुभएको हो । खाट बीचमा थियो एउटा छेउमा सासू सुत्नुभएको थियो, अर्कोपट्टि छेउमा म र नन्द सुतेका थियौं । ससुरा खाटबाट खसेपछि मलाई समाउनुभयो अनि मैले मलाई किन समाउनुभयो भनेपछि उठेर खाटमा सुत्न जानुभएको हो, जबरजस्ती करणी गर्नुभएको होइन भन्ने सीता वि.क.ले अदालतसमक्ष गरेको बकपत्र ।

वारदात घटना भनिएको राति हामी एकै कोठामा सुतेका थियौं । पति कर्णबहादुर वि.क. रक्सी खाएर मातेर खाटमा सुत्नुभएको थियो । राति खाटबाट बुहारी सुतेको ठाउँतर्फ खसी बुहारीको हात समाउन पुग्नुभएछ र बुहारीले हकारेपछि आफ्नो खाटमा सुत्नुभएको हो भन्ने दुर्गा वि.क. सुनुवारले गरेको बकपत्र ।

वारदात भएको राति २०६५।०४।०१ गते के कसो भएको हो मलाई थाहा भएन अर्को दिन सीता वि.क.ले आफ्नो सासूसँग ससुराले रक्सी खाएर मातेर राति खाटबाट खसी म सुतेको ठाउँमा खसी मेरो हात समाएको भनेपछि कर्णबहादुरकी श्रीमतीले अर्को दिन बिहान गाउँमा उक्त कुरा भनेपछि गाउँका मानिसहरू कर्णबहादुरको विरोधी भएकाले सीता वि.क.लाई गाउँका पक्षमा लगाई कर्णबहादुरलाई पक्राउ गरी कुटपिट गरी जबरजस्ती करणी गरेको हुँ भन्न लगाएका र प्रहरीसमक्ष पनि बुहारीलाई जबरजस्ती करणी गरेको हुँ भन्नु नत्र गाउँमा फर्केपछि मारिदिन्छौं भन्नेजस्ता धम्की गाउँलेले दिएपछि कर्णबहादुर वि.क. प्रहरीसमक्ष सावित भए होलान् । कर्णबहादुर यस्तो गल्ती काम गर्ने मानिस होइनन् भन्ने कर्णबहादुर वि.क.का साक्षी विजय वलीले अदालतसमक्ष गरेको बकपत्र ।

वारदात भएको भनिएको राति कर्णबहादुर रक्सी सेवन गरेर सुतेका रहेछन् । राति खाटबाट खसेपछि आफ्नै श्रीमती भनी हात समाउँदा बुहारी परेपछि बुहारीले किन यस्तो गरेको भनेपछि उनी आफ्नो खाटमा गई सुतेका रहेछन्, अर्को दिन बिहान बुहारीले त्यही कुरा गाउँ छिमेकमा गरेपछि गाउँले भेला भई कर्णबहादुरलाई बुहारीमाथि जबरजस्ती करणी गरें भनी हल्ला चलाई कुटपिट गरी मुद्दा चलाएका हुन् । कर्णबहादुर र म भारतमा साथै नोकरी गर्ने हुँदा उनको बानी त्यस्तो नराम्रो थिएन भन्नेसमेतको प्रतिवादीका साक्षी गणेशबहादुर वि.क.ले गरेको बकपत्र ।

### अदालतको ठहर

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् का.म.जिल्ला न्यायाधिवक्ता श्री वासुदेव शर्माले प्रतिवादी उपर किटानी जाहेरी परेकोमा प्रतिवादी मौकामा तथा अदालतमा आरोपित कसुरमा सावित रही बयान गरेका छन् । यद्यपि पीडितको अदालतमा बकपत्र गर्दा आफू उपर करणी भएको होइन भनी लेखाइदिए पनि निजको स्वास्थ्य परीक्षणबाट करणी भएको पुष्टि भइरहेको हुँदा दाबी बमोजिम सजाय हुनुपर्छ भनी गर्नुभएको बहस तथा प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अभिवक्ता श्री जितविक्रम मल्लले प्रतिवादी उपर कसुर स्थापित हुनको लागि वस्तुनिष्ठ प्रमाण गुजार्न पर्ने कानुनी व्यवस्था छ तर पीडित स्वयंले अदालतमा आई प्रतिवादीलाई सफाइ दिई बकपत्र गरिदिएकी छन् त्यसबाट पनि प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्दैन । यसको अलावा पीडित भनिएकी सीता वि.क.को स्वास्थ्य परीक्षणबाट पनि वारदात भएको देखिएको छैन, स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले करणी हुन सक्छ भनी राय दिन मिल्दैन । आफ्नो अधिकारभन्दा बाहिर गएर दिएको रायलाई मान्यता दिई कसुर ठहर गर्न मिल्दैन । त्यस्तै दशी बरामद हुन सकेको छैन । महिलामा देखिने सामान्य प्रकृतिका दाग घाउले वारदातलाई प्रमाणित गर्न सक्तैन । तसर्थ प्रतिवादीले सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस सुनियो ।

मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा, प्रतिवादी उपर जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिमको सजाय भई हाडनातातर्फ हाडनाता करणीको महलको २ नं. बमोजिम थप सजायसमेत माग दाबी लिई अभियोग दायर भएको प्रस्तुत मुद्दामा प्रतिवादी मौकामा तथा अदालतमा आफ्नै बुहारी नाताकी सीता वि.क.लाई जबरजस्ती करणी गरेमा सावितै रहेका छन् तर करणी भएकी भनिएकी जाहेरवाली सीता वि.क.ले सुरु जाहरीमा किटानी व्यहोरा लेखाए पनि अदालतमा आई बकपत्र गर्दा आफूउपर जबरजस्ती करणी नभएको भन्ने व्यहोरा लेखाउँदै आरोपित कसुर गरेमा प्रतिवादीलाई सफाइ दिएकी छन् । यसरी प्रतिवादीको साविती र पीडितको बकपत्रसमेतका आधारबाट प्रतिवादीले आरोपित कसुर गरेका हुन् होइनन् ? भन्ने कुरा नै विवादको विषय भै निर्णय दिनुपर्ने देखिन्छ ।

यसमा मिति २०६५।०४।०१ को राति आफूलाई ससुरा नाता पर्ने प्रतिवादी कर्णबहादुर वि.क.ले जबरजस्ती करणी गरेको भनी जाहेरी दरखास्त परी अनुसन्धान भई अभियोग पत्र दायर भएको छ । प्रतिवादीले मौकामा तथा अदालतमा बयान गर्दा रक्सीको नशाको सुरमा जबरजस्ती करणी गरेकोमा सावित भई व्यहोरा लेखाइदिएका छन् । मौकामा कागज गर्ने दुर्गा सुनुवारसमेतका मानिसहरूले यी जाहेरवालीले भनेको आधारमा प्रतिवादी उपर कसुर गरेको व्यहोरा लेखाइदिएका छन् । यसरी जाहेरी दरखास्त एवं अनुसन्धानको क्रममा गरिदिएको कागजसमेतले प्रतिवादीको साविती समर्थन भइरहेको छ तर जाहेरवाली एवं मौकाका मानिसहरूले अदालतमा आई बकपत्र गर्दा आफूले दिएको जाहेरी एवं मौकाको कागजको प्रतिकूल हुने गरी लेखाइदिएबाट यी बकपत्रले प्रस्तुत वारदातको सन्दर्भमा के कति महत्व राख्दछन् ? भन्ने कुराको निरोपण हुनुपर्ने देखिन्छ । सुरु जाहेरीमा यी जाहेरवालीले आफूउपर रातको समयमा जबरजस्ती करणी भएको व्यहोरा लेखाएकी छन् । जबरजस्ती करणीको वारदात स्थलमा मूलतः पीडित र पीडकको उपस्थिति हुने र अपराध स्थापित गर्नका लागि पीडितको स्वास्थ्य अवस्थाले महत्वपूर्ण स्थान राख्ने गर्दछ । पीडक भनिएका प्रतिवादी सावित्तै रहेको अवस्थामा पीडित प्रतिकूल भई उपस्थित भइरहेकी छिन् । आफू उपर जबरजस्ती करणी भएको होइन भनी प्रतिकूल बकपत्र गरे पनि वारदात भएको भनिएको रातमा प्रतिवादीको उपस्थितिलाई भने अन्यथा भन्न सकेकी छैनन् । निजले गरिदिएको बकपत्रको स.ज.६ मा "…………………रक्सी खाएर मातेर खाटमा सुत्नुभएको थियो, राति खाटबाट

खसेर म सुतेको ठाउँमा खस्नुभएको हो, खाटमा सुत्न जानुभएको हो ।................"आदि व्यहोरा लेखाइदिएकी छन् । यी व्यहोराले जबरजस्ती करणी भएको होइन भनी लेखाउन खोजे पनि रातको समयमा बुहारी सुतेको ठाउँमा प्रतिवादीको उपस्थितिलाई मात्र नभई आफूलाई समाएको भन्ने कुरामा सम्म निज जाहेरवालीले स्वीकार गरेकी छन् । जाहेरवालीले प्रतिवादीको उपस्थिति एवं आफूलाई समाएकोमा सम्म स्वीकार गर्दै कसुर गरेमा प्रतिकूल अभिव्यक्ति दिएपछि सो अभिव्यक्ति पर्याप्त हो होइन भन्ने कुरा हेर्नुपर्ने हुन्छ । यसका लागि जाहेरी दरखास्त लगायतका मिसिल संलग्न अदालतबाट रिता माझीको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी श्याम माझी भएको जबरजस्ती करणी मुद्दा (ने.का.प.२०३१, नि.नं.७४११) मा "फौजदारी मुद्दामा अभियुक्तले अपराध गरेको हो कि होइन भन्ने तथ्यगत सवुदहरूको आधारमा निर्णय गर्ने कुरा हो, अपराधीलाई बचाइदिन नियतले स्वयं पीडित लगायत कसैले बयान दिन सक्ने स्थितिलाई ध्यानमा राखी न्यायकर्ताले निर्णय दिँदा कसैलाई सफाइ दिने बयान दिँदैमा अभियुक्त निरपराध ठहर गर्नुपर्ने वा कसैले अभियुक्तविरुद्ध बयान दिँदैमा अपराधी ठहरिनै पर्ने भन्न सकिन्न । व्यक्तिको बयानलाई सवुदैको रूपमा मात्र लिन सकिन्छ तर अकाट्य प्रमाण मान्न सकिन्न" भनी प्रतिपादित सिद्धान्त आकर्षित हुने देखिन्छ ।

माथि उल्लेखित प्रतिपादित सिद्धान्तलाई प्रस्तुत मुद्दाको सन्दर्भमा हेरिँदा जाहेरवाली र प्रतिवादी दुवै एकासंगोलका ससुरा बुहारी नाताभित्रका हुन् । प्रतिवादीले दिउँसैदेखि रक्सी सेवन गरेको अवस्था छ । एकै स्थानमा अलगअलग बिछ्यौनामा दुवैजना सुतिरहेको अवस्थामा आफूलाई करणी भएको भनी दिएको सुरु जाहेरीमा घटनाक्रमलाई खुलाइएको छ, सो व्यहोरा र मौकामा भए गरेका कागज एवं प्रतिवादीको बयानका बीच तालमेल भइरहेको छ । यसको अलावा जाहेरवाली पीडितको स्वास्थ्य परीक्षणले समेत करणी भएको तर्फ बोलिरहेको छ । पीडितउपर २०६५।०४।०१ को राति कसुर भई २०६५।०४।०३ मा स्वास्थ्य चौकी जुँगार र २०६५।०४।०६ मा जिल्ला अस्पताल रोल्पाको पत्रबाट स्वास्थ्य परीक्षण भएको प्रतिवेदन प्राप्त भई मिसिल संलग्न रहेको देखिन्छ । मिसिल संलग्न स्वास्थ्य चौकी जुँगारको परीक्षण प्रतिवेदनबाट निम्न कुरा उल्लेख भई आएको छ ।

1. Swelling of Libia Majora and Libia Minora.
2. Swelling of Vulva.
3. Redness of Vulva.
4. Pain of Vulva
5. Dysuria and tenderness.

त्यस्तै जिल्ला अस्पताल रोल्पाको च.नं. २ मिति २०६५।०४।०६ गतेको पत्रबाट प्राप्त परीक्षण प्रतिवेदनबाट निम्न विवरण देखिन्छ ।

१) योनीको ओष्ठ सुन्निएको र इन्फाभेसन भएको सेतो बाक्लो तरल पदार्थ योनीमा पाइयो । पाठेघरको मुखमा इन्फामेसन भएको ।

२) Sign of Struggle and Swelling on Vulva भएकोले करणी भएको हुन सक्छ ।

३) स्वास्थ्य परीक्षण गर्न निकै ढिलो भएकोले High Vaginal Swab नराखिएको ।

४) दुई स्तनको बीचमा (Sternal area) कोतरिएको दाग ।

यी उल्लेखित दुवै परीक्षण प्रतिवेदन हेर्दा योनीमा संघर्षका चिन्हका अतिरिक्त Vulva मा Swelling भएको छ । स्तनको बीचमा कोतरिएको दाग देखिन्छ ।

प्रतिवादीतर्फका कानुन व्यवसायीले बहसको क्रममा विशेषज्ञले करणी भएको हुन सक्छ भनी दिएको रायको आधारमा ठहर गर्न मिल्दैन भनी प्रश्न उठाउनुभएको सन्दर्भलाई सर्वप्रथम स्पष्ट पार्नु आवश्यक छ । जिल्ला अस्पतालको प्रतिवेदनमा करणी भएको हुन सक्छ भन्ने राय प्राप्त भएको छ । विशेषज्ञले परीक्षण गर्दा पीडितको स्वास्थ्यमा देखा परेका घाउ, चोट, चिन्ह, लक्षण, आदिसम्म उलेख गरी प्रतिवेदन दिनुपर्ने र सो प्रतिवेदनलाई संकलित अन्य प्रमाण कागजातसँग राखी भिडाई निष्कर्षमा पुग्नुपर्ने जिम्मेवारी न्यायकर्ताको हुन्छ । विशेषज्ञबाटै परीक्षण प्रतिवेदनमा करणी भएको हुन सक्छ भनी लेखिएको छ । अनुसन्धान अधिकारीबाट यस्ता मुद्दाहरूमा पीडितको घाउ, खत, चोटपटक, योनीको अवस्था वीर्य भए नभएको आदि लक्षणको सन्दर्भमा जाँच गर्न पठाउनुपर्ने हुन्छ । तर सोभन्दा अगाडि बढेर न्यायको रोहमा नभएको आदि लक्षणको सन्दर्भमा जाँच गर्न पठाउनुपर्ने हुन्छ । तर सो भन्दा अगाडि बढेर न्यायको रोहमा बोलिने अभिव्यक्ति आउने गरी जबरजस्ती करणी भएको छ छैन आदि प्रश्नावली सोध्न मिल्ने देखिँदैन । तसर्थ त्यसतर्फ अनुसन्धान अधिकारी एवं अभियोजन पक्षले सदैव ध्यान दिनु आवश्यक ठानिएको छ ।

माथि भनिएको छ कि अपराधीलाई बचाइदिने नियतले स्वयं पीडितले बयान दिए पनि त्यसलाई मात्र आधार मानी निर्दोष ठहर गर्न मिल्दैन । यसका लागि समग्र प्रमाणको मूल्याङ्कन गरिनुपर्छ । वारदातको प्रकृतिले कहिलेकाहीँ स्वास्थ्य परीक्षणबाट पीडितको शरीरमा संघर्षका चिन्ह देखिनु नदेखिनुले करणीको वारदातमा महत्व राख्दैन भन्ने कुरालाई न्याय सम्पादनको क्रममा हाम्रो न्याय प्रणालीमा अंगीकार गरिसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा पीडितमा देखिएका घाउ, चिन्हले विशेष महत्व राखेका छन् । पीडितको छातीमा भएको दाग, योनीको ओष्ठ सुनिएको, कष्नल या कतचगननभि बलम कधभष्लिन यल खगखिब भन्ने प्रतिवादीले जबरजस्ती करणी भएको देखाउने यथेष्ट प्रमाण भएको पुष्टि गरेको छ ।

हुनत प्रतिवादीका तर्फबाट विद्वान् अभिवक्ताले बहसको क्रममा वीर्य वा अन्य दशी प्रस्तुत हुन सकेको छैन, पीडितमा देखिएको दाग, महिलामा देखिने स्वाभाविक प्रकृतिका हुन्, जाहेरवालीले प्रतिवादीलाई सफाई दिएकी छन् भनी जिकिर लिनुभएको छ। त्यसतर्फ विचार गर्दा, वारदातको लगत्तै नभई पर्सिपल्ट अर्थात् २०६५।०४।०३ का दिनदेखि परीक्षण सुरु भएको छ । दुई दिनको अन्तरालमा वीर्य नदेखिनु र दशी नभेट्नु हाम्रो सामाजिक परिवेश र समयको अन्तराललाई विचार गर्दा स्वाभाविकै मान्नुपर्ने हुन्छ । आरोपित कसुरबाट उन्मुक्ति पाउनका लागि विद्वान् अभिवक्ताले प्रस्तुत गर्नुभएको उपरोक्त बहस जिकिर मात्रै पर्याप्त हुन सक्दैन । यसका लागि अन्य प्रमाणबाट सफाइ पाउनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा वीर्य र दशी नभए पनि घाउ खत योनीको अवस्थाबारे प्रतिवादीले औल्याएको छ। स्वास्थ्य परीक्षणले देखाएको घाउ खत र योनीको अवस्था विद्वान् अधिवक्ताले जिकिर लिएजस्तो स्वाभाविक प्रकृतिका नभई जबरजस्ती करणीको अवस्थामा देखिने प्रकृतिसँग मिलेको छ । यी तथ्यहरूले कसुर स्थापित गर्न मद्दत गरिरहेको छ । जहाँसम्म विद्वान् अधिवक्ताले जाहेरवालीले गरेको बकपत्रलाई उल्लेख गर्नुभएको छ त्यसतर्फ विचार गर्दा, जबरजस्ती करणी मुद्दाको प्रकृतिलाई समग्र समाजसँग जोडेर हेर्नुपर्ने हुन्छ । एउटी पीडित महिलाले व्यक्त गरेको कुराले समग्र समाजलाई नै प्रभाव पार्ने हुँदा यस्तो मद्दालाई अदालतले बढी संवेदनशील भई हेर्नुपर्छ । सम्पूर्ण समाजको मूल्य र मान्यतासँग जोडिएको यस्तो मुद्दामा एउटा प्रमाणको कारणले अन्य प्रमाणको औचित्यमाथि प्रश्न उठाउन न्यायको रोहमा मिल्दैन । यसमा पनि हाम्रो जस्तो सामाजिक परिवेशमा कतिपय अवस्थामा लोक लाजको कारणले आफ्ना सबै कुरा व्यक्त गर्न

नसक्ने, गरिहाले पनि घटना क्रमलाई सविस्तार वर्णन गर्न नसक्ने मात्र होइन लोक लाज वा प्रभावमा परेको कारणले आफूमाथि भएको कसुरलाई सफाइ दिने गरी पीडित महिला अदालतमा प्रस्तुत हुने नगरेको होइन र पछिल्लो सन्दर्भ प्रस्तुत मुद्दाको ज्वलन्त उदाहरण हो । पीडित महिलाले गरेको प्रतिकूल बयानलाई मात्र उन्मुक्तिले समाजलाई अपराधीको आश्रयस्थल बनाउने मात्र होइन, प्रकारान्तरमा जघन्य एवं पाशविक अपराध गर्नेहरूको लागि समाज उर्वर भूमिका परिणत हुन जान्छ । महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ ले महिलाको अधिकारलाई सम्मान गर्दै सो को पालना गर्न सबै पक्षलाई निर्देश गरे अनुरूप महिलाको हक अधिकारप्रति अदालत सदैव सजग रहेको छ । पीडित प्रतिकूल हुँदैमा सो कुराले समग्र महिलामाथिको सम्मान र प्रतिष्ठामाथि प्रश्न उठ्ने मौका दिन हुँदैन । अन्य प्रमाणबाट स्थापित तथ्यलाई विस्थापित गर्नु भनेको आम महिलामाथि अन्याय हुन हो ।

प्रस्तुत मुद्दाको सर्न्भमा श्री ५ को सरकारविरुद्ध श्याम माझी भएको जबरजस्ती करणी मुद्दामा व्याख्या भइसकेको सन्दर्भ आकर्षित हुने कुरामाथि नै उल्लेख गरिसकिएको छ । यस अवस्थामा प्रतिकूल बकपत्रलाई अकाट्य आधार मानी त्यसलाई मात्र ग्रहण गरी अदालत आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन । यस कुरामा इजलास दृढ छ । तसर्थ उल्लेखित आधारबाट जोहेरवालीको प्रतिकूल बकपत्रको सन्दर्भलाई लिएर विद्वान् अधिवक्ताले उठाउनुभएको जिकिरसँग यो इजलास सहमत हुन सकेन ।

यसरी जाहेरवाली र प्रतिवादीबीचको नाता सम्बन्धको कारणले प्रमावमा परी बकपत्र गर्नुपर्ने बाध्यतालाई नकार्न नसकिने हाम्रो सामाजिम परिवेशमा केवल जाहेरवालीको प्रतिकूल बकपत्रले मात्रै महत्वपूर्ण स्थान ग्रहण गरी प्रतिवादीलाई उन्मुक्ति दिन मिल्दैन । यसका लागि अन्य प्रमाणबाट पुष्टि हुनुपर्छ पीडितको स्वास्थ्य परीक्षणको सेरोफेरोभित्र रही वारदातको समग्र अवस्था, परिस्थिति एवं परिवेशलाई माथि वर्णन गरिए अनुरूप मूल्याङ्कन गरी निष्कर्षमा पुग्दा प्रतिवादी कर्णबहादुर वि.क.लाई निर्दोष मान्न मिलेन, सो नमिल्नाले निजले अभियोग दाबी बमोजिमको कसुर गरेको ठहर्छ ।

अब यसरी यी प्रतिवादीले आरोपित कसुर, गरेको ठहरेकाले निजलाई के कति सजाय हुने हो ? भनी विचार गर्दा पीडित जाहेरवाली र प्रतिवादीका बीचको नाता सम्बन्ध, निजहरूको कथन तथा अभियोग दाबीसमेतलाई विचार गर्दा जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ वर्ष कैद भई हाडनाता करणीको महलको २ नं. ले हुने ३ वर्ष कैदसमेत थप सजाय भई ८ (आठ) वर्ष कैद हुने ठहर्छ । अभियोगपत्रमा पीडितलाई उचित क्षतिपूर्ति दाबी भइरहेकोमा यी प्रतिवादीको अन्य स्रोत रहे भएको भन्ने कुराको प्रमाण दाबीबाट गुजार्न सकेको नदेखिनुका साथै निजका नाउँमा जग्गा जमिन नभएको मालपोत कार्यालय राल्पाको च.नं. ५६६ मिति २०६६।०२।१८ को पत्रबाट लेखिएको हुँदा क्षतिपूर्ति भराई दिइरहन परेन । अरू तपसिल बमोजिम गर्नू ।

**तपसिल**

प्रतिवादी कर्णबहादुर वि.क.ले माथि इन्साफ खण्डमा लेखिए बमोजिम निजलाई जबरजस्ती करणीको महलको ३(४) बमोजिम ५ वर्ष तथा हाडनाता करणीका २ नं. बमोजिम ३ वर्ष गरी जम्मा ८ वर्ष कैद हुने ठहरेकाले निज प्रहरी हिरासतमा रहेको मिति २०६५।०४।०३ देखि लागू हुने गरी कैदको लगत कसी कैदी पुर्जी दिनू ।........................................................................................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम ७० दिनभित्र पुनरावेदन अदालत तुल्सीपुरमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू ।.......................................२

फैसलाको प्रतिलिपिसहितको जानकारी जिल्ला सरकारी वकिल कार्यालय रोल्पालाई दिनू ।..............................३

सरोकारवालाले नक्कल माग्ने कानुनको रीत पु¥याई नक्कल दिनू ।..........................................................४

डायरीको लगत कट्टा गरी मिसिल अभियोग शाखामा बुझाइदिनू । ..........................................................५

............................
कृष्णकमल अधिकारी
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल आषाढ १४ गते रोज १ शुभम् .............................................।

**श्री पर्वत जिल्ला अदालत**
**बन्द इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री रमेशकुमार खत्री**
**फैसला**
**संवत् २०६५ सालको फौ.दा.नं. ०००१५ नि.नं.११०**
***मुद्दा :- जबरजस्ती करणी***

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| पर्वत जिल्ला धाइरिङ्ग गा.वि.स. वडा नं.९ बस्ने स्वर्णबहादुर रेग्मी (परिवर्तित नामको) को जाहेरीले नेपाल सरकार..........................१ | पर्वत जिल्ला धाइरिङ्ग गा.वि.स. वडा नं.६ बस्ने गोविन्दप्रसाद पौडेलको छोरा वर्ष २९ भन्ने रुद्रप्रसाद पौडेल....................१ |
| | **प्रतिवादीका साक्षी** |
| | तारानाथ आचार्य ..................................................१ |
| **वादीका साक्षी** | केशव आचार्य .......................................................१ |
| जाहेरवाला, पीडित लगायत देखिजान्ने/ | कूलप्रसाद आचार्य...................................................१ |
| सुनिजान्ने/बुझिएका तथा वस्तुस्थिति | हरिप्रसाद आचार्य ..................................................१ |
| मुचुल्का मानिसहरू...........................१ | टंकप्रसाद आचार्य ..................................................१ |

**अदालतबाट बुझेको कागज**

पीडित पढ्ने गरेको विद्यालयबाट प्राप्त विवरण
उपलब्ध गराइएको जानकारी पत्र ...................१

**अदालतबाट बुझेको साक्षी**

केशव जैसी.(आचार्य) ..................................१
हरिप्रसाद आचार्य........................................१
पीडित सविना रेग्मी (परिवर्तित नाम)................१
बलबहादुर बुढाथोकी मगर ............................१
कौशिला बुढा मगर .....................................१
धनमाया थापा ...........................................१
जाहेरवाला स्वर्णबहादुर रेग्मी (परिवर्तित नाम)......१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतमा क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको पक्षको गोपनीयता कायम राख्ने निर्देशिका, २०६४ अनुसार जाहेरवालाको वास्तविक नाम परिवर्तन गरी स्वर्णबहादुर रेग्मी तथा पीडितको सविना रेग्मी कायम गरिएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार :-

योनी सामान्य च्यातिएको र योनी सामान्य रातो योनी रस निस्किएको भन्ने पीडित (परिवर्तित नाम) सविना रेग्मीको शारीरिक जाँच रिपोर्ट ।

मिति २०६४।०४।२३ गतेको दिन मेरो वाक (अपाङ्ग) छोरी अभियुक्त रुद्रप्रसाद पौडेलको घरमा खेल्न भनी गएको अवस्थामा अभियुक्तले आफू बस्ने कोठामा बोलाई आफ्नोसमेतलाई बाहिर पठाई बन्द गरी मेरी छोरीको कपडा खोली शारीरिक विभिन्न संवेदनशील अंगहरूमा सुम्सुम्याई योनीमा तेल लगाई जबरजस्ती करणी गरेको हुँदा निज अभियुक्तलाई पक्राउ गरी कानुन बमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम स्वर्णबहादुर रेग्मीको जाहेरी दरखास्त ।

मिति २०६४।०४।१३ गतेका दिन म मरो बहिनी प्रतिवादीको घरमा खेल्न गएको अवस्थामा प्रतिवादी म बहिनी र प्रतिवादीका छोराछोरीसमेतलाई निजको घरभित्र बोलाई मेरी बहिनी र प्रतिवादीका छोराछोरीलाई घरबाहिर पठाई ढोका वन्द बरी मलाई बिस्तरामा सुताई मेरो जामा योनीसमेतमा हातले समाई गालामा मुख जोडी प्रतिवादीको ठूलो भएको लिङ्ग मेरो योनीमा जोड्दा मलाई दुखेको हुँदा म कराएर छटपटाएको हुँदा प्रतिवादीले छोडिदिएपछि घरबाहिर निस्की भागेकी हुँ । मेरो योनी पिसाब गर्दा पोल्ने र दुख्ने गर्दछ औषधि सेवन गरिरहेको छु निज प्रतिवादीलाई कानुन बमोजिम कडा कारबाही हुनुपर्दछ भन्ने व्यहोराको पीडित परिवर्तित नाम सविना रेग्मीको बुवा जाहेरवालाको रोहवरवालाको रोहवरमा गरेको कागज ।

जिल्ला पर्वत धाइरिङ्ग गा.वि.स. वडा नं.६ लालुम खानीस्थित पूर्वमा रैमती शर्माको आवादी बारी, पश्चिममा ऐ.को आवादी बारी, उत्तरमा ऐ.को आवादी बारी, दक्षिणमा ऐ. को घर आँगन यति चार किल्लाको बीचमा पश्चिम मोहडा भएको खरले छाएको १ वटा कोठा भएको रुद्रप्रसाद पौडेल रहने बस्ने निजको आमा रैमतीको नाममा रहेको ढुंगा माटोले बनेको घर उक्त घरको ढोकाबाट भित्र प्रवेश गर्दा ढोकाबाट अन्दाजी ३ फुटभित्र मझेरीमा परालको गुन्द्री ओछ्याएको उक्त गुन्द्रीमाथि मिति २०६६।०४।१३ गतेका दिन बेलुका अन्दाजी ६:०० बजेको समयमा प्रतिवादी रुद्रप्रसाद पौडेलले परिवर्तित नाम सविना रेग्मीलाई जबरजस्ती करणी गरेको ठाउँको चार किल्लासहितको घटनास्थल मुचुल्का ।

मिति २०६६।४।१३ गते मेरो आमा छोराको आँखामा फुलो परेको हुँदा छोराको फुलो फुक्न भनी १ घण्टा पैदलको बाटो धारापानी भन्ने ठाउँमा जानुभएको थियो, घरमा सानो छोरा र ११ वर्षकी छोरी र मसमेत तीनजना थियौं । दिनभर घाँस काट्ने र घरको धन्दा गरी बेलुका अन्दाजी ५:३० बजेतिर म आफ्नै घरभित्र कोठामा सुती कान्छो छोरालाई बोलाई मेरो खुट्टामा मालिस गराई आनन्द लिइरहेको थिएँ । सोही बेला जाहेरवालाकी छोरी बहिनीसमेत लिई मेरो घरमा आई खेल्दै थिए । बेलुका अन्दाजी ६ बजेतिर पीडित सविना रेग्मी मेरो कोठामा सुतिरहेको ठाउँमा गएकी हुँदा निजलाई समेत मेरो खुट्टा मालिस गर्न लगाई मेरो छोरालाई तेल लिन पठाई छोरा तेल लिएर आउँदा मलाई इमोसन आएको हुँदा सविनालाई समाई निजलाई छोडी दिई मेरो वीर्य बिस्तरामा फालेको हुँ र निजको योनीमा मैले एकपटक मात्र लिङ्ग घर्षण गरेको हुँ निजको योनीबाट रगत र चिप्लो पदार्थ निस्के ननिस्केको मैले हेरिनँ, निजको योनीमा मेरो लिङ्ग केही मात्रामा छिरेको हो, मैले आफूखुसी जबरजस्ती करणी गरेको हुँ भन्नेसमेत व्यहोराको कृष्ण भन्ने रुद्रप्रसाद पौडेलको अनुसन्धानको क्रममा गरेको बयान ।

मिति २०६६।०४।१३ गते अन्दाजी ५:३० बजेतिर म र दिदी खेल्न भनी प्रतिवादीको घरमा गएका थियौं, सोहीपश्चात् जाहेरवाला परिवर्तित नाम स्वर्णबहादुर रेग्मीको छोरा वर्ष ११ की परिवर्तित नाम सविना रेग्मीलाई प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेलको छोराछोरीसँग खेल्न भनी आएको बखतमा आफ्नो घरको कोठामा लगी

जबरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीलाई कानुन बमोजिम कडा कारबाही गर्नुपर्छ भन्ने एकै मिलान व्यहोराको धनमाया थापासमेत जना ३ ले गरेको वस्तुस्थिति मुचुल्का ।

यसमा प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेलले आफ्नो घरमा खेल्न आएकी वर्ष ११ की बोल्न नसक्ने लाटी (परिवर्तित नाम) सविना रेग्मीलाई ललाई फकाई करणी गरी मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. अनुसार जबरजस्ती करणीको कसुर अपराध गरेको स्पष्ट हुन आएको र पीडित (नाम परिवर्तित) सविना रेग्मी वर्ष ११ की भएको देखिँदा उक्त अपराध कसुरमा निज प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेल ऐ. मुलुकी ऐन जबरजस्ती करणीको महलको ३ नं. को दहाय (२) अनुसार सजाय हुन र निज पीडित बोल्न नसक्ने लाटी अपाङ्गसमेत भएको खुल्न आउँदा ऐ. ऐ. को ३ क नं. बमोजिम थप सजाय गरी ऐ. ऐ. को १० नं. तथा १० ग नं. बमोजिम कसुरदारबाट पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउन मागदाबी लिई पक्राउ प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेल र निम्नलिखित सक्कल कागजात मिसिल यसैसाथ संलग्न छ भन्नेसमेत व्यहोराको अभियोग माग दाबी ।

जाहेरी दरखास्त लगायत अनुसन्धानको क्रममा भई गरेका कागजातहरूको व्यहोरासमेत पढी बाँची सुनाउँदा सुनी पाएँ । मेरो व्यहोरा यो छ कि मैले मेरो घरमा मेरा कान्छा छोरालाई मेरो खुट्टा माडिदे भनेअनुसार मेरो कोठामा म सुतिरहेको थिएँ । छोराले खुट्टा माडी रहेको थियो, पीडितलाई मैले जबरजस्ती करणी गर्ने, तेल लगाउने, कपडा खोल्ने, नाङ्गो सुताउनेसमेतको कार्य मैले गरेको होइन । जाहेरी झुट्टा व्यहोरा लेखिएको रहेछ, केटाकेटी झगडा गरेकोले मैले पीडितलाई तानेको मात्र हुँ । अरू केही गरेको होइन, साथै म नियमित रूपमा औषधि खाइरहने, मानसिक रोगी भएको र अनुसन्धानको क्रममा मलाई बयान गराउँदा मैले जबरजस्ती करणी गरेको होइन भनी भनेको थिएँ । मानसिक औषधि खाने र उक्त औषधि झ्याम्म लागेको थियो, सरहरूले मैले नभनेको कुरालाई साविती गराई लेखाउनुभएको रहेछ, मलाई सुनाउने कार्य पनि भएन, मैले बयानमा जबरजस्ती करणी गरेको कुरा झुट्ठा हो । साथै अनुसन्धानको क्रममा कागज गर्नेले लेखाएको व्यहोरासमेत झुट्ठा हो भनी प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेलेले यस अदालतमा गरेको बयान कागज ।

मिति २०६६।०४।१३ गते बेलुका ६ बजेतिर म यी प्रतिवादीको घरमा आइपुग्दा यी प्रतिवादी आफ्नो कघरको कोठामा सुतेको थिएँ, निजका छोराछोरीहरू बाहिर आँगनमा खेलेका थिए । मैले निज प्रतिवादीलाई के भयो भन्दा मानसिक औषधि खाएको रिंगटा लाग्यो र पल्टेको छु भन्थे, म त्यहाँ करिब ३० मिनेट जति निज सुतेको कोठामा बसेको थिएँ । मैले त्यहाँ केटाकेटी रोई-कराई रहेको देखिनँ । सुनिनँ, प्रतिवादी र म त्यहाँ सँगै भएको हुनाले निजले करणी गरेको होइन भनी प्रतिवादीका साक्षी केशव जैसीले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६६।०४।१३ गते बेलुका ६ बजेतिर यी प्रतिवादी यी प्रतिवादी रुद्रप्रसाद पौडेलको घरअगाडि आँगनको बाटोबाट आफ्नो घर जाँदै थिएँ । त्यति बेला उनको आँगनमा २, ३ जना केटाकेटी खेलिरहेका थिए । निज रुद्रप्रसाद पौडेललाई घरभित्र चुलोमा देखेको थिएँ । उक्त अवस्थामा मैले बच्चा रोई कराई गरेको देखिनँ, सुनिनँ, प्रतिवादीले बच्चा कराएको कल गरेको पनि देखिनँ, वादीको व्यहोराअनुसारको क्रियाकलाप भएको होइन, निज मानसिक रोगी भएको कारण औषधि सेवन गर्ने गरेका र कहिलेकाहीँ उनका क्रियाकलापले त्यस समाजमा कोही कसैलाई केही बाधा पर्न गए होला, त्यसबाहेक यस्तो अभियोग लगाउनुपर्ने कुनै कारण मैले देख्दिनँ भन्ने प्रतिवादीका साक्षी हरिप्रसाद आचार्यले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीलाई चिनेको छौं भन्दा टाउको हल्लाएर संकेत गरेकी, प्रतिवादीले तिमीलाई के गरेको भन्दा पीडितले व्यक्त गर्न नसकेको, आमा बुवा र शिक्षक मात्र चिनेको, आफूलाई भएको कुरा व्यक्त गर्न सिकी

नसकेको भन्ने निजलाई पढाउने शिक्षक वसन्तराज भण्डारीद्वारा प्रस्टाउनुभएको पीडितले इशारा गरेअनुसार निजको आमा, फुपू र शिक्षकसमेतको सहयोगबाट माथि उल्लेखित कुरा खुलेको र अन्य कुरा खुल्ल नसकेकोले बकपत्र समाप्त गरिएको भन्ने व्यहोराको पीडित सविना रेग्मी, (परिवर्तित नाम) को यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीले दिदीको जामा घुँडामाथि लगेको थियो, पैसा दिन्छु भनेको थियो, खुट्टा माड्दे भनेको थियो । उक्त कार्य प्रतिवादीको घरको कोठामा भएको र त्यहीँ गुन्द्री पनि थियो भनी मौकामा कागज गर्ने कौशिला बुढामगरले यस अदालतमा गरेको बकपत्र ।

मलाई घटनाको मिति याद भएन । उक्त दिन म खेतमा रोपाइँका लागि गएकी र रोपाइँ सकेपछि घरमा आउँदा खरिमाया आउनु मलाई बोलाउन आउनुभएकोमा म त्यहाँ निजको घरमा गएँ, त्यहाँ गएपछि घटनाका बारेमा थाहा पाएँ । म स्वास्थ्य स्वयंसेविका भएकीले मैले सविनाको शरीर हेरें, हेर्दा गुप्ताङ्ग एकदम रातो भएको थियो, त्यसपछि सबै दिदीबहिनी भई प्रतिवादीको घरमा गयौं, त्यहाँ गएपछि रुद्रप्रसाद र निजको आमालाई उठायौं । निजको आमालाई थाहा रहेनछ, निज भस्किइन्, भोलिपल्ट त्यहाँ के के भयो थाहा भएन भनी मौकामा कागज गर्ने धनमाया थापाको यस अदालतमा गरेको बकपत्र ।

मिति २०६६।०४।१३ गते म र मेरो श्रीमती घरमा नभएको अवस्थामा छोरीहरू घरदेखि केही टाढा खेल्न गएकोमा यी प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेलले सविना रेग्मी (परिवर्तित नाम) लाई जबरजस्ती करणी गर्न लाग्दा पीडित सविना रेग्मी चिच्याई कराइरहेको अवस्थामा निजको बहिनी कौशिलाले सुनेपछि निज कौशिला दिदी कराइरहेको अवस्थामा जाँदा निज प्रतिवादी त्यहाँबाट निस्की भागी हिँडेको रहेछ । बेलुका म र मेरो श्रीमती कामबाट फर्की घरमा आउँदा छोरी कौशिलाले उक्त घटनाबारे जानकारी दिएकी हुन् । घटनाबारे निज प्रतिवादीसँग सोधपुछ गर्दासमेत करणी गरेको कुरामा प्रतिवादीले स्वीकार गरेका हुँदा सोही आधारमा मैले जाहेरी दिएको हुँ, साथै छोरी सविना घरमा आउँदा राइरहेकी र किन रोएकी भन्दा निजले उक्त घटनाबारे बताएकी थिइन् । निज सविना नबोल्ने हुँदा निजको इसारा, र हाउभाउबाट केही संकेत पाई उनको बहिनीले सबै विवरण बताएकी छन् । जाहेरी दरखास्त मैले भने बमोजिम लेखिएको ठीक साँचो हो भनी जाहेरवाला स्वर्णबहादुर रेग्मी (परिवर्तित नाम) ले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६६।०४।१३ गते साँझ म आफ्नै घरमा थिएँ । यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कुरा मैले सोही राति ८:०० बजेतिर पीडित सविनाको आमाले भनेर थाहा पाएको हुँ । त्यसपछि गाउँका युवाहरू र आमा समूह भई यी प्रतिवादीको घरमा गै सोधपुछ गर्दा निज प्रतिवादी रुद्रप्रसाद पौडेलले सविना रेग्मीलाई जबरजस्ती करणी गरेको कुरा स्वीकार गरेका थिए, भनी अनुसन्धानको क्रममा वस्तुस्थिति मुचुल्कामा बस्ने बलबहादुर बुढाथोकीले यस अदालतमा गरेको बकपत्र ।

**अदालतको ठहर**

नियमानुसार दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री सुरेन्द्रराज काफ्लेले पीडितलाई जबरजस्ती करणी भएको कुरा निजको शारीरिक जाँचबाट पुष्टि भएको, प्रतिवादी रुद्रप्रसाद पौडेल अधिकरा प्राप्त अधिकारीसमक्ष पीडितलाई जबरजस्ती करणी गरेमा सावित देखिएका र सो कुरा प्रत्यक्षदर्शी कौशिलाको बकपत्रबाट पुष्टि

भइरहेको समेत हुँदा प्रतिवादीलाई दाबी बमोजिम सजाय गरी पीडितलाई क्षतिपूर्तिसमेत दिलाई पाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गणेशबहादुर कुँवरले पीडितको शरीरको जाँचबाट र निजको भित्री अंगमा कुनै घाउ चोट लागेको छैन । योनीबाट रगत आएको योनीमा वीर्य फेला परेको अवस्थासमेत छैन । जाहेरवाला पीडित र प्रत्यक्षदर्शीको भनाइ एकआपसमा फरक छ । पीडितले यस अदालतमा उपस्थित भई बकपत्र गर्दा एक शब्द पनि बोल्न सकेकी छैनन् । त्यही पीडितले मौकामा विविध कुरा खुलाएको भन्ने व्यहोरा शंकास्पद छ । मौकाको कुराहरू मेरो पक्षलाई फसाउन उल्लेख गरी पीडितको साही गराएको हो । मेरो पक्ष अदालतमा स्वतन्त्र रूपले बयान गर्दा इन्कारी छ । अहिले पनि निज सिकिस्त बिरामी रहेको कुरा पेस भएका कागजातबाट पृष्टि भएको छ । तसर्थ मेरो पक्षलाई सफाइ दिने गरी फैसला गरी पाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेल उपर वादी नेपाल सरकारतर्फबाट वर्ष ११ की पीडितलाई जबरजस्ती करणी गरेको भनी मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ. महलको ३ नं. को देहाय (२) बमोजिम सजाय हुन र पीडित बोल्न नसक्ने लाटी (अपाङ्ग) भएकीले ऐ. ३ क नं. बमोजिम थप सजाय भई पीडितलाई ऐ.को १० नं. बमोजिम कसुरदारबाट क्षतिपूर्ति भराई दिनसमेत माग दाबी लिइएको पाइन्छ भने प्रतिवादीले मैले पीडितलाई जबरजस्ती करणी गरेको होइन । तानेको सम्म हो । झगडा गरेकाले तानेको हो । मगरहरूले फसाउनका लागि झुट्टा व्यहोरा उल्लेख गरी कागज गरेका हुन् । अभियोग दाबी बमोजिमको कार्य गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन र पीडितलाई क्षतिपूर्तिसमेत दिलाइदिनुपर्ने होइन भन्नेसमेत व्यहोरा उल्लेख गरी वादी दाबीको अभियोगको प्रतिवाद गर्नुका साथै पीडित अपाङ्ग नभएको कुरासमेत उल्लेख गर्दै बयान गरेको देखिन आउँछ ।

विद्वान् कानुन व्यवसायीहरूको बहस सुनी वादी दाबी, प्रतिवादीको बयान लगायत मिसिल संलग्न प्रमाणहरू अध्ययन गरी हेर्दा जाहेरी दरखास्तमा बोल्न नसक्ने अपाङ्ग वर्ष ११ की पीडितलाई खेलिरहेको अवस्थामा आफ्ना छोराछोरीसमेतलाई बाहिर पठाई ढोका लगाई पीडितको संवेदनशील अंगहरूमा सुम्सुम्याई आफ्नो र पीडितको समेतको कपडा खोली पीडितको योनीमा तेल लगाई जबरजस्ती करणी गरिरहँदा पीडित चिच्याई कराएको आवाज सुनी रोई कराई गर्दा गाउँले जम्मा भई प्रतिवादीलाई सोधपुछ गर्दा पीडितलाई जबरजस्ती करणी गरेको कुरा स्वीकार गरेको र पीडितसमेत रोई कराई गरिरहेको अवस्थामा भेटिएको हुँदा कुकार्य गर्ने प्रतिवादीलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने व्यहोरा उल्लेख भएको देखिन आउँछ ।

जाहेरी दरखास्तसमेतबाट मिति २०६६।०४।१३ गतेको साँझ वारदात भएको भन्ने खुल्न आएकोमा पीडितको शारीरिक जाँच मिति २०६६।०४।१५ मा भएको देखिएकोमा पीडितको शारीरिक जाँच प्रतिवेदन Small Laceration beyond the clitoris bilaterally उल्लेख भएको देखिन्छ । जसबाट पीडितको योनीको पछाडिको भागको दुवैतिर सानो रूपमा च्यातिएको भन्ने स्पष्ट हुन्छ ।

प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेलले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा वर्ष ११ की पीडितलाई निज म सुतिरहेको कोठामा आएकी हुँदा निजलाई खुट्टामा मालिस गर्न लगाई निजको मालिस गर्दागर्दै इमोसन आएको हँदा पीडितलाई समाई आफ्नो कट्टु खोली लिङ्ग निकाली सविनाको योनीमा जोडेर धकेल्दा निज सविना चिच्याएकी हुँदा बाहिरबाट छोरी र पीडितको बहिनी आएकीले पीडितलाई छाडिदिएँ । उक्त वारदातमा पीडितको योनीमा लिङ्ग एकपटक मात्र घर्षण गरेको हुँ । निजको योनीबाट रगत र चिप्लो पदार्थ निस्के ननिस्केको

मैले हेरिनँ । निजको योनीमा मेरो लिङ्ग केही मात्रामा छिरेको थियो । पीडितले मालिस गर्दा मेरो लिङ्गसमेत छोएको हुँदा इमोसन आई जबरजस्ती करणी गरेको हो भन्नेसमेत व्यहोरा उल्लेख गरेको देखिन्छ भने निजको बयानमा पीडितको योनीमा लिङ्गले घर्षण गरेको, एकपटक योनीमा छिरेको कुरा उल्लेख भएको देखिँदा जबरजस्ती करणी हुन के कस्तो आवश्यक देखिन्छ भन्ने कुराको विवेचना हुन वाञ्छनीय देखिन्छ ।

यस सन्दर्भमा सर्वप्रथम हाम्रो कानुनी व्यवस्थाको विवेचना गर्न जरुरी हुन्छ । मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं.मा लौङ्गिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ लेगरेको संशोधन …………………" १६ वर्षभन्दा कम उमेरको बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेका ठहर्ने र सोही नं. को स्पष्टीकरण (ग) "योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बर प्रयोगका लागि करणी गरेको मानिनेछ" भन्ने व्यवस्था गरेको पाइन्छ । यो विषय Modi's Medical Jurisprudence & Taxicology (22 Edition page 495) मा उल्लेखित निम्न वाक्याशंबाट अझ स्पष्ट हुन्छ ।………………To Constitute the offence of rape, it is not necessary that there should be complete penetration of penis with emission of semen and rupture of hymen, partial penetration of the penis within the libia majora or the valva or pudenda with or without, emission of semen, or even an attempt at penetration is quite sufficient for the purpose of law."

उपरोक्त अभिव्यक्तिबाट आंशिक लिङ्ग प्रवेश जबरजस्ती करणीका लागि पर्याप्त हुने, वीर्य योनीमा स्खलित भएकै हुन नपर्ने, पीडितको कन्याजाली पनि च्यातिएको हुन नसक्ने आदि अवस्थामा समेत जबरजस्ती करणीको आपराधिक कार्य हुने भन्ने स्पष्ट हुन आउँछ ।

उपरोक्त कसीमा प्रस्तुत मुद्दाका विषयवस्तुलाई हेर्दा पीडितको योनीको पछाडिको भाग दुवैतिर च्यातिएको भन्ने शारीरिक जाँच प्रतिवेदनमा उल्लेखित हुँदा योनीको भागको त्यस्तो स्थिति प्रतिवादीले लिङ्ग प्रवेश गरेकै कारण भएको भन्ने कुरामा अन्यथा देखिँदैन ।

प्रतिवादीको श्रीमती छोराछोरी भए तापनि केही महिनादेखि श्रीमती प्रतिवादीसँग रहेको देखिँदैन । प्रतिवादी र पीडित छिमेकी भएका दुवै घरमा केटाकेटी भएका हुँदा केटाकेटीहरू एक अर्काको घरमा खेल्ने क्रममा आउने जाने गर्ने कुरालाई इन्कार गर्न सकिँदैन । प्रतिवादीबाहेक निजको घर र पीडितको घरमा वारदातको समयमा वयस्क मानिसहरू कोही नहुँदा आपराधिक क्रिया गर्न प्रतिवादीलाई प्रस्तुत अवसर मिलेको समेत पाइन्छ । पीडितले अनुसन्धानको सिलसिलामा कागज गर्दा प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेलले अरू केटाकेटीलाई बाहिर पठाई ढोका बन्द गरी निजले हात समाती डोऱ्याएर बिस्तारामा लगी जामा फराक खोली स्तन लगायत योनीसमेतमा हातले समाई बिस्तारामा पल्टाई गालामा मुख जोडी प्रतिवादीले कट्टु खोली ठूलो भएको लिङ्गलाई योनीभित्र हातले समाई पसाउँदा दुखेकोले कराउँदा आवाज आएपछि बाहिर पनि हल्ला गरेपछि, प्रतिवादीको पञ्जाबाट फुत्कन सफल भएको भनी घटनाको विवरण खुलाएको देखिन आउँछ भने पीडितको बहिनी कौशिलाले समेत संरक्षकको रोहवरमा जाहेरी व्यहोरा र पीडितको व्यहोरा नै समर्थित हुने गरी कागज गरेको देखिन आउँछ । वस्तुस्थिति मुचुल्का व्यहोरासमेतबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कुरा स्पष्ट हुन आउंछ ।

वस्तुगत वर्ष ११ की अपाङ्ग पीडितलाई करणी के हो ? भन्ने कुरा नै जानकारीमा रहेको देखिँदैन । पीडितले मौकामा गरेको उपरोक्त कागजबाट निजलाई प्रतिवादीले समाती डोऱ्याउँदै लगी बिस्तारामा सुताई फराक खोली स्तन लगायत योनीमा हातले सुम्सुम्याई लिङ्ग योनीमा पसाउँदा दुखेको भन्ने देखिन आएकोमा

पीडितको यस्तो अभिव्यक्तिबाट निज करणीजन्य कार्यका बारे अनभिज्ञ रहेको प्रमाणित हुन्छ । पीडितले व्यक्त गरेका पसाउँदा दुखेको र चिच्याएको भन्ने कुराले योनीमा लिङ्ग प्रवेश गराएको कारणले दुखेका र सो दुखाएको पीडाको कारण पीडितले चिच्याएको भन्ने स्वतः पृष्टि हुन आउँछ ।

जाहेरवाला लगायत पीडित, पीडितकी बहिनी कौशिला र वस्तुस्थितिकी धनमाया थापासमेतले यस अदालतमा उपस्थित भई बकपत्र गरेकोमा पीडितले बकपत्र गर्दा कुनै कुरा व्यक्त नगरेकीले मौकामा कागजमा लेखाएको व्यहोरा शंकास्पद हुन पुगेको भनी प्रतिवादीतर्फबाट विद्वान् अधिवक्ताले बहसमा उठाउनुभएको हुँदा यस सम्बन्धमा के हो ? भनी हेर्दा पीडितको शारीरिक अवस्था बोल्न नसक्ने, कान नसुन्ने भन्ने देखिन आउँछ । प्रतिवादीले यस अदालतमा बयान गर्दा पीडितलाई अपाङ्ग होइन भनेका छन् तापनि पीडित बोल्न नसक्ने कान नसुन्ने भन्ने देखिन आउँछ । प्रतिवादीले यस अदालतमा बयान गर्दा पीडितलाई अपाङ्ग होइन भनेका छन् तापनि पीडित बोल्न नसक्ने कान नसुन्ने, अनौठो आफ्नो किसिमको हाउभाउ गर्ने अपाङ्ग हुन् भन्ने कुरामा विवाद देखिँदैन । मौकामा कागज हुँदा वारदात ताजै छ । घटना भएको ५ दिनभित्रै पीडितको कागज भएको छ । पीडित इशाराले आफ्नो कुरा भन्न सक्ने, केही ठूलो स्वरले बोल्नुपर्ने भन्ने कुरा प्रतिवादीसमेतले स्वीकार गरेको छ । पीडितको इशाराको भाषा बुझ्ने आफ्नै बुवाको रोहवरमा घटनाको लगतै भएको कागजमा पीडितले त्यस्तो व्यहोरा खुलाउनै नसक्ने भन्ने तर्कमा सहमत हुन सक्ने स्थिति देखिँदैन । जहाँसम्म यस अदालतमा बकपत्रका क्रममा पीडितले केही कुरा बोल्न नसकेको भन्ने जिकिरको सन्दर्भ छ । सो कुरा यस इजलासबाट जानकारीमा लिएकै कुरा हो । बकपत्रको क्रममा यस अदालतमा उपस्थित हुँदा पीडितले कुनै अस्वाभाविक व्यवहार गरेको अवस्था थिएन । सोधपुछको क्रममा पीडतको आमाले नै इशारा गरेर सोध्दा केही कुरा उल्लेख गर्न नसकेकीमा अदालतबाट प्रतिवादीलाई देखाई चिन्दछौ भन्दा टाउको तल झारी रोई बसेको देखिन आउँछ । गाउँ घरमा बसेकी पीडित इजलासभित्र आउँदा सामान्य नै रहेकी, निजको हाउभाउ असामान्य नदेखिएको प्रारम्भिक साधेपुछ गर्दा केही नबोलेकी इशारा नगरेकीमा प्रतिवादीलाई देखाउँदा आफ्नो ठाउको तल झारी रुन सुरु गरेको क्रियाबाट प्रतिवादीसँग चिनजान रहेको र निजले गरेको आपराधिक क्रियाबाट पीडा महसुस गरी रोएको हुन सक्ने कुरालाई पूर्णतः नकार्न मिल्ने सक्ने देखिँदैन ।

प्रस्तुत मुद्दामा मिति २०६६।०४।१३ मा वारदात भएकोमा पीडितको बयान हुँदा करिब ६ महिना व्यतीत हुन लागेको देखिन आउँछ र यसै बीचमा पीडित बहिरा स्कुलमा भर्ना भई पठनपाठन गरिरहेको देखिन आउँछ । हाल अध्ययनरत स्कुलमा नयाँ पद्धतिबाट पीडितले पठनपाठन कार्य गरेको देखिँदा वारदात हुँदाको समयमा निजले कुरा बुझी इशारा गर्ने तरिका र हाल सिकाइएको तरिका नै फरक-फरक देखिन्छ । पीडितको शारीरिक र मानसिक अवस्थाका सम्बन्धमा अध्ययन गरिरहेको सम्बन्धित स्कुलबाट पीडित मानसिक मन्द बुद्धिकी छिन्, लजालु छिन्, केही सोध्दा जवाफ नफर्काउने गर्छिन् । पीडित शारीरिक र मानसिक रूपले अस्वस्थ र अशक्त भएकै कारण पुरानो कुरा बिर्सन सक्छिन् भन्ने कुरा खुली आएको देखिँदा पीडितले प्रतिवादीलाई देखेपछि रोएर व्यक्त गरेको पीडालाई शब्दमै व्यक्त गर्न अनिवार्य हुन्छ । त्यस्तो कुरा मात्र प्रमाण ग्रहण योग्य हुन्छ भन्दा पीडितको अपाङ्गताको विशिष्ट अवस्थाप्रति सरासर अनादर गरेको देखिन आउने हुन्छ ।

पीडित बकपत्रको क्रममा अदालतमा उपस्थित भएकै अवस्थामा छ । निजको बकपत्रमा प्रतिवादीलाई देखाई चिन्दछौं भन्दा टाउको तल झारी रोई बसेको भन्ने उल्लेख भएको हुँदा प्रतिवादीको आपराधिक क्रियाको स्मरण गरी त्यसको पीडा बोधमा पीडितले त्यस्तो क्रियाकलाप गरेको भन्न सकिने नै हुन्छ । पीडित मन्द बृद्धि भएको भन्ने सम्बन्धित स्कुलको भनाइ हुँदा स्मरण शक्ति मन्द भएकी पीडितले मौकामा गरेको कागजसमेत

प्रमाणमा लिन न्यायोचित नै हुने देखिन्छ । घटनाको प्रत्यक्षदर्शी कौशिलाले समेत यस अदालतमा उपस्थित भई अभियोग दाबी परिपुष्टि हुने गरी बकपत्र गरेकी, जाहेरवालाले समेत जाहेरी व्यहोरा समर्थित हुने गरी बकपत्र गरेको र धनमाया थापा स्वास्थ्य स्वयंसेविकाले तत्काल पीडितको योनीसमेत हेरी सोसमेतका आधारमा जबरजस्ती करणी भएको भनी बकपत्र गरेको देखिँदा यस्तो बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिन्छ ।

प्रतिवादीले यस अदालतमा बयान गर्दा आफ्नो मानसिक अवस्था ठीक नभएको र सो सम्बन्धी औषधि सेवन गरिरहेको भन्ने उल्लेख गरेको देखिएकोमा प्रतिवादीले यस अदालतमा गरेको बयान हेर्दा निजले प्रत्येक प्रश्नको सोची सम्झी उत्तर दिएको देखिन आउँछ र अनुसन्धान तहमा समेत सोही अनुसार प्रत्येक प्रश्नको उत्तर देखिन आउँछ । प्रतिवादीको यस्तो समझदारी पूर्ण कार्यबाटै निज होस ठेगानमा नरहने किसिमको मानसिक रोगी भन्ने देखिन आउँदैन । प्रतिवादीले यस अदालतमा बयान गर्दा पीडितको हात समाती तानेको झगडा नगर भनी तानेको भन्नेसमेत उल्लेख गरेकोमा निजका साक्षी हरिप्रसाद आचार्य र केशव जैसीको बकपत्रमा सो कुरा सोही रूपमा उल्लेख भई प्रतिवादीको बयान साक्षीबाट समर्थित भएको भन्नेसमेत देखिन आउँदैन । प्रतिवादीले यस अदालतमा बयान गर्दा आरोपित कसुर गरेको कुरा इन्कार गरेकोमा पीडितसमेतका मानिसले निज उपर त्यस्तो आरोप किन लगाए ? स्पष्ट गरी बयान गर्न सकेको समेत देखिँदैन । सबै मगर भएका सबै मिली फसएको भन्ने उल्लेख गरेकोमा किन त्यसरी सबै मिली फसाएका हुन्, त्यस्तो भरपर्दो विश्वासयुक्त कुनै कारण उल्लेख गर्न सकेको नदेखिँदा बिनाकारण एउटा छिमेकमा रहेका पीडित लगायत निजका बुवासमेतले प्रतिवादीलाई फसाए होलान् भनी सोच्नसमेत उपयुक्त हुने देखिन आउँदैन ।

अतः विवेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेलले वर्ष ११ की अपाङ्ग सविना रग्मी (परिवर्तित नाम) लाई जबरजस्ती करणी गरेको प्रमाणित हुन आएकाले प्रतिवादीलाई वादी नेपाल सरकारको माग दाबी बमोजिम मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. को कसुरमा ऐ. को ३(२) नं. बमोजिम सजाय हुने ठहर्छ र ३(क) नं. बमोजिम थप सजाय हुनेसमेत ठहर्छ पीडितलाई क्षतिपूर्तिसमेत भराइदिने ठहर्छ ।

प्रतिवादीलाई हुने सजायका हकमा जबरजस्ती करणी महलको ३(२) नं. मा "आठ वर्षदेखि बाह्र वर्षसम्म सजाय हुने" व्यवस्था गरेको देखिएकोमा प्रतिवादी बिरामी रहेको भन्ने सुरु बयान हुँदा नै प्रमाण पेस गरेको देखिएको र हाल पनि बिरामी रही उपचार भइरहेको भन्ने हुँदा निजको शारीरिक अवस्थासमेतका आधारमा निजलाई वर्ष दस (१०) कैद सजाय हुन्छ र ३(क) नं. बमोजिम अपाङ्ग पीडितलाई जबरजस्ती करणी गरेबापत थप वर्ष ५ (पाँच) कैद सजायसमेत हुन्छ ।

पीडितलाई के कति क्षतिपूर्ति भराइदिने हो भन्ने सम्बन्धमा हेर्दा शारीरिक एवं मानसिक क्षति विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति भराई दिनुपर्ने र यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गम्भीरतासमेत विचार गर्नुपर्ने व्यवस्था भएको पाइन्छ । बोल्न नसक्ने, कान नसुन्ने, मन्द बुद्धि भएकी अपाङ्ग वर्ष ११ की पीडितको शरीरविरुद्ध भएको जबरजस्ती करणी अपराध आफैंमा गम्भीर प्रकृतिको हो भन्ने कुरमा विवाद देखिँदैन, पीडितको परिवारको आर्थिक अवस्था दयनीय छ । पीडितको अरू व्यक्तिले नै प्रयोजन गरी हाल बहिरा स्कुलमा पठनपाठन गरिआएको पाइएको छ । पीडितको शारीरिक अवस्था, निज उपर आपराधिक कार्यले सिर्जना गरेको पीडा र पीडितको परिवारको आर्थिक अवस्था हेर्दा प्रतिवादीबाट अधिकतम रकम क्षतिपूर्तिको रूपमा भराइदिनु न्यायोचित हुने देखिन्छ ।

तथापि क्षतिपूर्ति भराउने कुरा प्रतिवादीको आर्थिक हैसियतसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले यसलाई नजरअन्दाज गर्न सकिने हुँदैन । त्यसैले क्षतिपूर्ति भराउने कुरमा प्रतिवादीको आर्थिक हैसियत र पीडित उपर भएको पीडासमेतलाई विचार गरी उपयुक्त क्षतिपूर्ति भराउनु वाञ्छनीय हुन देखिन आउँछ ।

प्रतिवादीको आर्थिक हैसियतको मूल्याङ्कन गर्दा प्रतिवादीको परिवारमा बुवा, आमा, निजको श्रीमती, दुई छोरा र एक छोरी रहेकोमा निजको परिवारमा धाइरिङ गा.वि.स. वडा नं. ६ मा २३-३-१-० रोपनी जग्गा र यही शिवालय गा.वि.स. वडा नं.६ मा ०-८-०-३ घडेरी जग्गासमेत रहेको देखिन आउँछ । कुश्मा बजारमा प्रचलित घडेरी जग्गाको दर भाउ र गाउँको जग्गाको दरभाउसमेतलाई विचार गर्दा प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेलबाट पीडित सविना रेग्मी (नाम परिवर्तित) लाई मुलुकी ऐन जबरजस्ती करणी महलको १० नं. बमोजिम रु.१,५०,०००।- (एक लाख पचास हजार) क्षतिपूर्ति भराई दिने ठहर्छ । सो ठहर्नाले तपसिलका कुरामा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन अ.वं.१८६ नं. बमोजिम फैसला गरिदिएँ ।

**तपसिल**

प्रतिवादी कृष्ण भन्ने रुद्रप्रसाद पौडेलको माथि इन्साफ खण्डमा लेखिए बमोजिम निजलाई मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. को कसुरमा ऐ. को ३(२) नं. बमोजिम १० वर्ष तथा ऐ. को (क) बमोजिम थप ५ वर्ष गरी १५ वर्ष कैद सजाय हुने ठहरी फैसला भएकोले निज मिति २०६६।०४।१८ देखि अनुसन्धानको क्रममा प्रहरी हिरासतमा बसी मिति २०६६।०५।०५ मा यस अदालतका आदेशानुसार मुद्दा पुर्पक्षका लागि थुनामा रही हालसम्म थुनामा बसेको देखिँदा प्रहरी हिरासतमा बसेको मिति २०६६।०४।१८ देखि कैद कट्टा हुने गरी कैदी किताबमा कैदको लगत ठेकी पुर्जी दिनू ..........................................................................................................१

| प्रतिवादीको नाम | लागेको कैद | हालसम्म भुक्तान भएको अवधि | बस्न बाँकी कैदको अवधि |
|---|---|---|---|
| कृष्ण भन्ने रुद्रबहादुर पौडेल | १५ वर्ष | १० महिना | १४ वर्ष २ महिना |

पीडित परिवर्तित नाम सविना रेग्मीले प्रतिवादीबाट रु.१,५०,०००।- (एक लाख पचास हजार) क्षतिपूर्ति पाउने ठहर भएकाले सो भराई दिने गरी लगत राख्ने ..........................................................................................२

प्रस्तुत फैसला उपर पुनरावेदन परे अन्तिम भएपछि र पुनरावेदन नपरे म्याद व्यतीत भएपछि तत्काल सो कराको जानकारी जाहेरवालालाई उपलब्ध गराउनु र पीडितले पाउनुपर्ने ठहर भएको क्षतिपूर्ति रु. १,५०,०००।- बारे प्रतिवादीलाई जानकारी गराई प्रतिवादीले दाखिला गरे तत्काल भराइदिनु र रोक्का रहेको जग्गासमेत फुकुवा गरिदिनू । प्रतिवादीले दाखिला नगरे यस अदालतबाट रोक्का रहेको प्रतिवादीको अंश हक लाग्ने सम्पत्ति कानुन बमोजिम लिलाम गरी पीडितलाई ठहरेको क्षतिपूर्ति भराई दिनू । क्षतिपूर्ति भराई सम्पत्ति बाँकी रहे प्रतिवादीलाई फिर्ता दिनू ..........................................................................................................................३

फैसला कार्यान्वयन सम्बन्धी सबै तहको कारबाहीमा पीडितलाई उपलब्ध गराइएको परिचय पत्रको आधारमा पीडितको पहिचान वतन जे जो कायम गर्नुपर्ने हो गरी त्यसै अनुसार हरेक कारबाहीमा सहभागी गराई फैसला कार्यान्वयन गर्नू ............................................................................................................................४

प्रस्तुत मुद्दाका सम्बन्धमा पुनरावेदन लगायत जो जे गर्नुपर्ने अवस्थामा जाहेरवाला तथा पीडितको सही पहिचान गरे गोप्य राखी निज जाहेरवालाको परिवर्तित नाम स्वर्णबहादुर रेग्मी पीडितको परिवर्तित नाम सविना रेग्मी उल्लेख गरी सो आधारमा गर्ने गर्नू भनी प्रतिवादीलाई लेखी कानुन बमोजिमको पुनरावेदन म्यादसमेत सोही अनुसार दिनू ..........................................................................................................................................५

फैसलाको प्रतिलिपि साथै राखी मुद्दा किनारा भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्वतलाई दिनू ........................................................................................................................................................६

यो फैसलासहितको कागजातको माग गर्न आए सरोकारवालालाई लाग्ने दस्तुर लिई नक्कल दिनू .........................७

यो मिसिल दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत वागलुङमा पठाई दिने गरी अभिलेख शाखामा बुझाई दिनू .............................................................................................................८

प्रस्तुत फैसला मा.न्या.ज्यूले बोली टिपाए
बमोजिम कम्प्युटर टाइप गराउने
डिट्ठा कृष्ण लामिछाने
कम्प्युटर टाइप गर्ने स.क.अ. कालिका तिमिल्सेना

..........................
रमेशकुमार खत्री(
जिल्ला न्यायाधीश

इति संवत् २०६७ साल जेठ १८ गते रोज ४ शुभम् ....................................................।

**श्री भक्तपुर जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री पुरुषोत्तमप्रसाद ढकाल**
**फैसला**
**दायरी मिति :- २०६७।०१।२७**
**स.वा.फौं.नं. :- ०६६-४४७/००९६८**
***मुद्दा :- जबरजस्ती करणी ।***

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| जिल्ला पर्सा संखुवा परसौनी गा.वि.स वडा नं.८ घर भई जिल्ला भक्तपुर दुवाकोट गा.वि.स.वडा नं. २ बस्ने प्रभुप्रसाद दासको जाहेरीले नेपाल सरकार......१ | जिल्ला सर्लाही परवानिपुर गा.वि.स. वडा ४ घर भई जिल्ला भक्तपुर दुवाकोट नं.२ बस्ने जितबहादुर लामाको छोरा सोमबहादुर लामा........................................१ |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र
पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा यस प्रकार छ :-

मिति २०६७।०१।०२ गते दिनको अं. १४:०० बजेको समयमा जिल्ला भक्तपुर दुवाकोट २ स्थित मेरो आफ्नै कुटीमा सोमबहादुर लामाले मेरो छोरी वर्ष ६ की परिवर्तित नाम लक्ष्मीलाई यौन दुर्व्यवहार गरी करणीसमेत गरेका हुँदा निज उपर जबरजस्ती करणी मुद्दामा छुट्टै सजाय गरी क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको प्रभुप्रसाद दासको जाहेरी दरखास्त ।

पीडित लक्ष्मीको  स्वास्थ्य परीक्षणको लागि प्रस्तुति गृह अस्पताल थापाथली काठमाडौंलाई लेखिएको पत्र ।

जिल्ला  भक्तपुर दुवाकोट २ स्थित पूर्व पश्चिम खाली जग्गा, उत्तरमा बालुवा खानी र दक्षिणतर्फ गणेश मन्दिर रहेको यति चार किल्लाभित्र जाहेरवालाको कुटीमा निजको छोरी वर्ष ६ की लक्ष्मीलाई सोमबहादुर लामाले यौन दुर्व्यवहार गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६७।१।२ गते अं. १४:०० बजेको समयमा मेरो कोठा नजिकै रहेको बाबाको कुटीतर्फ घुम्न जाँदा निजको छोरी वर्ष ६ की लक्ष्मीलाई देखी करणी गर्ने मनसाय भएकोले रु.५।- को नोट दिई भित्र लगी निजको लुगा खोली गुप्ताङ्गमा आफूले समेत लुगा खोली आफ्नो गुप्ताङ्ग राखेको हो सानो फुच्ची भएकाले मेरो लिङ्ग निजको योनीमा प्रवेश हुन सकेन, निज चिच्याएकोले छोडी भागेको हुँ । एक्कासि मिति २०६७।०१।०७ गते प्रहरीले मलाई पक्राउ गरेको हो भन्ने व्यहोराको प्रतिवादीको बयान कागज ।

मिति २०६७।०१।०२ गते १४:०० बजेको समयमा जिल्ला भक्तपुर दुवाकोट गा.वि.स. वडा नं. २ स्थित जाहेरवालाको कुटीमा निजको छोरी वर्ष ६ की लक्ष्मीलाई सोही स्थानमा बस्ने सोमबहादुर लामाले जबरजस्ती करणी गरेको भन्ने मिति २०६७।०१।०६ गते हल्ला हुँदा सुनी थाहा पाएको हुँ । पीडित लक्ष्मीले मेडिकल कलेज

दुवाकोट भक्तपुरमा उपचार गराउँदा यौन दुर्व्यवहार गरेको भनी डाक्टरले खुलाएका हुन् । निज प्रतिवादी उपर कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्ने व्यहोराको विश्वराज दनुवारसमेतको घटना विवरण कागज ।

नेपाल समचारपत्रमा भक्तपुर दुवाकोटस्थित सुकुम्बासी पाखामा बस्दै आएकी ६ वर्षीय बालिकालाई बलात्कार गरेको प्रहरीले जनाएको भन्ने समाचारका सम्बन्धमा ध्यानाकर्षण भएकाले त्यहाँ कार्यालयबाट कस्तो कारबाही भइरहेको छ सोको सत्य तथ्य बुझी कारबाही विवरण अविलम्ब यस कार्यालयमा पठाउनुहुन भन्ने व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय काठमाडौंको पत्र ।

पीडित वर्ष ६ की लक्ष्मीको मिति २०६७।०१।०७ गते स्वास्थ्य परीक्षण गर्दा निजको स्वास्थ्य साधारण कन्या जाति नच्यातिएको र शरीरमा नयाँ घाउको चोटपटक नदेखिएको भन्ने व्यहोराको परोपकार प्रसूति तथा स्त्रीरोज अस्पताल थापाथली काठमाडौंमा स्वास्थ्य परीक्षण प्रतिवेदन ।

पीडितको नाम प्रमाणीकरण गरिएको पत्र, पीडित बालिकाको सामुदायिक काठमाडौं मेडिकल कलेज दुवाकोट भक्तपुरमा गरेको स्वास्थ्य प्रतिवेदन, जाहेरी दरखास्त, प्रसूतिगृह अस्पताल थापाथलीले लेखेको पत्र, घटनास्थल प्रकृति मुचुल्का, प्रहरी प्रतिवेदन, पीडित लक्ष्मीको घटना विवरण कागज, प्रतिवादीको बयान, विश्वराज दनुवारसमेतको घटना विवरण कागज, प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथली काठमाडौंको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतको आधार प्रमाणबाट मिति २०६७।०१।२ गते अं.१४:०० बजेको समयमा जिल्ला भक्तपुर दुवाकोट गा.वि.स. वडा नं.२ स्थित जाहेरवालाको कुटीमा कोही नभएको अवस्थामा प्रतिवादी सोमबहादुर लामाले जाहेरवालाको छोरी वर्ष ६ की लक्ष्मीलाई रु.५ दिई ललाई फकाई खेलिरहेकी बालिकालाई कुटी भित्र लगी निजको कपडाहरू खोली गुप्ताङ्गमा खेलाई आफ्नोसमेत कपडा खोली आफ्नो गुप्ताङ्ग बालिकाको गुप्ताङ्गमा राखी ठेलिदिँदा सो पीडाले निज बालिका पीडाले सहन नसकी चिच्याई बेहोस भएकोमा केही भयो होला भनी त्यत्तिकै बसिरहेकोमा छोरीको गुप्ताङ्गबाट रगतसमेत बगिरहेको देखी सोधपुछ गर्दा प्रतिवादी सोमबहादुर लामाले यौन दुर्व्यवहार गरेको भन्ने बताएकी र सो कुरालाई काठमाडौं मेडिकल कलेज सामुदायिक अस्पताल दुवाकोट भक्तपुरमा उपचार गराउँदा Attempted Sexual Abuse भनी लेखिएको स्वास्थ्य परीक्षण प्रतिवेदन र पीडित बालिकाले अभिभावकको रोहवरमा गरिदिएको सनाखत कागज र प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष कसुरमा सावित भई कसुर स्वीकार गरेको बयान कागज तथा बुझिएको शम्भु परियारसमेतले कसुर पुष्टि हुने गरी गरेको कागज प्रमाणसमेतबाट प्रतिवादीले पीडित बालिका लक्ष्मीलाई एकान्त ठाउँमा लगेको आफ्नो यौन इच्छा पूरा गर्न जबरजस्तीसँग करणी गरेका रहेछन् भन्ने कुरा सम्बन्ध सवै प्रमाण बालिकाको कथन मिति २०६७।०१।०७ को नेपाल समाचार पत्रिकामा निस्केको समाचार । सामुदायिक काठमाडौं मेडिकल कलेज दुवाकोट भक्तपुरमा भएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीबाट परीक्षण हुँदा बालिकाको गुप्ताङ्गमा स्वाव थियो भन्नेसमेतको प्रमाणबाट पुष्टि हुन आएकोले यी प्रतिवादीले ६ वर्षकी अवोध बालिका उपर गरेको त्यस्तो कार्य मुलुकी ऐन जबरजस्ती करणीको महलको दफा १ ९(क) नं. एनमा वर्णित प्रकृतिको कसुर अपराध हुन त्यस्तो अपराध गर्ने यी प्रतिवादीलाई सोही मुलुकी ऐन जबरजस्ती करणीको महलको दफा ३ को देहाय दफा १ र दफा ९(क) नं. ऐन अनुसार सजाय गरी पीडित बालिकालाई सोही जबरजस्ती करणीको महलको दफा १० नं. ऐन अनुसार प्रतिवादीबाट उचित क्षतिपूर्ति दिलाई भराई दिन माड दाबी लिई दायर भएको अभियाग दाबी ।

म मिति २०६७।०१।०२ गते बालुवा बोकेर आई पसलमा रक्सी पिएर कोठामा आएको र मैले कोही कसैलाई जबरजस्ती करणी गरेजस्तो लाग्दैन । रक्सीको नसाका कारण मलाई केही कुरा थाहा भएन कागजातहरूका

सम्बन्धमा मलाई केही थाहा भएन । मैले प्रहरीले भने बमोजिम सहीछापसम्म गरिदिएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी सोमबहादुर लामाले गरेको बयान ।

मिसिल अध्ययन गरी हेर्दा २०६७।०१।०२ गते म काम विशेषले कुटीबाहिर गएको अवस्थामा ३ बजे कुटीमा फर्किंदा छोरी सुतिरहेको जस्तो देखी खाजा खुवाउन उठाउँदा छोरी रोएकी र गुप्ताङ्गबाट रगतसमेत आएको देखे पनि आफूसमेत बिरामी भएको कारण केहीले घोच्यो होला भन्ने ठानी चुप लागी बसेकोमा मिति २०६७।०१।०६ गते सामुदायिक अस्पतालमा जचाउँदा निजलाई यौन दुर्व्यवहार भएको भन्ने बताएका र छोरीसमेतलाई सोध्दा सोम अंकलले आफ्नो पिसाब फेर्ने अंग आफ्नो यौनाङ्गमा राखेको भनेकोले सोमबहादुर लामालाई पक्राउ गरी कारबाही गरी पाऊँ भन्ने जाहेरवालाको प्रतिवादी उपर किटानी जाहेरी परेको देखिन्छ । पीडित बालिकाको नाउँको स्वास्थ्य अभिलेख पुस्तिकामा यौन दुर्व्यवहार भएको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । पीडितले अनुसन्धान अधिकृतसमक्ष कागज गर्दा सोम अंकल घरमा आई रु.५।- मलाई दिई खाटमा लगी खेलाई मेरो लुगा फुकाली अंकलले आफ्नो पिसाब फेर्ने मेरो पिसाब फेर्ने ठाउँमा राखी ठेलेपछि म कराए त्यसपछि मलाई केही थाहा भएन भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा कसुरमा पूर्ण रूपमा सावित भएको र अदालतमा बयान गर्दा रक्सीको नशामा भएकोले केही थाहा छैन भने पनि पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी किटानी रूपमा भन्न नसकेको र आफ्नो साक्षी सवुतसमेत दिन सकेको पनि देखिएन । मौकामा बुझिएका विश्वराज दनुवार, शम्भु परियारसमेतले यी प्रतिवादीले आरोपित कसुर गरेका हुन् भनी लेखाइदिएको समेत देखिन्छ ।

प्रतिवादीले अदालतमा बयान गर्दा नशाको सुरमा भएकोले केही थाहा नभएको भन्ने व्यहोरा उल्लेख गरे पनि अधिकार प्राप्त अधिकारीसमक्षको बयानलाई स्वीकारेकै देखाई आफ्नो कुनै साक्षी सवुतसमेत दिन नसकेको र अन्य मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरू प्रतिवादी उपरको किटानी जाहेरी, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितको मौकाको कागज एवं मौकामा बुझिएका व्यक्तिहरूको भनाइ र प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको सावितीसमेतका प्रमाणबाट प्रतिवादी अभियोग दाबी बमोजिम कसुर गरेको विश्वास गर्न सकिने मनासिव आधार देखिएकोले अभियोग दाबीसमेतलाई विचार गर्दा अ.वं.११८ को देहाय २ को अवस्थासमेत विद्यमान भएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल प्रतिवादीलाई नियमानुसारको सिदा खान पाउने गरी अ.वं.१२१ नं. बमोजिमको थुनुवा पुर्जी दिई मुद्दा पुर्पक्ष निमित्त थुनामा राख्न कारागार शाखा काठमाडौंमा पठाइदिन प्रतिवादी चुक्ता भइसकेकोले वादीले अभियोग पत्रमा उल्लेख गरेको जाहेरवाला पीडित बुझिएको मानिसलाई वादीमार्फत बुझी पेस गर्ने गरी अ.वं.१२४ ग नं. बमोजिम यो आदेश पर्चा गरिदियो भन्नेसमेत व्यहोराको यस अदालतको आदेश ।

मिति २०६७।०१।०२ गते दिउँसो २ बजेको समयमा प्रतिवादी सोमबहादुर लामाले मेरो बुवा बाहिर गएको बेला हामीहरू बस्ने ठाउँमा आई मलाई रु.५।- दिई फकाई उसको पिसाब फेर्ने मेरो पिसाब फेर्ने ठाउँमा राखी घोचेको र मलाई साह्रै दुःखी म कराएपछि मेरो बुवा आएपछि निज प्रतिवादी सोमबहादुर लामा भागी गएका हुन् । मेरो पिसाबबाट रगत आएको थियो भन्नेसमेत व्यहोराको पीडित लक्ष्मीले गरेको बकपत्र ।

मेरो छोरी लक्ष्मीलाई प्रतिवादी सोमबहादुर लामाले रु.५।- दिई फकाई जबरजस्ती करणी गरेकाले प्रसूतिगृह थापाथलीमा लगेर जँचाएर आएको भन्नेसमेत व्यहोराको जाहेरवाला प्रभु दासले गरेको बकपत्र ।

प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा बुवा जितबहादुर लामाको नाममा सर्लाही जिल्ला परवानीपपुर गा.वि.स. वडा नं.४ मा १० कट्ठा जग्गा छ भनी उल्लेख गरेकोमा बयानमा कि.नं. समेत

उल्लेख नभएको र अनुसन्धानको क्रममा यस सम्बन्धमा केही बुझिएको नदेखिएकोले सो जग्गाको कि.नं. क्षेत्रफल र प्रचलित मूल्य के कति हो सम्बन्धित ठाउँमा बुझी श्रेस्ताको लागि लेखी पठाउँदा निज प्रतिवादीका बुवा जितबहादुर लामाको नाममा जिल्ला सर्लाही परवानीपुर गा.वि.स. मा कुनै पनि जग्गाको श्रेस्ता नदेखिएको भनी मालपोत कार्यालय सर्लाहीबाट च.नं.२७६ मिति २०६७।०४।२८ को पत्रद्वारा लेखी आएको हुँदा सोही व्यहोरा अनुरोध छ भन्नेसमेत व्यहोराको जि.स.व.का. भक्तपुरको मिति २०६७।०५।१४ को पत्र ।

**अदालतको ठहर**

नियम बमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फका सहायक जिल्ला न्यायाधीश अविकेशर पोखरेलले प्रतिवादीले पीडित वर्ष ६ की नाबालक लक्ष्मी (नाम परिवर्तित) लाई करणी गर्ने मनसायले सम्पूर्ण क्रिया सम्पन्न गरिसकेको भनी प्रतिवादी उपर जाहेरवालाको किटानी जाहेरी परेको, पीडितले प्रतिवादीलाई करणी गरेको भनी गरेको मौकाको कागजलाई पुष्टि गर्दै बकपत्र गरी दिएको, जाहेरवालाको बकपत्रबाट मौकाको जाहेरी व्यहोरा पुष्टि भएको, प्रतिवादी अधिकारी र अदालतमा कसुर सावित भएको, पीडितको शारीरिक जाँचबाट करणी भएकोमा पुष्टि भएको समेतका प्रमाणबाट प्रतिवादीले अभियोग दाबीको कसुर गरेको पुष्टि भएकोले प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्छ भन्ने र प्रतिवादीको मनसाय भए पनि करणीको क्रिया पूर्ण रूपले सम्पन्न हुन नपाएकोले उद्योगसम्म ठहर हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो ।

पीडित लक्ष्मी (नाम परिवर्तन) लाई प्रतिवादीले जबरजस्ती करणी गरी जबरजस्ती करणीको महलको दफा १,९ (क) मा वर्णित कसुर गरेकोले प्रतिवादीलाई सोही महलको दफा ३ (१) ९ (क) बमोजिम सजाय गरी ऐ को १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट उचित क्षतिपूर्ति भराई पाऊँ भन्ने अभियोग दाबी भएको प्रस्तुत मुद्दामा अभियोग दाबीसहितको मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोग दाबी बमोजमको कसुर गरेको हो होइन सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा यसमा विगत १२ वर्षदेखि दुवाकोट गा.वि.स. वडा नं.२ मा बस्तै आएकोमा २०६६।०३।१५ गते श्रीमती अन्यत्र गएपछि छोरा र छोरी आफैंले पालनपोषण गरी आउँदा २०६७।०१।०२ गते काम विशेषले कुटीबाहिर गई ३ बजे कुटीमा आउँदा छोरी सुतिरेहेको देखी खाजा खान पठाउँदा छोरी रोएकी र निजको गुप्ताङ्गबाट रगत आएको देखी केही भयो होला भनी भन्ठानी तत्काल उपचारतर्फ ध्यान नगएकोमा मिति २०६७।०१।०६ गते काठमाडौं मेडिकल कलेज सामुदायिक अस्पतालमा जचाउँदा यौन दुर्व्यवहार भएको भनेकोले के हो भनी सोध्दा सोम अंकलले आफ्नो पिसाब फेर्ने मेरो यौनाङ्गमा राखेको भनी भनेपछि थाहा हुन आएकोले प्रतिवादीलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने जाहेरवालाको प्रतिवादी उपर किटानी जाहेरी परेको र जाहेरी पुष्टि हुने गरी बकपत्रसमेत गरेको देखिन्छ । वारदात २०६७।०१।०२ गते भएकोमा वारदातको ४ दिनपछि पीडितको शारीर जाँच हुँदा abrasion over the introitas, cogestion hyman intact, no laceration vaginal secretion beforseen (due to late presentation) painful thing and brousess. Attempted asxual abuse भन्ने उल्लेख भएको पाइन्छ । पीडितले मौकामा गरेको कागजमा म एक्लै घरमा बसेको बखत सोम अंकल घरमा आई मलाई रु.५।- दिई खाटमा खेलाई अंकलले मेरो लुगा फुकाली मेरो पिसाब फेर्ने ठाउँ खेलाई आफ्नो लुगा फुकालेपछि मेरो पिसाव फेर्ने ठाउँमा आफ्नो पिसाब फेर्ने राखी ठेल्नुभएपछि मलाई धेरै दुखेकोले म कराएँ, त्यसपछि मलाई केही थाहा भएन, बुवाले उठाएपछि थाहा पाएको हुँ भन्ने व्यहोरा उल्लेख भएको र अदालतमा

सोही व्यहोरा नै उल्लेख भएको र अदालतमा सोही व्यहोरा नै उल्लेख गरी बकपत्र गरिदिएको देखिन्छ। प्रतिवादीले अधिकार प्राप्त अधिकारी प्राप्त अधिकारीसमक्ष बयान गर्दा करणी गरेजस्तो लाग्दैन भनी बयान गरेको र सवुत काम गरे थाहा भएन नशाको सुरमा जबरजस्ती करणी गरेजस्तो लाग्दैन भनी बयान गरेको र सवुत प्रमाणको हकमा साक्षी प्रमाणसमेत पेस गर्न सकेको देखिँदैन। मौकामा बुझिएका विश्वराज दनुवार र शम्भु परियारले घटना थाहा पाई जाँदा पीडितको योनीबाट रगत आइरहेको देखी सो सम्बन्धमा निजलाई सोध्दा सोम अंकलले रु. ५।- दिई मेरो पिसाब फेर्ने ठाउँमा निजको पिसाब फेर्ने राखेको भनी भनेकी थिइन् भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ।

यसरी प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा, यस अदालतबाट संकलन भएका कागज प्रमाण एवं प्रतिवादीतर्फका विद्वान् अधिवक्ताले बहसको क्रममा वारदात भएको तथ्यलाई स्वीकार गरी गर्नुभएको बहससमेतका आधारमा वारदात भएकोमा विवाद देखिँदैन। तथापि बहसको क्रममा वादीतर्फका सहायक जिल्ला न्यायाधिवक्ताले विद्यमान ऐन र सम्मानित सर्वोच्च अदालतबाट प्रतिवादित सिद्धान्तसमेतका आधारमा प्रतिवादीले गरेको कार्य पूर्ण रूपले जबरजस्ती करणीको कार्य भएकोले दाबी बमोजिम नै सजाय हुनुपर्छ भनी दाबी लिनुभएको र प्रतिवादीतर्फका विद्वान् अधिवक्ताले प्रतिवादीले जबरजस्ती करणीको कार्य गरेको नभई उद्योगसम्म गरेकोले सोही बमोजिमको सजाय हुनुपर्दछ भनी जिकिर लिनुभएकोले प्रस्तुत मुद्दामा प्रतिवादीले गरेको कार्य उद्योग ठहर्ने वा जबरजस्ती करणीको अपराध नै ठहर्ने हो ? सोको निष्कर्षमा पुग्नुपर्ने देखियो।

सर्वप्रथम वारदात २०६७।०१।०२ मा भएको तथ्यमा विवाद छैन। पीडितको तत्काल शरीर जाँच नभई वारदात भएको पाँचौं दिनमा शरीर जाँच भएको देखिन्छ। वारदात भएको पाँचौं दिनमा पीडितको शरीर जाँच हुँदा शरीरको योनाङ्गमा करणी भएको प्रत्यक्ष रूपमा पुष्टि गर्ने प्रमाणहरू नदेखिनु अस्वाभाविक देखिँदैन। पीडितको मौकाको कागज एवं बकपत्र तथा प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको बयानबाट प्रतिवादीले पीडितको योनीमा आफ्नो लिङ्ग प्रवेश गराएको तथ्य स्थापित भएको देखिन्छ पीडितको योनीले प्रतिवादीको लिङ्गको घर्षण वहन गर्न सकेको भए वीर्य पीडितकै योनीमा स्खलित हुने तथ्यमा विवाद गर्नुपर्ने देखिँदैन। वारदात २०६७।०१।०२ गते भएको, जाहेरी २०६७।०१।०७ मा (घटना भएको छैटौं दिनमा) परेपछि पक्राउ परेका प्रतिवादीबाट करणी भएको ठोसभित्र प्रमाण कपडामा वीर्य, लिङ्गमा सोको कुनै प्रमाण फेला नपर्नु पनि अस्वाभाभिक हुँदैन। जबरजस्ती करणी के हो भन्ने सम्बन्धमा ButtWorth Medical Medical Dictitonary (Seconal edition) को पेज १४३७ मा The Unlawful sexual intercourse of women without her consent by force,fear and fraudful penitration by the pains is not necessary her is seminal emissiion a near entry in to the value sufficient भनी जबरजस्ती करणीको परिभाषा गरिएको पाइन्छ। त्यसैगरी medical Junisprudence and toxicology 15th edition page 328 मा To Consititute the offence of rape it is not necessary that there should be complete penetration of the penis with emission of semen and rupture of the hymen. Partial penetration of pnis with is the Labia majora of the vulva or pudendum with or without emmisiion of semegn or even an attempt at penetration is quite sufficient for the purpose of law. भनी करणीको परिभाषा गरिएको पाइन्छ। हाम्रो कानुनको मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेको वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेको ठहर्छ भनी स्पष्टीकरणको (ग) मा योनीमा लिङ्ग केही मात्र प्रवेश गरेको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ भन्ने उल्लेख भएको

पाइन्छ । उल्लेखित Medical dictionary, Medical Junisprudence र हाम्रो जबरजस्ती करणीको महलमा उल्लेखित परिभाषाबाट समष्टिगत रूपमा योनीमा लिङ्ग प्रवेश गर्नु नै जबरजस्ती करणीको कसुर हुनलाई पर्याप्त मानिएको देखिन्छ । जबरजस्ती करणीको वारदात कायम हुनको लागि योनीभित्र लिङ्ग प्रवेश गरेको हुनुपर्ने वा योनीभित्र वीर्य स्खलन भएको हुनुपर्ने वा पीडितको योनीको कन्या जाली च्यातिएको हुनुपर्ने भन्ने कुरा उल्लेख नभएको अवस्थामा लिङ्ग योनीबीच सामान्य घर्षण पर्याप्त देखिने (ने.का.प.२०६३ नि.७६८२ अंश ४ पृ.४६२), योनीको बाह्य भागभित्र आंशिक लिङ्ग प्रवेश गराउनु मात्र पनि ज.क.को को कसुर हुन पर्याप्त हुने (ने.का.प. २०६५ पृ.११० निं. ७९२३) भनी सम्मानित सर्वोच्च अदालतबाट विभिन्न समयमा नजिरहरू स्थापित भइसकेको समेत पाइन्छ ।

यसरी प्रस्तुत मुद्दामा पीडितको योनीमा लिङ्ग प्रवेश गराएको तथ्यमा प्रतिवादी सावितै भएको र वीर्य स्खलन भएको तथ्य तत्काल पीडित र प्रतिवादीको यौनाङ्ग, कपडाहरू जाँच नगरिएकोले वारदात भएको पाँचौं दिनमा जाँच गर्दा फेला नपर्नु अस्वाभाविक नहुने हुँदा उल्लेखित परिभाषा, प्रस्तुत मुद्दामा प्रतिवादीले गरेको कार्यसमेतको आधारमा प्रस्तुत वारदातलाई जबरजस्ती करणीको उद्योग मात्र भन्न मिल्ने देखिएन ।

अतः प्रस्तुत मुद्दामा माथि विवेचना गरिएको तथ्यहरूको आलेख, जबरजस्ती करणी सम्बन्धमा भएको परिभाषा एवं विद्यमान कानुनी व्यवस्था तथा प्रतिपादित नजिर सिद्धान्तसमेतको आधारमा प्रतिवादीले गरेको कार्य अभियोग दाबी बमोजिमको जबरजस्ती करणीको १ नं. को कसुर ठहर्छ । कसुर ठहरेकोले पीडित ६ वर्षकी बालिका देखिएकीले प्रतिवादीले गरेको कसुर बमोजिम निजलाई जबरजस्ती करणीको ३(१)नं. बमोजिम १२ बाह्र वर्ष कैद हुन्छ । प्रतिवादी उपर जबरजस्ती करणीको ९ क समेतको अभियोग दाबी सम्बन्धमा हेर्दा उक्त नं. मा उल्लेख भएको अवस्था प्रस्तुत वारदातमा विद्यमान नभएकोले अभियोग दाबी सम्बन्धमा हेर्दा उक्त नं. मा उल्लेख भएको अवस्था प्रस्तुत वारदातमा विद्यमान नभएकोले थप सजाय गर्नुपर्ने देखिएन । अब जबरजस्ती करणीको १० नं. बमोजिम उचित क्षतिपूर्ति पीडितलाई प्रतिवादीबाट भराउने भन्नेसमेत वादीको दाबी सम्बन्धमा अनुसन्धानको क्रममा वादी पक्षले नै प्रतिवादीको जायजेथा एवं आर्थिक हैसियतको बारेमा अनुसन्धानबाट खुलाउन कुनै पहल नै नगरी केवल ऐनको व्यवस्थासम्मको दाबी लिई अभियोग दायर गरेको देखिएको र यस अदालतबाट निजको जायजेथा के कति छ भनी सम्बन्धित निकाय बुझ्दा कुनै सम्पत्ति निजका नाउँमा वा निजको भागमा पर्न आउने भन्ने नदेखिएको भनी जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरबाट लेखी आएकोले पीडितलाई आर्थिक रूपमा समेत केही राहत प्राप्त हो भन्ने उद्देश्य अनुरूप विद्यायिकाले जवरजस्ती करणीको १० नं. को कानुनी व्यवस्थाको निर्माण गरेको र क्षतिपूर्तिको रकम भराउँदा पीडितलाई केही हदसम्म आर्थिक राहतसमेत होस् भन्ने न्यायकर्ताको समेत अभिलाशा रहने भए पनि भौतिक शरीर मात्र रहेको व्यक्तिबाट क्षतिपूर्तिसमेत भराउने भनी गरिने निर्णय केवल निर्णयको लागि निर्णय मात्र हुने र यसबाट पीडितले आर्थिक रूपमा समेत न्याय प्राप्त गरेको अनुभूति गर्न नसक्ने हुँदा सोतर्फको वादी दाबी पुग्न नसक्ने ठहर्छ । अरू तपसिल बमोजिम गर्ने गरी अ.बं.१८६ नं. बमोजिम यो फैसला गरिदियाँ ।

**तपसिल**

प्रतिवादी सोमबहादुर लामाको माथि इन्साफ खण्डमा लेखिए बमोजिम अभियोग दाबी अनुसार मुलुकी ऐन जबरजस्ती करणीको १ नं. को कसुर गरेको ठहरी, निजलाई सोही महलको ३(१) नं. बमोजिम १२(बाह्र) वर्ष कैद हुने ठहरेकोले प्रतिवादी सोमबहादुर लामा मिति २०६७०१।०७ गतेबाट प्रहरी हिरासतमा रही

हालसम्म कारागार कार्यालय जगन्नाथ देवल काठमाडौंमा थुनामा रहेका मिसिल संलग्न पत्रबाट देखिएको हुँदा सोही मितिबाट गणना हुने गरी १२(बाह्र) वर्षसम्म कैद ठेकी पठाउनु भनी लगत दिनू ......................................१

वादी नेपाल सरकारको माथि ठहर खण्डमा लेखिए बमोजिम जबरजस्ती करणीको १० नं. तर्फको माग दाबी पुग्न नसक्ने ठहरेकोले यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपि साथै राखी फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरमा पठाइदिनू र प्रतिवादी सोमबहादुर लामालाई पुनरावेदनको म्याद दिनू ......................................................................२

सरोकारवाला व्यक्तिले फैसलाको नक्कल माग्न आए कानुन बमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू र प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू................................................३

फाँटवाला :- ना.सु. कमलनारायण मास्के

............................
पुरुषोत्तमप्रसाद ढकाल
जिल्ला न्यायाधीश

इति संवत् २०६७ साल आश्विन महिना १० गते रोज १ शुभम् ..............................................।

**श्री झापा जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश श्री अर्जुनप्रसाद कोइराला**

**फैसला**

**कोड नं. १८-०६५-००५५८**

**निर्णय नं. १७**

***मुद्दा :- जबरजस्ती करणी महल अनुसारको अप्राकृतिक मैथुन***

**वादी**

कलमोदिन मियाको जाहेरीले वादी नेपाल सरकार...............................................१

**ऐ को प्रमाण**

**साक्षी :-**

कलमोदिन मिया

मुस्तफा आलम

अलाउदिन आलम

शान्तिप्रसाद गणेश

अकालु आलम

ओदिन मोदमद

दिलिपप्रसाद साह

सविद आलम

रजिना खातुन मिया

ख १ उपनामको पीडित

कागजः-

**प्रतिवादी**

जमालुदिन मियाको छोरा जिल्ला झापा चकचकी गा.वि.स. ९ वस्ने बर्ष १७ इन्तियाज भन्ने इन्तियाज आलम......................................................१

**ऐ.को प्रमाण**

**साक्षीः-**

जमसोदिन मिया

नुरमहमद मिया

कागजः-

**अदालतबाट बुझिएको**

**साक्षीः-**

जमसोदिन मिया

नुरमहमद मिया

मुस्तफा आलम

ओदिन मोदमद

कलमोदिन मिया

ख १ उपनाम पीडित

कागज

प्रतिवादीले अप्राकृतिक मैथुन गरी मुलुकी ऐन, जबरजस्ती करणीको ९ क नं. विपरीत कसुर गरेकाले सजाय गरी पाऊँ भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ. बं. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार छ :-

**जाहेरी दरखास्तको ब्यहोरा**

मिति २०६५/१०/२९ गते दिन झापा चकचकी -९ इन्तिहाज आलमले मेरो छोरा वर्ष ४ को ख (१) भन्नेलाई मलद्वारमा करणी गरी अप्राकृतिक मैथुन गरेको हुँदा कानुन बमोजिम गरी पाऊँ भन्नेसमेत व्यहोराको कलमोदिन मियाको जाहेरी ।

**घटनास्थल मुचुल्काको ब्यहोरा**

जिल्ला झापा चकचकी ९ स्थित पूर्वका घाग्राखोला, पश्चिममा शान्तिप्रसाद गणेशको गहुँबारी, उत्तरमा पनि निजकै गहुँबारी, दक्षिणमा निजकै गहुँबारी यति चार किल्लाभित्रमा गहुँबारीको घाँस माडिएको सोही स्थानमा मिति २०६५/१०/२९ गते दिनको समयमा इन्तिहाज आलमले कलमोदिन मियाको छोरा ख (१) लाई अप्राकृतिक मैथुन गरेको भन्नेसमेत ब्यहोराको घटनास्थल मुचुल्का ।

**अधिकार प्राप्त अधिकारसमक्ष प्रतिवादीले गरेको बयान**

मिति २०६५/१०/२९ गते दिनको समयमा जाहेरवालाको छोरो र म एकान्त स्थलमा पुग्नासाथ के किन हो मलाई यौन उत्तेजना भई लिङ्ग उठ्यो र मैले यौन उत्तेजनालाई थाम्न नसकी गहुँबारीमा घोप्टो परी सुत भनी सुत्न लगाएँ, निज सुत्यो र निजले लगाएको कट्टु खोली मेरोसमेत कट्टु खोली मेरो लिङ्ग निकाली नाबालक ख १ भन्ने ब्यक्तिको मलद्वारमा लगी छिराएँ । दुई पटक छिराउँदै निकाल्दै गर्दा मेरो लिङ्गबाट वीर्य झऱ्यो र वीर्य झरेपछि निजलाई उठाई कपडा लगाई दिई घरमा ल्याई छाडिदिएको हुँ भन्नेसमेत ब्यहोराको प्रतिवादी इन्तियाज भन्ने इन्तियाज आलमले गरेको बयान ।

**वस्तुस्थिति मुचुल्काको व्यहोरा**

मिति २०६५/१०/२९ गते दिनको समयमा झापा चकचकी ९ बस्ने इन्तियाज आलमले वर्ष ४ को ख (१) लाई अप्राकृतिक मैथुन गरेको हो भन्नेसमेत व्यहोराको ओदिल मोहमद, शान्तिप्रसाद गणेश, मुस्तफा आलमसमेतले लेखाइदिएको वस्तुस्थिति मुचुल्का ।

**शारीरिक परीक्षण रिपोर्टको व्यहोरा**

पीडित ख (१) भन्ने बालकलाई अप्राकृतिक मैथुन नगरेको यकिनसाथ भन्न नसकिने निजको मलद्वार आसपास नयाँ चोटपटक देखिँदैन भन्नेसमेत व्यहोराको पीडितको शारीरिक परीक्षण रिपोर्ट र इन्तियाज आलमको लिङ्गमा कुनै डाम चोटपटक नदेखिएको भन्ने शारीरिक परीक्षण प्रतिवेदन ।

**पीडित ख (१) उपनामले गरेको कागज**

मलाई इन्तियाज आलमले गहुँबारीमा लगी मेरो कपडा खोली उसको मलाई अप्राकृतिक मैथुन गऱ्यो । मलाई दुख्यो । रोएपछि बुबा, आमालाई भनें भन्नेसमेत व्यहोराको पीडितको कागज ।

**अभियोग- पत्रको व्यहोरा**

प्रतिवादी इन्तियाज आलमले पीडितलाई यौन दुराचार एवं अप्राकृतिक मैथुन गरी मुलुकी ऐन, जबरजस्ती करणीको ९ क नं. विपरीत कसुर गरेको पुष्टि भएकाले निज प्रतिवादीलाई ऐ को ३को देहाय (१) नं बमोजिम सजाय गरी पीडित नाबालक ४ वर्षको मात्र भएकाले ऐ को ९ क बमोजिम थप सजाय र मुनासिब क्षतिपूर्तिसमेत दिलाई पीडितलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोग माग दाबी ।

**प्रतिवादीले यस अदालतमा गरको बयान**

उक्त दिन मिति २०६५/१०/२९ गतेका दिन म मेरै घरमा थिएँ । मैले जाहेरवालाको नाबालक छोरालाई अप्राकृतिक मैथुन गरेको होइन । मेरो कलमोदिनसँग झगडा भएकाले निजले यस्तो उजुरी गरेको हो । कलमोदिन मियाको ४ जना दाजुभाइ भएर मलाई कुटपिट गरी बेहोस बनाएपछि मैले नाबालकलाई जबरजस्ती अप्राकृतिक मैथुन गरेको भनेकाले मलाई राति नै विर्तामोड लगी प्रहरीलाई जिम्मा लगाएका हुन् । मैले कुनै गल्ती गरेको छैन । अभियोग माग दाबीबाट छुट्कारा पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी इन्तियाज आलमले गरेको बयान ।

**साक्षीहरूको बकपत्रको व्यहोरा**

प्रतिवादीले गाउँकै गहुँबारीमा लगी मेरो कट्टु खोली लुम्चा लुम्चा गऱ्यो । म रोएँ मेरो मलद्वारमा प्रतिवादीले लुम्चा लाम्ची गऱ्यो भनी पीडित वर्ष ४ का ख (१) उपनामका नाबालकको अदालतमा गरेको बकपत्र । बेलुका बालकले मलाई यी इन्तियाज आलमले मैथुन गऱ्यो भनेर सुनाएको हो । बच्चाको मलद्वार सुनिएको थियो । जाहेरीको व्यहोरा मैले भने बमोजिम लेखिइको ठीक हो । उक्त कागजमा भएको सहीछापसमेत मेरै हो भनी जाहेरवाला कलमोदिन मियाँले गरेको बकपत्र । यी प्रतिवादीले नाबालकलाई अप्राकृतिक मैथुन गरेको भनी मौकामा कागज गर्ने मानिस मुस्तफा आलम मोहमदले यस अदालतमा आई गरेको बकपत्र ।

यी प्रतिवादीले जाहेरवालाको छोरालाई अप्राकृतिक मैथुन गरेको होइन । जाहेरवालाले रिस इवीको कारणले यस्तो उजुरी गरेका हुन् । प्रतिवादीले यस्तो अपराध गरेको होइन भनी प्रतिवादीका साक्षी जमसोदिन मिया र नुरमहमद मियाले गरेको बकपत्र ।

**कानुन व्यवसायीको बहस जिकिर**

वादी नेपाल सरकारको तर्फबाट जिल्ला न्यायाधिवक्ता मेदिनीप्रसाद पौडेल :- यसमा यी प्रतिवादीले नाबालक उपर अप्राकृतिक मैथुन गरेको विषयमा जाहेरवाला एवं पीडितले यस अदालतमा आई बकपत्र गरेको आधारबाट समेत पुष्टि भएको हुँदा अभियोग दाबी बमोजिम सजाय होस् भनी भएको बहस ।

प्रतिवादीका तर्फबाट विद्वान् अधिवक्ता नारायणप्रसाद श्रेष्ठ :- पीडितको शारीरिक परीक्षण गर्दा कुनै पनि चिन्हहरू नदेखिएको हुँदा मिसिल संलग्न Medical Report जस्तो स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको र यस अदालतमा आई प्रतिवादी बयान गर्दै इन्कारी बयान गरेको आधारबाट यी प्रतिवादी सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस जिकिर ।

**अदालतको ठहर**

नियम बमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल, संलग्न सम्पूर्ण कागजातहरू अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट, विद्वान् जिल्ला न्यायाधिवक्ता श्री मेदिनीप्रसाद देहायका प्रश्नहरूको न्यायिक निरुपण गर्नुपर्ने देखियो :-

क. कस्तो कार्यलाई अप्राकृतिक मैथुन भन्ने हो ?

ख. यी प्रतिवादीले यौन दुराचार एवं अप्राकृतिक मैथुन गरेको हो होइन र आरोपित कसुरमा सजाय हुनुपर्ने नपर्ने के हो ?

पहिलो प्रश्नतर्फ विचार गर्दा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९ क मा "कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नम्बर बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मानसिब माफिकको क्षतिपूर्तिसमेत भराइदिनुपर्छ भन्ने कानूनी व्यवस्था छ। तर अप्राकृतिक मैथुन कस्तो कार्यलाई भन्ने सम्बन्धमा" नाबालक लोग्ने मानिस होस् वा स्वास्नी मानिस होस् त्यस्तो नाबालकसँग प्राकृतिकविरुद्ध गरिने यौन क्रियालाई अप्राकृतिक मैथुन भनिन्छ। (ज्ञाइन्द्रबहादुर श्रेष्ठ, मुलुकी ऐन एक टिप्पणी, पैरवी प्रकाशन संस्करण २०६१ पृ ६३८) भनी उल्लेख गरिएको छ। प्रतिवादीले अधिकारी प्राप्त अधिकारीसमक्ष बयान गर्दै यौन उत्तेजना थाम्न नसकी नाबालकको अप्राकृतिक मैथुन गरी यौन उतेजना मेटाएको हुँ भनी स्वीकार गरेको हुँदा नाबालकको मलद्वारमा लिङ्ग प्रवेश गराउने कार्य प्रकृतिको नियमविरुद्धको कार्य मानिने र त्यस्तो कार्यलाई हाम्रो कानुनले पनि दण्डनीय मानेको हुँदा प्रकृतिको विरुद्ध गरिने यौन क्रियालाई अप्राकृतिक मैथुन मान्नुपर्ने देखियो।

अर्को प्रश्नतर्फ विचार गर्दा यसमा ख १ नाम गरेको बालकको मलद्वारमाथि प्रतिवादीले करणी गरी अप्राकृतिक मैथुन गरेको भन्ने किटानी जाहेरी देखिन्छ। घटनास्थल मुचुल्का हेर्दा घटनास्थल आलीको घाँस माडिएको, आलीमुनि खेतको गहुँ माडिएको, बारीको सुख्खा फुको माटो खुदिएको भन्ने घटनास्थल मुचुल्का देखिएको छ। उक्त मुचुल्कामा बस्ने व्यक्ति ओदिल मोहम्मदले यस अदालतमा आई गरेको बकपत्र सवाल जवाफ ७ मा उक्त मुलुल्कामा भएको व्यहोरासमेतको सहीछाप आफ्नै भएको लेखाइदिएका छन्। जहाँ पीडितले यस अदालतमा आई गरेको बकपत्रमा घटनास्थल यी प्रतिवादी साइकलमा राखेर लगेको प्रतिवादी लगेर कट्टु खोली लुम्चा गऱ्यो भनी लेखाइदिएको र मौकामा कागज व्यहोरासमेत आफ्ने भएको भनी लेखाइदिएको देखियो। प्रतिवादीले अधिकार प्राप्त अधिकारसमक्ष गरेको बयान आफूले यौन उत्तेजना थम्न नसकी नाबालकसँगको अप्राकृतिक मैथुन गरेको हो भनी आरोपित कसुरमा स्वीकार बयान गरेको देखिन्छ। तर यस अदालतमा आई प्रतिवादीले इन्कारी बयान गरे तापनि त्यसको विश्वसनीयता देखिएन। जाहेरवालाले जाहेरीमा भएको व्यहोरा ठीक हो र यी प्रतिवादीले बालकलाई अप्राकृतिक मैथुन गरेका हुन् भनी स्पष्ट रूपमा बकपत्र गरी लेखाइदिएको देखिन्छ।

पीडितले यस अदालतमा आई बकपत्र गर्दै प्रतिवादीले गाउँकै गहुँबारीमा लगी मेरो कट्टु खोली लुम्चा लुम्ची गऱ्यो। म रोएँ। मेरो मलद्वारमा प्रतिवादीले लुम्चा लुम्ची गऱ्यो भनी बकपत्र गरेका छन्। उक्त पीडितको भनाइलाई अन्यथा मान्नुपर्ने देखिएन। प्रमाण ऐनले यस्ता पीडित व्यक्तिलाई नै प्रमुख प्रमाण मानेको छ। प्रमाण ऐन, २०३१ को दफा १० (१) (ख) मा कुनै काम घटना वा अवस्थाबाट पीडित व्यक्तिले व्यक्त गरेको कुरा प्रमाणमा लिइने प्रमाण मानेको छ। पीडितले अदालतमा त्यतिका कलिला उमेरमा व्यक्त गरेको भनाइलाई विश्वसनीय देखिँदा यसमा थप प्रमाण खोज्नु आवश्यक देखिँदैन।

अतः स्वतन्त्र भौतिक प्रमाणबाट पुष्टि नभएको भन्ने प्रतिवादीको कानुन व्यवसायीको बहससँग सहमत हुन सकिएन ।

जाहेरवालाले यस अदालतमा आई जाहे जाहेरी व्यहोरा स्पष्ट गर्दै बकपत्र, वादी पक्षका साक्षीहरूको बकपत्रसमेतबाट यी प्रतिवादीले आरोपित कसुरमा यी प्रतिवादीलाई सजाय हुने नै देखियो ।

माथि विवेचना गरिएको आधार एवं प्रमाणहरूबाट पीडितले यस अदालतमा आई गरेको बकपत्र जाहेरवालाले जाहेरीको व्यहोरा स्वीकार गर्दै पीडितलाई प्रतिवादीले अप्राकृतिक मैथुन गरेको भनी लेखाई दिएको बकपत्र लगायत वादी पक्षका साक्षीहरूले गरेको बकपत्रसमेतको आधार एवं कारणहरूबाट यी प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन आयो । तसर्थ यी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९ क को कसुरमा सोही महलको ३ को देहाय दस वर्ष कैद र सोही महलको ९ क बमोजिम थप १ वर्ष कैदसमेत हुने ठहर्छ ।

अभियोग दाबी बमोजिम क्षतिपूर्तितर्फ विचार गर्दा प्रतिवादीको कुनै पनि सम्पत्तिको विवरण वादी पक्षबाट प्रस्तुत गरेको नदेखिँदा त्यसतर्फ केही गर्नु गरी मुलुकी ऐन, अ. वं. १८६ नं. बमोजिय यो फैसला गरी दिएँ ।

**तपसिल**

- माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी इन्तियाज आलमलाई जबरजस्ती करणीको महलको ९ क को कसुरमा सोही महलको ३ नं. को देहाय १ बमोजिम १० बर्ष कैद तथा सोही महलको ९ क बमोजिम थप १ वर्ष कैदसमेत ११ कैद हुने ठहरी फैसला भएको निज प्रतिवादी मिति २०६५/११/२ गते पक्राउ परी हालसम्म कारागार कार्यालय भद्रपुर, झापामा थुनामा रहेको देखिँदा सोही मितिदेखि कैद कट्टी हुने गरी मिति २०६७/११/१ सम्म कैदमा बसी ऐ २ मा छुट्टी जाने गरी कैद म्याद ठेगी असुल गर्नू ।
- यस फैसला उपर चित्त नबुझे प्रतिवादी इन्तियाज आलमलाई ७० दिनभित्र श्री पुनरवेदन अदालत इलाममा पुनरावेदन गर्नु भनी फैसला सुनाई निस्सा मिसिल संलग्न राख्नू ।
- फैसलाको नक्कलसहित फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय भद्रपुर, झापालाई दिनू ।
- सरोकारवालाले नक्कल माग गरे बन्द इजलासबाट सुनुवाइ भएको हुँदा जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ ख को अधीनमा रही लाग्ने दस्तुर लिई सारी सराइदिनू ।
- यस मुद्दामा अन्य काम बाँकी नहुँदा प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख संरक्षण फाँटका बुझाइदिनू ।

माननीय न्यायाधीशज्यू ले
टिपाए बमोजिम लेख्ने डिट्ठा
मेदनी दहाल, फाँटवाला ना. सु
देवीप्रसाद दाहाल ।

..................................
अर्जुनप्रसाद कोइराला
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल भाद्र १४ गते रोज १ शुभम् ......................................।

**श्री काठमाडौं जिल्ला अदालत**

**इजलास**

**माननीय अतिरिक्त जिल्ला न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ**

**फैसला**

**संवत् २०६४ सालको स.फौ.नं. १९९७**

**नि.नं. ३६४**

***मुद्दा :- बहु विवाह ।***

**वादीको नाम, थर, वतन**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ नयाँबानेश्वर, मीनभवन, बस्ने वर्ष ३४ की मिथिला सिलवालको जाहेरीले नेपाल सरकार..............................................................१

**साक्षी**

**कागज**

**प्रतिवादीको नाम, थर, वतन**

चिरञ्जीवी सिलवालको छोरा पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ७ घर भई हाल का.जि.का.म.पा. वडा नं. ४ धुम्बाराही सुकेधारा बस्ने वर्ष ३५ को विक्रम सिलवाल...................................................................१

खड्कबहादुर थापाको छोरी विक्रम सिलवालको श्रीमती नवलपरासी जिल्ला त्रिवेणी सुस्ता गा.वि.स. वडा नं. ६ घर भई हाल का.जि.का.म.पा. वडा नं. ४ धुम्बाराही सुकेधारा बस्ने वर्ष २५ की वासु सिलवाल ..................१

**साक्षी**

**कागज**

**अदालतबाट बुझेको**

**साक्षी**

**कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.वं.२९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई प्रस्तत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार छ :-

२०५९ सालमा प्रतिवादी विक्रम सिलवालसँग वैवाहिक सम्बन्ध कायम भई हालसम्म रहेको छ, माइतीबाट सम्पत्ति नल्याएको भन्दै दुःख दिएकोमा निज श्रीमान्सँग अंशसम्बन्धी मुद्दा चल्दै गरेको अवस्थामा निजले वासु सिलवालसँग विवाह गरी बहुविवाह गरेको हुँदा कानुन बमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

विक्रम सिलवालले श्रीमती हुँदाहुँदै अर्को विवाह गरी बहुविवाह गरेको हो भन्नेसमेत व्यहोराको धनबहादुर के.सी., सोमलाल श्रेष्ठ र उमाशंकर कुँवरको कागज ।

विक्रम सिलवालसँग विवाह भई नाता सम्बन्ध कायम रहेकोमा निज विक्रम सिलवालले दोस्रो विवाह गरी बहुविवाह गरेको थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको जाहेरवाली मिथिला सिलवालको कागज ।

प्रतिवादी विक्रम सिलवालले देस्रो विवाह गरी मुलुकी ऐन, बिहावारीको महलको ९ नं. विपरीत कसुर गरेको हुँदा १० नं. बमोजिम सजाय गरी पाउन तथा वासु थापाले ऐ.ऐनको १० नं. विपरीतको कसुर गरेको हुँदा ऐ. १० नं. बमोजिम साजय गरी पाउन मागदाबीसहितको अभियोग पत्र ।

विक्रम सिलवालसँग २०५६ साल माघ १० गते विवाह भई छोरासमेत रहेको छ, श्रीमान्ले घरमा नभित्राई मलाई माइतमै छाडेको हुँदा मैले श्रीमान्उपर अंश मुद्दा दायर गरेको हो, मैले अंश मुद्दा दिएपछि मात्र निज विक्रम सिलवालले अर्को विवाह गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी वासु सिलवालको अदालतमा भएको बयान ।

मैले २०५६।१०।१० मा वासु सिलवालसँग विवाह गरेको हो, विवाहपश्चात् बुवाआमाले हामीलाई घरबाट निकाला गरिदिएका हुँदा छुट्टाछुट्टै बसेका थियौं, २०५९ सालमा जाहेरवाली मिथिला सिलवालसँग विवाह गरेको हो, हामीबीच अंश मुद्दा चलिरहेको छ भन्नेसमेत व्यहोराको प्रतिवादी विक्रम सिलवालको अदालतमा भएको बयान ।

जाहेरी दरखास्तको व्यहोरा र सहीछाप मेरो हो, श्रीमान्ले वासु थापासँग दोस्रो विवाह गरेको हो भन्नेसमेत व्यहोराको जाहेरवाली मिथिला सिलवालको बकपत्र ।

अनुसन्धानको क्रममा भएको व्यहोरा र सहीछाप मेरो हो, प्रतिवादी विक्रम सिलवालले २०५९ सालमा मिथिला सिलवालसँग विवाह गरेको र पछि वासु सिलवालसँग विवाह गरी पुरानो मितिमा बेजिल्लामा गई विवाह दर्ता गराएको हो भन्नेसमेत व्यहोराको धनबहादुर के.सी.को अदालतमा भएको बकपत्र ।

अनुसन्धानको सिलसिलामा भएको कागजको व्यहोरा तथा सहीछाप मेरो हो, मिथिला सिलवालसँग प्रतिवादी विक्रम सिलवालले २०५९ सालमा विवाह गरेको हो, प्रतिवादी वासु सिलवालसँग प्रतिवादी विक्रम सिलवालले पहिले नै विवाह गरेको हो भन्ने कुरा मलाई पछि थाहा भएको हो भन्नेसमेत व्यहोराको उमाशंकर कुँवरको बकपत्र ।

२०५६ साल माघ १० गते विक्रम सिलवाल र वासु सिलवालबीच विवाह भएको हो, मिथिला सिलवाल र विक्रम सिलवालबीच २०५९ सालमा विवाह भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विक्रम सिलवालको साक्षी सरोजा गुरुङको बकपत्र ।

प्रतिवादी विक्रम सिलवालले पहिलो विवाह वासु सिलवालसँग गरेको हो, अर्को विवाह गरेको बारेमा मलाई थाहा छैन भन्नेसमेत व्यहोराको वासु सिलवालको साक्षी सुनिता अधिकारीको अदालतमा भएको बकपत्र ।

## अदालतको ठहर

नियमानुसार साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री कमलराज पन्थीले मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरूले अभियोग दाबीको कसुर गरेको समर्थित भएको देखिँदा प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम गरी पाऊँ भनी प्रतिवादी वासु सिलवालको तर्फवाट उपस्थित विद्वान् अधिवक्ता श्री उत्तमप्रसाद सापकोटाले प्रतिवादी वासु सिलवाल प्रतिवादी विक्रम सिलवालको जेठी पत्नी भएको र मिथिला सिलवालसँग प्रतिवादी विक्रम सिलवालले विवाह गरेको कारणबाट प्रतिवादी वासु सिलवालले कसुर गरको मान्न मिल्दैन, अतः प्रतिवादी वासु सिलवालले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी र प्रतिवादी विक्रम सिलवालको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री उमेश खकुरेल र श्री जगदीश भण्डारीले विवाह दर्ताको प्रमाणपत्रबाट

२०५६।१०।१० मा वासु सिलवालसँग प्रतिवादी विक्रम सिलवालले विवाह गरेको देखिएको छ, बहुविवाह मुद्दा चलिरहेको अवस्थामा जाहेरवालाले सम्वन्ध विच्छेद मुद्दा दिई सम्बन्ध विच्छेद हुने गरी फैसला भइसकेको र अंश मानाचामल मुद्दाबाट जाहेरवालाले अंश र मानाचामल पाइसकेको हुँदा प्रतिवादी विक्रम सिलवालले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

मिसिल अध्ययन गरी निर्णयतर्फ बिचार गर्दा प्रतिवादीहरूले अभियोग दाबीको कसुर गरेको अवस्था छ, छैन ? र वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्ने, नसक्ने के हो ? भन्ने विषयमा निर्णय दिनुपर्ने हुन आएको छ ।

यसमा प्रतिवादी विक्रम सिलवालले दोस्रो विवाह गरी मुलुकी ऐन, बिहावारीको महलको ९ नं. विपरीत कसुर गरेको हुँदा १० नं. बमोजिम सजाय गरी पाउन तथा वासु थापाले ऐ.ऐनको १० नं. विपरीतको कसुर गरेको हुँदा ऐ. १० नं. बमोजिम साजय गरी पाऊँ भन्ने अभियोग दाबी रहेको देखिन्छ । अदालतमा प्रतिवादी विक्रम सिलवालले मैले २०५६।१०।१० मा वासु सिलवालसँग विवाह गरेको हो, विवाहपश्चात् बुवाआमाले हामीलाई घरबाट निकाला गरिदिएका हुँदा छुट्टाछुट्टै बसेका थियौं, २०५९ सालमा जाहेरवाली मिथिला सिलवालसँग विवाह गरेको हो, हामीबीच अंश मुद्दा चलिरहेको छ भनी बयान गरेको पाइन्छ । प्रतिवादी विक्रम सिलवालको साक्षी सरोजा गुरुङले २०५६ साल माघ १० गते विक्रम सिलवाल र वासु सिलवालबीच विवाह भएको हो, मिथिला सिलवाल र विक्रम सिलवालबीच २०५९ सालमा विवाह भएको हो भनी बकपत्र गरेको देखिन्छ । जाहेरवालाले जाहेरी दरखास्तको व्यहोरा र सहीछाप मेरो हो, श्रीमान्ले वासु थापासँग देश्रो विवाह गरेको हो भनी, बुझिएका धनबहादुर के.सी.ले अनुसन्धानको क्रममा भएको व्यहोरा र सहीछाप मेरो हो, प्रतिवादी विक्रम सिलवालले २०५९ सालमा मिथिला सिलवालसँग विवाह गरेको र पछि वासु सिलवालसँग विवाह गरी पुरानो मितिमा बेजिल्लामा गई विवाह दर्ता गराएको हो भनी र बुझिएका उमाशंकर कुँवरले अनुसन्धानको सिलसिलामा भएको कागजको व्यहोरा तथा सहीछाप मेरो हो, मिथिला सिलवालसँग प्रतिवादी विक्रम सिलवालले २०५९ सालमा विवाह गरेको हो, प्रतिवादी वासु सिलवालसँग प्रतिवादी विक्रम सिलवालले पहिले नै विवाह गरेको हो भन्ने कुरा मलाई पछि थाहा भएको हो भनी बकपत्र गरेको पाइन्छ । प्रमाणमा आएको दे.नं. २४६८/३८४६ को वादी मिथिला सिलवाल प्रतिवादी विक्रम सिलवालसमेत भएको अंश चलनसमेत मुद्दामा यस अदालतबाट वादीले अंश भाग छुट्याई पाउने ठहरी मिति २०६३।१२।७ मा फैसला भएको देखिन्छ । मिसिल संलग्न स्थानीय पंजिकाधिकारीको कार्यालय तानसेन नगरपालिकाको विवाह दर्ताको प्रमाणपत्रबाट दर्ता नं. १७, मिति २०६४।१।२० मा विक्रम सिलवाल र वासु थापाको २०५६।१०।१० मा विवाह भएको भनी विवाह दर्ता भएको देखिन आउँछ ।

प्रमाणमा आएको अंश मुद्दामा प्रतिवादी विक्रम सिलवालले प्रतिउत्तर दिँदा वासु थापा सिलवाल निजको पत्नी भएको कुरा उल्लेख गरेको देखिँदैन, माथि उल्लेख भएअनुसार प्रतिवादी विक्रम सिलवाल र प्रतिवादी वासु थापा सिलवालले जाहेरवालाले दिएको अंश मुद्दाको फैसला भएपश्चात् २०५६।१०।१० मा विवाह भएको भनी मिति २०६४।१।२० मा विवाह दर्ता गराएको देखिन आउँछ । प्रतिवादीहरूबीच २०५६।१०।१० मा विवाह भइसकेको भएमा उक्त अंश मुद्दामा प्रतिवादी विक्रम सिलवालले सो कुराको उल्लेख गर्न सक्नुपर्नेमा उल्लेख नगरेकोबाट उक्त विवाह दर्ताअनुरूप २०५६।१०।१० मा विवाह भएको भन्ने कुरा सन्देहास्पद देखिन्छ । प्रमाणमा आएको दु.फौ.नं. १५६१ को वादी मिथिला के.सी. सिलवाल प्रतिवादी विक्रम सिलवाल भएको सम्बन्ध विच्छेद मुद्दामा यस अदालतबाट मिति २०६६।९।१६ मा वादी प्रतिवादीबीच कायम रही आएको लोग्ने स्वास्नीको नाता सम्बन्ध विच्छेद हुने ठहरी फैसला भएकोमा सो फैसला हुनुभन्दा अगावै अर्थात् जाहेरवाला र प्रतिवादी विक्रम

सिलवालबीचको लोग्ने स्वास्नीको सम्बन्ध कायम नै रहेको अवस्थामा प्रतिवादी विक्रम सिलवालले अर्को विवाह गरेको अवस्थामा बिहावारीको ९ नं. अनुरूपको कसुर नहुने भन्न मिल्ने देखिँदैन ।

प्रमाणमा आएको दे.नं. २४६८/३८४६ को वादी मिथिला सिलवाल प्रतिवादी विक्रम सिलवालसमेत भएको अंश चलन मुद्दामा ४ भागको १ भाग वादीको पतिको भागबाट २ भागको एक भाग वादीले अंश पाउने ठहरी यस अदालतबाट मिति २०६३।१२।७ मा फैसला भएको देखिन्छ । सर्वोच्च अदालतबाट "......बिहावारीको ९ नं. ले स्वास्नी मानिसले अंश मुद्दा दायर गर्दैमा लोग्नेले अर्को विवाह गर्न पाउने छुट दिएको छैन । "अंश लिई भिन्न बसेको 'भन्नु' 'मानो छुटिएको' वा अदालतमा अंश मुद्दा परेको भनी कदापि हुन सक्दैन । यदि अंश मुद्दा परेको छ भने अंश पाउने ठहरी भएको फैसला कार्यान्वित भएर अंश छुट्याइसकेपछि मात्र त्यस्ती स्वास्नीले अंश लिई भिन्न बसेको" भन्न र मान्न सकिन्छ । ......... घरमा जेठी श्रीमती हुँदाहुँदै दोस्रो विवाह गरी बिहावरीको ९ नं. को कसुर गरेको भनी अंश मुद्दा दायर गरेकोलाई भिन्न बसेको भनी व्याख्या गरी सुरु जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई सफाइ दिएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने (ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८४, पृष्ठ १२६८ मा प्रकाशित) भनी सिद्धान्त प्रतिपादन भएको देखिन आउँछ । यस स्थितिमा अंश मुद्दा परी फैसला भई अंश छुट्याइसकेपछि मात्र बिहावारीको ९ नं. को प्रावधान अनुरूप अंश लिई भिन्न बसेको मान्नुपर्ने भएबाट जाहेरवालाले अंश पाउने गरी फैसला भएपछि प्रतिवादी विक्रम सिलवालले अर्को विवाह गरेको अवस्था नभएकोले जाहेरवालाले बिहावारीको ९ नं.को प्रयोजनको निम्ति अंश लिइसकेको मान्न मिल्ने देखिएन ।

जाहेरवालाको बकपत्र र बुझिएका मानिसहरू धनबहादुर के.सी. र उमाशंकर कुँवरले गरेको बकपत्रबाट प्रतिवादी विक्रम सिलवालले अर्को विवाह गरेको समर्थित भएको देखिन्छ । प्रतिवादीले अर्को विवाह नगरेको भन्ने कुरालाई जिकिर लिई प्रमाणबाट समर्थित गर्न सकेको पाइँदैन । यस स्थितिमा प्रतिवादी विक्रम सिलवालले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भन्ने निज प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन ।

प्रतिवादी वासु सिलवालको हकमा विचार गर्दा निज प्रतिवादीले अदालतमा विक्रम सिलवालसँग २०५६ साल माघ १० गते विवाह भई छोरासमेत रहेको छ, श्रीमान्ले घरमा नभित्र्याई मलाई माइतमै छाडेको हुँदा मैले श्रीमान्उपर अंश मुद्दा दायर गरेको हो, मैले अंश मुद्दा दिएपछि मात्र निज विक्रम सिलवालले अर्को विवाह गरेको हो भनी बयान गरेको पाइन्छ । निज प्रतिवादीको साक्षी सुनिता अधिकारीले प्रतिवादी विक्रम सिलवालले पहिलो विवाह वासु सिलवालसँग गरेको हो, अर्को विवाह गरेको बारेमा मलाई थाहा छैन भनी बकपत्र गरेको देखिन्छ । प्रतिवादी वासु सिलवालले जाहेरवाला प्रतिवादी विक्रम सिलवालको पत्नी भएको जानीजानी निजसँग विवाह गरेको भन्ने सम्बन्धमा वादी पक्षबाट प्रमाण प्रस्तुत हुन सकेको पाइँदैन । यस स्थितिमा प्रतिवादी वासु सिलवालउपरको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसकी निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने देखिन आयो ।

यसप्रकार, जाहेरवालाको बकपत्र, बुझिएका धनबहादुर के.सी. र उमाशंकर कुँवरको बकपत्रबाट प्रतिवादी विक्रम सिलवालले अर्को विवाह गरेको समर्थित भएको देखिएको र प्रमाणमा आएको वादी मिथिला सिलवाल प्रतिवादी विक्रम सिलवालसमेत प्रतिवादी भएको अंश मुद्दमा प्रतिवादी विक्रम सिलवालले प्रतिउत्तर दिँदा प्रतिवादी वासु सिलवाल जेठी पत्नी भएको एवं निजसँग विवाह भएको भन्ने कुरा उल्लेख गरेको नदेखिएको तथा अंश मुद्दामा फैसला हुनुभन्दा अघि विवाह गरेको अवस्थामा बिहावारीको ९ नं. अनुरूपको कसुर नहुने भन्ने

नदेखिएको हुँदा प्रतिवादी विक्रम सिलवालले अर्को विवाह गरी अभियोग दाबीको कसुर गरेको देखिन अयो। तसर्थ प्रतिवादीले अर्को विवाह गरेको एवं सम्बन्ध बिच्छेद हुनुभन्दा अघि विवाह गरेको अवस्था एवं परिस्थिति र प्रतिवादीले गरेको कसुरको मात्राको आधारमा प्रतिवादी विक्रम सिलवाललाई बिहावारीको १० नं. अनुसार एक वर्ष कैद र रु. ५,०००।- (पाँच हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ। प्रतिवादी वासु सिलवालले जाहेरवाला प्रतिवादी विक्रम सिलवालको पत्नी भएको कुरा जानीजानी निजसँग विवाह गरेको भन्ने सम्बन्धमा वादी पक्षबाट प्रमाण प्रस्तुत हुन सकेको नदेखिएको हुँदा प्रतिवादी वासु सिलवाललाई बिहावारीको १० नं. बमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन अदालती बन्दोबस्तको १८६ नं. बमोजिम प्रस्तुत फैसला गरिदिएँ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी विक्रम सिलवाललाई १(एक) वर्ष कैद र रु. ५,०००।- (पाँच हजार रुपैयाँ) जरिवाना हुने ठहरेकाले निज प्रतिवादी रु.५,०००।- धरौटी राखी तारेखमा रहेको र निज प्रतिवादी गैर हुँदा निजलाई लागेको कैद लगत कसी असुल गर्नु भनी र निजलाई लागेको जरिवाना रु.५,०००।- निजले यस अदालतमा र.नं. 1063, ldlt 2065/3/1 बाट राखेको नगद धरौट रु ५,०००।- बाट सदर स्याहा गर्नं भनी तहसिल शाखामा लगत दिनू........................................................................................१

मथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी वासु सिलवाल उपरको वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने ठहरेकाले र निज प्रतिवादी अ.वं. ४७ नं. बमोजिम साधारण तारेखमा रहेको देखिँदा केही गरिरहन परेन........................................................................................................२

प्रस्तुत इन्साफमा चित्त नबुझे स.मु.स.ऐन, २०४९ को दफा २६ अनुसार ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नं भनी प्रतिवादी विक्रम सिलवाललाई र प्रस्तुत फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई समेत पुनरावेदनको म्याद दिनू ..................................................................३

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनू.....................................................................४

प्रस्तुत मुद्दाको दायरीको लगतबाट कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू....................................५

मा.अ.न्या.ज्यूले वोली टिपाए बमोजिम टिपी
कम्प्युटराइज्ड गर्ने :- डिट्ठा राकेशमणि उपाध्याय
फाँट ना.सु. कर्ण राई

................................
नारायणप्रसाद श्रेष्ठ
अतिरिक्त जिल्ला न्यायाधीश

इति संवत् २०६7 साल ज्येष्ठ 12 गते रोज 4 शुभम्...................................................................

**श्री सुर्खेत जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री कृष्णबहादुर थापा**

**फैसला**

**निर्णय नं. ७५**

**र.नं. ७८/०६५/००७६१**

***मुद्दा :- बालविवाह ।***

| **वादी** | **प्रतिवादी** |
|---|---|
| जिल्ला बाल कल्याण समिति सुर्खेतको जाहेरीले नेपाल सरकार.........................................१ | जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं.१० बस्ने गोविन्द सुनुवार..................................................१ |
| | ऐ.ऐ. बस्ने भीमबहादुर सुनुवार...............................१ |
| **प्रमाण :** | ऐ.ऐ. बस्ने मानबहादुर सुनुवार...............................१ |
| **साक्षी :** जाहेरवाला तथा बुझिएका मानिसहरू | ऐ.ऐ. बस्ने तुलसी सुनुवार......................................१ |
| कागज : | ऐ.ऐ. बस्ने मंगल नेपाली ........................................१ |
| | ऐ.ऐ. लाटीकोइली ९ बस्ने रेखा सुनुवार .....................१ |
| | ऐ.ऐ. बस्ने लक्ष्मीप्रकाद ढकाल .................................१ |
| | ऐ.ऐ. बस्ने चन्द्रबहादुर सुनुवार...................................१ |
| | **साक्षी : ९ जना ।** |
| | **कागज :** |

**अदालतबाट बुझेको**

**प्रमाण :**

पीडित : वसन्ती रखाल...............।

जाहेरवाला : रमा भण्डारी.............।

**प्रतिवादीका साक्षी :**

मनकुमारी सुनुवार........................।

मोहन सुनुवार..............................।

पिताम्बर भट्टराई ..........................।

ललितनाथ योगी ..........................।

**कागज**

**×**

प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र तथ्य यसप्रकार रहेको छ :-

मिति २०६५।०८।२६ गते दिनको अं.१२:१५ बजेको समयमा सुर्खेत लाटीकोइली गा.वि.स. वडा नं.९ स्थित (वास्तविक नाम परिवर्तित) वर्ष १३ की वसन्ती रखाल र गोविन्द सुनुवारको बीचमा बालविवाह भइरहेको अवस्थामा

जाँदा यस्तो विवाह गर्दा कारबाही हुन्छ नगर भनी सम्झाउँदा अटेर गरी विवाह सम्पन्न गरेकाले कारबाही गरी पाऊँ भन्ने जाहेरी दरखास्त ।

मेरो र गोविन्द सुनुवारको बीच १ वर्षदेखि प्रेम बसेको हुँदा आमाले भागेर जान दिँदैनौं विवाह गरिदिन्छौं भनेकीले मिति २०६५।०८।२६ गते गोविन्द सुनार र मेरो विवाह गरेको हो ।
मेरो जन्म २०४९।०१।०९ मा भएको हो स्कुल पढ्दा उमेर घटाएर पढेकी हुँ भन्नेसमेत व्यहोराको वसन्ती रखालले अनुसन्धान अधिकृतसमक्ष गरेको कागज ।

मिति २०६५।८।२६ गते केटा तथा केटीको आमाबुवाले हाम्रो छोराछोरीको विवाह गरिदिनुपर्‍यो भनेकाले केटाकेटीको उमेर पुगेको छ छैन भनी सोध्दा उमेर पुगेका हुन्, तपाईंलाई केही बात लाग्दैन भनेकाले मैले विवाह गरिदिएको हुँ भन्नेसमेत व्यहोराको ब्राह्मण प्रतिवादी लक्ष्मीप्रसाद ढकालले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मेरो छोरा गोविन्द सुनुवारले वसन्ती रखालसँग मन परेको छ, विवाह गराइदिनुपर्‍यो भनेकाले र केटीका आमाबुवाले पनि हाम्रो छोरीको माया प्रेम बसेको छ भनेकाले हामी सबैले सहमतिमा ब्राह्मण लक्ष्मीप्रसाद ढकाललाई बोलाई विवाह गराइदिएका हौ भन्नेसमेत व्यहोराको प्रतिवादी भीमबहादुर सुनुवार र तुलसी सुनुवारले गरेको एकै मिलान अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मेरो छोरी वसन्ती रखाल र गोविन्द सुनारले माया प्रेम बसेको थाहा पाई विवाह गरिदिएका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी रेखा सुनुवारले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मेरो र वसन्ती रखालका बीच माया प्रेम बसेको एक वर्ष भयो । हामी एक अर्काबिना बाँच्न नसक्ने अवस्थामा भएकाले भागेर जाने क्रममा थियौं । दुवैका आमाबुवाले थाहा पाई भागेर नजाऊ विवाह गरिदिन्छौं भनेकाले हाम्रो विवाह भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी गोविन्द्र सुनुवारले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६५।०८।२६ गते गोविन्द्र सुनुवार र वसन्ती रखालबीच विवाह भएको हो । केटाकेटीको आमा बुवाले सोद्धा माया प्रेम बसेकाले भागेर जान लाग्दा विवाह गरिदिएका हौं । उमेर नपुगे पनि केटाकेटीले कर गरेकाले विवाह गर्नुपरेको हो भन्नेसमेत व्यहोराको बुझिएका मनकुमारी सुनुवारसमेतका मानिसहरूले अनुसन्धानमा गरेको कागज ।

वर्ष १३ की नाबालिका नाम परिवर्तित वसन्ती रखालसँग विवाह गर्ने प्रतिवादी गोविन्द सुनुवार नाबालिकासँग विवाह गराउने प्रतिवादी भीमबहादुर सुनुवार, तुलसी सुनुवार, मानबहादुर सुनुवार, रेखा सुनुवार, मंगल नेपाली र चन्द्रबहादुर सुनुवारले मुलुकी ऐन विवाहवारीको २ नं. को देहाय २ को कसुर गरेकाले सोही महलको २ नं. को देहाय २ बमोजिम सजाय गरी प्रतिवादी लक्ष्मीप्रसाद ढकालले विवाह गाउन नहुने नाबालिका हुन् भन्ने जानीजानी पुरोहित (ब्राह्मण) को काम गरी विवाह गराई मुलुकी ऐन विवाहवारीको २ नं. को देहाय ६ को कसुर गरेकाले सोही बमोजिम सजाय गरी पाऊँ भन्ने मिति २०६५।१०।०५ गतेको अभियोग माग दाबी ।

राजीखुसीले विवाह गरेका हौं, अभियोग दाबीबाट फुर्सद पाऊँ भन्ने प्रतिवादी गोविन्द सुनुवारले मिति २०६५।१०।०५ गते अदालतमा गरेका बयान ।

जानीजानी बालिकाको विवाह गराएका होइनौं अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने प्रतिवादी भीमबहादुर सुनुवारले मिति २०६५।१०।०६ मा अदालतमा गरेको बयान ।

जानीजानी विवाह गराएका होइनौं । प्रेम विवाह गर्नुभन्दा मागेर विवाह गराएका हौं, अभियोग दाबीबाट फुर्सद पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी तुलसी सुनुवारले मिति २०६५।१०।०६ मा अदालतमा गरेको बयान ।

म दुलाहाको काका भएको र विवाहमा जन्ती भई गएको मात्र हुँ । अभियोग दाबीबाट फुर्सद पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी मंगल नेपालीले मिति २०६५।१०।०६ मा अदालतमा गरेको बयान ।

मैले उमेर पुगेको छोरीको विवाह गराइदिएको हुँ । अभियोग दावीबाट सफाइ पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी रेखा सुनारले मिति २०६५।१०।०६ मा अदालतमा गरेको बयान ।

उमेर पुगिसकेकी छोरीको विवाह उसैको इच्छाले केटा मन पराएर गरेको हो, मैले अभियोग दाबीबाट फुर्सद पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी मानबहादुर सुनुवारले मिति २०६५।१२।१० मा अदालतमा गरेको बयान ।

मसमेत भई बालविवाह गराएको होइन । अभियोग दाबीबाट सफाइ पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी चन्द्रबहादुर सुनुवारले मिति २०६६।०१।२० मा अदालतमा गरेको बयान ।

मिति २०६५।०८।२६ गते गोविन्द सुनुवारसँग मागेर विधिपूर्वक विवाह भएको हो, कसैको करकापले विवाह गरेका होइनौं भन्नेसमेत व्यहोराको पीडित वसन्ती रखालको बकपत्र ।

बालविवाह रोक्नका लागि बाल क्लबहरू, पत्रकारहरू, युवामञ्चहरूसमेत अभियानकर्ता भएकाले उनीहरूको सूचना दिएको आधारमा जिल्ला बाल कल्याण समितिको तर्फबाट पदीय दायित्वको हिसाबले जाहेरी दिएको हुँ । बालविवाह भएको भनिएको स्थानमा म पुगेको थिएन भन्नेसमेत व्यहोराको जाहेरवाला रमा भण्डारीले गरेको बकपत्र ।

मिति २०६५।०८।२६ मा गोविन्द सुनुवार र वसन्ती रखालको विवाह राजीखुसीले भएको हो, उनीहरूबीच पहिलेदेखि नै मायाप्रेम थियो । अरू कसैले करकाप गरी विवाह गराएका होइनन् भन्नेसमेत व्यहोराको प्रतिवादी भीमबहादुर सुनुवारका साक्षी मोहन सुनुवारले गरेको बकपत्र ।

प्रतिवादी गोविन्द सुनुवार र वसन्ती रखालको विवाह राजीखुसी र मञ्जुरीले भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी गोविन्द सुनुवारका साक्षी मोहन सुनुवारले गरेको बकपत्र र मिति २०६५।०८।२६ मा गोविन्द सुनुवार र वसन्ती रखालको विवाह राजीखुसीले भएको हो । गोविन्द सुनुवार र वसन्ती रखालको बीचमा पहिलेदेखि नै माया प्रेम भई विवाह गर्न केटाकेटी भाग्ने सम्भावना भएकोले अभिभावकहरूको सहमति भई विवाह भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी मंगल नेपालीका साक्षी पिताम्बर भट्टराईले गरेको बकपत्र ।

प्रतिवादी चन्द्रबहादुर सुनुवार गाउँ घरमा नै विवाह हुँदा थिएनन्, विवाहमा गएका पनि होइनन् भन्नेसमेत व्यहोराको प्रतिवादी चन्द्रबहादुर सुनुवारका साक्षी ललितनाथ योगीले गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा पेस हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नं.ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई वादी नेपाल सरकारका तर्फबाट बहसको निमित्त उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री श्यामसुन्दर अधिकारीले प्रतिवादीहरूले नाबालक वसन्ती रखाल (वास्तविक नाम गोप्य) को प्रतिवादी गोविन्द सुनुवारसँग विवाह गराएकोमा कुनै विवाद नभएको । वसन्ती रखालको उमेर १४ वर्ष भन्ने देखिन्छ र निजलाई सम्पूर्ण प्रतिवादीहरू मिली विवाह गरिदिएकोले प्रतिवादीहरूलाई दाबी बमोजिम सजाय हुनुपर्ने भनी गरेको बहस र प्रतिवादी भीमबहादुर सुनुवार, मंगल नेपाली कामी र गोविन्द सुनुवारको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री विद्याभूषण मानन्धरले आफ्नो बहसमा केटीको

आमा रेखा सुनुवारले पीडितको जन्म २०४७ सालमा भएको हो भनी बयान गरेको केटीको उमेर पुगेको होला भनी विवाहमा सहभागी भएका हुन् । केटीको उमेर १८ वर्ष पुगेको छ, बालविवाह भएको होइन प्रतिवादीको सफाइ पाउनुपर्दछ भनी गरेको बहस जिकिर सुनी मिसिल अध्ययन गर्दा वर्ष १३ की नाबालिक नाम परिवर्तित वसन्ती रखालसँग विवाह गर्ने प्रतिवादी गोविन्द सुनुवार नाबालिकासँग विवाह गराउने प्रतिवादीमध्येका भीमबहादुर सुनुवार, तुल्सी सुनुवार, मानबहादुर सुनुवार, रेखा सुनुवार, मंगल नेपाली, चन्द्रबहादुर सुनुवारसमेत उपर मुलुकी ऐन, विवाहवारीको महलको २ नं. को देहाय २ को कसुरमा सोही महलको २ नं.को देहाय २ बमोजिम सजाय गरी प्रतिवादीमध्येका लक्ष्मीप्रसाद ढकालले विवाह गराउन नहुने नाबालिका हुन् भन्ने जानीजानी पुरोहित ब्राह्मणको काम गरी विवाह गराई मुलुकी ऐन, विवाहवारीको महलको २ नं. को देहाय ६ को कसुरमा सोही बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग माग दाबी लिएको देखिन्छ । विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको बहस र मिसिल अध्ययन गर्दा देहायको तथ्यको न्यायिक निरुपण गर्नुपर्ने देखिन्छ ।

१) पीडित भनिएकी वसन्ती रखाल (वास्तविक नाम गोप्य) नाबालक हुन् होइनन् ?

२) प्रतिवादीहरूले जानी बुझी बालविवाह गरे गराएका हुन् होइनन् ? र प्रतिवादीहरूलाई सजाय गर्नुपर्ने हो होइन ?

अब पीडित वसन्ती रखाल (वास्तविक नाम गोप्य) नाबालक हुन्, होइनन् भनी पहिलो तथ्यको सन्दर्भमा विचार गर्दा आफ्नो उमेर वर्ष १८ भनी लेखाएको देखिन्छ । यसैगरी पीडितको आमा प्रतिवादी रेखा सुनारले आफ्नो बयानमा पीडितको जन्म मिति २०४७ साल भनी उल्लेख गरिदिएकी छन् तर पीडितले अध्ययन गर्ने गरेको जन्म उच्च माध्यमिक विद्यालय सुर्खेतको मिति २०६५।०९।२९ को पत्रमा पीडितको जन्म मिति २०५२।०३।१५ गते भनी उल्लेख भई आएको देखिन्छ । विद्यालयको पत्रबाट पीडितको विवाह हुँदा निजको उमेर १४ वर्ष मात्र भन्ने देखियो । पीडिले आफ्नो उमेर १८ भनी उल्लेख गरे तापनि निज आफ्नो बुवाआमा तथा लोग्नेको अनुचित दबाबमा परी त्यस प्रकार उमेर ढाँटी बकपत्र गरेको भन्ने परिस्थितिजन्य प्रमाणबाट देखिन्छ । यसैगरी पीडितको बुवा, आमा यस मुद्दाका प्रतिवादी भएको र आरोपित कसुर गरेको ठहरिएमा निजहरूलाई सजाय हुने भएकाले पीडितको जन्म मिति २०४७ साल भनी उल्लेख गरेको पुष्टि हुन्छ । बालबालिकाले पढ्ने गरेको स्कुलमा जन्म मिति तिनका बुवा आमाले जे हो त्यही नै लेखाइदिएको हुन्छ । विद्यालयले आफूखुसी विद्यार्थीको जन्म मिति लेख्ने गर्दैन । अभिभावक र संरक्षकले उल्लेख गरेको वा सम्बन्धित प्रमाणपत्रबाट देखिएको यथार्थको आधारमा विद्यालयले विद्यार्थीको जन्म मिति लेख्ने गरेको हुन्छ तसर्थ विद्यालयले उल्लेख गरेको जन्म मिति अरू कुनै वस्तुनिष्ठ प्रमाणहरूबाट खण्डन नहुँदासम्म त्यही नै सत्य हो भन्ने देखिन्छ । तसर्थ प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अभिवक्ताले पीडितको उमेर १८ वर्ष भएको निजको आमाले बयानसमेतबाट पुष्टि भएको छ भनी गरेको तर्कसँग सहमत हुन सकिएन । पीडितले अध्ययन गर्ने गरेको विद्यालयको पत्रबाट वसन्ती रखालको विवाह हुँदाको उमेर नाबालक नै भएको पुष्टि हुन्छ ।

अब को कसले पीडितको बालविवाह गराएको हो र प्रतिवादीहरूलाई सजाय गर्नुपर्ने हो होइन भनी दोस्रो तथ्यको सन्दर्भमा विचार गर्दा प्रतिवादीहरूको अनुसन्धान अधिकारी र अदालतमा भएको बयान पीडित वसन्ती रखालको बकपत्र तथा विवाह हुँदाको तस्बिरसमेतका प्रमाणहरूबाट नाबालक वसन्ती रखाललाई प्रतिस्पर्धी गोविन्द सुनुवारले विवाह गरेकोमा कुनै विवाद नभएको । प्रतिवादीहरूमध्येका तुलसी सुनुवार दुलाहाको आमा भएको र मंगल नेपाली र चन्द्रबहादुर सुनार विवाहमा जन्त आउने व्यक्तिहरू भएको भन्ने देखिन्छ । निज प्रतिवादीहरूले अदालतमा समेत बयान गर्दा दुलहीको उमेर थाहा थिएन भनी उल्लेख गरेको पाइन्छ । प्रतिवादी तुलसी सुनुवार

दुलाहाको आमा भए तापनि निज घरमा बस्ने गरेकाले विवाह हुनुभन्दा अगाडि दुलहीलाई नदेखेको हुन सक्दछ र एउटा महिलाले आफ्नो लोग्ने तथा छोराको विश्वासमा दुलहीको उमेर पुगेको होला भनी विश्वास गर्न सक्छिन् । आमाले दुलही कत्री छ भनी खोजी गरी हिँड्ने स्थिति पनि हुँदैन । यस्तो अवस्थामा यी प्रतिवादीले जानी बुझी पीडितको आफ्नो छोरासँग बालविवाह गराइदिएको भन्ने पुष्टि हुँदैन । यसैगरी विवाह मान्न जन्त जाने व्यक्तिले सामान्यतया दुलही के कत्री छ भनी खोजी गरी हिँड्ने स्थिति पनि हुँदैन । विवाहको निम्तो आएपछि विवाह मान्न जानुपर्दछ । यो हाम्रो संस्कृति र सामाजिक तथ्य हो । यसरी प्रतिवादी मंगल नेपाली र चन्द्रबहादुर सुनुवारले जानी बुझी बाल विवाहमा संलग्न रहेको भन्ने पुष्टि भएन ।

प्रतिवादीहरू मानबहादुर सुनुवार र रेखा सुनुवारले आफ्नो छोरीको जन्म मिति २०४७ साल हो उमेर पुगेको विवाह गरिदिएको हो भनी अदलतमा बयान गरे तापनि पीडितको उमेर विवाह हुँदा नाबालक नै भएको पुष्टि भएकोले निजहरूलाई आफ्नो छोरी नाबालक हो भन्ने थाहा जानकारी हुँदाहुँदै विवाह गरिदिएको परिस्थितिजन्य प्रमाणबाट पुष्टि हुन्छ । यसैगरी प्रतिवादीहरू भीमबहादुर सुनुवार, गोविन्द सुनुवारले पीडितको उमेर नाबालक हो भन्ने थाहा थिएन भनी अदालतमा बयान गरे तापनि प्रतिवादी भीमबहादुर दुलाहाको बुवा भएको र प्रतिवादी गोविन्द सुनुवार दुलाह भएकोले निजहरूले केटीलाई देखेको, केटीको वुवा आमासँग कुरा गरेको हुँदा निजहरूलाई केटीको उमेर थाहा नभएको भन्ने परिस्थितिजन्य प्रमाणबाट पुष्टि हुँदैन । निजहरू दुलाह तथा दुलाहका बुवा भएकोले विवाह गर्दा पीडितको उमेर थाहा थियो भन्ने पुष्टि हुन्छ । यसैगरी प्रतिवादी लक्ष्मीप्रसाद ढकालले पीडितको उमेर नाबालक हो भन्ने थाहा थिएन भनी बयान गरे तापनि निज विवाह गराउने पीडितको सम्पूर्ण कुराहरू बुझेर मात्र विवाह गराउने भएकाले निजले पीडितको उमेर नाबालक हो भन्ने जानी बुझी यी प्रतिवादी गोविन्द सुनुवार र वसन्ती रखालको विवाह गराइदिएको पुष्टि हुन्छ ।

उल्लेखित आधार प्रमाणहरूबाट प्रतिवादीहरू तुलसी सुनुवारले जानी बुझी आफ्नो छोरी प्रतिवादी गोविन्द सुनुवारको नाबालक वसन्ती रखालसँग विवाह गराइदिएको र प्रतिवादी मंगल नेपाली कामी र चन्द्रबहादुर सुनुवारले नाजी बुझी नाबालकको विवाहमा संलग्न भएको भन्ने पुष्टि नभएकोले निज प्रतिवादीहरू तुलसी सुनुवार, मंगल नेपाली कामी र चन्द्रबहादुर सुनुवारले आरोपित कसुर गरेको पुष्टि नभएकोले निज प्रतिवादीहरूले अभियोग माग दाबीबाट सफाइ पाउने र प्रतिवादीहरू गोविन्द सुनुवार, भीमबहादुर सुनुवार, मानबहादुर सुनुवार, रेखा सुनुवार र लक्ष्मीप्रसाद ढकालले पीडित नाबालक हुन् भनी जानीजानी बालविवाह गर्ने गराउने गरेको पुष्टि भएकोले निज प्रतिवादीहरू गोविन्द सुनुवार, भीमबहादुर सुनुवार, मानबहादुर सुनुवार, रेखा सुनुवारलाई अभियोग माग दाबी बमोजिम मुलुकी ऐन, विवाहवारी महलको २(२) नं. बमोजिम जनही ३ (तीन) महिना कैद र रु. १०००।- (एक हजार) जरिवाना हुने तथा प्रतिवादी लक्ष्मीप्रसाद ढकाललाई ऐ. ऐन विहावारी महलको २(६) नं बमोजिम रु.१०००।- (एक हजार) जरिवाना हुने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुलुकी ऐन अ.वं.१८६ नं. बमोजिम यो फैसला गरिदिएको छ ।

**तपसिल**

देहायका प्रतिवादीहरू के माथि इन्साफ खण्डमा बिहावारी महलको २(२) नं. बमोजिम जनही ३ महिना कैद र रु. १०००।- जरिवाना हुने ठहरी फैसला भएकाले निजहरूको उक्त कैद जरिवाना असुल गर्न लगत कस्नू ........१

प्र. मानबहादुर सुनुवार के, ज.रु.१०००। कैद महिना/३/

प्र.गोविन्द सुनार के, ज.रु. १०००। कैद महिना /३/ मध्ये १७ दिन थुनामा बसेको कट्टा गरी बाँकी /२/१३ दिन।

प्र.भीमसुनार के, ज.रु.१०००। कैद महिना /३/ मध्ये १७ दिन थुनामा बसेको कट्टा गरी बाँकी गरी /२/१३ दिन।

प्र.रेखा सुनुवार के, ज.रु.१०००। कैद महिना /३/ मध्ये १७ दिन थुनामा बसेको कट्टा गरी बाँकी /२/१३ दिन ।

प्रतिवादी लक्ष्मीप्रसाद ढकाल के, माथि इन्साफ खण्डमा मुलुकी ऐन बिहावारी महलको २(६) नं. बमोजिम रु.१०००। जरिवाना हुने ठहरी फैसला भएको र निजले मुद्दा पुर्पक्ष निमित्त रु.२०००। धरौटी राखेकाले पुनरावेदन परी वा सोको अवस्था नाघेपछि उक्त धरौटी रकमबाट जरिवाना रु.१०००। कट्टा गरी बाँकी बाँकी रकम कानुनका म्यादभित्र फिर्ता माग्न आए रीतपूर्वक फिर्ता दिने गरी लागत कस्नू...............................................................२

प्रतिवादीहरू गोविन्द सुनुवार, भीमबहादुर सुनुवार, मानबहादुर सुनुवार, रेखा सुनुवारसमेतले मुद्दा पुर्पक्ष निमित्त राखेको धरौटी पुनरावेदन परी वा सो को अवस्थामा नाघेपछि कैद बसी भुक्तान गरिसकेपछि लागेको जरिवाना सोही धरौटी रकमबाट कट्टा गरी बाँकी धरौटी फिर्ता माग्न आए कानुन बमोजिम गरी फिर्ता दिनू........................३

प्रतिवादीहरू तुलसी सुनुवार, मंगल नेपाली, चन्द्रबहादुर सुनुवार के, मुद्दा पुर्पक्षका लागि राखेको धरौटी रकम पुनरावेदन परी वा सोको अवस्था नाघेपछि कानुनका म्यादभित्र फिर्ता माग्न आए रीतपूर्वक गरी फिर्ता दिनू.....४

प्रतिवादीहरू गोविन्द सुनुवार, भीमबहादुर सुनुवार, मानबहादुर सुनुवार, रेखा सुनुवार र लक्ष्मीप्रसाद ढकालसमेतलाई इन्साफमा चित्त नबुझे स.मु.स. ऐन २०४९ को दफा २६ बमोजिम ७० दिनभित्र श्री पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदन गर्नु भनी पुनरावेदनको म्याद दिनू ........................................................................५

आज यस अदालतबाट भएको इन्साफमा चित्त नबुझे स.मु.स. ऐन २०४९ को दफा २६ बमोजिम ७० दिनभित्र श्री पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपिसमेत राखी जि.स.ब.का. सुर्खेतलाई पुनरावेदनको म्याद दिनू..............................................................................................................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार गर्नू.......................................................................७

फैसला टिपोट गर्ने : ना.सु. रत्नप्रसाद उपाध्याय
कम्प्युटर टा.ना.सु. : दीपकबहादुर रास्कोटी

............................

कृष्णबहादुर थापा
जिल्ला न्यायाधीश

इति सवत् २०६६ साल मंसिर २२ गते शुभम्..............................................................।

**श्री बैतडी जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री स्वीकृति पराजुली**

**फैसला**

**संवत् २०६५ सालको र.नं. ९०-०६६-०००03 स.फौ. १५ नि.नं.**

***मुद्दाः- जातीय विभेद***

**वादीको नाम, थर, वतन**

जि. बैतडी कुलाउ गाविस वडा.नं. ३ कलौटी गाउँ बस्ने हिरा तिरुवाको जाहेरीले वादी नेपाल सरकार

ऐ. को प्रमाण ............................................

**साक्षी .....**

जाहेरवाला हिरा तिरुवा तथा बुझिएका वस्तुस्थिति मुचुल्कका व्यक्तिहरू ....................................

कागज ......................................................

**प्रतिवादीको नाम, थर, वतन**

जि. बैतडी आमचोरा गाविस वडा.नं. ३ बस्ने चन्द्र चन्दको छोरा गोरखबहादुर चन्द ..........................१

**ऐ. को प्रमाण ..........**

साक्षी ......................X

कागज .....................X

**अदालतबाट बुझेको**

जाहेरवाला हिरा तिरुवा .......................................................१

प्रहरीमा बुझिएका तथा कागज गर्ने मानिस .............................१

वीरेन्द्रराम वड .................................................................१

रमेश तिरुवा ....................................................................१

रामी पार्की .......................................................................१

महेशराम तिरुवा................................................................१

गणेशराम वड....................................................................१

श्वैता भट्ट .........................................................................१

कागज...............................................................................

घाउ जाँच केस फाराम .......................................................१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.व. २९ नं. ऐन अन्तर्गतको यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ ।

मिति २०६६।३।१८ गतेका दिन जि. बैतडी कुलाउ गा.वि.स. वा.नं. ३ बस्ने हिरा तिरुवाका छोरा वीरेन्द्र तिरुवा ऐ आमचोरा गा.वि.स. वा.नं. ३ कालु टमाटाको घरमा विवाहका लागि जन्ती लिई गएको अवस्थामा प्रतिवादी गोरखबहादुर चन्दसमेतका नचिनेका अन्य ११ जनाको समूहले एक्कासि जन्ती भएको घरमा पुगी अकस्मात ए डुम सालेहरू बडा घोडा चढेर जन्ती ल्याउने हामी ठूला जातका अगाडि घोडा चढ्न लाज लाग्दैन

भन्दै डुम, चमार सानो जातका भन्दै तथानाम गाली गर्दै सार डुमहरूलाई सिध्याउन पर्छ भन्दै गाली गरी राखेको अवस्थामा हाम्रो किन बेइज्जती गर्नुहुन्छ, हामीले के बिगाऱ्यौं भनी भन्दा हामी पीडितहरूलाई झन् पीडा दिने खालका शब्दहरू प्रयोग गरी गाली गर्नुका साथै डुम जातिलाई नै सिध्याउन पर्छ भन्ने आदेश गरी आफू तथा आफूसँग लिएर आएका व्यक्तिहरू मिली म लगायत जन्तीमा आएका सम्पूर्ण व्यक्तिमाथि कुटपिट गाली गालौज गर्नका साथै विवाहका लागि तयार गरिएका सम्पूर्ण सामग्री जत्रतत्र फाली विवाहको मण्डपसमेत बिगारी दुलहाले लगाएको माला लुछी चुँडी सार्वजनिक बेइज्जती गर्नुका साथै सबै दलित जाति उपर अपमानपूर्ण व्यवहार गरी नेपालको अन्तरिम संविधानसमेतको उपहास गरेको हुँदा विपक्षीहरूलाई कडाभन्दा कडा कानुनी रूपमा सजाय गरी पाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त ।

यसमा जिल्ला बैतडी आमचोरा गाविस वा.नं. ३ स्थित पूर्वमा १०० मिटर दूरीमा काला टमाटाको घर पश्चिम महावीर चन्दको घर उत्तरमा गोरखबहादुर चन्दको घर दक्षिण पदम चन्दको घर यति ४ किल्लाभित्र मिति २०६६।३।१८ गते बेलुकी हिरा तिरुवाको छोराको विवाह गइरहेको अवस्थामा गोरखबहादुर चन्दले जातीय विभेद छुवाछूत गाली बेइज्जती गरेको भन्ने घटनास्थल मुचुल्का ।

हिरा तिरुवाको कम्मरपछाडि चोट लागेकोले एक्सरे गर्नुपर्ने भन्ने घाउ जाँच केस फाराम हिरा तिरुवाको छोरा वीरेन्द्र तिरुवाको विवाह मिति २०६६।३।१८ गते बेलुकी बैतडी आमचोरा गा.वि.स.वा.नं. ३ मा गएको अवस्थामा ऐ बस्ने गोरखबहादुर चन्दले तिमी डुमहरूले घोडामा चढ्नु मिल्दैन भनी दुलाहले लगाएको पैसाको माला चुडाली विवाह गर्न बनाइएको वेदी पूजापाठका सामान फालिदिएका र रातभरि जातीय विभेद (

छुवाछूत) सम्बन्धी गाली बेइज्जती गरिरहेको भन्नेसमेत व्यहोराको वीरेन्द्रराम वडको कागज ।

प्रतिवादी गोरखबहादुर चन्दले बैतडी आमचोरा गा.वि.स. वा.नं. ३ मा विवाह जन्तीमा आई तिमी डुमहरू किन घोडामा चढेको भनी दुलाहलाई घोडाबाट तल झार्न लगाई विवाह गर्न बनाइएका वेदी पाठपूजाका सामानहरू फाली जाहेरवाला हिरा तिरुवालाई कुटपिट गरेको भन्नेसमेत व्यहोराको रमेशराम तिरुवाको कागज ।

मिति २०६६।३।१८ गते बेलुकी मसमेत हिरा तिरुवाको छोरा वीरेन्द्र तिरुवाको विवाह जन्तीमा गएका अवस्थामा बैतडी आमचोरा ३ मा ऐ बस्ने प्रतिवादी गोरखबहादुर चन्द एक्कासि जन्तीमा आई तिमी डुमहरू डोली बोक्ने हौ, घोडामा चढ्न मिल्दैन भनी विवाहका लागि बनाइएका सरसामानहरू फालिदिएका र पूजामा लागिएको नरिवलको दानासमेत खाई जन्तीहरूलाई गोली हानी मार्नेसम्मको धम्की दिएको भन्ने महेशराम टमाटाको कागज ।

प्रतिवादी गोरखबहादुर चन्द मिति २०६६।३।१८ गते बेलुकी बैतडी आमचोरा ३ विवाह जन्तीमा आई दुलाह वीरेन्द्र तिरुवालाई ए डुम तिमीले घोडामा चढ्न मिल्दैन भनी घोडाबाट तल झार्न लगाई दुलाहले लगाएको पैसाको माला चुँडाली फाली दिएपछि प्रतिवादी विवाह स्थलमा आई वेदी पूजापाठका सामानसमेत फालिदिएका र गाली हान्ने धम्की दिई जन्तीमा आएका व्यक्तिहरूलाई नाच्न लगाई रातभर जातीय विभेद छुवाछूत सम्बन्धी गाली बेइज्जति गरेको भन्ने गणेशराम वड सोही मिलान श्वैता भट्ट र रामी पार्कीले गरेको गाउँ वस्तुस्थिति मुचुल्का ।

अभियुक्त गोरखबहादुर चन्द र अन्य नचिनेका व्यक्तिहरू एक्कासि विवाह घरमा प्रवेश गरी ए साले डुम हो तिमी डुम, चमार घोडामा चढ्न मिल्दैन भनी विवाह मण्डपमा प्रवेश गरी विवाहको सामान जथाभावी फाली जाहेरवालालाई कुटपिट गरी जातीय विभेद हुने कार्य गरी जातीय आधारमा छुवाछूतको भेदभावपूर्ण

व्यवहार गरी मुलुकी ऐन अदलको महलको १० क नं. बमोजिम कसुर गरेको पुष्टि भएकोले निज अभियुक्त गोरखबहादुर चन्दलाई सोही १० क नं. बमोजिम सजाय हुन मागदाबी लिएको अभियोग पत्र ।

प्रतिवादी गोरखबहादुर चन्द म्यादमा हाजिर नभई म्यादै गुजारी बसेको ।

मिति २०६६ साल असार १८ गतेका दिन छोराको विवाहमा घोडा चढेर विवाह ल्याउँदै गर्दा प्रतिवादी गोरखबहादुर चन्दले घोडामा चढी जन्ती ल्याइस् ठूलो भएको होस्, तेरो छोरालाई तल उतार, घोडाबाट नउतारेपछि तेरो छोरा र तँलाईसमेत ठोकिदिन्छु भन्ने व्यहोराको जाहेरवाला हिरा तिरुवाले अदालतमा गरेको बकपत्र ।

प्रतिवादी गोरखबहादुर चन्दसमेतका व्यक्तिहरू विवाहमा आई तिमी डुमहरू घोडामा चढी विवाह गर्न आउने, तिमीहरू घोडामा चढेर आएकाले ठीक पारिन्छ भन्ने धम्की दिँदै विवाह मण्डपसमेतलाई बिगारी भत्काई पूजाका लागि राखेको नरिवलसमेत फोडी खाई, जाहेरवालासमेत कुटपिट गरेको कुराले वीरेन्द्र गड सोही विवाह घरबाट भागेर आई मलाई बताएको हो, म बिहान ८।९ बजेतिर विवाह घरमा गएकी हुँ भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस श्वैता भट्टले अदालतमा गरेको बकपत्र ।

प्रतिवादी गोरखबहादुर चन्दले ए डुमहरू हाम्रो सामुन्ने घोडा चढेर पैन्ट लगाएर आउने यी डुमहरूलाई एक एक गरी खतम पार्नुपर्नेको हो भन्दै विवाहमा घरमा सजाइएको मण्डप बिगारी पूजाका लागि राखेको नरिवलसमेत खाई हिरा तिरुवालाई कुटपिट गरी दुलाहले लगाएको माला तोडी डुमहरू एक एक गरी नाच्नुपर्छ भनी धम्काई बिहान करिब ६ बजेतिर विवाह घरबाट गएको हो, कहाँ गएका हुन् थाहा भएन भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्कका मानिस गणेशराम वडले अदालतमा गरेको बकपत्र ।

मिति २०६६।३।१८ गतेको विवाहमा प्रतिवादी र जाहेरवालाबीच भेट भएको हो प्रतिवादीले विवाहमा डुम बादीका छोरा हामी ठकुरीहरूका सामुन्ने घोडामा चढेर आउने भनी दुलाहले लगाएको माला चुँडाली आमा चकारी गाली गरी कहीँ गएर उजुर गरे घरमा पेस्तोल छ पेस्तोलले खतम पारिदिउँला भन्ने व्यहोराको प्रहरीमा कागज गर्ने मानिस महेशराम तिरुवा र सोही मिलान बकपत्र गर्ने रमेशराम तिरुवा, विश्राम ओगले अदालतमा गरेको बकपत्र ।

मिति २०६६।३।१८ गते विवाहमा प्रतिवादी लगायत १२।१३ जना मानिस आई मुख्य प्रतिवादी भई तिमी डुमहरू घोडामा किन चढेको, घोडाबाट उतार राँडीका छोराहरू भन्ने किसिमका गालीगलौज गरी हात समाती हिरा तिरुवालाई घर आँगनबाट तल फालिदिएका हुन् भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्कका मानिस रामी पार्कीले अदालतमा गरेको बकपत्र ।

## अदालतबाट ठहर

नियम बमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दासँग सम्बन्धित सम्पूर्ण मिसिल कागजात अध्ययन गरी वादी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान् का.मु. सरकारी न्यायाधिवक्ता श्री प्रकाशबहादुर भण्डारीले मिति २०६६।३।१८ गतेको राति कालुराम टमाटाको घरमा जातीय विभेद सम्बन्धी वारदात घटित भएको भन्ने कुरा जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, घाउ जाँच केस फाराम, वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसहरूको भनाइसमेतबाट पुष्टि भएको छ । यस्तो जातीय आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरी मुलुकी ऐन अदलको महलको १० क नं. बमोजिम प्रतिवादीलाई सजाय हुनुपर्ने भनी गर्नुभएको

बहससमेत सुनी सम्पूर्ण मिसिल कागजातसमेत अध्ययन गरियो। प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको अभियोग मागदाबी अनुसार प्रतिवादी गोरखबहादुरलाई सजाय गर्नंपर्ने हो होइन ? भन्ने कुराको निर्णय गर्नुपर्ने देखिन आयो।

वारदातको दिनबाटै फरार रहेका प्रतिवादीका घरदैलोमा मिति २०६६।६।२५ मा रीतपूर्वक टाँस भएको म्यादमा प्रतिवादी हाजिर हुन आएको पाइँदैन। प्रस्तुत मुद्दाको जाहेरी हेर्दा मिति २०६६।३।१८ गतेका दिन जि. बैतडी कुलाउ गा.वि.स. वा.नं. ३ बस्ने वीरेन्द्र तिरुवा आमचोरा गा.वि.स. वा.नं. ३ कालु टमाटाको घरमा विवाहका लागि जन्ती लिई गएको अवस्थामा प्रतिवादी गोरखबहादुर चन्दसमेतका नचिनेका अन्य मानिसहरू आई एक्कासि जन्ती भएको घरमा पुगी अकस्मात ए डुम सालेहरू बडा घोडा चढेर जन्ती ल्याउने हामी ठूला जातका अगाडि घोडा चढ्न लाज लाग्दैन भनी आफू तथा आफूसँग लिएर आएका व्यक्तिहरू मिली म लगायत जन्तीमा आएका सम्पूर्ण व्यक्तिमाथि कुटपिट गालीगलौज गर्नुका साथै विवाहका लागि तयार गरिएका सम्पूर्ण सामग्री जत्रतत्र फाली विवाहको मण्डपसमेत बिगारी दुलाहले लगाएको माला लुछीचुँडी सार्वजनिक बेइज्जती गरेको साथै सबै दलित जाति उपर अपमान पूर्ण व्यवहार गरेकाले विपक्षहरूलाई सजाय गरी पाऊँ भन्ने जाहेरी परेकोमा घटनास्थल मुचुल्का हेर्दासमेत प्रतिवादीसमेत भई विवाहको जन्तीमा जातिपातीको आधारमा गालीगलौज र कुटपिट गरेको भन्ने देखिन्छ। सो विवाह स्थलमा रहेका दुलाह वीरेन्द्र तिरुवाका बाबु भनिएका हिरा तिरुवाको घाउ जाँच केस फारामसमेतबाट कुटपिट भएको भन्नेसमेत देखिन्छ। नेपाल सरकारको अभियोग दाबीमा मुलुकी ऐन अदलको महलको १० क नं. बमोजिम प्रतिवादीले छुवाछूतको भेदभाव पूर्ण व्यवहार गरेकोले ऐ. को १० क नं. बमोजिम सजाय गर्ने मागदाबी लिएको पाइन्छ। अभियोग मागदाबी अनुसार प्रतिवादीलाई सजाय गर्नुपर्ने हो होइन भन्नेतर्फ विचार गर्दा बुझिएका वीरेन्द्रराम वड, रमेशराम तिरुवा, महेशराम तिरुवा तथा वस्तुस्थिति मुचुल्काका गणेशराम वडसमेतका मानिसहरूले जाहेरी ब्यहोरा समर्थन हुनेगरी लेखाई दिएकोमा सो जाहेरवालाले अदालतमा आई बकपत्र गरेको समेत पाइन्छ। वस्तुस्थिति मुचुल्कामा बस्ने श्वैता भट्ट, गणेशराम वड, रामी पार्की बुझिएका महेशराम तिरुवा, रमेश तिरुवा, वीरेन्द्रराम वडसमेतले जाहेरीको समर्थन हुनेगरी यस अदालतमा आई बकपत्र गरिदिएको पाइन्छ। जाहेरी व्यहोरा निजहरूको अदालतमा भएको बकपत्रसमेतबाट समर्थित रहेको पाइँदा अधिकार प्राप्त अधिकारीसमक्ष भएको कागजात र जाहेरी दरखास्तसमेतका प्रमाण कागजातलाई प्रमाणमा लिन मिल्ने नै देखियो।

जातीयताको आधारमा भेदभावपूर्ण व्यवहार गर्न व्यक्तिका मानव अधिकारको दृष्टिकोणबाट समेत अनुचित हुन्छ। सबै मानवजातिलाई समान व्यवहार गर्नुपर्ने हुन्छ, नैसर्गिक रूपमा प्राप्त हुने अधिकारबाट कसैलाई पनि वञ्चित एवं भेदभावपूर्ण व्यवहार गर्न हुँदैन, जातीय सर्वोच्चताको सिद्धान्तमा आधारित जातीय भेदभाव वैज्ञानिक दृष्टिकोणले गलत नैतिक दृष्टिले भत्सर्नीय, सामाजिक दृष्टिले अन्यायपूर्ण र खतरनाक मानिएको छ। जातीय भेदभाव भन्ने कुरालाई कुनै पनि ठाउँमा कुनै सिद्धान्त वा व्यवहारले यसको औचित्य साबित गर्न सक्तैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ मा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने संवैधानिक व्यवस्था रही ऐ उपधारा (३) मा राज्यले नागरिकहरूका बीच धर्म वर्ण, जात, जाति, लिङ्ग उत्पत्ति भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था रहेको छ। र सोही उपधाराको प्रतिबन्धात्मक वाक्यांशले त झन् दलितहरूसमेतका लागि विशेष व्यवस्था गर्न सक्ने पनि देखिन्छ। संविधानकै धारा १४ मा छुवाछूत वा जातीय भेदभावविरुद्धको हकको प्रत्याभूति गरी ऐ को उपधारा (१) ले कुनै पनि व्यक्तिलाई जात वंश

समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेसमेतको संवैधानिक व्यवस्था गरेको छ । सो संवैधानिक प्रावधानले  छुवाछूत तथा जातीय विभेदको व्यवहारलाई दण्डनीय बनाएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २ ले जाति, भाषा, धर्म आदि कुनै पनि कुराको आधारमा भेदभाव गर्न नहुने कुरा उल्लेख गरेको छ । नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरू सन्धि ऐनको दफा ९ (१) अनुसार नेपाल कानुन सरह लागू हुने हुन्छ । यस्ता नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूलाई हेर्दासमेत जातीयताको आधारमा भेदभावपूर्ण व्यवहार गर्न नहुने व्यवस्थाहरू रहेका छन् । जातीय भेदभावका सबै स्वरूपहरूको उल्मूलन विषयक सन्धि १९६५ U.N Convention on the Elimination of ALL Forms of Racial Discrimination1965 ले जातीयतासमेतका आधारमा कसैलाई पनि विभेदपूर्ण व्यवहार गर्न नहुने व्यवस्था गरको छ ।

वादी नेपाल सरकारले मुलुकी ऐन अदलको महलको १० क. नं. बमोजिम सजायको मागदाबी लिइएको पाइन्छ ।  सो अभियोग मागदाबी बमोजिम प्रतिवादीलाई सजाय गर्नुपर्ने हो होइन भन्नेतर्फ विचार गर्दा मुलुकी ऐन अदलको महलको १०.क मा रहेको कानुनी व्यवस्था हेर्नुपर्ने देखिन्छ । सो कानुनी व्यवस्थामा कसैले कसैलाई जातिपाती, धर्म, वर्ण, वर्ग वा कामको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार वा बहिष्कार वा निषेध गरेमा सजाय हुन सक्ने कानुनी व्यवस्था रहेको देखिन्छ ।

प्रतिवादी गोरखबहादुर चन्दले जाहेरवालाको छोराको विवाहको अवसरमा दुलाहले विवाहमा आफ्नो परम्परा संस्कृतिअनुसार घोडामा चढी आएको अवस्था र शिरमा पहिरिएको पैसाको माला लगाएको अवस्थालाई समेत इंगित गरी तिमी डुमहरू घोडामा सवार हुने भनी पैसाको मालासमेत चुँडालिदिई विवाह घरमा प्रवेश गरी छुवाछूत र जातीय भेदभावका कुराहरू उठाई गालीगलौज र कुटपिटसमेत गरेको अवस्था पाइँदा प्रतिवादीसमेतको सो कार्यले जातीयताको आधारमा भेदभाव र छुवाछूतको कुरा उठाई भेदभावपूर्ण व्यवहार गरेको भन्नेमा विवाद रहेन ।

वारदात भएको अवस्थादेखि नै फरार रहेका प्रतिवादीले यस अदालतमा आई आफ्नो भनाइराख्न नसकी वादीको दाबीलाई स्वीकारेको अवस्था पाइन्छ । प्रतिवादी उपर लगाइएको अभियोग एवं जाहेरी व्यहोरा माथि उल्लेख भएका बुझिएसम्मका सबुद प्रमाणबाट समर्थित रहेको छ ।

अतः प्रस्तुत मुद्दाको जाहेरीमा प्रतिवादी गोरखबहादुर चन्दसमेतका व्यक्तिहरू जाहेरवालाको छोराको विवाहको अवसरमा आई डुम जातिले घोडा चढेको, पैसाको माला लगाएको कुरालाई सहन गर्न नसकी झगडा गरेको, आफ्नो रीत परम्पराअनुसार विवाहजस्तो सांस्कृतिक कार्य गर्न लागेको अवस्थामा जातीयता र छुवाछूतको आधारमा गालीगलौज र कुटपिटसमेत गरेको भन्ने जाहेरीमा उल्लेख भएकोमा मिति २०६६।३।२८ को अस्पतालको घाउ जाँच प्रतिवेदन, बुझिएको र वस्तुस्थिति मुचुल्काका मानिसहरूले पनि जाहेरी व्यहोराको अनुरुप नै अनुसन्धान अधिकारीसमक्ष कागज गरेकोमा सोही व्यहोराको समर्थन हुनेगरी यस अदालतमा आई बकपत्र गरेबाट   प्रतिवादीले अभियोग मागदाबी बमोजिम जातीय विभेदजस्ता कुरा उठाई जाहेरवालासमेतलाई गालीगलौज कुटपिटसमेत गरी छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेको भन्ने कुरा पुष्टि हुन आएको हुँदा प्रतिवादी गोरखबहादुर चन्दलाई अभियोग मागदाबी अनुसार मुलुकी ऐन अदलको १०.क.नं. बमोजिम तजबिजी कैद वर्ष १ र रु. ५०००।- पाँच हजार जरिवाना हुने ठहर्छ । अरु तपसिल बमोजिम गर्नू ।

**तपसिल**

माथि इन्साफ खण्डमा प्रतिवादी गोरखबहादुर चन्दलाई कैद १ (एक) वर्ष जरिवाना ५०००।- हुने ठहरी फैसला भएको हुँदा प्रतिवादी गोरखबहादुर चन्द रुजु हाजिर नहुँदा लगत कसी असुल गर्ने ..........................................१

फैसलाको प्रतिलिपिसहित फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय बैतडीलाई दिनू ...................२

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार दस्तुर लिई नक्कल दिनू .....................................................३

प्रतिवादीले म्याद गुजारी बसेकोले अ.व. २०८ नं. बमोजिम पुनरावेदनको म्याद दिनु परेन .................................४

मिसिल कानुनको रीत पुऱ्याई अभिलेख फाँटमा बुझाइदिने ........................................................................५

श्री माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनुभए मुताबिक टिपी लेख्ने ना.सु. श्री कृष्णदेव भट्ट कम्प्युटर टाइप गर्ने ता.डि. रामदत्त भट्ट

.............................

स्वीकृति पराजुली

जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल माघ गते रोज १ मा शुभम् ...........................................................................

**श्री जुम्ला जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री ऋषिराम निरौला**

**फैसला**

**संवत २०६५ सालको स.फौ.नं...............३/१०**

**कोड नं....................७९-०६५-०००७६**

***मुद्दा :- नकबजनी चोरी***

**वादीको नाम, थर, वतन**

नवराज श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार.........१

**प्रतिवादीको नाम, थर, वतन**

जुम्ला जिल्ला तातोपानी गा.वि.स. वडा नं.९ बस्ने भक्तबहादुर सार्की (नेपाली).......................................१

ऐ महत गा.वि.स. वडा नं.७ बस्ने टंक सार्की...१ समेत जना.........................................................................२

**वादीका साक्षी**

जाहेरवाला नवराज श्रेष्ठ.................................१

गोपाल शेरचन...............................................१

राजेश श्रेष्ठ...................................................१

विकास नगरकोटी.........................................१

हिमाल कार्की...............................................१

उत्तमलाल श्रेष्ठ............................................१

टिका सार्की.................................................१

रोशन श्रेष्ठ...................................................१

दिनेश श्रेष्ठ.................................................१

**प्रतिवादीका साक्षी**

गोर्ख नेपाली........................................................१

उपेन्द्र रावल........................................................१

भक्त रावल..........................................................१

गजे सार्की..........................................................१

तीर्थ सार्की..........................................................१

भुवनसिंह खत्री...................................................१

**कागज**

बरामदी मुचुल्का कागज थान.....................२

**कागज**

हाजिरी रेकर्ड थान.................................१

जन्ममिति खुलेको पत्र थान.....................१

**अदालतबाट बुझेका साक्षी**

गजे सार्की.....................................१

गोर्ख सार्की नेपाली...........................१

गोपाल शेरचन................................१

दिनेश श्रेष्ठ....................................१

भक्त रावल.....................................१

**कागज**

जन्म दर्ता रजिस्ट्रको प्रतिलिपि.............१

जन्मदर्ता प्रमाणपत्रको सक्कल थान.........१

न्याय प्रशासन ऐन २०४८ को दफा ७ र मुलुकी ऐन अ.बं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकार भित्रको भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

मिति २०६५।६।७ गते दिउँसो मेरो जुम्ला चन्दननाथ ७ मा रहेको श्रेष्ठ इलेक्ट्रिकल पसल खोली दिनभर व्यापार गरी ऐ साँझ अ. ७.०० बजेको समयमा पसल बन्द गरी मेरो घरमा गई खाना खाई सुती भोलिपल्ट बिहान ६.०० बजेको समयमा पसल खोल्न जाँदा पसलको ढोकामा लगाएको ताला फोडी ढोका खुल्ला अवस्थामा रहेको देखी पसलभित्र गई हेर्दा विभिन्न इलेक्ट्रिकल सामान चोरी भएको र मेरो पसलबाट चोरी भएको सामानमध्ये के ९९९ मोडलको चाइनिज सेट हाल जुम्ला तातोपानी गा.वि.स. वडा नं. ९ बस्ने भक्तबहादुर सार्की (नेपाली) ले प्रयोग गरेको भन्ने कुरा थाहा भएकोले निजलाई पक्राउ गरी कारबाही गरी मेरो चोरी भएको सामानको बिगोसमेत भराई पाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

जुम्ला जिल्ला चन्दननाथ गा.वि.स. वडां. ७ स्थित पूर्व बजारको गल्ली, पश्चिम भगवती श्रेष्ठको बारी, उत्तर खेमराज न्योपानेको कच्ची घर, दक्षिण तारा शाहीको कच्ची घर यति ४ किल्लाभित्र भगवती श्रेष्ठको २ तले कच्ची घर उक्त घरको तल्लोतलाको पूर्वतर्फको कोठामा नवराज श्रेष्ठले इलेक्ट्रिकल पसल खोली बस्दै आएको कोठाको ढोकामा लगाएको २ वटा ताला तोडफोड गरिएको ढोका खुला अवस्थामा रहेको न्याक तोडफोड भएको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का कागज ।

मिति २०६५।६।७ गते राति अ. १.३० बजेको समयमा जुम्ला जिल्ला चन्दननाथ गा.वि.स. वडा नं. ७ बस्ने नवराज श्रेष्ठको इलेक्ट्रिकल पसलमा लगाएको २ ताला फोडी दोकानभित्र पसी चाइनिज मोबाइल सेट लगायतका विभन्न इलेक्ट्रिकल सामान चोरी गरी सोही पसलमा राखिएको रातो कपडामा कुम्लो परी सिंगाचौर गाउँको बाटो हुँदै बिहान ५.०० बजेको समयमा म आफ्नो घरमा पुगेको हुँ भन्नेसमेत ब्यहोराको प्रतिवादी भक्तबहादुर सार्कीले अनुसन्धान अधिकृत समक्ष गरेको साबिती बयान ।

जुम्ला जिल्ला महत गा.वि.स. वडा नं. ७ स्थित टिका सार्कीको घरमा मिति २०६५।११।१० गते र मिति २०६५।११।१३ गते जुम्ला जिल्ला तातोपानी गा.वि.स. वडा नं.९ स्थित भक्तबहादुर सार्कीका घरमा खडा गरेको सामान बरामदी मुचुल्का कागज ।

मिति २०६५।६।७ गते हामीहरू आ आफ्नै घरमा थियौं, भोलिपल्ट बिहान अ. ७.०० बजेको समयमा बजारमा चिया खान निस्केको अवस्थामा जाहेरवालाको चोरी भएको चाइनिज मोबाइल बरामद भएको र निज प्रतिवादीको घर तथा निजका मामाका घरबाट जाहेरवालाको पसलबाट चोरी भएको विभिन्न इलेक्ट्रिकल सामान बरामद भएकोले मिति २०६५।६॥७ गते राति प्रतिवादी भक्त सार्कीले जाहेरवालाको पसलबाट चोरी गरेकोमा हामीलाई पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको राजेश श्रेष्ठ, विकास नगरकोटी, हिमाल कार्की, उत्तमलाल श्रेष्ठ र टिका सार्कीले गरी लिएको एकै मिलानका घटना विवरण कागज ।

प्रतिवादीको साथबाट बरामद भएको के ९९९ मोडलको चइनिज मोबाइल तथा प्रतिवादी र निजका मामाका घरबाट बरामद भएका इलेक्ट्रिकल सामानहरू मिति २०६५।६।७ गते राति मेरो पसलबाट चोरी भएका सामान हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला नवराज श्रेष्ठले गरिदिएको सनाखत कागज ।

मिति २०६५।६।७ गते राति हामी आ-आफ्नै घरमा थियौ । सोही भोलिपल्ट बिहान अ. ७.०० बजेको समयमा हामीहरू घरबाट बजारतर्फ आउँदा जाहेरवालाको पसल चोरी भएको कुरा हमीले थाहा पाएका हौ । मिति २०६५।६।७ गते जाहेरवालाको पसलबाट चोरी भएको के ९९९ मोडलको चइनिज मोबाइल सेट मिति २०६५।११।८ गते जम्ला तातोपानी गा.वि.स. वडा नं. ९ बस्ने भक्तबहादुर सार्कीबाट बरामद भएको र

जाहेरवालाको चोरी भएका अन्य सामानहरू पनि भक्तबहादुर सार्की र निजका मामाका घरबाट बरामद भएकोले मिति २०६५।६।७ गते राति प्रतिवादी भक्तबहादुर सार्कीले जाहेरवालाको पसलबाट उक्त सामान चोरी गरेकोमा हामीहरूलाई पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको रोशन श्रेष्ठसमेतले गरी दिएको वस्तुस्थिति मुचुल्का ।

माथि उल्लेखित प्रतिवादी उपरको किटानी जाहेरी दरखास्त सामान बरामदी मुचुल्का लगायतका अन्य आधार प्रमाणहरूबाट प्रतिवादी भक्त सार्कीले जाहेरवालाको पसलको ढोकामा लगाएको ताला तोडी जाहेरीमा उल्लेख भए बमोजिमको बिगो रु.१,८२,८८५। ऐ बराबरको सामान नकबजनी चोरी गरको देखिंदा निजलाई मुलुकी ऐन चोरीको महलको १ र३ नं. को कसुरमा सोही महलको १४(१) नं. बमोजिम सजाय हुनुका साथै बिगो रु १,८२,८८५। मध्ये रु ३६,५००। बराबरको सामानहरू मुलुकी ऐन चोरीको १० नं. बमोजिम जाहेरवालालाई फिर्ता दिलाई नपुग बिगो रु. १,४६,३०५। प्रतिवादी भक्त बहादुर सार्कीबाट जाहेरवालालाई भराई दिलाई पाउन र अर्का प्रतिवादी टंक सार्कीलाई भक्त सार्कीले चोरी गरेको सामानहरूमध्ये सी.डी. डेकसमेतका केही सामानहरू मामा नाता पर्ने टंक सार्कीका घरमा राखेको भनी उल्लेख भएको र निज मौकामा फरार रही बयान हुन नसके पनि उल्लेखित सामानहरू निजको घरबाट बरामद भएको कुरा निजकी श्रीमती टिका सार्कीले मौकामा गरेको कागजमा समेत पुष्टि हुन आएबाट चोरीको सामान भन्ने जानीजानी घरमा राखेको पुष्टि कुन आएकोले प्रतिवादी टंक सार्कीलाई मुलुकी ऐन चोरीका महलका २४ नं. बमोजिम सजाय गरी पाउन र निजलाई सम्मानित अदालतबाटै म्याद जारी गरी पाऊँ भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

वारदात भयो भनिएको मिति २०६५।६।७ गते बिहानदेखि भोलिपल्ट ८ गते बिहानसम्म म आफ्नै घरमा छु । जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेखित बिगो अनुसारको कुनै पनि सामान उसको पसलबाट मैले चोरी गरेको छैन । मैले प्रयोग गरेको के ९९९ को मोबाइल मेरो जेठो बुवाको छोराबाट रु. ६०००। मा किनेको हुँ । उक्त मोबाइल र अडियो डेकसमेतका सामानसमेत मेरा आफ्नै हुन् । अन्य बरामद भएको सामानहरू को कसका हुन् मलाई थाहा छैन । मैले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान मेरो स्वइच्छाले गरेको नभई डरत्रासका कारण गरेको हुँ । अभियोग माग दाबी बमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत ब्यहोराको प्रतिवादी भक्त सार्कीले यस अदालतमा गरेको बयान ।

प्रतिवादी उपरको किटानी जाहेरी दरखास्त मौकामा बुझिएका मानिसहरूले गरी दिएको घटना विवरण कागज सामान बरामदी मुचुल्का र प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान लगायतका मिसिल संलग्न प्राप्त प्रमाणहरूबाट प्रतिवादी भक्तबहादुर सार्की नेपालीलाई मुलुकी ऐन अ.बं. ११८ नं. को देहाय (५) बमोजिम १ महिना कैद हुनेमा निज बालबालिका भन्ने कुरा निजले पेस गरेको प्रमाणपत्रबाट देखिँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को देहाय दफा ११(२) ले हुने आधा १५ दिन कैद हुनेमा निज अनुसन्धानका क्रममा प्रहरी हिरासतमा बसेको देखिँदा सो सम्बन्धमा बोलिरहन परेन । जरिवानाको हकमा मुलुकी ऐन चोरीको १४(१) नं. को डेढी बढाई हुन आउने रु. २,१९,४५७।५० बराबरको नगद वा जेथा जमानत दिए तारेखमा राख्ने र सो दिन नसके कानुन बमोजिम सीधा खान पाउने गरी कारागार शाखा जुम्लामा पठाइदिनु अनुपस्थित प्रतिवादी टंक सार्कीलाई म्याद जारी गरी बरामद भएका सामानहरू यस अदालतको आम्दानी खातामा आम्दानी बाँध्नु भन्नेसमेत ब्यहोराको यस अदलतका नि. श्रेस्तेदारबाट भएको मिति २०६५।११।३० को आदेश ।

जाहेरवालाको सामान प्रतिवादी भक्त सार्कीले चोरी गरे नगरेको कुरा मलाई थाहा छैन निज प्रतिवादी भक्त सार्कीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवालाको सामान मेरो घरमा राखेको हुँ भनी किन बयान गर्नुभयो मलाई थाहा छैन उक्त अवस्थामा म मेरो घरमा पनि थिइनँ । जाहेरवालाको केही सामान मेरो

घरबाट बरामद भयो भनिएको बरामदी मुचुल्का देखाउँदा देखें, उक्त अवस्थामा म घरमा नभएकोले उक्त बरामदी मुचुल्का कसरी भएको हो मलाई थाहा छैन । अभियोग दाबी बमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत ब्यहोराको प्रतिवादी टंक सार्कीले यस अदालतमा गरेको बयान कागज रहेछ ।

पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई प्रतिवादी टंक सार्कीबाट बरामद भयो भनिएका सामानको बिगो रु. ४७३०। र सो बिगो बमोोजिम हुने जरिवाना रु. ४७३०। समेत जम्मा रु. ९४६०। प्रतिवादीले सो बराबरको नगद वा जेथा जमानत दिए तारेखमा राख्नु र दिन नसके कानुन बमोजिम सिधा खान पाउने गरी कारागार शाखा जुम्लामा थुनामा राख्न पठाइदिनु भन्नेसमेत व्यहोराको यस अदालतका नि.श्रेस्तेदारबाट भएको मिति २०६६।१।२५ को आदेश ।

यस अदालतका नि. श्रेस्तेदारबाट भएको मिति २०६५।११।३० र २०६६।१।२५ को आदेश मिलेकै देखिँदा सदर गरिदिएको छ । प्रतिवादी चुक्ता भइसकेको हुँदा वादी प्रतिवादीका साक्षी बुझी पेस गर्नु र प्रतिवादी भक्त सार्कीको जन्म मिति यकिन गर्नको लागि निजले जन्म दर्ता गराएको भए सो जन्म दर्ताको प्रतिलिपि र निजले उल्लेख गरेको कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको जन्ममिति मिलेको प्रमाणपत्रको प्रतिलिपि निजबाट पेश गर्न लगाई पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०६६।२।१७ को आदेश ।

मिति २०६५।६।८ गते हामीहरू हाम्रै गाउँमा थियौं । प्रतिवादीले जाहेरवालाको सामान चोरी गरे भन्ने कुरा झुट्टा हो । सो दिन बिहान र दिउँसो प्रतिवादी भक्तबहादुर हाम्रै घरको बाटोमा हिँडिरहेका हामीले देखेका हौं । निज पढ्ने विद्यार्थी भएको हुँदा चालचलन पनि राम्रै थियो भन्नेसमेत व्यहोराको यस अदालतको आदेशानुसार बुझिएका प्रतिवादी भक्त सार्कीका साक्षी भक्त रावल र गोर्ख सार्की नेपालीले गरेको एकै मिलानको बकपत्र ।

प्रतिवादी भक्त सार्की टंक सार्कीका भान्जा नाता पर्ने भएकोले पढ्ने विद्यार्थी भएकाले आफ्नो कोठामा के सामान राख्छन् के सामान लिन्छन् भन्ने कुरा टंक सार्कीका परिवारलाई थाहा हुने कुरा भएन जाहेरवालाले जाहेरी दिई प्रतिवादी भक्त सार्कीलाई पक्राउ गरी निजको बयानबाट खुले बमोजिम चोरीका केही सामान टंक सार्कीको घरबाट बरामद भएको भन्ने कुरा मैले सुनेको हुँ । उक्त सामान चोरीका हुन् भन्ने टंक सार्कीका परिवार निजलाई समेत केही थाहा नभएकोले प्रतिवादी टंक सार्कीका साक्षी गजे सार्कीको बकपत्र ।

प्रतिवादी भक्तबहादुर सार्की कुन सालको जिल्ला स्तरीय टेस्ट परीक्षामा समावेश भएका हुन् र उक्त परीक्षा फाराम भर्दा निजको जन्म मिति के कुन उल्लेख भएको छ । जिल्ला शिक्षा कार्यालयबाट र निजको द.नं.७२ मिति २०६६।३।२८ को जन्म दर्ता प्रमाणपत्र रजिस्ट्ररको पानाको प्रमाणित छायाप्रति तातोपानी गा.वि.स. को कार्यालयबाट झिकाई आएपछि पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६६।३।२८ को आदेश ।

मिति २०६५।६।८ गते जाहेरवालाको पसलबाट रु. १,८२,८८५। रुपैयाँ बराबरको इलेक्ट्रोनिकल सामान चोरी भएको र उक्त सामान जुम्ला जिल्ला तातोपनी गा.वि.स. वडा नं.९ बस्ने भक्त सार्कीले चोरेका हुन् । उक्त सामान उसैको घरबाट बरामद भएको छ । मैले मिति २०६५।११।२६ गते गरेको वस्तुस्थिति मुचुल्काको व्यहोरा र सहीछापसमेत मेरै हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका साक्षी गोपाल शेरचनको बकपत्र ।

मिति २०६५।६।८ गते जाहेरवालाको पसल फोडी प्रतिवादी भक्त सार्कीले रु. १,८२,८८५। बराबरको इलेक्ट्रोनिकल सामान चोरी गरेको ठीक साँचो हो । उक्त सामानहरू निजकै घरबाट प्रहरीले बरामद गरेका हुन् । मैले  मिति २०६५।११।२६ गते गरेको कागज ठीक साँचो हो भन्नेसमेत व्यहोराको मौकामा बुझिएका दिनेश श्रेष्ठको बकपत्र ।

मिति २०६५।६।८ गते मेरो चन्दननाथ गा.वि.स. वडां. ७ स्थित जुम्ला बजारमा रहेको पसलको ताला फोडी सोही राति रु. १,८२,८८५। बराबरको इलेक्ट्रोनिकल सामान चोरी भएको हुँदा सो बखत उक्त सामान चोर्ने चोरलाई थाहा नपाई प्रहरीलाई खबर गरी घटनास्थल मुचुल्का खडा गरी हुलिया जाहरी दिएको र मिति २०६५ साल फागुन ६ गतेका दिनमा निज भक्तबहादुर सार्कीले मेरो पसलबाट चोरी भएको मोबाइल ल्याई उक्त मोबाइलको चार्जर सोधेपछि मैले चिनी निज उपर जाहेरी दिएको हुँ। मेरो पसलबाट चोरी भएका अन्य इलेक्ट्रोनिकल सामानहरू निज र निजका मामाका घरबाट बरामद भएको ठीक साँचो हो। बरामद भएका सामानहरू मेरै पसलका हुन् भन्नेसमेत ब्यहोराको जाहेरवाला नवराज श्रेष्ठको बकपत्र।

यस अदालतको आदेशानुसार प्रतिवादी भक्त सार्कीको जन्म दर्ता किताबको छायाप्रति तातोपानी गा.वि.स.को कार्यालयको च.नं. १७ को पत्र साथ र निजको उमेर खुलेको सिफारिस पत्र जनता माध्यमिक विद्यालय महत गाउँको च.नं.०१ का पत्र साथ प्राप्त भएको र आफ्नो जन्म मिति खुल्ने जनता माध्यमिक विद्यालयको चारित्रिक प्रमाणपत्र प्रतिवादी भक्तबहादुर सार्कीले निवेदनसाथ पेस गरेका मिसिल संलग्न रहेछन्।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष निर्णयार्थ पेस कुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् जिल्ला न्यायाधिवक्ता श्री राजेश्वर अर्यालले प्रतिवादीहरूले अभियोग दाबी अनुरूपको कसुर गरेको तथ्यलाई मिसिल संलग्न प्रमाण कागज प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको साविती बयान आदिले प्रमाणित गरेको हुँदा यी प्रतिवादीहरूलाई अभियोग दाबी अनुरूपको कसुरमा सजाय गरी पाऊँ भनी गर्नुभएको बहस र प्रतिवादी भक्तबहादुर सार्कीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री खेमराज न्यौपानेले यी प्रतिवादीले प्रस्तुत मुद्दामा दाबी गरिए अनुरूपको कसुर नगरेको मिसिलबाट देखिएको हुँदा प्रतिवादीले प्रस्तुत मुद्दामा दाबी देखिने अवस्था भए पनि प्रतिवादी १३ वर्षको नाबालक हुँदा बालबालिका ऐन अनुरूप सजाय हुनुपर्ने हो, यसमा चोरीको महल आकर्षित हुँदैन भनी गर्नुभएको बहससमेत सुनियो। अब प्रस्तुत मुद्दामा इन्साफतर्फ विचार गर्दा प्रतिवादी भक्तबहादुर सार्की नेपालीले अभियोग दाबी अनुरूप जाहेरवालाको पसलमा चोरी गरेका हुन् होइनन् ?, निजले चोरी गरेको देखिए के कस्तो सजाय गर्नुपर्ने हो ?, र अर्का प्रतिवादी टंक सार्कीले चोरीको सामान जानीजानी आफ्नो घरमा राखेका हुन्, होइनन् ?, निजलाई चोरीको महलको २४ नं. अनुरूप सजाय हुनुपर्ने हो होइन ? भन्ने विषयमा केन्द्रित भै निर्णय गर्नुपर्ने देखिन आयो। यसमा प्रतिवादी भक्त सार्कीले जाहेरवालाको पसलको ढोकामा लगाएको ताला तोडी जाहेरीमा उल्लेख भए बमोजिमको बिगो रु.१,८२,८८५। ऐ बराबरको सामान नकबजनी चोरी गरेको देखिँदा निजलाई मुलुकी ऐन चोरीको महलको १ र३ नं.द्वारा परिभाषित कसुर हुँदा निजलाई सोही महलको १४(१) नं. बमोजिम सजाय हुनुका साथै बिगो रु १,८२,८८५। मध्ये रु. ३६,५००। बराबरको सामानहरू मुलुकी ऐन चोरीको १० नं. बमोजिम जाहेरवालालाई फिर्ता दिलाई नपुग बिगो रु. १,४६,३०५। प्रतिवादी भक्तबहादुर सार्कीबाट जाहेरवालालाई भराई दिलाई पाउनुका साथै अर्का प्रतिवादी टंक सार्कीले चोरी गरेको सामानहरूमध्ये सी.डी डेक समेतका केही सामानहरू चोरीको हो भन्ने जानीजानी आफ्नो घरमा राखेको देखिँदा निजलाई ऐ को २४ नं. बमोजिम सजाय गरी पाऊँ भनी वादी नेपाल सारकारको तर्फबाट अभियोग दाबी पर्न आएको देखिन आयो। मिति २०६५।११।७ मा जाहेरवाला नवराज श्रेष्ठले आफ्नो जुम्ला जिल्ला चन्दननाथ गा.वि.स. वडा नं. ७ स्थित श्रेष्ठ इलेक्ट्रिकल पसलमा मिति २०६५।६।७ गते राति ७.०० बजेको समयमा

पसलको ढोकामा लगाएको ताला २ वटा फोडी पसलभित्र रहेका बिगो रु. १,८२,८८५। बराबरका इलेक्ट्रिकल सामानहरू प्रतिवादी भक्त सार्कीले चोरी गरी लगेको बुझिएको हुँदा निजलाई पक्राउ गरी कारबाही गरी पाऊँ भनी परेको जाहेरी अनुरूप अनुसन्धानको सिलसिलामा प्रतिवादी भक्त सार्कीलाई प्रहरीले बाटामै फेला पारी मिति २०६५।११।८ मा खानतलासी गर्दा जाहेरवालाको भनिएको मोबाइल थान १, पिलास थान १, र रेन्ची थान १ बरामद भएको र निजले अनुसन्धान अधिकारीसमक्ष अनुसन्धानको क्रममा बयान गर्दा जाहेरवालाको घरमा आफूले चोरी गरेको कुरामा साबिती भै चोरी गरेका सामानहरू केही तातोपानीस्थित निजकै घरमा राखेको केही आफ्ना् मामा नाता पर्ने अर्का प्रतिवादी टंक सार्कीको घरमा राखेको भनी आफूले कसुर गरेको कुरामा साबिती बयान गरेको देखिन्छ । निजको बयान अनुरूप अनुसन्धान गर्ने क्रममा निजको मामा टंक सार्कीको जुम्ला जिल्ला महत गा.वि.स. वडा नं. ९ स्थित घरमा मिति २०६५।११।१२ गते खानतलासी हुँदा पनि चोरी भएको भनिएको ल्ककय लेखेको डबल स्पिकर भएको टेप रेडियो लगायतका विभिन्न सामानहरू बरामद भएको कुरा उक्त मितिको अर्को बरामदी मुचुल्काबाट दखिन आउँछ । त्यसरी बरामद भएका सम्पूर्ण सामानहरू मेरो पसलबाट चोरी भएको मेरै सामान हुन् भनी जाहेरवाला नवराज श्रेष्ठले मिति २०६५।११।२५ मा सनाखत कागजसमेत गरिदिएको देखिन आयो । अनुसन्धान तथा तहकिकातको सिलसिलामा मौकामा बुझिएका प्रतिवादीमध्येको टंक सार्कीकी श्रीमती टीका सार्कीले २०६५ साल माघ महिनाको दोस्रो हप्तातिर भान्जा भक्तबहादुर सार्की (नेपाली) मेरो घरमा आउँदा झोलामा C.D. डेक १ थान ऐ.को रिमोट १ थान र ज्याक १ थान लिई आएका थिए, उक्त सामान मेरो घरको टिनको बाकसमा राखेको थियो । उक्त सामान मिति २०६५।११।१० गते प्रहरीले मेरै घरबाट बरामद गरेको साँचो हो भनी घटना विवरणबारे खुलाएकी छन् भने अन्य व्यक्ति उत्तमलाल श्रेष्ठ, हिमाल कार्की, विकास नगरकोटी र राजेश श्रेष्ठसमेतले मिति २०६५।६।७ मा जाहेरवालाको पसलमा चोरी भएको मोबाइल प्रतिवादी भक्तबहादुर सार्कीबाट बरामद भएको र प्रतिवादीको घर र निजको मामा टंक सार्कीको घरबाट जाहेरवालाको पसलबाट चोरी भएको सामान बरामद भएको हुँदा प्रतिवादी भक्तबहादुरले नै चोरी गरेको भन्ने घटना विवरण खुलाई कागज गरिदिएका छन् भने जाहेरवालाको इलेक्ट्रोनिकल पसलमा प्रतिवादी भक्त सार्कीले नै चोरी गरेका हुन् भन्ने कुरामा पूर्ण विश्वास लाग्छ भनी रोशन श्रेष्ठ, दिनेश श्रेष्ठ तथा गोपाल शेरचनले मिति २०६५।११।२६ गतेमा गरेको वस्तुस्थिति मुचुल्काको कागजमा खुलाइदिएको पाइन्छ । प्रतिवादीहरू दुवैले अदालतसमक्ष बयान गर्दा आफूले अभियोग दाबी अनुरूप कसुर अपराध गरेको कुरामा इन्कार रही बकपत्र गरेको पाइन्छ भने चोरी भएका सामानहरूको मूल्याङ्कन कागजात पनि मिसिल संलग्न रहेको देखिन आयो ।

अनुसन्धानको क्रममा मौकामा कागज गर्ने व्यक्तिहरू गोपाल शेरचन, दिनेश श्रेष्ठले आफूले अनुसन्धानका क्रममा व्यक्त गरेको पूर्वब्यहोरालाई पुनः अदालतसमेतमा बकपत्र गरी प्रतिवादी भक्तबहादुरले जाहेरवालाको पसलमा चोरी गरेका कुरा दोहोर्‍याएका छन् भने जाहेरवालाले पनि आफ्नो जाहेरी ब्यहोराप्रति अडिग रही अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ । त्यसैगरी प्रतिवादी भक्तबहादुरका साक्षीहरू गोर्ख सार्की र भक्तबहादुर रावलले प्रतिवादीले उक्त चोरी गरेका होइनन् उक्त दिन प्रतिवादी मेरो घरमा मसँगै थिए निजको चालचलन राम्रो नै थियो भनी बकपत्र गरेका छन भने प्रतिवादीमध्येका टंक सार्कीका साक्षी गजे सार्कीले टंकको घरमा एउटा कोठा प्रतिवादी भक्तबहादुरलाई लिएको हुँदा उक्त कोठा भक्त सार्कीले नै प्रयोग गर्ने गरेका थिए, निजले के कस्तो सामान ल्याई त्यहाँ राख्छन्, उक्त कुरा टंक सार्कीलाई थाहा नहुने हुँदा प्रतिवादीले चोरीको सामान भन्ने जानीजानी जाहेरवालाको सामान राखेका होइनन् भनी बकपत्र गरिदिएको देखिन आयो ।

उपरोक्त तथ्यहरू एवं मिसिल संलग्न मौकाको जाहेरी, बरामदी मुचुल्का, बरामदी सामानको सनाखत कागज, घटनास्थल प्रकृति मुचुल्का, प्रतिवादीहरूमध्ये प्रतिवादी भक्त सार्कीले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान बरामद भएका दशी प्रमाणहरूले जाहेरवाला नवराज श्रेष्ठको पसलमा मिति २०६५।६।७ गते साँझ चोरी भएको वारदात स्थापित भै रहेको देखिन आयो । यी प्रतिवादीहरूमध्ये भक्त सार्कीले जाहेरवालाको पसलमा चोरी गरेका हुन् होइनन् भन्नेतर्फ विचार गर्दा यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान अदालतमा आई सो कुरा इन्कार गरी आफूले कसुर नगरेको भने तापनि निजको अनुसन्धान अधिकारीसमक्ष भएको बयानको आधारमा अनुसन्धान हुँदा निजले भनेकै स्थान निजको मामा अर्का प्रतिवादी टंक सार्की तथा प्रतिवादी भक्त सार्कीकै घरबाट जाहेरवालाको पसलबाट चोरी भएको रु. ३६५८०। बराबरको VCD डेक लगायतका विभिन्न इलेक्ट्रोनिकल सामानहरू बरामद भएको तथ्यलाई प्रतिवादीले इन्कार गर्न सकेका छैनन् । साथै उक्त सामानहरू जाहेरवालाले आफ्नो पसलबाट चोरी भएकै सामानहरूमध्येको हो भनी सनाखत कागजसमेत गरिदिएको अवस्था पनि मिसिल सामेल कागजबाट देखिन्छ । घटनास्थल मुचुल्काबाट जाहेरवालाको पसलमा चोरी भएको देखिन्छ भने उक्त पसलबाट चोरी भएका सामान प्रतिवादीको बयान मुताविकका स्थानहरूमा खानतलासी लिँदा बरामद भै रहेको कुराले प्रतिवादीको अदालतमा भएको इन्कारी बयानलाई पुष्टि गर्न सकिरहेको देखिँदैन । साथै घटना विवरण कागजमा आफ्नो व्यहोरा खुलाउने व्यक्तिहरूले अदालतसमेतमा आई प्रतिवादी भक्त सार्कीले नै जाहेरवालाको पसलमा चोरी गरेको कुरालाई किटानीसाथ बकपत्र गरिदिएका छन् भने जाहेरवालाले पनि आफ्नो कुरा अदालतमा स्पष्टताका साथ राखेको देखिन्छ । यसरी प्रमाणहरूले मालाकार रूपमा घटनालाई प्रमाणित गरिरहेको अवस्थामा प्रमाणरहितको प्रतिवादीको इन्कारी बयान र प्रतिवादी घटना मितिमा आफूहरूसँग भएको भन्ने प्रतिवादीका साक्षीहरूको हचुवा बकपत्रले मात्र प्रतिवादीको निर्दोषिता प्रमाणित हुन सकेको छैन । तसर्थ प्रतिवादीमध्येका भक्तबहादुर सार्की नेपालीले जाहेरवालाको घरमा मिति २०६५।६।७ गते साँझ ७.०० बजे चोरी भएको भन्ने विषयमा विचार गर्दा जाहेरवालाको दाबी १,८२,८८५। बराबरको इलेक्ट्रोनिक सामानहरू चोरी भएको भन्ने जाहेरी अनुरूपको अभियोग दाबी भए पनि मिसिल संलग्न बरामदी मुचुल्काहरूबाट रु. ३६५८०। रकम बराबरको सामानहरू दशीको रूपमा अदालतमा प्राप्त हुन आएको देखिएको र वादीको कुनै साक्षीले पनि प्रतिवादीले जाहेरवालाको यति सामान चोरी भएको भनी खुलाउन नसकेको तथा मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्काबाट पनि के कति सामान चोरी गरेको भनी ठहऱ्याउनु काल्पनिक हचुवा र आत्मपरक हुन जाने देखिन्छ । तसर्थ मिसिलसंलग्न प्रमाणहरूबाट प्रतिवादी भक्त सार्की ( नेपाली) ले जाहेरवालाको पसलबाट बिगो रु. ३६५८०। बराबरको विभिन्न इलेक्ट्रोनिक धनमाल चोरी गरेको देखिँदा निजले अभियोग दाबी अनुरूपको मुलुकी ऐन चोरी महलको १ र ३ नं. अनुरुपको कसुर अपराध गरेको देखिन आयो । तर उक्त ऐनको १४(१) अनुरूपको निजलाई सजाय गरी पाऊँ भन्ने माग दाबीको सन्दर्भमा विचार गर्दा प्रतिवादीको उमेर निजले अनुसन्धानको क्रममा बयान गर्दा खुलाए अनुरूप १८ वर्ष भनी अभियोगपत्रमा समेत खुली आए पनि निजले अदालतमा बयान गर्दा आफ्नो उमेर १३ वर्ष भनी खुलाई बयान गरेको र सो विषयमा निजद्वारा दाखिल निजको जन्मदर्ताको प्रतिलपि सन्दर्भमा अदालतबाट समेत बुझ्दा तातोपानी गा.व.स. को कार्यालयबाट प्राप्त विवरण अनुरूप पनि निजको जन्म मिति २०५२।५।५ भनी खुलेको विवरण प्राप्त भएको र निजलाई अध्ययन गरेको विद्यालय श्री जनता माध्यमिक विद्यालयबाट दिइएको प्रमाणपत्रमा पनि सोही मिति उल्लेख भएको देखिँदा निजको उमेर अपराध गर्दाको मिति २०६५।६।७ मा १३ वर्ष मात्र पुगेको देखिँदा सो विषयमा प्रतिवादीको अदालतमा भएको बयानलाई अन्यथा गर्न नसकिने अवस्था देखिन्छ । अब १३ वर्षको

उमेरका नाबालकले गरेको अपराधलाई बाल न्यायले बाल बिज्याइँको रूपमा ग्रहण गरी सो विषयमा सजाय गर्ने विषयमा हामीसँग पनि छुट्टै बालबालिका ऐन, २०४८ रहेको पाइन्छ । र यस मुद्दामा पनि प्रतिवादीलाई सजाय गर्ने सन्दर्भमा सोही ऐन आकर्षित हुने हुँदा उक्त ऐनको दफा ११ को उपदफा २ ले १० वर्षदेखि १४ वर्षसम्मको नाबालकले जरिवाना हुने कसुर गरे सम्झाई बुझाई छाडिदिने र कैद हुने कसुर गरे कसुरअनुरूप बढीमा ६ महिनासम्म सजाय गर्नुपर्ने प्रावधान रहेको पाइन्छ । प्रस्तुत मुद्दामा मुलुकी ऐन चोरी महलको १४(१) अनुरूप बिगो अनुरूप जरिवाना १ महिना कैद हुने कसुर गरेको हकमा विचार गर्दा १३ वर्ष उमेरको नाबालकले चोरी जस्तो सामान्य बिज्याइँ गरेको देखिँदा बालबालिका ऐन २०४८ को दफा ११ को उपदफा २ अनुरूप यी प्रतिवादीलाई २३ दिन कैद हुने ठहर्छ ।

अर्का प्रतिवादी टंक सार्कीको हकमा विचार गर्दा प्रतिवादीमध्येका भक्तबहादुर सार्कीले आफूले चोरेको सामान मामा नाता पर्ने यी टंक सार्कीको घरमा राखेको भनेको देखिए पनि उक्त सामान चोरीको हो भनी जानीजानी निजले राखेको भनी पोल गरेको देखिँदैन । फेरि उक्त सामान आफ्नो घरबाट बरामद हुँदा म नभएकोले मलाई थाहा छैन, मेरी श्रीमती अनपढ हुँदा डराएर बरामदी मुचुल्कामा सही गरेकी होलिन् भनी प्रतिवादीले अदालतसमक्ष उक्त सामान आफूले जानीजानी राखेको कुरामा इन्कार भै बकपत्र गरेको देखिन्छ । साथै प्रतिवादीका साक्षी गजे सार्कीको भनाइ अनुरूप पनि यी प्रतिवादीको घरको १ कोठा भक्तलाई दिएको र त्यो कोठा निजले नै प्रयोग गर्ने हुँदा उक्त कोठामा के कस्तो सामान राख्छन् सो कुरा प्रतिवादी टंक सार्कीलाई थाहा थिएन भनी अदालतमा गरेको बकपत्रसमेतबाट यी प्रतिवादीले जानीजानी चोरीको सामान डेक रिमोट र ज्याक राखेको आरोपमा मुलुकी ऐन चोरी महलको २४ नं. अनुरूप कसुर गरेकामा सजायको निमित्त लिइएको वादी नेपाल सरकारको माग दाबी पुग्न सक्दैन । प्रतिवादी टंक सार्कीले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ । साथै चोरी भएको बिगो रु.३६५८०। बराबरको सामान मिसिलसाथ दशीको रूपमा अदालतमा रहेको देखिँदा जाहेरवालाले उक्त सामान फिर्ता मागेका बखत फिर्ता पाउने ठहर्छ । सो ठहर्नाले अरू तपसिलको कुरामा तपसिल बमोजिम गर्ने ठहर्‍याई मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम आज यो फैसला गरिदिएँ ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी भक्तबहादुर सार्कीलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा २ अनुरूप दिन २३ कैद हुने ठहरी फैसला भएकोले निज अनुसन्धानको क्रममा मिति २०६५।११।८ देखि मिति २०६५।११।३० सम्म दिन २३ प्रहरी हिरासतमा बसेको देखिँदा निजको हकमा केही गरिरहन परेन । यस अदालतको आदेशानुसार निजले राखेको जेथा फुकुवाको लागि पुनरावेदनको अवस्था नाघेपछि सम्बन्धित कार्यालयमा लेखी पठाइदिनू..............................................................................१

अर्का प्रतिवादी टंक सार्कीले अभियोग माग दाबीबाट पूर्ण रूपमा सफाइ पाउने ठहरी फैसला भएकोले निजले यस अदालतको आदेशानुसार राखेको नगदै धरौट रु. ९४६०। पुनरावेदनको अवस्थापछि फिर्ता पाऊँ भनी दरखास्त दिए फिर्ता खर्च लेखिदिनू..............................................................................२

बरामदी मुचुल्कामा उल्लेखित रु. ३६५८०। बराबरको इलेक्ट्रोनिक सामान पुनरावेदनको अवस्था नाघेपछि जाहेरवालालाई फिर्ता गराइदिनू..............................................................................३

यस इन्साफमा चित्त नबुझे स.मु.स.ऐन २०४९ को दफा २६ का म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत जुम्लामा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय जुम्लामा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय जुम्लालाई फैसलाको प्रतिलिपि साथै राखी जानकारी पत्र पठाउनु र प्रतिवादी भक्त सार्की ( नेपाली) का नाममा पुनरावेदनको म्याद जारी गर्नू..............................................................................४

यस मुद्दाको दायरीबाट लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू.... ............................५

नक्कल माग्ने सरोकारवाला व्यक्तिबाट नियमानुसार लाग्ने दस्तुर लिई माग बमोजिमको नक्कल सारी वा सराइदिनू.............................................................................................................................६

माननीय जिल्ला न्यायाधीशज्यूले
बोलेर टिपाए बमोजिम टिप्ने
ता.डिट्ठा : धर्मबहादुर स्वाँर कम्प्युटर गर्ने :
टा.ना.सु. : बेनता राई

..................
ऋषिराम निरौला
जिल्ला न्यायाधीश

इति संवत् २०६७ साल आषाढ १५ गते रोज ४ शुभम्................................।

**श्री सिन्धुली जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री हरिश्चन्द्र ढुंगाना**
**फैसला**
**संवत् २०६५ सालको स.फौ.नं.-१४८**
**निर्णय नं.-३१**
***मुद्दा :- डाँका***

**वादीको नाम,थर, वतन**
सिन्धुली जिल्ला, कल्पवृक्ष गा.वि.स., वार्ड नं.१ बस्ने धनबहादुर मोक्तानको जाहेरीले नेपाल सरकार ।
**ऐ को सबुद प्रमाण**
साक्षी :
कागज :

**प्रतिवादीको नाम, थर, वतन**
सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स., वार्ड नं.२ बस्ने माधव श्रेष्ठ......................................................................................१
ऐ.नारायणखोला गा.वि.स., वडा नं.८ बस्ने विष्णु रानामगर..१
ऐ.परवानीपुर गा.वि.स., वडा नं.१ बस्ने मंगल लामा (तामाङ्ग).१
ऐ.ऐ.बस्ने मिलन जिम्बा (तामाङ्ग)......................................१
सिन्धुली जिल्ला, कल्पवृक्ष गा.वि.स., वडा नं.६ चनौटे बस्ने चेतबहादुर लो ............................................................१

**ऐ को सबुद प्रमाण**
साक्षी :
कागज :

**अदालतबाट बुझेको**
साक्षी :
कागज :

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

**संक्षिप्त तथ्य :**

सिन्धुली जिल्ला, कल्पवृक्ष गा.वि.स., वडा नं.१ लामीदमारस्थित पूर्वमा धनबहादुर मोक्तानको खेतबारी, पश्चिम चुरे डाँडापाखा, उत्तरमा प्रेम काल्तानको घर, दक्षिणमा चन्द्रबहादुर काल्तानको घर, यति चार किल्लाभित्र पूर्व मोहडा टायलको छानो भएको काठले बनेको धनबहादुर मोक्तानको दुईतले घरको दाहिने उत्तरतर्फ भऱ्याङ्ग रहेको, माथिल्लो तलामा तीनवटा कोठाहरूमध्ये दक्षिण साइडको कोठामा रहेको काठको सन्दुक, दराज खुल्ला अवस्थामा रहेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०६५।७।१० गते राति अन्दाजी ७:३० बजेको समयमा घर परिवारका मानिसले खाना खाई बसिरहेको अवस्थामा चिनेका २ जना र नचिनेका ५/७ जना मानिसहरू बास दिनुपऱ्यो भनी मेरो घरमा आई घर परिवारका मानिसलाई खुकुरी, पेस्तोल देखाई नियन्त्रणमा लिई नगद, सुन, चाँदी र बहुमूल्य भाँडाकुँडासमेत

डाँका गरी लगेका हुँदा निजहरूलाई खोजतलास गरी आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको धनबहादुर मोक्तानको हुलिया निवेदन ।

मिति २०६५।७।१० गते घर परिवारका सदस्यसमेतले बेलुकाको खाना खाई आ-आफ्नो कोठामा सुत्न लागेको समयमा चेतबहादुर लो, माधव श्रेष्ठ र अन्य नचिनेका ५/७ जना मानिसहरू मुखमा नकाब बाँधी आई बास बस्न दिनु ऱ्यो भने । मैले टुकी बत्ती बोकी ढोका खोली चिनेकै मानिसहरू हुनहुँदो रहेछ कताबाट आउनुभएको हो भनी प्रश्न गर्न लाग्दा निजहरूले एक्कासि मेरो छातीमा समाई म लगायत मेरीआमा, छोरा, बुहारी र छोरीसमेतलाई बाँधी कराएमा खुकुरीले काटी मारिदिने धम्की दिई कोठाको सन्दुकमा राखेको नगद, पुराना चाँदीका पैसा, आमा, छोरी र बुहारीले लगाएका गहना र मूल्यवान भाँडासमेत गरी जम्मा रु.२,२१,९००।- बराबरको धनमाल लिई हामी सबैलाई घरभित्र थुनी ताल्चा लगाई डाँकाहरू भागी गए । विपक्षीहरू भागी गएपछि मेरी छोरीले आफ्नो हात फुकाउन सफल भएपछि निजले नै हामी सबैलाई बन्धन मुक्त गरेकी हुन् । मेरो घर नजिकै अरू कसैको घर छैन । सो घटनाको सम्बन्धमा हुलिया निवेदन दिई खोजतलासकै क्रममा मिति २०६५।१२।४ गते डाँकामध्येका माधव श्रेष्ठको बारीबाट निजहरूले डाँका गरी लगेको ढलौटको एउटा कचौरा फेला पारी गाउँलेहरूले मेरो रोहवरमा सोधपुछ गर्दा निज माधव श्रेष्ठले चेतबहादुर लोसमेत भई डाँका गरेका हौं भनी बताएको हुँदा डाँकाहरूलाई पक्राउ गरी सजाय गरी पाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

जिल्ला प्रहरी कार्यालयको मुद्दा शाखामा कालो पोलेथिनको झोलामा राखिएको ढलौटको कचौरा प्रतिवादी माधव श्रेष्ठबाट बरामद भई प्रहरीलाई जिम्मा लगाएको ठीक हो भन्नेसमेत व्यहोराको बरामदी मुचुल्का ।

मेरो घर र प्रतिवादी चेतबहादुर लोको ससुराली घर १५/२० मिनेटको दूरीमा रहेकोले निज ससुराली आउँदा चिनजान भएको हो । निजले जाहेरवाला धनबहादुर मोक्तानको घरमा धेरै सुनचाँदी छ, डाँका गर्नुपर्दछ भन्दै आएकोमा मिति २०६५।७।१० गते चेतबहादुर लोले विष्णु मगर, मंगल तामाङ र मिलन तामाङलाई डाँका गर्न जानुपर्छ भनी बोलाई मलाई पनि खबर गरेकोले हामी सबैजना सरसल्लाह गरी नारायणखोलाबाट कपिलाकोटतर्फ गई पूर्व सल्लाह अनुसार बेलुका ७:३० बजेतिर जाहेरवालाको घरमा पुगी बास मागी चेतबहादुर खुकुरी लिई बाहिर बसे, अन्य चार जना हामी भित्र पस्यौं । मिलन, मंगल र विष्णुले आ-आफ्नो झोलाबाट नलकटुवा बन्दुक झिकी जाहेरवालाका घर परिवारलाई डर, त्रासमा पारी बाँधी दराज तथा ओछ्यानसमेत खोली पुरानो पैसा, सुनचाँदीका गहना, नगद र भाँडावर्तन डाँका गरेका हौं । त्यसमध्ये पुरानो पैसा मैले र अन्य सामानहरू मंगल, विष्णु, मिलन र चेतबहादुरले बोकेका थिए । सो धनमाल हरिऔन बजारमा बिक्री गरी मलाई रु.४,१००।- र चेतबहादुर लोलाई रु.३,०००/३५००।- जति दिएका हुन् । पुरानो पैसा निजहरूले नै लगे । मलाई दिएको पैसा हाल मैले खाई मासिसकें । डाँका गरी भाग्ने क्रममा ढलौटको कचौरा मेरो बारीमा झरेको हो वा विष्णुले लुकाएको हो मलाई थाहा भएन । हामी पक्राउ परेपछि चेतबहादुर लोले मलाई जे जस्तो भए पनि अपराध स्वीकार्न हुँदैन भनी सिकाउँदै आएको थियो भन्नेसमेत व्यहोराको माधव श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६५।७।७ गते हजुबुबाको घेवामा ससुराली घर गएको बेलामा माधव श्रेष्ठसँग भेटेको हो । अन्य प्रतिवादीहरूलाई मैले देखे चिनेको छैन । मिति २०६५।७।१० गते म ससुरालीबाट माईस्थान हुँदै सरासर घरमा आई बसेको हुँ । जाहेरवाला मेरो काहिली बहिनीका ससुरा हुन् । निज बहिनीले २०६५।७।१५ गते माइत आई मैले नै सी.आई.डी.गरी डाँका गराएको भनी सुनाएकी थिइन् । जाहेरवालाको घरमा माधव, मिलन, मंगल, विष्णु भन्नेले डाँका गरेका हुन् । मैले चोर्न जाउ भनी योजना सल्लाह गरेको तथा डाँका गरेको पनि छैन । माधव श्रेष्ठले मेरो नाम

किन किटान गरे थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी चेतबहादुर लोले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

म राँगा, खसी, बाख्रा काटी मासु बेच्ने मानिस भएकोले मिति २०६५।७।११ गते मासुको पैसा उठाउन जाहेरवालाको गाउँतिर जाँदा प्रतिवादी माधव श्रेष्ठको गोठ नजिक बारीमा एउटा ढलौटको कचौरा देखी वरिपरि रहेका केटाकेटी र वृद्ध महिलासमेतलाई सोध्दा कसैले मेरो हो नभनेपछि आफ्नै घरमा लगेको थिएँ । मिति २०६५।१२।३ गतेका दिन जाहेरवाला सुराक लगाउँदै मेरो घरमा आएका बखत मैले सो कचौरा देखाउँदा निजले मेरो हो भने । प्रतिवादी माधव श्रेष्ठ धेरै दिनदेखि गाउँघरमा देखा नपरेको तथा निजले गाउँघरमा पटक-पटक चोर्ने गरेको र प्रतिवादी चेतबहादुर लोसँग निजको हेलमेल देखिँदा सो कचौरा निजहरूले नै डाँका गरी आफ्नो गोठबारीमा लुकाएको हुनुपर्छ भन्नेसमेत व्यहोराको ज्ञानबहादुर घिसिङले गरेको घटना विवरण कागज ।

मिति २०६५।७।१० गते राति जाहेरवालाको घरमा डाँका भएको कुरा भोलिपल्ट निजबाटै सुनी थाहा पाएका हौं । हामी गाउँलेसमेत भई सुराक पत्ता लगाउँदै जाँदा प्रतिवादी माधव श्रेष्ठलाई फेला पारी सोधपुछ गर्दा निजले चेतबहादुर लोसमेत ५ जनाले जाहेरवालाको घरमा डाँका गरेका हौं र डाँका भएको सामानमध्ये नगद रु.४,१००।- मैले लिएको हुँ भनी बताएको र त्यसपछि हामी गाउँलेहरू चेतबहादुर लोको घरमा गई सोधपुछ गर्दा निजले पनि अपराध स्वीकार गरेकोले दुवै जनालाई प्रहरीको जिम्मा लगाइदिएका हौं भन्नेसमेत व्यहोराको धनबहादुर घिसिङ, भक्तबहादुर काल्तान, प्रेम काल्तान, शंखध्वज काल्तान र पेम्बा दोर्जे बम्जनले गरी दिएको घटना विवरण कागज ।

सिन्धुली जिल्ला, कल्पवृक्ष गा.वि.स.वडा नं.६ स्थित पूर्वमा श्याम माझीको घर, पश्चिममा पासाङ्ग दोर्जे योन्जनको गोठघर, उत्तरमा विष्णु माझीको गोठ तथा खेतबारी, दक्षिणमा रातमाटे जंगल, यति चार किल्लाभित्रमा चेत बहादुरलोको पूर्व मोहडा, टायलको छाना भएको काठको दुईतले घर रहेको र सो घर खानतलासी गर्दा घरायसी प्रयोजनका कपडा तथा भाँडावर्तनबाहेक प्रस्तुत अपराधसँग सम्बन्धित अन्य प्रमाण फेला नपरेको भन्नेसमेत व्यहोराको खानतलासी एवं बरामदी मुचुल्का ।

प्रतिवादीहरू चेतबहादुर लो, माधव श्रेष्ठ, विष्णु राना मगर, मिलन जिम्बा तामाङ र मंगल लामा तामाङले मिति २०६५।७।१० गते राति अन्दाजी ७:३० बजेको समयमा हातहातमा नलकटुवा पेस्तोल खुकुरी बोकी जाहेरवालाको परिवारका सबै सदस्यहरूलाई नियन्त्रणमा लिई दराज सन्दुकसमेत फुटाई जाहेरीमा उल्लेखित नगद, जिन्सी र गर गहनासमेत गरी रु.२,२१,९००।- बराबरको धनमाल डाँका गरी लगेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरूउपर मुलुकी ऐन चोरीको १ र ६ नं.को कसुरमा सोही १४(४) नं.बमोजिम सजाय गरी डाँका भएको बिगो प्रतिवादीहरूबाट जाहेरवालालाई दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोग-पत्र ।

मैले जाहेरवालको घरमा डाँका गरेको होइन । मिति २०६५।१२।३ गते बेलुका केही मानिसहरू मेरो घरमा आई हामी ताम्सालिङ्ग पार्टीका मानिस हौं भनी खुकुरी, भरुवा बन्दुक, बम बोकेको भनी देखाई तैंले धनबहादुर मोक्तानको घरमा डाँका गरिछस् भनी मलाई पक्री सर्लाही जिल्लाको नारायणखोला गा.वि.स.स्थित धुमाउने भन्ने ठाउँमा ल्याई जाहेरवाला लगायत १३/१४ जनाको समूहलाई जिम्मा लगाए । मलाई रातभरि हिँडाइ रक्सी मासु पनि खान दिए । जाहेरवालाले मलाई रु.१५,०००।- दिन्छु यो-यो मानिस भई डाँका गरेको हो भन्नु यदि होइन भनिस् भने काटी मारिदिन्छौं भनेकाले मैले विष्णु राना मगर, मंगल तामाङ, मिलन जिम्बा र चेतबहादुर लोसमेत भई डाँका गरेका हौं भनी स्वीकार गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी माधव श्रेष्ठले अदालतमा गरेको बयान ।

काहिली बहिनी भाइटीका लगाउन माइत आउँदा घटनाबारे सुनाएकाले थाहा पाएको हुँ । मानबहादुर मोक्तानसँग मेरो पूर्व रिसईवी रहेकोले सोही रिसईवी साध्नका लागि जाहेरवालासँग मिली मलाई नै पार्नुपर्छ भनी ताम्सालिङ्गका मानिस लगाई मलाई पक्राउ गरी प्रहरीको जिम्मा लगाएका हुन् । मैले जोहरवालाको घरमा चोरी गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी चेतबहादुर लोले अदालतमा गरेको बयान ।

मैले जाहेरवालाको घरमा डाँका गरेको छैन । जाहेरवाला तथा अन्य प्रतिवादीसँग मेरो चिनजान छैन । घटना वारदात भयो भनिएको दिन म आफ्नै गाउँ घरमा छु । म उपरको अभियोग दाबी झुट्टा हुँदा सफाइ पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी मंगलसिं बम्जन (लामा) ले यस अदालतमा गरेको बयान ।

अभियोग पत्रसाथ दाखिल हुन आएका प्रतिवादीहरू माधव श्रेष्ठ र चेतबहादुर लोलाई मुद्दा पुर्पक्षको सिलसिलामा थुनामा राख्नु भन्ने यस अदालतको आदेश उपर प्रतिवादीमध्येका चेतबहादुर लोको तर्फबाट अ.बं.१७ नं.बमोजिम निवेदन परी निजलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने पुनरावेदन अदालत जनकपुरको आदेश ।

प्रतिवादीहरूमध्येका विष्णु राना मगर र मिलन जिम्बा तामाङको नाउँमा यस अदालतबाट जारी भएको ७० दिने म्यादी पुर्जीको म्यादमा समेत निजहरू हाजिर नभई फरार रहेका ।

मिति २०६५।७।१० गते राति ७:०० बजेको समयमा मैले नचिनेका ५ जना मानिस घरमा आई चुरेमा गाडी फसेको हुँदा ओड्ने दिनुपर्‍यो भने । मैलै बुहारीलाई ओड्ने देउ भनी अह्राउँदा तपाईंले नै दिनुहोस् भनेकाले मैले ढोका खोल्नासाथ प्रतिवादीहरूले मेरो कठालोमा समाती छातीमाा दुई बक्सिङ्ग हानी खुकुरी, पेस्तोलसमेत देखाई झ्यापझुप पारी पाटको डोरीले मेरो हात-खुट्टा बाँध्न खोज्दा मैले नबाँध भनी बल गरी निजहरूको मुखमा बाँधेको कपडा तान्दा प्रतिवादी चेतबहादुर लो र माधव श्रेष्ठलाई देखी चिनेको हो, अरू ३ जनालाई चिनिनँ । प्रतिवादीहरूले मेरो आमा, छोरा, बुहारी र कान्छी छोरीसमेतलाई डोरीले बाँधी आमाले लगाएको गरगहना लुछी काठको बाक्सा फोडी चाँदीका गहना, झर्का, ढलौट, काँस लगायतका भाँडा वर्तन तथा छोराको साथबाट नगद रु.१,७००।- समेत गरी जम्मा रु.२,२२,९००।- बराबरको धनमाल डाँका गरी यो कुरा कसैलाई भनिस् सुनाइस् भने तेरो सत्यानास गरिदिन्छु भनी डर, त्रास धम्की दिई हामीलाई घरभित्रै थुनी डाँकाहरू भागी गएका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला धनबहादुर मोक्तानको बकपत्र ।

मिति २०६५।७।१० गते राति डाँका भएको रहेछ । म ११ गते १०:०० बजे घटनास्थलमा पुगी हेर्दा जाहेरवालाको घरमा बाक्साहरू खुल्ला थिए, जाहेरवालाको आमाको नाकको बुलाकी चुँडिएकोले रगत बगेको र घरका अन्य व्यक्तिको शरीरमा पनि बाँधेको नीलडाम थियो भन्नेसमेत व्यहोराको घटना विवरणमा कागज गर्ने पेमादोर्जे बम्जनको बकपत्र ।

जाहेरवालाले आफ्नो घरमा डाँका भयो भनी बताएकोले हामी घटनास्थल पुग्दा घरमा रहेको बाकस खुल्ला भई बूढी आमैको नाकबाट रगत बगी उनी रुँदै थिइन् । डाँकाले रिङ्ग, चाँदीको सिक्री, झर्काको थाल, काँसको बटुका र पानससमेत लुटी लगेको भनी उनले हामीलाई भनेकोले थाहा पाएको हो । प्रतिवादी माधव श्रेष्ठलाई पक्राउ गर्न हामी पनि गएका थियौं । उसले हाम्रा अगाडि आफू चेतबहादुर लोको खेतालो भई चोर्न गएको बताएको थियो । माधव श्रेष्ठको श्रीमतीले चोरी गरेको कचौरा यही हो भनी देखाएकोले हामीले प्रहरीलाई बुझाएका हौं भन्नेसमेत व्यहोराको घटना विवरणमा कागज गर्ने शंखध्वज काल्तान र भक्तबहादुर काल्तानको एकै मिलानको छुट्टाछुट्टै बकपत्र ।

**अदालतको ठहर :**

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री कृष्णप्रसाद पुडासैनी र प्रतिवादीहरू मंगल लामा तामाङ , चेतबहादुर लो र माधव श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रेमचन्द्र दाहालले प्रस्तुत गर्नुभएको बहस जिकिर सुनियो ।

बहसको क्रममा जिल्ला न्यायाधिवक्ता श्री कृष्णप्रसाद पुडासैनीले प्रस्तुत मुद्दामा डाँका वारदात भएको तथ्यमा कुनै विवाद छैन । प्रतिवादीमध्येका माधव श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष कसुरमा सावित भई बयान दिएका र जाहेरवाला लगायत घटना विवरणमा कागज गर्ने साक्षीको बकपत्रसमेतबाट प्रतिवादीहरूले डाँका चोरी गरेको पुष्टि हुन आएकोले निजहरूलाई अभियोग दाबी बमोजिम सजाय गरी पाऊँ भनी बहस गर्नुभयो भने विद्वान् अधिवक्ता श्री प्रेमचन्द्र दाहालले प्रस्तुत मुद्दामा चोरीका मालवस्तुहरू बरामद हुन सकेको देखिँदैन, बरामद भएको भनिएको कचौरा कहाँबाट बरामद भएको हो स्पष्ट हुन सकेको छैन । डाँका चोरी भएको सामान बिक्री गरेको ठाउँमा खानतलासी नगरिएको र प्रतिवादीहरू कसुरमा इन्कारीसमेत रहेकोले अभियोग दाबी पुष्टि हुन नआएको हुँदा निजहरूलाई आरोपित कसुरबाट सफाई दिलाई पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

वादी प्रतिवादी पक्षका कानुनविद्हरूको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादीहरू माधव श्रेष्ठ, विष्णु राना मगर, मंगल लामा तामाङ, मिलन जिम्बा तामाङ र चेतबहादुर लोसमेतले मिति २०६५।७।१० गते राति अन्दाजी ७:३० बजेतिर जाहेरवालाको घरमा गई रु.२,२१,९००।- बराबरको धनमाल डाँका गरेका हुनाले निजहरूलाई मुलुकी ऐन चोरीको १ र ६ नं.को कसुर अपराधमा सोही १४(४) नं.बमोजिम सजाय गरी डाँका चोरीको बिगो जाहेरवालालाई दिलाई भराई पाऊँ भन्ने अभियोग माग दाबी रहेको देखिन्छ ।

प्रतिवादीमध्येका विष्णु राना मगर र मिलन जिम्बा तामाङ फरार रहेकोले निजहरूको हकमा मुलुकी ऐन अ.बं.१९० नं.बमोजिम मुद्दाको कारबाही प्रक्रिया मुल्तबी राखिदिने ठहर्छ ।

अब, अन्य प्रतिवादीहरू माधव श्रेष्ठ, मंगल लामा तामाङ र चेतबहादुर लोका सम्बन्धमा मिसिल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा यसमा जाहेरवालाको घरमा मिति २०६५।७।१० मा डाँका वारदात भएको हो वा होइन ? सो वारदातमा यी प्रतिवादीहरूको संलग्नता छ, छैन ? निजहरूको संलग्नता देखिन आए सो कार्यको दायित्व बापत के कस्तो सजाय हुने हो भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

सर्वप्रथम जाहेरवालाको घरमा डाँका वारदात भएको हो होइन भन्ने प्रश्नमा विचार गर्दा जाहेरवालाको तर्फबाट समयमै पर्न आएको हुलिया जाहेरी, प्रतिवादीहरूको पहिचान भइसकेपछि दिएको किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, प्रतिवादीहरू माधव श्रेष्ठ र चेतबहादुर लोले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान तथा जाहेरवाला लगायत घटना विवरणमा कागज गर्ने व्यक्तिहरूको बकपत्रसमेतबाट जाहेरवालाको घरमा मिति २०६५।७।१० गते राति अन्दाजी ७:३० बजेको समयमा डाँका वारदात भएको तथ्य पुष्टि हुन आयो ।

अब यी प्रतिवादीहरू माधव श्रेष्ठ, मंगल लामा तामाङ र चेतबहादुर लोको उक्त डाँका वारदातमा संलग्नता रहे नरहेको तर्फ प्रमाणको रोहमा विचार गर्दा प्रतिवादी माधव श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा चेतबहादुर लोले जाहेरवालाको घरमा धेरै सुनचाँदी छ डाँका गर्नुपर्छ भनेकाले अन्य प्रतिवादीहरू विष्णु मगर, मिलन जिम्बा, मंगल लामा तामाङ, चेतबहादुर लो र मसमेत भई जाहेरवालाको घरमा उक्त वारदातको साँझ पुग्यौं । चेतबहादुर लो खुकुरी बोकी बाहिर बस्यो । हामी चारजना भित्र पसी जाहेरवालाका परिवारलाई बन्दुक देखाई हात-खुट्टा बाँधी सन्दुक, दराज फोरी पुरानो पैसा, सुनचाँदीका गहना र भाँडा वर्तनसमेत डाँका गरेका हौं । त्यसरी

डाँका गरेको सामानमध्ये पुरानो पैसा मैले बोकेको र अन्य सामान विष्णु, मंगल र मिलनले बोके । सो सामान हरिऔन बजारमा लगी बिक्री गरी मलाई रु.४,१००।- दिए । चेतबहादुर लोलाई पनि तीन हजार पैंतीस सय जति दिएका थिए । उक्त पैसा मैले खाई मासिसकें, बरामद भएको ढलौटको कचौरा जाहेरवालाकै हुनुपर्छ भनी अन्य प्रतिवादीहरूको संलग्नतालाई समेत पुर्षट हुने गरी सविस्तारपूर्वक लेखाएको देखिन्छ । निजले यस अदालतमा बयान गर्दा रु.१,५,०००।- को लोभमा सावित भएको हुँ भनी कसुरमा इन्कारी रहे तापनि अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साविती आफ्नो इच्छा विपरीत गरेको हो भन्ने कुराको ठोस आधार प्रमाण देखाउन नसकेको हुनाले निज प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको उक्त साविती बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२) बमोजिम प्रमाणमा लिन मिल्ने नै देखियो ।

अर्का प्रतिवादी चेतबहादुर लोको बयानतर्फ विचार गर्दा निजले जाहेरवालाको घरमा आफूले नभई माधव श्रेष्ठ, मिलन, मंगल र विष्णुले डाँका गरेको हो भनी अधिकार प्राप्त अधिकारीसमक्ष लेखाएको र अदालतमा आई रिसईवीको कारण मलाई फसाएका हुन् भनी कसुरमा इन्कारी रहेको पाइयो । त्यसैगरी अर्का प्रतिवादी मंगल लामा तामाङले पनि मैले अरू प्रतिवादीहरू कसैलाई पनि चिन्दिनँ, जाहेरवालाको घरमा मैले डाँका गरेको पनि छैन, सो दिन म घरमै छु भनी यस अदालतमा बयान दिएको देखियो ।

यी तीनै जना प्रतिवादीहरूको बयान कागज उपर विश्लेषण गर्दा निजहरू अदालतमा इन्कारी रहे तापनि प्रतिवादी माधव श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानका आधारमा यी तीनै जना प्रतिवादीहरू उक्त डाँका वारदातमा संलग्न रहेको देखिन्छ । प्रतिवादीहरू चेतबहादुर लो र मंगल लामा तामाङ उक्त डाँका वारदातमा संलग्न नभएको भए बिनासित्तैमा, बिनाकारण प्रतिवादी माधव श्रेष्ठले निजहरूलाई पोल गर्नुपर्ने अवस्था थिएन । प्रतिवादीमध्येका चेतबहादुर लो यस घटनाका मुख्य योजनाकार हुन् भन्ने कुरा प्रतिवादी माधव श्रेष्ठको भनाइबाट देखिएको छ । जाहेरवालाले जाहेरी दरखास्तमा र बकपत्र गर्दासमेत प्रतिवादीहरू चेतबहादुर लो र माधव श्रेष्ठलाई वारदातकै बखत चिनेको हुँ भनी लेखाइदिएको अवस्था हुँदा यी प्रतिवादीहरूले अदालतमा दिएको कोरा इन्कारी बयानलाई प्रमाणिक महत्व दिन सकिएन । हामी पक्राउ परेपछि जे जस्तो भए पनि अपराध स्वीकार्नँ हुँदैन भनी चेतबहादुर लोले मलाई सिकाउँदै आएको थियो भनी प्रतिवादी माधव श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानबाट पनि यी प्रतिवादीहरूले झुट्टा बयान दिई आफूलाई निर्दोष सावित गर्न भरमग्दुर प्रयास गरेको देखिन आउँछ ।

अब साक्षीहरूको बकपत्रतर्फ विचार गर्दा जाहेरवाला धनबहादुर मोक्तानले बकपत्रको क्रममा जाहेरी दरखास्त व्यहोरालाई समर्थन हुने गरी लेखाएको देखिन्छ । सो बकपत्रको पाँचौं सवालको जवाफमा उनले ढोका खोल्नासाथ मलाई हान्न खुकुरी देखाए । मैले देख्दा प्रतिवादीहरूले रुमालले मुख बाँधेकोमा मलाई हात-खुट्टा बाँध्न लाग्दा उनीहरूको मुखको रुमाल हातले तान्दा प्रतिवादी चेतबहादुर लो र माधव श्रेष्ठलाई देखी चिनें, अरू तीन जना भने चिनिनँ । प्रतिवादीहरूले म, मेरो आमा र बुहारीलाई समेत हात बाँधी बाकस फोडी धनमाल लगी हामीलाई थुनी गएका हुन् । पछि गाउँले समेत भई माधव श्रेष्ठको घर गई चेतबहादुर लोलाई समेत समाती प्रहरीको जिम्मा लगाएको हो भनी लेखाएका छन् । त्यसैगरी घटना विवरणमा कागज गर्ने शंखध्वज काल्तान र भक्तबहादुर काल्तानले पनि घटना वारदात भएको भोलिपल्ट थाहा पाई जाहेरवालाको घरमा पुग्दा जाहेरवालाको बाक्सा फोरिएको, आमाको नाकबाट रगत बगेको र परिवारका अन्य सदस्यको शरीरमा पनि बाँधेको नीलडाम थियो । त्यसबेला जाहेरवालाले हामीलाई चेतबहादुर लो र माधव श्रेष्ठसमेतले डाँका गरे भनेका थिए भनी बकपत्र गरेका

छन् । जाहेरवाला तथा अन्य साक्षीहरूको उपरोक्त कथनबाट उक्त डाँका वारदातमा यी प्रतिवादीहरूको संलग्नता रहेको कुरा पुष्टि हुन आएको छ ।

सबै चोरी मुद्दामा दशीको सामान बरामद हुने अवस्था हुन्छ नै भन्नु सर्वथा त्रुटिपूर्ण हुन जान्छ । प्रतिवादी माधव श्रेष्ठको कब्जाबाट बरामद भएको ढलौटको कचौरा बरामद हुनु एउटा संयोग मात्र हो । सहअभियुक्तको पोल र जाहेरवालाको बकपत्रबाट अभियोग दाबी प्रमाणित भएको हुँदा उक्त बरामदी मुचुल्काका भरमा मात्र निर्णय गर्नुपर्ने अवस्था प्रस्तुत मुद्दामा देखिँदैन । जहाँसम्म डाँका चोरी भएको स्थानको खानतलासी नगरिएको भन्ने प्रतिवादी पक्षका कानुन व्यवसायीको जिकिर छ तत्सम्बन्धमा उल्लेखनीय यो छ कि उक्त ठाउँमा खानतलासी नगरिनु अनुसन्धानको कमजोर पक्ष हुँदाहुँदै पनि सो कुरा प्रतिवादीको सफाइको आधार भने हुन सक्तैन । अतः प्रतिवादीहरूको साथबाट चोरीको माल वस्तु बरामद नभएको तथा सामान बिक्री गरिएको ठाउँको खानतलासी नगरिएकोले यसमा अभियोग दाबी पुष्टि हुन सक्दैन भन्ने प्रतिवादीतर्फका विद्वान् कानुन व्यावसायीको बहस जिकिरसँग सहमत हुन सकिएन । माथि विवेचित प्रमाण एवं परिबन्धबाट जाहेरवालाको घरमा भएको डाँका वारदातमा यी प्रतिवादीहरूको संलग्नता रहेको देखिँदा उक्त कसुरको दायित्वबाट यी प्रतिवादीहरूलाई उन्मुक्ति दिन मिल्दैन भन्ने कुरामा यो इजलास दृढ विश्वस्त छ ।

यसरी माथि विवेचना गरिएका प्रमाणहरूबाट यी प्रतिवादीहरू माधव श्रेष्ठ, चेतबहादुर लो र मंगल लामा तामाङसमेत भई मिति २०६५।७।१० गते साँझ ७:३० बजेतिर जाहेरवालाका घरमा प्रवेश गरी जाहेरवाला लगायत निजको परिवारका सदस्यलाई बाँधछाद गरी खुकुरी, बन्दुक देखाई डर-त्रासमा पारी जाहेरवालाको धनमाल डाँका गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरूलाई मुलुकी ऐन चोरीको महलको १ र ६ नं.को कसुर अपराधमा सोही १४ नं.को देहाय ४ बमोजिम जनही ६ (छ) वर्ष कैद र प्रत्येकले खाई मासेको बिगो बमोजिम जरिवानासमेत हुने ठहर्छ ।

अब प्रतिवादीहरूलाई हुने जरिवाना र जाहेरवालाले भरी पाउने बिगोका सम्बन्धमा विचार गर्दा प्रत्येक प्रतिवादीले खाए मासेको बिगोको डेढीका हिसाबले जरिवाना हुने भनी मुलुकी ऐन चोरीको १४ नं.को देहाय ४ ले गरेको कानुनी प्रावधान अनुरूप प्रतिवादी माधव श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतलाई आधार मानी निज प्रतिवादी माधव श्रेष्ठलाई रु.६,३५०।-, प्रतिवादी चेतबहादुर लोलाई रु.५,२५०।- र प्रतिवादी मंगल लामा तामाङलाई रु.६,१५०।- जरिवाना हुने र जाहेरवालाले प्रतिवादीहरू माधव श्रेष्ठ र मंगल लामा तामाङबाट जनही रु.४,१००।- र प्रतिवादी चेतबहादुर लोबाट रु. ३,५००।- मुलुकी ऐन चोरीको १० नं.बमोजिम बिगो भरी पाउनेसमेत ठहर्छ ।

साथै प्रस्तुत मुद्दामा नेपाल सरकारको तर्फबाट अनुसन्धानको सिलसिलामा बुझ्नुपर्ने आधारभूत कुराहरूसमेत नबुझी अत्यन्त हल्का एवं जिम्मेवारविहीन ढंगबाट अदालतमा मुद्दा पेस हुन आएको देखिँदा तत्सम्बन्धमा आवश्यक जानकारी एवं कारबाहीका लागि प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी माहान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई दिनू । अरूमा तपसिल बमोजिम गर्नू भनी अ.बं.१८६ नं.बमोजिम यो फैसला गरिदिएको छ ।

**तपसिल**

१. प्रतिवादी माधव श्रेष्ठलाई ६ (छ) वर्ष कैद र रु.६,३५०।- जरिवानासमेत हुने ठहरेकोले निज मिति २०६५।१२।५ गतेदेखि पक्राउ परी हालसम्म मुद्दा पुर्पक्षको सिलसिलामा थुनामा बसेको देखिँदा उपरोक्तानुसार कैदको लगत कसी कैदी पुर्जी दिनु र जरिवानाको हकमा लगत कसी कानुन बमोजिम असुल उपर गर्नू ।

२. प्रतिवादी चेतबहादुर लोलाई ६ (छ) वर्ष कैद र रु.५,२५०।- जरिवाना समेत हुने ठहरेकोले निज मिति २०६५।१२।५ गतेदेखि थुनामा बसी पुनरावेदन अदालतको आदेशले मिति २०६६।७।२० मा छुटेको देखिँदा बाँकी कैद र जरिवानाको लगत कसी कानुन बमोजिम असुल उपर गर्नू ।

३ प्रतिवादी मंगल लामा तामाङलाई ६ (छ) वर्ष कैद र रु.६,१५०।- जरिवानासमेत हुने ठहरेकोमा निज हात हतियार खर खजाना मुद्दामा पुर्पक्षको लागि कारागार कार्यालय सर्लाहीमा थुनामा रहेको र प्रस्तुत मुद्दामा पनि थुनछेकको सिलसिलामा थुनामा राख्ने आदेश भई सो कार्यालयमा लेखी पठाएको देखिँदा निजलाई लागेको कैद तथा जरिवानाको लगत कसी कानुन बमोजिम असुल उपर गर्नू ।

४. प्रतिवादीहरू विष्णु राना मगर र मिलन जिम्बा यस अदालतबाट जारी भएको म्यादी पुर्जीको म्यादमा हाजिर नभई फरार रहेकाले निजहरूको हकमा मुलुकी ऐन अ.बं.१९० नं.बमोजिम मुलतवीमा राखी कानुन बमोजिम गर्नू ।

५. जाहेरवालाले प्रतिवादी माधव श्रेष्ठ र मंगल लामा तामाङबाट जनही रु.४,१००।- र प्रतिवादी चेतबहादुर लोबाट रु.३,५००।- बिगो भरी पाउने ठहरेकोले मुद्दाको अन्तिम किनारा लागेपछि दण्डसजायको ४२ नं.का म्यादभित्र बिगो भरी भराउका निम्ति जाहेरवालाको दरखास्त पर्न आए कानुन बमोजिम बिगो भराइदिनू ।

६. बरामद भई आएको सामान मुद्दाको अन्तिम किनारा लागेपछि सम्बन्धित व्यक्तिले फिर्ता माग्न आए कानुन बमोजिम फिर्ता दिनू ।

७. यस फैसलामा चित्त नबुझे सत्तरी दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्नु भनी स.मु.स.ऐन, २०४९ को दफा २६(१) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय सिन्धुलीलाई फैसलाको जानकारीसहित पुनरावेदनको म्याद दिनू ।

८. प्रतिवादी माधव श्रेष्ठले फैसला सुनी राय किताबमा सहीछाप गरिसकेकोले निजलाई पुनरावेदनको छुट्टै म्याद दिइरहनु परेन । प्रतिबादी मंगल लामा तामाङ र चेतबहादुर लोलाई यस फैसलामा चित्त नबुझे सत्तरी दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्न जानु भनी स.मु.स.ऐन, २०४९ को दफा २६(१) बमोजिम पुनरावेदनको म्याद दिनू ।

९. प्रस्तुत फैसलाको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू ।

१०.सरोकारवालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू ।

११.प्रस्तुत मुद्दा दायरीको लगत कट्टा गरी सक्कल मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी लेख्ने
डिट्ठा जीवन कुमार भण्डारी
फाँट ना.सु.डेडकुमार ढकाल

..........................
हरिश्चन्द्र ढुंगाना
जिल्ला न्यायाधीश

इति संवत् २०६७ साल कार्तिक १० गते रोज ४ शुभम् ..........................................................।

**श्री काठमाडौं जिल्ला अदालत**
**बाल-इजलास**
**माननीय जिल्ला न्यायधीश श्री लेखनाथ घिमिरे**
**फैसला**
**२०६५ सालको स.फौ.द.नं. ०००३१**
**निर्णय नं. ३७६**
*मुद्दा :- बालक सम्बन्धी तथ्यांक गोपनीयता ।*

| **वादीको नाम थर वतन** | **प्रतिवादीको नाम थर वतन** |
|---|---|
| महानगरीय प्रहरी प्रभाग हनुमान ढोकामा थुनामा रहेका वर्ष १४ का केशु ढुङ्गाना, वर्ष १५ का सुरेश वि.क र वर्ष १५ कै गुड्डू शाहको सर्वोत्तम हितका लागि न्याय तथा अधिकार वकालत मञ्च (अजर) नेपालका सचिव अधिवक्ता कृण प्रसाद शर्मा.....................................१ | का.जि.का.म.ज.न.पा.वडा नं. ३५ तिनकुने सुविधानगर स्थित कान्तिपुर पव्लिकेसन प्रा.लि.का अध्यक्ष तथा प्रवन्ध निर्देशक कैलाश सिरोहियहा....................................१<br>ऐ ऐ को प्रकाशन कान्तिपुर दैनिकका सम्पादक सुधिर शर्मा...................................................................१ |

**अदालतबाट बुझेको**
**साक्षी**
**प्रमाण/कागज**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन अ.बं. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकार अन्तर्गत पेस भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ।

महानगरीय प्रहरी प्रभाग हनुमानढोका, महानगरीय अपराध अनुसन्धान महाशाखाले काठमाडौं नैकाप बस्ने धादिङ्ग खाल्टे ५ का केशु ढुङ्गानासहित ३ जना बालकलाई केही दिनअघि नियन्त्रणमा लिई हाल केही सार्वजनिक अपराध तथा सजाय ऐन, २०२८ बमोजिम थुनामा राखेको छ। सो विषयमा उक्त प्रभागले निजहरूको नाम ठेगाना नखुल्ने गरी सूचना तथा समाचार प्रकाशनमा ल्याउन सूचना दिनु पनि कानुनसम्मत कार्य नै देखा परेको छ। यसरी थुनामा राखिएका बालबालिकाको सूचना लिई उमेर र लिङ्गको आधार राखी समाचार सम्प्रेषण गर्ने अधिकार विपक्षी प्रकाशन संस्था र सम्पादकलाई छ र त्यस्तो कार्यका लागि सबवैले विपक्षीलाई विश्वसनीय माध्यमका रूपमा हेरेको कुरामा दुईमत छैन। तथापि समाचार प्रकाशित गरी सत्य-तथ्य सार्वजनिक गर्दा सम्बद्ध पक्षका कानुनले निश्चित गरेको गोपनीयताको अधिकारको सम्मान गरिनैपर्छ। उल्लेख भए अनुसार उल्लेखित बालकहरूका हकमा समाचार प्रकाशित गर्दा विपक्षीहरूले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५२ को पूर्णतः सम्मान हुने गरी गर्नुपर्छ। सो दफाले निर्देशित गरे बिपरीत बालक सम्बन्धी तथ्यांकको गोपनीयता भङ्ग हुने गरी समाचार बनाउन विपक्षीलाई ऐनले दिएको छैन। प्रहरीले पक्राउ गरी

थुनामा लिएका केशु ढुङ्गानासमेतका बालकहरूको नाम र ठेगानासमेत खुलाई विपक्षीहरूले “कान्तिपुर” दैनिकको वर्ष अंक १९७ मिति २०६६।०५।१६ को पृष्ठ ४ मा “चोरी आरोपमा बालक पक्राउ” शीर्षक राखी समाचार प्रकाशित गरी बिक्री वितरण गरेका छन् । सो कार्य सम्बन्धी ऐन, २०४८ को दफा ५३ (९) ले दण्डनीय गरी वनाई सजायसमेत तोकेको छ ।

अतः विपक्षी प्रतिवादीहरूबाट प्रकाशित समाचारले विपक्षीहरूबाट बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५२ को बर्खिलाप भएकोले सोही ऐनको दफा ५३ बमोजिम सजायसमेत गरी पाऊँ भन्नेसमेत व्यहोराको उजुरीकर्ताको मुख्य उजुरीपत्र माग दाबी ।

कान्तिपुर दैनिकको वर्ष १७ अंक १९७ मिति ०६६।५।१६ गते पृष्ठ ४ मा “चोरी आरोपमा बालक पक्राउ” शीषक समाचारलाई लिएर विपक्षी उजुरी गरेको देखिन्छ । उक्त समाचार १८ वर्ष युवकलाई प्रहरीबाट चोरी आरोप लागेको विषयलाई समाचार वनाई प्रकाशित गरिएको हो । उक्त युवासँग अन्य बालकहरू पनि संलग्न रहेको भनी समाचार प्रकाशित भए पनि उक्त समाचारबाट निजहरूको पूरा परिचय खुल्दैन र यसरी समाचार प्रकाशित गर्दा बालबालिकाको अधिकारको हनन पनि हुँदैन भन्ने हाम्रो मान्यतासमेत रहेको हुनाले उक्त समाचार प्रकाशित गरेका हौं । हामीले समाचार प्रकाशित गर्दा बालकहरूको हुलिया, बाबु-बाजेको नाम लगायत प्रस्ट रूपमा परिचय हुने गरी समाचार प्रकाशित नगरिएको हुनाले विपक्षीको उजुरी खारेजभागी छ । साथै उक्त समाचार प्रकाशन गर्नुमा हामीहरूको कुनै पूर्वाग्रह एवं बालकहरूको हक अधिकारमा असर परोस् भन्ने गलत मानसायले समाचार प्रकाशित गरीएको नभई असल मनसायले पुनः यस किसिमका घटना दोहोरिन नपाउन् भन्ने मनसायले छापिएको हुँदा विपक्षीको उजुरी खारेज भागी छ ।

विकासको क्रममा रहेको नेपाल समाचार माध्यमका पनि आफ्ना कमी कमजोरी नभएका होइनन् । जनतालाई अधिकतम सूचना दिलाउने जिम्मेवारी पूरा गर्ने क्रममा कानुनद्वारा वर्जित गरिएका समाचारसमेत यदाकदा प्रकाशित हुन पुग्दछन् । तथापि यस किसिमका समाचार प्रकाशित भएको हामीलाई लागेमा वा कोही कसैबाट हाम्रो कमी कमजोरीलाई औंल्याइदिएमा सोको खण्डन गरी हामीले समाचारहरू प्रकाशन गर्ने हाम्रो प्रचलन रहेको छ । विशेषगरी ठूला प्रकाशन समूहमा सम्पादकको कार्यव्यस्तता र समाचारको चापको कारणले गर्दा कुनै समाचारमा सामन्य भूल वा सानातिना त्रुटि हुने गरेको पाइन्छ । यस अर्थमा व्यावहारिक रुपमा पाठक वर्गलाई कुनै सूचना तथा समाचारमा चित्त नबुझे वा सो समाचारबाट कोही कसैलाई असर पुग्न गएको खण्डमा उक्त समाचार खण्डन गर्न पाउने र त्यस्तो खण्डन जायज छ भन्ने हामीलाई लागेकामा उक्र समाचारको खण्डन प्रकाशित गर्ने गरेका छौं, प्रस्तुत समाचारको कुनै व्यक्ति या उजुरीकर्ता संस्थाबाट समेत कुनै खण्डन नगरेको र गर्न नसकेको समेतका कारणबाट विपक्षीको उजुरी खारेज गरी पाऊँ भन्नेसमेत व्यहोरा प्रतिवादीहरूको मुख्य प्रतिउत्तर पत्र जिकिर ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको प्रश्तुत मुद्दा वादीका तर्फबाट विद्वान् अधिवक्ताहरू रवीन्द्र भट्टाराई तथा हरिबहादुर कार्की नाबालक बारेमा समाचार प्रकाशन गरेकोमा प्रतिवादी सावित छन् । बालबालिका सम्बन्धी ऐन, ०४९ को दफा ५२ बाल अधिकार सम्बन्धी महासंन्धिका धारा ४० तथा बालबालिका सम्बन्धी बेजिङ्ग नियमावलीसमेतले बालबालिकाको गोपनीयता कायम राख्नुपर्ने कुराको ग्यारेन्टी गरेकोले सोको बर्खिलाप समाचार प्रकाशन गरेको कार्य फौजदारी

कसुर दायर भएको स्थिति हुँदा फौजदारी कानुनको दायरामा आएको अवस्थामा दफा ४९ ले समेत समाचार प्रकाशन निषेध गरेको स्पष्ट छ । स्पष्ट बतनसमेत खुलाई प्रकाशन भएको समाचारले बालकको हकहितमा प्रतिकूल असर परेको देखिँदा दाबी बमोजिमको सजाय प्रतिवादीहरूलाई होस् भनी बहस गर्नुभयो । त्यस्तै प्रतिवादीहरूको तर्फबाट विद्वान् अधिवक्ता रामकृष्ण निरौला समाजमा घटेको घटनाको यथार्थता समाचारको रूपबाट प्रकाशन गर्नु पत्रिकाको दायिरामा पर्ने होइन । बालबालिका सम्बन्धी ऐनको दफा ५२ को व्यस्था प्रहरी कर्मचारीको लागि हुँदा पत्रिकाको हकमा सो बन्देज लागू हुने होइन । प्रकाशित समाचारले बालकको पूर्ण विवरण खुलेको नदेखिँदा बालकको गोपनीयता भंग भएको भन्न मिल्दैन । बालकको तथ्यांकसम्मको प्रकाशनमा बन्देज लगाएको हो । दफा ४९ र ५२ को व्यवस्थालाई एकै वर्गमा राखी हेन मिल्दैन । बालकउपर चोरीको मुद्दा दायर भएअगावै समाचार प्रकाशन भएको स्थिति हुँदा दफा ४९ आकर्षित हुँदैन । छापाखाना तथा प्रकाशन सम्बन्धी ऐनको व्यवस्थाले प्रकाशित समाचारप्रति कार्यकारी निर्देशकलाई जिम्मेवार बनाउन मिल्दैन । त्यसमा पनि फौजदारी प्रकृतिको कसुरमा मनसाय तत्वको अहं हुँदा जानी समाचार प्रकाशन गरेको अवस्था नभएबाट कसुरमा कायम गर्न मिल्दैन । दाबीबाट सफाइ जानीजानी निर्णय होस् भनी बहस गर्नुभयो ।

दुवैतर्फबाट रहनुभएका विद्वान्हरूका उल्लेखित बहस जिकिरलाई दृष्टिमा राखी मिसिल प्रमाण तथा सम्बद्ध कानुनसमेतको समुचित अध्ययन गरी प्रतिवादीहरूबाट वादीहरूको विषयमा प्रकाशित भएको समाचारले बालबालिका सम्बन्धी ऐनले प्रधान गर्ने सुविधा पाउने वर्गमा रहेका निजहरूको गोपनीयता भंग गरी वादी दाबी बमोजिमको कसुर प्रतिवादीहरूले गरेको हो होइन, दाबी बमोजिमको सजाय प्रतिवादीहरूलाई हुने नहुने के हो सोको निर्णय दिनुपर्ने भई त्यसतर्फ विचार गर्दा ।

यसमा, नेपालमा बालबालिकाले कुनै कसुरजन्य काम गरेमा आपराधिक नमानी बाल बिज्याइँकर्ता मानिने र कुनै पनि कसुरको अभियोगमा थुनामा राखिएको वा बाल सुधारगृहमा राखिएका बालबालिकाको गोप्यता कायम राख्नुपर्ने कुरालाई बन्धनकारी बनाएको सन्दर्भमा महानगरीय प्रहरी प्रभाग हनुमानढोकाले धादिङ्ग खाल्टे ५ का केशु ढुंगानासहितका ३ जना बालकलाई नियन्त्रणमा लिई केही सार्वजनिक अपराध तथा सजाय ऐन अन्तर्गत थुनामा राखेकोमा, सो विषयमा निजहरूको नाम नखुल्ने गरी सूचना वा समाचार प्रकाशन गर्नु कानुन सम्मत नै रहेकोमा विपक्षी प्रबन्ध निर्देशक तथा सम्पादक रहेको कान्तिपुर पब्लिकेसनको मिति ०६६।५ र १६ वर्ष १७ अंक ९७ को पत्रिकाको पृष्ठ ४ मा "चोरी आरोपमा बालक पक्राउ" भन्ने शीर्षक राखी समाचार प्रकाशन गरी बिक्री वितरणसमेत गरेको जसबाट बालबालिका सम्बन्धी ऐन, ०४८ ले बालबालिकालाई प्रत्याभूत गरेको गोपनीयता सम्बन्धी प्रावधानको उल्लंघन भएकोले सो ऐनको दफा ५२ को कसुरमा ऐ दफा ५३ बमोजिम सजाय गरी पाऊँ भनी बालक वर्ष १४ को केशु ढुंगाना, वर्ष १५ को सुरेश वि.क तथा वर्ष १५ कै गुड्डु शाहको तर्फबाट न्याय तथा अधिकार वकालत मञ्च (अजर) का सचिव अधिवक्ता कृष्णप्रसाद शर्माले प्रस्तुत मुद्दा दायर गरेको पाइयो । लोकतान्त्रिक मूल्य मान्यता अनुसार राज्यको चौथो अंगको रूपमा जिम्मेवारी प्राप्त गरेको प्रेस तथा सञ्चार जगत्लाई मर्यादित बनाउन नेपाली सञ्चारकर्मीले निष्पक्ष विचारको सम्प्रेषण गर्ने गरेको प्रेस तथा निस्वार्थ रूपमा जनतासमक्ष सूचना पुऱ्याउनको लागि प्रेस स्वतन्त्रताको भूमिका महत्वपूर्ण रहने हुनाले लामो समयदेखि नेपाली सञ्चार माध्यमले त्यसतर्फ पहलकदमी गर्दै आएको छ । वादीले दाबी गरेको समाचारको विषयमा चोरी आरोपमा १८ वर्ष युवासँगै बालक पनि पक्राउ परेकोले सो सम्बन्धमा समाचार प्रकाशन भएको हो । विकासको चरणमा रहेको नेपाली सञ्चार माध्यमको पनि आफ्नै कमी कमजोरी हुने कानुनद्वारा वर्जित प्रस्तुत समाचार यदाकदा प्रकाशित हुने गरेको तथापि यसमा गलत मनसाय नभई पुनः यस किसिमका घटना

नदोहोरिउन् भनी असल मनसायले प्रकाशित भएको हुँदा वादी खारेज होस् भन्ने प्रतिवादीको जिकिर रहेको पाइयो ।

बाल इजलासमा रहनुभएका समाजसेवी शंकरवीरसिंह बस्नेतको बालबालिका विषयमा प्रकाशित समाचारले बालकको परिवारमा नकारात्मक असर पर्नुको साथै बालकलाई समेत समाजमा पुनः समायोजन गर्ने कार्यमा बाधा त्यसबाट फेरि गैरकानुनी कार्यमा फर्किने सम्भावना रहने हुँदा त्यस्ता समाचार कानुनी तथा सामाजिक दुवै दृष्टिबाट अनुपयुक्त रहेको भनी तथा बाल विशेषज्ञ नारायणप्रसाद शर्माको बालकको नाम, थर, ठेगानासहित उल्लेख गरी प्रकाशित समाचारले निजहरूको विषयमा समाजले थाहा पाई निजहरूप्रतिको व्यवहारमा परिवर्तन आउने सोको परिणाम स्वरूप अझ ठूलो अपराध गर्नेतर्फको मानसिकता बालकको बढ्दै जाने बालकको विषयमा सूचना प्रकाशन गर्ने पत्रिकालाई प्रोत्साहन गर्नु हुँदैन भन्ने राय रहेको पाइयो ।

उल्लेखित तथ्य समावेश भएको प्रस्तुत मुद्दामा वादी दाबी बमोजिम प्रकाशित समाचारले बालबालिकाको गोपनीयता सम्बन्धी हकमा आघात पुगेको छ छैन । बालबालिकाको विषयमा समाचार प्रकाशन गर्दा बालकको हितको लागि बनेका ऐन कानुनले तोकेको सीमाभित्र रहनुपर्ने हो होइन । बालबालिकाको विषयमा नाम, थर, वतनसमेत खुलाई समाचार प्रकाशन भएको कार्य कानुनले दण्डनीय छ छैन त्यसतर्फ हेर्दा फिरादपत्रसाथ पेस भएको कान्तिपुर दैनिकको मिति ०६६।५।१६ को प्रकाशन हेर्दा सोको पृष्ठ ४ मा “चोरी आरोपमा बालक पक्राउ” भन्ने शीर्षक राखी सुन चोरी र बिक्री कार्यमा संलग्न ५ जनालाई प्रहरीले पक्राउ गरेको भन्दै धादिङ्ग खाल्टे ५ का १४ वर्षीय केशु ढुंगाना, चितवनको १५ वर्षीय सुरेश वि.क तथा भारत घोडासैनमा १५ वर्षीय गुड्डु शाह रहेको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । उल्लेखित व्यक्तिलाई समेत प्रतिवादी बनाई स.फौ.नं. १४२३ को चोरी मुद्दा दायर भई कारबाहीमा रहेको देखिँदा बालबालिका सम्बन्धी ऐन, ०४८ का दफा ११(२) र ११(३) को सुविधा माग भएको अवस्थामा निजहरू बालबालिका सम्बन्धी ऐन बमोजिम सुविधा प्राप्त बालक भएकोमा विवाद भएन । नेपालले समेत अनुमोदन गरेको बाल अधिकार सम्बन्धी महासन्धि १९८९ को धारा ४० को उपधारा २ को खण्ड (ख) को दहाय (७) मा To have his or her privacy fully respected at all stage of the proceeding भन्ने उल्लेख भएको तथा सन् १९८५ मा संयुक्त राष्ट्रसंघ साधारणसभाले स्वीकार गरेको बाल न्याय सम्बन्धी “The Bejing Rules" को section ८(१) मा The Juveniles right to privacy shall be respected at all stage inorder to avoid harm being caused to her or him due publicity of by the process of labelling, र ८(२) मा In principle, no information that may led to the Indentification of a Juvenile offender shall be published भन्दै बालबालिकाको गोप्यता भंग हुने गरी समाचार प्रकाशन वा तथ्य सार्वजनिक गर्न नहुने कुरालाई नियमित गरेको पाइन्छ भने बालबालिको हकहितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने उद्देश्यले बनाइएको बालबालिका सम्बन्धी ऐन, ०४८ को दफा ५२ ले फौजदारी कानुनको सम्पर्कमा आएका बालकको नाम, थर, वतनसमेत नखुलाई उमेर तथा लिङ्गको आधारसम्म मात्र प्रकाशन गर्न पाइने व्यवस्था गरेको देखिन्छ । कुनै पनि बालबालिका भोलिको मुलुक सञ्चालन गर्ने शक्ति रहने तथा निजको शारीरिक, मानसिक तथा बौद्धिक विकास गरी योग्य नागरिक बनाउनु हरेक राज्यको कर्तव्य हो । बालबालिकाको कलिलो मस्तिष्कको उपज स्वरूप कहिलेकाहीँ जान अञ्जानमा गल्ती गरी फौजदारी कसुरको दायरामा परेको अवस्था त्यस्ता बालकको विषयमा यथार्थता सार्वजनिक भएको खण्डमा समाजले त्यस्ता बालकलाई हेर्ने दृष्टिकोण नकारात्मक रही बालकलाई समेत समाजमा स्थापित हुन कठिनाइ पर्न जाने र अत्यन्त सुयोग्य नागरिक बनाउने राज्यको चाहनामा समेत आघात पुग्ने हुँदा त्यस्ता बालकको विषयमा

तथ्यांक सार्वजनिक नगरी गोप्य राख्नुपर्ने कानुनको मनसाय गा.वि.स. वडा नं. समेत उल्लेख गरी वास्तविक नामबाट समाचार प्रकाशन गरेकोबाट तत्तत् ठाउँका ती बालकको बारेमा जो कसैले चोरी अपराधमा पक्राउ परी प्रहरी नियन्त्रणमा रहेको भनी सजिलै बुझ्न सक्नेमा द्विविधा रहेको नपाइँदा प्रकाशित समाचारको विषयमा लिइएको प्रतिवादीको तथा विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन ।

प्रतिउत्तर पत्रमा व्यक्तिको सूचना पाउने अधिकारलाई संविधानले सुनिश्चित गरेको तथा सोको लागि स्वतन्त्रताको भूमिका महत्वपूर्ण हुने भनी संवैधानिक हक अन्तर्गत नै समाचार प्रकाशित गरेको जिकिर लिएको पाइन्छ । नेपालको अन्तरिम संविधानले धारा १५ मा प्रकाशन प्रसारण तथा छापाखाना सम्बन्धी हक अन्तर्गत विद्युतीय प्रकाशन प्रसारण, तथा छापाखाना लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार सम्पादकीय लेख रचना वा अन्य श्रव्य सामग्रीको प्रकाशन गर्न वा छाप्न पूर्ण प्रतिबन्ध नलगाइने भनी सवैधानिक हक प्रदान गरेको पाइन्छ । तथापि विभिन्न अवस्थामा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन भनी प्रतिबन्धात्मक व्यवस्था गरेकोबाट प्रकाशन तथा प्रसारण हक निरपेक्ष रहेको भनी मान्न मिल्ने अवस्था नभई निश्चित अवस्थामा त्यो बन्देजयुक्त रहेको सम्झनुपर्ने हुन्छ । त्यसमा पनि कुनै पनि व्यक्तिको जीउ आवास, सम्पत्ति, लिखत तथ्याक पत्राचार चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भनी धारा २८ ले प्रत्याभूत गरेको गोपनीयताको हकलाई यहाँ बिर्सन मिल्ने हुँदैन । यसबाट कुनै पनि व्यक्तिको गोपनीयतालाई सम्मान गर्नुपर्ने अवस्थामा राज्यले विशेष संरक्षण तथा सुविधा दिन पर्ने वर्गमा रहेका बालबालिकाको गोपनीयताको विषयलाई बाल अधिकार सम्बन्धी महासन्धि तथा सो सम्बन्धी अधिनियमहरूले विशेष महत्व दिएको तथा तिनै दस्तावेजलाई आधार मानी बनेको बालबालिका सम्बन्धी ऐन, ०४८ ले फौजदारी कानुनको दायरामा रहेका बालबालिकाको गोपनीयता भंग हुने गरी तथ्यांक प्रकाशन प्रसारण गर्न बन्देज गरेको अवस्थामा ती कानुनी प्रावधानको उल्लंघन हुने गरी प्रकाशन भएको समाचार छापाखाना तथा प्रकाशन सम्बन्धी संवैधानिक हक अन्तर्गत रहेको भनी त्यसको वैधानिकता स्वीकार्न सकिने अवस्था नभई छापखाना तथा प्रकाशन सम्बन्धी संवैधानिक स्वतन्त्रताको हकलाई उपयोग गर्ने सन्दर्भमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी सम्बद्ध कानुनी व्यवस्थालाई नजरअन्दाज गर्न सकिँदैन ।

बालकको विषयमा कुनै पूर्वाग्रह राखी समाचार प्रकाशन गरेको नभई असल नियतले आइन्दा यस्ता घटना नदोहोरिउन् भनी सदाशयताले छापिएको भनी प्रतिवादीले प्रतिउत्तरका लिएको जिकिरको सन्दर्भमा हेर्दा माथि विवेचना भए बमोजिम बालबालिकाको विषयमा निजहरूको परिचय खुल्ने गरी सार्वजनिक जानकारी हुने किसिमले प्रकाशन गर्न ऐनले प्रतिबन्ध लगाएकोका विवाद भएन समाचार प्रकाशन गरेको कुरालाई प्रतिवादीले समेत स्वीकार गरेको स्थिति छ । तथापि कुनै पनि कसुरजन्य कार्य जानीजानी पूर्वाग्रह राखी वा सदाशयतापूर्वक गरेको अवस्थामा सोको प्रकृतिगत हिसाबले सजाय तोक्ने क्रममा विचार गर्न सकिने हुन्छ । अञ्जानबस गरेको भन्ने आधारले मात्र कानुनले दण्डनीय मानेको कार्य गरेको अवस्थामा स्पष्ट रूपले कानुनले नै छुट दिएको खण्डमा बाहेक उन्मुक्ति पाउने हुँदैन । तसर्थ बालबालिका सम्बन्धी ऐनले संरक्षण प्रदान गरी गोपनीयता कायम राख्नुपर्ने वर्गमा रहेका बालक वादीहरूको विषयमा समाचार प्रकाशन गरी बालबालिका सम्बन्धी ऐन, ०४९ को दफा ५२ बर्खिलाप कसुर प्रतिवादीहरूले गरेको ठहर्छ ।

सजायको हकमा उल्लेखित दफा ५२ समेतको विपरीत गरी बालक सम्बन्धी तथ्याकको गोप्यता भंग गरेका प्रयोगमा ल्याएमा वा. प्रकाशित गरेमा तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सकिने ऐनको दफा ५३(९) को व्यवस्था हो । कसुर हुँदाको अवस्था, परिस्थिति, कसुर गर्ने मनसाय

रहे नरहेको वा भएको काम प्रतिउत्तर याचना गरेको सोसमेतलाई दृष्टिमा राखी सजाय तोक्ने सकिने हुन्छ । सो प्रयोजनको लागि सजायमा तलमाथिको सीमासमेत निर्धारण गरी सो सीमाभित्र रही सजाय गर्ने गरी स्वविवेक प्रयोग गर्न निर्णयकर्तालाई अधिकार दिएको अवस्थालाई विचार गरी प्रस्तुत सन्दर्भमा प्रतिउत्तर पत्रमा बालबालिकाप्रति कुनै पूर्वाग्रह नराखी असल नियतले समाचार प्रकाशन हुन गएको भनी अप्रत्यक्ष रूपमा प्रकाशित समाचारप्रति क्षमायाचनासमेत गरेको अवस्थालाई विचार गरी कम सजाय गर्दासमेत कानुनको उद्देश्य पूरा हुने हुँदा बालबालिका सम्बन्धी ऐन, ०४९ को दफा ५३ को उपदफा (९) बमोजिम जनही रु. २५।- (पच्चीस) जरिवाना प्रतिवादीलाई हुने ठहर्छ । कान्तिपुर पब्लिकेसनको प्रबन्ध निर्देशक प्रतिवादी कैलाश सिरोहिया तथा प्रतिवादी सुधीर शर्मा सम्पादक भएको देखिँदा निजहरूको नियन्त्रण निर्देशनमा रही प्रकाशित पत्रिकामा छापिएको समाचारले सिर्जना गरेको फौजदारी दायित्वबाट निजहरूले उन्मुक्ति पाउने अवस्था भएन । बालबालिकाको विषयमा कुनै पनि समाचार प्रकाशन गर्दा बालबालिकाको गोपनीयतालाई महत्व दिई सम्बद्ध कानुनले तोकेको सीमाभित्र रही समाचार प्रकाशनको लागि राष्ट्रव्यापी सञ्जाल भएको कान्तिपुर पब्लिकेसन प्रा.लि.बाट अपेक्षा गरिएको छ । सो प्रयोजनको लागि फैसलाको प्रतिलिपिसहितको जानकारी यथाशक्य छिटो प्रतिवादीहरूले पाउने गरी पठाइदिनु । अरूमा तपसिल बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीलाई जनही रु. २५।- (पच्चीस) जरिवाना हुने ठहरेकाले प्रतिवादी कैलाश सिरोहिया तथा प्रतिवादी सुधीर शर्माबाट उक्त जरिवाना असुल उपर गर्नु भनी तहसिल शाखामा लगत दिनु......................................................................................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुरावेदन गर्नु भनी प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनु ......................................................................................................२

सरोकारवाला वादी प्रतिवादीहरूले फैसलाको प्रतिलिपि माग गरे बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १९ बमोजिम निःशुल्क रूपमा दिनु.......................................................................................३

प्रस्तुत मुद्दाको डायरीबाट लगत कट्टा गरी अभिलेख शाखामा बुझाइदिनु......................................................४

मा.जि.न्या. ज्यूले बोली टिपाए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने डिट्ठा पुष्पराज बुढाथोकी
फाट :- भेषराज कोइराला

...........................
लेखनाथ घिमिरे
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल चैत १३ गते रोज ६ शुभम् ..............................................

**श्री पर्वत जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री रमेश कुमार खत्री**
**फैसला**
**सम्वत २०६५ सालको स.दे.नं. ०००१ नि. नं.६६**
*मुद्दा : क्षतिपूर्ति ।*

**वादीको नाम थर वतन**

चितवन जिल्ला भरतपूर न. पा. वडा नं. १० घर भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा वडा नं. ९ गौशाला काठमाण्डौं वस्ने मेघनाथ शर्मा............................................१

**वादीका साक्षी**

झलक सापकोटा......................................१
ज्ञान बहादुर कोइराला..............................१
गुणाखर खरेल.........................................१

**वादीका कागज**

नजरबन्द आदेशको फोटोकपी........................१
बन्दी प्रत्यक्षीकरणको रीट निवेदनमा विभिन्न मितिमा स.अ. बाट थुनामुक्त गरि दिनु भन्ने आदेशको फोटोकपी.....................................१
विभिन्न मितिमा विभिन्न क्लीनिकका रिपोर्टका प्रतिलिपीहरु..............................................१
स्वास्थ्य परिक्षण रिपोर्टका फोटोकपी................१
उद्योग तथा फर्महरुको प्रमाणपत्रको फोटोकपी....१

**प्रतिवादीको नाम थर वतन**

तत्कालिन श्री ५ को सरकारको हाल नेपाल सरकार मन्त्रिपरिषद सचिवालय सिंह दरवार काठमाण्डौं...................................१
तत्कालिन श्री ५ को सरकार गृह मन्त्रालयका हाल नेपाल सरकार गृह मन्त्रालय काठमाण्ठौं ....................................१
जिल्ला प्रशासन कार्यालय पर्वत कुश्मा..............................१
जिल्ला प्रहरी कार्यालय पर्वत कुश्मा.................................१

**प्रतिवादीका साक्षी**

X

**प्रतिवादीका कागज**

प्र. नि. मोहन प्रसाद अर्याका् प्रतिवेदन...............................१
जिल्ला प्रहरी कार्यालय पर्वतको मिति २०६०।१।१२ को पत्र.१
मिति २०६०।१।१२ को जिल्ला सुरक्षा समितिको निर्णय.......१
जिल्ला प्रशासन कार्यालयबाट भएको मिति २०६०।१।१२ को नजरबन्द आदेश प्रतिलिपी.........................................१
सहितको अन्य कागजातहरु........................................१

**आदलतवाट वुझेका साक्षी**

गुणाखर खरेल.............................१
डा. हरिहर वस्ती.........................१

**आदलतवाट वुझेका कागज**

मिति २०६०।९।१० को घा जाँच रिर्पोटको सक्कल..१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई दर्ता एवं दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

यसमा म विगत १० वर्षदेखि काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९ मा श्रीमती छोराछोरीसाथ बसी आएको हुँ म कानुन बमोजिम मान्यता प्राप्त ठेकेदार तथा उद्योग व्यापारी हुँ मसमेतको नामबाट समना काष्ठ तथा फर्निचर उद्योग म.न.पा. चितवन विजय इन्जिनियरिङ वर्क्स काठमाडौ १ समेतका चितवन र काठमाडौंमा उद्योग कम्पनी तथा फर्महरू कानुन बमोजिम दर्ता भई सञ्चालन गरी म पेसा व्यवसायमा सक्रिय रूपमा संलग्न रहनु बाहेक अन्य कुनै किसिमको अवाञ्छित क्रियाकलापमा मेरो संलग्नता नरहेको अवस्थामा जिल्ला प्रशासन कार्यालय कास्कीको मिति २०५९।८।१२ को नजरबन्दको आदेश तेस्रो पुर्जीको आधारमा कारागार शाखा कास्कीमा थुनामा रहेको बखत श्री सर्वोच्च अदालतबाट मिति २०५९।११।९ गते जारी बन्दी प्रत्यक्षीकरणको आदेशद्वारा गैरकानुनी थुनामुक्त गर्नुको बदला जिल्ला प्रशासन कार्यालय कास्कीसमेतको मिलोमतोमा मिति २०५९।११।१५ गते तनहुँ दमौली हुँदै जिल्ला प्रशासन कार्यालय स्याङ्जा ल्याई बदनियतपूर्वक चरम शारीरिक तथा मानसिक यातना दिँदै मिति २०५९।११।२२ को नजरबन्दको आदेशले हिरासतमा रहेकोमा मिति २०५९।१२।१८ को सर्वोच्च अदालतको थुनामुक्त गरिदिनु भन्ने आदेशानुसार मलाई थुनामुक्त गरेको कागज गराई अदालत परिसरभित्र तैनाथ गरिएका पुलिस जवानहरूले मिति २०५९।१२।१९ मा गैरकानुनी गिरफ्तार गरी पर्वत पुऱ्याई जिल्ला प्रशासन कार्यालय पर्वतको आदेशानुसार गैरकानुनी थुनामा रहेकोमा सर्वोच्च अदालतको मिति २०६०।२।२० को आदेशद्वारा मिति २०६०।२।२९ गते मात्र गैरकानुनी थुनाबाट मुक्त भएकोले सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा १२(क)(१) तथा यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ५(१) बमोजिम थुनामुक्त भएको ३५ दिनभित्र यो निवेदन गरेको हुँ । विपक्षीहरूले मिति २०५८।११।१५ देखि २०५९।१२।१९ सम्म चरम क्रूर यातना दिई थुनामा राखी नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्याभूत गरेका नागरिकका मौलिक हक तथा कानुनी राज्य र संवैधानिक सर्वोच्चताको तथा आधारभूत मौलिक अधिकारहरूको हनन गरी विपक्षीहरूको मिलोमतोमा चिसो अँध्यारो हावासमेत पास नहुने दिसा पिसाबले भरिएको कोठामा राख्ने आँखामा पट्टी बाँध्ने करेन्ट लगाउने, पानीमा डुबाउने, पैतालामा पिनले रोप्ने, सिस्नु पानीले हान्ने परिवारलाई मरे बाँचेको जानकारी नदिने लगायतका यहाँ उल्लेख गर्न नमिल्ने नसकिनेसमेतका चरम यातना दिइएका कार्य नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) १४ वा पुर्पक्षको सिलसिलामा वा कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनुपर्छ सो शब्दले निजसँग गरिएको निर्मम अमानवीय वा अपमानजनक व्यवहारसमेत जनाउ भन्ने उल्लेख भएको र ऐ ऐनको दफा ३(१) ले कुनै किसिमबाट यातना दिई पूर्ण निषेध गरेको हुँदा २०६०।१।३ गतेदेखि मिति २०६०।१।११ सम्म जिल्ला प्रशासन कार्यालय पर्वतको हिरासतमा र त्यहाँ पछि मिति २०६०।२।१९ गतेसम्म कारागार शाखा पर्वतमा चरम मानसिक ता शारीरिक यातना दिई गैरसंवैधानिक गैरकानुनी बदनियत पूर्ण थुना हुनुको साथै विपक्षीहरूको उक्त कार्यबाट मेरो ठेक्कापट्टा घर व्यवहार शारीरिक मानसिक यातना बदनियतपूर्ण थुना लगायतको कारण रु.१८८५०००। बराबर क्षति हुन गएकोले उक्त क्षतिपूर्ति बापत सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा १२(क) (२) तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ७ बमोजिम विपक्षीहरूबाट दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको निवेदन पत्र ।

यसमा प्र.नि.मोहनप्रसाद अर्यालको प्रतिवेदन तथा जिल्ला सुरक्षा समिति पर्वतको मिति २०६०।१।१२ गतेको निर्णयवाट निजले यस जिल्लाको लुखुं देउराली र पाखापानी गा.वि.स समेतका विभिन्न वडाहरू तथा स्थानहरूमा गई स्थानीय जनताहरूलाई राज्य सत्ताविरुद्धमा भड्काउने आपराधिक क्रियाकलापलाई बढावा दिने विभिन्न जातजातिबीच साम्प्रदायिकताको भावनाको विकास गराई अशान्ति मच्चाउनेसमेत गरेको देखिँदा निजलाई त्यसै छाडा छाड्दा समाजमा अपूरणीय घटना घट्न सक्ने तथा शान्ति सुरक्षामा खलल् पर्न सक्ने हँदा

निजलाईं सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत कारागार शाखा पर्वतमा नजरवन्दमा राखिएको हो निजलाई कुनै दु:ख हैरानी यातना दिने कार्य भए गरेको नहुँदा क्षतिपूति दिनुपर्ने होइन भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय पर्वतको प्रतिउत्तर पत्र ।

यस जिल्लाको लुखुं देउराली पाखापानी गा.वि.स केही दिनदेखि व्यक्तिहरू आई सार्वजनिक शान्ति सुरक्षामा खलल पार्ने विभिन्न क्रियाकलाप गरिरहेका छन भन्ने गोप्य रूपमा जानकारी प्राप्त हुन आएपश्चात् यस कार्यालयबाट प्र.नि. मोहनप्रसाद अर्यालको कमान्डमा एक टोली जाँदा लुखुं देउराली गा.वि.स. वडा नं. ९ मा शंकास्पद व्यक्ति फेला परेको निजसँग सोधपुछ गर्दा चितवन जिल्ला भरतपुर नगरपलिका वडा नं. १० घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९ बस्ने मेघनाथ शर्मा भएको निजका सम्बन्धमा गोप्य रूपमा बुझ्दा यस लुखु देउराली र पाखापानी गा.वि.स. वडा तथा स्थानमा गई स्थानीय जनतालाई राज्य सत्ताविरुद्धमा भड्काउने आपराधिक क्रियाकलापलाई बढावा दिने विभिन्न जातजातिबीच साम्प्रदायिकताको विकास गराई अशान्ति मच्चाउन प्रयास गर्नेजस्ता कार्य गरेकोले निजलाई शान्ति सुरक्षा ऐन, २०४६ अन्तर्गत कारबाहीको लागि प्र.नि. मोहनप्रसाद अर्यालको प्रतिवेदनसहित यस कार्यालयको प.सं. २०५९।६० च.नं. १६९१ मिति २०६०।१।१२ को पत्रसाथ आवश्यक कारबाहीको लागि जिल्ला प्रशासन कार्यालयमा पठाएको हो निजलाई यस कार्यालयबाट कुनै किसिमको शारीरिक तथा मानसिक यातना हैरानी पिट्ने दु:ख दिनेजस्ता अमानवीय कार्य गरेको नभै कुनै गैरकानूनी कार्य नभएको र निजलाई क्षतिपूर्ति दिनुपर्ने अवस्था नरहेको हुँदा झुट्टा निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको जिल्ला प्रहरी कार्यालय पर्वतको प्रतिउत्तर पत्र ।

विपक्षीले आफूलाई शारीरिक तथा मानसिक यातना दिई निर्मम अमानवीय अपमानजनक व्यवहार गरी थुनामा राखेकाले ठूलो क्षति पुग्न गएको हुँदा क्षतिपूर्ति दिलाई पाऊँ भन्ने दाबी लिनुभएको रहेछ, यस कार्यालयको के कस्तो काम कारबाहीबाट निजको के कस्तो हक अधिकार हनन् भएको हो सो कुराका स्पष्ट जिकिर नलिई बिनाआधार र कारण यस कार्यालयसमेतलाई प्रतिवादी बनाइदिएको फिराद दाबी खारेज गरी पाउँ, भन्ने व्यहोराको तत्कालीन श्री ५ को सरकारको हाल नेपाल सरकार मन्त्रिपषिद् सचिवालयको प्रतिउत्तर पत्र ।

यस मन्त्रालयबाट निज निवेदकलाई मर्का पर्ने कुनै काम भएको छैन, निजको हक अधिकार हनन हुने कार्य यस मन्त्रालबाट नभएको साथै यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ६ ले परिकल्पना गरेको क्षति वास्तविक क्षति हो विपक्षीले भनेजस्तो काल्पनिक क्षतिपूर्ति दिने भन्न खोजिएको होइन तसर्थ प्रस्तुत मुद्दा खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको तत्कालीन श्री ५ को सरकारको हाल नेपाल सरकार गृह मन्त्रालयको प्रतिउत्तर पत्र ।

वादीको अनुपस्थितिले गर्दा उहाका सम्पूर्ण उद्योग व्यवसाय र ठेक्कापट्टासमेत बन्द रहे, कतिपय ठेक्का तोडिए पारिवारिक लालनपालन र रेखदेखसमेत उहाँले गर्न पाउनु भएन, उद्योग व्यवसाय पारिवारिक रेखदेख गर्ने मानिस थुनामा पर्दा मानसिक, शारीरिक तथा आर्थिक नोक्सानी भएकोले दाबी बमोजिमको क्षतिपूर्ति वादीले भराई पाउनुपर्दछ भन्नेसमेत व्यहोराको वादीका साक्षी गुणाखर खरेलले गरेको बकमत्र मिसिल संलग्न रहेछ ।

यस वारदातभन्दा अघिल्लो वारदातका सम्बन्धमा स्याङ्जा जिल्ला अदालतमा परेको मुद्दा र यस अदालतमा परेको प्रस्तुत मुद्दाको अन्तरसम्बन्धमा रहे भएको देखिँदा उक्त स्याङ्जा जिल्ला अदालतमा परेको मुद्दाको किनारा नभएसम्म यस अदालतमा परेको प्रस्तुत मुद्दाको कारबाही किनारा गर्न नमिल्ने हुँदा वादी यिनै मेघनाथ विपक्षी जिल्ला प्रशासन कार्यालय स्याङ्जासमेत भएको क्षतिपूर्ति मुद्दा किनारा भै फैसलासहितको जानकारी प्राप्त भएपछि जगाई कारबाही गर्ने गरी मिति २०६३।२।१६ मा मुल्तबी रहेकोमा स्याङ्जा जिल्ला

अदालतमा रहको मुद्दा डिसमिस फैसला भएको भनी च.नं. ८८ मिति २०६५।४।२९ को पत्र साथ जानकारी आएकोले यस अदालतको मिति २०६५।५।१३ को आदेशानुसार मुल्तवीबाट जगाई कारबाही युक्त अवस्थामा रहेको रहेछ ।

निजको शारीरिक जाँच गरी मैले प्रतिवेदन दिएको हुँ, कुनै पनि घाउ चोट पुराना भएपछि वा निको भई खाटा बसेपछि तिनको समय ठ्याक्कै भन्न नसकिए तापनि त्यस्ता खतहरू धेरै पुराना हुन वा भर्खरैका हुन भनी भन्न सकिन्छ । प्रस्तुत केशमा निजको शरीरमा परेका घा चोटका खतहरूको प्रकृति हेर्दा Blunt force impact अर्थात् धार नभएको कुनै पनि वस्तुहरू जस्तै मुड्की, लात्ती, लाठी पाइप आदिबाट छाला कोतारिन गई पछि निको भएका खतहरू हुन्, निजमा पैतलामा समेत त्यस्तै Blunt force परेका लक्षणहरू मैले जाँच गर्दाको बखत पाएको थिएँ जुन कुरा प्रतिवेदनमा दिएको छ भन्नेसमेत व्यहोराको निवेदक वादी मेघनाथ शर्माको शारीरिक जाँच गरी प्रतिवेदन दिने डा. हरिहर वस्तीले बन्द सवाल मार्फत गरिदिएको बकपत्र मिसिल संलग्न रहेछ ।

**अदालतको ठहर**

नियमानुसार दैनिका पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गणेशबहादुर कुँवरले वादीलाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत थुनामा राखेको कुरा प्रतिवादीहरूले स्वीकार गरेकै छन् । थुनामा राखेको अवस्था निजलाई यातना दिएको कुरा चिकित्सकले शारीरिक परीक्षण गरी दिएको प्रतिवेदनबाट पुष्टि भएकै छ । वादीले बढी दाबी लिएको भन्ने सम्बन्धमा वादीले आफ्नो सबै कुरा उल्लेख गरी अदालतसमक्ष याचना गर्न पाउने नै हुन्छ । मुख्य कुरा यातना दिन नहुनेमा वादीलाई यातना दिएको स्पष्ट हुँदा यातना तथा क्षतिपूर्ति ऐन, २०५३ अनुसार वादीलाई क्षतिपूर्ति पाएँ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादीहरूतर्फबाट प्रतिरक्षार्थ उपस्थित विद्वान् जि.न्य.व. श्री सुरेन्द्रराज काफ्लेले वादीलाई अधिकार प्राप्त अधिकारीबाट कानुन बमोजिम थुनामा राखिएको अवस्था हुँदा वादीलाई बदनियतपूर्वक थुनामा राखिएको भन्न मिल्दैन । बदनियत पदाधिकारीबाट हुन सक्छ । कुनै पदाधिकारीलाई प्रतिवादी बनाइएको छैन । थुनामा रहँदा यातना दिएको भन्ने सम्बन्धमा साक्षी प्रमाणबाट त्यस्तो अवस्था प्रमाणित भएको छैन । वादीलाई स्याङ्जा, कास्की लगायतका जिल्लामा थुनामा राखिएको भन्ने छ । वादीको शारीरिक जाँच प्रतिवेदनबाट यति नै अगाडि निजलाई यातना दिएको भन्ने यकिन गर्न सकेको अवस्था नहुँदा अनुमानको आधारमा यसै जिल्लामा थुनामा रहँदा यातना दिएको सम्झन मिल्दैन । तसर्थ वादी दाबी खारेज गरी पाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

मिसिल अध्ययन गरी हेर्दा वादीले फिरादपत्रमा निमार्ण व्यवसाय लगायत अन्य बन्द व्यापार गरी आएकोमा सो पेसा व्यापारबाहेक कुनै अवाञ्छित क्रियाकलापमा मेरो संलग्नता छैन । मलाई अवाञ्छित क्रियाकलापमा संलग्न रहेको भनी जिल्ला प्रशासन कार्यालय कास्कीको आदेशले नजरबन्दमा राखेकोमा मेरोतर्फबाट बन्दी प्रत्यक्षीकरण निवेदन परी श्री सर्वोच्च अदालतको आदेशद्वारा छुटेकोमा मलाई छाडेको देखाई जि.प्रशासन कार्यालय स्याङ्जामा पुनः नजरबन्दमा रखेको, त्यहाँ रहँदा पनि श्री सर्वोच्च अदालतको आदेशानुसार छुट्नुपर्नेमा मलाई नछाडी मिति २०६०।१।३ देखि ऐ. ११ गतेसम्म जिल्ला प्रहरी कार्यालय पर्वतको हिरासतमा र त्यसपछि २०६०।२।२९ गतेसम्म कारागारमा गैरकानुनी रूपमा थुनामा राखेकोमा श्री सर्वोच्च अदालतको आदेशद्वारा मलाई छाडिएको थुनामा राख्दा चिसो अँध्यारो हावासमेत पास नहुने, दिसा पिसाबले भरिएको कोठामा राख्ने आँखामा पट्टी बाँध्ने करेन्ट लगाउने, पानीमा डुबाउने, पैतालामा पिनले रोप्ने, सिस्नु पानीले हान्न, बिजुलीमा

पिसाब फेर्न लगाउने आदि किसिमका चरम यातना दिइएको हुँदा नेपालसमेत पक्ष रहेको विभिन्न महासन्धि र यातना क्षतिपूर्ति ऐन, २०५३ ले यातनालाई निषेध गरेकोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनी व्यवस्था प्रतिकूल यातना दिएको एवं बदनियतपूर्ण तवरले थुनामा खाखेको हुँदा सार्वजनिक सुरक्षा ऐन, २०४६ र यातना तथा क्षतिपूर्ति ऐन, २०५३ बमोजिम विभिन्न शीर्षकमा रु. १८८५०००। क्षतिपूर्ति दिलाई पाऊँ भन्नेसमेत दाबी लिएको पाइन्छ भने विपक्षी बनाइएका प्रतिवादीमध्ये जिल्ला प्रशासन कार्यालय पर्वतले वादी विभिन्न अवाञ्छित क्रियाकलापमा संलग्न रहेकोले निजलाई त्यसै छाड्दा शान्ति सुरक्षामा खलल पर्न सक्ने हुँदा सार्वजनिक सुरक्षा ऐन, २०४६ ले दिएको अधिकार प्रयोग गरी नजरबन्दमा राखिएको हो । निजलाई थुनामा राख्दा कुनै किसिमको यातना तथा हैरानी दिएको छैन । तसर्थ वादीले क्षतिपूर्त पाउने होइन भन्नेसमेत जिकिर लिई वादी दाबीको प्रतिवाद गरेको पाइन्छ । त्यस्तै विपक्षी बनाइएका जिल्ला प्रहरी कार्यालय पर्वतको तर्फबाट वादी विभिन्न अवाञ्छित क्रियाकलापमा संलग्न रहेको शान्ति सुरक्षा कायम गर्नका लागि निजलाई आवश्यक कारबाही गरी पाऊँ भनी मिति २०६०।१।११ को प्रतिवेदनसहित प्र.नि. मोहनप्रसाद अर्यालले वादीलाई दाखिला गरेकाले सोही अनुसार कारबाही हुन वादीलाई जिल्ला प्रशासन कार्यालय पर्वतमा पेस गरिएको सम्म हो । वादीलाई बदनियतपूर्वक थुनामा नराखिएको र कुनै किसिमको यातना दिएको नहुँदा दाबी अनुसार क्षतिपूर्ति दिन पर्ने होइन भन्नेसमेत जिकिर लिई प्रतिवाद गरेको पाइन्छ भने नेपाल सरकार मन्त्रिपरिषद्तर्फबाट यस कार्यालयको के कस्तो कार्यबाट वादीको हक अधिकार हनन भएको हो आधार र कारण उल्लेख गरी प्रतिवादी बनाइएको अवस्था नहुँदा वादी दाबी खारेज भागी छ भन्ने व्यहोरा उल्लेख गरी प्रतिवाद गरेको पाइन्छ । विपक्षी नेपाल सरकार गृह मन्त्रालयतर्फबाट भने यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ६ ले परिकल्पना गरेको क्षति वास्तविक क्षति हो वादीले भनेजस्तो काल्पनिक क्षतिपूर्ति दिने भन्न खोजेको होइन भन्ने जिकिर लिई वादी दाबीको प्रतिवाद गरेको देखिन्छ ।

प्रस्तुत मुद्दामा विद्वान् कानुन व्यवसायीहरूको बहस सुनी वादी दाबी र प्रतिउत्तर जिकिर लगायतका सबुद प्रमाण अध्ययन गरी वादी दाबीको समग्रमा विश्लेषण गर्दा वादीले बदनियतपूर्वक थुनामा राखेबापत सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम पाउनुपर्ने क्षतिपूर्ति र थुनामा राख्दा शारीरिक एवं मानसिक यातना दिएको हुँदा सो बापत यातना सम्बन्धी क्षतिपूर्ति ऐनअनुसार पाउनुपर्ने क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्नेसमेत दाबी लिएको देखिँदा वादी दाबीका उपरोक्त विषयमा केन्द्रित रही न्याय निरोपण गर्नुपर्ने देखिन आएको छ ।

वादी मेघनाथ शर्मालाई सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ३.१ बमोजिम नजरबन्द गर्न जिल्ला प्रशासन कार्यालय पर्वतबाट मिति २०६०।१।१२ मा आदेश जारी भएको र तदनुसार वादी नजरबन्दमा रहेकोमा श्री सर्वोच्च अदालतबाट बन्दी प्रत्यक्षीकरण आदेश जारी भई मिति २०६०।२।२९ मा यसै अदालतको रोहवरमा वादीलाई थुनामुक्त गरिएको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ । वादीलाई नजरबन्दमा राख्न आदेश गर्दा विभिन्न प्रतिवेदनको आधार लिएको र अधिकार प्राप्त अधिकारीबाट ऐनप्रदत्त अधिकार प्रयोग गरी नजरबन्दमा राखेको भन्ने प्रतिवादीहरूका तर्फबाट जिकिर लिएको अवस्था छ । वादीले विपक्षीहरूलाई नजरबन्दमा राख्न सक्ने अधिकार नै नभएको भन्नेसमेत प्रश्न उठाई दाबी लिन सकेको देखिन आउँदैन ।

वादीलाई कुन समय र परिस्थितिमा ऐन प्रयोग गरी नजरबन्दमा राखेको हो ? समय र परिस्थितिसमेतको विश्लेषण सार्वजनिक सुरक्षा ऐन, २०४६ को १२ को कानुनी व्यवस्थाको विश्लेषण गर्नुपर्ने हुन्छ । देश संकटकालजस्तो विषम परिस्थितिमा छ । यो विशेष परिस्थितिमा अधिकार प्राप्त निकायबाट कानुनप्रदत्त अधिकार प्रयोग गरी जारी भएको आदेशानुसार नजरबन्दमा राखिएको अवस्थालाई स्वतः बदनियतपूर्वक थुनामा राखेको भनी अर्थ गर्नु उपयुक्त हुने देखिँदैन ।

बदनियत भन्नेबित्तिकै व्यक्तिगत रिस राग प्रलोभन आदिबाट आग्रह वा पूर्वाग्रह लिई गरेको कार्य भन्ने बुझ्नुपर्ने हुन्छ । मिसिल प्रमाणबाट आग्रह वा पूर्वाग्रहवश वादीलाई थुनामा राखेको भन्ने एकातिर देखिन आउँदैन भने वादीसमेतले आफ्नो दाबीमा यो यस्तो आग्रह वा पूर्वाग्रहसाथ थुनामा राखेको भनी बदनियतयुक्त कुरा स्पष्ट गरी दाबी दिन सकेको अवस्थासमेत छैन ।

वस्तुतः बदनियतपूर्ण कुरा व्यक्ति वा पदाधिकारीले गर्न सक्ने हुन्छ । दाबीमा यो व्यक्ति वा पदाधिकारीले यस्तो किसिमको बदनियतपूर्ण कार्य गऱ्यो भनी दाबी लिन सकेको अवस्था छैन । वादी दाबीमा बदनियतपूर्ण कार्यका लागि विभिन्न कार्यालयलाई विपक्षी बनाएको देखिन्छ । कार्यालयले बदनियतपूर्वक कार्य गऱ्यो भन्नु नै त्रुटियुक्त छ । यो नामको यो पदाधिकारीले यो यस्तो कारणले बदनियतपूर्ण कार्य गरेको भनी वादीले दाबी लिन नसकेको कुरा बदनियत पूर्वकको कार्य गरेबापत क्षतिपूर्ति दाबीको कुरामा विशेष विचारणीय देखिन आउँछ ।

वादी दाबीमा सार्वजनिक सुरक्षा ऐन अन्तर्गत नजरबन्दमा रहेको अवस्था शारीरिक तथा मानसिक यातना दिएको भन्नेसमेत दाबी लिएको देखिँदा यातना सम्बन्धी कार्य व्यक्तिको मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले यातना निषेध गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यवस्थासमेतका सन्दर्भमा यो विषयको विवेचना गरी निष्कर्षमा पुग्नु वाञ्छनीय देखिन्छ ।

यातनालाई The United Nations Convention Against Torture 1984 को Articl 1 मा .............any act by which severe pain or suffering whether physicalor mental, is intentionally inflicted on a person for such purposes as obtaining fromhim or a third person information or a confession, punishing him for an act he or a third person has committed or in suspected of having committed or intimidating or corecing him or a third person or for any reason based on discrimination of any kind, when such pain or suffering is inflicted by or at the instigation of or with the consent or acquiescence of a public official or other person acting in an official capacity . भन्ने उल्लेख गरेको पाइन्छ । जसबाट कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक अधिकारीको क्षमताको हैसियतले काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी लिने वा साविती लिने वा तेस्रो व्यक्तिले गरेको भनी शंका गरिएको कार्यका लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्नेजस्ता उद्देश्यहरूका लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो ब्यक्तिलाई जानीजानी दिएको शारीरिक वा मानसिक पीडा वा कष्ट दिने कार्यलाई यातना भन्ने बुझिन्छ । यस्तै उक्त महासन्धिका ४ (१) मा प्रत्येक पक्षराष्ट्रले यातनाका सबै कार्यहरू आफ्नो फौजदारी कानुन अन्तर्गत कसुर हुने कुरा सुनिश्चित गर्ने छन् भन्ने व्यवस्थासमेत भएको पाइन्छ । यसै सन्दर्भमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ७ मा उल्लेखित "कसैलाई पनि यातना दिइने वा क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन" भन्ने व्यवस्थासमेत महत्वपूर्ण देखिन आउँछ ।

उपरोक्त अन्तर्राष्ट्रिय महासन्धि र प्रतिज्ञापत्रसमेतलाई नेपालसमेतले अनुमोदन गरी पक्ष राष्ट्र भएकाले नेपाल सन्धि ऐन, २०४७ को दफ ९ (१) ले उल्लेखित अन्तर्राष्ट्रिय महासन्धि र प्रतिज्ञापत्रको व्यवस्था नेपाल कानुनसरह लागू हुने स्पष्ट छ । वादीले दाबी लिएको यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा २ (क) मा यातना भन्नाले "अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेका व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनुपर्छ र सो शब्दले निजसँग गरिएको निर्मम अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ" भन्ने उल्लेख भएको पाइन्छ ।

माथि उद्धृत गरिएका अन्तर्राष्ट्रिय महासन्धि एवं प्रतिज्ञापत्रको व्यवस्था र राष्ट्रिय कानुनसमेतलाई हेर्दा राज्यले जुनसुकै किसिमले थुनामा लिएको व्यक्तिलाई कुनै पनि उद्देश्यले शारीरिक वा मानसिक कष्ट दिन नहुने, दिएको ठहरे सोलाई यातना मान्नुपर्ने देखिन आएको र प्रस्तुत मुद्दामा समेत वादीलाई अधिकार प्राप्त अधिकारीले आदेश जारी गरी थुनामा राखेको भए तापनि थुनामा रहँदाको अवस्था शारीरिक मानसिक यातना दिएको भन्ने दाबी हुँदा वादीलाई यातना दिएको हो, होइन ? दिएको हो भने वादीलाई के ती क्षतिपूर्ति भराइदिन पर्ने हो ? भन्ने कुरा नै मुख्य रूपमा निरोपण गर्नुपर्ने देखिन आएको छ ।

उपरोक्त सन्दर्भमा हेर्दा वादीले फिरादपत्रमा नजरबन्दमा राख्दाको अवस्था करेन्ट लगाउने, भिरालो जमिनमा सुताई नाकमुखबाट पानी हाल्ने, झुन्डाउने, पानीमा डुबाउने, पैतालामा पिनले रोप्ने, शरीरका विभिन्न भागमा फलामको रड र प्लास्टिक पाइपले हान्ने पिट्ने, बिजुलीमा पिसाब फेर्न लगाउने आदि कार्य गरी चरम रूपमा शारीरिक तथा मानसिक यातना दिएको कुरा उल्लेख गरको देखिन्छ। वादीलाई सुरक्षा निकायले नियन्त्रणमा लिएको समयमा राष्ट्रमा संकटकाल लागेको अवस्था छ। शान्ति सुरक्षाका लागि सम्पूर्ण सुरक्षाफौज परिचालित गरिएको छ। शान्ति सुव्यवस्था खलल् पुऱ्याउने कार्यबाट रोक्नका लागि वादीलाई नजरबन्दमा राखेको भन्ने हुँदा यी वादीबाट आवश्यक कुरा खुलाउन सूचना प्राप्त गर्न यातना नदिएको होला भन्न नसकिने अवस्थासमेत छैन ।

यस धारणालाई निम्नानुसारको अभिव्यक्तिले अझ स्पष्ट गर्दछ Millitary services have often used torture on presoners to obtain information that might be helpful for their strategic planning. (p-481) Torture may take place in any location, especially in countries where there is a widespread climate of violence or insurrection. Highrisk location are those where interrogation is likely to take place, such as police and military posts or any other place of detention, especially when detention is during the initial period bifore any trial or court appearance. (P-486) Death & Deduction - (A reasoned apporoach to forensic pathology) - Ajay chapman.

राज्यको सुरक्षा फौजबाट यातना दिइएको भन्ने वादी दाबी हुँदा यस्तो किसिमको दाबीको बारेमा यातनाको असरहरूलाई अध्ययन गरेर समेत निष्कर्षमा पुग्न सकिने हुन्छ। व्यक्तिव्यक्तिबीच वा समूहसमूहबीचको झडपमा लागेका घा चोट Individual or group action in the context of (criminal activities or personal revenge) र नियोजित रूपमा तालिम प्राप्त व्यक्तिले व्यक्तिलाई कब्जामा लिई यातना दिँदा लागेका घाउचोट प्रकृति नै एकापसमा छुट्याउन सकिने फरक प्रकृतिको हुन्छ। वादीको शारीरिक जाँच हुँदा निजको शरीरमा निम्न घाउचोट रहेको भन्ने डा. हरिहर बस्तीले गरिदिएको मिसिल संलग्न घाउजाँच प्रतिवेदनबाट देखिन आउँछ ।

Injuries :- (1) Multiple hypo - pigmented scars wer anterrior aspect of leg measuring from 1.5 cm x 0.5 cm (total six scars)

(2) Five hypo - pigmented shiny scars over right shin anterrior and medial parts and knee measuring from 0.5 cm x 0.5 cm.

(3) An healing scars with chronic infection over dorsum of left foot at medial aspect and middle with thick margins measuring 2 cm x 2 cm

(4) hypo - pigmentted scar over lateral malliolus 0.5 cm x 05 cm

(5) the arches of the soles are less than normal.

Opinion : The scars present mostly over lower extremities are lesions of deep abrasions and lecerations, which could be produced by blunt force impacts. The age of the scars is consisent with given time of infliction there are definite signs of beating in soles (Falanga)

उपरोक्त राय प्रतिवेदनमा the age of the scars is consistent with given time of infliction भन्ने उल्लेख भएको र सोही प्रतिवेदनको Brief history मा तhe examinee was arrested by army people on 2058-12-15 from pokhara and released on 2060-02-29 उल्लेख भएको देखिँदा घाउचोट लागेको समयले ब्चष्भा जष्कतयचथ मा वादीले लेखाएको समयलाई संकेत गरेको भन्ने स्पष्ट हुन आउँछ ।

उल्लेखित चिकित्सकको राय प्रतिवेदनमा उल्लेखित (falanga) भनेको के हो भन्ने सन्दर्भमा death and deduction नामक (A reasoned apporoach to forensic pathology) A. jay chapman द्वारा लिखित पुस्तकको page 487 मा Falanga torture is severe beating of the soles of the feet . Ites apparently used widely in Nepal and in many other counties around the world. The resjlts of falanga are not only the immedeate excruciating pain, but the possible disability that may persist for many years or permanently. Falanga torture can be administered with victim suspended upside down or with the legs immobilized in a number of ways.

चिकित्सकको राय प्रतिवेदनमा उल्लेखित scars के हो भन्ने सम्बन्धमा हेर्दा A scars is a premanent cicatrical mark which results from healing of wound. Asuperficial injury involving only the from epidermis, eg. an abrassion does not result in a scar, if the dermis is involved a scar is produced (Page-2-19) with age the scar contacts it becomes smaller and whiter but it is still tender and soft. The age is between two to six months. (page 2-20) As the scar further contracts, it becomes tough, white and ghistening. The age is probably not less then six months to an indefinite number of years. Page 2-20 parikh's textbook of medical jurispruudence, forensic medicine and toxicology. मा परिभाषित गरेको पाइन्छ ।

माथि उल्लेखित falanga र scars लाई हेर्दा ती कुराहरू वैज्ञानिक विधिबाट परिभाषित गरिएको देखिन्छ । Falanga ले सुनियोजित यातनाबाट दिइएका Injuries लाई स्पष्ट गर्दछ भने scars ले घाउ चोटहरू निको भई बस्ने खाटा अनुसारका खतलाई उल्लेख गरी ती scars को प्रकृतिलाई हेरेर ती कति पुराना हुन् चिकित्सा विज्ञानले वैज्ञानिक विधिद्वारा निर्धारण गर्न सक्ने देखिन आउँछ ।

वादीलाई जाँच गर्ने चिकित्सक डा. हरिहर वस्तीले अदालतमा बकपत्र गर्दा कुनै पनि घाउ चोट पुराना भएपछि वा निको भई खाटा बसेपछि तिनको समय ठ्याक्कै भन्न नसकिए तापनि त्यस्ता खतहरू धेरै पुराना वा भरखरका के हुन् भन्न सकिन्छ । प्रस्तुत केशमा वादीलाई मैले जाँच्नुभन्दा ७, ८ महिनापहिले भएका खतहरूसँग मेल खान्छन् भनी प्रतिवेदनमा स्पष्ट गरेको छु । ती घाउ खतहरू धार नभएको वस्तु जस्तो मुड्की, लाती, लाठी, पाइप आदिको प्रयोग भएका कारण चोट लागी भएका हुन् पैतालासमेतमा Blunt force परेका लक्षणहरू मैले

जाँच गर्दा पाएको थिएँ भन्नेसमेत व्यहोरा उल्लेख गरेको देखिन्छ । विशेषज्ञले गरेको यस्तो बकपत्र प्रमाण ऐन, २०३१ को दफ १३ र ५२ समेतले प्रमाणमा लिन मिल्ने नै हुन्छ ।

प्रतिवादीतर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री सुरेन्द्रराज काफ्लेले वादीको शरीरमा घाउ चोट रहेको देखिए तापनि वादीलाई कास्की स्याङ्जा लगायतमा थुनामा राखिएको अवस्था हुँदा उक्त घाउ चोटहरू यसै जिल्लामा थुनामा रहँदा लागेको भन्ने यकिन हुन नसकेको हुँदा घाउ चोटबाट वादी दाबी समर्थित भएको भन्न सकिने अवस्था छैन भन्नेसमेत बहस जिकिर प्रस्तुत गर्नुभएको सन्दर्भमा हेर्दा मिसिल कागजातबाट वादीलाई स्याङ्जा, कास्की र यस जिल्लामा समेत नजरबन्दमा राखिएको कुरामा विवाद छैन । वादीलाई स्याङ्जा कास्की र यस जिल्लासमेतमा सुरक्षा संयन्त्रबाट नजरबन्दमा राखिएको देखिँदा क्षेत्राधिकारको प्रश्नमा वादीलाई के कहाँ थुनामा राख्दा यातना दिइएको हो भन्ने कुराको निरोपण अपिहार्य नै हुन्छ । यस सन्दर्भमा यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ (२)मा उल्लेखित "थुनामा रहेको कुनै ब्यक्तिलाई यातना दिन नहुने" भन्ने उल्लेख भएकोले सो कानुनी व्यवस्थाबाट सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम थुनामा रहेको वादीका हकमा समेत उपरोक्त दफा ३ (२) को कानुनी व्यवस्था आकर्षित हुने स्पष्ट नै छ ।

मिसिल संलग्न प्रतिउत्तर जिकिर हेर्दा वादीलाई थुनामा राख्दा वा छाड्दा वादीको शारीरिक जाँच गराइएको भन्ने जिकिर लिन सकेको देखिँदैन । सार्वजनिक सुरक्षा ऐन अन्तर्गत व्यक्तिलाई नजरबन्दमा राख्दा छाड्दा मेत व्यक्तिको शारीरिक जाँच गराइरहन नपर्ने भन्नेसमेतका कुनै जिकिर लिएको अवस्थासमेत छैन । व्यक्तिलाई पक्राउ गर्दा र छाड्दा व्यक्तिका शारीरिक जाँच गराउनुपर्ने कानुनी व्यवस्था भएपछि सो अनुसारको प्रक्रिया अवलम्बन गर्नु सम्बन्धित पदाधिकारीको कर्तब्य कुन आउँछ । पक्राउ गरी हिरासतमा राख्नु पूर्व नै वादीको शारीरिक जाँच गराइएको र सो बेला नै वादीको शरीरमा घाउ चोट देखिएको अवस्था भए वादीको शरीरमा पाइएका घाउ चोट विद्वान् जिल्ला न्यायाधिवक्ताको बहस जिकिर अनुसार यस जिल्लामा थुनामा रहनुपूर्व नै लागेका हुन् भन्ने निष्कर्षमा पुग्न सकिने हुन्थ्यो । तर प्रस्तुत मुद्दामा त्यस्तो अवस्था देखिन आएन ।

प्रमाण ऐन, २०६१ को दफा ६ (ग) का "कुनै घटना मानिसहरूको आचरण वा काम कारोबारको सामान्य फरक विचार गर्दा तर्कसंगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालत अनुमान गर्न सक्नेछ" भन्ने व्यवस्था भएको र प्रस्तुत मुद्दामा समेत प्रतिवादी जिल्ला प्रशासन कार्यालय पर्वतको आदेशानुसार वादीलाई नजरबन्दमा राखिएको र सो अवस्था कानुनमा व्यवस्था भए अनुसार प्रतिवादीको तर्फवाट वादीको शारीरिक जाचँ गराई निजलाई पक्राउपूर्व नै घा-चोट लागेको वा निजको शरीरमा कुनै घा-चोट नरहेको कुरा प्रमाणित गराउन सकेको अवस्था नहुँदा वादीको शरीरमा पाइएका घा-चोटहरू यसै जिल्लामा नजरबन्दमा रहँदा यातना दिएको कारण लागेका हुन् भन्ने कुराको अनुमान गर्नुपर्ने हुन्छ ।

अतः विवेचित उपरोक्त आधार र कारणबाट वादी मेघनाथ शर्मा सार्वजनिक सुरक्षा ऐन, २०४६ को कानुनी व्यवस्था अनुसार थुनामा रहेको देखिएको प्राप्त प्रमाणबाट निजलाई बदनियतपूर्वक थुनामा राखेको भन्न नमिल्ने भए तापनि थुनामा रहँदा निवेदक मेघनाथ शर्मालाई यातना दिएको प्रमाणित हुन आएकाले वादी मेघनाथ शर्मालाई यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ८ मा  वर्णित अवस्थालाई मध्यनजर राखी उक्त ऐनको दफा ६ बमोजिम रु ४५,०००।- (पैंतालीस हजार ) नेपाल सरकारबाट क्षतिपूर्ति भराइदिने ठहर्छ । सोभन्दा बढी नै अर्थात् रु. १८,८५,०००।- क्षतिपूर्ति दिलाई पाऊँ भन्ने वादी दाबी पुग्न नसक्नेसमेत ठहर्छ । सो ठहर्नाले तपसिलका कुरामा तपसिल बमोजिम गर्ने गरी मुलुकी गर्ने गरी मुलुकी ऐन अ.वं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी मेघनाथ शर्माको यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ६ बमोजिम रु. ४५,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहरेकाले उक्त रकम भराई पाऊँ भनी मुद्दाको अन्तिम टुङ्गो लागेपछि नेपाल सरकारको स्थानीय निकाय जिल्ला प्रसाशन कार्यालय पर्वतमा निवेदन दिएमा उक्त क्षतिपूर्ति रकम भराई दिनु भनी जिल्ला प्रसाशन कार्यालय पर्वतमा लेखिपठाइदिनु ............................................१

यो इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत बागलुङमा पुनरावेदन गर्नु भनी वादी र प्रतिवादीहरूका नाउँमा ३५ दिने पुनरावेदनको म्याद जारी गर्नु................................................................२

वादी मेघनाथ शर्माको यस अदालतको मिति २०६०।५।१९।६ का आदेशानुसार माग भएको कोर्ट फी रु २२६२०।- को हकमा कोर्ट फी ऐन २०१७ को दफा २३ नं. बमोजिमको सुविधा लिएको देखिँदा उक्त कोर्ट फी रकम वादीका नाउँमा लगत कसी असुल गर्नु.........................................................................................................३

प्रस्तुत फैसलासहितका कागजातको नक्कल माग गर्न आए सरोकारवालालाई लाग्ने दस्तुर लिई नक्कल दिनु...४

यो मिसिलको दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल पुरनावेदन अदालत बागलुङमा पठाइदिने गरी अभिलेख शाखामा बुझाइदिनु..........................................................................................................५

प्रस्तुत फैसला मा.न्या .ज्यूले बोली टिपाए
बमोजिम कम्प्युटर टाइप गराउने
डिट्ठा  कृष्ण लामिछाने
कम्प्युटर टाइप गर्ने स.क.अ. कालिका तिमिल्सेना

............................
रमेशकुमार खत्री
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम्.......................................

**श्री दोलखा जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री रामचन्द्र राई**

**फैसला**

**२०६७ सालको सरकारवादी फौजदारी नं - २९, नि.नं - ४८**

*मुद्दा :- झुठ्ठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको ।*

| **वादीको नाम, थर र वतन** | **वादीको नाम, थर र वतन** |
|---|---|
| जिल्ला प्रशासन कार्यालय दोलखा चरिकोटको पत्रले वादी नेपाल सरकार............................१ | दो.जि. सुनखानी गा.वि.स. वडा नं. ३ बस्ने रामबहादुर पकुवालको छोरा वर्ष ४९ को चक्रबहादुर पकुवाल ................१ |
| | ऐ.ऐ. बस्ने टहलबहादुर रिमालको छोरा वर्ष २० को विनोद रिमाल (वि.क.)............................................................१ |
| | ऐ.ऐ. वडा नं. २ बस्ने घर भई ऐ. गा.वि.स.मा कार्यरत गा.वि.स. सचिव दिलबहादुर आचार्य.................................१ |
| | समेत जना................................................................३ |

यसमा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अं वं २९ नं बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको विवरण यसप्रकार रहेछ ।

दोलखा जिल्ला सुनखानी - ३ बस्ने चक्रबहादुर पकुवालको छोरा विनोद पकुवाललाई स्थायी नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराइदिनुहुन भन्नेसमेत व्यहोराको गाउँ विकास समितिको कार्यालय सुनखानी दोलखाको सिफारिसपत्र ।

वंशजको आधारमा नेपाली नागरिकता प्रमाणपत्र पाऊँ भन्नेसमेत व्यहोराको विनोद पकुवालको नामको अनुसूची १ अनुसारको निवेदन ।

चक्रबहादुर पकुवालले नक्कली बाबु बनी विनोद पकुवाललाई नेपाली नागरिकता प्रमाणपत्र दिलाई र मलाई झुठ्ठो व्यहोरा बनाई मबाट सिफारिस लगी उक्त नागरिकता प्रमाणपत्र लिएकोले निजहरूलाई आवश्यक कारबाही गर्न हुन भन्नेसमेत व्यहोराको सुनखानी गा.वि.स. सचिव दिलबहादुर आचार्यले जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदन ।

विनोद पकुवालले नक्कली बाबु बनाई यस कार्यालयबाट नागरिकता प्रमाणपत्र लिएको भनी यस कार्यालयमा निवेदन परेको हुँदा निजहरूलाई आवश्यक कारबाहीको लागि पठाइएको भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय दोलखाको पत्र ।

विनोद पकुवाल ५/६ महिनाको हुँदा नै निजकी आमा गंगा पकुवाललाई बालकसहितै मैले भगाई ल्याई श्रीमती बनाई राखेको र विनोद मेरो आफ्नै छोरा नभए पनि सानैदेखि म आफैंले निजलाई पालेको कारण निजको

बुवाको हैसियतले नागरिकता प्रमाणपत्रको निवेदनको पछाडि सनाखतसमेत गरिदिएको भन्नेसमेत व्यहोराको प्रतिवादी चक्रबहादुर पकुवालले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

म ५/६ महिनाको हुँदा मेरो आमा चक्रबहादुर पकुवालसँग दोस्रो विवाह गरी जानुभएको रहेछ। सो कुरा मलाई थाहा थिएन। मेरो नागरिकता प्रमाणपत्रमा चक्रबहादुर पकुवालले सनाखतसमेत गरी नागरिकता प्रमाणपत्र दिलाइदिएपछि प्रहरीले पक्राउ गरेपश्चात् मात्र मलाई मेरो खास बुवा टहलबहादुर बादी भएको कुरा थाहा हुन आयो भन्नेसमेत व्यहोराको प्रतिवादी विनोद रिमाल (वि.क.) ले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

म भारत गएको अवस्थामा मेरो श्रीमती गंगाले मेरो कान्छो छोरा विनोदलाई साथमा लिई चक्रबहादुर पकुवालसँग दोस्रो बिहे गरी गइछन् र चक्रबहादुर पकुवालले मेरो कान्छो छोरा विनोदको बुवा बनी नागरिकता प्रमाण दिलाएको हुँदा प्रहरीले नियन्त्रणमा लिएको भन्ने सुनेको भन्नेसमेत व्यहोराको टहलबहादुर रिमाल (वि.क.) ले प्रहरीमा गरेको कागज।

चक्रबहादुर पकुवाल र म एउटै गा.वि.स.को मानिस भएको र निजलाई मैले राम्रोसँग चिनेको हुँदा निजले आफ्नै छोराको नागरिकता बनाउन भनी आफ्नो नागरिकताको प्रतिलिपि साथ सिफारिस माग गरेको हुँदा विश्वासमा परी नागरिकताको लागि सिफारिस गरी अनुसूची - १ को फारामसमेत दस्तखत गरिदिएको हुँ भन्नेसमेत व्यहोराको दोलखा जिल्ला सुनखानी गा.वि.स.सचिव दिलबहादुर आचार्यले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

प्रतिवादी चक्रबहादुर पकुवालले प्रतिवादी विनोद ५/६ महिनाको हुँदा निजलाई उनकी आमासँगै विवाह गरी लगेका हुन् विनोद चक्रबहादुर पकुवालको रगतको नाता होइन। चक्रबहादुर पकुवालले मलाई नाम थाहा नभएको कामीको श्रीमतीलाई भगाई बिहे गरेको थियो भन्नेसमेत व्यहोराको प्रायः एकै मिलानको रामकाजी शिवाकोटी, मानबहादुर पकुवाल, कृष्णबहादुर शिवाकोटी र ईन्द्रजित रानाले प्रहरीमा गरेको कागज।

प्रतिवादी विनोद रिमाल (वि.क.) चक्रबहादुर पकुवाल र सुनखानी गा.वि.स.का सचिव दिलबहादुर आचार्यलाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा ५ बमोजिमको कसुरमा सोही ऐनको दफा २१ को उपदफा ५ बमोजिम सजाय गरी पाउनका साथै मुद्दा अन्तिम भएपछि विनोद पकुवाल नामको सक्कल नागरिकता प्रमाणपत्र नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ बमोजिम कारबाहीको लागि जिल्ला प्रशासन कार्यालय दोलखामा पठाइदिनुहुन अनुरोध गरिन्छ भन्ने अभियोग माग दाबी रहेछ।

प्रतिवादी चक्रबहादुर पकुवालसँग म सानै छँदा मेरो आमा उनीसँग पोइला गएछन् र मलाई पनि साथै लगी गएका रहेछन्, मलाई थाहा थिएन, मैले मेरो बाबु यिनै होलान् भनी नागरिकता बनाई दिनुपर्‍यो भन्दा उनी सनाखतमा बसी नागरिकता बनाइदिएका हुन्। बाबु को हो भन्ने पनि हाल आएर थाहा पाएको हो, मलाई अन्य व्यहोरा थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी विनोद रिमाल (वि.क.) ले यस अदालतमा गरेको बयान रहेछ।

यसै मुद्दाका प्रतिवादी मेरै कार्यरत गा.वि.स. र बसोबास भएको गा.वि.स.का पहिले योभन्दा २० वर्ष अगाडि चिनजान भएको मानिस थियो, उनी २१ वर्ष जति भएछ मेरो गाउँभन्दा तल मलेपु भन्ने ठाउँबाट बादीकी श्रीमती र छोरासमेत लिई काठमाडौंतर्फ गई बसेका रहेछन्, मलाई थाहा थिएन मलाई मेरो छोराको नागरिकताको सिफारिस दिनुपर्‍यो भनी आए, मैले २० वर्षअघि चिनेका मानिस हुँदा उनैको छोरा भनी सिफारिस दिएको हो, उनले झुट्टा व्यहोरा भनी लेखाइदिएछन्, पछि थाहा भयो जिल्ला प्रशासन कार्यालय दोलखामा आवश्यक कारबाहीको लागि निवेदन दिएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी गा.वि.स. कार्यालयमा कार्यरत गा.वि.स. सचिव दिलबहादुर आचार्यले यस अदालतमा गरेको बयान रहेछ।

५ महिना २२ दिनको बच्चा र आमासमेत मैले लिएर काठमाडौं गएको हो, सानै उमेरदेखि मैले नै पालनपोषण गरी राखेको र मेरो अन्य छोराछोरीसमेत नभएको कारण मेरो नाउँ राखी बाबु बनी नागरिकता दिलाउने काम गरेको हो भन्नेसमेत व्यहोराका प्रतिवादी चक्रबहादुर पकुवालले यस अदलतमा गरेको बयान रहेछ ।

प्रतिवादीमध्येका दिलबहादुर आचार्यले चक्रबहादुर पकुवालको छोरा विनोद पकुवाललाई चक्रबहादुर पकुवालको छोरा हो भनी भनेर गा.वि.स. सचिवको हैसियतले नागरिकता बनाउनको लागि सिफारिस गरिदिएको हो, यसमा दिलबहादुर आचार्यको कुनै पनि कुनियत छैन किनभने स्वयम् दिलबहादुर आचार्यले मिति २०६७।३।२७ मा जिल्ला प्रशासन कार्यालय दोलखामा जाहेरी दिनुभएको रहेछ । प्रतिवादी दिलबहादुर आचार्यले कुनै पनि झुठ्ठा व्यहोरा लेखी लेखाई सिफारिस गरिदिएको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी दिलबहादुर आचार्यका साक्षी चित्रबहादुर भण्डारीले यस अदालतमा गरेको बकपत्र रहेछ ।

## अदालतको राय ठहर

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेसी सूचीमा समेत चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न संकलित प्रमाण कागजात अध्ययन गरी हेर्दा अभियोगपत्र बमोजिम प्रतिवादीहरूले कसुर अपराध गरे नगरेको र निजहरूलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने हो वा होइन सो सम्बन्धमा नै निर्णय दिनुपर्ने हुन आयो ।

निर्णयतर्फ विचार गर्दा अभियुक्त प्रतिवादीमध्येका सुनखानी गा.वि.स. सचिव दिलबहादुर आचार्यले सिफारिस दिई प्रतिवादी चक्रबहादुर पकुवालले प्र.विनोद रिमाल (वि.क.) आफ्नो छोरा नभए ता पनि छोरा हो भनी नागरिकताको प्रमाणपत्र पाऊँ भन्ने निवेदन पछाडि सनाखत गरेको र प्र.विनोद रिमाल (वि.क.) ले आफ्नो बुबाको सम्बन्धमा झुठ्ठा विवरण दिई नागरिकताको प्रमाणपत्र लिएको पुष्टि हुन आएकोले प्रतिवादीहरू चक्रबहादुर पकुवाल, सचिव दिलबहादुर आचार्य र विनोद रिमाल (वि.क.) लाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(५) बमोजिमको कसुरमा सोही ऐनको दफा २१(५) बमोजिम सजाय गरी पाऊँ भन्ने नै वादी नेपाल सरकारको तर्फबाट अभियोग पत्र मागदाबी लिएको देखिन आयो ।

अभियुक्त प्रतिवादीहरूले आरोपित कसुर गरे नगरेको र निजहरूलाई माग दाबी बमोजिम सजाय हुने नहुने के रहेछ भनी त्यस सम्बन्धमा मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा विनोद पकुवालले नक्कली बाबु बनाई यस कार्यालयबाट नागरिकता प्रमाणपत्र लिएको भनी यस कार्यालयमा निवेदन परेको हुँदा निजहरूलाई आवश्यक कारबाहीको लागि पठाइएको भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय दोलखाको २०६७।४।९ को पत्र, सो पत्रसाथ दाखिल भएको विनोद पकुवालले नेपाली नागरिकताको प्रमाणपत्र पाऊँ भनी सहीछाप गरी भरेको नियम १६(१) सँग सम्बन्धी अनुसूची फारम, सोही फारममा चक्रबबहादुर पकुवालले विनोद पकुवाललाई मेरो आफ्नो छोरा हो भनी सहीछाप गरी सनाखत गरेको व्यहोरा, गा.वि.स. सुनखानी सचिव दिलबहादुर आचार्यले चक्रबहादुर पकुवालको छोरा भनी विनोद पकुवाललाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराइदिन जिल्ला प्रशासन कार्यालय दोलखालाई २०६७।३।१३ मा लेखेको पत्र सोको आधारबाट प्र.विनोद रिमाल (वि.क.) ले लिएको नागरिकताको प्रमाणपत्र र प्र.चक्रबहादुर पकुवालको बयानसमेतबाट प्र.विनोद रिमाल (वि.क.) ले प्र.चक्रबहादुर पकुवालको छोरा भनी नेपाली नागरिकताको प्रमाणपत्र लिएको कुरामा कुनै विबाद देखिएन ।

अब अभियुक्त प्रतिवादीमध्येका चक्रबहादुर पकुवालको हकमा विचार गर्दा प्र.विनोद पकुवाल ५-६ महिनाको हुँदा निजको आमा गंगा पकुवाललाई बालकसमेत मैले भगाई ल्याएको हो । निज विनोद पकुवाल मेरो वास्तविक छोरा नभए तापनि निजले नागरिकता बनाई दिनुपर्‍यो भनेकाले निवेदनको पछाडि सनाखत गरिदिएको

हुँ भनी प्र.विनोद रिमाल (वि.क.) लाई झुट्टा विवरण बनाई छोरा भनी सनाखत गरी दिइ सोही आधारबाट विनोद पकुवाल नामबाट नागरिकता लिएको कुरालाई स्वीकार गरी अधिकार प्राप्त अधिकारीसमक्ष बयान गरेको पाइन्छ। सोही बमोजिम निज प्र.चक्रबहादुर पकुवालले अदालतमा समेत बयान गरेको देखिन्छ। प्र.विनोद पकुवालले जिल्ला प्रहरी कार्यालयले पक्राउ परी जाँदा मेरो नक्कली बाबु चक्रबहादुर पकुवाल र सक्कली बाबु टहलबहादुर भनी थाहा पाएको कुरा अधिकार प्राप्त अधिकारीसमक्ष एवं सोही बमोजिम अदालतमा बयान गर्दा पनि लेखाएको पाइन्छ।

प्र.विनोदको बाबु भनिएका टहलबहादुर रिमाल (वि.क.) ले विनोद मेरो सहोदर कान्छो छोरा हो। प्र.चक्रबहादुरले मेरो श्रीमती गंगा र बच्चालाई कुन ठाउँमा लगेर राखे थाहा पाइनँ। हाल चक्रबहादुरले नेपाली नागरिकताको प्रमाणपत्र बनाइदिएको रहेछ भनी मौकामा प्रहरीमा लेखाएको देखिन्छ। यो सबै आधार प्रमाणबाट प्र.विनोद पकुवाल भन्ने विनोद रिमाल (वि.क.) प्र.चक्रबहादुर पकुवालको आफ्नो वीर्यबाट जन्माएको सहोदर छोरा नभएर टहलबहादुर रिमाल (वि.क.) को छोरा हुन् भन्ने पुष्टि हुन आएको पाइन्छ। त्यस्तो टहलबहादुर रिमाल (वि.क.) को छोरालाई प्र.चक्रबहादुर पकुवालले आफ्नो छोरा हो भनी नागरिकताको प्रमाणपत्र पाऊँ भन्ने अनुसूची फारममा सहीछापसमेत गरी सनाखत गरी दिएको र सो झुट्टा विवरणको आधारबाट प्र.विनोद रिमाल (वि.क.) ले चक्रबहादुर पकुवालको छोरा विनोद पकुवाल भनी सोही नामबाट जिल्ला प्रशासन कार्यालय दोलखाबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिँदा प्र.चक्रबहादुर पकुवालले अभियोग पत्र बमोजिमको कसुर अपराध गरेकै सिद्ध हुन आयो। तसर्थ निज प्र.चक्रबहादुर पकुवाललाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(५) बमोजिम तजविजी रु.३,०००।- तीन हजार रुपैयाँ जरिवाना हुने ठहर्छ।

अब अर्को प्रतिवादीहरू दिलबहादुर आचार्य र विनोद रिमाल (वि.क.) को हकमा विचार गर्दा निज प्र.विनोद रिमाल वि.क.ले जिल्ला प्रहरी कार्यालयले आफूलाई पक्राउ गरी लगेपछि चक्रबहादुर पकुवाल आफ्नो नक्कली बाबु भएको र टहलबहादुर रिमाल (वि.क.) सक्कली बाबु भएको थाहा पाएको कुरा अधिकार प्राप्त अधिकारीसमक्ष बयानमा लेखाएको पाइन्छ। म सानै छँदा आमा प्र.चक्रबहादुरसँग पोइल गएछन् मेरा बाबु यिनै होलान् भनी नागरिकता बनाइदिनुपर्‍यो भन्दा बनाइदिएका हुन्। मेरो बाबु को हो भनी हाल आएर थाहा पाएको हुँ भनी अदालतमा बयान गरेको देखिन्छ। त्यस्तै प्र.दिलबहादुर आचार्यले पनि प्र.चक्रबहादुरको यी प्र.विनोद आफ्नै छोरा होइन भन्ने कुरा थाहा थिएन नागरिकताको सिफारिस दिनुपर्‍यो भनी भनेकाले सिफारिस दिएको हो भनी प्र.विनोद रिमाल (वि.क.) प्र.चक्रबहादुरको छोरा होइन भन्ने थाहा नपाएकोले सिफारिस दिएको कुरा आफ्नो बयानमा लेखाएको पाइन्छ। यसरी प्र.चक्रबहादुर पकुवालले प्र.विनोद सानै हुँदा निजको आमालाई विवाह गरी काठमाडौंतर्फ लगी राखेको पालनपोषणसमेत गरेको अवस्था प्र.विनोद रिमाल (वि.क.) ले आफ्नै बाबुको रूपमा चिन्नु स्वाभाविक हुन्छ। साथै काठमाडौंतिर गएर बसेको प्र.चक्रबहादुरले नै पालनपोषण गरेको हुर्काएको प्र. विनोद रिमाल (वि.क.) लाई चक्रबहादुरको छोरा होइन भन्ने जानकारी प्र.दिलबहादुर आचार्यलाई हुन नसक्नु पनि स्वाभाविक हुन्छ।

फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी पक्षमै निहित रहनेमा यो प्र.विनोद रिमाल (वि.क.) र प्र.दिलबहादुर आचार्यलाई विनोद रिमाल (वि.क.) को बाबु चक्रबहादुर पकुवाल नभएर टहलबहादुर रिमाल (वि.क.) नै हुन् भन्ने कुरा जानकारी हुँदाहुँदै पनि सिफारिस दिएको र सोही आधारबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको हो भन्ने खम्बीर हुने सबुद प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस दाखिल हुन सकेको पाइन्न। केवल अभियोग पत्र माग दाबीको आधारबाट मात्र प्र.दिलबहादुर आचार्यले जानी जानी झुट्टा विवरणको सिफारिस गरेको र प्र.विनोद रिमाल (वि.क.) ले पनि जानीजानी झुट्टा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको ठहर्‍याई सजाय गर्न न्यायोचित पर्ने देखिन आएन। तसर्थ निज प्रतिवादीहरू विनोद रिमाल

(वि.क.) र दिलबहादुर आचार्यलाई अभियोग पत्रबमोजिम सजाय हुन सक्तैन । निज प्रतिवादीहरूले अभियोग पत्र माग दाबीबाट सफाइ पाउने ठहर्छ । सो ठहर्नाले अरू कुरामा तपसिलमा उल्लेख गरे बमोजिम गर्ने गरी अ.बं. १८६ नं. अनुसार अड्डैबाट फैसला गरिदिएँ ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरूमध्येका चक्रबहादुर पकुवाललाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(५) बमोजिम तजबिजी रु.३,०००।- (अक्षरूपी तीन हजार रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएकोले निज प्रतिवादी बेरुजु हुँदा लगत कसी असुल गर्नू.......................................................................१

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरूमध्येका प्रतिवादी विनोद रिमाल (वि.क.) र दिलबहादुर आचार्यले सफाइ पाउने ठहरी फैसला भएकोले केही गरी रहनुपरेन..............................................................२

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन गर्न पुनरावेदन अदालत पाटनमा जानु भनी प्रतिवादी चक्रबहादुर पकुवाललाई पुनरावेदनको म्याद दिनू र जिल्ला सरकारी वकिल कार्यालय दोलखालाई जानकारी दिनू.......................................................................................................................................३

मुद्दा अन्तिम भएपछि विनोद पकुवाल नामको सक्कल नागरिकता प्रमाणपत्र नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ बमोजिम कारबाहीको लागि जिल्ला प्रशासन कार्यालय दोलखामा पठाइदिनू......................................४

यो फैसलासहितको नक्कल सरोकारवालाहरू माग्न आए कानुनको रीत पुर्‍याई सारी सराइदिनु..........................५

यो दायरीको लगत कट्टा गरी छिनुवा मिसिल अभिलेख फाँटमा बुझाइदिनू ....................................................६

माननीय न्यायाधीशज्यूले टिपाउनुभए
बमोजिम टाइप गर्ने टा.ख. कृष्णबहादुर श्रेष्ठ
फाँटवाला ना.सु. चिनीमैया श्रेष्ठ

...................
रामचन्द्र राई
जिल्ला न्यायाधीश

इति संवत् २०६७ साल पौष महिना २५ गते रोज १ शुभम्.............................................

**श्री इलाम जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री उमेशराज पौड्याल**

**आंशिक फैसला**

**२०६६ सालको स.फौ.मु.नं.५९, कोड नं. १९-०६५-००६६१**

**नि.नं.१६४**

***मुद्दा :- अनियमित वन पैदावर काटी हटाएको ।***

| **वादी** | **प्रतिवादी** |
|---|---|
| स.व.अ. जगदीशचन्द्र देवसमेतका कर्मचारी जाहेरी प्रतिवेदनले नेपाल सरकार.........................१ | जि.इलाम दानावारी गा.वि.स.वाड नं.५ बस्ने राजेश चौहान.........................................................१ |
| | ऐ.ऐ.बस्ने पूर्णबहादुर खाती...................................१ |
| ऐ. को साक्षी :- | ऐ.ऐ.बस्ने ध्रुव तामाङ्ग.........................................१ |
| ऐ.को प्रमाण :- | ऐ.ऐ.बस्ने विजय राणा.........................................१ |
| | ऐ.ऐ.बस्ने दाताराम ढुङ्गाना...................................१ |
| | ऐ.ऐ.बस्ने निरमाया जिम्मा ...................................१ |
| | ऐ.ऐ.बस्ने गीता सोराली.......................................१ |
| | ऐ.ऐ.बस्ने मीना दर्जी.........................................१ |
| | ऐ.ऐ.बस्ने नुनाल लिङदम.....................................१ |
| | ऐ.ऐ.बस्ने खिमबहादुर तामाङ्ग................................१ |
| | ऐ.ऐ.बस्ने यादव तामाङ्ग.......................................१ |
| | ऐ.ऐ.बस्ने रुकबहादुर मगर...................................१ |
| | ऐ.ऐ.बस्ने धनबहादुर राई.....................................१ |
| | ऐ.ऐ.बस्ने मानबहादुर राई....................................१ |
| | ऐ.ऐ.बस्ने अमर लाय..........................................१ |
| | ऐ.ऐ.बस्ने विष्णु बजगाईं (खत्री).............................१ |
| | ऐ.ऐ.बस्ने युवराज तामाङ्ग....................................१ |
| | ऐ.ऐ.बस्ने कुलमान तामाङ्ग...................................१ |
| | ऐ.ऐ.बस्ने लालबहादुर राई....................................१ |
| | ऐ.ऐ.बस्ने दलबहादुर पूर्वे.......................................१ |
| | ऐ.ऐ.बस्ने मानबहादुर जवेगु..................................१ |
| | ऐ.ऐ.बस्ने गोपाल खाती.......................................१ |
| | ऐ.ऐ.बस्ने निलबहादुर चौहान.................................१ |
| | ऐ.ऐ.बस्ने मध्येबहादुर सोराली................................१ |

ऐ.ऐ.बस्ने गणेश खापुङ्ग.................................................१
ऐ.ऐ.बस्ने केशरबहादुर सोराली.......................................१
ऐ.ऐ.को साक्षी :-
ऐ.ऐ.को प्रमाण :-

**अदालतबाट बुझेको**

साक्षी : प्रमाण :

प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यसप्रकार छ :-

मिति २०६६।०१।१६ गते हामी कर्मचारीहरू गस्ती गर्दै जाँदा श्रृजना सा.ब.उ.स.को वन क्षेत्रमा अनियमित तरिकाबाट साखु जातका केही काठहरू काटन भएको देखिएकोले सुझबुझ गर्दा वार्षिक कार्यक्रम तथा संकलन सहमति नलिई रूखहरू कटान गरेकोले सो समूहका अध्यक्ष राजेश चौहानलाई पक्राउ गरी वन ऐन तथा नियमावली बमोजिम कारबाहीको लागि पेस गरेको भन्नेसमेत व्यहोराको स.व.अ. जगदीशचन्द्र देवसमेतका कर्मचारीले मिति २०६६।०१।१७ गते गजुरमुखी इलाका वन कार्यालय मु. विर्तामोडमा पेस गरेको प्रतिवेदन ।

हाम्रो श्रृजना सा.व.उ. मा लगभग २८००.० क्यू. फिट साल जातका रूखहरू यस क्षेत्रका उपभोक्ताहरूले जबरजस्ती घरकाजको लागि कुनै पुर्जी प्रमाणबिना किटान गरेको ठीक हो । उक्त सा.व.उ.स मा ९ जना कार्य समितिमा रहेका र म अध्यक्ष हुँ । समूहमा विवादको समाधान सम्बन्धमा छलफल गर्दागर्दै समय नभ्याएको कारण सम्बन्धित कार्यालयमा जानकारी नगराइएको हो । उक्त रूखहरू कटान रोकथाम गर्न समितिले निर्णय गरी सूचनासमेत टाँस गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी राजेश चौहानले मिति २०६६।०१।१७ गते अनुसन्धान अधिकारीसमक्ष गरिदिएको बयान कागज ।

मिति २०६६।०१।१६ गते दानाबारी स्थित श्रृजना सा.व.उ.स. मा अनियमित किसिमबाट बिना जानकारी विधान कार्ययोजना तथा वन ऐन नियमावली विपरीत कटान भएका साखु जातका विभिन्न नाप साइजका २८०३.३७ क्य. फिट गोलिया बरामद भएको भन्नेसमेत व्यहोराको मिति २०६६।०१।१६ बरामदी मुचुल्का ।

बरामद काठहरू जम्मा मूल्य रु.७,००,८४२।५० को रहेको भन्नेसमेत व्यहोराको स.व.अ. जगदीशचन्द्र देवले मिति २०६६।०१।१९ गते खडा गरेको बिगो मूल्याङ्कन मुचुल्का ।

गत १ वर्षदेखि उपभोक्ताहरूले समूहबाट वन पैदावर सम्बन्धी पाउने सुविधा नपाएको कारण समूहका उपभोक्ताहरूले घरकाजको लागि विधान कार्ययोजना विपरीत रूख काटेको ठीक हो । मिति २०६६।०१।१५ गतेको आमभेलाको निर्णयले उक्त रूख हानि नोक्सानी गर्ने उपभोक्ताहरूलाई जरिवानासहित कारबाही पनि भएको छ । यसमा हानि नोक्सानी बारेमा तत्काल वन समिति कर्मचारीलाई थाहा नभएकोले वन कार्यालयमा जानकारी गराउन नसकेको हो । यो हानि नोक्सानीमा अध्यक्ष राजेश चौहानको संलग्नता छैन भन्नेसमेत व्यहोराको मिति २०६६।०१।२८ गतेको सर्जमिन मुचुल्का ।

प्रतिवादीहरू राजेश चौहान, पूर्णबहादुर खाती, ध्रुव तामाङ्ग, विजय राणा, दाताराम ढुङ्गाना, निरमाया जिमा, गीता सोराली, मीना दर्जी, नुनाल लिङदम, खीमबहादुर तामाङ्ग, यादव तामाङ्ग, रुकबहादुर मगर, लालबहादुर राई, दलबहादुर पूर्वे, मानबहादुर जवेगु, गोपाल खाती, निलबहादुर चौहान, मध्येबहादुर साराली,

गणेश खापुङ्ग तथा केशरबहादुर सोरालीलाई वन ऐन, २०४९ को दफा ४९ को देहाय खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ५०(१) (घ) (४) बमोजिम जनही सजाय गरिपाउन माग दाबी लिई वादी नेपाल सरकारका तर्फबाट यस अदालतमा प्रस्तुत गरिएको अभियोग पत्र ।

श्रृजना वन उपभोक्ता समितिको निर्णयबिना उपभोक्ताले आफैं रूख काटेका हुन् । मैले श्रृजना सामुदायिक वन उपभोक्ता समितिको विधान कार्ययोजना बमोजिम नै कारबाही गर्ने भनी समितिबाट निर्णय भए बमोजिम माथिल्लो निकाय (इ.व.का.) मा उजुरी नगराएको हो । समितिका सदस्यहरू टाढाटाढा भएको र आपतकालीन बैठक बस्न सक्ने अवस्था नभएको हुँदा पत्राचार गर्दा ढिला भई बैठक १३ गते बसेको हो । उपभोक्तालाई वन ऐन, २०४९ को दफा २९ अनुसार उपयुक्त सजाय गरेको हो । म घटनास्थल पुगी नापजाँच गर्दागर्दै गस्ती टोली पुगी पलाई पक्राउ गरेको हो । म लगायत वन समितिका कुनै पदाधिकारीको कसुरमा संलग्नता छैनन् । काठ उपभोक्तालाई वितरण गर्ने सम्बन्धमा कुनै निर्णयसमेत वन समितिले गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी राजेश चौहानले यस अदालतमा गरिदिएको बयान कागज ।

प्रतिवादी राजेश चौहानलाई यस अदालतको आदेशानुसार माग भएको धरौटी रु.७,००,८४२।- दाखिला गर्न नसकी निज थुनामा नै बसी पुर्पक्षको भएको ।

प्रतिवादीहरू पूर्णबहादुर खाती, ध्रुव तामाङ्ग, विजय राणा, दाताराम ढुङ्गाना, निरमाया जिमा, गीता सोराली, मीना दर्जी, नुनाल लिङदम, खिमबहादुर तामाङ्ग, यादव तामाङ्ग, रुकबहादुर मगर, धनबहादुर राई, मानबहादुर राई, अमर लाय, विष्णु बजगाइँ (खत्री), युवराज तामाङ्ग, कुलमान तामाङ्ग, लालबहादुर राई, दलबहादुर पूर्वे, मानबहादुर जवेगु, गोपाल खाती, निलबहादुर चौहान, मध्येबहादुर सोराली, गणेश खापुङ्ग तथा केशरबहादुर सोरालीसमेतका नाममा यस अदालतबाट जारी भएको म्याद निजहरू तथा निजहरूको घर जग्गासमेत केही नभएको भनी दानाबारी गा.वि.स. कार्यालयको सूचना पाटीका टाँस भई बेपत्ते तामेल भई आई मिसिल सामेल रहेको ।

काठ काट्नेहरू युवराज तामाङ्गसमेतका उपभोक्ता हुन् । राजेश चौहानसमेतका समितिका पदाधिकारीले काठ काट्नेलाई कारबाहीसमेत गरेको हो । काठ जफत गरी आम भेलाले नगद जरिवानासमेत गरेको छ । तर समयमा सम्बन्धित निकायमा जानकारी नदिएको कारण राजेश चौहानसमेतका पदाधिकारीमाथि निजहरूको संलग्नता नभए पनि पदीय दायित्व अनुसार कारबाही गरिएको हो भन्नेसमेत व्यहोराको प्रतिवेदकहरू निरेन्द्रप्रसाद, शाह, स.व.अ.जगदीशचन्द्र देव, फरेस्टर टीकाराम खतिवडासमेतले यस अदालतसमक्ष गरिदिएको प्रायः एकामिलान व्यहोराको अलग अलग बकपत्र ।

खेमबहादुर तामाङ्गसमेतका अन्य व्यक्तिहरूले वन कटान गरेका हुन् । वन समितिका अध्यक्ष रूख काटेको हाइन । कार्य समितिका सदस्यहरू टाढाटाढा भएको कारण वन उपभोक्ता कार्य समितिको बैठक ढिला बसेको र वन क्षेत्र प्रवेश विषेधको सूचना टाँस गरी वन हानि नोक्सानी गर्नेलाई पत्राचार गरी नगद जरिवाना र एक वर्षसम्म सदस्यतासमेत निलम्बन गरी अन्य सुविधाबाट समेत वञ्चित गरी कार्यसमितिले आफ्नो दायित्व वन ऐन नियम बमोजिम निर्वाह गरेको हो भन्नेसमेत व्यहोराको बुझिएको मानिस डिकबहादुर राईले यस अदालतसमक्ष गरिदिएको बकपत्र ।

प्रतिवादी राजेश चौहानले कुनै रूख काट्न लगाएको होइन । युवराज तामाङ्ग समेतका मानिसहरूले उक्त वन पैदावर हानि नोक्सानी गरेका हुन् । वन पैदावर काटेको जानकारी पाएपछि राजेश चौहान वन अध्यक्षको नाताले हानि नोक्सानी गर्नेलाई जरिवाना गरी सूचना टाँस गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी रेवतप्रसाद ढुङ्गानाले यस अदालतसमक्ष गरिदिएको बकपत्र ।

मिसिल संलग्न कागज प्रमाणलाई दृष्टिगत गर्दा हालको अवस्थासम्म पनि अन्य प्रतिवादीहरूको हकमा यस अदालतबाट जारी भएको म्याद तामेल भई आउन सकेको अवस्था देखिँदैन, तत्काल अन्य प्रतिवादीको हकमा समेत मुद्दाको अंग पुऱ्याउँदा कानुन बमोजिमको अवधिसम्म मुद्दाको फैसला हुन सक्ने सम्भावना रहेको नदेखिँदा र मुलुकी ऐन अ.बं.१२२ नं. को अन्तिम वाक्यांशले त्यसरी किनारा लगाउन हुनेका हकमा किनारा नलगाई बिनाकारण थुनामा राख्नु हुँदैन भन्ने पनि व्यवस्था गरेको देखिएको हुँदा यी प्रतिवादीको हकमा मुद्दा फैसला नगरी राख्न उपयुक्त नदेखिएकोले प्रस्तुत मुद्दालाई यी प्रतिवादीको हकमा कारबाही किनारा गरिदिने प्रयोजनार्थ पेसीमा चढाउनु भन्नेसमेत मिति २०६६।११।२८ का दिन यस अदालतबाट आदेश भई प्रतिवादी राजेश चौहानको हकमा मुद्दा इजलासमा पेस भएको ।

**ठहर**

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा बुझिएसम्मका सवुद प्रमाणका आधारबाट मुद्दा पुर्पक्षको लागि माग भएको धरौटी वा जेथा जमानत दाखिला नगरेको कारणबाट थुनामा रहेका प्रतिवादी राजेश चौहानको हकमा सम्म प्रस्तुत मुद्दा अ.बं.१२२ नं. बमोजिम छिनी किनारा गरिदिए हुने भएकाले वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री कृष्णमोहन कोइराला तथा प्रतिवादी राजेश चौहानका तर्फबाट उस्थित विद्वान् अधिवक्ता श्री सुधिर बोहोराले गर्नुभएको बहससमेत सुनी मिसिल फाइल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा यसमा यी प्रतिवादी राजेश चौहानले आरोपित कसुर गरेका हुन् होइनन् ? र सजाय हुनुपर्ने हो होइन ? सो सम्बन्धमा नै यस अदालतले मुख्य रूपमा निर्णय दिनुपर्ने देखिन आयो ।

यस सम्बन्धमा विचार गर्दा यी प्रतिवादी राजेश चौहानसमेतले समूहको विधान तथा कार्ययोजना एवं वन ऐन नियमावलीविरुद्ध कार्य गरी साखु गोलिया ११२ को २८०३.३७ क्य. फिटको हुने मूल्य गरेको भन्ने आरोपम ऐ.को दफा ५०(१)(घ)(४) बमोजिम जनही सजाय गरी पाऊँ भन्नेसमेतको मागदाबी लिई वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा अभियोग पत्र दायर हुन आएको पाइन्छ ।यी प्रतिवादी राजेश चौहानले मौका अनुसन्धानको क्रममा र यस अदालतमा बयान गर्दाको अवस्थामा समेत श्रृजना सामुदायिक वन उपभोक्ता समितिको क्षेत्राधिकार वनको साल जातका रूखहरू कटान भए गरिएको भन्ने कुरालाई स्वीकार गरी बयान गरेको देखिन्छ । निजको बयानबाट उक्त रूखहरू मिति २०६६।०१।१९ देखि कटान हुन थालेको र सो कुराको जानकारी निजलाई उक्त मिति २०६६।०१।०९ मा नै भएको भन्ने पनि निजको बयानबाट देखिन आएको छ । यसरी मिति २०६६।०१।०९ देखि २०६६।०१।१२ तक निरन्तर रूपमा रूखहरू कटान हुँदै गरेको जानकारी यी प्रतिवादीलाई रहँदारहँदै पनि यी प्रतिवादीले सो कुराको जानकारी वन कार्यालय र सम्बन्धित इलाका वन कार्यालयलाई नगराएको भन्ने पनि निजको बयानबाट देखिन आएको छ। निजको उक्त बयानबाट त्यसरी रूखहरू कटान हुँदै गरेको कार्यलाई रोकथाम गर्न यी प्रतिवादीले कुनै प्रयास गरेको भन्ने पनि देखिन आएको छैन ।

वन ऐन, २०४९ "वन जंगलको संरक्षण र सुव्यवस्था गर्न" जारी गरिएको ऐन भन्ने कुरा उक्त ऐनको प्रारम्भिक शीर्षकमा नै उल्लेख भएको देखिन आएको छ । उक्त ऐनको प्रस्तावनालाई हेर्दा सर्वसाधारण जनताको आधारभूत आवश्यकता पूरा गर्ने, सामाजिक तथा आर्थिक विकास गर्ने तथा स्वास्थ्य वातावरणको प्रवर्द्धन गर्ने र राष्ट्रिय वनलाई सामुदायिक वनको रूपमा समेत व्यवस्थापन गरी वनको विकास, संरक्षण तथा वन पैदावरको

सदुपयोग गर्नेसमेत उद्देश्यले उक्त ऐन बनाउनुपरेको भन्ने कुरा उल्लेख भएको पाइन्छ । वन ऐन, २०४९ को दफा २५ लाई हेर्दा उपभोक्ता समूहले कार्ययोजना बमोजिम वनको विकास, संरक्षण, उपभोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रूपले वन पैदावरको मूल्य निर्धारण गरी बिक्री गर्न पाउने गरी जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई सुम्पन सक्ने व्यवस्था गरेएको देखिन्छ भने सो ऐनको दफा ४१ मा सामूहिक हितको लागि कुनै वनको विकास र संरक्षण गर्न तथा वन पैदावरको उपभोग गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरूले उपभोक्ता समूह गठन गर्न सक्ने व्यवस्था गरिएको देखिन्छ । यसरी वन ऐन, २०४९ को प्रस्तावना र उक्त ऐनमा रहेका उपभोक्ता समूह गठन सम्बन्धी व्यवस्था एवं सामुदायिक वन सम्बन्धी व्यवस्थासमेतमा वनको विकास र संरक्षणलाई प्रथम प्राथमिकतामा राखेको देखिन आएको छ ।

प्रस्तुत मुद्दाका यी प्रतिवादी राजेश चौहान श्रृजना सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष रहेको भन्ने कुरा निजले गरेको बयान लगायतका मिसिल संलग्न प्रमाणबाट देखिन आएको छ । उक्त सामुदायिक वन उपभोक्ता समितिको अध्यक्षजस्तो जिम्मेवार पदाधिकारी भएको नाताले वन ऐन, नियम एवं समितिको विधान र कार्ययोजना बमोजिम उक्त सामुदायिक वनको विकास र संरक्षण गर्नु निजको मुख्य कर्तव्य एवं दायित्व हुने रहने कुरामा कुनै विवाद हुनै सक्दैन । तर निज अध्यक्ष रहेको उक्त सामुदायिक वनको विकास र संरक्षण गर्ने कुनै विवाद हुन सक्दैन । तर निज अध्यक्ष रहेको उक्त सामुदायिक वनको विकास र संरक्षण गर्ने कुनै प्रभावकारी कार्य योजना एवं भूमिका निजको रहेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन आएको छैन । बरु निज अध्यक्ष रहेको उक्त सामुदायिक वनको साल जातका रूखहरू मिति २०६६।०१।०९ देखि २०६६।०१।१२ सम्म कटान गरी वन विनाश गरिएको भन्ने कुरा निजैको बयानबाट देखिन आएको छ । तर त्यसरी वन विनाश गरिँदै गरिएको कुरा निजको जानकारीमा रहँदारहँदै पनि सोको रोकथाम र नियन्त्रणको लागि यी प्रतिवादीले मौकामा नै कुनै प्रयास नगरेको कुरा निजैको बयानबाट देखिन आएको छ । मिसिलबाट देखिएको त्यस्तो अवस्था हुँदा यस अदालतमा मिति २०६६।०३।१४ मा यी प्रतिवादीले रूखहरू कटान हुँदा आफ्नो दायित्व पूरा गरेको नदेखिएको र सो कारणबाट २८०२.३७ क्यू. फिट साल जातको काठ कटान हुन गएको भन्ने आधारमा यी प्रतिवादीबाट मुद्दा पुर्पक्षको लागि रु.७,००,८४२।- धरौटी वा सो बराबरको जेथा जमानत माग गरी दिए लिई तारिखमा राख्नु नदिए थुनामा राख्नु भनी यस अदालतको श्रेस्तेदारले मिति २०६६।०२।०७ मा गरेको आदेशलाई समर्थन गरेको देखिन आएको र सो सम्बन्धमा यी प्रतिवादीको सम्मानित पुनरावेदन अदालत इलाममा अ.बं. १७ नं. बमोजिमको निवेदन परेकोमा सम्मानित पुनरावेदन अदालत इलामबाट पनि मिति २०६६।०६।२२ मा यी प्रतिवादीले मौकामा वन कटानीको सूचना सम्बन्धी वन कार्यालयलाई गराई रोकथाम प्रयत्न गरेको भन्नेसमेत नदेखिएको भन्ने आधारमा यस अदालतबाट भएको उक्त मिति २०६६।०३।१४ को आदेश सदर भएको पाइन्छ ।

यी प्रतिवादी राजेश चौहान यस अदालतमा बयान गर्दाको अवस्थामा रूख काट्ने कार्य आफूले नगरेको हुँदा अभियोग दाबीबाट फुर्सद पाउनुपर्ने भनी बयान गरेको देखिन्छ । प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले पनि बहसको क्रममा वन ऐन, २०४९ को दफा ४९(ङ) मा रूख वा बिरुवा काट्ने, हाँगा बिँगा छिमल्ने, खोटो वा बोक्रा झिक्ने वा कुनै प्रकारको नोक्सानी कार्यलाई कसुर मानेको तर यी प्रतिवादी राजेश चौहानलाई उक्त अनुसारको कुनै कार्य नगरेको र उक्त कार्य सोही समूहका १७ जना उपभोक्ताहरूले गरेको भन्ने कुरा यी प्रतिवादीले मौका अनुसन्धानको क्रममा गरेको बयान, यस अदलतमा गरेको बयान तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले लेखाइदिएको कागज व्यहोराबाट पुष्टि भइरहेको देखिन आएको र त्यसरी उक्त अनुसारको

कसुर गर्ने उपभोक्ताहरूलाई समितिको विधान र कार्य योजना बमोजिम वन ऐन, २०४९ को दफा २९ अनुसार कारबाहीसमेत गरिसकिएको अवस्था हुँदा यी प्रतिवादीले आरोपित कसुर गरेको भन्ने र सो अनुसार सजाय गर्न मिल्ने नदेखिँदा आरोपित कसुरबाट मेरो पक्ष प्रतिवादी राजेश चौहानले सफाइ पाउनुपर्छ भन्नेसमेत जिकिर लिई बहस गर्नुभएको पाइन्छ । उक्त बहस जिकिरप्रति असहमति जनाउँदै वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ताले वन ऐन, २०४९ को दफा ४९ मा हानि नोक्सानी गर्ने कार्यलाई मात्र कसुर मानेको अवस्था नरही त्यस्तो कार्य गराउने कार्यलाई समेत कसुर मानको देखिएको र परदायित्वको सिद्धान्तसमेतबाट प्रतिवादी राजेश चौहानविरुद्धको कसुर पुष्टि भइरहेको दखिँदा यी प्रतिवादीलाई अभियोग माग दाबी बमोजिमको सजाय हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभएको देखिन्छ ।

विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको उक्त बहस जिकिरको परिप्रेक्ष्यमा वन ऐन, २०४९ ले के कस्ता कार्यलाई कसुर मानेको रहेछ भनी उक्त ऐनको दफा ४९ लाई हेर्दा "कसैले पनि यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनमा देहायका काम कारबाही गर्न वा गराउन र सो गर्ने गराउने उद्योगसमेत गर्न हुँदैन, त्यस्तो कुनै काम कारबाही गरेमा कसुर गरेको मानिनेछ" भन्ने उल्लेख भएको पाइन्छ र सोही दफा ४९ को खण्ड (ङ) मा "रूख वा बिरुवा काट्न, हाँगाबिँगा छिमल्न, खोटो वा बोक्रा झिक्न वा कुनै पनि प्रकारले नोक्सानी गर्न" भन्ने उल्लेख भएको देखिन्छ । यसरी वन ऐन, २०४९ को उल्लेखित दफा ४९ र सो दफाको खण्ड (ङ) मा व्यवस्थित प्रावधानले राष्ट्रिय वनको रूख काट्ने कार्यलाई मात्र कसुर मानेको नदेखिई त्यसरी रूख बिरुवा काट्न लगाउने र त्यस्तो कार्यको उद्योग गर्ने कार्यलाई समेत कसुर मानेको देखिन आयो । यसको साथै वन ऐन, २०४९ को दफा ५४ मा वन ऐन, २०४९ ले कसुर मानेको कुनै कार्य गर्न दुरुत्साहन दिने वा मिलोमतो गर्ने व्यक्तिलाई पनि कसुरदारलाई हुने सरहको सजाय हुने व्यवस्थागरिएको पाइन्छ ।

प्रस्तुत मुद्दाका प्रतिवादी राजेश चौहान अध्यक्ष रहेको श्रृजना सामुदायिक वन उपभोक्ता समिति अन्तर्गतको वन क्षेत्रको रूखहरू कटान भएको भन्ने कुरामा मिसिलबाट कुनै विवाद देखिन आएको छैन । उक्त रूखहरू समितिको विधान र कार्ययाजना एवं वन ऐन, नियमको विपरीत कटान भएको भन्ने कुरामा पनि मिसिलबाट कुनै विवाद देखिन आएको छैन । यी प्रतिवादी राजेश चौहानले यस अदालतमा गरेको उल्लेख भएको देखिन्छ । अर्थात् यी प्रतिवादी मौकामा वारदातस्थलबाटै पक्राउ गरेको भन्ने कुरालाई यी परेका यी प्रतिवादीले यस अदालतमा बयानमा गर्दा रूख कटान गर्ने कार्य खिमबहादुर तामाङ्गसमेतका उपभोक्ताहरूले गरेका र निजहरूले घरकाजको लागि समितिको निर्णयविरुद्ध जबरजस्ती र गुण्डागर्दी तरिकाबाट उक्त रूखहरू काटेको भनी निजहरूलाई पोल गरी बयान गरेको देखिन्छ । यी प्रतिवादीले यस अदालतमा बयान गर्दाको अवस्थामा पनि श्रृजना वन उपभोक्ता समितिको निर्णयबिना उपभोक्ताले आफैं मनखुसी रूख काटेका हुन् भनी पोल गरेको पाइन्छ । मौकामा खडा भएको वस्तुस्थिति मुचुल्का डिकबहादुर राई, देउमान राईसमेतका व्यक्तिहरूले आफ्नो व्यहोरा लेखाउँदा पनि यी प्रतिवादीले आफ्नो बयानमा पोल गरेझैं खिमबहादुर तामाङ्गसमेतका १७ जना उपभोक्ताहरूले घरकाजको लागि रूखहरू काटेको भनी लेखाइदिएको देखिन्छ । तर प्रतिवादी खिमबहादुर तामाङ्गसमेतका प्रतिवादीहरू यस अदालतमा उपस्थित भई आफ्नो भनाई राखी नसकेको हालको अवस्थामा यी प्रतिवादीको बयान र वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको कथनको भरमा मात्र वापरदातस्थलबाट मौकामा पक्राउ परेका यी प्रतिवादी उक्त रूखहरू काट्ने कार्यमा कुनै हात नरही केवल निजले पोल गरेका खिमबहादुर तामाङ्गसमेतका प्रतिवादीहरूको मात्र हात रहेको भनी यकिन रूपमा भन्न सकिने अवस्था रहँदैन । उसमा पनि

खिमबहादुर तामाङ्गसमेतका प्रतिवादीहरूले घरकाजको लागि उक्त रूखहरू काटेको भन्ने यी प्रतिवादीको मौकाको बयान नै सर्वप्रथमतः विश्वासयोग्य देखिन आएको छैन । किनभने यी प्रतिवादीले यस अदालतमा गरेको बयानबाटै उपभोक्तालाई वन कार्यालयबाट सहमति लिई र समितिबाट निर्णय गराई १० क्यू. फिटदेखि ५० क्यू.फिटसम्म काठ प्रतिवर्ष उपलब्ध गराइने व्यवस्था रहेको भन्ने देखिँदा सम्बन्धित उपभोक्ताहरूलाई वास्तवमा घरकाजको लागि काठको आवश्यकता परी निजहरूले माग गरेको अवस्थामा कानुन बमोजिमको प्रक्रिया पुऱ्याई निजहरूले सहज रूपमा कानुनसम्मत तरिकाबाट वन पैदावर प्राप्त गर्न सक्ने अवस्था रहे भएको देखिन आएको छ । सम्बन्धित उपभोक्ताहरूले यसरी कानुन बमोजिम नै घरकाजको लागि वन पैदावर प्राप्त गर्न सक्ने अवस्था भएको स्थितिमा यी प्रतिवादीले मौकाको बयानमा उल्लेख गरेझैं खिमबहादुर तामाङ्गसमेतका प्रतिवादीहरूले घरकाजको लागि वन ऐन नियमविरुद्ध जबरजस्ती एवं गुन्डागर्दी तरिकाबाट वन पैदावर काट्नुपर्ने अवस्था रहँदैन । अर्कोतर्फ बरामद हुन आएको काठ २८०३.१७ क्यू.फिट रहेको देखिँदा त्यत्ति ठूलो परिमाणको काठ घरकाजको लागि काटेको भन्ने कुरा पनि पत्यारलायक देखिन नआई अन्यथा प्रमाणित नभएसम्म उक्त रूखहरू गैरकानुनी रूपमा फाइदा लिने उद्देश्यले कटान गरिएको भनी मान्नुपर्ने देखिन आयो । यसरी कानुन र समितिको विधान तथा कार्ययोजना विपरीत गैरकानूनी तरिकाबाट फाइदा लिने उद्देश्यले कटान गरिएका उक्त रूखहरूलाई घरकाजको लागि कटान गरिएको भनी गरिएको कसुरलाई न्यूनीकरण गराउन सकिन्छ कि भन्ने देखिन्छ । यसरी वन ऐन, २०४९ को उल्लेखित दफा ४९ र सो दफाको खण्ड (ङ) मा व्यवस्थित प्रावधानले राष्ट्रिय वनको रूख बिरुवा काट्ने कार्यलाई मात्र कसुर मानेको नदेखिई त्यसरी रूख बिरुवा काट्न लगाउने र त्यस्तो कार्यको उद्योग गर्ने कार्यलाई मात्र समेत कसुर मानेको देखिन आयो । यसको साथै वन ऐन, २०४९ को दफा ५४ मा वन ऐन, २०४९ ले कसुर मानेको कुनै कार्य गर्न दुरुत्साहन दिने वा मिलोमतो गर्ने व्यक्तिलाई पनि कसुरदारलाई हुने सरहको सजाय हुने व्यवस्था गरिएको पाइन्छ ।

प्रस्तुत मुद्दाका प्रतिवादी राजेश चौहान अध्यक्ष रहेको श्रृजना सामुदायिक वन उपभोक्ता समिति अन्तर्गतको वन क्षेत्रको रूखहरू कटान भएको भन्ने कुरामा मिसिलबाट कुनै विवाद देखिन आएको छैन । उक्त रूखहरू समितिको विधान र कार्ययोजना एवं वन ऐन, नियमको विपरीत कटान भएको भन्ने कुरामा पनि मिसिलबाट कुनै विवाद देखिन आएको छैन । यी प्रतिवादी राजेश चौहानले यस अदालतमा गरेको बयानबाट यी प्रतिवादीलाई वन गस्ती टोलीले रूख काट्न भएको वारदातस्थलबाटै पक्राउ गरेको भन्ने उल्लेख भएको देखिन्छ । अर्थात् यी प्रतिवादी मौकामा वारदातस्थलबाटै पक्राउ परेको भन्ने कुरालाई यी प्रतिवादीले यस अदालतसमक्षको बयानमा स्वीकार गरेको देखिन आयो । त्यसरी वारदातस्थलबाटै पक्राउ परेका यी प्रतिवादीले मौका अनुसन्धानको क्रममा बयान गर्दा रूख कटान गर्ने कार्य खिमबहादुर तामाङ्गसमेतका उपभोक्ताहरूले गरेका र निजहरूले घरकाजको लागि समितिको निर्णयविरुद्ध जबरजस्ती र गुन्डागर्दी तरिकाबाट उक्ता रूखहरू काटेको भनी निजहरूलाई मोल गरी बयान गरेको देखिन्छ । यी प्रतिवादीले यस अदालतमा बयान गर्दाको अवस्थामा पनि श्रृजना वन उपभोक्ता समितिको निर्णयबिना उपभोक्ताले आफैं मनखुसी रूख काटेका हुन् भनी मोल गरेको पाइन्छ । मौकामा खडा भएको वस्तुस्थिति मुचुल्काका डिकबहादुर राई, देउमान राईसमेतका व्यक्तिहरूले आफ्नो व्यहोरा लेखाउँदा पनि यी प्रतिवादीले आफ्नो बयानमा पोल गरेझैं खिमबहादुर तामाङ्गसमेतका १७ जना उपभोक्ताहरूले घरकाजको लागि रूखहरू काटेको भनी लेखाइदिएको देखिन्छ । तर प्रतिवादी खिमबहादुर तामाङ्गसमेतका प्रतिवादीहरू यस अदालतमा उपस्थित भई आफ्नो भनाइ राखी नसकेको हालको अवस्थामा यी प्रतिवादीको बयान र वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको कथनको भरमा मात्र वारदातस्थलबाटै मौकामा पक्राउ

परेका यी प्रतिवादीको उक्त रूखहरू काट्ने कार्यमा कुनै हात नरही केवल निजले पोल गरेका खिमबहादुर तामाङ्गसमेतका प्रतिवादीहरूको मात्र हात रहेको भनी यकिन रूपमा भन्न सकिने अवस्था रहँदैन । उसमा पनि खिमबहादुर तामाङ्गसमेतका प्रतिवादीहरूले घरकाजको लागि उक्त रूखहरू काटेको भन्ने यी प्रतिवादीको मौकाको बयान नै सर्वप्रथमः विश्वासयोग्य देखिन आएको छैन । किनभने यी प्रतिवादीले यस अदालतमा गरेको बयानबाटै उपभोक्तालाई वन कार्यालयबाट सहमति लिई र समितिबाट निर्णय गराई १० क्यू.फिट देखि ५० क्यू.फिटसम्म काठ प्रतिवर्ष उपलब्ध गराइने व्यवस्था रहेको भन्ने देखिँदा सम्बन्धित उपभोक्ताहरूलाई वास्तवमा घरकागजको लागि काठको आवश्यकता परी निजहरूले माग गरेको अवस्थामा कानुन बमोजिमको प्रक्रिया पुऱ्याई निजहरूले सहज रूपमा कानुनसम्मत तरिकाबाट वन पैदावर प्राप्त गर्न सक्ने अवस्था रहे भएको देखिन आएको छ । सम्बन्धित उपभोक्ताहरूले यसरी कानुन बमोजिम नै घरकाजको लागि वन पैदावर प्राप्त गर्न सक्ने अवस्था भएको स्थितिमा यी प्रतिवादीले मौकाको बयानमा उल्लेख गरेभैंm खिमबहादुर तामाङ्गसमेतका प्रतिवादीहरूले घरकाजको लागि वन ऐन नियमविरुद्ध जबरजस्ती एवं गुण्डागर्दी तरिकाबाट वन पैदावर काट्नुपर्ने अवस्था रहँदैन । अर्कोतर्फ बरामद हुन आएको काठ २८०३.१७ क्यू.फिट रहेको देखिँदा त्यत्ति ठूलो परिमाणको काठ घरकाजको लागि काटेको भन्ने कुरा पनि पत्यारलायक देखिन आउँदैन । यसरी हेर्दा कटान गरिएका उक्त रूखहरू घरकाजको लागि कटान गरिएको भन्न सकिने अवस्था देखिन नआई अन्यथा प्रमाणित नभएसम्म उक्त रूखहरू गैरकानुनी रूपमा फाइदा लिने उद्देश्यले कटान गरिएको भनी मान्नुपर्ने देखिन आयो । यसरी कानुन र समितिको विधान तथा कार्ययोजना विपरीत गैरकानुनी तरिकाबाट फाइदा लिने उद्देश्यले कटान गरिएका उक्त रूखहरूलाई घरकाजको लागि कटान गरिएको भनी गरिएको कसुरलाई न्यूनीकरण गराउन सकिन्छ कि भन्ने प्रयाससमेत यी प्रतिवादीले गरेको स्थिति देखिँदा उक्त रूखहरू कटान गर्ने कार्यमा यी प्रतिवादीको समेत संलग्नता रहेको भनी मान्नुपर्ने देखिन आयो ।

अब एकाछिनलाई यी प्रतिवादीले बयानमा उल्लेख गरेभैंm उक्त रूखहरू यी प्रतिवादीले काटेको नभई निजले पोल गरेका खिमबहादुर तामाङ्गसमेतका १७ जनाले मात्र काटेका हुन् भनी मान्दाको अवस्थामा समेत वन ऐन, २०४९ को दफा ४९ ले रूख काट्ने कार्यलाई मात्र कसुर मानेको नदेखिई माथि उल्लेख भएअनुसार रूख काट्न लगाउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने कार्यलाई समेत कसुर मानेको देखिन आएको र त्यस्तो कसुर मानेको कुनै कार्य गर्न दुरुत्साहन दिने वा मिलोमतो गर्ने कार्यलाई पनि कसुरदारलाई हुने सरह सजाय हुने व्यवस्था वन ऐन, २०४९ को दफा ५४ मा रहेको देखिँदा यी प्रतिवादीले आरोपित कसुरबाट उन्मुक्ति समितिको अध्यक्षजस्तो जिम्मेवारपूर्ण पदमा आसीन व्यक्ति रहे भएको कारणबाट वन ऐन नियमअनुसार वन जंगलको संरक्षण र विकास गर्नु र वन विनाश हुन नदिनु नै यी प्रतिवादीको मुख्य कर्तव्य र दायित्व रहे भएको भन्ने कुरा माथि विवेचना गरिसकिएकै छ । यस्तो कर्तव्य र दायित्व बोकेको यी प्रतिवादीको वन क्षेत्रभित्रको वन विनाश भइरहेको भन्ने कुराको जानकारी यी प्रतिवादीलाई कुनै तवरबाट प्राप्त हुन गएमा उसै समयमा सम्बन्धित निकायहरूमा जानकारी गराई उक्त वन विनाश हुने कार्यलाई रोकथाम गर्न हदसम्भव प्रयास गर्नुपर्ने हुन्थ्यो । तर यी प्रतिवादी अध्यक्ष रहेको उक्त श्रृजना सामुदायिक वन क्षेत्रभित्र मिति २०६६।०१।०९ देखि २०६६।०१।१२ सम्म निरन्तर रूपमा रूखहरू कटान भई वन विनाश भइरहँदा र सो कुराको जानकारी निजलाई मौकामा नै मिति २०६६।०१।०९ मै भइसकेको अवस्थामा समेत यी प्रतिवादीले वन विनाश हुन नदिन र वन जंगलको विकास र संरक्षण गर्ने आफ्नो कर्तव्य र दायित्व पूरा गर्नेतर्फ कुनै किसिमको प्रयास गरेको नदेखिएको बरु टुलुटुलु हेरी बसी वन विनाश हुन दिइरहेको अवस्था देखिंदा अन्यथा प्रमाणित नभएसम्म वन क्षेत्रको उक्त रूखहरूको कटान

कार्य यी प्रतिवादी नै गराउन लगाएको र उक्त वन विनाश, हुन गराउन यी प्रतिवादीले दुरुत्साहनसमेत गरेको भन्ने कुरा स्पष्ट रूपमा भन्नु मान्नुपर्ने देखिन आउने हुँदा आरोपित कसूर सजायबाट यी प्रतिवादीले उन्मुक्ति पाउन सक्ने अवस्था रहेको देखिएन ।

अब फेरि एकछिनले बयानमा जिकिर लिएझैं उक्त रूखहरू यी प्रतिवादीसमेतले कटान नगरेको तथा यी प्रतिवादीसमेतले कटान नगरेको तथा यी प्रतिवादीले पोल गरेका व्यक्तिहरूबाट उक्त कार्य गर्न नलगाएको वा उक्त रूख कटान कार्यमा यी प्रतिवादीको कुनै संलग्नता र मिलेमत्तो नभए नरहेको भन्ने कुरालाई स्वीकार गर्ने हो भने पनि वन ऐन, २०४९ को दफा ५४ ले वन ऐन, २०४९ अन्तर्गत कसुर गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई समेत कसुदारलाई हुने सरहको सजाय हुने व्यवस्था गरेको र यी प्रतिवादीकै बयानबाट यी प्रतिवादीले माथि विवेचना गरिए अनुसार वन विनाश हुन दिइरहेको अर्थात् वन ऐनअन्तर्गतको कसुर गर्न दुरुत्साहन गरेको भन्ने देखिन आएको छ । हुनत प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताले बहसको क्रममा रूखहरू काट्ने उपभोक्ताहरूलाई वन ऐन, २०४९ का दफा २९ अनुसार सजाय गरिसकिएको भन्ने आधार र कारणबाट मात्र यी प्रतिवादीविरुद्ध वन ऐन अन्तर्गतको कसुर कायम हुन नसक्ने र यी प्रतिवादीलाई सजाय हुन नमिल्ने भन्ने प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस अवस्थामा निजलाई कसुर अनुसार सजाय गर्न वन ऐन, २०४९ को कुनै दफामा रहेको कुनै प्रावधानले रोक लगाएको अवस्था देखिँदैन । उसमा पनि मिसिलको अध्ययनबाट यी प्रतिवादी मौकामा वारदातस्थलबाट पक्राउ परेपछि मात्र नियतवश अगाडिको मिति राखी उक्त कारबाही गरिएको भन्ने व्यहोराको कागजातहरू खडा गरिएको रहेछ भन्ने देखिन आएको छ । कसरी भने यी प्रतिवादीलाई मौका अनुसन्धानको क्रममा बयान गराउँदा अवस्थामा बयानको स.ज. ६ मा तपाई लगायतका कार्यसमितिका पदाधिकारीहरूले हानि नोक्सानी रोकथाम गर्न के पहल गर्नुभएको हो भनी सोधिएको प्रश्नको जवाफमा यी प्रतिवादीले उक्त रूखहरू कटान रोकथाम गर्न सानोतिनो निर्णय गरी सूचना टाँस गरेको तथा मौखिक जानकारीसमेत गराएको भनी बयान गरेको देखिन्छ । यी प्रतिवादीको मौका अनुसन्धानको क्रममा भएको उक्त बयान मिति २०६६।०१।१७ मा भएको देखिन्छ । अर्थात् मिति २०६६।०१।१७ मा बयान हुँदाको अवस्थासम्ममा यी प्रतिवादी लगायतका पदाधिकारीहरूले रूखहरूको कटान कार्य रोकथाम गर्नको लागि सानोतिनो निर्णयसम्म गरी सूचना टाँस गरेको भन्नेसम्म देखिन आएको तर सो बाहेकको अन्य कुनै कार्य गरेको भन्ने निजको बयानबाट देखिएन । यसबाट यी प्रतिवादीले यस अदालतको बयानमा जिकिर लिएको अनुसारको वन ऐन, २०४९ को दफा २९ अनुसारको कारबाही मौकामा मिति २०६६।०१।१५ का दिन नै गरेका रहेछन् भनी भन्न सकिने अवस्था नरही अगाडिको मिति हाली मौकामा उक्त बयानभन्दा पछिको मितिमा उक्त कागजातहरू खडा भए गरिएको रहेछ भन्ने कुरा यी प्रतिवादीको मौकाको बयानबाट देखिन आयो । यसरी मौकामा नभए नगरिएको कुरालाई गरे भएको भनी पछि कागजात खडा गर्नेसम्मको यी प्रतिवादीसमेतले गरेको उल्लेखित कार्य व्यवहारबाट समेत आरोपित कसुरमा यी प्रतिवादीको संलग्नता रहेको भन्ने स्पष्ट रूपमा देखिन आयो ।

यसरी माथि विवेचना गरिएको विभिन्न तथ्य आधार प्रमाणसमेतबाट यी प्रतिवादी उपर माग दाबी लिइएकी वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) अनुसार सजाय हुन सक्ने कसुर यी प्रतिवादीले गरेका रहेछन् भन्ने पुष्टि हुन आएको देखिंदा यी प्रतिवादीले सो अनुसार कसुर गरेको ठहर्छ । अतः वनको संरक्षण र विकास गर्नुपर्ने दायित्व बोकेका व्यक्तिबाटै वन विनाश भएको देखिन आएकोले कसुरमा यी प्रतिवादीको संलग्नताको मात्रालाई विचार गर्दा यी प्रतिवादीलाई कैद सजायको साथै आर्थिक दण्डसमेत दिन उपयुक्त हुने हुँदा यी

प्रतिवादीलाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) अनुसार ६ महिना कैद र बिगो रु.७,००,८४२।५० को दोब्बर रु.१४,०१,६८५।- जरिवानासमेत हुने ठहर्छ । अन्य कुरा तपसिल बमोजिम गर्नू ।

**तपसिल**

माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी राजेश चौहानलाई ६ महिना कैद र रु. १४,०१,६८५।- जरिवाना हुने ठहरी फैसला भएको हँदा निज प्रतिवादी मिति २०६६।०१।१७ गतेदेखि थुनामा रही धरौटी दाखिला नगरी फैसला मितिसम्म थुनामै रहेको देखिँदा निजलाई लागेको कैद मिति २०६६।०७।१६ मा भुक्तान भइसकी बढी बसेको थुना अवधि ४ महिना २३ दिनलाई मु.ऐन दण्ड सजायका ५३ नं.ले नगदमा परिणत गर्दा १ दिनको रु.२५।- ले रु.३५७५।- जरिवानासमेत असुल उपर भइसकेको हुँदा बाँकी जरिवाना रु.१३,९८,११०।- बुझाए आजै निजलाई कैदमुक्त गरिदिनु र जरिवाना नबुझाए दण्ड सजायका ३८ नं. अनुसार जरिवाना बापत ४ वर्षसम्म अर्थात् मिति २०७०।०७।१५ सम्म कैदमा राखी ऐ.१६ गतेबाट कैदमुक्त गरिदिनु भनी कारागार कार्यालय इलाममा रीतपूर्वक पुर्जी लेखी पठाइदिनू......................................................................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नु भनी कारागार कार्यालय झापामा रहेका प्रतिवादी राजेश चौहानलाई उक्त कारागारमा नै पुनरावेदनको म्याद पठाइदिनू................२

फैसलाको प्रतिलिपि साथै राखी जानकारी जिल्ला सरकारी वकिल कार्यालय इलाममा जानकारी पठाइदिनु.............३

सरोकारवालाले फैसलाको नक्कल माग गरे कानुन बमोजिम गरिदिनू ........................................................४

प्रस्तुत मुद्दामा यी प्रतिवादी राजेश चौहानको हकमा दायरी लगत कट्टा गरी बाँकी अन्य प्रतिवादीहरूका हकमा मुद्दा पुनः दर्ता गरी कानुन बमोजिम गर्नू.......................................................................................५

प्रस्तुत पाना -८ को फैसला माननीय जिल्ला
न्यायाधीशज्यूले टिपाए बमोजिम लेख्ने :-
ना.सु. फणीन्द्रराज भट्टराई

.....................
उमेशराज पौड्याल
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल चैत्र १० गते रोज............................................................।

**श्री ललितपुर जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री लेखनाथ ढकाल**

**फैसला**

**संवत् २०६६।०६७ को स.वा.फौ.मि.नं.००१।०७६ निर्णय नं.१०१**

***मुद्दा :- सरकारी छाप दस्तखत किर्ते एवं जालसाजी ।***

**वादीको नाम, थर, वतन**

मालपोत कार्यालय ललितपुरको पत्र जाहेरीले नेपाल सरकार ................१

**साक्षी**

हरिप्रसाद भण्डारी, वेदप्रसाद पाठक, रामकुमार राउत, केशवप्रसाद न्यौपाने, गोविन्दप्रसाद अधिकारी

**कागज**

मा.पो.का.ल.पु.को पत्र जाहेरी, ज.ध.द.श्रेस्ता एवं प्रतिलिपि, प्रमाणित किर्ते ज.ध. श्रेस्तासमेतको कागजातहरू ।

**प्रतिवादीको नाम, थर, वतन**

गणेश महर्जनको छोरी ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स.वडा नं ६ बस्ने रत्न महर्जन...................................................१

मित्रलाल खनालको छोरा जि.गारेखा आरुपोखरी गा.वि.स.वडा न.७ धारापानी घर भई हाल मालपोत कार्यालय ललितपुरमा पियन पदमा कार्यरत ज्ञानेन्द्र खनाल.................................१

घारे खड्काको छोरा जि.बझाङ्ग रियापाटा गा.वि.स.वडा न.६ घर भई मालपोत कार्यालय ललितपुरमा खरिदार पदमा कार्यरत गोरखबहादुर खड्का....................................................१

भाईचा महर्जनको छोरा जि.मकवानपुर हेटौंडा न.पा.वडा न.५ सानो पोखरा बस्ने केदारभाई महर्जन.................................१

चन्द्रबहादुर नकर्मीको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२१ प्यूखाटोल बस्ने राजेन्द्रबहादुर नकर्मी.......................................................................१

रविन्द्रबिक्रम थापाको छोरा रामेछाप जिल्ला भलजोर गा.वि.स.वडा न.२ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा न.३५ कोटेश्वर बस्ने राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय, सिंहदरबारमा सहायक चौथा तहमा कार्यरत रमेश थापा...............................................१

ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका वडा न.१८ पूर्णचण्डी बस्ने लक्ष्मीबहादुर महर्जनको छोरा बाबुराजा महर्जन........................................................................१

ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स.वडा न.५ बस्ने कृष्ण महर्जनको छोरा प्रदीप महर्जन.......................................१

साक्षी

कागज

**अदालतबाट बुझेको**

**साक्षी :**

केशवप्रसाद न्यौपाने, ठाकुरप्रसाद पुडासैनी, हरिप्रसाद भण्डारी

प्रमाण कागज :-

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नं.ले यसै अदालतको अधिकार क्षेत्रभित्रको भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यसप्रकार रहेको छ ।

१. हरिसिद्धि गा.वि.स.वडा न.५(ख) कि.नं.१३२ को क्षेत्रफल ३-०-०-० को जग्गा श्री राज गुठी, श्री गुठी संस्थान ललितपुरको नाउँमा दर्ता कायम भएको जग्गा ल.पु.जि. हरिसिद्धि गा.वि.स. वडा न.६ बस्ने वेखासिंको नातिनी गणेश महर्जनकी छोरी वर्ष ४८ की रत्न महर्जनले आफ्ना नाउँमा ल.पु.जि. हरिसिद्धि गा.वि.स.वडा न.५(ख) कि.नं.१३२ को क्षेत्रफल ३-०-०-० को जग्गा मिति २०६० सालको किर्ते श्रेस्ता कायम गरी २०६० सालको श्रेस्तामा घुसाउन सफल भई सोही जग्गा मिति २०६४।२।१ गते काठमाडौं जिल्ला अदालतबाट मकवानपुर जिल्ला हेटौंडा न.पा.वडा न.५ हाल ल.पु.उ.म.न.पा. बस्ने वर्ष ४१ को केदारभाई महर्जनलाई अख्तियार वारेसनामा दिई मा.पो.का.ल.पु.बाट मिति ०६४।२।४ मा राजीनामा पारित गरी का.म.न.पा.वडा न. २१ प्यूखाटोल बस्ने राजेन्द्रबहादुर नकर्मीलाई दिएको र सोही जग्गा राजेन्द्रबहादुर नकर्मीले ०६२।२।३१ मा विराट सेभिङ्ग एण्ड क्रेडिटलाई रु.२५,००,०००।-(पच्चीस लाख) मा दृष्टिबन्धक पारित गरी रकम झिकी लगिसकेको कुरा थाहा हुन आएको हुँदा उक्त सरकारी छाप दस्तखत किर्ते गर्ने गिरोह रत्न महर्जन र अख्तियार वारेसनामा लिने केदारभाई महर्जनसमेतलाई पक्राउ गरी रत्न महर्जनको नागरिकताको फोटोकपी र काठमाडौं जिल्ला अदालतबाट भएको अख्तियार वारेसनामाको फोटोकपी साथै उक्त श्रेस्ता घुसाउनमा यस कार्यालयका पियन ज्ञानेन्द्र खनालको पूर्ण रूपमा मिलोमतो भएको व्यहोरासमेत अनुरोध छ भन्नेसमेतको मालपोत कार्यालय ललितपुरको मिति ०६४।३।१३ को पत्र ।

२. किर्ते श्रेस्ता घुसाउन पूर्ण मिलोमतोमा रहेको भन्ने बुझिएका पियन ज्ञानेन्द्र खनाललाई उक्त मुद्दामा अनुसन्धान तथा कारबाहीका लागि यसै पत्रसाथ पठाइएको छ भन्नेसमेतको मालपोत कार्यालय ललितपुरको पत्र ।

३. विराट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. तीनकुने ३५ बाट संस्थाका सेयर सदस्य राजेन्द्रबहादुर नकर्मीले रु.२५,००,०००।- (अक्षरूपी पच्चीस लाख) कर्जा सुविधा उपभोग गर्ने गरी सम्झौता भए मुताविक निजको नाउँमा दर्ता भएको जि.ल.पु. हरिसिद्धि गा.वि.स. वडा न.५ (ख) कि.न. १३२ को क्षेत्रफल ३-०-०-० जग्गा धितो सुरक्षण बापत यस संस्थाको नाउँमा दृष्टिबन्धक लिखत पारित गरी धितो रोक्का गर्नुपर्ने भएकोमा यस संस्थाको महाप्रबन्धक श्री बिक्रम संग्रौलालाई प्रतिनिधि चयन गरी पठाइएको छ यस संस्थाको आधिकारिक फुकुवापत्र नआउन्जेलसम्म धितो रोक्का रहने गरी सोको जानकारी पठाइदिनुहनु अनुरोध छ भन्नेसमेतको विराट सेभिङ्ग एण्ड क्रडिट को-अपरेटिभ लिमिटेड काठमाडौं तीनकुनेले मालपोत कार्यालय ललितपुरलाई लेखेको पत्रको प्रतिलिपि ।

४. सक्कल श्रेस्ताको मोठ ठेली बाइण्डिङ्ग गरी किताबमा सुरक्षित हुने । श्रेस्ताको छायाँ प्रति संलग्न छ । रत्न महर्जनले केदारभाई महर्जनलाई वारेसनामा दिएको कागजको सक्कल पारित लिखतसाथ संलग्न रही बाइण्डिङ्ग भएकोले छायाँप्रति संलग्न रहेको रत्न महर्जनका नामबाट अधिकृत वारेसनामा लिई केदारभाई महर्जनले राजेन्द्रबहादुर नकर्मीलाई राजीनामा पारित गर्दा पेस गरेको कागजाताको छायाँ प्रति संलग्न छ भन्नेसमेतको मालपोत कार्यालय, ललितपुरको मिति ०६४।३।१५ को पत्र र पत्रसाथ प्राप्त कागजातहरू ।

५. म लेखपढ गर्न नजान्ने भएकोले के कुन कागजमा सहीछाप गराए सो बखत थाहा भएन हाल आएर थाहा भए अनुसार केदारभाईको नाउँमा मेरो वारेसनामासमेत बनाई जग्गा किर्ते गरी श्रेस्तामा घुसाई राजेन्द्रबहादुर नकर्मीलाई बिक्री गरी राजेन्द्रबहादुर नकर्मीले विराट सेभिङ्ग एण्ड क्रेडिटबाट रु.२५,००,०००।- निकाली खाएको कुरा थाहा भयो । जग्गा बिक्री गरी रु.८,००,०००।- दिउँला भनी केदारभाई महर्जन र रमेश थापाले भनेका थिए तर मलाई कुनै रकम दिएका छैनन् । ल.पु. हरिसिद्धि गा.वि.स. वडा न.५ (ख) कि.नं. १३२ को क्षेत्रफल ३-०-०-० को जग्गा बुवा गणेश महर्जनको नाममा मोही कायम भएकोले मैले जोतभोग गर्दै आएको हुँ र उक्त जग्गा गुठी संस्थानको नाममा छ । म मालपोत कार्यालय ललितपुरमा गएको छैन । उक्त जग्गा किर्ते र ठगी गर्नेमा अन्य को-को छन् थाहा छैन सबै काम केदारभाई महर्जन र रमेश थापाले किर्ते गरेका हुन् मलाई कुनै रकमसमेत दिएका छैनन् भन्नेसमेतको प्रतिवादी रत्न महर्जनको अनुसन्धान अधिकृतसमक्ष भएको बयान ।

६. हरिसिद्धि गा.वि.स. वडा न.५(ख) कि.न.१३२ को क्षेत्रफल ३-०-०-० जग्गा किर्ते कागजको कसले बनाएको हो थाहा छैन अफिसको ठेली अर्थात् २०६० सालको श्रेस्तामा सि.नं.१ को कागज श्रेस्ता घुसाउने काम खरिदार गोरखबहादुर खड्का, रमेश थापा र प्रकाश पालले गरेका हुन् । मलाईसमेत काम भैसकेपछि केही रकम दिउँला भनेका थिए र यो काम गरेको कुरा कसैलाई नभन्नु भनी रमेश थापाले मलाई धम्क्याउनुसमेत भएको थियो । मैले ठेली कम्प्युटर शाखाबाट ल्याइदिने काम गरेको हुँ मलाई कुनै रकम दिएको छैनन् भन्नेसमेतको प्रतिवादी ज्ञानेन्द्र खनालको अनुसन्धानका क्रममा भएको बयान कागज ।

७. यस संस्थाबाट राजेन्द्रबहादुर नकर्मीले लिएको कर्जा रकममा रु.२५,००,०००।-(पच्चीस लाख) रुपैयाँको सम्पूर्ण साँवा ब्याज मिति २०६४।३।१३ गते चुक्ता भैसकेको र सोको जानकारी मालपोत कार्यालय ललितपुरलाई गराई सकिएको जानकारी अवगत गराउँछु । साथै सक्कल लिखत तथा कागजातको सम्बन्धमा राजेन्द्रबहादुर नकर्मीको यस संस्थामा भएको कर्जा चुक्ता भैसकेकोले उक्त जग्गाको सक्कल कागजातहरू सम्बन्धित व्यक्ति र निकायलाई फिर्ता गरी पठाइसकिएको भन्नेसमेतको विराट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.को पत्र ।

८. उक्त जग्गा किर्ते गरी मोठमा घुसाउनेसमेत कार्यमा आफ्नै मालपोत कार्यालयका खरिदार गोरखबहादुर खड्का पियन ज्ञानेन्द्र खनाल, प्रकाश पाल, रमेश थापा, रत्न महर्जन, रत्न महर्जनको वारेस लिने केदारभाई महर्जनसमेतको संलग्नता छ । यस किर्ते कार्यमा मेरो कुनै संलग्नता छैन । उक्त श्रेस्तामा भएको दस्तखत हाम्रो कार्यालयको कर्मचारीको होइन भन्नेसमेतको मालपोत कार्यालय ललितपुरका खरिदार वेदप्रसाद पाठकले गरी दिएको कागज ।

९. हरिसिद्धिको ठेली ३२ नं.को २०६० सालको भएकोले कम्प्युटरमा राखिसकेकोले कम्प्युटरमा लागे गरेको छैन । मेरो शाखामा सँगै काम गर्ने पियन ज्ञानेन्द्र खनालको मिलोमतोबाट भएको हुनसक्छ निजको भनाइअनुसार खरिदार गोरखबहादुर खड्काको समेत मिलोमतो भएकोले हाल निज फरार छन् भन्नेसमेतको मालपोत कार्यालय ललितपुरमा खरिदार पदमा कार्यरत रामकुमार राउतले गरी दिएको कागज ।

१०. कार्यालय प्रमुखबाट अधिकार प्रत्यायोजन गरेको पत्रअनुसार मैले उक्त रजिस्टेसन पारित जग्गामा प्रमाणित गरी दस्तखत गरेको हो । उक्त राजीनामा पारित कागजमा भएको दस्तखत मेरो हो र उक्त जग्गा निजहरूले किर्ते गरेको भन्ने कुरा मलाई थाहा थिएन । साथै किर्ते गर्ने कार्यमा मेरो कुनै संलग्नता छैन भन्नेसमेतको मालपोत कार्यालय ललितपुरका अधिकृत गोविन्दप्रसाद अधिकारीले लेखाइदिएको कागज ।

११. उक्त कागज किर्ते हो र मोठ श्रेस्तासमेत किर्ते गरी घुसाएको भन्ने थाहा भएन र उक्त कि.नं.१३२ को जग्गा किर्ते भएको भन्ने सम्बन्धमा रजिस्टेसनका खरिदार वेदप्रसाद पाठकबाट पियन ज्ञानेन्द्र खनालले तपाईंहरूले २ वटा फर्जी लिखत पास गर्नुभयो भनी मलाई भन्यो, त्यो सम्बन्धमा लिखत कागजातहरू चेक गर्नु पर्‍यो भनी भन्दा कार्यालयमा आई खोजतलास गर्दा १३२ न.कित्ता श्रेस्ता घुसाउने कार्यमा संलग्न पियन ज्ञानेन्द्र खनालको पूर्ण संलग्नता भएको देखिन्छ । मिति २०६४।२।४ गतेका दिन रत्न महर्जनको वारेस केदारभाई महर्जन र जग्गा लिखत पारित हुँदाको अवस्थामा चिनेको हो । रमेश थापा र रत्न महर्जनलाई मैले चिनेको छैन । रत्न महर्जनको नाममा तयार भएको किर्ते श्रेस्तामा मालपोत अधिकृत हरि भण्डारीको किर्ते दस्तखत गरिएको भन्ने खोजतलास गर्दा खुल्न आयो भन्नेसमेतको मालपोत कार्यालय, ललितपुरका ना.सु. पदमा कार्यरत केशवप्रसाद न्यौपानेले गरी दिएको कागज ।

१२. ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स.वडा न.५(ख) कि.न.१३२ को क्षेत्रफल ३-०-०-० को किर्ते श्रेस्ताको दस्तखत नै किर्ते सही तत्कालीन यस कार्यालयमा कार्यरत मालपोत अधिकृत हरिप्रसाद भण्डारीको दस्तखतसँग केही रूपमा मिल्दोजुल्दो भएको र हाल मालपोत अधिकृत हरिप्रसाद भण्डारीको भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा सरुवा भई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा काजमा रहेको व्यहोरा अनुरोध छ भन्नेसमेतको मालपोत कार्यालय ललितपुरको पत्र ।

१३. म २०६० साल असार महिनादेखि २०६२ साल असार महिनासम्म मालपोत कार्यालय ललितपुरमा कार्यरत थिए । मिति ०६०।४।८ गतेका दिन म कार्यालयमा हाजिर भए नभएको कुरा ४ वर्ष अगाडिको भएकाले याद भएन । ल.पु.जि. हरिसिद्धि गा.वि.स.वडा न.५(ख) कि.न.१३२३ क्षेत्रफल ३-०-०-० जग्गा श्री राज गुठीको नाममा दर्ता छ छैन मलाई थाहा छैन र रत्न महर्जनको नाममा किर्ते श्रेस्ता बनाई मोठमा समेत घुसाएको भन्ने सम्बन्धमा मलाई कुनै जानकारी छैन । रत्न महर्जनको नाम उल्लेख भएको उक्त श्रेस्तामा भएको ३ वटा दस्तखतमध्ये कुनै पनि मेरो दस्तखत होइन । उक्त रत्न महर्जनको पानामा भएको दस्तखत सिधै किर्ते हो भन्ने सहजै अनमान गर्न सकिन्छ । उक्त किर्ते काम को कसले गर्‍यो थाहा छैन भन्नेसमेतको शाखा अधिकृत हरिप्रसाद भण्डारीको कागज ।

१४ उक्त कि.न.१३२ को जग्गा राज गुठीको लगतमा दर्ता भएको हरिसिद्धि भवानी गुठीको जग्गा हो । नापीमा वा श्रेस्तामा मोहीमा जे जस्तो नाम लेखिए तापनि उक्त कित्ता जग्गामा मोही कायम नहुने गुठी तैनाथी जग्गा हो । गुठी रैतान नम्बरीमा परिणत भएको छैन । हरिसिद्धि गा.वि.स.वडा न.६ बस्ने रत्न महर्जनले नामसारी गरी पाऊँ भनी माग गरेकोमा उक्त जग्गा गुठी मोही कट्टा गरी गुठी तैनाथी (मोही कायम नहुने) कायम गर्न गुठी संस्थान केन्द्रीय कार्यालयमा पेस भइरहेको भन्नेसमेतको गुठी संस्थान शाखा कार्यालय ललितपुरको पत्र ।

१५. हरिसिद्धि गा.वि.स.को गोरेटो बाटोसँग जोडिएको जग्गाको न्यूनतम मूल्याङ्कन प्रतिरोपनी रु.४ लाख तोकिएको भन्नेसमेतको मालपोत कार्यालय ललितपुरबाट प्राप्त जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख भएको देखिन्छ ।

१६. उक्त कि.नं.१३२ को जग्गा श्री राजगुठी श्री गुठी संस्थान शाखा कार्यालय ललितपुरका नाममा हालसम्म दर्ता कायम रही सोही जग्गाको गैर श्रेस्ता खडा गरी २०६० सालको मोठ ठेलीमा समावेश गरेको र उक्त जग्गा कुनै नामसारी निर्णय लिखत पारित र दाखेल खारेज निर्णयसमेत कहीँ कतैबाट भएको नदेखिई गैर श्रेस्ताबाट राजेन्द्रबहादुर नकर्मीका नाममा पारित भई गएको भन्नेसमेतको मालपोत कार्यालय ललितपुरको मिति ०६४।४।३ को पत्र ।

१७. ल.पु.जि. हरिसिद्धि गा.वि.स.वडा न.५ (ख) कि.नं.१३२ को क्षेत्रफल ३-०-०-० को जग्गा किर्ते गरी रत्न महर्जनको नाममा किर्ते श्रेस्ता घुसाउँदा उक्त घुसाउने ठाउँको रमेशसिंह प्रधानको द.नं.३२ पाना नं.१ को श्रेस्ताको कम्प्युटर प्रिन्टको फोटोकपी पठाइएको छ। साथै सोही कित्ता जग्गा राजगुठी संस्थानको गुठी संस्थानको गुठी ढ.नं.४ पाना ३ मा यथावत् नै रहेको भन्नेसमेतको मालपोत कार्यालय ललितपुरको मिति ०६४।४।६ को पत्र ।

१८. शाखा अधिकृत हरिप्रसाद भण्डारीको नमुना दस्तखत र मोठ श्रेस्तामा भएको विवादित प्रमाणित दस्तखत परीक्षणको लागि पठाइएकोमा एउटै व्यक्तिले लेखेको होइन भन्नेसमेतको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति ०६४।४।९ को पत्र ।

१९. प्रतिवादीहरूको आपसी सरसल्लाह, योजना र मिलोमतोमा खाली जग्गा धनी दर्ता प्रमाण श्रेस्ताको छपाइ भएको कागज प्राप्त गरी गराई प्रतिवादीहरूमध्ये प्रदीप महर्जनले प्रतिवादी रत्न महर्जनको फोटोहरू माग गरी लिई "रत्न महर्जन ल.पु.हरिसिद्धि गा.वि.स.वडा न.६, गणेश महर्जन, वेखासिं, ६५८२६, २०५०।१२।११ ५(ख) १३२ आवादी पूरा ३-०-०-०" भन्नेसमेतको अंक, अक्षर शब्द एवं वाक्यांशहरू लेखी लेखाई उक्त श्रेस्तामा ०६०।४।८ को मिति राखी किर्ते प्रमाणित गरी गराई प्रतिवादीहरू गोरखबहादुर खड्का, प्रकाश पाल, रमेश थापा, ज्ञानेन्द्र खनालसमेतले मालपोत कार्यालय ललितपुरमा रहेको २०६० सालको हरिसिद्धि गा.वि.स.को सक्कल मोठ श्रेस्ताको ठेलीको क्रमसंख्या १ मा रहेको साविकको रमेशसिंह प्रधानको कि.नं. १४२ को जग्गाको ज.ध.द. श्रेस्ता झिकी सोको ठाउँमा पुरानै श्रेस्तासँग मिल्ने गरी रत्न महर्जनको नामको कि.नं.१३२ को जग्गाको किर्ते जग्गा धनी दर्ता प्रमाण श्रेस्तासमेतका कागजहरू पेस गरी प्रतिवादी रत्न महर्जनको नामको सोही किर्ते जग्गा धनी दर्ता प्रमाण श्रेस्तासमेतका कागजहरू पेस गरी प्रतिवादी रत्न महर्जनले प्रतिवादी केदारभाई महर्जनलाई काठमाडौं जिल्ला आदालतबाट अधिकृत वारेसनामा दिएको कागज बनाउन सफल भई सोही अधिकृत वारेसनामाको कागजको आधारमा श्री राजगुठी, गुठी संस्थान शाखा कार्यालय ललितपुरको हक मेटाई आफूहरूले लिने खाने उद्देश्यले प्रतिवादीहरूलाई फाइदा हुने र श्री राजगुठी, गुठी संस्थान शाखा कार्यालय ललितपुरको हक जाने, हक मेट्ने र नोक्सान हुनेसमेतको काम गरी प्रतिवादी केदारभाई महर्जनले प्रतिवादी राजेन्द्रबहादुर नकर्मीलाई श्री राजगुठी, गुठी संस्थान शाखा कार्यालय ललितपुरको नाममा रहेको ल.पु.जि. हरिसिद्धि गा.वि.स.वडा न.५(ख) कि.नं. १३२ को क्षेत्रफल ३-०-०-० जग्गा मूल्य रु.१२,००,०००।- (बाह्र लाख) राखी मिति २०६४।३।४ का दिन मालपोत कार्यालय ललितपुरबाट रजिस्ट्रेसन पारित गरी लिने दिने कार्य गरेकाले प्रतिवादीहरू रत्न महर्जन, ज्ञानेन्द्र खनाल, गोरखबहादुर खड्का, केदारभाई महर्जन, राजेन्द्रबहादुर नकर्मी, रमेश थापा, प्रदीप महर्जन, प्रकाश पाल र बाबुराजा महर्जनलाई मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. र ३ नं. को परिभाषित कसुरमा सोही महलको ७ नं. र १० नं. बमोजिम सजाय गरी सोही महलको १२ नं. बमोजिम थप सजायसमेत गरी पाऊँ साथै उल्लेखित कि.नं. १३२ को जग्गाको दर्ता भएको दर्ता श्रेस्ता बदर गरी उक्त जग्गा श्री राजगुठी, गुठी संस्थान शाखा कार्यालय, ललितपुरको नाममा कायम गर्ने गरी मालपोत कार्यालय ललितपुरबाट निर्णय भइसकेकोले भन्नेसमेतको अभियोग पत्र ।

२०. अभियोग दाबीबमोजिमको कसुर नगरेको हुँदा सफाइ पाऊँ भन्नेसमेतको प्रतिवादी ज्ञानेन्द्र खनालको यस अदालतको बयान ।

२१. म लेखपढ गर्न नजान्ने मानिस हुँदा किर्ते गऱ्यो भन्नेसमेतको झुठा अभियोग दाबीबाट सफाइ पाऊँ भन्नेसमेतको प्रतिवादी रत्न महर्जनको यस अदालतमा भएको बयान ।

२२. मैले सरकारी छाप दस्तखत किर्ते नगरेको हुँदा अभियोग दाबीबाट सफाइ पाऊँ भन्नेसमेतको प्रतिवादी गोरखबहादुर खड्काको यस अदालतमा भएको बयान ।

२३. तत्काल प्राप्त प्रमाणहरूबाट प्रतिवादीहरू रत्न महर्जन तथा ज्ञानेन्द्र खनाल आरोपित कसुरमा निर्दोष छन् भन्न सकिने अवस्था नदेखिँदा पछि ठहरेबमोजिम हुने गरी हाल प्रतिवादी ज्ञानेन्द्र खनालबाट रु.१,१५,०००।- तथा प्रतिवादी रत्न महर्जनबाट रु.२,२५,०००।- नगद वा सो बराबरको जेथा जमानी दिए तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेतको मिति २०६४।४।७ को यस अदालतको आदेश ।

२४. प्रतिवादी गोरखबहादुर खड्का तत्काल प्राप्त प्रमाणहरूबाट आरोपित कसुरमा निर्दोष छन् भन्न सकिने अवस्था नदेखिँदा पछि ठहरेबमोजिम हुने गरी निजबाट रु.५,००,०००।- नगद वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु भन्नेसमेतको मिति २०६४।८।१३ को यस अदालतको आदेश ।

२५. को कसले सरकारी छाप दस्तखत किर्ते गरेका हुन् भन्ने मलाई थाहा छैन जसले गरेको भए तापनि कानुनबमोजिम सजाय हुनुपर्छ भन्नेसमेतको वादीको साक्षीहरू वेदप्रसाद पाठक, हरिप्रसाद भण्डारी गोविन्दप्रसाद अधिकारी तथा केशवप्रसाद न्यौपानेको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

२६. आफूले गर्दै नगरेको कसुरमा सजाय हनु नसक्ने हुँदा फसाउने नियतले दिएको अभियोग पत्र बमोजिम सजाय हुनु हुँदैन भन्नेसमेतको प्रतिवादी ज्ञानेन्द्र खनालको साक्षी ठाकुरप्रसाद पुडासैनीका बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

२७. झुठा अभियोग पत्र बमोजिम प्रतिवादीले सजाय पाउनु हुँदैन भन्नेसमेतको प्रतिवादी गोरखबहादुर खड्काको साक्षी दुर्गेश्वर पाण्डेको बकेको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

**अदालतको ठहर**

यसमा नियमानुसार साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयको लागि पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएको विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री भीमप्रसाद पौडेलले कि.नं. १३२ को क्षेत्रफल ३-०-०-० जग्गा राजगुठी भएकोमा मिसिल संलग्न प्रमाणबाट अन्यथा छैन, उक्त जग्गालाई प्रतिवादीहरूले २०६० सालमा किर्ते श्रेस्ता तयार गरी रत्न महर्जनको नाउँबाट श्रेस्तामा घुसाउन सफल भएको स्पष्ट छ, उक्त जग्गालाई रत्न महर्जनले अ.बा.दिने र केदारभाई महर्जनले लिने गरी प्रतिवादी राजेन्द्र नकर्मीलाई बेचबिखन गरेको र निजले विराट सेभिङ्ग एण्ड को-अपरेटिभ लि.बाट रु.२५ लाख ऋण लिएको कुरा मिसिल प्रमाणबाट स्पष्ट देखिन आएको छ, प्रतिवादी ज्ञानेन्द्र खनालले किर्ते श्रेस्ता तयार गर्नमा आफ्नो र अन्य प्रतिवादीहरूको भूमिकालाई उल्लेख गरी मौकामा साविती बयान गरेको र उक्त बयान अन्यथा प्रमाणित हुन नआएकोले त्यसलाई प्रमाणमा लिई कसुर ठहर गर्न नमिल्ने देखिँदैन, प्रतिवादी गोरखबहादुरले श्रेस्ता झिकाएको र मोठ श्रेस्ता लगि दिएको कुरालाई स्वीकार गरेको कुरा उक्त प्रमाणबाट समेत समर्थित छ, यसरी राजगुठीको जग्गालाई प्रतिवादीहरू आपसमा मिली रत्न महर्जनको नाउँमा किर्ते श्रेस्ता तयार गरी सरकारी छाप र दस्तखत किर्ते गरेको स्पष्ट देखिएको हुँदा निज प्रतिवादीहरूलाई अभियोग माग दाबी बमोजिम सजाय हुनुपर्छ भन्ने र प्रतिवादी ज्ञानेन्द्र खनालको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री शेरबहादुर के.सी.ले मेरो पक्ष मालपोत कार्यालयको सहयोगी कर्मचारी हुन, निजको हैसियत भनेको माथिल्लो कर्मचारीले लाए अह्राएको काम गर्ने हो, ज.ध.प्र.पुर्जा तयार गर्नमा निजको कुनै भूमिका र हैसियत छ भन्न मिल्दैन, वादी पक्षले किर्ते गर्नमा मेरो पक्षले के भूमिका खेल्यो दाबी पुष्टि गर्न सकेको अवस्था छैन, प्रतिवादीले मौकामा गरेको बयान इच्छाविरुद्धको भएकोले त्यस्तो बयानलाई प्रमाणमा लिई कसुर ठहर गर्न नमिल्ने हुँदा मेरो पक्षलाई

आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भन्ने र प्रतिवादी गोरखबहादुर खड्काको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री विष्णु लुइँटेलले किर्ते जग्गाधनी दर्ता श्रेस्ता खडा गर्नमा मेरो पक्षको कुनै भूमिका छैन, मोठ श्रेस्ताको जिम्मेवारी मेरो पक्षको होइन, मोठ श्रेस्ता जसको जिम्मामा हुन्छ किर्ते गर्नमा उसैको भूमिका हुने हुँदा गोरखबहादुरको संलग्नता देखिँदैन, किर्ते गरी तयार गरेको श्रेस्ताको हस्ताक्षर मेरो पक्षको हो भन्ने वादी पक्षले पुष्टि गर्न सकेको छैन, प्रतिवादी ज्ञानेन्द्र खनालले मौकाको बयानमा पोल गरेको भए पनि निजले अदालतमा इन्कारी बयान गरेकाले त्यस्तो पोललाई प्रमाणमा लिन मिल्दैन, प्रतिवादी गोरखबहादुर अदालतमा आई कसुरमा इन्कार भई बयान गरेका हुँदा र वादी पक्षले किर्ते गर्नमा निजको कुनै भूमिका उल्लेख गर्न नसकेको हुँदा मेरो पक्षलाई आरोपित कसुरबाट सफाइ हुनुपर्छ भन्ने र प्रतिवादी रत्न महर्जनको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री राजेश महर्जनले अपराध हुन क्रिया र मनसाय हुनुपर्छ तर मेरो पक्षले किर्ते श्रेस्ता तयार गरेको हो भन्ने पुष्टि हुन सकेको अवस्था छैन, मेरो पक्ष लेखपढ गर्न नजान्ने भएकोले आफूले तयार गरेको श्रेस्तामा सम्म सहीछाप गरेको हुँदा मेरो पक्षले आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहससमेत सुनी निम्नलिखित प्रश्नमा निर्णय दिनुपर्ने देखियो ।

१) प्रतिवादीहरूले आपसमा मिलोमतो गरी कि.नं.१३२ को राजगुठीको जग्गालाई किर्ते श्रेस्ता तयार गरी अभियोग दाबी बमोजिमको कसुर गरेका हुन होइनन् ?

२) प्रतिवादीहरूलाई सजाय हुनुपर्ने हो होइन ? र सजाय हुनुपर्ने भए के कति सजाय हुनुपर्ने हो ?

वादी र प्रतिवादीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको बहससमेत सुनी एवं मिसिल कागज अध्ययन गरी सर्वप्रथम पहिलो प्रश्नतर्फ विचार गर्दा केदारभाई महर्जनसमेतका प्रतिवादीहरूले राजगुठीको कि.नं.१३२ को क्षेत्रफल ३-०-०-० जग्गालाई रत्न महर्जनका नाउँमा सरकारी अडड्ाको छाप र कर्मचारीको समेत दस्तखत किर्ते गरी किर्ते जग्गाधनी दर्ता श्रेस्ता तयार गरी आपसमा लिनु दिनु गरी मुलुकी ऐन किर्ते कागजको महलको १ र ३ नं.को कसुर गरेकोमा निज प्रतिवादीसमेत ८ जनालाई उक्त महलको ७, १० र १२ नं. बमोजिम सजाय गरी पाऊँ भन्नेसमेतको अभियोग माग दाबी देखियो । जिल्ला ललितपुर हरिसिद्धि गा.वि.स.वडा न.५(ख) कि.नं.१३२ क्षेत्रफल ३-०-०-० जग्गा श्री राजगुठी, गुठी संस्थान ललितपुरको नाममा दर्ता श्रेस्ता रहेकोमा प्रतिवादीमध्येका रत्न महर्जनको नाउँमा किर्ते जग्गा धनी प्रमाण पुर्जा तयार गरी केदारभाई महर्जनलाई अधिकृत वारेसनामा दिई निजले राजेन्द्रबहादुर नकर्मीलाई बेचबिखन गरेका र निज नकर्मीले विराट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.बाट उक्त जग्गालाई धितो राखी रु.२५,००,०००।- ( पच्चीस लाख) कर्जा लिएकोमा कुनै विवाद छैन । अब उक्त कि.नं.१३२ को राजगुठीको जग्गालाई रत्न महर्जनको नाममा किर्ते जग्गा धनी प्रमाण पुर्जा तयार गर्नमा को कसको संलग्नता छ भन्नेतर्फ विचार गर्दा कि.नं १३२ को जग्गा मिति २०६० सालको किर्ते श्रेस्ता तयार गरी मोठ श्रेस्तामा घुसाउन सफल भई सोही जग्गा मिति २०६४।२।१ मा काठमाडौं जिल्ला अदालतबाट दिने रत्न महर्जन लिने केदारभाई महर्जनबाट अधिकृत वारेसनामा प्रमाणित गराई मिति २०६४।२।४ मा राजीनामा पारित गरी राजेन्द्रबहादुर नकर्मीलाई दिएको र निजले उक्त जग्गा विराट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.मा धितो राखी रु.२५,००,०००।- (पच्चीस लाख) कर्जा लिएकोले निज प्रतिवादीहरूलाई सरकारी छापसमेत दस्तखत किर्ते गरेकोमा सजाय गरी पाऊँ भन्नेसमेतको मालपोत कार्यालय ललितपुरको पत्रबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको पाइन्छ । प्रतिवादीमध्येका रत्न महर्जनले यस अदालतमा बयान गर्दा प्रतिवादी केदार भाईसमेतले तपाईं कहीँ पनि जानु पर्दैन भनी सिंहदरबारको छेउमा रहेको का.जि.अ मा लगी फोटो लागेको अधिकृत वारेसनामाको कागजमा सहीछाप गराएका हुन् भनी मैले मेरो नाउँमा किर्ते श्रेस्ता गराउने कार्य गरेको होइन भनी बयान गरेको भए तापनि मौकामा बयान गर्दा भने

कि.नं. १३२ को जग्गा राजगुठीको नाउँमा दर्ता भई बुवा गणेश महर्जनले मोहीको हैसियतले कमाइ आएकोमा बुवाको मृत्युपछि मैले भोगचलन गरी आएको र मितबाबुको घरमा आउँदा केदार भाई महर्जनसँग भेट भई निजले उक्त जग्गा तपाईंको नाउँमा गराइदिन्छु भनी निज र प्रदीप महर्जनले नेपाली नागरिकताको प्रमाणपत्र र फोटोसमेत लगेका र निजहरूले जग्गाको प्रमाणपुर्जा निकाली बेचबिखन गरेपछि ८ लाख दिउँला भनी अधिकृत वारेसनामासमेत बनाएका हुन् भन्नेसमेतको व्यहोरा उल्लेख गरी बयान गरेको पाइन्छ । यस्तै अर्का प्रतिवादी ज्ञानेन्द्र खनालले अदालतमा बयान गर्दा आफूले अभियोग दाबी बमोजिमको कसुर गरेकोमा इन्कार भई उल्लेखित जग्गा २०६० सालको श्रेस्तामा घुसाई २०६४ सालमा राजेन्द्रबहादुर नकर्मीलाई राजीनामा लिखत पास गराउनमा संग्लन छैन भनी बयान गरेको र मौकामा बयान गर्दा आफू जग्गा पास बिक्री हुने फाँटमा काम गरेकोमा मुद्दा तथा नामसारी फाँटमा काम गर्ने खरिदार गोरखबहादुर खड्कासँग रमेश थापा र प्रकाश पाल कुरा गरी बसेको अवस्थामा गोरखले कम्प्युटरमा राखेका हरिसिद्धिको ठेली लिई आउनु भनी भनेकोले मैले ल्याइदिएकोसम्म हुँ गोरखले जग्गा बेचेपछि पैसा दिन्छु भनी आस देखाएका थिए, श्रेस्ता घुसाउने काम गोरखले गरेका हुन् भनी आफूले कुनै रकम लिएको कुरामा इन्कार भई श्रेस्तासम्म कम्प्युटरबाट ल्याइदिएको कुरालाई स्वीकार गरेको पाइन्छ ।

प्रतिवादीमध्येका रत्न महर्जनको नामबाट सरकारी अड्डाको छाप र दस्तखत किर्ते गरी जग्गाधनी प्रमाणपत्र प्राप्त गरेको र जग्गाधनीको हैसियतले अधिकृत वारेसनामा गरिदिएको अवस्था हेर्दा एवं जग्गाको धनीले ज.ध.प्र.पुर्जा प्राप्त गरेपछि त्यसबाट हुने लाभ निजले नै प्राप्त गर्ने हुँदा रत्न महर्जनको उक्त ज.ध.प्र. पुर्जा किर्ते बनाउने कार्यमा संलग्नता छैन थिएन भन्न मिल्ने देखिएन । यस्तै केदारभाई महर्जनले रत्न महर्जनबाट उक्त जग्गा बेचबिखन गर्ने अधिकृत वारेसनामा बनाई लिएको र राजेन्द्रबहादुर नकर्मीलाई बेचबिखन गरेको अवस्थाले उक्त जग्गाको ज.ध.प्र. पुर्जा बनाई लिने खाने उद्देश्यमा निजहरूको संलग्नता थिएन भन्न मिल्दैन । रत्न महर्जनले गरेको मौकाको र अदालतको बयानमा रमेश थापा र केदारभाई महर्जनले बुबा मोही भएको जग्गा तपाईंको नाममा गरिदिन्छु भनी लालपुर्जा निकाल्न फोटो चाहिन्छ भनेकोले फोटो र नागरिकता दिएको कुरालाई स्वीकार गरेको देखिँदा किर्ते ज.ध.प्र. पुर्जा बनाउन रमेश थापासमेतको संलग्नतामा किर्ते ज.ध.प्र.पुर्जा तयार भएको देखिन आउँछ । तसर्थ प्रतिवादीमध्येका केदारभाइ महर्जनले रत्न महर्जनबाट अधिकृत वारेसनामा लिई राजेन्द्रबहादुर नकर्मीलाई बेचबिखन गरी रु. २५ लाखमा धितो राखी ऋण लिए खाएको देखिँदा हाल उक्त ऋण चुक्ता भइसकेको र उल्लेखित कि.नं. १३२ को जग्गाको दर्ता भएको दर्ता श्रेस्ता बदर गरी उक्त जग्गा श्री राजगुठी, गुठी संस्थान शाखा कार्यालय, ललितपुरको नाममा कायम गर्ने गरी मालपोत कार्यालय ललितपुरबाट निर्णय भइसकेको भन्ने उल्लेख भए पनि अभियोग पत्रमा १२ लाख मूल्य पर्ने जग्गालाई किर्ते ज.ध.प्र. पुर्जा तयार गरी लिए खाएको देखिँदा निज प्रतिवादी रत्न महर्जन, केदारभाई महर्जन, राजेन्दबहादुर नकर्मी र रमेश थापाले अभियोग दाबी बमोजिम कसुर गरेका होइनन् भन्न मिल्ने देखिएन ।

प्रतिवादी रत्न महर्जनको तर्फबाट उपस्थित हुनुभएका विद्वान् कानुन व्यवसायीले प्रतिवादी रत्न महर्जनको अपराध गर्नमा कुनै कार्य र मनसाय नभएको र निज निरक्षर भएकोले अञ्जानमा सहीछापसम्म गरेको हुँदा आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भन्ने जिकिर लिएको भए तापनि अभियुक्तको मनसाय कार्यवाट पत्ता लाग्ने र राजगुठीको जग्गालाई तपाईंको नाममा गराइदिन्छु भनी केदारभाईले भन्दा त्यसलाई निज रत्नमायाले स्वीकार गरेकी र आफ्नो नाममा किर्ते गरी लिएको ज.ध. प्रमाण पुर्जाबाट केदारभाईलाई नै अदालतवाट अधिकृत वारेसनामा गरी दिएको देखिँदा प्रतिवादी पक्षका कानुन व्यवसायीले उठाउनुभएको सो तर्कसँग सहमत हुन सकिएन । तसर्थ मालपोत कार्यालयको जाहेरी पत्र, प्रतिवादीको अदालतमा भएको बयान, पेस भएको किर्ते

कागजपत्र, मौकामा बुझिएका मालपोत कार्यालयका कर्मचारी वेदप्रसाद पाठकसमेतका मानिसहरूको मौकाको कागज एवं अदालतको बकपत्रसमेतका आधारमा विवादित राजगुठीको जग्गालाई रत्न महर्जनको नाममा किर्ते श्रेस्ता तयार गरी मोठ श्रेस्तामा घुसाई अधिकृत वारेसनामा गरिदिने रत्न महर्जन, र लिने केदारभाई महर्जन र सोही जग्गालाई राजीनामा लिने राजेन्द्रबहादुर नकर्मीले राजगुठीको जग्गालाई गुठीको हक मेटाई लिने खाने उद्देश्यले गरेको क्रियाबाट अभियोग दाबी पुष्टि हुन आएकोले निज प्रतिवादी रत्न महर्जन, केदारभाई महर्जन, राजेन्द्रबहादुर नकर्मी र रमेश थापाले समेत आभियोग दाबी बमोजिम कसुर गरेको ठहर्छ ।

अब : प्रतिवादी ज्ञानेन्द खनालको हकमा विचार गर्दा निजले मौकामा बयान गर्दा प्रतिवादी गोरखबहादुर खड्काले कम्प्युटरमा रहेको हरिसिद्धिको ठेली ल्याइदिनु भनी ल्याइदिएकोसम्म हुँ सो बापत पैसा दिउँला भनेका थिए भनी बयानमा उल्लेख गरे तापनि निज मालपोत कार्यालयको सहयोगी कर्मचारी रहेको र निजको किर्ते श्रेस्ता तयार गरी मोठ श्रेस्तामा घुसाउन यस किसिमले भूमिका खेलेको भन्ने अभियोजन पक्षले स्पष्ट गर्न सकेको पाइँदैन । साथै निजको मोठ श्रेस्तामा कुनै जिम्मेवारी रहेको नदेखिएको र त्यसबाट कुनै रकम कलम लिए दिए खाएको समेत देखिन नआएकोले निजले आरोपित कसुर गरेका हुन् भन्ने देखिन आएन । यस्तै अर्का प्रतिवादी गोरखबहादुर खड्काले किर्ते पुर्जा तयार गर्ने गराउने कार्य गरेको भन्ने अभियोग मागदाबी भए तापनि निजले अदालतमा बयान गर्दा कसुरमा इन्कार भई बयान गरेको पाइन्छ । प्रतिवादी ज्ञानेन्द्र खनालले मौकामा बयान गर्दा मुद्दा तथा नामसारी फाँटमा काम गर्ने खरिदार गोरखबहादुर खड्कासँग रमेश थापा र प्रकाश पाल कुरा गरी बसेका र कम्प्युटरबाट मोठ श्रेस्ता ल्याइदिनु भनेकोले ल्याइदिएको हुँ भनी उल्लेख गरेको अवस्थाले अन्य प्रतिवादीले तयार गरेको किर्ते श्रेस्ता कार्यालयको मोठ श्रेस्तामा घुसाउनमा कर्मचारीको संग्लनताबिना सम्भव नहुने भए तापनि सो कार्यमा प्रतिवादी गोरखको संग्लनता भएको मिसिल प्रमाणबाट पुष्टि भएको नदेखिँदा र शंकाको सुविधा अभियुक्तले पाउने हुँदा पोलको आधारमा निजले पनि अभियोग दाबीबमोजिम कसुर गरेका हुन् भन्न मिल्ने देखिन आएन । यस्तै प्रदीप महर्जनको हकमा विचार गर्दा निजलाई रत्न महर्जनले मौकामा बयान गर्दा नागरिकता र फोटो दिएको भन्ने उल्लेख गरेको भए पनि किर्ते ज.ध.प्र. पुर्जा बनाउन र मोठ श्रेस्तामा घुसाउन के कस्तो भूमिका थियो वादीले स्पष्ट गर्न सकेको पाइँदैन । यस्तै बाबुराजा महर्जनको हकमा पनि निजले अभियोग दाबी बमोजिम अपराधमा खेलेको भूमिका वादीको दाबीमा स्पष्ट खुल्न सकेको देखिँदैन । तसर्थ प्रतिवादी ज्ञानेन्द्र खनाल, गोरखबहादुर खड्का, बाबुराजा महर्जन र प्रदीप महर्जनउपर लिएको दाबीमाथि विवेचित आधारहरूबाट वादीले प्रमाण ऐन २०३१ को दफा २५ बमोजिम प्रमाणित गर्न नसकेकोले निज प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ ।

अब : कसुर ठहर भएका प्रतिवादीहरूलाई कसुर ठहर भएको अवस्थामा के कति सजाय हुने हो भनी दोश्रो प्रश्नतर्फ विचार गर्दा प्रतिवादीमध्येका केदारभाई महर्जन र राजेन्द्रबहादुर नकर्मीलाई माथि विवेचना भए बमोजिम कसुर ठहर भएको हुँदा विवदित जग्गालाई रत्न महर्जनबाट केदारभाईले अधिकृत वारेसनामा गराई राजेन्द्रबहादुर नकर्मीलाई राजीनामा गरिदिएको र निजले सहकारी संस्थाबाट धितो राखी ऋण लिएको अपराधको अवस्था र कसुरको प्रकृतिसमेतलाई विचार गरी निजहरूलाई मुलुकी ऐन किर्ते कागजको ७ नं. बमोजिम १२ लाख मूल्य पर्ने जग्गा लिए खाएको देखिँदा जनही बिगो बमोजिम रु. १२ लाख जरिवाना र उक्त महलको १२ नं. बमोजिम जनही एक वर्ष कैद सजाय हुनेसमेत ठहर्छ ।

प्रतिवादीमध्येका रत्न महर्जन र रमेश थापाले माथि विवेचना भए बमोजिम किर्ते जग्गा धनी प्रमाण पुर्जा बनाउने कार्यमा संलग्नता रहे तापनि बिगो लिए खाएको नदेखिँदा उक्त महलको ९ नं. बमोजिम जनही रु. ५०।- जरिवाना र उक्त महलको १२ नं. बमोजिम जनही १ वर्ष कैद सजाय हुनेसमेत ठहर्छ ।

तर प्रतिवादीमध्येका रत्न महर्जन महिला रहेकी, निजले किर्ते गरी लिएको जग्गा धनी प्रमाण पुर्जाबाट कुनै रकम लिए खाएको समेत नदेखिँदा निजलाई कैदको सजाय गर्नु मनासिब नदेखिएकोले पहिलोपटकको कसुर हुँदा निजलाई दण्ड सजायको ११.क नं. बमोजिम १ दिनको पच्चीस रुपैयाँका दरले हुन आउने रकम बुझाएमा कागज गराई कैदको लगत कट्टा गरिदिनेसमेत ठहर्छ । साथै उल्लेखित कि.नं.१३२ को जग्गाको दर्ता भएको दर्ता श्रेस्ता बदर गरी उक्त जग्गा श्री राजगुठी, गुठी संस्थान शाखा कार्यालय, ललितपुरको नाममा कायम गर्ने गरी मालपोत कार्यालय ललितपुरबाट निर्णय भइसकेको भन्ने अभियोग पत्रमा उल्लेख भएकोले सो सम्बन्धमा केही बोलिरहन नपर्ने हुँदा अरू तपसिलका कलममा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन अ.वं. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरूमध्येका केदारभाई महर्जन र राजेन्द्रबहादुर नकर्मीलाई मुलुकी ऐन, किर्ते कागजको ७ नं.बमोजिम १२ लाख मूल्य पर्ने जग्गा लिए खाएको देखिँदा जनही बिगो बमोजिम रु. १२ लाख जरिवाना र उक्त महलको १२ नं.बमोजिम एक वर्ष कैद हुने ठहरी फैसला भएकोले प्रतिवादीहरू केदारभाई महर्जन र राजेन्द्रबहादुर नकर्मी फरार रहेकोले निजहरूको हकमा उक्त जरिवाना तथा कैदको लगत कसी असुल गर्नु भनी लगत दिनू..........................................................................................१

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी रत्न महर्जनलाई किर्ते कागजको ९ न.बमोजिम रु.५०।- जरिवाना र सोही महलको १२ नं.बमोजिम १ वर्ष कैद हुने ठहरेकोले निज मिति २०६४।३।१३ देखि २०६४।४।८ गतेसम्म जम्मा दिन २५ प्रहरी हिरासतमा रही मिति २०६४।४।८ मा रु.२,२५,०००।- नगद धरौट राखी मुद्दाको पुर्पक्ष गरेकोमा निजलाई लागेको जरिवाना रु.५०।- र १ वर्ष कैदमध्ये निजले राखेको धरौटी रु.२,२५०००।- मा रु.५०।- कट्टा गरी बाँकी रु.२,२४,९५०।- र निजलाई लागेको कैद १ वर्षमध्ये २५ दिन थुनामा बसिसकेको देखिँदा बाँकी कैद ११ महिना ५ दिन असुल गर्नु र बाँकी नगद रु.२,२४,९५०।- फिर्ता दिनु भनी लगत दिनू । तर प्रतिवादी रत्न महर्जनले दण्ड सजायको ११.क नं.बमोजिम १ दिनको पच्चीस रुपैयाँका दरले हुन आउने रकम बुझाएमा कागज गराई उक्त ११ महिना ५ दिनको कैदको लगत कट्टा गरी दिनू.............................................२

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीमध्येका, रमेश थापालाई किर्ते कागजको ९ नं.बमोजिम रु.५०।- जरिवाना र सोही महलको १२ नं.बमोजिम १ वर्ष कैद हुने ठहरेकोले निजहरू फरार रहेको हुँदा लगत कसी असुल गर्नू.........................................................................................................३

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी ज्ञानेन्द्र खनाल, गोरखबहादुर खड्का र प्रदीप महर्जन र बाबुराजा महर्जनले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भएकोले प्रतिवादी ज्ञानेन्द्र खनालको हकमा पुर्पक्षको क्रममा आदेशानुसार निजले नगद रु.१,१५,०००।- धरौटी राखेकोले उक्त धरौटी रकम प्रस्तुत मुद्दा अन्तिम भएपछि निजलाई फिर्ता दिनू । प्रतिवादी गोरखबहादुर खड्काको हकमा निजले पुर्पक्षको क्रममा आदेशानुसारको रु.५,००,०००।- बराबरको जेथाजमानी बापत निजले कृष्णप्रसाद अधिकारीको मञ्जुरनामाले

निजकै नाउँ दर्ताको जि.गोरखा पृथ्वीनाराण न.पा.वडा न.६ कि.नं.८७१ को ५-१-२-० जग्गा जेथा जमानी राखेकाले प्रस्तुत मुद्दा अन्तिम भएपछि फुकुवा गरिदिनु भनी मा.पो.का.गोरखालाई लेखी पठाइदिनू.......................४

प्रतिवादीहरू केदारभाई महर्जन, राजेन्दबहादुर नकर्मी र रमेश थापाले सुरु म्यादै गुजारी बसेकोले मुलुकी ऐन अ.बं.२०८ नं.बमोजिम पुनरावेदनको म्याद दिनु परेन ......................................................................५
यस इन्साफउपर चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत पाटन ललितपुरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी रत्न महर्जनलाई पुनरावेदनको म्याद दिनू र फैसलाको प्रतिलिपिसहितको जानकारी जि.स.व.का. ल.पु.लाई दिनू.........................................................................................................................६

सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई नक्कल दिनू। ..........................................................७

प्रस्तुत् मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू . ........................८

मा.जि.न्या. ज्यूले बोली टिपाए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने फाँटवाला
ना.सु.सुनीलकुमार झा।

......................
लेखनाथ ढकाल
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल कार्तिक ९ गते रोज २ शुभम्.................................................।

श्री काठमाडौं जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री टेकनारायण कुँवर

फैसला

संवत् २०६३ सालको दु.दे.नं. ५१३४

नि.नं. १०२

वादीको नाम, थर र वतन

काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २७ भेडासिंग बस्ने शिलधर तुलाधरको छोरा शंघधर तुलाधरको छोरा तीर्थधर तुलाधर........................................................................१

ऐ.ऐ. वडा नं. ३२ पुतलीसडक बस्ने वीरसिंह कंसाकारको नाति रत्नवीर सिंह कंसाकारको छोरा शरद वीरसिंह कंसाकार ...........२

ऐ.ऐ. वडा नं. २७ बस्ने तेजबहादुर प्रजापतिको नाति रामबहादुर प्रजापतिको छोरा बालकृष्ण प्रजापति .................................३

ऐ.ऐ. सूचीकार गल्ली बस्ने मानकाजी श्रेष्ठको नाति रत्नदास श्रेष्ठको छोरा पूर्णभक्त श्रेष्ठ .........................................४

ऐ.ऐ. केलटोल क्वांछे बस्ने अमिरराम अमात्यको छोरा रविराम अमात्य ...................................................................५

ऐ.ऐ. ढोकावहाल बस्ने राजमान सिं शाक्यको नाति हेरारत्न शाक्यको छोरा कान्छा काजी शाक्य ....................................६

ऐ.ऐ. केलटोल केलटोल चोखापिने बस्ने रत्नवीर कंसाकारको नाति बुद्धिवीर सिंह कंसाकारको छोरा प्रवोधवीर सिंह कंसाकार..७

ऐ.ऐ. मासंगल्ली बस्ने ग्वारा महर्जनको नाति हरि महर्जनको छोरा नरेश महर्जन ......................................................८

ऐ.ऐ. बस्ने शंखनारायण महर्जनको नाति पुष्परत्न महर्जनको छोरा किरण महर्जन .................................................९

ऐ.ऐ. मछिन्द्रवहाल बस्ने रत्नबहादुर श्रेष्ठको नाति नीलकण्ठ श्रेष्ठको छोरा विजय श्रेष्ठ ..............................................१०

ऐ.ऐ. मासंगल्ली बस्ने सर्वानन्दको नाति धर्मानन्द शाक्यको छोरा करुणानन्द शाक्य ................................................११

ऐ.ऐ. मछिन्द्रवहाल बस्ने राजमुनि शाक्यको नाति तीर्थमुनि शाक्यको छोरा नवीन शाक्य ..........................................१२

ऐ.ऐ. वडा नं. ३० केलदुछे बस्ने देशरत्न कंसाकारको छोरा अभयरत्न कंसाकार .....................................................१३

प्रतिवादीको नाम, थर र वतन

काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २७ केलटोल हाल ऐ. वडा नं. ३४ कारेश्वर मार्ग घर नं. ६९६ बस्ने केशरमान दर्शनधारीको छोरा रामेश्वरप्रसाद मानव कपाली ...........१

ऐ.ऐ. वडा नं. २४ प्युखा घर नं. १३४ बस्ने अनिलकुमार प्रधान .............................२

काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २७ केलटोल हाल ऐ. वडा नं. १५ डल्लु बस्ने पूर्णनारायण कपालीको छोरा बुद्धि कुसले भन्ने बाबु कपाली .......................................३

ऐ.ऐ. वडा नं. १६ पकनाजोल शोभाभगवती मार्ग बस्ने सानुभाई कपालीको छोरा राजाराम कपाली.............................................४

ऐ.ऐ. वडा नं. २७ केलटोल सिद्धिदास मार्ग बस्ने गोपालमान कपालीको श्रीमती चन्द्रमाया कपाली..............................................५

ऐ.ऐ. वडा नं. २७ केलटोल सिद्धिदास मार्ग बस्ने नारायणप्रसाद कपालीको छोरा सुनिल कपाली ...........................................६

ऐ. को छोरा ऐ.ऐ. बस्ने अनिल कपाली ..७

ऐ. को श्रीमती ऐ.ऐ. बस्ने छोरी कपाली .८

ऐ. को छोरी ऐ.ऐ. बस्ने निर्मला कपाली ....९

***मुद्दा :- दूषित दर्ता बदर गरी गुठी धर्मलोप ठहऱ्याई सत्तल कायम गरी पाऊँ ।***

**मुद्दाको संक्षिप्त विवरण :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ ।–

**फिराद दाबी :-**

(१) का.जि. का.म.न.पा. वडा नं. २७ केलटोल स्थित मच्छिन्द्रबहाल बाहिरको लुचुभुलु अजिमा माईको मन्दिर ऐतिहासिक एवं प्राचीन मन्दिर हो । सो मन्दिरको पूर्व दक्षिणपट्टि श्री नाटेश्वर देवता राख्ने सत्तल घर छ । त्यसको ४ किल्लामा **पूर्व** लक्ष्मीरत्न कंसाकारसमेतको घर, **पश्चिम** सर्वज्ञरत्न कंसाकारको घर, **उत्तर** सार्वजनिक बाटो, **दक्षिण** लक्ष्मी पटवारीको घर हाल पानमति पटबारीको घर र केशवलालसमेतको घर पर्दछ । यति ४ किल्लाभित्र अं. ०-६-० जग्गाभित्र ३३ फिट लम्बाई १२ फिट चौडाई, २० फिट उचाई भएको ७ कवले ३ तल्ले जस्ता पाता छाना भएको श्री नाटेश्वर देवता राख्ने सत्तल घर रहेको छ । सो सत्तल घरमा सनातनदेखि नै नाटेश्वर देवताको मूर्ति राखी पूजाआजा गर्ने गरिएको छ । विपक्षीले नाटेश्वर देवता बस्ने सत्तल घरलाई २०३४ सालको सर्भे नापीमा नाप नक्सा भई का.जि.का.म.न.पा. वडा नं. २७ कि.नं. १७०८ को कित्ता फोड गरी कायमी कि.नं. १९३१ र कि.नं. १७१४ तथा कि.नं. १७१६ र कि.नं. १७०८ गरी कायमी कि.नं. १९३१ को जग्गा मिश्रीनानी दर्शनधारीका नाउँमा स्ववासी घर भन्दै रैकर गराई दूषित किसिमले दर्ता गरेकाले सो दूषित दर्ता बदर गरी गुठी धर्मलोप ठहऱ्याई डबली कायमसमेत नामसारी कित्ताकाट गर्ने लगायतका दूषित क्रिया बदर गरी धर्मलोप गर्ने विपक्षीहरूलाई सजायसमेत गरी पाऊँ भन्नेसमेत व्यहोराको वादीको मिति २०६३।१२।०६ को फिराद दाबी ।

**प्रतिउत्तर जिकिर :-**

(२) व्यक्तिको घर जग्गालाई गुठीको भनी दाबी लिनेहरूले व्यक्तिको घर पसल निर्माण गरी हालसम्म हकभोग चलन, नापी र विधिवत् दर्ता गरी तिरोसमेत तिरी घर पसल दर्ता भै साल सालको कर चुक्ता गरेको तथा व्यक्तिको नाममा पानी, बत्ती जडान भै व्यक्तिले प्रयोग गरे गराएको कुरामा उसै मौकामा दाबी विरोध गरी भोग चलन र निर्माण कार्यमा हटक गराउन सक्नुभएको छैन । वहाँहरूले यथा समयमा दर्ता तिरो बदर गरी गराई लिन सक्नुपर्नेमा सोतर्फ हालसम्म कुनै चुनौती गर्न नसकी लामो समयपछि मात्र हाल आएर मेरो दाताको दर्ताको जग्गालाई दूषित भन्दैमा दूषित ठहर हुने होइन । यसरी वैध दर्तालाई चुनौती दिई आएको विपक्षीहरूको प्रस्तुत झुठा फिराद दाबी खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी रामेश्वरप्रसाद मानव कपालीको मिति २०६३।११।१३ प्रतिउत्तर जिकिर ।

(३) विपक्षीले दाबी गरेको चार किल्लाभित्र कि.नं. १९३० पर्दैन । नेपाल प्रधान न्यायालय डिभिजन बेन्चको आदेश अपिल पैल्हा फाँटबाट मिति १९९२।२।२० गतेसमेतको फैसलाबाट उक्त चार किल्लाभित्रको जग्गा सार्वजनिक सत्तल कायम हुनेबारे कही कतैबाट पुष्टि हुन नसक्ने अवस्था छ । साथै हाल उक्त विषयमा काठमाडौं जिल्ला अदालतबाट अन्तिम फैसला भई बसेको अवस्था विद्यमान रहेको छ । यस प्रकार उक्त ४ किल्लाभित्रको घर जग्गा सार्वजनिक सत्तल कायम हुन नसकी फैसला अन्तिम भई बसेको अवस्थामा हाल

आएर कि.नं. १९३० को घर जग्गा र वादीले विवादमा देखाएको घर जग्गासमेत नापी भई दर्ता श्रेस्ता-समेत कायम भएकोमा सार्वजनिक सत्तल हो भनी फिराद गर्ने हकदैया विपक्षी वादीलाई नरहेको हुँदा विपक्षी वादीको फिराद दाबी खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजाराम कपाली, चन्द्रमाया कपाली, बुद्धि कुस्ले भन्ने बाबु कपालीसमेतको मिति २०६३।११।३० को संयुक्त प्रतिउत्तर जिकिर ।

(४) वादी दाबी झुठा हो । विपक्षी वादीले दाबी गरेको कि.नं. १७१४ र कि.नं. १९३१ समेतको घर जग्गा गुठीको होइन । कही कतै पनि गुठी लगतमा दर्ता रहेको प्रमाण विपक्षीहरूले पेस गर्न सक्नुभएको छैन । विपक्षीहरू कसैलाई पनि मेरो आमा मिश्रीनानी दर्शनधारीका नाउँको घरजग्गाको बिषयमा नालेस उजुर गर्ने हकदैया रहेको छैन । विपक्षी वादीले दाबी गरेको जग्गामा मेरो आमा मिश्रीनानी दर्शनधारीका बाजे राधाकृष्ण कुस्लेका पुर्खाले घर बनाई सोही घरमा वर्षौंदेखि बसोवास गरी आएको स्ववासी घर हो । सार्वजनिक हक भोगको सत्तल होइन । हामी बसी आएको घरमा हाम्रा पुर्खाले नाटेश्वरी देवता स्थापना गर्न दिएका हुन् । कसैको घरमा नाटेश्वर देवताको प्रतिस्थापना गर्दैमा घर गुठीको कायम हुन सक्तैन ।
विपक्षीहरूले गुठीको धर्मलोपको दाबी गरे तापनि कुन प्रकारको के कस्तो गुठी हो कसरी धर्मलोप हुन गयो भन्ने कुरा खुलाउन नसकेकोले विपक्षी वादीको झुठा फिराद दाबी खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी अनिलकुमार प्रधानको मिति २०६३।१२।६ को प्रतिउत्तर जिकिर ।

(५) सार्वजनिक सत्तल कायम गरी पाऊँ भन्ने दाबी गरी नालेस गर्नको लागि अ.बं. १० नं. बमोजिम अनुमति लिनुपर्ने कानुनी प्रावधान रहेकोमा वादीहरूले प्रस्तुत मुद्दामा अनुमति लिनुभएको छैन । वादीले आफ्नो फिराद दाबीमा उल्लेख गरेको जग्गाको ४ किल्ला मिल्न भिड्न आउँदैन । अतः वादीले दाबी गरेको ४ किल्ला पनि मिल्न भिड्न नआउने हूदा वादी दाबी खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी छोरी कपाली, अनिल कपाली, निर्मला कपाली र सुनिल कपालीसमेतको संयुक्त प्रतिउत्तर जिकिर ।

**बुझिएका प्रमाण :-**

(६) आदेश बमोजिम वादी प्रतिवादीका साक्षीले गरेको बकपत्र, डोरबाट भै आएको नक्सा मुचुल्का, मिति २०६१।५।४ को डिसमिस फैसला, अपिल दोस्रा फाँटको फैसला तथा मालपोत कार्यालयको सक्कल मिसिल र सर्वोच्च अदालतको फैसला तथा कानुन व्यवसायीहरूबाट पेस भएको बहस नोट मिसिल सामेल रहेको देखिन्छ ।

**कानुन व्यवसायीको बहस :-**

**(७) वादी तीर्थधर तुलाधरको तर्फबाट**

(१) **विद्वान् अधिवक्ता श्री रमा पन्त :-** विवादित नाटेश्वरको मन्दिरलाई विपक्षीहरूले १९९६ को स्ववासी भन्ने आधार लिनुभए पनि त्यसको प्रमाण पेस गर्न सक्नुभएको छैन । संवत् २००६।५।२० को खड्ग निशान, संवत् २००६।७।१५ को कबुलियतनामा र १९९३।२।२० को भारदारी अड्डाको फैसला एवं १९९२।१२।२० मा सर्वोच्च निकायको डिभिजन बेन्चबाट गुठी नास्न मास्न नपाउनेभनी भएको फैसलासमेतको आधारमा विवादित घरजग्गा नाटेश्वरको सत्तल भएको र उक्त स्थान गुठी नै हो भन्नेमा कुनै विवाद छैन । गुठी संस्थानलाई बुझिएकोमा गुठी होइन नभनी अध्ययनको क्रममा रहेको, गुठीमा कसैको निवेदन नपरेको भनी जवाफ दिएको छ । महानगरपालिकाले उक्त क्षेत्रलाई गुठी लगतमा धेरैअघिदेखि पारेको छ । स्थानीय

बासिन्दाहरूले २०५३ र २०५५ सालमा गुठी कायम गर्न महानगरपालिकामा निवेदन गरेका छन् । नाटेश्वर मन्दिर (सत्तल) अगाडि डबली छ, जुन सार्वजनिक स्थान हो । उक्त सत्तललाई विपक्षीमध्येका लक्ष्मी पटवारीले नै पहिले सार्वजनिक कायम गर्न मुद्दा गरेकी छन् । हाल निजले कुरी फेरि निजी हुनुपर्छ भनी प्रतिवाद गर्दैमा कसरी निजी कायम हुन सक्तछ ? तसर्थ वादी दाबी अनुसार विवादित सत्तलसहितको जग्गा र डबलीलाई सार्वजनिक गुठीको सम्पत्तिको रूपमा संरक्षण गरिनुपर्दछ ।

(२) **विद्वान् अधिवक्ता श्री खिमानन्द वञ्जाडे :-** प्रथमतः डवली र सत्तलको सम्बन्धमा land को स्रोत के हो भनी हेर्नुपर्छ । त्यसको foundation को रूपमा साविक स्रोतलाई लिनुपर्दछ । विपक्षीहरूले साविक स्रोत पुष्टि गर्न नसकी स्ववासीसम्म भन्नुभएको छ । जग्गा नाप जाँच सम्पन्न हुँदा २०३४ को नापीको फिल्डबुकमा कि.नं. १७१४, १७०८, १७१६ का जग्गाहरू खाली देखिन्छन् । २०३६ सालमा आएर रामेश्वरमानव कपाली र मिश्रीमायाले कि.नं. १७१४ को १ आना र नारायण कपालीले कि.नं. १७१६ स्ववासी भनेर निवेदन दिई दर्ता गराएका छन् । वहाँहरूले स्ववासी भन्ने पुष्टि प्रमाणबाट गर्न सक्नुपर्दछ । यदि वस्तुनिष्ठ प्रमाणबाट स्ववासी भन्ने पुष्टि गर्न सक्नु हुन्न भने सो स्थानलाई गुठीको सत्तल र डबली भनी मान्नुपर्ने हुन्छ । २०३९ सालमा गोपालमान कपालीसमेतले १९३० र १९३१ का कित्ताहरू साझा दर्ता गराई लिएका छन् । यसको स्रोत वा आधार वहाँहरूको हक स्थापित हुने प्रकारको छ भनेर देखाउन सक्नुपर्दछ । सत्तल र डबली भनी भएका पूर्वफैसला, खड्ग निशानासमेतबाट फिराद दाबी अनुसार दूषित दर्ता बदर गरी गुठी कायम हुनुपर्दछ ।

(३) **विद्वान् अधिवक्ता श्री गणेश खरेल :-** विपक्षीहरूले हकदैयाको प्रश्न उठाए पनि प्रस्तुत मुद्दा यसै अदालतको अनुमतिबाट दर्ता भएको हो । विपक्षीले नाटेश्वर देवताको सतल घरको झाडु बढारु गर्ने, संरक्षण गरी पूजाआजा चलाउने र बाजा बजाउने भनी गुठीको हित संरक्षण गर्ने नाताबाट मात्र उक्त सत्तलमा प्रवेश पाएका हुन् । डवली र सत्तल जस्तो सार्वजनिक सम्पत्तिलाई निजीकरण गर्ने हक निज विपक्षीहरूलाई छैन । वि.सं. १९९३ को तोक आदेशमा पनि **"सो सत्तलमा रहेका देवलको झारु बढारु पनि गरी पूजाआजा गर्न आएमा छाडी जहाँ छ सोही बमोजिम बस्ने गरी"** भन्ने उल्लेख छ । २००६ सालको श्री ३ बाट भएको कबुलियतमा अब उप्रान्त सो सत्तल कसैलाई बिक्री गरेमा बदर हुने भन्ने प्रस्टसँग उल्लेख छ । यसरी बिक्री गर्न नपाइने सम्पत्ति दर्ता नै गर्न पाइँदैन । नेकाप २०४८ अंक २,३,४ मा फैसला अक्षरशः पालना गर्नुपर्दछ भन्ने व्याख्या भएको छ । प्रधान न्यायालयबाट भएको फैसलापछि हुकुम प्रमाङ्गी हुँदा पनि सदरै भई बसेको छ । प्रस्तुत विवादमा चन्द्रमाया कपालीले पहिले सार्वजनिक सत्तल भनी दाबी गरेकी हुँदा अब निजी भन्ने हक छैन । त्यसो भन्नलाई विवन्धन लाग्दछ । भोग र बिजुली जडान गरेको भनेर हक पुग्ने होइन । नेकाप २०५० को पृ. १०८, नि.नं. ४७०१ मा भएको व्याख्याबाट पनि सो कुरा पुष्टि हुन्छ । विवादित स्थानको चार किल्ला मिलेको छ । सो किल्ला नक्साबाट पनि पुष्टि हुन्छ । विपक्षीहरूले नाटेश्वरको सत्तलको अस्तित्व स्वीकार गरेपछि दाबी गरेको ठाउँमा नभए कहाँ छ त ? देखाउन सक्नुपर्दछ । तसर्थ वादी दाबी बमोजिम दूषित दर्ता बदर गरी गुठी धर्मलोप गरेको ठहर हुनुपर्दछ ।

(४) **विद्वान् अधिवक्ता श्री प्रकाशमणी शर्मा :-** प्रस्तुत विवाद सार्वजनिक सरोकारको र महत्वपूर्ण विषयवस्तुसँग सम्बन्धित छ । सार्वजनिक सरोकारको निमित्त विषयवस्तुसँग दाबीकर्ताको सार्थक सम्बन्ध (meaningful relation) हुनुपर्दछ भनी **राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद् समेत** भएको मुद्दामा व्याख्या समेत भएको छ । गोदावरी मार्बल लगायत कैयन PIL का मुद्दाहरूमा त्यसको व्याख्या भएको छ । विपक्षीहरूले हकदैया

नरहेको भन्ने जिकिर लिए तापनि अ.वं. १० र ८६ नं. ले सार्वजनिक महत्वको गुठी सत्तलको अस्तित्व लोप हुन नदिन यी वादीहरूलाई मुद्दा गर्ने सार्थक सम्बन्ध सहितको हकदैया प्राप्त हुन्छ। विपक्षीहरूले सार्वजनिक सम्पत्तिलाई निजीकरण गर्नुभएको भन्नेमा विवाद छैन। त्यसैले त्स्तो कार्य दूषित छ र बदर भागी छ। विपक्षीहरूले विधायिकाले बनाएकै कानुन प्रयोग गरेर गैरकानुनी लाभ लिनुभएको छ। अतः त्यस्तो कार्य बदर भागी रहेको हुँदा फिराद माग दाबी अनुसार हुनुपर्दछ।

(८) **प्रतिवादीको तर्फबाट प्रस्तुत बहस :**

१) **प्रतिवादी सुनिल कपालीसमेतको तर्फबाट विद्वान् अधिवक्ता श्री बालमुकुन्द श्रेष्ठ :-** मेरो पक्षको सरोकार कि.नं. १७१६ सँग मात्र रहेको छ। मिति २०५२।१।१८ को नक्सामा २ वटा ब्लक छन्। न.नं. ६, ७ र ८ ले एउटा घरको छुट्टै अस्तित्व देखाउँछ। बि.सं. २००६ सालको खड्ग निशानाको आधारमा सत्तल कायम गर्ने दाबी लिइएको छ। कुन घर कता पर्दछ ? चारकिल्ला वादीले प्रमाणित गर्न सक्ने अवस्था नै छैन। तसर्थ मेरो कित्ताको घर छुट्टै अस्तित्वको हो। वि.सं. २०४० सालमा नै मेरो पक्षसँग दलिनको विवाद पर्दा मिति २०४०।११।०२ मा निर्णय हुँदा मेरो पक्षको बसोबासलाई स्वीकार गरिएको छ। सत्तल कायम मुद्दा डिसमिस भएपछि फैसला बदर समेतका मुद्दा परेको हो। मिति २०३६।४।७ मा उक्त जग्गा स्ववासीको नाताबाट दर्ता भएको छ। निस्सा र हकभोग नै स्ववासीका प्रमाण हुन्। अ.वं. ८६ नं. ले तेस्रो पक्षको हकमा असर गरेमा मात्र हकदैया सिर्जना हुन्छ। प्रस्तुत विवादमा मुद्दा डिसमिस भएर वादीको के हक गयो ? अदालतले उपचार दिने आधार निजले देखाउन सक्नुपर्दछ। दाबीकर्ताको माग दाबी प्रस्ट छैन, हचुवा छ। मेरो पक्षले कुन सालमा दर्ता गरेको हो ? सिधै कि.नं. १७१६ बदरहुनसक्तैन। महानगरपालिकामा नक्सा पास भई घर समेत बनिसकेपछि विपक्षीलाई सो कुरा थाहा नभएको होइन। तसर्थ हकदैया हदम्यादविहीन फिराद खारेज हुनुपर्दछ।

(२) **प्रतिवादी अनिल प्रधान र विद्या शाक्यको तर्फबाट विद्वान् अधिवक्ता श्री ओम थपलिया :-** प्रस्तुत विवाद मेरो पक्षको हकमा कि.नं. १७१४, १७०८ र १९३१ को क्रमशः क्षे.फ. १ आना, ३ दाम र २ दामसँग सम्बन्धित छ। मुद्दामा फैसला बदर, धर्मलोप, दर्ता बदर र लिखत बदर समेतको दाबी रहेको छ। हामीहरूले हार जित गर्दैमा यी वादीको अ.बं. ८६ नं. अनुसार हक जाने होइन। तसर्थ प्रथमतः फिराद गर्ने हकदैया वादीलाई छैन। फिराद पत्र गोलमटोल छ। कहीँ गुठी भनिएको छ, कहीँ सार्वजानिक सरोकारको प्रश्न उठाइएको छ। फिरादी आफैंमा Confidence नभई द्वैधचरित्र लिएर आउनुभएको छ। त्यस्तो अस्पष्ट फिरादबाट इन्साफ हुन सक्तैन। वि.सं. १९९२, २००६ सालमा कागजपत्रको आधार टेक्नुभए पनि ती कागजातमा उल्लेखित सत्तल सो होइन। कि.नं. १७०८ को विरह महलमा प्रस्ट रूपमा घर जनिएको छ। कि.नं. १७१४ को जग्गाधनी मिश्रीनानी दर्शनधारी हुन्। उक्त घर मेरो पक्षले परम्परादेखि भोग चलन गर्दै आएका छन्। बि.सं. २०३६ सालको नापीमा २१ दिने सूचना प्रकाशित गरी कसैको उजुरी नपरेपछि कानुनी प्रक्रिया पूरा गरेर दर्ता भएको जग्गा हो। वि.सं. २०४० सालमा न.पा. मा नक्शा पास गरी घर बनेको छ। सूधियारहरूको कुनै उजुरी छैन। कुस्ले र विद्या शाक्यबीच घर बहाल भराउने सम्बन्धमा मुद्दा परी भराइदिने फैसला भएको छ। धारा, पानी, बत्ती मेरो पक्षको नाउँमा दर्ता छ। फिल्डबुकमा पनि कहीं कतै सत्तल जनिएको छैन। मन्दिर भन्नेबारेमा कहीं धर्मपत्र, शिलालेख छैन। चीर भोग मेरो पक्षको थियो। स्ववासीको नाताले दर्ता गराए भन्ने तथ्य फिरादीले नै स्वीकारेका छन्। तसर्थ वादीको फिराद दाबी खारेज भागी छ।

(३) **प्रतिवादी मनोहर बानियाँको तर्फबाट विद्वान् अधिवक्ता श्री भीमबहादुर ढकाल :-** वादीलाई यस मुद्दामा अ.बं. ८२ नं. को हकदैया छैन । गुठी हो या सत्तल भन्ने स्पष्ट माग दाबी पनि छैन । वादी पक्ष सफा हात लिएर न्याय माग्न आउनुभएको देखिन्न । वादीले दाबी गरेको चार किल्लाभित्रका जग्गा नै यो होइन । मुद्दा गर्ने हदम्याद पनि नाघेको अवस्था छ । कुनै पनि विवादित वस्तुको अवस्था परिर्वतन भएको छ भने कानुनी उपचार पाउन सक्तैन । विवादित सत्तल भनी दाबी गरेको ठाउँमा घर बनेको छ । हक सर्दै गएको छ । स्रेस्ता प्रमाण बुझेर खरिद गरिएको छ । भनिन्छ " a good judge should settle the case not to bring problems" तसर्थ सामाजिक chaos को वातावरण सिर्जना हुन नदिन फिराद खारेज हुनुपर्दछ ।

(४) **प्रतिवादी मोहनलाल पटवारीसमेतको तर्फबाट विद्वान् अधिवक्ता श्री श्यामप्रसाद पण्डे :-** बहस छलफलको क्रममा उठेका विविध प्रश्नहरूको सन्दर्भमा स्पष्ट हुनैपर्दछ । वादीहरू विभिन्न ठाउँमा बस्ने विभिन्न जातिका व्यक्तिहरू हुनुहुन्छ । हकको स्रोत स्थापित गर्न सक्नुभएको छैन । संवत् १९९३, १९९६, २००६ समेतका फैसलाको आधारमा यसै विषयको मुद्दा सर्वोच्च अदालतसम्म पुगेर डिसमिस भई अन्तिम किनारा लागिसकेको छ । मेरो पक्षको कि.नं. १७१५ स्वतन्त्र कित्ता हो । सो जग्गा सत्तलसँग सम्बन्धित नै छैन । डवली भन्ने दाबी छ, तर डवली भनेको के हो ? त्यसको श्रेस्ता कहाँ छ ? १९९३ र १९९६ को फैसलामा पनि उल्लेख छैन । हकको स्रोतको रूपमा वादीले घरदर ब्लक नं. १६९ लाई नाटेश्वर मन्दिर र १५४ लाई डवली भन्नुभएको छ । सत्तल भन्नेबित्तिकै संरचना हुनुपर्दछ । Open space लाई ब्लक नं. दिइँदैन । कि.नं. १७१५ लाई वादीका कुनै प्रमाणले समेट्दैन । सर्भे नक्साबाट पनि यो कित्ता स्वतन्त्र नै देखिएको हुँदा वादी दाबी खारेज हुनुपर्दछ ।

(५) **प्रतिवादी रामेश्वर मानव कपालीको तर्फबाट विद्वान् अधिवक्ता श्री सागरसिंह खड्का :-** विपक्षीले दूषित लिखत बदरमा हदम्याद लाग्दैन भन्ने आधार लिनु भए तापनि सिद्धान्ततः हदम्याद, हकदैया र क्षेत्राधिकार मुद्दाका प्रथम अन्तर्वस्तु हुन् । वादीले सार्वजनिक सरोकारको property भनेर प्रमाणित गर्न सक्ने अवस्था यसमा छैन । विवाद गरेको सम्पत्ति एउटाको हक, भोग चलनमा छ । दाबी पुष्टि गर्ने Historical evidence छैनन् । यदि नाटेश्वरको सत्तल थियो भने नापीको समयमा किन देखाएनन् ? तत्काल किन आवाज उठाएनन् ? ३० वर्षपछि किन मुद्दा गरियो ? गुठी हो भने मठ मन्दिर छेउमा रहेकै आधारमा सत्तल नामाकरण गर्न हुँदैन । प्रधान न्यायालयको आदेशसमेतबाट सार्वजनिक हो भनेको छैन । निजी गुठी भन्ने पनि देखिँदैन । राजगुठी हो भने गुठी संस्थान ऐन लागू हुन्छ । स्वयं गुठीले नै गुठीको रेकर्ड छैन भनेको छ । ज.प. को १, १८, १७ ले चिरकालदेखि भो गर्दै आएको व्यक्तिलाई यस्तो दाबी लिने हकदैया नै रहँदैन । तहतह मुद्दा परी डिसमिस भई निर्विवाद हक कायम भएको अवस्थामा वादी दाबी खारेज हुनुपर्दछ ।

**ठहर गर्नुपर्ने मुख्य प्रश्नहरू :**

1. वादीलाई फिराद गर्ने हकदैया छ, छैन ?
2. फिराद हदम्यादभित्र परेको छ, छैन ?
3. नाटेश्वर सत्तल र डबली सार्वजनिक गुठीको सम्पत्ति हो, होइन ?
4. वादीको दाबी अनुसार दूषित दर्ता बदर हुनुपर्ने हो, होइन ?
5. उपरोक्त कार्यबाट गुठी धर्मलोप भएको छ, छैन ? र गुठी प्रबन्ध कसरी हुनुपर्दछ ?

**अदालतको ठहर**

(९) जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा बहसको क्रममा दुवै पक्षका विद्वान् अधिवक्ताहरूको तर्कपूर्ण बहस, लिखित रूपमा प्रस्तुत भएको सारगर्भित बहस नोट, फिराद दाबी, प्रतिउत्तर जिकिर, वादी दाबी र प्रतिउत्तर जिकिरमा आधार लिइएका कानुनी प्रावधानहरू, उद्धृत गरिएका नजिरहरू एवं मिसिल संलग्न प्रमाणहरूको आधारमा उपरोक्त निर्णायक प्रश्नहरूको निरुपण हुनु आवश्यक देखिन्छ ।

(१०) सर्वप्रथम वादीलाई फिराद गर्ने हकदैया छ, छैन ? भन्ने प्रथम प्रश्नको सन्दर्भमा विचार गरौं । प्रस्तुत मुद्दा मुलुकी ऐन अ.वं. १०, ८२ तथा गुठीको महलको दफा २, ३, ४, १४ र गुठी संस्थान ऐन, २०३३ को दफा १८ र ५० नं. समेतको आधारमा दर्ता भएको पाइन्छ । प्रतिवादीपक्षले अ.वं. १० र ८२ नं. को कानुनी व्यवस्थाभन्दा बाहिर रही दर्ता भएको मुद्दा भएकोले हकदैयाको अभावमा मुद्दा नै खारेज हुनुपर्दछ भन्ने आग्रह गर्नुभएको छ । अ.वं. १० नं. को कानुनी व्यवस्थालाई हेर्दा "प्रचलित कानुनमा नेपाल सरकार वादी हुने भनी लेखिएको मुद्दामा नेपाल सरकारलाई वादी कायम गरी मुद्दाको कारबाही गरिनेछ । सो बाहेक मुद्दाको विषय वा प्रकृतिबाट नेपाल सरकारको वा सार्वजनिक हित वा सरोकार निहित रहेको मुद्दा नेपाल सरकारले वा अड्डाको अनुमति लिई सर्वसाधारण जोसुकैले पनि वादी भै चलाउन सक्नेछ ।
अनुमतिका लागि निवेदन दिँदा फिरादपत्र साथै दिनुपर्छ । यसरी फिरादपत्र साथै अनुमतिको निवेदन परेमा उसै दिन अनुमतिको निवेदनमा निर्णय गरी दिनुपर्छ । अनुमति नदिएमा पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ" भन्ने उल्लेख भएको पाइन्छ । त्यस्तै अ.वं. ८२ नं. मा हकदैयाको सम्बन्धमा "नेपाल सरकार वादी हुने मुद्दा र घूस खाने माग्ने सरकारी कर्मचारीकै हस्ताक्षरको लिखतको सबुद लिई नालिस गरेको घूस मुद्दामा जोसुकैले नालिस गरे पनि हुन्छ । सो बाहेक अरू गैर मुद्दामा जसको जुन कुरामा हक पुग्छ । उसले सो कुरामा दाबी गरी नालिस दिए मात्र लाग्छ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

(११) सर्वप्रथम, अ.वं. १० नं. मा भएको उपरोक्त कानुनी व्यवस्थालाई हेर्दा सरकारवादी हुने मुद्दा मात्र होइन, सार्वजनिक हित वा सरोकार निहित रहेको जुनसुकै विषयमा पनि सर्वसाधारण नागरिकले उजुरी गर्न सक्दछन् भन्ने देखिन्छ । सार्वजनिक हितको संरक्षण गर्न जोसुकै व्यक्ति जागरुक हुन सक्ने सिद्धान्त रोमन कानुन प्रणालीदेखि बेलायत, अमेरिका र भारतमा वर्षौं अघिदेखि प्रचलित सिद्धान्त हो । हामी कहाँ यस्तो व्यवस्था मुलुकी ऐनको नवौं संशोधन (२०४३) मा समावेश भएको हो । सार्वजानिक महत्वको प्रश्नलाई विशेष महत्व प्रदान गर्नंपर्ने महसुस गरेर नै विधायिकाले सो व्यवस्था गरेको हो । सार्वजनिक प्रकृतिको विवादमा हदम्याद र हकदैयाको प्रश्नलाई संकीर्ण कानुनको आँखाबाट हेर्न मिल्दैन । सार्वजनिक सरोकारको विषय भनेको नै वस्तुतः असीमित हकदैया र अनन्त हदम्यादभित्रको विषयवस्तु हो ।

(१२) हाम्रो सर्वोच्च अदालतले पनि सार्वजनिक सरोकारको विषयमा सक्रिय विधिशास्त्रीय दृष्टिकोण अपनाएको पाइन्छ । **सुन्दरलाल भवानीविरुद्ध काशीनाथ (नेकाप २०५६, पृ. ४२४)** भएको मुद्दामा त अ.वं. १० नं. को अनुमति नलिई दर्ता भएको मुद्दामा समेत सार्वजनिक महत्वको विषयवस्तुकै सीमाभित्र समावेश गरी क्षेत्राधिकार ग्रहण गरेको देखिन्छ । उक्त मुद्दामा "सार्वजनिक धर्मकृति फैलाउन र सार्वजनिक सुरक्षाको हित रक्षार्थ फिराद परी अड्डामा दर्ता भई सके पश्चात् केवल अनुमति नलिएको भन्नेसम्मको झिनो आधारमा मुद्दामा कारबाही किनारा नै गर्न नमिल्ने भन्ने अवस्था रहँदैन" भनी व्याख्या भएको पाइन्छ ।

(१३)यसै प्रसङ्गमा वादी पक्षका विद्वान् अधिवक्ता श्री प्रकाशमणी शर्माले राधेश्याम अधिकारी विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (नेकाप २०४८, पृ. ८१०) भएको मुद्दामा प्रतिपादित सिद्धान्तलाई उद्धृत गर्नुभएको छ। उक्त मुद्दामा "कुनै हक वा सरोकारले सार्वजनिकताको रूप ग्रहण गर्नको लागि त्यो हक वा सरोकारमा सम्पूर्ण वा अधिकांश जनताको वा जनसाधारणको जसको निश्चित संख्या साधारणतः थाहा हुँदैन) सामान्य हक, हित वा स्वार्थको प्रतिनिधित्व गर्छ भने त्यस कुरामा सक्रिय पमा चासो लिने वा त्यसबाट यथार्थमा लाभ प्राप्त गर्ने व्यक्तिहरूको संख्या अधिक नभए पनि त्यो कुरा सार्वजनिक हक वा सरोकारको हुन सक्दछ" भन्ने व्याख्या भएको छ। सार्वजनिक सरोकारको विषयवस्तुको आधारमा हकदैया स्थापित हुने उपरोक्त व्याख्या प्रस्तुत मुद्दामा पनि सान्दर्भिक देखिन आउँदछ।

(१४) त्यसैगरी विद्वान् अधिवक्ता शर्माले अन्य दृष्टान्तहरू पनि प्रस्तुत गर्नुभएको छ। ती दृष्टान्तहरू प्रस्तुत मुद्दामा पनि मिल्ने प्रकृतिका नै छन्। जस्तो किः सूर्यप्रसाद ढुंगेलसमेत विरुद्ध गोदावरी मार्बल इण्डस्ट्रिज प्रा.लि. समेत (नेकाप, विशेषाङ्क २०५२, पृ. १६९) को मुद्दामा पनि सार्वजनिक हक एवं सरोकारको विषय निश्चित गरिएको पाइन्छ। अर्को त्यस्तै प्रश्न समावेश भएको योगी नरहरिनाथ वि. प्रधानमन्त्रीसमेत (नेकाप २०५३, पृ. ३३) को मुद्दामा "वातावरण संरक्षण र पुरातात्विक स्थान सम्बन्धी विषयलाई सार्वजनिक सरोकारको विषय" मानिएको छ। त्यस्तै प्रकाशमणी शर्मा वि. मन्त्रिपरिषद् सचिवालयसमेत (नेकाप २०५६ पृ. ७००) को मुद्दामा "धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वको स्थानको संरक्षण गर्ने विषय पनि सार्वजनिक सरोकारको विषय भएको देखिन आएको हुँदा यस प्रकारको सार्वजनिक विषयमा निवेदन दिन हकदैया नभएको भन्न मिल्दैन" भन्ने व्याख्या भएको पाइन्छ।

(१५) यस प्रकार प्रस्तुत मुद्दाको विषयवस्तु पनि नाटेश्वरको सत्तल, डबली तथा गुठी प्रबन्धसँग अन्तर्निहित एवम धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वको विषयसँग नै सम्बन्धित देखिएको र सो ऐतिहासिक स्थानको संरक्षण र विकासको निम्ति नेपालमा बसोबास गर्ने जुनसुकै बासिन्दाहरूले अ.वं. १० नं. को कानुनी व्यवस्थाको अधीनमा रही फिराद दायर गर्न सक्ने र सोही अनुरूप प्रस्तुत मुद्दा दायर गरेको देखिँदा सर्वोच्च अदालतबाट प्रतिपादित उपरोक्त सिद्धान्तहरू समेतको आधारमा यी वादीहरूलाई प्रस्तुत फिराद दायर गर्ने हकदैया नरहेको भन्ने प्रतिवादीहरूको भनाइ, जिकिरसँग यो इजलास सहमत हुन सकेन।

(१६) अब, दोस्रो प्रश्न, प्रस्तुत फिरादपत्र कानूनको हदम्यादभित्र परेको छ, छैन ? भन्ने सन्दर्भमा निर्णयार्थ विचार गरौं। हदम्यादको सन्दर्भमा प्रस्तुत फिराद गुठीको महलको १६ नं., जग्गा पजनीको महलको १७ नं. र जग्गा मिच्नेको महलको १८ नं. समेतको आधारमा दर्ता भएको देखिन्छ। उक्त कानुनी व्यवस्था हेर्दा गुठीको १६ नं. मा "यो महलमा अन्यत्र हद लेखिएको कुरामा र धर्मलोप गरेको वा राख्न नहुने गुठी राखेको बाहेक अरू कुरामा भए गरेका मितिले दुई वर्षभित्र नालिस नदिए लाग्ने सक्तैन" भन्ने उल्लेख छ। उक्त कानुनी व्यवस्था अनुसार गुठी धर्मलोप गरेको वा राख्न नहुने गुठी राखेकोमा हदम्याद हुँदैन। प्रस्तुत मुद्दामा वादीले नाटेश्वर सत्तललाई व्यक्तिहरूले दूषित दर्ता गरी पूजाआजा गाना बजाना तथा झाडु बढारु गर्ने ऐतिहासिक परम्परा लोप गरेको भन्ने आधार लिई त्यस्तो दर्ता लिखत बदरमा नालेस गरेको देखिन्छ। धर्मलोप सम्बन्धी विषय वस्तुलाई उपरोक्त गुठीको १६ नं. भित्र कै कानुनी दायरा अन्तर्गत हदम्याद बाधक नहुने विषयको रूपमा हेर्नुपर्ने हुन्छ।

(१७) वादीले ज.मि.को १८ र ज.प. को १७ नं. लाई पनि हदम्यादको रूपमा पक्री फिराद गरेको अवस्था देखिन्छ। ज.मि. को उक्त १८ नं. ले "रोक्का भएको जग्गा लिए दिएको र जग्गा दपोट वा तिरो दपोट गरेको

कुरामा बाहेक अरू जग्गाको कुरामा थाहा पाएको मितिले छ महिनाभित्र कूत बालीको कुरामा तीन वर्षभित्र र जग्गाको झगडा परेको बालीको हकमा जग्गाको हक छुट्टिई अन्तिम किनारा भएको मितिले एक वर्षभित्र नालेस नदिए लाग्न सक्दैन ।" भन्ने कानुनी व्यवस्था गरेको छ । त्यस्तै ज.प. को १७ नं. ले "तालुकदारले खापी खाएका बाहेक एकको हकको जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको मितिले छ महिनाभित्र र अरू कुरामा भए गरेको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्तैन ।" भन्ने कानुनी व्यवस्था गरेको पाइन्छ । उक्त कानुनी व्यवस्थाको परिधिभित्र रही दूषित दर्ता बदरको माग दाबी गरिएका विभिन्न मुद्दाहरूमा सर्वोच्च अदालतबाट पनि त्यस्तो दूषित दर्ता बदर गराउन जहिले सुकै पनि नालिस गर्न सकिने भन्ने व्याख्याहरू भएका छन् । जस्तै आफ्नो हक नपुग्ने सम्पत्ति कसैले दर्ता गराएकोमा त्यस्तो दर्तालाई दूषित दर्ता मानी सो दूषित दर्तालाई त्यस्तो दर्ता गराउन हदम्याद बन्धक नहुने भन्ने सिद्वान्त ईश्वरी भोमी वि. गणेशलाल खड्गी भएको मुद्दामा (नेकाप, २०६०, अंक १, २, पृ. ५८, नि.नं. ७१६६) प्रतिपादन भएको छ । त्यस्तै रामअधारप्रसाद यादव समेत वि. रामअयोध्याप्रसाद अहिरसमेत भएको अर्को मुद्दामा दूषित क्रियाबाट भएको दर्तालाई गैर कानुनी, प्रभावहीन र अमान्य भई हदम्यादसमेत बाधक नहुने एवं विवाद उठेमा जहिले सुकै पनि बदर गराउन सक्ने (नेकाप, २०६६ अंक ३, पृ. ४८५, नि.नं. ८१०५) भन्ने व्यवस्था भएको पाइन्छ ।

(१८) प्रस्तुत विवाद मूलतः सार्वजनिक सरोकारको विषयसँग सम्बन्धित रहेको भन्ने सम्बन्धमा माथि नै पहिलो प्रश्नमा छलफल गरी निर्क्योलमा पुगिसकिएको विद्यमान अवस्थामा अ.वं. १० नं. बमोजिम अनुमति प्राप्त गरी मुद्दा दायर गर्न माथि उल्लेखित कानुनी व्यवस्था र सर्वोच्च अदालतको व्याख्या समेतबाट हदम्याद बाधक हुने अवस्था नै देखिँदैन । तसर्थ मुद्दा गर्ने हदम्याद पनि समाप्त भएको भन्ने प्रतिवादी पक्षको प्रतिवाद जिकिरसँग यो इजलास भिन्न मत राख्दछ ।

(१९) तेस्रो प्रश्न, वादी दाबीको सत्तल डबली सार्वजनिक नाटेश्वर मन्दिर एवं गुठीको हो, होइन ? भन्ने सन्दर्भमा निर्णयार्थ हेरौं । प्रस्तुत मुद्दामा यो नै महत्वपूर्ण प्रश्नको रूपमा रहेको छ । यस सन्दर्भमा सर्वप्रथम मिसिलसाथ रहेका निम्न लिखित प्रमाणहरूको विश्लेषण गर्नु मनासिब हुने देखिन्छ :-

(१) संवत् १९९३ साल ज्येष्ठ २० गते रोज ३ को भारदारी तेस्राको फैसला,
(२) संवत् २००५।११।१९ को फार्से बदर फैसला,
(३) संवत् २००६।०५।२ को श्री ३ मोहन शमशेरको खड्ग निशाना तोक सदर

(२०) माथि उल्लेखित प्रमाणहरूको तथ्यगत अवस्था बुझ्नको लागि यस मुद्दाको ऐतिहासिक पृष्ठभूमिलाई अध्ययन गर्नु सान्दर्भिक हुन्छ । हाल प्रस्तुत मुद्दामा वादीले का.म.न.पा. वडा नं. २७ स्थित मच्छिन्द्रबहाल नजिकै लुचुभुलु अजिमा माईको मन्दिर नजिकै तीनतले नाटेश्वर देवतालाई पूजा गरी राख्ने सत्तल घर रहेको थियो । सो सत्तलमा रहेका देवदेवीको पूजा गर्न, सरसफाई गर्न र पूजा गर्दा बाजा बजाउनको लागि सोही सत्तल घरमा बसोबास गर्दै आएका कुस्ले परिवारमध्येका पूर्णमान कुस्लेले आफू बसेको सत्तल घरको भाग बैकुण्ठ कुस्लेलाई फार्से गरेछन् । उक्त फार्से बदर गर्न हालका प्रतिवादी रामेश्वर प्रसाद मानव कपालीका जिजुबाजे तथा निजै रामेश्वरको आमा मिश्रीनानीका बाजे राधाकृष्ण कुस्लेले मुद्दा गर्दै जाँदा तहतह फैसला भएको छ । अन्तिममा आएर मिति २००६।५।२०।२ को श्री ३ मोहन शमशेरको खड्ग निशाना तोक आदेश र प्रधानन्यायालय डिभिजन बेन्चबाट समेत नाटेश्वर देवलको सत्तल ठहरेको अवस्था छ । उक्त फैसलामा अब उप्रान्त बिक्री नगर्ने गरेमा बिक्री बदर भई त्यहाँबाट उठ्नुपर्ने कबुलियतसमेत

भएको देखिन्छ । त्यस्तो धार्मिक उपासना गर्ने नाटेश्वरको सार्वजनिक सत्तललाई २०३४ सालको सर्भे नापीमा कि.नं. १७१४, क्षेत्रफल ०-०-०-३ कायम भएकोमा कि.नं. १७१४ र १७१६ दुई कित्ता २०३६ सालमा कि.नं. १७०८ को कित्ताफोड गरी कि.नं. १९३० र १९३१ गराई २०४० सालमा मिश्रीनानी दर्शनधारीसमेतले दूषित दर्ता गराएकोले सो दूषित दर्ता बदर गरी धर्मलोपमा सजाय गरी पाऊँ भन्नेसमेत वादीको फिराद दाबी रहेको पाइन्छ ।

(२१) प्रतिवादीले नाटेश्वरको सत्तल नै होइन । स्ववासी घर हुँदा दर्ता गराएको हो । हाम्रा पुर्खाले नै नाटेश्वर देवता स्थापना गर्न दिएका हुन् । हाम्री आमा मिश्रीनानीले दर्ता गराएकोमा बदर गराउने हक वादीलाई छैन । तसर्थ फिराद खारेज हुनुपर्दछ भनी प्रतिवाद गरेको देखिन्छ ।

(२२) यसरी वादीले नाटेश्वर सत्तल भनेकोमा प्रतिवादीले होइन भनी इन्कार गरेको पाइन्छ भने मिश्रीनानी दर्शनधारीसमेत यसभन्दा पहिले यसै बिषयमा परेको मुद्दामा पनि प्रतिवादीको रुपमा रहेको देखिन्छ । अहिले नै पनि सत्तल होइन भने तापनि नाटेश्वर देवता हाम्रा पुर्खाले नै राखेका हुन् भन्ने सत्य तथ्यलाई प्रतिवादीले नै उल्लेख गरेको देखिन्छ । प्रतिवादीको आमा मिश्रीनानी दर्शनधारीका बाजे राधाकृष्ण कुस्लेले पूर्णमान कुस्लेउपर वैकुण्ठ कुस्लेलाई उक्त नाटेश्वर सत्तल फार्से गरेको विषयलाई चुनौती दिई तहतह मुद्दा गर्दै उक्त फार्से बदर भएको भनी वादीले विभिन्न मितिमा भएका फैसला तथा खड्ग निशानासहितका लिखतहरू प्रमाणको रूपमा पेस गरेकोमा प्रतिवादीहरूले ती लिखत प्रमाणहरूलाई अन्यथा भन्न र लेखाउन सकेको पाइँदैन ।

(२३) सत्तलको भागलाई सोही सत्तलमा बसी आएका पूर्णमान बखतमानले सत्तल कवलको रु. १,१०३।- मा मिति २००३।२।१५ मा वैकुण्ठलाई फार्से गरिदिएका रहेछन् । सो फार्से गर्न पाउने होइन भनी यस मुद्दामा प्रतिवादी रहेका अनिल कुमारको आमा मिश्रीनानी दर्शनधारीका बाजे राधाकृष्ण कुस्लेले सम्बन्धित निकायमा उजुर गरेका रहेछन् । उजुरी सुन्ने तत्कालीन सरकारी निकाय प्रधान न्यायालय चौथा फाँटबाट मिति २००५।११।१९ मा उक्त फार्से बदर भई नाटेश्वरको सत्तल नै ठहर भएको देखिन्छ । प्रधान न्यायालय चौथा फाँटबाट भएको उक्त फैसला मिति २००६।५।२०।२ मा श्री ३ मोहन शमशेरको खड्ग निशाना तोकबाट "नाटेश्वर देवताको सत्तलै देखिएको, बिक्री गर्न नपाउने, बिक्री गर्नेले साविकी बदर भई त्यहाँ बस्न नपाउने" भन्नेसमेत उल्लेख भएको देखिन्छ । प्रस्तुत मुद्दामा उपरोक्त सत्तल घर हाल वादीले दाबी गरेको स्थानमा नै रहेको छ भनी वादीले दाबी गरेकोमा प्रतिवादीहरूले सो दाबीलाई इन्कार गरी प्रतिवाद गरे तापनि एकातिर नाटेश्वर सत्तलको अस्तित्वलाई इन्कार गर्न सकेको पाइँदैन भने अर्कोतर्फ सो सत्तल अन्यत्र कुन ठाउँमा थियो त भनी देखाउन सकेको समेत छैनन् ।

(२४) यस प्रकार वादीले दाबी गरेकै स्थानमा उपरोक्त नाटेश्वर सत्तलको अस्तित्व रहेको थियो वा थिएन भन्ने सम्बन्धमा वादी प्रतिवादीको बीचमा विवाद रहे तापनि माथि उल्लेखित प्रधान न्यायालय देवानी चौथा फाँटको फैसला र खड्ग निशानासमेतबाट नाटेश्वरको सत्तल कुनै काल्पनिक विषय नभई देवता बस्ने देवालय, धर्मशाला, सत्तल, मठ, मन्दिर तथा धार्मिक उपासना गर्ने सार्वजनिक स्थल हो भन्ने नै ठहर हुन आउँदछ । जहाँसम्म वादीको दाबी रहेको ठाउँमा नै उक्त सत्तल थियो थिएन ? भन्ने प्रश्न छ, त्यस सम्बन्धमा यसअघि पनि सार्वजनिक सत्तल कायम मुद्दा परेको हुँदा सो मुद्दामा विश्लेषण गरिएका तथ्यगत अवस्थालाई विचार गर्नु मनासिब देखिन्छ ।

(२५) यस अनुसार हेर्दा, मिति २०४८।५।१४ मा जगतमाया कपाली, नातिभाई कपाली, चन्द्रमाया कपाली, हरिगोपाल कपाली, हरिकृष्ण कपाली र रामगोपाल कपालीले लक्ष्मी पटुवारी समेतलाई विपक्षी कायम गरी सार्वजनिक

सत्तल कायम मुद्दा दायर गरेकोमा काठमाडौं जिल्ला अदालतबाट मिति २०५२।३।१९ मा "प्रतिवादीहरूले २०३४ सालको नापीमा आफ्नो स्ववासी घर लेखाएको बेलामा वादी पक्ष मौन रहेको छ। झिकाई आएको फिल्डबुकमा सत्तलको कहीँ कतै उल्लेख छैन। यस्तो अवस्थामा जग्गा आवाद गर्नेको ४ नं. आकृष्ट हुन सक्दैन। किनभने दाबीको जग्गा कहीँ कतैबाट सत्तल वा पाटी पौवा देखिँदैन। भए पनि अ.वं. १० नं. बमोजिम आउनुपर्ने मार्ग वादीले अवलम्बन गरेको देखिँदैन। त्यस अनुसार अ.वं. ३६ नं. को हदम्यादको दाबी गर्ने वादीलाई अधिकार छैन। उक्त वादीको चारकिल्लाभित्रको जग्गामा अ.वं. ८२ नं. बमोजिम वादीलाई हकदैया समेत नदेखिँदा हकदैयाविहीन दाबीमा वादीको दाबी लाग्ने पुग्ने नभई खारेज हुने ठहर्छ" भन्ने फैसला भएको पाइन्छ।

(२६)सो फैसलाउपर वादीहरूको पुनरोदन परी पुनरावेदन अदालत पाटनबाट मिति २०५३।१०।८ मा "यसमा वादी दाबीको सत्तलको १९९२ सालमा परेको खिचोला मुद्दामा नाटेश्वरी देवताको सत्तल कायम ठहर भई तथा पछि सत्तल बिक्री गर्दा बखतमान कुस्ले समेतको बिक्री बदर मुद्दा पर्दा बिक्री बदर हुने ठहरी प्रधान न्यायालयबाट फैसला भएको देखिन आउँछ। २००६ सालमा देवस्थलको सत्तल कायम गरी निजीकरण तथा बिक्री गर्न प्रतिबन्ध लगाई खड्ग निशाना भई प्रतिवादी तथा फिरादीहरूमध्येका व्यक्ति बसी आएको कुरा स्पष्ट हुन आयो। सोको विपरीत भोग चलन अनुसारको भाग हिस्सा नापी गराई बसोबास गरी आएका व्यक्तिले जग्गाधनी प्रमाण पुर्जा लिएको देखिनाले सो बदरको लागि कानुनको रीत पुऱ्याई फिराद गर्न नसकेको कारणबाट फिराद खारेज गर्ने गरेको काठमाडौं जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ" भनी फैसला भएको पाइन्छ।

(२७) पुनरावेदन अदालत पाटनको सो फैसला उपर सर्वोच्च अदालतमा वादीहरूको पुनरावेदन दर्ता भई सर्वोच्च अदालतबाट मिति २०६०।४।२६।२ मा फैसला हुँदा लिइएका आधार प्रमाणहरू पनि महत्वपूर्ण रहेका छन्। उक्त फैसलामा उल्लेख छ कि "विवादको घर जग्गा नाटेश्वरी देवताको सत्तल कायम भएको भनी वादीले १९९३ सालको भारदारी तेस्रा फाँटले ठहर गरेको फैसलाको प्रतिलिपि तथा सो सत्तल कसैलाई कुनै व्यहोराबाट बिक्री गरे बदर हुने भन्ने २००६।५।२० को खड्ग निशानाको प्रतिलिपि समेत पेस गरेको देखिन्छ। प्रतिवादीले आफ्नो पुर्खाको पालादेखि पसल समेत राखी बसी आएको र सर्भे नापीमा भोग मुताविक नापी दर्ता भै धनी प्रमाण पुर्जा समेत पाइसकेको भन्ने उल्लेख गरेकोमा जिल्ला अदालतबाट भै आएको नक्सा मुचुल्काबाट वादीले दाबी गरेको चार किल्ला मिल्न भिड्न नआई कहीँ कतैबाट सत्तल वा पाटी पौवा देखिँदैन भन्ने देखिन्छ। नापीमा प्रतिवादीहरूले छुट्टाछुट्टै कित्तामा नाप नक्सा गराई धनी दर्ता प्रमाण पुर्जा लिएको र वादीले ती कित्ताहरू खुलाएर दाबी लिएको नभै गोश्वारा रूपमा दाबी लिएको देखिन्छ। जिल्ला अदालतले संवत् १९९३ सालको प्रधान न्यायालयको फैसला तथा २००६ सालको श्री ३ महाराजबाट खड्ग निशाना भएको भन्ने आधारमा फिराद दाबी खारेज गरेको पाइन्छ। प्रतिवादीले जिकिर लिएको चार किल्ला भिड्न नआएको, कित्ता नं. खुलाउन नसकेको, आफ्नो हक स्वामित्वको देखाई नापी दर्ता गराएकोमा समयमै उजुर गर्न नसकेको, नक्सा पास भै नगरपालिकाबाट विवाद किनारासमेत लागेकोभन्ने तथ्यतर्फ वादी प्रतिवादीले देखाएको र संकलन भएको प्रमाणहरूको समुचित मूल्याङ्कन नगरी फिराद खारेज गर्ने गरेको सुरु काठमाडौं जिल्ला अदालतको मिति २०५३।३।१९ को फैसला मिलेको नदेखिँदा बदर हुने ठहर्छ" भनी फैसला भएको पाइन्छ।

(२८) साथै सर्वोच्च अदालतको उक्त फैसलामा अझै अगाडि भनिएको छ "प्रस्तुत मुद्दामा सार्वजनिक सत्तलको प्रश्न सन्निहित रहेको स्थिति एकातिर देखिएको छ भने अर्कोतिर प्रतिवादीहरूले नापी नक्सा गराई आफ्नो

नाममा दर्ता प्रमाण पुर्जा लिई दा.खा. नामसारी बक्सपत्र समेत लिनु दिनु गरेको अवस्था छ। यस स्थितिमा संवत् १९९३ सालको प्रधान न्यायालयको फैसला, २००६ सालको खड्ग निशाना छापमा उल्लेखित व्यहोरा तथा प्रतिवादीहरूले लिएका जिकिरका प्रमाणहरू तथा साविक फैसलाको चारकिल्ला र हाल वादी दाबीमा उल्लेखित र भै आएको नाप नक्शा मुचुल्कामा देखिएको भौतिक स्थिति समेतको मध्यनजर गरी अन्य जे जो बुझ्न पर्छ बुझी सबुत प्रमाणहरूको समुचित मूल्याङ्कन गरी कानुन बमोजिम ठहर निर्णय गर्नु भनी तारेखमा रहेका प्रतिवादीहरूलाई काठमाडौं जिल्ला अदालतमा हाजिर हुन जानु भन्ने तारेख तोकी र पुनरावेदक वादीहरूले यस अदालतमा तोकिएको तारेख गुजारी बसेको भए तापनि मुलुकी ऐन अ.वं. २०१ नं. को व्यवस्था अनुसार पुनरावेदन तहमा मुद्दा डिसमिस नहुने र ठहरे माफिक फैसला गर्नुपर्ने हुँदा वादी पुनरावेदकहरूलाई समेत सुरु अदालतबाटै म्याद दिई झिकाई मुद्दाको कारबाही गर्ने गरी मिसिल सुरु काठमाडौं जिल्ला अदालतमा पठाइदिनू।"

(२९) सर्वोच्च अदालतको माथि उल्लेखित ठहर फैसला अनुसार प्रस्तुत मुद्दामा मुख्यतः वादी दाबी र प्रतिवाद जिकिरको सम्बन्धमा निम्नलिखित आधारलाई हेरी निर्णय गर्नु भनी सुरु जिल्ला अदालतमा मुद्दा फिर्ता पठाइएको देखिन्छ।

(क) वादी दाबीतर्फ :

१. सार्वजनिक सत्तलको प्रश्न सन्निहित रहेको स्थिति,

२. संवत् १९९३ सालको प्रधान न्यायालयको फैसला,

३. संवत् २००६ सालको खड्ग निशाना छापमा उल्लेखित व्यहोरा,

(ख) प्रतिवादी जिकिरतर्फ :

१. नापी नक्सा गराई दर्ता पुर्जा लिई दा.खा. नामसारी र बक्स पत्र समेत लिनुदिनु गरेको अवस्था,

२. प्रतिवादीले लिएका जिकिरका प्रमाणहरू,

३. साविक फैसलाको चारकिल्ला,

४. हाल वादी दाबीमा उल्लेखित र भै आएको नाप, नक्सा मुचुल्कामा देखिएको भौतिक स्थिति

(३०) सर्वोच्च अदालतको उपरोक्त फैसला बमोजिम प्रस्तुत मुद्दा पुनः काठमाडौं जिल्ला अदालतमा दर्ता भई यस अदालतबाट सुरु कारबाही हुँदा "वादी दाबीलाई इन्कार गर्दै प्रतिवादी पक्ष अदालतबाट तोकिई पाएको तारेखमा उपस्थित भए पनि वादीहरूको नाममा जारी भएको म्यादमा उपस्थित हुन नआई गुजारी बसेको हुँदा प्रस्तुत मुद्दा अ.वं. १८५ को देहाय दफा २ ले डिसमिस हुने ठहर्छ" भन्ने फैसला भई मुद्दा अन्तिम भई बसेको देखिन्छ।

(३१) यस प्रकार सर्वोच्च अदालतबाट सुरु अदालतमा मुद्दा फिर्ता गरिएको अवस्थामा माथि खण्ड क र ख मा उल्लेखित वादी दाबी र प्रतिवादी जिकिरको सन्दर्भमा सुरु जिल्ला अदालतले वादी पक्ष उपस्थित नभएको कारणबाट सर्वोच्च अदालतको फैसला बमोजिम कुनै विचार विश्लेषण गर्नुपर्ने अवस्था नरही मुद्दा डिसमिस भएको पाइन्छ। हाल तीर्थधर तुलाधरसमेतका वादीहरूले रामेश्वर प्रसाद मानव कपाली समेतका प्रतिवादीहरू उपर माथि डिसमिस फैसला भएको मुद्दामा नै उठाइएको विषयवस्तुलाई सार्वजनिक सरोकारको विषयको रूपमा पुनः उजागर गरेको पाइन्छ। त्यसैले अघिल्लो मुद्दा र यस मुद्दाको सम्पूर्ण विषयवस्तु एकै प्रकारको रहनु स्वाभाविक हुन आउँछ। यस परिप्रेक्ष्यमा प्रस्तुत मुद्दा सार्वजनिक सरोकारको बिषय अन्तर्गत पुनः यस

अदालतमा प्रवेश गरेको छ । त्यसकारण सर्वोच्च अदालतले मिति २०६०।४।२६।२ मा गरेको फैसलामा उल्लेख गरेका माथि उद्धृत वादी प्रतिवादीका दाबी जिकिर सम्बन्धी सन्दर्भहरूलाई प्रस्तुत मुद्दामा पनि उत्तिकै महत्वका साथ विचार गर्नु वाञ्छनीय देखिन्छ ।

(३२) यसरी हेर्दा, वादी दाबीको सत्तलको विषयमा संवत् १९९२ सालमा परेको खिचोला मुद्दामा नाटेश्वरी देवताको सत्तल कायम ठहर कायम भएकोमा कुनै विवाद छैन । पछि सो  सत्तल बिक्री गर्दा बखतमान कुस्ले समेतको बिक्री बदर मुद्दा परी प्रधान न्यायालयबाट बिक्री बदर हुने ठहरी फैसला भएको देखिन आउँछ । वि.सं. २००६ सालमा देवस्थलको सत्तल कायम गरी निजीकरण तथा बिक्री गर्न प्रतिबन्ध लगाई खड्ग निशाना समेत भै रहेको अवस्था देखिन्छ । साथै उक्त मुद्दाका वादी प्रतिवादीमध्येका व्यक्तिहरू नै सो सत्तलमा बसी आएको भन्ने कुरा पनि उक्त खड्ग निशानाबाट स्पष्ट हुन आउँछ । यसरी विवादित स्थान सत्तल कायम भई वादी प्रतिवादीहरू नै बसोबास गरी आएकोमा १९९२ सालको फैसला र २००६ सालको खड्ग निशाना विपरीत सत्तलमा बसोबास गरी आएका व्यक्तिहरूले भोग चलन अनुसारको भाग हिस्सा नापी गराई जग्गाधनी प्रमाण पुर्जा लिएको भन्ने तथ्य पुनरावेदन अदालत पाटनबाट मिति २०५३।१०।८ मा भएको फैसला समेतबाट स्थापित हुन आउँछ । सर्वोच्च अदालतको मिति २०६०।४।२६।२ को फैसलाबाट पनि यिनै तथ्यहरू स्थापित हुन आएको अवस्था देखिन्छ । सर्वोच्च अदालतको उपरोक्त फैसलामा "विवादको घर जग्गा नाटेश्वरी देवताकोको सत्तल कायम भएको भनी वादीले १९९३ सालको भारदारी तेस्रा फाँटले ठहर गरेको फैसलाको प्रतिलिपि तथा सो सत्तल कसैलाई कुनै व्यहोराबाट बिक्री गरे बदर हुने भन्ने २००६।५।२ को खड्ग निशानाको प्रतिलिपि समेत पेस गरेको देखिन्छ" भन्ने उल्लेख भएबाट सो तथ्य प्रमाणित हुन आउँदछ । प्रतिवादीहरूमध्येका चन्द्रमाया कपाली समेतले मिति २०४८।५।१४ मा सोही नाटेश्वरको सत्तलको अस्तित्व स्वीकार गरी सार्वजनिक सत्तल कायम गर्ने दाबी लिई फिराद गरेको हुँदा अब नाटेश्वरको सत्तल हाल प्रस्तुत मुद्दाको वादी दाबी अनुसार नै सार्वजनिक गुठी सम्पत्ति रहेछ भन्ने नै प्रमाणित हुन्छ । स्थानमा थियो थिएन भनेर धेरै परसम्म जानुपर्ने देखिँदैन । संवत् १९९३ सालको प्रधान न्यायालयको फैसला र २००६ सालको खड्ग निशानालाई सर्वोच्च अदालतले नै मिति २०६०।४।२६।२ को निर्णयमा निर्णय आधार लिई पुनः निर्णय गर्न निर्देश गरिसकेको परिप्रेक्ष्यमा विवादित नाटेश्वरको सत्तललाई अन्यथा भन्न सकिने अवस्था रहेन । जहाँसम्म तत्कालीन चार किल्ला र हालको चारकिल्लाको एकरूपताको प्रश्न छ लामो समयको अन्तरालमा मानिसले परिवर्तन गर्ने भौतिक स्वरूपलाई पूर्ववत् वा उस्तै रूपमा  रहनुपर्छ भनी बुझ्न हुँदैन । समयको अन्तराल र भौतिक परिवर्तनबाट निश्चित रूपमा हिजोका छिमेकीहरू आज अर्कै हुन सक्दछन् । त्यस्तै हिजोका संरचनाहरू आज अर्कै स्वरूपमा हुन सक्दछन् ।

(३३) प्रतिवादीहरूले पनि आफ्नो पुर्खाको पालादेखि पसल समेत राखी बसी आएको र सर्वे नापीमा भोग मुताविक स्ववासीको हैसियतमा नापी दर्ता भई धनी प्रमाण पुर्जा समेत पाइसकेको भन्ने उल्लेख गरेको पाइन्छ । प्रतिवादीहरूको यस भनाइबाट विवादित स्थान नाटेश्वरको सत्तल रहेको भन्ने तथ्यमा एक प्रकारले मुख मिल्न गएको अवस्था देखिन्छ । यस प्रकार उक्त विवादित स्थान वर्षौंपहिले नाटेश्वर सत्तलको रूपमा रहेकोमा समयको अन्तरालमा मानिसहरूको विचार, भौतिक विकास प्रणाली, प्राकृतिक अवस्था र पुस्ता दर पुस्ताको बीचमा जन्मिएका सोच र योजना अनुरूप पहिले कायम रहेको भौतिक अवस्थामा आमूल परिवर्तन आई नयाँ भौतिक स्वरूपमा परिणत हुनु अस्वाभाविक हुँदैन ।

(३४) नाटेश्वरको सत्तल सार्वजनिक प्रकृतिको भए तापनि कुस्ले जातिका मानिसहरूलाई प्रचलित संस्कृति अनुसार परम्परा कायम गर्ने गरी बसोबास गर्न मात्र दिइएको तथा न्यायालयको फैसला र खड्ग निशानाबाट बिक्री व्यवहारमा बन्देज लगाइएको उपरोक्त ऐतिहासिक पृष्ठभूमिमा स्ववासी बसोबास र भोगको आधारमा दर्ता गरी हक हस्तान्तरण गर्ने कार्यलाई सार्वजनिक हित, सामाजिक, सांस्कृतिक लक्ष्य र चल्दै आएको परम्पराको विरुद्धमा भएको क्रियाकलाप मान्नुपर्दछ ।

(३५) प्रतिवादीहरूले साविक फैसलाको चार किल्ला र हाल वादी दाबीमा उल्लेखित र भै आएको नाप नक्सा मुचुल्कामा देखिएको भौतिक स्थिति मिल्न भिड्न नआउने भन्ने जिकिर लिनुभएको छ । जुन जिकिर स्वाभाविक पनि हो । तर माथि नै उल्लेख गरे अनुसार प्रस्तुत विषय कुनै व्यक्तिको निजी सम्पत्ति जस्तो नभई सार्वजनिक सम्पत्तिको संरक्षणको सन्दर्भमा उठाइएको विषयवस्तु भएकोले समाजको जागरुकता, चेतना, स्थानीय जनचाहना र प्रयत्न अनुरूप जुन बखत मुद्दाको रूपमा उठाइन्छ, सोही बखत नै त्यस्तो सम्पत्ति सार्वजनिक सम्पत्ति हो होइन भनी हेर्नुपर्ने हुन्छ । यस्तो विषयमा हदम्याद (Law of limitation) पनि असीमित रहने हुँदा जहिलेसुकै पनि मुद्दाको विषय बन्न सक्दछ भन्ने निष्कर्षमा पुगिएको छ । लामो समयपछि सार्वजनिक महत्वको प्रश्नको रूपमा विवाद लिएर अदालत प्रवेश गरेको अवस्थामा त्यस्तो सम्पत्ति निजीकरण गर्न चाहने कुनै पनि पक्षबाट सम्पत्तिको भौतिक स्वरूप परिवर्तन गरिनु अस्वाभाविक हुँदैन । त्यसरी भौतिक रूप नै बदलिएपछि साविकको नक्सा र त्यसका चारकिल्लापछिका नक्शा र चार किल्लासँग मेल नखानु स्वाभाविकै हुन्छ । अर्कोतर्फ सार्वजनिक सत्तलको चारैतर्फ व्यक्ति र समुदायको निजी जग्गा जमिन रहेको हुँदा कालान्तरसम्म ती भौतिक स्वरूपहरू उही रूपमा रहन्छन् भन्न सकिँदैन । त्यसो हुँदा सत्तलका चार किल्लाहरू स्वाभाविक रूपमा परिवर्तन हुन सक्तछन् । तसर्थ साविक फैसला र हालको वादी दाबीमा उल्लेखित चार किल्ला नभिडेकै आधारमा उपरोक्त सत्तल प्रतिवादीहरूको निजी सम्पत्ति भन्ने तथ्य स्थापित हुन सक्तैन ।

(३६) जहाँसम्म प्रतिवादीहरूले वि.सं. २०३४ सालमा नापी गराई दर्ता स्रेस्ता पुर्जा बनाई घर निर्माण गरी बत्ती, पानी समेत आफ्नो नाउँमा जोडिएको आधारमा विवादित सत्तल समेत आफ्नो निजी सम्पत्ति हो भन्ने आग्रह गर्नुभएको अवस्था छ, त्यसबाट प्रतिवादीको जिकिर खम्बिर हुनसक्ने देखिँदैन । किनभने कसैको व्यक्तिगत हक नपुग्ने सम्पत्तिको कसैको नाउँमा दर्ता गराउँदैमा त्यसले कानुनी मान्यता पाउने भन्ने हुँदैन र त्यस्तो दर्ता दूषित दर्ताको रूपमा देखिई प्रभावहीन हुन सक्ने भएकोले हकको मुख्य स्रोत मानिएको दर्ता नै दूषित भइसकेपछि सो दर्ताको आधारमा भएका पछिल्ला कार्यहरूले पनि स्वाभाविक रूपमा कानुनी मान्यता पाउन सक्दैनन् । यस्तै विषयमा मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा १ र ३ को व्याख्यागरी यो ऐन प्रारम्भ हुनुभन्दा अघि वा पछि व्यक्ति विशेषका नाममा दर्ता गरेमा त्यस्तो दर्ता स्वतः बदर हुने भनी शेरबहादुर थिङ वि. प्रेम दोर्जे लामाको मुद्दामा (नेकाप २०६२, अंक ११, पृष्ठ १३९१, नि.नं. ७६२२) मा सिद्धान्त समेत प्रतिपादन भएको पाइन्छ । त्यस्तै आफ्नो हकै नपुग्ने सम्पत्ति कसैले दर्ता गराएकोमा त्यस्तो दर्तालाई दूषित दर्ता मानी मान्यता दिन नमिल्ने भनी ईश्वरी भोमी वि. गणेशलाल खड्गीको मुद्दामा (नेकाप २०६०, अंक १,२ पृष्ठ ५८, नि.नं ७१६६) मा सिद्धान्त प्रतिपादन भएको पाइन्छ भन्ने सिद्धान्तमाथि नै उद्धृत गरिसकिएको छ ।

(३७) हाम्रो राष्ट्रिय कानुनलाई हेर्दा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र अन्तर्राष्ट्रिय कानुनको दृष्टिकोणबाट हेर्दा विवादित नाटेश्वर सत्तल राष्ट्रिय सम्पदा भएकोले संयुक्त राष्ट्र संघकोएउटा विशिष्टीकृत एजेन्सीको रूपमा रहेको शैक्षिक सामाजिक तथा सांस्कृतिक संगठन UNESCO द्वारा स्वीकार गरिएको Convention concerning the Protection of the World Cultural & Natural Heritage, 1972 को प्रावधान लागू हुने स्थल हो भन्न

सकिन्छ । त्यस्तो धार्मिक र सांस्कृतिक स्थलमा धर्म र संस्कृति मासिने नासिने गरी कुनै पनि व्यक्तिले निजीकरण गर्न र सार्वजनिक सम्पत्तिको अस्तित्व लोप गर्न हुँदैन ।

(३८) उक्त महासन्धिको प्रस्तावनाले "Nothing that the cultural heritage and the natural heritage are increasingly threatened with distruction not only by the traditional causes of decay, but also by changing social and economic conditions which aggravate the situation with even more formidable phenomena of damage or destruction, considering that deterioration or disappearance of any item of the cultural or natural heritage constitutes a harmful impoverishment of the heritage of all the nations of the world" भन्ने उद्घोष गरिएको पाइन्छ । उक्त महासन्धिको धारा १ मा सांस्कृतिक सम्पदा (monument) को परिभाषा गरिएको पाइन्छ । उक्त परिभाषा अनुसार पुरातात्विक महत्वका पुराना स्मारक, मूर्ति, चित्र, बनावट आदिलाई कानुनमा प्राचीन स्मारक भनी नामाकरण गरेको छ । हाम्रो मालपोत ऐन, २०३४ को दफा २ (ख) ले पनि उक्त महासन्धिकै भावनालाई अंगीकार गरेको पाइन्छ । उक्त महासन्धिको धारा ४ मा प्रत्येक सदस्य राष्ट्रले त्यस्तो प्राचीन स्मारकहरूको मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था गरी एक पुस्ताले पालैपालो अर्को पुस्तालाई त्यस्ता ऐतिहासिक सांस्कृतिक महत्वका सम्पदा (heritage) हरू हस्तान्तरण गर्दै लैजाने र त्यस्ता सम्पदा जोगाई राख्ने प्रत्येक राष्ट्रको कर्तव्य तोकिएको छ । त्यस्तै महासन्धिको धारा ५ ले पनि त्यस्ता सम्पदाहरूलाई जोगाई राख्न प्रत्येक राष्ट्रले प्रभावकारी व्यवस्था गर्नुपर्ने कर्तव्य तोक्दै धारा ६(१) मा जुनसुकै राष्ट्रमा त्यस्ता धार्मिक ऐतिहासिक सांस्कृतिक महत्वका सम्पदा अवस्थित भए पनि त्यस्ता सम्पदा विश्वकै सम्पदा हुने भन्ने व्यवस्था भएको देखिन्छ । प्रस्तुत मुद्दामा राष्ट्रकै निधिको रूपमा रहेका सार्वजनिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन सम्बन्धी अन्तर्राष्ट्रिय दृष्टिकोणबाट समेत नाटेश्वर सत्तल र सो अन्तर्गत अवस्थित डबलीको ऐतिहासिक महत्वलाई मध्यनजर राखी संरक्षण गरिनुपर्ने तथ्य टड्कारो रूपमा देखिएको छ ।

(३९) उपरोक्त बमोजिम सांस्कृतिक सम्पदाको महत्वमाथि प्रकाशमणी शर्मा वि. नेपाल सरकार भएको उत्प्रेषणको समेत मुद्दामा (नेकाप २०६४, अंक १०, नि.नं. ७८८५, पृ. १२९४) समेत प्रकाश पारिएको छ । मालपोत ऐन, २०३४ को दफा २ (ख ३) ले *"सार्वजनिक जग्गा"* भन्नाले कुनै व्यक्तिले मात्र नभै सार्वजनिक रूपमा प्रयोग गर्न पाउने परापूर्वदेखि प्रचलनमा रहेको बाटो, कुवा, पानी पँधेरो, पानीघाट, इनार, पोखरी तथा सोको डिल, गाईवस्तु निकाल्ने निकास, गौचर, मसानघाट, चिहान, पाटी, पौवा, देवल, धार्मिक उपासना गर्ने स्थल, स्मारक, मठ मन्दिर, चोक, डबली, ढल, चौतारो, हाट, मेला लाग्ने ठाउँ, सार्वजनिक मनोरञ्जन गर्ने तथा खेलकुद गर्ने ठाउँ र नेपाल सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको जग्गा समेत सम्झनुपर्दछ" भन्ने परिभाषा गरेको छ । त्यस्तै जग्गा नाप जाँच ऐन, २०१९ को दफा २ (च) ले *"सार्वजनिक जग्गा"* भन्नाले कुनै व्यक्ति वा परिवार मात्रको नभै सबैले सार्वजनिक रूपमा उपयोग गर्न पाउने बाटो, गौचर, ताल, मसानघाट र अरू यस्तै जग्गालाई सम्झनुपर्दछ तथा कुनै व्यक्तिले आफ्नो जग्गामा खनेको पोखरी वा बनाएको मन्दिर वा धर्मशाला सार्वजनिक प्रयोगमा ल्याउने विचारले मालपोत लगत कट्टा गराइसकेको भए त्यस्तो पोखरी, मन्दिर वा धर्मशाला समेतलाई जनाउँछ" भन्ने परिभाषा गरेको पाइन्छ । उक्त ऐनहरूमा सार्वजनिक जग्गाको सम्बन्धमा गरिएको परिभाषाले प्रस्तुत मुद्दामा उठाइएको सार्वजनिक प्रकृतिलाई पनि निसन्देह नै समेटेको पाइन्छ । यसरी उपरोक्त सिद्धान्त, कानुनी व्यवस्था र मुद्दाको तथ्यगत अवस्थाबाट विचार गर्दा नाटेश्वरको सत्तल सार्वजनिक एवं गुठीको सम्पत्ति नै

हो भन्ने प्रमाणित हुन्छ । साथै गुठी संस्थान ऐन, २०३३ को दफा २५ (४) ले देवस्थल रहेका वा देवी देवता देवस्थल, पर्व, पूजा, जात्रासँग सम्बन्धित धार्मिक एवं सार्वजनिक पर्ती जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिने छैन भन्ने कानुनी व्यवस्था गरेको पाइन्छ । सोही ऐनको उक्त दफामा तोकिएको रकम गुठी संस्थानमा राखेर गुठी रैतानी नम्बरी जग्गामा दर्ता हुन सक्ने कानुनी प्रावधानलाई संविधानसँग बाझिएको भन्ने ठहर गरी प्रकाशमणी शर्मा वि. नेपाल सरकार भएको उत्प्रेषणको समेत (नेकाप २०६४, अंक १०, नि.नं. ७८८५, पृ. १२९४) मुद्दामा निर्णय भएको समेत पाइन्छ ।

(४०) यस प्रकार उपरोक्त तथ्यगत अवस्थाबाट हेर्दा नाटेश्वरको सत्तलको अस्तित्व र वादीले दाबी गरेको स्थानमा सो सत्तल रहे भएको वास्तविक सत्यलाई अन्यथा भन्न सकिँदैन । प्रतिवादीहरूले स्ववासीको हैसियतमा २०३४ सालमा आफ्नो नाममा नापी गरी गराई दर्ता समेत गरी भोग गर्दै आएको र आफ्नो हकको स्रोतको रूपमा स्ववासी भन्नेबाहेक अन्य पैतृक स्रोत रहे भएको भन्ने प्रमाण प्रस्तुत गर्न नसकेको समेत परिप्रेक्ष्यमा उपरोक्त नाटेश्वरको सत्तल र सो रहे भएको डबली समेतको स्थानलाई प्रतिवादीहरूको निजी सम्पत्तिको रूपमा मान्न नमिली सार्वजनिक महत्वको नाटेश्वर मन्दिर एवं सार्वजनिक गुठी नै मान्नुपर्ने हुन्छ ।

(४१) चौथो प्रश्न, वादीको दाबी अनुसार दूषित दर्ता बदर हुनुपर्ने हो होईन ? भन्ने सन्दर्भमा उपरोक्त प्रकरणहरूमा विवेचित तथ्यगत अवस्थाबाट हेर्दा नाटेश्वरको सत्तल वादीले दाबी गरेको स्थानमा रहे भएको भन्ने वास्तविक सत्यलाई अन्यथा भन्न सकिँदैन । प्रतिवादीहरूले उक्त सत्तल समेत स्ववासीको हैसियतमा २०३४ सालमा आफ्नो नाममा नापी गराई दर्ता समेत गरी भोग गर्दै आएको पनि देखिन्छ । आफ्नो हकको स्रोतको रूपमा स्ववासी भन्ने बाहेक अन्य पैतृक स्रोत रहे भएको भन्ने प्रमाण प्रतिवादीहरूले प्रस्तुत गर्न नसकेको समेत परिप्रेक्ष्यमा उपरोक्त नाटेश्वरको सत्तल र सो रहे भएको डबली सहित स्थानलाई सार्वजनिक महत्वको नाटेश्वर सत्तलबाहेक अन्यथा रहेछ भन्न सकिएन । कि.नं. १७१५ को डबली नाटेश्वर सत्तलकै सत्तल परिसरको स्वरूपमा अभिन्न अंगको रूपमा रहेको सार्वजनिक खुल्ला ठाउँ रहेको भन्ने तथ्य भै आएको नक्सा समेतबाट अद्यापि पनि देखिन आएकोले सो डबली समेत निजीकृत गर्ने प्रतिवादीको कार्य दूषित प्रकृतिको नै देखिनाले त्यस्तो दूषित दर्ता बदर हुन्छ । उक्त सत्तलको फार्से गरिदिने व्यक्तिउपर वर्षौंअघि मुद्दा परी सो बिक्री बदर भई निजीकरण गर्न प्रतिबन्ध लगाई मुद्दाको अन्तिम किनारा समेत लागिसकेको अवस्थामा स्ववासीको हैसियतमा पुनः निजी सम्पत्तिको रूपमा दर्ता गरी प्रतिवादीहरूले हक हस्तान्तरण गर्दै आएको अवस्था यसै लगाउका दु.दे.नं. ५१२७, ५१२८, ५१२९, ५१३०, ५१३१, ५१३२, ५१३३, ५१३५, ५१३६, ५१३७ तथा ६४०५ लगायतका विभिन्न मुद्दाहरूबाट पनि देखिन आउँदछ । धार्मिक पूजाआजा समेतको धर्म संस्कृति संरक्षण र सञ्चालन गर्न स्थानीय निश्चित जातजातिका मानिसलाई तत्कालीन समाजको चाहना अनुरूप दिइएको सुविधा अधिकारको दुरुपयोग गरी निजी सम्पत्तिको रूपमा दूषित दर्ता गराउने र बेचबिखन गर्ने कार्य कानुनतः र नैतिक रूपमा पनि अस्वीकार्य नै हुन्छ ।

(४२) अब पाँचौं प्रश्न उपरोक्त कार्यबाट गुठी धर्मलोप भएको छ, छैन ? र गुठी प्रबन्ध कसरी हुनुपर्दछ ? भन्ने सन्दर्भमा पनि विचार गरौं । त्यसतर्फ हेर्दा, सार्वजनिक गुठीको सम्पत्तिको रूपमा रहेको उक्त विवादित सम्पत्ति संवत् १९९२ सालको फैसला र २००६ सालको खड्ग निशाना बमोजिम यसअघि पनि राधाकृष्ण कुस्ले समेतबाट भएको बिक्री कार्य बदर भइसकेको पाइन्छ । तत्कालीन समयमा धर्म संस्कति सुचारु गर्ने जिम्मा पाएका व्यक्तिले आफ्नो धर्म संस्कृति लोप हुन नदिई सार्वजनिक हितको लागि भोगचलनसम्म गरी

सार्वजनिक गुठीको सम्पत्तिको संरक्षण गर्नुपर्नेमा संवत् १९९२ मा बिक्री बदरको फैसला भइसकेपछि पनि उक्त सम्पत्ति प्रतिवादीहरूले निजी रूपमा दर्ता गरी पुनः बेचबिखन गरी निजीकरण गरेको देखियो । त्यसो गर्दा गुठीको उद्देश्य पूरा हुन सक्ने देखिएन ।

(४३) यसरी गुठीको सम्पत्ति निजी सम्पत्तिको रूपमा दर्ता गरी बिक्री समेत गरेको कार्यबाट गुठी धर्मलोप हुन गएको देखियो । गुठी धर्मलोपको निम्ति प्रतिवादीहरू जिम्मेवार भए तापनि गुठी भनेको सार्वजनिक प्रकृतिको साझा सम्पत्ति भएकोले उक्त सम्पत्ति सार्वजनिक गुठी कायम भै सके पछि सार्वजनिक हितको निम्ति प्राप्त हुने लाभबाट कसैलाई पनि वञ्चित गरिनु उचित हुँदैन । त्यसमा पनि तत्कालीन कुस्ले थरीका मानिसहरूले नाटेश्वर सत्तलको झाडु बढारु गर्ने, गाना बजाना गर्ने र धर्म संस्कृति रक्षा गर्ने जिम्मा पाएको हुँदा गुठीबाट प्राप्त हुने सार्वजनिक लाभमा अन्य मानिसहरू सरह उनीहरूको पनि सहभागिता रहनु सामाजिक न्यायको दृष्टिकोणबाट समेत उपयुक्त हुन आउँछ । तसर्थ, उक्त गुठीको माध्यमबाट सर्वसाधारणको बृहत् हित र गुठी संरक्षणको उद्देश्यलाई समेत मूर्तरूप दिनको लागि प्रतिवादीहरूमध्येको तत्कालीन समयमा उपरोक्त धर्म संस्कृति संरक्षण गर्ने जिम्मा पाएका हाल मिश्रीनानी दर्शनधारीका हकदारको रूपमा प्रतिनिधित्व गर्ने व्यक्तिहरूलाई गुठीबाट हटक गर्न धार्मिक, सांस्कृतिक समेत दृष्टिकोणबाट उपयुक्त हुँदैन । गुठीप्रतिको दायित्व र साझेदारी यी वादी र निज प्रतिवादीउपर समान रूपमा रहन्छ । अतः नाटेश्वर देवताको मन्दिरमा धार्मिक पूजाआजा, सांस्कृतिक समारोह समेतका कार्य सञ्चालन गर्ने प्रयोजनको लागि प्रतिवादीको रूपमा रहेका मिश्रीनानी दर्शनधारीका हकदारहरूमा उल्लेखित कार्य सञ्चालन गर्ने भोगाधिकार कायमै राखी यसलाई मिश्रीनानी दर्शनधारीका हकदार समेत संलग्न रहने गरी गुठी सञ्चालन गर्ने प्रयोजनका लागि अब आइन्दा निम्न बमोजिम सार्वजनिक गुठी सञ्चालन गर्न गराउन मनासिब देखिँदा सो अनुरूप गर्न सम्बन्धित निकायलाई लेखी पठाइदिने ठहर्छ ।

**गुठी सञ्चालनका प्रक्रिया :-**

(१) दूषित दर्ता बदर हुने ठहरेको नाटेश्वर सत्तल र डबली समेतको क्षेत्रलाई सार्वजनिक गुठीको सम्पत्तिको रूपमा संरक्षण गर्ने गराउने,

(२) उक्त गुठीको संरक्षण गुठी संस्थान अन्तर्गत राखी काठमाडौं महानगरपालिकाको सुपरिवेक्षणमा संरक्षण सम्बन्धी व्यवस्था गर्ने गराउने,

(३) महानगरपालिकाको संरक्षकत्वमा स्थानीय जनसमुदायको सार्वजनिक चाहनालाई प्रतिनिधित्व हुने गरी सत्तल, डबली र सत्तल परिसरको संरक्षणको प्रबन्ध मिलाउने,

(४) उक्त ऐतिहासिक सम्पदालाई कानुन बमोजिम राष्ट्रिय सम्पदामा दर्ता गराउने,

(५) उक्त सम्पदाको संरक्षण, रेखदेख र सुपरिवेक्षण नियमित रूपमा काठमाडौं महानगरपालिकाबाट सम्बन्धित वडा कार्यालयमार्फत गराई त्यसको जानकारी गुठी संस्थान केन्द्रीय कार्यालयलाई दिने,

(६) उक्त सम्पदा क्षेत्रबाट कुनै आयमूलक कार्य भएमा नाटेश्वर सत्तल गुठीको नाउँमा पारदर्शी रूपमा हिसाब राखी त्यसको सम्पत्ति सञ्चय गरी गराई सार्वजनिक हितको लागि मात्र प्रयोग गर्ने,

(७) उपरोक्त अनुसार गुठी सञ्चालन गर्नको लागि सम्बन्धित वडाभित्रका व्यक्तिहरूसमेत रहेको गुठी सञ्चालक समिति गठन गरी गुठी संरक्षण कार्यलाई निरन्तरता दिनको लागि गुठी संस्थान र का.म.न.पा. लाई लेखी पठाउने ।

(४४) अतः माथि विभिन्न प्रश्नहरूमा गरिएको व्याख्या विवेचना अनुसार उल्लेखित कि.नं. १७०८ को कित्ता फोड गरी कायमी कि.नं. १९३१ र कि.नं. १७१४ तथा कि.नं. १७१६ र कि.नं. १७०८ गरी कायमी कि.नं. १९३१ को जग्गाहरू प्रतिवादीहरूले दूषित दर्ता समेत गराएको प्रमाणित हुन आएकोले वादीको दाबी अनुसार त्यस्तो दूषित दर्ता बदर हुने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

माथि ठहरे बमोजिम कि.नं. १७०८ को कित्ता फोड गरी कायमी कि.नं. १९३१ र कि.नं. १७१४ तथा कि.नं. १७१६ र कि.नं. १७०८ गरी कायमी कि.नं. १९३१ को जग्गाहरू रैकर गराई दूषित किसिमले दर्ता गरेकाले सो दूषित दर्ता बदर गरी गुठी धर्मलोप हुने र सत्तल तथा डबली कायम समेत हुने गरी नामसारी कित्ताकाट गर्ने लगायतका सम्पूर्ण दूषित क्रिया बदर हुने ठहरेकाले मुलुकी ऐन, दण्ड सजायको ४४ नं. का म्यादभित्र वादीको दरखास्त पर्न आएका बखत सो लिखत बदरको जानकारी सम्बन्धित मा.पो.का. मा लेखी पठाइदिनू ..............१

प्रस्तुत फैसलाको प्रकरण २३ बमोजिम गुठी सञ्चालन गर्ने प्रयोजनका लागि सम्बन्धित निकायमालेखी पठाइदिनू ..........................................................................................................२

प्रतिवादीहरूले धर्मलोप हुने ठहरी इन्साफ भएकाले प्रतिवादीहरूलाई केही सजाय गर्नँपर्छ कि भन्नलाई केही सजाय गरी रहनु परेन ..........................................................................................................३

प्रस्तुत इन्साफमा चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानुहोला भनी वादी प्रतिवादीहरूका नाउँमा पुनरावेदनको म्याद दिनू..........................................................................४

वादीले फिराद दायर गर्दा रु.२००।- कोर्ट फी राखेकोले सो कोर्ट फी प्रतिवादीहरूबाट भराई पाऊँ भनी ऐनका म्यादभित्र वादीको दरखास्त पर्न आएका बखत प्रतिवादीबाट भराई दिनू ........................................................५

सरोकारवालाले नक्कल माग्न आए कानुन बमोजिम नक्कल दिनू ..........................................................६

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ....................................७

dfggLo GofofwLzHoäf^ af]hL l^kfpg'
eP adf]hd l^kL sDko^< ^f0k ug{
l*= lbj}zsbf< >]& kmf^–9

..........................
टेकनारायण कुँवर
lhNnf GofofwLz

0lt ;j t\2066 dl;< 10 ut]<f]h 4 zbd\==============================..

>L slknj:t'lhNnf cbfnt

Ohnf;

dfggLo cltl<Qm lhNnf Gofofwlz >L bLk]Gb| clwsf<L

km};nf

;j\t\2065 ;fnsf] b]jfgL g._569 @68-065-00374

lg=g_ Ÿ- 248

*d@f Ÿ- ck'tfnL xs sfod btf{*

| jfbL | k|t jfbL |
| --- | --- |
| lhNnf slknj:t' slknj:t' g=kf=j*f g=2 tf}lnxjf ahf< a:g]<fdåfl<sfsf]%f]{f jif{59 sf]xl<<fdk|;fb sfGb'======== | lhNnf slknj:t'slknj:t'g=kf=j*f g=5 tf}lnxjf ahf< a:g]lzjnvgsf]>Ldtl jif{ 69 sL zsGtnf b]jL sfGb' |
| P]P]a:g]<fdåfl<sfsf]%f]{f jif{57 sf]hubLzk|;fb uKt sfGb'================== | uKtf================== |
| P]P]a:g]<fdåfl<sfsf]%f]{f jif{52 sf]d<nLw< uKt d<L lghsf] d@f ;sf< ug{]lghsf] >Ldtl jif{41 sL d~h' uKtf================== | P]P] j*f g=3 a:g]lzjsb'df<sf]>Ldtl jif{57 sL <flwsfb]jL sfGbbgL- |
| P]P]a:g]<fdåfl<sfsf]%f]{f jif{52 sf]gGblszf]{ uKt ==== | k|df)fŸ- |
| P] P] a:g] <fdåfl<sfsf] %f]{f jif{44 sf] uofk|;fb sfGb' uKt================== | ;flIfLŸ |
| k|df)fŸ- | sfuhŸ |
| ;flIfL Ÿ | |
| sfuhŸ | |

cbfntaf^ aem]sf]

;flIfL

==================================================

d}kgL x;g vf===============================

uhfd <;h d';ndfg===============================

sfuh===============================

b]g=570 sf]xs sfod u<L a)*f %^bfO{rng d@f==========

b]g=718 sf]lg)f{o btf{ab< btf{d@f==================

<fli^« jfl)fHo a}s zfvf sfof{no tf}lnxjfsf]k|Kt kq ========

dfnkf]t sfof{no slknj:t'af^ k|Kt a)*fkq < aofgsf]

k|tlnlk===============================

dfnkf]t sfof{no slknj:t'af^ k|Kt ;Ssn

ldl;n===============================

lhNnf *f]{af^ eO{cfPsf]ufpF; h{dg d'rNsf===========

k|t't d@fsf] ;lIfKt tYo o;k|sf< <x]sf] %Ÿ-

dh k?if ls;g lghsf 2 %f{f h&f kmNnL < sfG%f jnjn sfGb' ePsf] kmNnLsf]xfEfaf^ eujtL, laGb\j<L, k^\j<L, ;h' cofl]ofsf]hfohGd ePsf] jnjnsf]xfEjf^ <fd\j< sfGb', <fdåfl<sf sfGb'< lhtaxfbk sfGb'sf]hfohGd ePsf]<fd\j< < lghsf]>LdtL <fd\j<Laf^ lzjnvg, lzjsdf<sf] hfohGd ePsf]lzjnvgsf]>LdtL zsGtnf bJL < lzjsdf<sf]>LdtL <flwsfbJL sfGbgL ePsL, <fdåfl<sfsf]>LdtL <fd;jf<L bJL ePsL, lghx¿af^ 5 %f{f xfdL jfbLx¿ h&f xl<<fd k|;fb, hubLz k|;fb, dknLw<, gGblszf{ tyf uofk|;fbsf] hfohGd ePsf] lktf <fdåfl<sf k|;fbsf] ;jt\2022 ;fndf sfnultn]k<nf]s ePkl% cfdf <fd;jf<L cfk\gf];fVoft bJ< xfdL jfbLx¿sf];fVoft sfsf lhtaxfbk;E nf]g]:jf:gL eO{a;L lghx¿af^ 1 dfq %f{f gGbnfnsf]hfohGd ePsf] lgh gGbnfn cljjflxt <x]sf] lghsf]>LdtL jf ;Gtfg g<x]sf]gePsf]o; k'tafl<Ldf ls;gsf 2 %f{fdWo]kmNnLsf xfEfsf klxnaf^ g}aun eO{otf jnjnsf xfEfsf <fd\j<, <fdåfl<sf < lhtaxfbkdWo]<fd\j<sf xfEfsf ;Gtfgx¿aLr 2016×2×23 df a)*f eO{aun a;]sf] cl# dfnkf]t sfof{odf k'tafl<L ljj<)f pNnJv ubf{kmNnLsf]%f{f jnjn elgPsf]df ;fhfO{dfnkf]t sfof{odf g}kdf)f k]; u<L ;zf]g < hgfp lbO;lsPsf] o; k'tafl<Ldf jnjn sfGb', <fd\j<, lzjsdf<, lzjnvg, <fd\j<L, <fdåfl<sf, lhtaxfbk, <fd;jf<L, gGbnfn;d]tsf]k<nf]s eO;s]sf]% . pNnJvt k'tafl<LdWo]<fdåfl<sf, <fd;jf<L < lhtaxfbksf ;Gtfgx¿ ;u;<fstdf <xL a;L cfPsf] efO gGbnfn cljjflxt <x]sf] sfsf lhtaxfbksf] ldlt 056×2×14 df k<nf]s eO;s]kl% efO gGbnfnsf];Dk'f{;] jf ;Def< cf}flw pkrf< d uofk|;fbn] bfhx¿sf];xof]u lnO{u<L cfO{ldlt 063×11×29 df efO gGbnfn k<nf]s eO{d uof k|;fbn]efO gGbnfnsf]bfx ;:sf<, bfuaQL, sfhlsl<of, lk)*bfg < hftLo k<Dk<f cg';f< jgf<; uO{cf:yL lj;hg ;d]t u<]sf]df lgh gGbnfn k|;fb sfGb'sf]gfpFtf{sf]lghsf]xs ef]u :jfldTjsf];DklQdf d uof k|;fbsf]xs k'g]eO{<fdåfl<sfsf]5 %f{fsf];xdltn]dfnkf]t sfof{o slknj:tdf slknj:t' g=kf=sf]l;kmfl<;, gftf kdf)fkq, d[obtf{efOsf]gful<stf, hUufwgL kdf)fkhf{<fvL hUuf gfd;f<Lsf] nflu sf<afxL rnfO{cfPsf]< <fli^« jfl)fHo a} tfhnxjfsf] vftfdf d uofk|;fb xsjfnf pNnJv % . o;<L gGbnfnsf]bfbfbf< xsjfnf ePsf]gftfn]lgjbg lbPkl% dfnkf]t sfof{o slknj:th]hf<L u<]sf]35 lbg];'rgfdf oL k|tjfbLx¿n]lagf l;kmfl<; sg}kdf)f k]; gu<L xs a}xsdf k\g l;hgf u<]sfh]cbfntaf^ xsjfnf sfod u<L Nofpg]u<L dfnkf]t sfof{o slknj:taf^ ldlt 065×8×25 df lg)f{o krf{ePsfh]of]gfn]; ug{cfPsf %f}. efO gGbnfnsf]gfpFtf{sf]lhNnf slknj:t'slknj:t' gu<kflnsf j*f g=2 df cjl:yt #< g=331/2 xfn d uof k|;fbsf]gfddf bfvh vf<h eO;s]sf] % . cl# sfsf lhtaxfbk d<L efO gGbnfnsf]gfpEf hUuf gfd;f<L ubf{lhtaxfbksf]>LdtL xfdL jfbLsf] cfdf xEf xfdLx¿sf] ;xdlt aofgn]b}fodf pNnJvt hUuf gGbnfnsf]gfpEf uPsf]xf] gGbnfnsf]xsjfnf bfbfbf< xfdL jfbLx¿nfO{sfod u<L ;f]xfdLx¿sf]ck'tfnL xs sfod btf{u<L kfpmFeGg];oQm lkm<fb Joxf{f <x]% .

## gGbnfn k|;fbsf] gfdaf^ xs sfod eO{kfpgkg]{hUuf lj j<)f Ý-

| lhNnf | uf=lj=;= | j*f g=_ | ls=g=_ | lf]qkmn |
|---|---|---|---|---|
| slknj:t' | ;f}xf | 6 s | 134 | 0-12-15 |
| ,, | ,, | ,, | 150 | 0-18-11 |
| ,, | ,, | ,, | 192 | 0-0-16 |
| ,, | ,, | ,, | 226 | 0-0-14 |
| ,, | ,, | 7 | 7 | 0-0-9 |
| ,, | ,, | ,, | 10 | 0-1-2 |
| ,, | ,, | ,, | 19 | 0-0-8 |
| ,, | ,, | ,, | 119 | 0-0-7 |
| ,, | ,, | ,, | 527 | 0-0-15 |
| ,, | ,, | 8 | 60 | 0-0-9 |
| ,, | ,, | ,, | 87 | 0-0-15 |
| ,, | ,, | ,, | 88 | 0-1-12 |
| ,, | ,, | ,, | 311 | 0-0-9 |
| ,, | ,, | ,, | 316 | 0-1-10 |
| ,, | ,, | ,, | 335 | 0-1-19 |
| ,, | ,, | ,, | 356 | 0-0-18 |
| ,, | ,, | ,, | 92 | 0-1-6 |
| ,, | ,, | ,, | 96 | 0-0-12 |
| ,, | ,, | 6 v | 296 | 1-2-6 |
| ,, | ,, | 7 | 800 | 0-19-6 |
| ,, | ,, | ,, s | 681 | 0-13-0 |

#<tkm{Ý-

lhNnf slknj:t'uf=lj=;=;f}xf j*f g=7 df}hf ;f}xf uf]7 Ans ldlGxl*xdWo]k'j{;*s, klZrd hUu' sxf<, pQ< <fd<tL t]ng, blIf)f df]cl;d wlgof, o; lsNnfdf pQ<tkm{blIf)f lsgf<df u*xf;d]t <x]sf] olt 4 lsNnfleq gfktkm{hUufsf]xsdf nDaf k'j{klZrd 60 km^ 6 OGr, rf}*f pQ< blIf)f 81 km^ 6 OGr, o; hUufdf ag]sf]kSsL lbjfn vk*fsf]%fhg < ;xltn esf&º pk< Knf:^<;d]t nfu]sf]#< gfk pQ< blIf)f 20 km^ 8 OGr, k'j{klZrd 42 km^, To;}u<L ;f]xL gfk lsNnfleq pQm #<b]v blIf)ftkm{;xg hUuf, 17 km^ 5 OGr tyf pQ<tkm{43 km^ 5 OGr <x]sf]#<hUuf;d]t ================================================

log}ljklIfLx¿ pk< ;j̲t\065 ;fndf b]g=_570 sf]xs sfod u<L a)*f %^bf0{rng rnf0{kfpmFeGg]d@f ;Ddflgt cbfntdf bfo< uk<;s]sf]n]tYo To;}ldl;naf^ cjut xg]g}% ljklIfLx¿n] tYo Pj_k':t]jf<L;d]t (fF ukrkdf k|df)fx¿ agf0{gfd;f<Lsf]nflu dfnkf]t sfoftfo slknj:tdf

lgjbg lbPkl% xfdLx¿nfO{yfxf hfgsf<L eO{xfdLx¿n]k':tJf<L;dt :ki^ vhfPkl% ljklfLx¿n]kgÿ csf][lgjbg lbO{k':tJf<L ;RofO{PsfJaf^ xfdLx¿sf]xs d^fpg jfbLx¿n]blIft lgotn]k':tJf<L;dt nfk u<$f]ljklfLx¿sf]cfdf lhtaxfb<sf]>Ldtl ag$f]xf@g ‖ <fdJj<sf]xfF <fdåfl<sf, lhtaxfb<af^ cnu ePsf]eGg]egfO < <fdåfl<sf, lhtaxfb< ;ufhdf ePsf]eGg];dtsf]jfbL bfaL xfdLx¿sf]xs dfg$f nflu lnPsf]e§f agfj^L xf]‖ btf{fnf gGbnfn cljjflxt xFF lghsf]bvefn cfflw pkrf< < d[o'ePkl% wfld$ k<Dk<f cg';f< lsl<ofsd{bfgk)o xfdLx¿;dt eO{u<$f]xfdLx¿ dlxnf ePsL < xfdLnfO{yfxf hfgsf<L glbO{agfPsf]kdf)fx¿ kdf)fdf nfUg]xf@g olb nfUg]cj:yf ePdf c=j=78 g=adfhd kqmof ckgfO{kfpmF ljklfLx¿n]#< g=331/2 bfvh vf<h u<fPsf]eGg]lhls<sf ;DaGwdf yfxf hfgsf<L %$ ;f];DaGwdf kQf nfu$f avt bfaL ug{g}%f}‖ d[ts gGbnfnsf]ck'tfnL xs sfod cfwf xfdLx¿ < cfwf jfbLx¿sf]ePsf]k':tJf<L Pj_ck'tfnL dxnsf]1 < 2 g=;d]tsf]sfgbL Joj:yfaf^ k|^ % <fdåfl<sfsf]>Ldtl <fd;jf<L xg lhtaxfb<;F kf@n uPsf]xf@g eGg];oQm k|tpQ< kq Joxf<f <x]%‖

o;df nufpsf]b=g=570 sf]d@fsf ;fy}k]; ug{eGg]o; cbfntaf^ ldlt 066‖2‖3 df cfbJ ePsf]<x]%‖

nufpsf]b=g=570 sf]xs sfod u<L a)*f %^bfO{rng d@f < b=g=718 sf]lg)f{ btf{ab< btf{ d@f;dt ;fy}k]; ePsf]<x]%‖

o;df jfbL k|tjfbLsf ;flfL aeml, 016‖2‖23 sf]a)*fkq < 058‖5‖21 df dfnkf]t sfof{no slknj:tdf u<$f]aofgsf]k|tlnlk dfnkf]t sfof{no slknj:taf^ lemsfO{art lx;fa g=26082 vftfsf]zJfkl%sf]xsjfnf s;nfO{<fv$f]% <fli^« jfl)fHo a$ slknj:taf^ hfgsf<L lnO{k]; ug{eGg] o; cbfntaf^ ldlt 066‖7‖26 df cfbJ ePsf]<x]%‖

<fli^« jfl)fHo a$ zfvf sfof{no tfhxjfsf]r=g=502 ldlt 066‖8‖1 sf]k|kt hfgsf<L kq ldl;n ;fdh <x]%‖

dfnkf]t sfof{no slknj:tsf]r=g=1864 ldlt 066‖8‖3 sf]kq;fy k|kt a)*fkq < aofgsf] k|tlnlk ldl;n ;fdh <x]%‖

jfbLsf];flfL dxgL x;g vfF]jnjnsf]3 %f<f <fdJj<, <fdåfl<sf, lhtaxfb< xg\‖ <fdJj<sf] 2 %f<f lzjnvg, lzjsdf<, lzjnvgsf]>Ldtl zsGtnf < lzjsdf<sf]>Ldtl <flwsf xg\‖ <fdåfl<sfsf] %f<f xl<<fd, hubLz, d<nL, gGblszf<, uof xg\‖ logLx¿sL cfdf <fd;jf<L xg\‖ <fdåfl<sfsf]d[okl% b]< lhtaxfb<;F <fd;jf<L kf@n uPsL xg\‖ ToxfFPsdfq ;Gtfg gGbnfnsf]hGd ePsf]xf]‖ lgh gGbnfn cljjflxt lyP‖ lgh hLljt %fF uof k|;fbsf ;F ;fydf a;$f lyP‖ gGbnfnsf];]f ;Def<, kfng kf]f)f, cfflw pkrf<;dt uofn];F}<fvL u<$f lyP‖ lgh gGbnfnsf]d[o'ePkl% bfuaQL bfx;:sf< sfh lsl<of ;Dk)f{sfd uofn]u<$f xg\‖ gGbnfnsf]ck'tfnL jfbLn]kfpgkg{xf]egL o; cbfntdf u<$f]askq ldl;n ;fdh <x]%‖

k|tjfbLx¿sf];flfL uhfd <;h d';ndfgn];a}clZof<sf]aLrdf cZa)*f eO{cnucnu lyP‖ gGbnfnsf]ljjfx ePsf]lyPg‖ cGbfhL 35/36 jif{sf]:j:y lyP‖ crfgs d[o'ePsf]xf]lgh PSn} a;$f lyP s;}F a;$f lyPgg\‖ d<kl% wd{cg';f< lsl<ofsd{bfgk)o jfbL k|tjfbL ;ah]u<$f

lyP ॥ gGbnfnsf] afa' 3 hgf lyP h;f] <fdl;+j<, <fdåfl<sf < sfG%f d[tssf] afa' lhtaxfb'/ lyP ॥ <fdl;+j<sf] 2 %f]/f lzjnvg, lzjsdf/ xf}g\॥ lzjnvgsf] >LdtL zsGtnfb]jL < lzjsdf/sf] >LdtL <flwsf xf}g\॥ ;f]xfaf^ cfpg] hfg] ubf{ zsGtnf < <flwsfb]jL sxfF cfpg] hfg] < b}vefn klg ug{ ulyg\॥ jfbL k|tjfbLn] cfwfcfwf ck'tfnL kfpgkb{% egL o; cbfntdf u/]sf] askq ldl;n ;fdh <x]% ॥

o;df uofk|;fb sfGb';d]tn] ldlt 058॥5॥21 df dfnkf]t sfofno slknj:tdf u/]sf] aofg;lxtsf] ;Ssn ldl;n lemsfO{ k|]; ug{' eGg] o; cbfntaf^ ldlt 066॥9॥22 df cfb]z ePsf] <x]% ॥

dfnkf]t sfofno slknj:tsf] r=g=2571 ldlt 066॥9॥28 sf]kq;fy k|f/t ;Ssn ldl;n ;fy} <x]% ॥

o;df oL d[ts gGbnfnsf] kfngkf]if)f, cf}iflw pkrf< Pj_d[tssf] cfdf, d[ts d[o'xf]' cufj} PSn}a;]sf lyP lyPgg\jf oL jfbL k|tjfbLx¿;Fu <x]a;]sf lyP lyPgg\;Dk)f{Joxf/f vl/ IJg]u<L d[tssf] d[o[ePsf] elgPsf] slknj:t'gu<kflnsf j*f g=2 sf];hld{g u<L k|]; ug{'eGg]o; cbfntaf^ ldlt 066॥12॥17 df cfb]z ePsf] <x]% ॥

o; cbfntsf] lhNnf *f/af^ ldlt 067॥2॥15 df eO{cfPsf] ;hld{g d'rNsf ldl;n ;fdh <x]% ॥

**cbfntsf] &x<**

lgod adf]lhd ;f/tflxs tyf blgs d@f k|];L ;'rLdf r(L k|]; xf] cfPsf] k|t't d@f Gofo k|zf;g Pf}, 2048 sf] bkmf 7 tyf c=j=29 g=;d]tn]o;}cbfntsf] lf]gflwsf<leqsf] kg[< alemP;Ddsf ldl;n ;nUg kd{f)f sfuhftaf^ l%gL lsgf<f ul<lbP xf}] b]lvof] ॥ o;df jfbL uofk|;fb sfGb';d]tsf tkm{af^ pkl:yt ljåfg\clwjQmf >L cldtsdf/ >Ljf:tjn] d[ts gGbnfnsf] nfngkfng ;]jf ;Def< sfhlsl<of d{f]klfsf uofk|;fb sfGbh]u<]sf] < lgh d[tssf] j< Jojxf< rnfpg &]sfk§fsf] nflu jfbL xl<<fdn] cfkmgf] afn lj^f]{Lsf] #< b[i^ <fvL Jofkf< u<fPsf], d[tssf] cfdf <fd;jf<L b]jL < jfbLx¿sf] cfdf Pp^}ePsf] < jfbLx¿sf] afa' <fdåfl<sfsf] d[okl% <fd;jf<L b]jLn] d[tssf] afa' Pj_jfbLx¿sf] sfsf lhtaxfb'/;Fu ljjfx u<L ;Fu}a;]sf], <fd;jf<L b]jL < lhtaxfb'/sf] d[okl% d[ts gGbnfnsf] gfddf hUuf gfd;f<L ubf{ jfbLx¿sf] aofg u<fO{dfq dfnkf]t sfofnon] gfd;f<L u<fPsf], d[ts gGbnfnsf] xsjfnf egL :jo_gGbnfnn] <fli^« jfl)fHo a}s tf]hxjfdf vftf]sf] vftfdf jfbLdWo]sf uofk|;fb sfGbhfO{pNn]v u<]sf] ck'tfnL < cz Pp^}geO{cz g} lu{ ePsf] t< ck'tfnL ;]jf kj]l:t;d]t u<]af^ kfpg]ePsf]n];f]sfo{ljkIfLx¿n]gu<]sf] < d{f]kIfn]u<]sf], ck'tfnLsf] 11 g_n]:ki^ ¿kdf ;]jf :ofxf< ;Def< ug{]n] ck'tfnL kfpg] pNn]v u<]sf], d{f]kIfn];f]bfloTj ;DkGg u<]sf] < ck'tfnLsf] 2 g.adf]lhdsf] ;d]t xsjfnf xF d{f]kIfsf] ;f] ck'tfnLdf xs sfod xf]kg[egL ug{ePsf] ax; < k|tjfbL zsGtnfb]jL uf/tf;d]tsf] tkm{af^ pkl:yt ljåfg\jl<i& clwjQmf >L sdn<fh hf]zL < ljåfg\ clwjQmf >L g/ dfxDdbn] oL jfbLx¿n] d{f]kIfnfO{nf]k u<L dfnkf]t sfofno slknj:tdf kj]z u<]sf] dfnkf]t sfofnodf k':tj]f<L g}unt pNn]v u<]sf], oL jfbLx¿ < d[tssf] afa';lxt d{f]kIfsf]

;;'f <fd[j<;d]t 2016 ;fndf g}%§LleGg ePsf]a)*fsf]gSsnaf^ b]vPsf] jfbLx¿n]d[ts;F ;uf]hdf a;]sf]eg]klg dfgf]hf]*Psf]sg}lnvt b]vfpg g;s]sf] %§LleGg ePsf];dfg k':tfsf oL jfbL <k|tjfbLx¿ xsjfnf ePaf^ <d[tssf]o'jfj:yfdf g}lagf sg}la<fdL <f]u gnfuL ;xh d[o'ePsf]af^ :ofxf< ;Def<sf] cj:yf gcfpg] d[tssf] hUufsf] nfnkhf{ gful<stfsf] ;Ssn jfbLx¿;F xF]df xsjfnf eGg gldNg] a]sdf xsjfnf n]vP klg ;f]a]s kbf]hgsf]nflu dfq xg] ;dfg xsjfnf b]vPklº ck'tfnLsf]11 g._cfslif{ geO{2 g.g}cfslif{ xg]xF <;f]2 g._n]:ki^ ck'tfnL kfpg]qmd tf]s]sf] xF ;f]adf]hd xs sfod xgkg[< ;dfg xsjfnf ePsf]df ck'tfnLsf]1,2 g.< 11 g._sf] dfubfaL Psk^s lnP< cfpg gldNg] ck'tfnLdf xsjfnf gePdf dfq 11 g._sf]dfu lng kfpg]xf] pQm 11 g._ ;zf]vg xgcufl*sf]cfwf<df ul<Psf]dfu bfaL ;zf]vgaf^ g}vf<]h ePsf]df 11 g._cfslif{ gxg]xF ;f] dfu bfaL sfgg;Ddt gePsf] d{f]klf dlxnfx¿ ePsf]< dlxnfx¿ d[o';:sf<df ;nUg gxg]< lsl<of u<]s}cfwf<df ck'tfnL kfpg]egL &x< ug{gldNg]egL ug{ePsf]ax; lhls<;d]t ;gL ldl;n cWoog u<L xbf{o;df lgDg k[gx¿df lg)f{o lbgkg[b]vof]Ÿ-

1. oL jfbL Pj_k|tjfbLx¿ <d[tssf]k':t]f<L s]xf]Œ jfbL <k|tjfbLx¿sf]afa'< ;;'f Pj_ d[tssf]afa'%§LleGg ePsf xg\xf]gg\Œ jfbL <k|tjfbLx¿nfO{k|t't d@f ug{xsbf]< xbDofb %, %g Œ
2. dh'sL Pg ck'tfnLsf]dxnsf]1, 2 < 11 g._sf]sfgg\L Joj:yf s]% Œ ck'tfnLsf]2 g._< 11 g._sf] Joj:yf Ps cfk;df cGt<;DalGwt <x]sf %g\ jf b'j}gDa<x¿ :jtGq cl:tTjsf %g\Œ
3. ck'tfnLsf]11 g.sf]Joj:yf xsjfnf pk< cfslif{ xg]xf]xf]g Œ xsjfnfn]d[tssf];]f :ofxf< ;Def< u<]sf]egL 11 g._sf]< 2 g._adf]hdsf]xsjfnf klg cfkm"ePsf]egL bfaL lng ldNg] xf]xf]g Œ o:tf]cj:yfdf 2 g._jf 11 g._s;n]ufXotf k|t ug{xf]Œ
4. ck'tfnLsf]xssf];DklQ d[tssf]dflyNnf]k':tfsf]xfFsf]cz kfpg]Joj:yf cg';f< a)*f ug{ xf]jf d[tssf];dfg k':tfsf xsjfnf ePsf]df ;dfg¿kdf xssfod xg]xf]< jfbL bfaL kUg] gkUg]s]xf]Œ

ca klxnf]k[gtkm{ljrf< ubf{jfbL <k|tjfbLx¿sf]Pj_d[tssf]k':t]f<Ltkm{xf]f{ls;gsf]2 %f{f kmNnL <jnjn ePsf] jnjnsf]3 %f{f <a'xf<L qmdzŸ <fd[j<<fd[j<L, <fdåfl<sf <<fd;jf<Lb]L, lhtaxfb'<<fd;jf<Lb]L eO{<fd[j<<fd[j<Lsf]%f{f a'xf<L qmdzŸ lzjnvg <k|tjfbL zsGtnfb]L, lzjsdf< <k|tjfbL <flwsfb]L ePsf] <fdåfl<sf <<fd;jf<L b]Lsf]%f{fx¿ jfbL xl<<fd k|;fb, hubLz k|;fb, d'nLw<, gGblszf{ < uofk|;fb uft ®sfGbº ePsf] lhtaxb'< <fd ;jf<Lb]Lsf]%f{f d[ts gGbnfn ePsf]b]vG% . gftf k':tfsf kmNnLsf ;Gtfgx¿ klxnf]af^ g}cnu eO;s]sf]eGg]eO{ls;g, kmNnL, jnjn, <fd[j<, <fd[j<L, <fdåfl<sf, lhtaxfb'<, <fd;jf<Lb]L, lzjnvg, lzjsdf< < gGbnfnsf] d[o'ePsf]eGg]s'<fdf ljjfb ePg . d[ts gGbnfnsf]ldlt 2063.11.29 ut]cljjflxt cj:yfdf g}d[o' ePklº k|t't ck'tfnLsf]ljjfb l;hg{f ePsf]b]vof].

ca pNn]vt k':t]f<L ePsf]df k|tjfbLx¿sf]xfFf 2016 ;fnd}%§LleGg ePsf] cfkm\gf]cfdf <fd;jf<Lb]L afa'<fdåfl<sfsf]d[okl% sfsf lhtaxfb'<;F ljjfx u<L nf]g]:jf:gL eO{a;]sf]< lghx¿

nf]g]:jf:gL ePkl% efO d[ts gGbnfn hGd]sf] cfk\gf]< afaksf] d[okl% klg cfdf afaksf] d[o'xg]eGbf cl#b]v sfsf;lxt Psf;uf]hdf a;]sf] < sfsf < cfdfsf] d[okZrft\sfsf lhtaxfb'< gfdbtf]sf] ;DklQx¿ d[ts gGbnfnsf]gfddf gfd;f<L u<fpGF cfkm"x¿;d]tsf]dfnkf]t sfof{nodf ;gfvt aofg u<fPkl% dfq gfd;f<L ePsf]af^ ;d]t cfkm"x¿ d[ts;F ;uf]hdf <x]sf]kli^ xg]eGg]jfbL bfaL ePsf]df kl|tjfbLx¿n] d[ts gGbnfnsf]cfdf <fd;jf<Lb]jL gePsf] lhtaxfb'<;F <fd;jf<Lb]Ln]bf];f]ljjfx gu<]sf] jfbLx¿ d[ts;d]t;F ;uf]hdf ga;]sf] jfbLx¿sf]afa'<fdåfl<sf, kl|tjfbLx¿sf];;'f <fdl\j< < d[tssf]afa' lhtaxfb'x¿ ldlt 2016÷2÷23 df cza)*f u<L %l§Psf]egL kl|tjfb u<]sf]b]vG% . kl|tjfbLx¿sf]o:tf]lhls< eP klg d[ts gGbnfnn]cf^gf]afaksf]gfddf <x]sf];DklQ gfd;f<L u<fpGF oL jfbLx¿sf]aofg ePsf]eGg]dfnkf]t sfof{noaf^ kf\t ;f]ldl;nsf]kdf{)ft kl|tlnlkaf^ b]vgksf ;fy} gfd;f<Lsf] nflu dfnkf]t sfof{nodf d[ts gGbnfn :jon] lbPsf] lgjbg < lgjbg;fy k];ePsf] lhtaxfb'sf]d[o' btf{sf]kdf{)fkqdf cf^gf]afa' lhtaxfb' < cfdf <fd;jf<Lb]L pNn]v u<L ;<sf<L lgsfodf d[tsn] cf^gf] d[ok'"{g} cf^gf cfdfafaksf] gfdgfd];L pNn]v u<]af^ xfn ;f]L d[tssf] ck'tfnLdf bfaL ug{kl|tjfbLx¿n]d[tssf]afa'< cfdfsf];DaGwdf u<]sf]kl|tjfb :jtÍ vl)*t xg uPsf] % . pQm kdf{)f;d]taf^ d[ts < jfbLx¿sf]cfdf Ps}dlxnf <fd;jf<Lb]L ePsf]df ljjfb ePg . csf{]km{ jfbLx¿sf]afa'<fdåfl<sf, kl|tjfbLx¿sf];;'f <fdl\j< < d[ts gGbnfnsf]afa'lhtaxfb' cyf{\3 hgf bfhbfOx¿ cf-cf^gf] cz aGmL %§lleGg ePsf]eGg] 2016÷2÷23 sf] cza)*fsf]kl|tlnlkaf^ b]vG% . o;<L %§lleGg ePkl% <fdåfl<sf < lhtaxfb'sf]xfGF Psf;uf]hdf <x]sf]eGg]Joxf<f sg}klg <Ltk'"{ssf] lnvt kdf{)faf^ kli^ gePaf^ < sfsf;F cfdf <fd;jf<Lb]Ln]bf];f]ljjfx u<]}sf<)faf^ jf Psf;uf]h jf a]husf]kl\gdf geO{gfd;f<L ;Gbe{df dfnkf]tdf aofg u<]sf]b]vGF ;f]af^ Psf;uf]hdf <x]sf]egL cgdfg ug{ldn]g . pNn]vt tYo < cfwf< Pj_ldlt 2016÷2÷23 sf]a)*fkq Joxf<faf^ oL jfbLsf]afa' kl|tjfbLsf];;'f < d[tssf]afa' qmdzÍ <fdåfl<sf, <fdl\j< < lhtaxfb'x¿ %§lleGg ePsf]kli^ xg cfof] .

ca oL jfbL < kl|tjfbLx¿nfO{kl|t't d@f lbg]xsb}f < xbDofb %, %g eGg]tkm{dfly pNn]vt Pj_ljj]rt tYo, ;Gbe{< kdf{)fsf]<f]xaf^ xb{oL jfbLx¿ < kl|tjfbLx¿ jnjnsf]xfGFsf gfltx¿ < gfltgL aXf<Lx¿ <x]sf] b]vof] . oBlk oL jfbLx¿n] d[ts gGbnfnsf];DklQ gfd;f<L u<L kfpg egL dfnkf]t sfof{no slknj:tdf lgjbg lbG k':t]jf<Lsf]gfddf km<s b]vfPsf]df ;f]k':t]jf<LnfO{lghx¿n] ;flwsf< lgsfoaf^ ;RrfPaf^ o;df yk ljj]rgf ul<<xg'k<g . oL kl|tjfbLx¿n]klg oL jfbLx¿ pk< o;}ljifosf]nufpsf]b]g. 570 sf]d@f bfo< u<]af^ ;f]k':t]jf<Lsf];Gbe{df xfn oL jfbL < kl|tjfbLx¿aLrdf dV ldn]s}b]vof] . d[ts gGbnfnsf]ldlt 2063÷11÷29 df d[o'ePkl% d[ts gGbnfnsf]gfdsf];DklQ gfd;f<L u<fpg oL jfbLx¿sf]lgjbg k<kl% dfnkf]t sfof{no slknj:th];f]gfd;f<Lpk<sf]xsbfaL ;DaGwdf 35 lbg];'rgf hf<L u<]sf]< ;f];'rgf adf]hd kl|tjfbLx¿n]cfkm"klg d[tssf]xsjfnf ePsf]egL bfaL u<L lgjbg lbPkZrft\xs a}sdf kl\g p&L xs sfod u<L Nofpg'egL pQm sfof{non]ldlt 065÷8÷25 df lg)f{o ;gfPkZrft\oL jfbLx¿n]o; cbfntdf ldlt 2065÷9÷27 df < kl|tjfbLx¿n]ldlt 065÷9÷28 df d@f bfo< u<]sf]b]vG% . dhksL Pg ck'tfnLsf]dxnsf]20 g._n] *ck'tfnL k<]sf]3 jif{eq gfln; glbP nfUg ;Sbg}Æ* eGg]Joj:yf u<]sf]b]vG% . t< kl|t't d@f l;w}

ck'tfnL xs sfoddf cfPsf]geO{gfd;f<L ;DaGwdf lgjbg k<kl% xs a}xsdf dfnkf]tdf k[g p&L xs sfodsf]nflu o; cbfntdf lkm<fb k<]sf]bl]vPaf^ ;f]lkm<fbx¿ xbDofbleqs}dfGgkg]{bl]vof]l xsbf]fsf] ;Gbe{df xbf{Pp^}xfF]sf]%f]kfx¿sf]%f]kf < aXf<Lx¿n]k|t't lkm<fb lbPsf]< lghx¿ ;dfg txsf jf ;dfg k|fyldstf qmdsf xsjfnf <x]ePaf^ xsbf]f <x]ePs}bl]vof]l

ca bf];f]k[gtkm{ljrf< ubf{dh'sL Pgdf ePsf]P#f<f};zf]vg 2058 cnfu"ldlt 2059l6l10º <nf]Ës ;dfgtf sfod ug{s}L gkfn Pg ;zf]vg ug{Pg, 2062 cnfu"ldlt 2063l7l17º af^ ck'tfnLsf] dxndf s}L ;zf]vgx¿ ePsf]< k|t't d@f o; cbfntdf ldlt 2065l9l27 df bfo< ePsf]af^ ;f] ;zf]vt k|jwfg adf]hd g}jfbL k|tjfbLx¿n]k|t't d@f lbg kfpg]xbDofb < xsbf]f <x]ePsf]egL dfly ljj]rgf eO;s]af^ jfbL Pj_k|tjfbLx¿sf bfaL < lhls< lnOPsf ck'tfnLsf]1, 2 < 11 g.sf]xfnsf] sfgbL Joj:yf s]<x]%g\E ;f]sf];d]t ljj]rgf ugk{g]xF ;f]gDa<x¿sf]sfgbL Joj:yf tn pNn]v ul<P adf]hd <x]sf]bl]vof]l

1 g.l l xsjfnf eg]sf];DalGwt JolQmsf];ft k':tf;Ddsf];a}eGbf glhssf] clzof< xG% l ;ft k':tf gf#]sf]^f(fsf]gftbf< xG% l

2 g.l l o; dxnsf]cGo gDa<x¿sf]cwLgdf <xL ck'tfnL kbf{dg]sf]nf]g] :jf:gL, %f]kf clj jflxt %f]L, %f]kfsf]%f]kf jf lghsf]clj jflxt %f]L eP;Dd c¿n] ck'tfnL kfpbF]g l dg]sf]%f]kf geO{ ljwjf aXf<L ePdf lghn]%f]kf ;<x ck'tfnL kfpF]l To:tf s}L gePdf lj jflxt %f]L, lj jflxt %f]L klg geP lghsf] %f]kf jf clj jflxt %f]L < lghx¿ klg geP To:tf]ck'tfnL Pg adf]hdsf]xsjfnfn]kfpF]g\l

11= g.l l o; dxnsf]cGo gDa<x¿df hg;'s}s'f n]vPsf]eP tfklg ck'tfnL kbf{dg]sf]:ofxf< ;Def< glhssf]xsjfnfn]gu<L cGo JolQmn]u<]sf]<x]% eg]To:tf]JolQmsf]ck'tfnLsf];a}rn crn ;DklQ To:tf]:ofxf< ;Def< ug[n]kfpF]l

dfly pNn]vt sfgbL Joj:yf xbf{ck'tfnLsf]1 g.n]xsjfnf s:tf]hfO{dflgg]egL pNn]v u<]sf] bl]vG% l o; gDj<n]xsjfnfsf]kl<efiff u<]sf]bl]vG% eg]2 g=sf]Joj:yf xbf{ck'tfnL k<]df ;f]ck'tfnL s;n]kfpg]egL xsjfnfx¿sf]k|fyldstfsf]qmd lgwf{)f u<]sf]kfOG% l To:t}11 g=n]xsjfnfn]d[tssf] :ofxf< ;Def< gu<]sf]cj:yfdf cGo s;}n]:ofxf< ;Def< u<]sf]eP lghn]g}ck'tfnL kfpg ;Sg]eGg] pNn]vg ePsf]kfOG% l pQm sfgbL Joj:yf xbf{ck'tfnLsf]pQm 2 g._< 11 g._b'j}sf]%§f%§}:jtGq cl:tTj <x]sf]xf]jf b'j}Ps cfk;df kl<k"s <x]sf %g\egL xg]kg]{bl]vof]l

;f]tkm{xbf{dh'sL Pg ck'tfnLsf]dxnsf]2 g.sf];?df g}*o; dxnsf]cGo gDa<x¿sf] cwLgdf <xL* eGg]jfSofz n]ck'tfnL < ;f]sf]xsjfnfsf];Gbe{df ljrf< ubf{ck'tfnLsf]dxnsf];du| sfgbL Joj:yfnfO{ljrf< ugk{g]eGg]bl]vG% eg]11 g._sf];?df g}*o; dxnsf]cGo gDa<x¿df hg;'s} s'f n]vPsf]eP tfklg* eGg]jfSofz n]ck'tfnLsf];Gbe{df xbf{klxnf]k|fyldstf o; gDa<n]kfpg]<

To;kl% dfq cGo gDa<x¿sf] Joj:yfnfO{ ljrf< ug{kg{] eGg] ljwflosL dg;fo <x]sf] b]lvG% . æsfgbsf] JofVof < kbfu ubf{oyf;Dej ;a}sfgbL Joj:yfx¿ lqmofzLn < ;fy{s xb]u<L JofVof ug{kg{] < sfgbdf g}cGoyf Joj:yf geP;Dd Pp^f sfgbL Joj:yfsf]cy{< JofVof ubf{csf] sfgbL Joj:yf lg<y{s xb]u<L JofVof ug{gxb]\g]sfk 2061 c_s 5 lg.g._7378 k[558%Æ egL ;Ddflgt ;jf]{r cbfntaf^ sfgbL l;$fGt;d]t kl|tkfbg ePsf]b]lvG ck'tfnLsf]2 g_sf]Joj:yfsf]kbfunfO{ ;f]xL gDa<sf];?df pNn]lvt Joj:yfn]s]xL ;_s'rg u<]sf]< 11 g_sf]Joj:yfnfO{eg]klxnf]kf]yldstf lbPsf]eGg]pNn]lvt jfSofz_x¿sf]u&gn]g}b]vfPaf^ pNn]lvt kl|tkflbt l;$fGt;d]tsf]<f]xaf^ xb]f{ ck'tfnLsf]2 g_sf]sfgbL Joj:yfsf]cl:tTj :jtGq gePsf]< ;f]lqmofzLn xb ck'tfnLsf cGo gDa<sf Joj:yf ljrf< ug{kg{ePsf]< 11 g_sf]Joj:yf eg]cuf|wsf< Pj_kf]yldstf kf]t :jtGq cl:tTjsf]<xL ;f]gDa<sf]kbfu < kl<kfng kb]d b[^of ®एचष्ब ाबअष्म° ug{kg{eGg]b]lvof] . o;<L ck'tfnLsf]2 g_ ck'tfnLsf]dxnsf cGo gDa<x¿sf]cwLgdf <x]sf];f]sf]sfof{jog cGo gDa<sf]Joj:yf pk< ljrf< u<L dfq ug{kg{xB ;f]2 g_sf]Joj:yf c¿;F cGt<;DalGwt < 11 g_sf]Joj:yf :jtGq cl:tTj <x]sf] b]lvof] .

ca t]; f]k[gtkm{xbf{oL jfbLx¿n]d[ts gGbnfnsf]ldlt 2063.11.29 df d[o'xbk'j{ b]lv g}lgh Pj_cfdf < sfsf;F Psf;uf]hdf <x]sf] d[ts gGbnfnsf]gfddf gfd;f<L xB cfk\gf]aofg ePsf] d[ts :jon]<fli^« jfl)fHo a}s tf]hnxjfdf lghsf]gfddf <x]sf]vftfdf cfk\gf]xsjfnf egL uofk|;fb sfGbhfO{ pNn]v u<]sf] lghsf]d[okl%sf]bfx;_sf< Pj_sfhlsl<of ;d]t jfbLdWo]sf uofk|;fb sfGb' ®uf'tº n] u<]sf] d[ts gGbnfnn]Joj;fo ug{jfbLx¿dWo]sf]xl<<fdn]afn lj^f]Lsf]#< g_175 < 177/2 ;d]t b[i^ <fvL Jofkf< ug{shf{df <fv]sf]< d[tssf]gful<stf, hUufbtf{>]tfsf];Ssn cfkmX¿;F <x]sf] eGg]; d]t pNn]v u<L cfkmX¿ d[tssf]xsjfnf< :ofxf< ;Def< ug{egL ck'tfnLsf]1, 2 < 11 g_sf]bfaL u<]sf]df d[ts gGbnfn < jfbLx¿ ;uf]hdf g<x]sf] 35 jif{sf]d[tsnfO{:ofxf< ;Def< ug{gkg{] d[ts gGbnfnsf]ck'tfnLdf k':tj f<L Pj_ck'tfnLsf]dxnsf]1 < 2 g_;d]tsf]sfgbL Joj:yfjf^ cfwfdf kl|tjfbLx¿sf]< cfwfdf jfbLx¿sf]xb]xB < cfkmX¿ ;dfg xsjfnf ePjf^ jfbLx¿n]11 g_sf]dfu u<]sf]eP klg xsjfnfsf];DaGwdf 11 g_jfbLx¿sf]xsdf cfslif{ gxb] ck'tfnLsf]1 < 2 g_sf] xsjfnfn];]f gu<]sf]v)*df aflx<sf]JolQmsf]xsdf dfq 11 g_cfslif{ xb]eGg]; d]tsf]kl|tjfbLx¿sf] kl|tjfb lhls< <x]sf]b]lvG% . ;fy}jfbLx¿sf ;flf dxgL x;g vfF kl|tjfbLx¿sf];flf uhfd <;h d';ndfgn]jfbL bfaL < kl|tpQ< lhls< ldnfg xb]u<L askq u<]sf]b]lvG% . eO{cfPsf];hf{dg xbf{ d[ts gGbnfn, d[tssL cfdf <fd;jf<Lb]L d[o'xb'k'j{ Dd klg jfbLdWo]sf uofk|;fb sfGb';FPsf;uf]hdf a;]sf lyP egL clwsfz_n]n]vfO{ lbPsf]b]lvG% .

pk<f]Qm tYo ;Gbe{< kb]f)fsf]<f]xdf xbf{oL d[ts gGbnfnsf] cfdf < jfbLx¿sf] cfdf <fd;jf<Lb]L Pp^}dlxnf ePsf]< lghsf] klxnf] nf]g]<fdåfl<sftkmaf^ oL jfbLx¿ < bf]; f]nf]g] cyf{\b]< lhtaxfb<tkmaf^ d[ts gGbnfnsf]hGd ePsf]eGg]Joxf]f cGoyf eGg]kl|tpQ< eP klg ;f]Joxf]f ;To <x]sf]eGg]dflysf ljleGg k]<)fx¿df ePsf lj j]rgfx¿af^ ;dly{ ePaf^ o;df yk lj j]rgf ug{k<b . hxf]Dd d[ts gGbnfn uofk|;fb sfGb';F Psf;uf]hdf lyP < d[tssf]<fli^« jfl)fHo a}sdf lgh g}xsjfnf ePsf]eGg]jfbLx¿sf]lkm<fbsf]k^jf]hLsf];Gbe{% ;f]tkm{xbf{:jo_oL 5

hgf jfbLx¿n]g}d[ts gGbnfnsf]xsjfnf xfdLx¿ xf}eg\ :yfgLo gu<kflnsfsf]l;kmfl<; < ;h{dg u<f0{dfnkf]t sfof{nodf gfd;f<L u<fpg lgjbg lbPsf] ;f]lgjbgdf xsbfaLsf];'r gf kf0{k|t jfbLx¿n] xs a\xsdf k\(g p&fPkl% k|t't d@f ldlt 2065÷9÷27 df bfo< xF kl g oL jfbLx¿ kfF}hgf lkm<fbL e0{ ck'tfnL xs sfoddf lkm<fb ug{cfPsf] b\lvG% . tTsfn gfd;f<L ug{lbPsf] lgjbg Joxf{kfdf oL jfbLx¿dWo]sf uofk|;fb sfGbh]dfq d[ts gGbnfnsf] ;]jf kjl:t u<\$f]eg\ eGg g;sL k|t't lkm<fb lbFfsf] cj:yfdf dfq ;f]Joxf{kf pNnn]v u<\af^ pQm Joxf{kfnf0{;To ;FFf]dfGg ldn]g . ;h{dgsf clwsf\z JolQmx¿n]d[ts gGbnfnsf]cfdf < lgh gGbnfn;d]t d[ok'}{uofk|;fb sfGb';F <x\$f]eGg] n]vf0lbP klg jfbLx¿n]tTsfn d[ts gGbnfnsf];DklQ gfd;f<L ug{lgjbg lbFf g}d[ts gGbnfn < cfdf <fd;jf<L b]jL uofk|;fb sfGb';F <x]a;\$f]eGg g;s\af^ lgh jfbLx¿sf]tTsfnsf]egf0 n]vf0af^ g};f]s\f ;dly{ xg ;sg . o;sf ;fy}jfbLx¿ ;a}hgf Psf;uf]hdf <x\$f]eGg g;sL gfd;f<Ldf xsjfnf b]vfpg]< lkm<fb ubf{k\af]hLdf uofk|;fb sfGb';F d[ts a;\$f] eg\af^ tL egf0 n]vf0 k|tLtnfos b]vPg . ;fy}jfbLx¿n]d[ts;lxt Psf;uf]hdf a;\$f]xsjfnf ePsf]< kfngkf]f)f u<\$f]eg] klg oL ;a}Psf;uf]hdf <x\$f]eGg gldNg]egL klxnf]k\(gdf g}ljj]rgf ePaf^ < dfgf]hf]*Psf] <Ltk'}{\$sf]sg}k]df)f bflvn gePsfaf^ ;h{dgsf]egf0nf0{dfq cfwf< dfgL ;uf]hdf <x\$f]dfGg ldn]g . hxfF;Dd d[ts gGbnfnsf]<fli^«o jfl)fHo a\$ tf]hxjfdf <x\$f]vftfsf]xsjfnfsf];Gbe{% ;f]tkm{xbf{;f]vftfdf <x\$f]gub ;DaGwdf uofk|;fb sfGb'lglj{fb xsjfnf eP klg ;f]a\$df d[tsn] xsjfnf pNn]v ul<lbPs}cfwf<df ck'tfnLdf klg lgh :jtÿ xsjfnf eGg ldNg] sfgg\L Joj:yf b]vPg . a\$sf] vftfdf xsjfnf ePs}cfwf<df kfngkf]f)f u<\$f] egL cy{nufpg' klg dgfl;a b]vPg .

csf{tkm{d[tssf]Jofkf< Joj;fosf]nflu jfbLdWo]sf xl<<fdn]cf^gf]afn lj^f\$Lsf]#< b[i^df <fv\$f]eg]klg ;f]kli^ xg]k]df)f k]; bfvh ug{;s\$f]b]vPg . d[okl%sf];:sf<df uofk|;fb sfGb' ;nUg <x\$f]eGg]s\f pNn]v ePsf]df k|tjfbLsf];fIfL;d]tn]dVflUg cyf{\bfuaQL uofk|;fbn]lbPsf] egL askq u<\af^ sfhlsl<of uofk|;fbn]u<\$f]df ljjfb ePg . t< sfhlsl<of ub]df :jtÿ ck'tfnL xs k|\t xg]xf]g . ck'tfnL vfP klg gvfP klg dg\$f];but eg]u<fpgkg{u<L ck'tfnLsf]15 g_n]Joj:Yff u<\af^ sfhlsl<of ck'tfnL k|lKtsf];fwg aGg ;Sg]b]vFg . hxfF;Dd ;uf]hdf <x\$f]cj:yfdf dfq ;]jf kjl:t jf :ofxf< ;Def< xg]xf]eGg]xf]jf d[tssf]nflu Go'gtd ¿kdf hLjg lgjf{x ;lhnf]xg]u<L Joj:yfkg ul<Pdf klg ;]jf :ofxf< ;Def< xg]xf]eGg];Gbe{df ljrf< ubf{plrt Joj:yfkg u<]ePsf]df ;d]t :ofxf< ;Def< u<\$f]dfGgkg{xG% . ;f]cj:yf;d]tnf0{ljrf< ubf{ck'tfnL xsjfnfn]dfq ge0{ cGon];d]t kfpg]eGg]sfgg\L Joj:yfsf]<f\af^ b]vFf kfl<jfl<s ;b:oeGbf aflx<sf]JolQmn];d]t ;]jf ;Def<, kfngkf]f)f ug{;Sg]xFf ;f]cj:yfdf d[ts < kfngkf]f)f ug{JolQm Psf;uf]hleqsf]jf aflx<sf] eGg]k\(g ;fGble\$ xFg . To:tf]cj:yfdf d[ts d[o'xgk'}{sf];F <x]a;\$f]lyof]< lghsf]:ofxf< ;Def< ;]jf kjl:t s;n]u<\$f]lyof]eGg]g}dxTjk)"{xg]xFf ;f]cj:yfdf ;f]dflg; ;uf]hsf]xf]xf]g dfgf]hf]*Psf]<Ltk'}{\$sf]sfuh % %g eGg]s\fn]sg}dxTj <fVbg . kfngkf]f)f ;]jf ;Def<sf]bfaL lng] klfn]d[tssf] ;]jf :ofxf< ;Def< u<\$f]lyof]eGg] cflwsfl<s k]df)faf^ kli^ ePdf :jtÿ Tof]JolQm ck'tfnLsf]xsbf< xg]b]vG% .

csf{[kmf{k|tjfbLx¿n] ck'tfnLsf] 2 g._adf|hdsf] xsjfnf <x]sf] cj:yfdf ;f]xsjfnfn] ;fIfL dxnsf] 11 g.sf] bfaL lng gldNg] eGg] k|tpQ< lkmf<fPsf]< lghtkmf{af^ pkl:yt ljåfg\ clwjQmf >L gx" dfIfDdbn] ;f]ljifodf ax;sf]qmddf k|Lg p&fpg'ePaf^ ;f]tkmf{xbf{dfly bf];f|k|Lgdf ck'tfnLsf]dxnsf] 1, 2 < 11 g._sf sfgbL Joj:yfx¿ < ;f]sf]:jtGq Pj_kl<k"s x]<;otsf]af<]df ljj]rgf ePaf^ ;f]sfgbL Joj:yfaf<] kgÿ pNnf]v ul<<xg' k<g] ❘ sfgbL Joj:yf xbf{ ck'tfnLsf] 2 g._adf|hdsf xsjfnfn] ck'tfnLsf] cGo gDa<sf] cwLgdf <x]< dfq ck'tfnL xs kf|t ug{x]<;ot <fVb%g\ eg] 11 g.adf|hd :ofxf< ;Def< ug{n] ;f]dxnsf] cGo gDa<x¿df hg;'5}s'f pNnf]v eP klg ;f]JolQmn] ck'tfnL kf|t ug{ u<L :ki^ ls^fg ePsf] b|lvG% ❘ pQm 11 g.sf] ;<rgf xbf{æo; dxnsf] cGo gDa<x¿df hg;'5}s'f nf]vPsf]eP tfklg ck'tfnL kbf{dg{sf] :ofxf< ;Def< glhssf]xsjfnfn]gu<L cGo JolQmn]u<]sf]<x]% eg]To:tf]JolQmsf]ck'tfnLsf];a}rn crn ;DklQ To:tf]:ofxf< ;Def< ug{n]kfpg]%Æ egL pNnf]v ePsf] < k|tjfbLtkmf{sf ljåfg\ clwjQmfn] ;f]Joj:yf cGo JolQmsf]xsdf dfq cfslif{ xg]xf]xsjfnfsf]xsdf xf]Og egL ax; ug{ePsf] ;Gbe{ d]tnfO{xbf{;f]gDa<df dg{sf] :ofxf< ;Def< glhssf]xsjfnfn]gu<L eGg] jfSofz sf] kbf{u ePaf^ o;sf] cyf{nf] ubf{ pQm sfgbL Joj:yfsf] ;sf<fTds kIfnfO{xg]kb%❘ sfgbsf] JofVof ubf{;sf<fTds xg] cy{lg:sg] u<L ug{kg{< ljåfg\ clwjQmfn] pNnf]v u<] h;<L g} d[tssf] :ofxf< ;Def< xsjfnfn] u<] klg ck'tfnLdf 11 g.sf] dfu bfaL lng gkfpg]< d[tssf] :ofxf< ;Def< xsjfnfb|lv aflx<sf dflg;n] u<]df dfq kfpg] u<L JofVof ug{xf]eg] o;n] ck'tfnL kg{ d[tssf] d[ok'"]{sf] cj:yfnfO{lxt k'ofpg] cj:yf l;hg{f ug{ ;Sb}g ❘ hxf;Dd kfngkf|]f)f ;]f, :ofxf<, ;Def<sf] ;jfn xf] To;n] ck'tfnL kg{sf] hLjgsfndf g}plrt :ofxf< ;Def< xf];\< plrt x]ljrf< kUf];\ lhpFfdf jf:tf gug{< d<kl% xsjfnf eGb};DklQ vfg bf}*g] kj|[Qsf] cGTo eO{ck'tfnL kg{n] hLljt cj:yfdf plrt <]vb]v, kfngkf]f)f, pkrf<, tLy{|t, bfgbftJo ug{kfO{;v ;la:tfsf] ;fydf <xL d[okZrft\d[o';:sf< nufotsf sfo{;f]ck'tfnL vfg kfpg]n] u<f];\eGg] kljq p@]o < efjgfsf ;fy ljwflosfn] pQm 11 g._sf] nlrnf] Joj:yf u<]sf] dfGgkg{xG% ❘ ljwflosfn] :ki^ ¿kdf dg{sf] :ofxf< ;Def< xsjfnfn] gu<L c¿n] u<]sf]df ;f] :ofxf< ;Def< u<]sf]n] kfpg] Joj:yf u<]sf]df ;f]11 g._n] :ofxf< ;Def< ugf{af^ xsjfnfnfO{jl~rt u<]sf] geO{ck'tfnL kg{d[tssf] :ofxf< ;Def<sf] ;DaGwdf xsjfnfn] ;d]t :ofxf< ug{;Sg] eGg] ljwflosL dg;fo <xL yk Joj:yf dfq u<]sf] dfGgkb%❘ d[tssf] :ofxf< ;Def< xsjfnfn] u<]sf] b|lvPdf lghn] ;f] 11 g._sf] bfaL lng gkfpg] lghn] ;f] ck'tfnLsf] ;DklQ PsnfF}L lng gkfpg]< xsjfnf ;a}df clgjfo{¿kdf afF]gkg{eGg] cy{ug{xf] eg] ck'tfnL kg{ d[tssf] hLljtf j:yfdf sg}klg xsjfnfn] :ofxf< ;Def< ;]f gug{ cnkq <flvlbg] ;Defjgf k|]n <xG% < d[okl% ;dfg xsjfnfaLrdf ;dfg ck'tfnL kfpg] xF s;]n] klg x]ljrf< gug{xg] hfg] xG% ❘ oxL cj:yf gcfj];\eGgfsf] vflt< xsjfnfsf] cltl<Qm :ofxf< ;Def< ug{cGo JolQmn] klg ck'tfnL kf|t ug{;Sg]ljwflosL dg;fo <x]sf] dfGgkg{xG%, o;sf] cy{xsjfnfnfO{afx]s jf jl~rt u<]sf] eGg ldNb}g ❘ xsjfnfn] gu<L egf}af^ :ofxf< ;Def< k|]l:t xsjfnfn] klg ug{;Sg]< xsjfnfn] ;]f k|]l:t ;Def< u<]df lgh xsjfnfn] klg bfaL lng ;Sg] egL cyf{nf] ubf{ck'tfnL kg{sf] plrt :ofxf< ;Def< xg]< ;sf<fTds cy{lg:sg] xG% ❘ o;<L xbf{ck'tfnLsf] 2 g._eGbf klg 11 g._sf] Joj:yf a(L dxTjk)"f{<x]af^ 2 g.adf|hdsf] xsjfnf eP klg lghn] ck'tfnL kg{sf] :ofxf< ;Def< ;]f k|]l:t

u<\$f]kli^ ePdf ;f]11 g=sf]bfaL lng gkfpg]eGg]k|tpQ< lhls< < k|tjfbLsf]tkm{af^ pkl:yt ljåfg\ clwjQmfsf]ax; lhls<sf]pQm aF\f; F ofl]0hnf; ;xdt xg ;sg\] o;y{11 g=adf]hd d[tssf]:ofxf< ;Def< ug[xsjfnf bl]vPdf < lghn] d[tssf]:ofxf< ;Def< u<\$f] bl]vPdf ;f] :ofxf< ;Def< ug[ xsjfnfn]g}ck'tfnLdf cufl]wsf< kfpF < ;f]ck'tfnL c¿ xsjfnfdf afFg' gkg[eGg]pQm sfgg\L Joj:yfsf]dg;fo <x\$f]bl]vG% .

ca rfy\f]k[gtkm{x\f{oL jfbL, k|tjfbLx¿ < d[ts ;dfg k':tfsf xsjfnf ePsf]Joxf<f dfly k\$<)f k\$<)fdf ePsf]ljj]rgfaf^ kli^ ePs}% . jfbLx¿n]2 g._sf]xsjfnf e0{11 g._sf]bfaL lnPsf] < k|tjfbLx¿n]2 g._sf]bfaL lnO{11 g._sf]bfaL jfbLx¿n]lng gkfpg]eg]klg dfly ljj]rgf eP adf]hd :ofxf< ;Def<, kfngkf]f)f ug[xsjfnf jf cGo JolQm hf]eP klg ;f]11 g._sf]bfaL lng ldNg] g}bl]vof] . hxfF;Dd oL jfbLx¿dWo\$f uofk|;fb sfGb';F oL d[ts gGbnfn;F ;fydf <x\$f] <fli^« jfl)fHo a\$sf]xsjfnfaf^ ;f]kli^ ePsf] sfhlsk<of;d]t lgh uofk|;fb sfGbh]u<\$f]eGg]lkm<fbsf];f] k^af]hL Joxf<fdf pNn]v u<L 11 g._sf]bfaL u<\$f]df pNn]vt xsjfnf eGg]<fli^« jfl)fHo a\$ tf]hxjf zfvfaf^ k|Kt kqaf^ bl]vPsf] ;uf]hdf <x\$f]eGg]e0{cfPsf];h{dg d'rNsfsf clwsf_z dflg;x¿n] n]vf0lbPsf]eP klg æ*;h{dgsf]Ps cfwf< dfq e<kbf{k]df)f dfGg g;lsg]æg]sf=k= 2063 cs 5 lg.g._ 7706 k[655%* eGg]k|tkflbt l;\$fGt <x\$f]< oL jfbLx¿ kfF}hgf e0{d[ts gGbnfnsf]gfdbtf\$f] ;DklQ gfd;f<L u<fpg dfnkf]tdf lgj]bg lbPsf] l;kmfl<;df ;d]t ;a}hgfnf0{xsjfnf egL l;kmfl<; u<fPsf]df ;f]pk< xs a}xsdf k[g p&L dfnkf]tn]xs a}xsdf lg)f{o u<f0{cfpg'egL ;bfPkl% kfF}efO lkm<fbL e0{d@f bfo< u<\$f] bfaL adf]hdsf]uofk|;fb sfGb'æuKt° n]dfq d[ts gGbnfnsf]lglj{fb ¿kdf :ofxf< ;Def< ug[JolQm xg\egL bfaL xfn lnPsf]< ;fdlxs ¿kdf gfd;f<L u<fpg l;kmfl<; ln0{ gfd;f<Lsf]sf<afxL cl# a(fPkl% dfq cfkmhf0{kmf0bf < c¿nf0{c;< kg[u<L ;fdlxs ;b:odWo\$fPs hgfn]dfq :ofxf< ;Def< u<\$f]egL k^afhLdf pNn]v ePsf]Joxf<f pk< dfly ljj]rgf e0;s\$f]n]yk ljrf< ul<<xg'k<g\ . d[ts gGbnfnsf]uofk|;fb PSn}n]kfngkf]f)f, :ofxf< ;Def< Pj_sfhlsk<of u<\$f] eGg]cj:yf kli^ gePsf]< oL jfbLx¿ tTsfn g}gfd;f<L lgj]bg lbF uofk|;fbn]kfngkf]f)f, :ofxf< ;Def< u<\$f]eGg g;sL gfd;f<L kbf]hgsf]nflu ePsf];h{dgdf ;a}hgf xsjfnf bl]vPaf^ 11 g=sf] bfaLnf0{lkm<fb kg{cl#sf jfbLx¿n]cfkm\f]sfd sf<afxLaf^ g}vl)*t agfPaf^ ;f]11 g=sf]bfaL pk< yk ljj]rgf ug{k<g\ . o;kl%sf]kf{yldstf qmddf eg]ck'tfnLsf]2 g=sf]sfgg\L Joj:yf adf]hd ljrf< ubf{d[ts gGbnfnsf]oL jfbLx¿ dflxnf afa'sf]%f{fx¿ < k|tjfbLx¿ h\fafa'sf]ljwjf aXf<Lx¿ qmdz bfh'< efph"gftfsf e0{jfbL k|tjfbLx¿ ;dfg ¿kdf ;dfg txsf kf{yldstf qmdsf xsjfnf <x\$f] bl]vF lghx¿ d[tssf];dfg k':tfsf xF ck'tfnLdf klg ;dfg xs sfod xg\kg[cj:yf bl]vg cfof] .

ca d[ts gGbnfnsf]gfdbtf\$f]ck'tfnLsf];DklQdf oL jfbL k|tjfbLx¿sf]xs sfod xg]eP klg s]s:tf]xs sfod xg]xf];f]tkm{klg xg\kg[bl]vof] . oL jfbL < k|tjfbLx¿ d[tssf];dfg txsf xsjfnfx¿ bl]vPsf]df ;f]ck'tfnLsf];DklQ k|tjfbLx¿n]lhls< u<e{cfwf-cfwf xg]jf jfbLx¿n]bfaL u<h:tf]k<}jfbLx¿sf]xg]xf]egL xbf{oL jfbLx¿ < k|tjfbLx¿ ;dfg x\;ot < ;dfg kf{yldstf qmdsf xsjfnf <x\$f]eGg]dflysf ljleGg k\$<)fx¿df ljj]rgf ePs}% . d[tssf];dfg k':tfsf xsjfnfx¿ <x] ePsf]tYoaf^ xbf{d[tssf]ck'tfnLdf oL ;a};dfg ¿kn]a<fa< xs lx:;fsf bl]vG%g\ . jfbLx¿n]d[ts

gGbnfnsf] :ofxf< ;Def< cfkmgdWo]sf uofk|;fbn] u<]sf]n] k'<} ;DklQ cf^gf] xgkg]{ egL lnPsf] bfaL ;Gbe{df ;f] bfaL nfUg g;Sg] egL dfly ljj]rgf eO;s]af^ yk ljrf< ug'{ k<]g .

o;}u<L k|tjfbLx¿n]nufpsf]b].g._570 sf]lkm<fbkq < k|t't d@fsf]k|tpQ< lhls<df d[tssf] sf]xL gePaf^ lghsf]afa'sf]bO{bfhx¿sf]xfssf %f]f < axf<L xss ;f]xL dflyNnf]xfssfnfO{ljrf< u<L cfwf cfwfdf xs sfod ul<lbgkg]{ eGg]bfaL < lhls< lnPsf] tkm{xbf{lgZro klg d[tssf]eGbf km<s xfssf oL jfbL k|tjfbLx¿ <x]sfdf ljjfb ePg . t< ck'tfnLsf] ;Gbe{df k<]sf]k|t't d@fdf cz d@fdf ePh:tf]dflyNnf]k':tf x}{ slt efu nufpg]eGg'GofofI]r t xg]xf]g . cz g}lu§ xs xf]eg]ck'tfnL g}lu§ xs xf]g . g}lu§ xs h;<L g}ck'tfnLdf a)*f nfUg]eGg] sfgg'L Joj:Yff <x]ePsf]b|vg]g . ck'tfnL clzof</xsjfnf afx]sf cGo JolQmn]klg k|Kt ug{;Sg] sfgg'L Joj:yfsf] ;Gbe{df dfly ljj]rgf eO;s]sf]% t< cz k|Kt ug{kfl<jfl<s ;b:o g}xgkg]{ eGg]dh'sL Pg cza)*fsf] ;du|sfgg'L Joj:yfaf^ b|vG% . ;Ddflgt ;jf]{r cbfntaf^ *cz < ck'tfnL Pp^}s'f geO{of]km<s km<s s'f xf]. xfdf]k|rlnt sfgg'L Joj:yf cg';f< cz hGdl;$ g}lu§ xssf]¿kdf <x]sf]kfOG% eg]To;<L cz xså<f k|Kt ;DklQ kbf]us tf]sf]d[okZrft\qmdfg';f<sf JolQmn]ck'tfnL kfpg]Joj:yf sfggn]u<]sf] kfOG% . ck'tfnL ;DaGwL sfgg'L Joj:yf cg';f< ck'tfnL xsjfnf afx]s :ofxf< ;Def< ug]{JolQmn];d]t kfpg]Joj:yf u<]sf]kfOG% eg]cz afa,' cfdf, nf]g] :jf:gL, %f]f%f]Lx¿sf]hLo hLo}sf]clgjfo{ugkg]{ xG% . To;df klg cza)*fsf]dxnsf]1 s g._n]ljjfx ul<;s]L %f]Lsf]cza)*f ugkg]{%}g eGg] Joj:yf ePsf]kfOG% . hals ck'tfnL ljjflxtf %f]Ln]klg kfpg]pNn]vt ck'tfnLsf]2 g._;d]tn] Joj:yf u<]af^ sfgg'L Joj:yf < ;DklQsf]:jfldTj ;g]{k|qmof;d]taf^ ck'tfnL < cz Ps}< Pp^} cjwf<)ffsf ljifoj:t'xf]ggl\eGg]s'f :ki^ b|vg]*g]sf-k-2061 cs 4 lg-g-7357° *ljz]f Ohnf;%E egLl;$fGt k|tkfbg ePsf]b|vss k|tjfbLx¿n]czsf]h:tf]cfwf< lnO{cfwf-cfwfdf xs sfod xgkg]{ egL lhls< lnPsf]df oL k|tjfbL < jfbLx¿ ;dfg qmdfg';f<sf ;dfg xsjfnf <x]ePsf]kli^ ePaf^ cza)*f xg]h:tf]u<L a)*f xg'kg]{ eGg]lghx¿sf]lhls<;F ;xdt xg ;lsPg .

dfly ljj]rgf ePsf tYo, ;Gbe{cfwf< < kd)f;d]tsf]<f]xaf^ xbf{oL jfbL < k|tjfbLx¿ d[ts gGbnfnsf];dfg k':tfsf];dfg k{yldstf qmdsf xsjfnf b|vPaf^ < ;f]ck'tfnLsf]dxnsf]2 g._sf] Joj:yfdf dg]sf]sf]xL gePdf dfq egL clGtd nfOgdf *To:tf]ck'tfnL Pg adf]hdsf]xsjfnfn] kfpg]{ egL pNn]v u<]sf]< k|tjfbLn]bfaL u<]h:tf]cfwf-cfwf xg]Joj:yf gb|vPaf^ < ck'tfnLdf kfpg];DklQ cz d@fdf h:tf]afa'jf ;;'f k':tfsf aLr cz %§ofPh:tf]u<L xfssfsf]cfwf<df a)*f xg]geO{;dfg xsjfnfx¿ aLrdf ;a]n];dfg ¿kdf afFL lng kfpg]k]s[tsf]xss ck'tfnLsf];DklQ s;<L afFbf pkoQm xg]eGg];Gbe{df ;Ddflgt ;jf]{r cbfntaf^ b]k'g._063 CI 0371 k'.j]/ jfbL bLL{b]L rf}w<L yf¿ ljklIfL <fdsbdf<L rf}w<L yf¿;d]t k]oyL{k|tjfbL ePsf]ck'tfnL xs sfod d@fdf ldlt 2066|9|29 df ePsf]km}nfdf *afa'< %f]fsf %f]Lx¿ b'j}sf];dfg tl<sfn]ck'tfnL xs sfod gxg]ljwflosfsf]dg;fo <x]sf]eP ;f]s'f k|^ ¿kn]cleJoQm xg' ;xh < :jfefljs dfGg ;lsG% . ha sfgg'sf]To:tf]ljz]f cj:yf hgfpg]p@]{o xG% Tof]k|^ ¿kdf cleJoQm xG% klg . t< ljjflbt sfgg'df To:tf]ljz]f *Special) cleJolQm geO{b'j}n] afFL vfg kfpg]g\eGg];fdfGo

*®General¹º jfSofz̲sf]kþfÍu ePsf]b|vÈ To;sf]cfzo afa'< %f}fsf %f}Ln]a<fa< afÉL vfg kfpg] xf]eGg]lgisif{df kÚg';xh < :jfefljs b|vG%Æ* egL l;$fGt k|tkfbg ePaf^ k|t't d@fsf jfbLx¿ < k|tjfbLx¿;d]t ;dfg cj:yfsf b|vÈ < ck'tfnLsf]2 g=̲df xsjfnfaLrdf ck'tfnL afÉkmfÉ ubf{ cz̲ afÉkmfÉ u<]h;<L afÉkmfÉ xb]eGg]sb}ljz]f *®Special¹º* cj:yfsf]pNn]vg gePaf^ :jefjt: xsjfnfaLrdf ;dfg ¿kdf g}afÉkmfÉ u<L lbg'g};xh < :jfefljs xb]b|vPaf^ pNn|vt k|tkflbt l;$fGt;d]tsf]<f}af^ ;dfg ¿kdf afÉL lbg'g}Gofofl|rt xb]b|vof] .

ctŸ dfly k|s<)f k|s<)fx¿df pNn|v ePsf tYo, ;Gbe{ cfwf<, k|df)f Pj̲|jj|rgfaf^ oL jfbLx¿ < k|tjfbLx¿ d[ts gGbnfnsf] ;dfg:t<sf k|yldstf qmdsf xsjfnf <x|sf] xÈ lgh d[tssf] gfdbtf{sf] ck'tfnLsf] ;DklQ jfbLx¿sf] bfaLh:t}Psnf}L gxb] < k|tjfbLx¿sf] lhls< adf]hd cfwfcfwf;d]t gxb]eO{;f]ck'tfnL k<|sf];DklQdf jfbL k|tjfbLx¿ ;dfg k':tf < txsf 7 ®;ftº hgf xsjfnf <x]ePaf^ ;f]ck'tfnLsf];DklQnfO{7 ®;ftº efu nufO{jfbL k|tjfbL ;a|h]Ps Ps efu afÉL lng kfpg]eO{bfaLsf]ck'tfnLdf jfbLx¿sf]5 efu kfpg]eO{;f]5 efusf]xb;Dd lghx¿sf]xs sfod xb]&x%{ jfbLx¿sf]dfq Psnf}L xs sfod u<L kfpmÈeGg]xb;Ddsf]bfaL kÚg ;Sb|g . ;f] &xgf{n]c¿df tkl;n adf]hd ug{u<L cfh of]d@f c=j=̲186 g=̲adf]hd km};nf ul<lbPÈ

**tkl;n**

1. dfly OG;fkm v)*df n]vP adf]hd ®d[ts gGbnfnk|;fb sfGb' ®uKtº sf] gfd btf{sf] pNn]vt ;DklQdfÆ jfbL k|tjfbLx¿ ;dfg k':tf < txsf 7 ®;ftº hgf xsjfnf <x]ePaf^ ;f];DklQnfO{7 ®;ftº efu nufO{jfbL k|tjfbL ;a|h]Ps Ps efu afÉL lng kfpg]xÈ jfbLx¿sf]xsdf 7 efusf]5 efu;Dd xs sfod xb]< jfbLx¿sf]dfq xs sfod u<L kfpmÈ eGg]xb;Ddsf]bfaL kÚg g;Sg]&x<|sf{h]of]d@fsf]clGtd ^u̲f]nfuk|l% dfnkf]t sfof{no slknj:thfO{hfgsf<L lbg]=================================================================================
2. jfbLx¿n]lkm<fb btf{ubf{<fv|sf] sf]^{kmL ?=16,610l- cGo b:t< ?=26l-;d]t hDdf ?= 16,636l- ®;f}|xhf< % ;o %QL;º k|tjfbLx¿af^ e<fO{lng kfpg]xÈ sf]^{kmL P|gsf Dofbleq k|tjfbLx¿sf]h}yf b|vfO{e<L kfpmÈegL b<vf:t lbP s}L b:t< glnO{e<fO{lbg]=
3. pQm OG;fkmdf lrQ gaÈm]c=j=̲193 g=̲sf Dofb 35 ®k}L;º lbgleq >L kb<fj|bg cbfnt a^jndf kb<fj|bg ug{egL jfbL/k|tjfbLx¿sf gfddf kb<fj|bgsf]Dofb lbg"===================
4. gSsn dfÚg];<f|sf<jfnf JolQmaf^ lgodn]nfÚg]b:t< lnO{gSsn lbg"===========================
5. k|t't d@fsf]bfo<Lsf]nut s§f u<L ldl;n clen]v kmfÈdf aÈmfOlbg"==============================

df=c=lh=Gof= Hoh]l^kfP adf]hd
sDKo^< ug{lzjr<g d<fp
kmfÈ gf=;:;kmn <fh >]&

...................
दीपेन्द्र अधिकारी
lhNnf Gofofwlz

Olt ;j̲t\2067 ;fn c;f< 6 ut]<f]h 1 df z‰d\======================================

श्री पर्वत जिल्ला अदालत

इजलाश

माननीय न्यायाधीश श्री रमेश कुमार खत्री

फैसला

सम्वत २०६६ सालको स.दे.र.नं. ६१-०६५-०००३ नि.नं.४२

*मुद्दा : वालवालिकाको पालनपोषण शिक्षा स्वास्थ्य समेतको हक प्रचलन गराइ पाउँ ।*

**वादीको नाम थर वतन**

पर्वत जिल्ला राम्जा देउराली गा.वि स वडा नं. ५ वस्ने रुद्र बहादुर क्षेत्रीको छोरी वर्ष १४ एलिना क्षेत्री.........१

ऐ.ऐ वस्ने वर्ष १२ की यसोदा क्षेत्री ......................१

ऐ.ऐ वस्ने वर्ष ९ की प्रभा क्षेत्री ...........................१

ऐ.ऐ वस्ने वर्ष ६ की सोभा क्षेत्री ..........................१

ऐ.ऐ वस्ने वर्ष ३ की प्रतिभा क्षेत्री .........................१

ऐ.ऐ वस्ने वर्ष ३ की प्रवेश क्षेत्री ..........................१

जना ६ को संरक्षक एकाघरकी आमा पर्वत जिल्ला राम्जा देउराली गा.वि.स. वडा नं. ५ वस्ने रुद्र बहादुर क्षेत्रीको श्रीमती वर्ष ३९ की खगेश्वरी क्षेत्री........................१

**वादीका साक्षी**

भिम बहादुर के.सी .............................................१

धन बहादुर के.सी..............................................१

रण बहादुर के.सी ..............................................१

याम बहादुर के.सी.............................................१

**वादीका कागज**

जग्गा धनि दर्ता श्रेस्ताको प्रमाणित प्रतिलिपी.........१

खगेश्वरी के.सी का नाउँको ना.प्र.प को फोटोकपी थान ..........................................................१

गाउँविकास समितिको कार्यालय राम्जा देउराली पर्वतको सिफारिस पत्र...............................................१

**प्रतिवादीको नाम थर वतन**

पर्वत जिल्ला राम्जा देउराली गा.वि.स.वडा नं. ५ वस्ने लव बहादुर क्षेत्रीको छोरा वर्ष ४० का रुद्र बहादुर क्षेत्री...............................................१

ऐ.ऐ वस्ने वर्ष ८६ को लव बहादुर क्षेत्री ..........१

ऐ.ऐ वस्ने वर्ष ७५ की वसुन्धरा क्षेत्री ...............१

ऐ.ऐ वस्ने वडा नं. ४ वस्ने वर्ष ६५ को भोग बहादुर गुरुङ.......................................................१

**प्रतिवादीका साक्षी**

गोपाल शर्मा.............................................१

नारायण गौतम ........................................१

टिकाराम रिमाल.......................................१

चिज कुमारी गुरुङ.....................................१

धनपति शर्मा ...........................................१

इमनाथ शर्मा............................................१

**प्रतिवादीका कागज**

श्री सिद्ध प्राथामिक विद्यालय राम्जाको २०६६।४।२२ को विद्यालय व्यवस्थापन समितिको अख्तियार पत्र..........................................................१

**आदलतवाट वुझेका साक्षी**

भिम बहादुर के.सी .....................१

नारायण गौतम ..........................१

धन बहादुर के.सी........................१

**आदलतवाट वुझेका कागज**

जिल्ला शिक्षा कार्यालय पर्वत कुश्माको च.नं. ५३५ मिति २०६६।८।११ को रुद्र बहादुर क्षेत्रीको आम्दानीको विवरण खुलाएको पत्र.........................................................................................................१

जिल्ला प्रहरी कार्यालय पर्वतको च.नं. १६२३ मिति २०६६।८।२२ को पत्रसाथ प्राप्त खगेश्वरी के.सी को निवेदन सहितका कागजातहरु.........................................................................................................१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा बालबालिका ऐन, २०४८ को दफा २० (१) समेतले यसै अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

विपक्षी लवबहादुर र बसुन्धराबाट जेठा प्रेमबहादुर, माहिला टेकबहादुर, साहिला रुद्रबहादुर क्षेत्री, कान्छा भवर सि. समेत ४ छोरा र २ छोरी जन्म भएका छोराछोरी सबैको विवाह भइसकेको छ । रुद्रबहादुर क्षेत्री र खगेश्वरी क्षेत्रीबाट निवेदक ६ जना सन्तानको जन्म भएको छ । जसमा जेठी छोरी वर्ष १४ की एलिना क्षेत्री, माहिली छोरी वर्ष १२ की यसोदा क्षेत्री, साहिली छोरी वर्ष ९ की प्रभा क्षेत्री, काइली छोरी वर्ष ६ की शोभा क्षेत्री, कान्छी छोरी वर्ष ३ की प्रतिभा क्षेत्री, छोरा १ वर्ष ३ को प्रवेश क्षेत्रीको जन्म भएको छ भने हालसम्म सबैजना नाबालक अवस्थामा रहेका छन् । विपक्षी रुद्रबहादुर (निवेदकका बाबु) र विपक्षीमध्येका लवबहादुर (हजुरबुवा) र बसुन्धरा क्षेत्री (हजुरआमा) हुनुहुन्छ । विपक्षी बाबु रुद्रबहादुरले श्री सिद्ध प्रा.वि.मा अध्यापन गराउनुहुन्छ । सो विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष भोगबहादुर गुरुङ हुनुहुन्छ । अंश लाग्ने सम्पूर्ण चल अचल सम्पत्ति विपक्षीका जिम्मा रहेको छ । मिति २०६२ साल कार्तिक २९ गतेका दिन प्रतिवादी रुद्रबहादुर अत्यधिक मादक पदार्थ सेवन गरी घरमा आई निवेदक नाबालक छोराछोरीहरूलाई कुटपिट गर्नुभयो । अन्य विपक्षीसमेतले वास्ता नगर्नुभएबाट २०६२ मंसिर १ गते मानिसहरू जोडी छलफल हुँदा नाबालक यिनीहरूलाई एउटा सानो घरमा बस्न दिनुहोस्, संगोलकै जग्गा कमाउँछन्, छोराछोरीको शिक्षा दीक्षाका लागि तत्काललाई पिता प्रतिवादी रुद्रबहादुरले मासिक रु. ६०००। दिने भनी समाजले राखेको प्रस्तावमा विपक्षीहरूको सहमति भएकोले सोही विश्वासमा निवेदकहरू बसेका थिए । समाजका अगाडि सहमत भए पनि प्रतिवादी रुद्रबहादुरले निवेदक नाबालक छोराछोरीलाई हालसम्म एक पैसा पनि नदिनुभएको निवेदकहरूको उमेर बढ्दै गएको कक्षा पनि बढ्दै जाने भएकोले निवेदकहरूको दैनिक खर्च धान्न अति नै गाह्रो परेकोले विपक्षीहरू घरमा जुटेको मौका पारी २०६५ साल वैशाख २ गते तपाईंहरूले २०६२ साल मंसिर १ गते भएको सहमति अनुसारको एक पैसा दिनुभएन । अब हाम्रो व्यवस्था मिलाई दिनुहोस् भन्दा विपक्षीमध्येका रुद्रबहादुरले घर कसरी चलाउन पर्छ तिमीहरूले नै जान तिमीहरूलाई यही एउटा घर हो यसैमा बस । मैले कमाएको एक रुपैयाँ पनि तिमीहरूलाई दिन्न भनेकाले विपक्षी श्री सिद्ध प्रा.वि.को तलबबाट हामीलाई हाम्रो खर्च छुट्याई दिनुहोस् भन्दा सो समितिले

कुनै वास्ता नगरेकोले विपक्षीका नाउँमा रहेको जग्गामा धान, कोदो, मकै, गहुँ, फलफूल लगायत पशुपन्छी बिक्रीबाट वार्षिक रु. ४५४०००। आय हुने तथा बाबु रुद्रबहादुर प्रा.वि.को प्र.अ.(ना.सु.स्तर) को तलब स्केल रु. ९४९०। र १७ ग्रेड र प्र.अ भत्तासमेत गरी मासिक रु. ११८३०। तलब पाउनुहुन्छ र हालसम्मको सञ्चयकोषमा जम्मा भएको जम्मा भएको रकमसमेतबाट निवेदकले पाउनुपर्नेमा केही पाउन सकेको अवस्था छैन । बालबालिका ऐन, २०४८ को दफा ४ (१) अनुसार विपक्षीहरूले निवेदकहरूलाई पालन पोषण शिक्षा, दीक्षा, औषधि उपचार लगायत आवश्यक कुराको प्रबन्ध गर्नुपर्नेमा विपक्षी बाबुले नै दायित्व निर्वाह नगरेकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४ (१) बमोजिम निवेदकहरूलाई प्राप्त हक प्रचलनका लागि २०६२ मंसिर १ गतेदेखि हालसम्म १ जनालाई मासिक रु. २३००। को दरले ६ जना नाबालकलाई साबालक हुने अवस्थासम्म पालन पोषण, शिक्षा दीक्षा, औषधोपचारसमेतको प्रभावकारी व्यवस्था गराउन बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा २० (१) बमोजिम विपक्षीहरूका नाउँमा आवश्यक आज्ञा आदेश वा पुर्जी जारी गरी पाऊँ भन्नेसमेत व्यहोराको बालबालिकाहरूको तर्फबाट संरक्षक खगेश्वरी क्षेत्रीको निवेदन पत्र ।

हामी प्रतिवादीहरू र निवेदकहरू सबै एकासगोलमा छौं । हामी प्रतिवादीमध्येका लवबहादुर क्षेत्री वर्ष ८६ र वसुन्धरा क्षेत्री वर्ष ७५ को वृद्धा हौं । हाम्रो अंशबण्डा भएको छैन । छोराहरूले आ-आफ्नो भाग छुट्याई कमाई खाई आएका छन् भने रुद्रबहादुरको भाग निवेदकहरूको आमा खगेश्वरी क्षेत्रीले कमाई सोही आयस्ताबाट निवेदकहरूको भरणपोषण, शिक्षा-दीक्षा, हुँदै आएको छ भने रुद्रबहादुर क्षेत्री कान्छी श्रीमतीसँग डेरामा बसी आएका छन् । हामी लवबहादुर क्षेत्री र वसुन्धरा क्षेत्री काम गरी खान नसक्ने वृद्धा अवस्थाका कारणले ४ भाइ छोराहरूको वार्षिक रु. १०,०००। (दस हजार) का दरले हामीलाई पालन पोषणबापत दिँदै आएका छन् । विपक्षी निवेदकहरूले हामी वृद्धा अवस्थाका हजुरबा हजुरआमालाई अनाहकमा विपक्षी बनाई दायर गरेको उक्त निवेदन खारेज भागी छ । म प्रतिवादी रुद्रबहादुर क्षेत्रीलाई विपक्षी निवेदकहरूको आमा खगेश्वरी क्षेत्रीले मेरा इज्जत र मर्यादाको ख्याल नराखी मानसिक तनाव दिने गर्दै आएकोले बाध्य भई कान्छी श्रीमती ताराकुमारी क्षेत्रीलाई विवाह गरेको हुँ । मैले बाबुआमाबाट कानुन बमोनिम अंशवण्डा नभए पनि आफ्नो भागमा पर्ने सम्पत्ति लिई उक्त सम्पत्ति विपक्षी निवेदकहरूको आमा खगेश्वरी क्षेत्रीले भोग चलन गरी घरमा बसी आएकी छिन् । मैले समयसमयमा मेरो तलबबाट प्राप्त केही रकम विपक्षी निवेदक छोराछोरीहरूलाई दिँदै आएको छु । यसरी मेरो भागमा पर्न आउने जग्गा र घर विपक्षीहरूकी आमाले भोगचलन गरी आएकी छन् । म र कान्छी श्रीमती सो तर्फको छोरी सोही मास्टरको तलबले डेरा गरी जेनतेन जीवनयापन गर्दै आएका छौं । निवेदकहरूकी आमा खगेश्वरीले जिल्ला शिक्षा कार्यालय र विद्यालयमा आई उजुरी निवेदन दिनेसमेतका व्यवहार गरेपछि विद्यालय व्यवस्थापन समितिसमक्ष निवेदकहरूकी आमा खगेश्वरी र कान्छी श्रीमती ताराकुमारीसमेतलाई सँगै राखी छलफल गर्दा खगेश्वरीले सम्पूर्ण तलब माग गरेकीले सो तलब तिमीलाई मात्र दिन सक्दिनँ, छोराछोरीको पालन पोषण इज्जत आमद अनुसार गर्न तयार छु भनी भनेकोमा सम्पूर्ण तलब एकलौटी खान, लिन नपाएको कारणले प्रस्तुत ब्यहोराको काल्पनिक मुद्दा दायर गरेकी मात्र हुन् । हाम्रो नाउँमा भएको घर जग्गा राम्जा देउराली गा.वि.स. अन्तर्गत विपक्षीले उल्लेख गरेजस्तो जग्गा जमिन र उब्जनीसमेत हुँदैन भन्ने रुद्रबहादुर क्षेत्रीको प्रतिउत्तर जिकिर तथा निवेदकहरूलाई पालन पोषण, शिक्षा, स्वास्थ्यको लागि अध्यक्षको हैसियतले गर्नुपर्ने कुनै कर्तव्य कानुनद्वारा नतोकिएकोले उक्त कार्य गर्न म बाध्य नहुने हुँदा मेरा उपर मुद्दा गर्न विपक्षीहरूलाई हकदैया छैन भन्ने प्र. भोगबहादुर गुरुङको व्यहोरा भएको संयुक्त प्रतिउत्तर पत्र ।

प्रतिवादी रुद्रबहादुर क्षेत्रीले निवेदकहरूको लागि २०६२ सालदेखि अहिलेसम्म पालनपोषण, शिक्षा, स्वास्थ्यको लागि कुनै प्रबन्ध गरेका छैनन् । निजहरूको पालन पोषण ऋण धन गरी वादी संरक्षकले गरी आएकी छन । निवेदक संरक्षकलाई प्रतिवादीहरूले जग्गा जमिन भोग चलन गर्न दिएका छैनन् बस्नको लागि १ घर मात्र दिएका छन् । निवेदकहरूलाई संरक्षक आमाले ज्याला मजदुरी गरी पालेकी छन् । प्रतिवादीहरूले ६ वटा बालबच्चाको पालन पोषण, शिक्षा, स्वास्थ्यको उचित प्रबन्ध केही मिलाएका छैनन् भन्नेसमेत व्यहोराको वादीका साक्षी भीमबहादुर के.सी. र धनबहादुर के.सी. ले यस अदालतमा आई गरेको बकपत्र ।

रुद्रबहादुरको भागमा पर्ने जग्गा निवेदककी आमा खगेश्वरीले कमाई आएकी छन् । यिनी निवेदकहरूलाई प्रतिवादीले लालन पालन, शिक्षा दीक्षा, स्वास्थ्य उपचार गर्नुपर्ने हो । मुद्दा दर्ता भएपछि कुनै खर्च रुद्रबहादुरले दिनुभएको छैन । निवेदकहरू प्रतिवादी लवबहादुरका नाउँमा रहेको ढुङ्गे घरमा बस्छन् । प्रतिवादी रुद्रबहादुर पढाउने विद्यालय भएको ठाउँमा डेरा गरी बस्छन् । निवेदकलाई प्रतिवादीले शिक्षा, स्वास्थ्यमा लगानी गरेका छैनन् भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी तारानाथ गौतमले यस अदालतमा आई गरेको बकपत्र ।

निवेदक संरक्षक खगेश्वरी क्षेत्री र प्रतिवादी रुद्रबहादुर क्षेत्रीबीच छोराछोरीको पालन पोषणको लागि मिति २०६४।४।१ गतेदेखि मासिक रु. ३०००। को दरले दिने लिने विषयमा सामुदायिक सेवा समाज पर्वत कुश्मामा दुवै पक्षबीच सहमति गरी भएको कागजात प्रतिलिपि मिसिल संलग्न रहेको छ ।

## अदालतको ठहर

नियमानुसार दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा निवेदक संरक्षक खगेश्वरी क्षेत्री र प्रतिवादी रुद्रबहादुर क्षेत्रीसँग छलफल गरी निवेदनमा माग गरे बमोजिम बालबालिकाहरूको पालन पोषण, शिक्षा र स्वास्थ्य सम्बन्धी हक प्रचलन गराई दिनुपर्ने हो होइन ? निर्णय दिनुपर्ने देखिन आयो ।

मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी रुद्रबहादुर क्षेत्रीका नाबालक पाँच छोरी र एक छोरा हामी बालबालिकाहरूको पालन पोषण र शिक्षा, स्वास्थ्योपचारको दायित्व बाबु प्रतिवादी रुद्रबहादुर क्षेत्री, हजुरबुबा लवबहादुर खत्रीसमेतको रहेकोमा निजहरूबाट कस्नको लागि घर र जीवन निर्वाहको लागि कमाउन उपलब्ध गराएको जग्गामा परिश्रम गर्नुका साथै आमा खगेश्वरीले ज्याला मजदुरी गरी जसरी तसरी हाम्रो लालन पालन, शिक्षा दीक्षा गरी आएकोमा हाम्रो आवश्यकतामा वृद्धि हुँदै गएको र आमाको परिश्रम र कमाईले मात्र हाम्रो आवश्यकता धान्नै नसक्ने स्थिति सृजना भएको हुँदा प्रतिवादी बुवालाई भन भन्नुभएकोले प्रतिवादी बाबुको शिक्षक पदमा स्थायी नोकरी भएको र कृषि उपजको आम्दानी पनि राम्रै हुने भएकोले हाम्रो न्यूनतम आवश्यकता अनुसार प्रत्येक निवेदकलाई मासिक रु. २३००। का दरले पालन पोषण र शिक्षा, स्वास्थ्योपचारको खर्च दिलाउने गरी हक प्रचलन गरी पाऊँ भन्नेसमेत दाबी लिएको पाइन्छ भने उपरोक्त दाबीका सन्दर्भमा प्रतिवादीमध्ये लवबहादुर खत्री र वसुन्धरा खत्रीले हाम्रो अंशवण्डा भएको छैन । घरसारमा भएको समझदारी अनुसार छोरा रुद्रबहादुर क्षेत्रीको भागको जग्गा र घर निवेदकहरूकी आमा खगेश्वरीले भोग गरी त्यसकै आयस्ताबाट नाबालक छोराछोरीहरूको लालन पालन गर्दै आएकी छन् । प्रतिवादी रुद्रबहादुर क्षेत्री कान्छी श्रीमती लिई डेरा गरी बस्दै आएका छन् भन्नेसमेत व्यहोरा उल्लेख गरी प्रतिवाद गरेको अवस्था छ भने प्रतिवादीमध्ये रुद्रबहादुर क्षेत्रीले मेरो भागको घर र जग्गा श्रीमती खगेश्वरीले भोग गरी सो जग्गाको आयस्ताबाट नाबालक छोराछोरीहरूको पालनपोषण गरी आएकी छन् । मैले पनि समयसमयमा मेरो तलबबाट केही रकम निवेदकहरूलाई दिँदै आएको छु । संरक्षक बनेकी खगेश्वरीले मेरो तलब सबै माग्ने गरेकी हुँदा विवाद भई नदिने गरेको हो । मेरो अर्की श्रीमती

पनि भएकीले डेरामा बस्दै आएको छु । मेरो पारिश्रमिकले त्यो परिवार चलाउन पनि गाह्रो छ । जग्गा जमिनको आयस्ता सबै खगेश्वरीले लिने गरेको छ । झुट्टा दाबीबाट फुर्सद गरी पाऊँ भन्नेसमेत जिकिर लिई प्रतिवाद गरेको अवस्था छ । यस्तै अर्का प्रतिवादी विद्यालय व्यवस्थापन समिति अध्यक्ष भोगबहादुर गुरुङले निवेदकहरूको लालनपालनको दायित्व आफ्नो नभएकाले झुट्टा दाबीबाट अलग फुर्सद गरी पाऊँ भन्नेसमेत जिकिर लिई वादी दाबीको प्रतिवाद गरेको पाइन्छ ।

निवेदकहरूको उपरोक्त दाबी प्रतिवादीहरूको प्रतिउत्तर जिकिर लगायत मिसिल संलग्न प्रमाणहरूको समग्र विवेचना गर्दा प्रस्तुत मुद्दामा विवेचना गर्दा प्रस्तुत मुद्दामा निवेदक बालबालिकाहरूलाई प्राप्त हक अधिकार, त्यसको प्रचलन, प्रतिवादीहरूको दायित्व, यस सम्बन्धी राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मान्यताहरूको समग्र विश्लेषण गरी न्यायिक निष्कर्षमा पुग्न पर्ने देखिन आउँछ ।

निवेदनमा बालबालिका ऐन, २०४८ को दफा ४ अनुसार प्राप्त हक अधिकारको प्रचलनमा दाबीमा लिइएको छ । निवेदन दाबीमा उल्लेखित कानुनी व्यवस्था हेर्दा "बाबु आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालन पोषण गर्नुको अतिरिक्त शिक्षा, स्वास्थ्य आदिको व्यवस्था गर्नुपर्ने" बाबु आमालाई आफ्ना नाबालक छोराछोरीका बारेमा विशेष जिम्मेवारी तोकेको पाइन्छ ।

बालकलाई के कस्तो अधिकार प्राप्त हुन्छन् र त्यसमा बाबु आमाको के कस्तो दायित्व रहन्छ भन्ने सम्बन्धमा बाल अधिकार महासन्धिको सान्दर्भिक व्यवस्थालाई चर्चा गर्नु वाञ्छनीय हुन्छ । हाम्रो देशले समेत अनुमोदन गरेको United Nation convention on the Right of the child sf] Art 18(1) मा …………………parents as the case may be legal guardians have the primary responsibility for the up bringing and development of the child. The best interests of the child be their basic concern. भन्ने उल्लेख भएको पाइन्छ । जसको अर्थ बालबालिकाको पालन पोषण र विकासका सर्वोत्तम हित नै उनीहरूको आधारभूत चासोको विषय हुनेछ भन्ने देखिन आउँछ ।

यस्तै उक्त convention को धारा २७ (२) मा The parents or other responsible for the child have the primary responsibility to secure, within their abilities and financial capacities the condition of living necessary for the child's development. उल्लेख भएको पाइन्छ । जसबाट आफ्नो क्षमता र आर्थिक संक्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि आवश्यक जीवन स्तरको विकास गर्नु बाबु आमा वा बालबालिकाका लागि उत्तरदायी अन्य व्यक्तिहरूको प्राथमिक दायित्व हुन्छ भन्ने नै देखिन्छ ।

नेपालसमेत पक्ष भई अनुमोदन गरेको उपरोक्त अन्तर्राष्ट्रिय महासन्धिको व्यवस्था नेपाल सन्धि ऐन २०४७ को दफा ९ ले नेपाल कानुनसरह लागू हुने हुँदा उपरोक्त बालअधिकार सम्बन्धी महासन्धिको व्यवस्थालाई समेत प्रस्तुत निवेदन दाबीको निरोपणमा मध्यनजर राख्नुपर्ने हुन्छ ।

उपरोक्त राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा बाल अधिकार र सरोकारवाला पक्षको दायित्वलाई हेर्दा बालबालिकाहरू शारीरिक र मानसिक रूपमा पूर्णतः विकसित नभइसकेको अवस्थामा हुन्छन् । यसैले तिनीहरूलाई विशेष हेरचाह एवं प्रभावकारी संरक्षकत्वको आवश्यकता हुन्छ भन्ने मान्यतामा बालबालिकाका लागि खास अधिकारको व्यवस्था गरी तिनको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिएको अनुभूति हुन्छ । वास्तवमा कालकालिका आफ्नो लालन पालन, शिक्षा दीक्षा आदि आफैं गर्न सक्षम हुँदैनन् भन्ने मान्यतामा नै जन्मदिने बाबु आमालाई विशेष दायित्व तोकेको पाइनुका साथै शिक्षा ज्ञानको ज्योति हो बालबालिकाको शिक्षा दीक्षामा विशेष जोड दिएको बुझ्न सकिन्छ ।

विवेचित पृष्ठभूमिमा प्रस्तुत मुद्दाको विषयवस्तुलाई केलाउँदा बाल अधिकारका विविध विषयमध्ये प्रस्तुत मुद्दाको विषयवस्तु केही हदसम्म बालबालिकाको बाँच्न पाउने अधिकारसँग र धेरै हदसम्म बालबालिकाको विकासको अधिकारसँग सम्बन्धी देखिन आउँछ। निवेदनमा उल्लेखित नाबालकको पालन पोषण र स्वास्थ्योपचार सम्बन्धी कुराले बाँच्न पाउने अधिकारसँग सामीप्यता राख्दछ भने शिक्षा दीक्षाको कुराले बालकको विकासको अधिकारसँग तादात्म्यता राख्दछ। बालकका सर्वोत्तम हित नै बालअधिकार सम्बन्धी महासन्धि एवं बालबालिका सम्बन्धी ऐनको सार भएकाले यसै पृष्ठभूमिमा प्रस्तुत मुद्दाको विषयवस्तुको विश्लेषण गरी निष्कर्षमा पुग्नु वाञ्छनीय देखिन आउँछ।

निवेदकहरूको स्थिति हेर्दा कोही विद्यालयमा अध्ययनरत र कोही साना विशेष हेरचाह गर्नुपर्ने उमेरका देखिन आउँछन्। हाम्रो पालन पोषण र शिक्षा दीक्षा प्रतिवादी बाबुसमेतको अभिभावकत्वमा जे जसरी हुनपर्ने हो त्यो हुन नसकेको भन्ने नै निवेदनको सार देखिन्छ। निवेदनमा आफ्नी आमाले ज्याला मजदुरी गरी लालन पालन र शिक्षा दीक्षा उपलब्ध गराएको भन्ने निवेदकहरूको आमा खगेश्वरीले भोग चलन गरी आएको देखिन आउँछ। छलफलको क्रममा दुवै पक्षले व्यक्त गरेको कुराबाट प्रतिवादी रुद्रबहादुर क्षेत्री र खगेश्वरीबीच आन्तरिक मनमुटाव रहेको र प्रतिवादी अर्को विवाह गरेपछि त्यो मनमुटाव उत्कर्षमा पुगी स्थानीय गाउँ समाजमा छलफल गरी स्थानीय व्यक्तिहरू र प्रतिवादी हजुरबुबा हजुरआमासमेतको सहभागितामा प्रतिवादीको भागको घरजग्गा निवेदकहरूकी आमा खगेश्वरीलाई भोग गर्नाका लागि बन्दोबस्त गरिदिएको स्पष्ट हुन्छ। विगतमा निवेदकहरूकी आमा खगेश्वरी र प्रतिवादी रुद्रबहादुर क्षेत्रीबीच रहेको मनमुटाव र त्यसमा प्रतिवादीले अर्को श्रीमती ल्याएपछि झन् बिग्रेको अवस्थालाई सम्बोधन गर्न सामाजिक रूपमा विविध प्रयास भएको मिसिल प्रमाणबाट अनुभूति हुन्छ। प्रस्तुत मुद्दाको पृष्ठभूमि सतही रूपमा हेर्दा त्यही जस्तै देखिन्छ तथापि नाबालकहरूको पालन पोषण र शिक्षा दीक्षा, स्वास्थ्योपचारको विषय विशुद्ध बालबालिकाको अधिकारसँग सम्बन्धी छुट्टै विशेष प्रकारको विषय हो भन्ने बुझ्न जरुरी हुन्छ।

निवेदकहरूले लालन पालन, शिक्षा दीक्षाको दायित्व प्रतिवादी रुद्रबहादुर क्षेत्रीको रहेको कुरामा निजले अन्यथा भन्न सकेको देखिँदैन। छोरीहरूलाई कहिलेकाहीं तलबबाट केहि रुपैयाँ दिने गरिआएको छु भनी प्रतिवादीले इजलाससमक्ष भनेकोमा इजलासमा उपस्थित नाबालक छोरा, छोरीहरूले त्यो कुरा हैन दिने गरेको छैन भनी प्रतिवाद गरेको क्षण न्याय निरोपण रोहमा स्मरण गर्नैपर्ने हुन्छ। वादीका साक्षी भीमबहादुर के.सी. र धनबहादुर के.सी ले यस अदालतमा उपस्थित भई बकपत्र गर्दा खगेश्वरीलाई जग्गासम्म कमाउन दिएका छन्, तलब केही दिएका छैनन् भन्ने व्यहोरा उल्लेख गरेका र प्रतिवादीकै साक्षी नारायण गौतमले निवेदकहरूलाई प्रतिवादीले आफ्नो तलब दिएका छैनन् भनी बकपत्र गरेको अवस्थाबाट आफ्नो तलबको केही रकम बेलाबेलामा छोराछोरीलाई दिने गरेको भनी लिएको जिकिर पुष्टि भएको पाइँदैन।

निवेदक नाबालकहरूले पालन पोषण र शिक्षा, स्वास्थ्योपचार आदि जिम्मेवारी बाबु आमा दुवैको रहेको कानुनतः स्पष्ट छ र प्रस्तुत मुद्दामा निवेदक नाबालकहरूको लालन पालन, शिक्षा, स्वास्थ्योपचार आमा खगेश्वरी क्षेत्रीले गरेको भन्ने मिसिल प्रमाणबाट देखिन आएको र आमा खगेश्वरीले नै नाबालकहरूको संरक्षक बनी प्रस्तुत निवेदन गरेको देखिँदा निज आमा खगेश्वरीको नाबालक छोराछोरीप्रतिको दायित्वबारे थप विवेचना गरिरहन पर्ने देखिन आउँदैन। निवेदनको मूल विषयवस्तु नै प्रतिवादीले पालन पोषण नगरेको र शिक्षा, स्वास्थ्योपचार नदिएको भन्ने भएको तर प्रतिवादीले आफ्नो घर जग्गा सबै श्रीमती खगेश्वरीले भोग गरी आएको भन्ने जिकिर लिएको सन्दर्भमा हेर्दा प्रतिवादी रुद्रबहादुर क्षेत्रीले यति अन्न मुरी बाली आउने यति जग्गा

नाबालकसहित खगेश्वरीले भोगी आएको भनी स्पष्ट गरी प्रतिवाद गर्न सकेको देखिँदैन । जसको कारण संरक्षक खगेश्वरीले भोग गरिरहेको जग्गा जमिनबाट बढी नै आयस्ता आउने भन्ने निष्कर्षमा पुग्न सक्ने स्थिति छैन । मिसिल संलग्न कुनै पनि साक्षी प्रमाणबाट खगेश्वरी क्षेत्रीले भोग गरेको जग्गाको आयस्ता प्रशस्त रहेको भनी खुल्न आएको अवस्थासमेत छैन । निवेदक र प्रतिवादीसँग गरिएको छलफलबाट भोग गर्न दिइएको भनेको जग्गामा नाबालकहरू र खगेश्वरी क्षेत्रीले गरेको परिश्रमबाट निवेदक बालबालिकाहरूको पालन पोषण र शिक्षा दीक्षा, स्वास्थ्यको सामान्य खर्च दुःखका साथ चलाई आएको सम्म अनुमान गर्न सकिन्छ ।

प्रतिवादी रुद्रबहादुर क्षेत्री स्थायी रूपमा पेसामा रहेको, निजले मासिक रूपमा पारिश्रमिक पाउनेमा निजको पारिश्रमिक निवेदक बालबालिकाहरूको पालन पोषण र शिक्षा दीक्षा, स्वास्थ्यमा खर्च नहुने गरेको भन्ने निवेदनमा उल्लेखित विषयवस्तुका हकमा हेर्दा नाबालक छोराछोरीले किताब कपी, लुगा फाटो, खानापिना आदिको अभावमा बाँच्न पर्ने तिनै छोराछोरीहरूलाई जन्म दिने बाबु प्रतिवादीको मासिक पारिश्रमिक पाउने अवस्था हुँदाहुँदै नाबालक छोराछोरीप्रति कुनै जिम्मेवारी वोध गर्नु नपर्ने भन्ने वस्तुगत धरातलमा प्रस्तुत मुद्दा दायर भएको पाइन्छ । शिक्षक पेसामा रहेका प्रतिवादी जसको पेसा नै आफूले दिएको ज्ञानको ज्योतिले अरूका सन्तानको समेत भविष्य उज्यालो बनाउने हो ले आफ्ना नाबालक छोराछोरीको पालन पोषण र शिक्षाका लागि सार्थक रूपमा दायित्व वोध गरी नरहेको भन्ने विषय आफैंमा संवेदनशील देखिन आउँछ ।

प्रतिवादीले प्रतिवाद गर्ने क्रममा आफू डेरा गरी बसेको हुँदा आफ्नो पारिश्रमिकले कान्छी श्रीमती र सन्तानको जीवन धान्न  मुस्किल छ भनी लिएको जिकिरका हकमा प्रतिवादीले प्रतिउत्तरमा जग्गा जमिनको आयस्ताबाट निवेदक लगायत संरक्षक खगेश्वरीको जीवन आफ्नोभन्दा सहज छ भनी जिकिर लिन सकेको देखिँदैन । त्यस्तो कुरा प्रमाणबाट पुष्टि भएको अवस्थासमेत छैन । वास्तवमा प्रस्तुत मुद्दाको विषय प्रतिवादीका कतापट्टिका सन्तानले कुन हदसम्मको आय आर्जन गरी सुविधा उपभोग गरेका छन् । दुवै तर्फलाई बढी वा घटी के छ बराबरी छ छैन आदि कुराको निरोपण गर्ने नाबालक छोराछोरीको लालन पालन र शिक्षा, स्वास्थ्योपचारप्रति बाबु आमाको दायित्व के हो ? र यो दायित्व जिम्मेवार पक्षलाई सार्थक रूपमा वोध गराउनु र गर्नुपर्छ भन्ने नै हो भनी बुझ्न उपयुक्त हुने देखिन्छ ।

यसै सन्दर्भमा निवेदकहरूले दाबी लिएको प्रतिवादी बाबुबाहेकका अन्य प्रतिवादीहरूको दायित्व र प्रतिवादीको सञ्चयकोषको रकम र मुद्दा दायर हुनुभन्दा पहिलेदेखि नै  भराई पाऊँ भन्ने दाबीको समेत विश्लेषण गर्नुपर्ने देखिन आउँछ । प्रस्तुत मुद्दा अंश भाग दिलाई पाऊँ भन्ने होइन । कुन कुन सम्पत्तिका हकमा के के गर्ने ? लागेको ऋण कसले तिर्ने भन्ने पनि होइन । मानाचामलको विषय जस्तो घरबाट निकाला गरेको मितिदेखि नै भराउन मिल्ने पनि होइन । बाबु आमाबाहेक प्रतिवादी बनाइएका हजुरबुबा हजुरआमा र स्कुल व्यवस्थापन समितिका अध्यक्षसमेतको प्रत्यक्ष जिम्मेवारी पनि होइन । नाबालकको हक अधिकारको प्रचलन वास्तवमा यो एक प्रकारको अन्तरिम व्यवस्थापन हो । नाबालक साबालक भएपछि यो व्यवस्थापन स्वतः निष्क्रिय हुन जान्छ अंश हक प्राप्त गरेमा पनि यो व्यवस्था प्रभावित हुन्छ त्यस्तै प्रतिवादीले पारिश्रमिक नपाउने अवस्था सृजना भएमा पनि यो व्यवस्था प्रभावित हुने हुन्छ । तसर्थ प्रतिवादीको सञ्चय कोषमा जम्मा भएको रकम वा मुद्दा दायर हुनुभन्दा पहिलेदेखि नै रकम भराउन पर्छ भन्ने निवेदन दाबी कानुनसम्मत देखिन आउँदैन । यस्तै प्रतिवादी हजुरबुबा लवबहादुर खत्री र हजुरआमा वसुन्धरा खत्री छोरा प्रतिवादी रुद्रबहादुरलाई घरसारमा अंश भाग भनी छुट्याइदिएको घर जग्गा निवेदक लगायत बुहारी खगेश्वरीलाई भोग गर्न दिई आएको र अबउप्रान्त पनि विगतमा जस्तै उक्त घर  जग्गा भोग  गर्न दिनुपर्ने बाहेक निवेदन दाबीका अन्य कुरामा प्रत्यक्ष दायित्व

वहन गर्नुपर्ने देखिन आउँदैन । यस्तै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोगबहादुर गुरुङका प्रतिवादी रुद्रबहादुर क्षेत्रीको पारिश्रमिक कट्टा गरी निवेदकहरूलाई उपलब्ध गराउन पर्ने भएमा सो दायित्व निर्वाह गर्नुपर्ने बाहेक अन्य निवेदनमा उल्लेखित दायित्व निर्वाह गर्नुपर्छ भन्न मिल्नेसमेत देखिँदैन ।

प्रस्तुत निवेदन बालबालिका ऐन, २०४८ को दफा २० (१) अन्तर्गत दायर भएको देखिएकोमा उक्त नं. मा यस परिच्छेदमा उल्लेख भएको हकको प्रचलनको लागि बालकको तर्फबाट जोसुकैले पनि सम्बन्धित इलाकाको जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । यस्तो निवेदन पर्न आएमा सम्बन्धित अदालतले जाँचबुझ गरी मनासिब आज्ञा आदेश वा पुर्जी जारी गरी हकको प्रचलन गराई दिन सक्नेछ भन्ने उल्लेख भएको पाइन्छ । यो कानुनी व्यवस्थाअनुसार नाबालकलाई प्राप्त बालबालिका ऐन, २०४८ को दफा ४ बमोजिम प्रदत्त हक अधिकारमा प्रतिवादीले आघात पारेको देखिँदा आघातित हक प्रचलन गराई दिने ठहर्छ मात्र भन्दा विभिन्न तहमा भएका समझदारी प्रतिवादी रुद्रबहादुर क्षेत्रीले पालन गरी आफ्नो दायित्व वोध नगरिरहेको पृष्ठभूमिमा हक अधिकार प्रचलन गराई दिने निर्णयले मात्र नाबालकहरूले आफ्नो हक अधिकार सार्थक रूपमा प्रचलन गर्न सक्ने देखिन आउँदैन । अतः यस्तो अवस्थामा अदालतले सक्रिय भूमिका निर्वाह गरी नाबालकहरूको आघातित हक अधिकारको प्रचलन एवं ती अधिकारको सार्थक उपभोग तथा प्रचलनका लागि प्रतिवादीको पारिश्रमिकको केही हिस्सा नै यसै निवेदनको रोहबाट निवेदक नाबालकहरूको पालन पोषण, शिक्षा, स्वास्थ्योपचारका लागि उपलब्ध गराउनुपर्छ भन्ने निष्कर्षमा यो इजलास पुगेको छ ।

निवेदक नाबालकहरूको लागि तिनीहरूको पालन पोषण र शिक्षा, स्वास्थ्योपचारको प्रयोजनार्थ प्रतिवादी बाबु रुद्रबहादुर क्षेत्रीको मासिक पारिश्रमिकबाट के कति रकम दिलाई हकको प्रचलन गर्नुपर्ने भन्ने सम्बन्धका हेर्दा निवेदकहरूले आफ्नो पालन पोषण र शिक्षा, स्वास्थ्य आदिका लागि आवश्यक वस्तुहरू उल्लेख गर्दै प्रत्येक निवेदकलाई मासिक रु. २३००। का दरले दिलाई भराई दिन दाबी लिएको पाइन्छ । निवेदकहरूको दृष्टिमा माग गरेको उपरोक्त रकम आवश्यक चिज वस्तु प्राप्तिका लागि अपरिहार्य ठहरिन सक्दछ ।

यद्यपि पालन पोषण र शिक्षा स्वास्थ्य आदिका लागि खर्चको आवशयकता र दिने व्यक्तिको हैसियतबीच सार्थक सम्बन्ध रहेको हुन्छ । आवश्यकताहरू असीमित हुन सक्छन् दिनेको हैसियत र क्षमता सीमित हुन सक्दछ । यी दुई कुराबीचको सन्तुलनमा नै न्यायिक मूल्य स्थापित हुन जान्छ । यस सम्बन्धमा बाल अधिकार महासन्धिको धारा २७(२) मा प्रयुक्त ............... within their abilities and financial capacities भन्ने वाक्यांश र बालबालिका ऐन, २०४८ को दफा ४ मा प्रयुक्त "बाबु आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार" भन्ने वाक्यांशलाई ग्रहण गर्न जरुरी हुन्छ । उल्लेखित सन्दर्भमा प्रतिवादी बाबुका बोझको रूपमा (as a burden) हैन । नाबालक छोराछोरीप्रतिको दायित्व ९बक ब ष्बिदषष्तिथ० महसुस गराउने हिसाबले रकम निर्धारण गरी हक प्रचलन गराउनुपर्छ भन्ने निष्कर्षमा पुग्नुमा नै न्यायिक अभिष्ट प्राप्ति हुने देखिन्छ । यसै सन्दर्भमा श्रीमती खगेश्वरी क्षेत्री र लोग्ने प्रतिवादी रुद्रबहादुर क्षेत्रीबीचको असमझदारी उत्कर्षमा रहेको, अर्की श्रीमती र सन्तानको विद्यमानतामा प्रतिवादीले यसलाई बोझको रूपमा लिई गैरजिम्वेवार बनी अस्वाभाविक र अनुत्तरदायी निर्णय गरिदिने हो भने इन्साफ रोहमा गर्न खोजिएको कुराले समग्र परिवार नै धराशायी हुन सक्छ भन्ने कुरा मनन गर्नु पनि उत्तिकै अपरिहार्य हुन्छ ।

उपरोक्त पृष्ठभूमिका प्रतिवादी अर्की श्रीमतीसहित डेरामा बसेको अवस्था छ । प्रतिवादीको मासिक पारिश्रमिक रु. १२३४०। भन्ने शिक्षा शाखाको पत्रबाट देखिन आएको छ । त्यसमा सञ्चय कोष तथा बिमा रकम कटाउँदा मासिक रूपमा करिब ११०००। बुझ्ने गरेको देखिन आउँछ । त्यो रकमबाट प्रतिवादीले डेरामा गुजारा

गरी श्रीमती सन्तान पाल्नुपर्ने यथार्थता आफ्नै ठाउँमा छ । अर्कोतर्फ निवेदक बालबालिकाहरू आमाकै साथमा बाबु प्रतिवादीको भागमा परेको भनेको घरमा जसोतसो बसी आएका छन् । घरसारमा प्रतिवादी बाबुलाई छुट्याई दिएको जग्गा नै भोग गरी त्यसै जग्गामा गरेको मेहनत र परिश्रमबाट आमा खगेश्वरीले ६ जना नाबालकहरूको पालन पोषण  र शिक्षा, स्वास्थ्यको हेरविचार गरिआएको स्थितिसमेतलाई मनन गर्दा भोग गरिआएको घर जग्गामा सम्बन्धमा पक्षहरूको सहमतिमा अर्को व्यवस्था नभएसम्म प्रतिवादीले कुनै किसिमको दखल दिन नपाउने गरी न्यायको रोहमा प्रतिवादी बाबुको पारिश्रमिकबाट मासिक रूपमा उपयुक्त अंशसमेत उपलब्ध गराई बालबालिकाहरूको हक प्रचलन गराउनुपर्ने देखिन आएकाले प्रस्तुत मुद्दामा प्रतिवादी रुद्रबहादुर क्षेत्रीले मासिक पारिश्रमिक पाइरहने आस्थामा निवेदक नाबालकहरू सावालक नभएसम्मको अवधिका लागि प्रत्येक निवेदकलाई मासिक रु. ४००। का दरले जम्मा रु. २४००। फिराद परेको मितिदेखि नै प्रतिवादी रुद्रबहादुर क्षेत्रीको मासिक पारिश्रमिकबाट उपलब्ध गराई निवेदक नाबालकहरू एलिना क्षेत्री, यसोदा क्षेत्री, शोभा क्षेत्री, प्रतिभा क्षेत्री र प्रवेश क्षेत्रीसमेतको पालन, पोषण, शिक्षा र स्वास्थ्योपचारको हक प्रचलन गराइदिने ठहर्छ । प्रत्येक निवेदकलाई मासिक रु. २३००। दिलाई पाऊँ भन्ने लगायत अन्य दाबी पुग्न नसक्ने ठहर्छ । तपसिलका कुरामा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए वमोजिम निवेदक एलिना क्षेत्रीसमेत जना ६ ले जनही मासिक रु. ४००। का दरले रु. २४००। पालन पोषण र दीक्षा, स्वास्थ्यसमेतको हक प्रचलनको लागि भराई दिने ठहरेकाले फिराद परेको मिति २०६६।२।२० देखि फैसला मिति २०६६।९।३० सम्मको हुन आउने रु. १७६००। निवेदकको संरक्षक आमा खगेश्वरी खत्रीले भराई पाऊँ भनी दरखास्त दिए यस अदालतको आदेशानुसार रोक्का रहेको प्रतिवादी रुद्रबहादुर क्षेत्रीको तलबबाट भराई दिनु भनी तहसिल शाखामा जानकारी दिनु सो बापतको लाग्ने कोर्ट फी रु. ७२४। प्रतिवादी रुद्रबहादुर क्षेत्रीबाट जरिवानासरह असुल गर्नु ...............................................................१

निवेदक एलिना क्षेत्रीसमेत जना ६ ले निजहरू साबालक नभएसम्म मासिक जनही रु. ४००। का दरले जम्मा रु. २४००। भराई पाउने ठहरेकाले सो प्रयोजनार्थ निवेदकहरूको जन्म मिति खुलेको प्रमाणपत्र सम्बन्धित स्कुल वा गा.वि.स जे जहाँ छ संरक्षक खगेश्वरीलाई दाखिला गर्न लगाई सोको अभिलेख राख्नु.................................२

माथि लेखिए बमोजिम निवेदकहरूले पाउने ठरहेको मिति २०६६।१०।१ गतेदेखिको साबालक नभएसम्मको रकमका हकमा संरक्षक खगेश्वरीले मासिक त्रैमासिक के रूपमा बुझि लिने हो निजको कागज गराई स्पष्ट गरी त्यही अनुसार भराई दिन जिल्ला शिक्षा कार्यालय पर्वत तथा श्री सिद्ध प्रा.वि. राम्जा देउरालीसमेतमा लेखी पठाइदिनु .............................................................................................................................३

प्रतिवादी रुद्रबहादुर क्षेत्री अन्यत्र विद्यालयमा सरुवा भएको जानकारी प्राप्त हुन आएमा सरुवा भई गएको विद्यालयबाटै निवेदकहरूले पाउने रकम भुक्तानी दिनका लागि जिल्ला शिक्षा कार्यालयमा लेखी पठाउनु................४

यस अदालतको आदेशानुसार रोक्का राखिएको प्रतिवादी रुद्रबहादुर क्षेत्रीको पारिश्रमिबाट निवेदकहरूले पाउने ठहरेको रु. १७६००। बाहेक अन्य रकम प्रतिवादीले फिर्ता पाउने हुँदा सो कुराको जानकारी जिल्ला शिक्षा कार्यालयमा लेखी पठाइदिनु ...............................................................................................................५

निवेदकहरूले भोग गरी आएको घर जग्गा सम्बन्धमा सहमतिमा अर्को व्यवस्था नभएसम्म प्रतिवादीले कुनै किसिमको दखल दिन नपाउने भनी प्रतिवादीलाई जानकारी दिनु...................................................................६

प्रस्तुत इन्साफमा चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नु भनी वादी सं का नाउँमा अ.वं. १९३ नं. बमोजिम पुनरावेदनको म्याद जारी गरी पठाउनु ........................................................७

यस इन्साफमा चित्त नबुझे आजका ३५ दिनभित्र श्री पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नु भनी प्रतिवादी वा.स. रुद्रबहादुर क्षेत्रीको अ.वं. १९३ नं. बमोजिम फैसला सुनी पाएको कागज गराई निस्सा मिसिल सामेल राख्नु.........................................................................................................................८

यो फैसलासहितका कागजातको नक्कल माग गर्न आए सरोकारवालालाई लाग्ने दस्तुर लिई नक्कल दिनु ...९

यो मिसिलको दायरीको लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत वागलुङमा पठाइदिने गरी अभिलेख शाखामा बुझाइदिनु ...........................................................................................................१०

प्रस्तुत फैसला मा. न्या. ज्यूले बोली टिपाए
बमोजिम कम्प्युटर टाइप गराउने
डिट्ठा कृष्ण लामिछाने
कम्प्युटर टाइप गर्ने स.क.अ. कालिका तिमिल्सेना

............................
रमेशकुमार खत्री
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल पौष ३० गते रोज ५ शुभम्.................................................।

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**मा.न्या.श्री टेकनारायण कुँवर**
**फैसला**
**संवत् २०६५ सालको दु.दे.नं.३२५३**
**नि.नं.१२४**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| ताप्लेजुङ्ग जिल्ला फुङलिङ गा.वि.स वडा नं.४ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा.वडा नं.३४ मा डेरा गरी बस्ने गोविन्द परियारको श्रीमती रनमाया दर्नाल......................१ | भोजपुर जिल्ला नेपालेडाँडा गा.वि.स. वडा नं.८ घर भई हाल का.जि. का.म.न.पा.वडा नं.३४ जनकुटीमार्ग ३ (क) ९६६ घर नं.मा बस्ने कृष्णबहादुर बस्नेतको श्रीमती मैया बस्नेत............................................१ |

***मुद्दा :- करार***
दायर मिति :-२०६५।४।२१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं.बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

**फिराद दाबी :-**

1. का.जि.काठमाडौं म.न.पा. वडा नं.९, कि.नं.४३८ को ०-५-२-० जग्गा म फिरादीको हक स्वामित्वको थियो । उक्त जग्गा मिति २०६२।१०।४ मा म फिरादीबाट विपक्षीले र.नं.६२०(१) ले मा.पो.का. डिल्लिबजारबाट रु.पन्ध्र लाख थैली राखी उक्त जग्गा राजीनामा पारित भएको छ । यसरी विपक्षी र मबीच लिनु दिनु गरे तापनि हामीहरूको सहमति भने उक्त थैली बमोजिमको रकम म फिरादीले चलन चल्तीको ब्याजसहित ९ महिनाभित्रमा विपक्षीलाई फिर्ता दिने र विपक्षीले उक्त जग्गा म फिरादीलाई फिर्ता गरी दिने सम्झौता सहमति भै सोही बमोजिम कारोबार भएको थियो । उक्त कि.नं.को जग्गा राजीनामा पारित भएकै मितिमा रु १९,०५,०००।- लिनु दिनु गरेको रकम खुलाई हामी दुवै पक्षको सहमतिले मिति २०६२।१०।५ मा करारको कागज गरी एक/एक प्रति लिनु दिनु गरेका थियौं । यसरी हामीबीच भएको करार बमोजिम लेखिएको भाखाभित्र रकम बुझी विपक्षीले मेरो जग्गा फिर्ता गरिदिनुहोस् भन्दा बिस्तारै गरौंला भन्दै अन्तमा आएर उक्त जग्गा अब मेरो भइसक्यो, जग्गा फिर्ता गर्दिनँ भनी मलाई भन्नुभएकाले म साह्रै अन्यायमा परेको छु । अतः उक्त करार भएको मिति २०६२।१०।५ देखि नौ महिनासम्मको अवधिबाट मुद्दा गर्नुपर्ने स्थिति उत्पन्न भएकाले करार ऐन, २०५६ को दफा ८९ (२) (घ) को हदम्यादभित्रै फिराद लिई आएको छु । फिरादीको उक्त कि.नं.को जग्गा करार कागज बमोजिम विपक्षीबाट म फिरादीलाई नै फिर्ता गराई करार बमोजिम गराई पाऊँ भन्नेसमेत व्यहोराको वादी रनमाया दर्नालको मिति २०६५।४।२१ को फिराद पत्र ।

**प्रतिउत्तर जिकिर :-**

2. विपक्षीले करार भएको भनिएको मितिले ९ महिनाभित्र रकम बुझाएको अवस्थामा मात्र दाबीको जग्गा राजीनामा पारित गरी निज विपक्षीलाई फिर्ता (हक हस्तान्तरण) गर्नुपर्ने भन्ने स्पष्ट करारको सर्त रहेको छ ।

सो म्यादभित्र विपक्षीको फिराद लेख अनुसार साँवा ब्याज रकम विपक्षीले नबुझाएपछि सो कथित करार नौ महिनापछि अर्थात् मिति २०६३।६।५ देखि नै निष्क्रिय, निस्प्रयोजन भै सकेको छ। प्रयोजनविहीन त्यही कागजलाई सिरानी हाली परेको विपक्षीको फिराद करार ऐन, २०५६ को दफा ७१ को कानुनी व्यवस्थाको आधारमा समेत अर्थहीन रहेकोमा विवाद छैन। जग्गा जमिन हक छोडी लिने दिने सम्बन्धको करार गर्न पाउने कानुनी व्यवस्था करार ऐन, २०५६ मा कहीँ कतै रहे नभएको स्थिति छ। कथित करारकै सर्तका आधारमा पनि करारको उल्लंघन विपक्षी स्वयंले गरी म्याद नघाई सकेको अवस्था छ। करारको सर्तले नै पनि तोकिएको म्यादभित्र कानुन अनुसारको कार्य सम्पन्न हुन नसकी स्वतः निष्क्रिय हुने स्पष्ट भएको छ। विपक्षीले उल्लेख गर्नुभएको ऐनको दफाको आधारमा जग्गा हक हस्तान्तरण गरी लिने दिने सम्बन्धमा करार गर्न पाउने र त्यस्तो करारको उल्लंघन भए अदालतबाट उपचार प्राप्त हुने भन्ने व्यवस्था नै नरहेको हुँदा तथा हदम्यादसमेत व्यतीत भै सकेको फिराद खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी मैया बस्नेतको मिति २०६५।७।७ को प्रतिउत्तर पत्र।

**आदेशानुसारको कार्य**

3. कि.नं.४३८ को जग्गा रनमाया दर्नाललाई नै साँवा ब्याज रकम बुझिलिई फिर्ता गर्नुपर्ने हो भन्नेसमेत व्यहोराको वादीको साक्षी विष्णु पौडेलको बकपत्र।
4. राजीनामा गरिसकेपछि फिर्ता नहुने सर्तमा जग्गा पास गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादीको साक्षी सन्तोष बस्नेतको बकपत्र।
5. आदेशानुसार मिति २०६२।१०।५ को सक्कल करार लिखत दाखिल भई मिसिल सामेल रहेको।

**अदालतको ठहर**

6. जिल्ला अदालत नियमावली, २०५२ (चौथो संशोधन नियमावली, २०६०) को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा उपस्थित वादी प्रतिवादीहरूलाई छलफलका लागि रोहवरमा राखी दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूको बहस तथा छलफल पनि सुनियो। मुद्दाका दुवै पक्षको तर्फबाट विद्वान् अधिवक्ताहरूले निम्न बमोजिम आफ्नो बहस प्रस्तुत गर्नुभयो :-

**कानुन व्यवसायीद्वारा प्रस्तुत बहस :**

7. वादीको तर्फबाट विद्वान् अधिवक्ता श्री देवेन्द्र कोइराला :- प्रस्तुत मुद्दामा दुई पक्षबीच करार भएकोमा मुख मिलेको छ। करारको सर्त बमोजिम पारित कि.नं.४३८ को जग्गा नौ महिनाभित्र फिर्ता गर्ने गरी सहमति भएको हो। तोकिएको समय समाप्त नहुँदै मेरो पक्षले करार बमोजिमको रकम बुझाउन जाँदा प्रतिवादीले रकम लिँदैं गरौंला भन्ने आश्वासन दिँदै जानुभयो। अन्तमा अवधि नाघेपछि पारित भै सकेको जग्गा फिर्ता गर्दिनँ भन्नुभयो। करारको समय अवधि बाँकी रहँदारहँदै अदालतमा आउने अवस्था भएन। करार ऐन, २०५६ को दफा ८९ अनुसार मुद्दा गर्नुपर्ने कारण परेको मितिबाट २ वर्षको हदम्याद रहन्छ। सो हदम्याद करारमा तोकिएको नौ महिना व्यतित भएपछि मात्र सुरु हुन्छ। तसर्थ सो कारण परेको मितिले २ वर्षको हदम्यादभित्र फिराद गरेको स्थिति छ। उक्त जग्गा विपक्षीले खरिद गरेको हैन। आफ्नो धनको सुरक्षाको

लागि कागज गरेर पास गरेकोसम्म हो । तसर्थ मिति २०६२।१०।५ को करार एवं वादीको दाबी अनुसार दाबीको कि.नं.४३८ को जग्गा वादीलाई नै फिर्ता गराई करार बमोजिम गरी पाउने फैसला हुनुपर्दछ ।

8. प्रतिवादीको तर्फबाट विद्वान् अधिवक्ता श्री तेजबहादुर कटुवाल :- करारको लिखत भएकोमा विवाद छैन । तर उक्त लिखत अचल सम्पत्ति सम्बन्धी भएको छ । जुन कानुनतः मान्य हुँदैन । वादीले मिति २०६२।१०।५ मा करार गरी सो अनुसार ९ महिनाभित्र रकम बुझाउनुपर्नेमा म्यादभित्र बुझाउन आएको छैन । प्रस्तुत नालेस २०६५।४।२१ मा मात्र दर्ता भएको हुँदा २ वर्षको हदम्याद नाघिसकेको छ । अर्कोतर्फ करार ऐनको दफा ४० ले समेत अचल सम्पत्तिमा करार हुन सक्तैन । सर्वोच्च अदालतले बीरशंकर कसाईको मुद्दामा यस विषयमा व्याख्या गरिसकेको छ । तसर्थ प्रस्तुत मुद्दा खारेज हुनुपर्दछ ।

**ठहर गर्नुपर्ने प्रश्न :**

9. अब उपरोक्त बमोजिम विद्वान्हरूको बहस, छलफल, फिराद दाबी, प्रतिउत्तर जिकिर, र मिसिल संलग्न प्रमाणहरूको मूल्यांकन गरी निर्णयतर्फ प्रवेश गर्दा प्रस्तुत मुद्दामा निम्नलिखित प्रश्नमा नै केन्द्रित रही निर्णय दिनुपर्ने देखियो :-
   (क) प्रस्तुत फिराद कानुनले तोकेको हदम्यादभित्र परेको छ, छैन ?
   (ख) मिति २०६२।१०।५ को लिखतलाई करारको संज्ञा दिन मिल्छ, मिल्दैन ?
   (ग) करारमा तोकिएको भाखामा रकम फिर्ता गर्न वादी गएका हुन्, हैनन् ?
   (घ) वादीको दाबी अनुसार प्रतिवादीले जग्गा फिर्ता गर्नुपर्ने हो, होइन ?

10. यहाँ, निर्णयार्थ प्रस्तुत उपरोक्त प्रश्नहरूको निरुपणमा प्रवेश गर्नुपूर्व मुद्दाको संक्षिप्त पृष्ठभूमिलाई केलाउनु आवश्यक देखिएको छ । त्यस पृष्ठभूमितर्फ हेर्दा, वादीले प्रतिवादीलाई मिति २०६२।१०।४ मा का.म.न.पा.वडा नं.९, कि.नं.४३८ को ०-५-२-० जग्गा राजीनामा पारित गरिदिएको देखिन्छ । साथै यी वादी रनमाया दर्नाल र प्रतिवादी मैया बस्नेतको बीचमा मिति २०६२।१०।५।४ मा एउटा तीन बुँदाको करार सम्बन्धी लिखत पनि भएको देखिन्छ । उक्त ३ बुँदे करार सोही पारित कि.न.४३८ को जग्गाको सम्बन्धमा भएको रहेछ । करारको रूपमा रहेको प्रस्तुत लिखत नै यस मुद्दाको आधारस्तम्भको रूपमा प्रवेश गरेको छ । त्यस करार लिखतको सर्तहरू हेर्दा प्रतिवादी मैया बस्नेत (प्रथम पक्ष) ले वादी रनमाया दर्नाल (दोस्रो पक्ष) लाई र.नं.६२०(१) मिति २०६२।१०।५ मा कि.नं.४३८ को ०-५-२-० जग्गा पारित गरिदिने, उक्त लिखत पन्ध्र लाख मूल्य राखी पारित भए पनि वादीले १९ लाख ५ हजार रकम प्राप्त गरेको हुँदा सो रकम ९ महिनाभित्र प्रतिवादीलाई बुझाउनुपर्ने, यसरी बुझाएमा सो कि.नं.४३८ को जग्गा पुनः वादीलाई नै फिर्ता गर्नुपर्ने भन्ने सर्त रहेको देखिन्छ । यसरी वादीले प्रतिवादीबाट लिएको रकम फिर्ता गर्ने अवधि करार भएको मितिबाट नौ महिनाको रहनेछ भन्ने पनि करारमा प्रस्ट रूपमा उल्लेख भएको देखिन्छ । साथसाथै सो करारमा उल्लेखित भाखामा रकम फिर्ता नगरेमा प्रतिवादी पक्षले वादीलाई जग्गा फिर्ता गर्न नपर्ने, तोकिएका सर्त बन्देज दुवै पक्षले परिपालना गर्नुपर्ने र सर्त उल्लंघन भएमा मर्का पर्ने पक्षले उपयुक्त कानुनी उपचार गर्न सक्ने भन्नेसमेतका सर्तहरू नै करारको लिखतमा मुख्य रूपमा उल्लेख भएको पाइन्छ । वादीले भाखाभित्र रकम बुझाउन जाँदा रकम नबुझी जग्गा पनि फिर्ता नगरेको हुँदा करार बमोजिम गरी पाऊँ भनी फिराद गरेको देखिन्छ भने प्रतिवादीले भाखामा रकम फिर्ता नगरेको हुँदा सोही करारकै सर्तअनुसार आफूले जग्गा फिर्ता गर्न पर्दैन भनी प्रतिवाद गरेको अवस्था यस मुद्दामा देखिन्छ ।

11. अर्कोतर्फ मिति २०६२।१०।५।४ को करारलाई प्रतिवादीले अन्यथा भनेको अवस्था छैन । प्रतिवादीको मुख्य जिकिर नै भाखाभित्र रकम बुझाउन नआएकोले करारको सर्त नं. २ मा उल्लेखित व्यहोरा बमोजिम आफूले म्याद नाघेपछि जग्गा फिर्ता गर्न बाध्य नभएको र प्रस्तुत फिराद हदम्याद नाघी पर्न आएकोले खारेज हुनपर्दछ भन्नेतर्फ केन्द्रित रहेको देखिन्छ । साथै अचल सम्पत्तिमा गरेको करारले कानुनी मान्यता पाउँदैन भन्ने पनि प्रतिवाद जिकिर रहेको देखिन्छ ।

12. अब, निर्णयार्थ माथि उल्लेख गरिएको हदम्याद सम्बन्धी पहिलो प्रश्नतर्फ विचार गरौं । प्रस्तुत फिरादपत्र करार ऐन, २०५६ को दफा ८९(२) (घ) को आधारमा दर्ता हुन आएको देखिन्छ । उपरोक्त कानुनी व्यवस्था हेर्दा, “यस ऐन अन्तर्गत कुनै दाबीका सम्बन्धमा त्यस्तो दाबीका लागि मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएको मितिले दुई वर्षभित्र” नालिस दिनुपर्ने भन्ने प्रावधान रहेको पाइन्छ । प्रस्तुत मुद्दामा वादी प्रतिवादीबीच मिति २०६२।१०।५।४ मा भएको करारको सन्दर्भलाई लिएर फिराद दाबी पर्न आएको छ । उक्त करारको सर्त नं.१ मा नौ महिनाभित्र प्रथम पक्ष (प्रतिवादी) लाई दास्रो पक्ष (वादी) ले रकम बुझाएमा जग्गा फिर्ता गर्नुपर्ने भन्ने उल्लेख छ । यस स्थितिमा सो तोकिएको नौ महिनाको अवधि कहिले पुग्दछ भनी हेर्नुपर्ने हुन्छ । अतः ९ महिनाको अवधि भन्नाले मिति २०६२।१०।५ को करारको आधारमा हेर्दा मिति २०६३।७।४ सम्मलाई मान्नुपर्ने हुन्छ । करार अनुसार उक्त अवधि वादीले रकम बुझाउन पाउने म्याद वा अवधिको रूपमा रहेको छ । यस दृष्टिकोणबाट हेर्दा तोकिएको भाखाको अन्तिम दिनसम्म अर्थात् २०६३।७।४ सम्मको दिनलाई वादीले प्रतिवादीलाई रकम बुझाउन पाउने समयावधिको रूपमा नै मान्नुपर्ने हुन्छ ।

13. वादीको दाबी अनुसार अन्तिम म्यादसम्म पनि रकम लिई जाँदा प्रतिवादीले बुझ्न नमानेको भन्ने र प्रतिवादीको जिकिरमा नौ महिनासम्म रकम बुझाउन नआएको भन्ने रहेको छ। तोकिएको अन्तिम दिनसम्ममा वादीले रकम बुझाउने अवधि कायमै रहने हुँदा त्यस अवधिभित्रै फिराद गर्नुपर्ने गरी करार कानुनले बाध्य गर्न सक्तैन । तसर्थ करारमा उल्लेखित भाखा ननाघेसम्म प्रस्तुत मुद्दामा करारको दोस्रो पक्ष (वादी) ले रकम जोरजाम गर्ने र आफ्नो अनुकूलता हेरेर म्यादभित्र जहिले सुकै रकम बुझाउन पाउने नै हुन्छ । सो अवधिभर वादीले स्वाभाविक रूपमा रकम बुझाउन प्रयत्न गर्न सक्ने नै हुन्छ भनी मान्नुपर्ने हुन्छ । यस अर्थमा उक्त भाखा नाघेपछि मात्र मुद्दा गर्नुपर्ने कारण सिर्जना हुन्छ । त्यस्तो कारण सिर्जना भएपछि मात्र करार ऐन, २०५६ को दफा ८९(२) (घ) आकर्षित हुन आउँछ । तर सो तोकिएको भाखामा वादीले प्रतिवादीलाई रकम बुझाउन गएको हो होइन र प्रतिवादीले रकम बुझ्न नै इन्कार गरेको हो होइन भन्ने विषय पनि प्रस्तुत मुद्दामा निर्णयको अर्को प्रश्नको रूपमा उपस्थित भएको छ । तर त्यसलाई प्रस्तुत हदम्याद सम्बन्धी प्रश्नको निरुपण पश्चात् विवेचना गर्नु उपयुक्त हुने भएकोले तल छुट्टै विवेचना गरिएको छ ।

14. यसरी मिति २०६२।१०।५ मा भएको करारमा नौ महिना अवधि तोकी सो अवधि २०६३।७।४ सम्म बहाल रहने भएकोले उक्त नौ महिना अवधि समाप्त भएपछि नै करार ऐन, २०५६ को दफा ८९ (२)(घ) क्रियाशील हुन जान्छ । यसबाट सोही बमोजिम नै मुद्दा गर्नुपर्ने कारण ९ महिना व्यतीत भएपछि मात्र परेको भनी मान्नुपर्ने हुन्छ । यस प्रकार हेर्दा, प्रस्तुत फिराद मिति २०६५।४।२१ मा दर्ता भएको र मुद्दा गर्ने कारण परेको मिति भन्नाले करार भएको मिति २०६२।१०।०५ देखि २ वर्ष अर्थात् मिति २०६३।०७।०४ बाट सुरु भई सो २ वर्ष पुग्ने समय अर्थात् २०६५।०७।०४ सम्मको समयावधिलाई हेर्नुपर्ने हुन्छ । प्रस्तुत फिराद सो २ वर्षको मिति अगावै अर्थात् मिति २०६५।०४।२१ मा पर्न आएको देखिँदा हदम्याद नघाई दर्ता भएको

भन्ने प्रतिवादीको तर्फका विद्वान्को बहस जिकिर कानुनसम्मत नहुँदा त्यसमा सहमत हुन सकिएन । फिराद पत्र हदम्यादभित्रै पर्न आएको देखियो ।

15. दोस्रो प्रश्न, प्रस्तुत मुद्दाको विवादित विषय करारको परिभाषाभित्र पर्छ पर्दैन ? भन्नेतर्फ हेर्दा, सर्वप्रथम करार भनेको के हो ? भन्ने सैद्धान्तिक पक्षलाई बुझ्नुपर्ने हुन्छ । सामान्य अर्थमा करार भन्नाले २ वा २ भन्दा बढी व्यक्तिहरूबीच कुनै काम गर्ने वा नगर्ने भएको सम्बन्धमा भएको कबुल वा सम्झौता (A binding agreement between two or more parties for performing, or refraining from performing, some specified act(s) in exchange for lawful consideration.) भन्ने बुझिन्छ । यस सम्बन्धमा विद्यमान करारसम्बन्धी कानुनी साहित्यमा विभिन्न प्रकारले करारको परिभाषा गरिएको पाइन्छ । जस्तै :-

1. Samual Willston:- A contract is a promises, or set of promises, for breach of which the law gives a remady, or the performance of which the law in some way recognizes as a duty.[१]
2. Sullivan, arthur; Steven M. Sheffrin:- A contract is an exchange of promises between two or more parties to do, or refrain from doing, an act, which resulting contract is enforceable in a court of law. It is a binding legal agreement.[२] That is to say, a contract is an exchange of promises for the breach of which the law will provide a remedy.
3. Black's Law Dictionary:- An agreement between two or more parties creating obligations that are enforcable or otherwise recognizeable at law.[३]
4. Hans Wehberg :- Contract law is based on the principle expressed in the Latin phrase pacta sunt servanda (usually translated "pacts must be kept", but more literally "agreements are to be kept").[४]
5. भारतीय करार ऐन, १८७२ मा "कानुनद्वारा लागू गर्न सकिने सम्झौता करार हो" भन्ने व्यवस्था रहेको पाइन्छ ।
6. American Restatement of Contract को दफा १ मा "कानुनी उपचार प्राप्त हुने सम्झौता वा प्रतिज्ञा करार हो (A Contract is a promise for the breach of which the law gives a remady or the performance of which the law in some way recognises as a duty) भन्ने उल्लेख भएको पाइन्छ ।[5]
7. हाम्रो करार ऐन, २०५६ मा "करार भन्नाले दुई वा दुईभन्दा बढी पक्षहरूको बीचमा कुनै काम गर्न वा नगर्नका लागि भएको कानुन बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता सम्झनुपर्दछ ।[6]

16. यसरी माथि उल्लेखित परिभाषाहरू हेर्दा विवादका पक्षहरूबीच विवादित लिखतको व्यहोराले के भन्छ भन्ने कुरा र सो लिखतको आधारमा पक्षहरूले प्राप्त गर्ने अधिकार तथा दायित्वको बारेमा केन्द्रित रही हेर्नुपर्ने

---

१ Samual Willson, A Treatise on the Law of Contracts ( Walter H.E. Jaeger ed. 3d. ed 1957).

२ Sullivan, arthur; Steven M. Sheffrin (2003). Economics: Principles in action. Upper Saddle River, New Jersey 07458: Pearson Prentice Hall. pp. 523. ISBN 0-13-063085-3.

३ Black's Law Dictionary, Thomsan West, (Bryan A. Garner ed. 8d ed. 2006).

४ Hans Wehberg, Pacta Sunt Servanda, The American Journal of International Law, Vol. 53, No. 4 (Oct., 1959), p.775.

५ J Beatson, Anson's Law of Contrats., 27th ed. (1998) p.2

6 s<f< P{g, 2056, bkmf 2 s

हुन्छ । यदि विवादका पक्षहरूबीच भएको लिखतमा प्रत्येक पक्षको अधिकार तथा दायित्वको बारेमा किटानी व्यवस्था गरिएको छ र सो व्यवस्था लागू गराउन प्रचलित कानुनद्वारा वर्जित गरिएको छैन भने त्यसलाई वैध करार मान्नुपर्ने हुन्छ ।

17. यस सम्बन्धमा हाम्रो सर्वोच्च अदालतले गंगाबहादुर गुरुङ्गविरुद्ध भगवती थापा भएको करार सर्त लिखतअनुसार जग्गा फिर्ता दिलाई पाऊँ भन्ने मुद्दामा[7] व्याख्या गरेको पाइन्छ । जस अनुसार- "वादी प्रतिवादीका बीचमा भएको लिखतले विवादका दुवै पक्षहरूका बीच एक पक्षले अर्को पक्षको दायित्व के हुने भन्नेबारेमा स्पष्ट उल्लेख गरेको र उक्त लिखत पुनरावेदकको इच्छाविरुद्ध भएको भन्नेसमेत पुनरावेदकको भनाइ नभएकोले यस्तो लिखतलाई करार भन्न नमिल्ने अवस्था छैन" भनी सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। त्यस्तै तीर्थराज कुमारी राणाविरुद्ध रामशंकर श्रेष्ठको मुद्दामा[8] करारको विस्तृत परिभाषा गरिएको छ । जसअनुसार "प्रस्ताव र सो प्रस्तावको स्वीकृतिबाट कुनै कार्य गर्नको लागि दुई वा दुईभन्दा बढी व्यक्तिहरूको विचारको मेल (Meeting of the mind) नै करारको सार तत्व हो । एक पक्षले प्रस्ताव स्वीकार गरी दुवै पक्षबीच घर जग्गाको मूल्यबारे सहमति भई सो मूल्यमा फार्से राजीनामा गरिदिने गरी मञ्जुरी भई लिखत भएको देखिन आएको .... लाई सर्तनामा होइन भन्नु तर्कसंगत हुँदैन । घरजग्गा लिने दिने सर्त राखी मूल्यसमेत किटान गरी मूल्यमध्येको केही रकम जग्गाधनीले लिनु दिनुसमेत गरेको अवस्थामा उक्त लिखत करारनामा होइन भन्नु युक्तिसंगत देखिँदैन ।"

18. उक्त मुद्दामा भएको व्याख्याअनुसार कुनै लिखत करार हो वा होइन भनी निष्कर्षमा पुग्न उक्त लिखतको दुई वा सोभन्दा बढी व्यक्तिहरूबीच कुनै काम गर्न वा नगर्नको लागि त्यसमा संलग्न पक्षहरूलाई बाध्य गराएको छ वा छैन र करारमा उल्लेख भए बमोजिमको काम गर्न दुवै पक्षबीच सहमति (Meeting of the mind) भएको छ वा छैन हेर्नुपर्दछ । यदि लिखतको प्रकृतिबाट दुवै पक्षले गर्नुपर्ने र गर्नु नपर्ने जस्ता बाध्यात्मक रूपमा परिपालना गर्नुपर्ने सर्तहरू उल्लेख गरी दुवै पक्षको सहमतिसमेत भएको देखिँदा करारको लागि चाहिने मूलभूत तत्वहरू सो लिखतमा विद्यमान रहेको देखिन्छ भने त्यस्तो लिखतलाई करारको लिखत मान्नुपर्छ भन्ने सन्दर्भमा द्विविधा हुनुपर्ने कुनै कारण छैन ।

19. आज पेस भएको प्रस्तुत मुद्दामा पनि दुई पक्षबीच मिति २०६२।१०।५।४ मा करारनामा भएको भन्ने तथ्यमा प्रतिवादी मैया बस्नेतको पनि कुनै बिमति (objection) रहेको देखिँदैन । सो करारको लिखतलाई निजले स्वीकारै गरेको पाइन्छ । यस स्थितिमा सर्वोच्च अदालतबाट भएको उपरोक्त व्याख्यासमेत बमोजिम हेर्दा दुई पक्षबीच एक पक्षले अर्को पक्षको दायित्व के हुने भन्नेबारेमा स्पष्ट उल्लेख गरी भएको लिखतलाई करार भन्न नमिल्ने भन्ने देखिएन ।

20. करार ऐन, २०५६ को दफा ४० अनुसार अचल सम्पत्ति लेनदेन गर्नको लागि गरेको करारको कानुनी मान्यता रहँदैन भन्ने प्रतिवादीको भनाइको सन्दर्भमा पनि विवेचना गर्नु वाञ्छनीय देखिएको छ। यस प्रसङ्गतर्फ हेर्दा, प्रस्तुत मुद्दामा करार ऐन, २०५६ को परिभाषालाई महत्वपूर्ण रूपमा लिनुपर्ने हुन्छ । उक्त ऐनको दफा २ (क) मा गरिएको परिभाषा अनुसार "करार भन्नाले दुई वा दुईभन्दा बढी पक्षबीच कुनै काम

---

7 ने.का.प २०६६, भाग ५१ अङ्क ३ नि.नं.८१०३, सम्वत २०६३ सालको दे.पु.नं.४५९, पृष्ठ ४७७

8 g]sf=k= 2040, k[ 298

गर्न वा नगर्नका लागि भएको कानुन बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता सम्झनुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ।[9] यस परिभाषाको निहित मनसाय भनेको "कानुन बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता नै करार हो" भन्ने हो । हाम्रो करार कानुनमा कहीँ कतै पनि स्पष्ट रूपमा अचल सम्पत्तिमा करार हुन नसक्ने भनी रोक लगाएको देखिँदैन । जहाँसम्म ऐनको दफा ४० अनुसार अचल सम्पत्तिमा करार हुन सक्दैन भन्ने प्रतिवादी पक्षको भनाइ छ, उक्त दफा ४० ले वस्तु बिक्रीको सम्बन्धमा हुने करारलाई मात्र सम्बोधन गरेको अवस्था देखिन्छ। सो दफाले अचल सम्पत्तिलाई करार गर्नमा रोक लगाएको भन्ने देखिँदैन । वस्तु बिक्री र अन्य सम्पत्ति बिक्री सम्बन्धी विषयहरू फरकफरक विषय भएको र कानुनले नै प्रस्ट रूपमा बन्देज नलगाएसम्म दफा ४० ले अचलमा करार गर्न रोक लगाएको भन्ने अर्थ गर्न मिल्दैन । हाम्रो करार ऐनको उपरोक्त परिभाषाले नै कानुन बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौतालाई करार हुन्छ भनी उल्लेख गरेको हुँदा जग्गा जस्तो अचल सम्पत्ति सम्बन्धी करार पनि सोही कानुन अनुसार कार्यान्वयन गर्न सकिने करारको दायराभित्र नै पर्दछ भनी मान्नुपर्ने हुन्छ। प्रस्तुत विवादमा ९ महिनाभित्र करारमा लेखिएको सर्त अनुसार रकम बुझाउन गएमा जग्गा पुनः वादीलाई नै फिर्ता गराउन असम्भव हुने वा कानुनतः कार्यान्वयन गर्न नसकिने भन्ने कुनै त्यस्तो अवस्था सिर्जना हुन्छ भन्न मिल्ने कुनै ठोस आधार र कारणसमेत प्रतिवादीले प्रस्तुत गर्न सकेको पाइँदैन ।

21. माथि गरिएको करारको परिभाषामा उल्लेखित भारतीय करार ऐन, १८७२ को दफा २(ज) लाई हेर्दा पनि कानुनद्वारा लागू गर्न सकिने सम्झौतालाई करार भनिएको छ। जहाँसम्म वीरशंकर कसाई वि. अनिता लामा[10] को मुद्दामा सर्वोच्च अदालतबाट भएको व्याख्यालाई प्रतिवादीका विद्वान् अधिवक्ताले यस मुद्दामा अचल सम्पत्तिमा भएको करारले मान्यता पाउन सक्दैन भनी नजिरको रूपमा उठाउनुभएको छ, सो सम्बन्धमा प्रस्तुत मुद्दामा दुईवटा पक्षलाई महत्वपूर्ण रूपमा हेर्नुपर्ने हुन्छ। पहिलो, उक्त मुद्दा चल र अचलमा करार हुन सक्ने वा नसक्ने भन्ने विषयमा उठेको विवाद अन्तर्गत केन्द्रित नरही बैनाको लिखतलाई करार मान्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा केन्द्रित रहेको पाइन्छ। दोस्रो, प्रस्तुत मुद्दामा स्वयं प्रतिवादीले नै करारको अस्तित्वलाई स्वीकार गरेको देखिन्छ। निज प्रतिवादीले वादीसँग जग्गा फिर्ता गर्ने सम्बन्धमा लिखतमा उल्लेखित सर्त अनुसार गर्ने सहमति भई करार भएको र तोकिएको समयमा वादी पक्ष रकमसहित जग्गा फिर्ता गर्न नआएको कारणबाट फिराद दाबी खारेज हुनुपर्ने हो भनी मुख्य रूपमा प्रतिवाद जिकिर लिई आएको पाइन्छ। तर जग्गा जस्तो सम्पत्ति बिक्री व्यवहार वा फिर्ता लिने दिने सम्बन्धमा भएको करारीय लिखतलाई करार ऐन, २०५६ को दफा २(क) को दायराभित्र पर्दैन भन्नको लागि त्यस्तो कार्यलाई कानुनले प्रतिबन्ध लगाएको हुनुपर्दछ। प्रचलित नेपाल कानुनले सो कार्य गर्न रोक नलगाएको अवस्थामा जग्गा फिर्ता लिने दिने गरी भएका लिखत वा सम्झौताको सम्बन्धमा करार ऐन, २०५६ को व्यवस्था लागू हुने हुँदा उक्त ऐनको दफा ७१, ७४, ७५, ८०, ८२, ८३(क) समेतका उपचार अदालतले प्रदान गर्नुपर्ने दायित्व रहेको हुन्छ। सोही कानुनको आधारमा यी वादी प्रस्तुत मुद्दा लिएर अदालत प्रवेश गरेको हुँदा यी पक्षहरूबीच भएको मिति २०६२।१०।५ को लिखतलाई करारको सज्ञा दिन र सोको आधारमा कानुनी उपचार दिन कानुनतः मिल्ने नै देखिन्छ। यस क्रममा सर्वोच्च अदालत पूर्ण इजलासबाट तीर्थराज कुमारी वि.

---

9 करार ऐन, २०५६, दफा २(क)

10 g]sf=k= 2063, k[ 395

रामशंकरको मु.स. गर्ने विनोद शंकरको मुद्दामा भएको माथि उल्लेखित व्याख्यालाई नै हालसम्म प्रचलित कानुनी सिद्धान्तको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ। उक्त सिद्धान्त हालसम्म खारेज (Overrule) नभएको अवस्था हुँदा सोही सिद्धान्तसमेतको आधारमा प्रस्तुत मुद्दामा वीरशंकर कसाईको मुद्दामा भएको व्याख्या लागू नभई तीर्थकुमारी राणाको मुद्दामा भएको व्याख्या नै लागू हुने देखिन्छ।

22. अब, तेस्रो प्रश्न, करारमा तोकिएको भाखाभित्र यी वादीले प्रतिवादीलाई रकम फिर्ता गर्न गएको अवस्था छ छैन ? भन्ने सम्बन्धमा पनि निर्णय दिनुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा वादीले करारमा तोकिएको भाखाभित्र रकम बुझाउन जाँदा भाखाभित्र रकम नबुझी प्रतिवादीले जग्गा फिर्ता नगरेको हुँदा सो रकम बुझाई जग्गा फिर्ता गराई पाऊँ भन्ने दाबी लिएको देखिन्छ। तर प्रतिवादीले यी वादी भाखाभित्र रकम बुझाउनै नआएको हुँदा करारकै सर्त नं. २ बमोजिम जग्गा फिर्ता गर्न आफू बाध्य नरहेको भनी प्रतिवाद जिकिर लिएको देखिन्छ। वादी प्रतिवादीको यस प्रकारको भनाइबाट वादी पक्ष म्यादभित्र रकम वुझाउन गएका थिए थिएनन् वा त्यसरी जाँदाजाँदै प्रतिवादीले रकम बुझी लिन इन्कार गरे गरेनन् भन्ने दुवै पक्षको भनाइ एवं तथ्य स्थापित गर्न ठोस प्रमाणको अभावमा कठिनाइ पर्ने देखिन्छ। तथापि, यस स्थितिमा पनि वादी प्रतिवादीबाट प्रस्तुत गरिएका साक्षीको भनाइ महत्वपूर्ण हुन जान्छ। त्यसतर्फ हेर्दा, वादीका साक्षी विष्णु पौडेलले आफ्नो बकपत्रको सवाल जवाफ ८ मा विवाद मिलाउने क्रममा वादीले जग्गा फिर्ता गर्नुपर्छ भन्दा प्रतिवादीले जग्गाको दाम बढिसक्यो, कानुन बमोजिम गर्नुस् भनेकाले विवाद नमिलेको हो भन्ने कथन व्यक्त गरेको पाइन्छ। यसबाट वादीले यथासमयमै रकम फिर्ता गरी जग्गा फिर्ता लिने प्रक्रिया थालेको भन्ने देखिन आउँछ। उता प्रतिवादीका साक्षी सन्तोष बस्नेतले गरेको बकपत्रको स.ज. ६ मा जग्गा राजीनामा गरिदिनुभएको, राजीनामा गरेपछि फिर्ता नहुने सर्तमा पास गरेको हो, करारको कागजमा जग्गा फिर्ता नगर्ने गरी गरेको हो, हामीले घर बनाउन उचित ठानेर सो घडेरी लिने निधो गरी वादीको बैंकको फुकुवा गरी जग्गा पास गरेको हो भनी लेखाएको पाइन्छ। त्यस्तै निज साक्षीले वादीका कानुन व्यवसायीले गरेको जिरह (स.ज.७) मा मूल्य तिरेर छिनी जग्गा घर बनाउनको लागि लिएको हो, फिर्ता दिने सर्तमा होइन भनी जवाफ दिएको देखिन्छ। प्रतिवादीका साक्षीको उपरोक्त बकपत्रबाट वादीले यथासमयमा रकम फिर्ता गर्न नआएको भन्ने नदेखिई जग्गा नै फिर्ता गर्न नपर्ने गरी पारित भएको हो भन्ने तथ्यमा मात्र जोड दिएको देखिन्छ।

23. यसरी दुवै पक्षका साक्षीको बकपत्र, भनाइ र वादी प्रतिवादीले करारको अस्तित्व स्वीकार गरी मुख मिलेको अवस्थालाई मूल्याङ्कन गर्दा वादीले दाबी लिए बमोजिम नै निज वादी बारम्बार रकम बुझाई जग्गा फिर्ता माग्न गएको तर प्रतिवादीले रकम बुझ्नलाई इन्कार गरेका रहेछन् भन्ने तथ्य नै सही र सत्य रहेछ भनी विश्वास मान्नुपर्ने स्थिति देखिन आउँछ।

24. अर्कोतर्फ, भाखाभित्र रकम बुझाउन जाँदा जग्गाको भाउ वृद्धि भई प्रतिवादीको मनमा आर्थिक कारणबाट लोभ जाग्न सक्तैन भन्ने अवस्था पनि रहँदैन। भाखै नाघेपछि जग्गा आफ्नो हुन सक्ने सम्भावना र परिस्थितिबाट लोभिई प्रतिवादीले वादीको कथन बमोजिम हुन्छ भन्दै भाखा नाघ्ने अवस्थासम्म पुऱ्याई वादीबाट रकम वुझ्न इन्कार गरेको देखिन आउँछ। त्यस्तै स्वयं प्रतिवादीले आफ्नो रकम लगानी गरी वादीबाट जग्गै खरिद गरेको हुँ भन्न नसकी ९ महिनाभित्र रकम फिर्ता दिएमा जग्गा पनि फिर्ता दिने सर्त स्वीकार गरिराखेको अवस्थामा केवल निजको साक्षीको भनाइको आधारमा जग्गा खरिद गरेको अवस्था हो भनी मान्न पनि मिलेन। त्यस्तै करारमा १५ लाख लेनदेन भए तापनि १९ लाख पाँच हजार रकम प्राप्त

गरेको भन्ने व्यहोरासमेत उल्लेख भएबाट वास्तविक रूपमा रकम लेनदेन भएको भन्दा ४ लाख ५ हजार रुपैयाँ प्रतिवादीले वादीबाट बढी किन लिएको हो ? भन्ने प्रश्न पनि निरुत्तरित देखियो । यसरी राजीनामा पारित गर्दा उल्लेखित रकमभन्दा बढी रकम राखी के कति कारणबाट कागज गरेको हो भन्ने तथ्यको खुलासा प्रतिवादीले गरेको नपाइँदा, यस्तो अवस्थामा वादीलाई उक्त रकम दिई सहयोग गरे बापत बढी रकमको कागज भएको रहेछ र बढी रकम लिने गरी कागज भएको हुँदा सो जग्गाबारेको व्यवहार वादीलाई फिर्ता गर्नुपर्ने अवस्थाकै व्यवहार रहेछ भनी अनुमान गर्नुपर्ने हुन्छ । अर्को कुरा, करारको म्यादभित्र वादीले रकम बुझाउन जाँदा प्रतिवादीले बुझी नलिएको हुँदा सो रकम बुझाई जग्गा फिर्ता गरी पाऊँ भनी यी वादी अदालतमा नालिस लिई आएको समेत स्थितिबाट यी वादीले म्यादभित्र रकम फिर्ता गर्न तत्परता नदेखाए होलान् भनी अनुमान गर्नसमेत मिलेन ।

25. साथै विवादित करारको लिखत प्रतिवादीले कि.नं.४३८ को जग्गा खरिद गर्नको निम्ति गरेको करार नभएर आफूले निश्चित रकम वादीलाई दिएकोमा त्यसको सुरक्षण स्वरूप उक्त जग्गा राजीनामा पारित गरेको व्यहारको रूपमासम्म देखिन आउँछ । वादीले रकम पाएबापत पछिबाट निखनी फिर्ता लिने सर्तमा जग्गा पास गरेको र ९ महिनाभित्र सर्त अनुसार सो रकम फिर्ता गरी आफ्नो जग्गा पुनः आफ्नै मातहतमा ल्याउन प्रथम पक्षसमक्ष जाँदा प्रथम पक्षले इन्कार गरेको भन्ने माथि विवेचित विभिन्न आधार र कारणबाट स्पष्ट हुन आउँछ । त्यसको अर्थ प्रतिवादीबाट लिएको रकमको सुरक्षणको रूपमा वादीको कि.नं.४३८ को जग्गा पारित गरी दिएको भन्नेसम्म हो । प्रतिवादीले पनि १५ लाखको पारित लिखत भए पनि १९ लाख ५ हजारको कागज गरेको हुँदा आफ्नो रकम नडुबोस्, तोकिएको समयमा फिर्ता होस् भन्ने अभिप्रायले वादीबाट जग्गा राजीनामा पारित गरी लिएको अवस्था एकातर्फ देखिन्छ भने वादीले पनि प्रतिवादीबाट आफ्नो आर्थिक समस्या हल गर्न लाखौं रुपैयाँ लिएबापत दुई पक्षको सहमतिमा उक्त रकम फिर्ता गरेर आफ्नो जग्गा आफ्नै नाममा ल्याउने इरादा राखेको पाइँदा उक्त करारीय लिखतलाई एउटा नययम ाबष्तज मा भएको सम्झौताको रूपमा हेर्नु सामाजिक न्यायको दृष्टिकोणबाट समेत मनासिब हुन आउँछ । आफ्नो रकम फिर्ता पाएकोमा तिम्रो जग्गा फिर्ता गर्नेछु भन्ने सर्त स्वीकारी त्यस्तो सहमतिमा भएको लिखतलाई अब आएर अचल सम्पत्ति सम्बन्धी करार भएको भन्ने अत्तो थापी प्रतिवादीले सो रकम वादीबाट तिर्न बुझाउन जाँदा इन्कार गरी अर्काको सम्पत्ति आफ्नो कायम गर्ने अधिकार निजलाई मिति २०६२।१०।५ को करार र करार ऐन, २०५६ को कुनै पनि कानुनी प्रावधानले दिएको पाइँदैन ।

26. यसप्रकार जब कि.नं.४३८ को ०-५-२-० जग्गा वादीको हक भोग भई प्रतिवादीबाट लिएको रुपैयाँ सुरक्षणको लागि रकम फिर्ता गर्ने सर्तमा पारित भएकोमा कुनै विवाद छैन । करारको लिखतअनुसार लिएको रकम लिई फिर्ता गर्नेछु भन्ने प्रतिवादीको सहमति रहेकोमा पनि कुनै विवाद छैन । यसरी केवल रकम फिर्ता नभएसम्मको लागि करारको लिखत गरेर जग्गा पारित भएको अवस्था मात्र रहेको छ भने ती करारीय सर्तहरू दुवै पक्षको निम्ति बाध्यात्मक रूपमा पालना गर्नुपर्ने हुन्छ । साथै कानुनतः लागू हुन नसक्ने सर्त पनि ती होइनन् । यस दृष्टिकोणबाट हेर्दा, वादी पक्षलाई पारित जग्गा फिर्ता नै गर्न नपर्ने भन्ने प्रतिवादीको भनाइ समन्याय, न्याय तथा सदविवेकको दृष्टिकोणबाट पनि उपयुक्त देखिन आउँदैन ।

27. अब, चौथो प्रश्न, वादीको दाबी अनुसार प्रतिवादीले आफ्नो रकम बुझी वादीलाई जग्गा फिर्ता गर्नुपर्ने हो होइन ? भन्ने सन्दर्भमा विचार गरौं । उक्त जग्गा राजीनामा पारित भएको देखिए तापनि सो राजीनामालाई मिति २०६२।१०।५ को करारसँग अलग गरेर हेर्न मिल्दैन । उक्त करार उक्त पारित राजीनामासँग नै

अन्तरसम्बन्धित रहेको दुई पक्षबीचको सम्झौताको रूपमा रहेको छ । तसर्थ सो पारित राजीनामाको लिखत विशुद्ध रूपमा यी पक्षहरूबीच सम्पत्ति खरिद बिक्री सम्बन्धी लिखत नभई रकम लेनदेन र सो रकम दाताको सुरक्षणको निम्ति अप्रत्यक्ष धितोको रूपमा रहेको देखिन्छ । यस अर्थमा उक्त ४३८ कि.नं.को जग्गाको पूर्णाधिकार र आंशिक अधिकार सम्बन्धी विधिशास्त्रीय दृष्टिकोणतर्फ पनि सूक्ष्म विवेचना गर्नु उपयुक्त हुने देखिन्छ ।

28. यस मुद्दामा केवल राजीनामा पारित भएकै कारणले प्रतिवादीमा वादीको सम्पूर्ण साम्पत्तिक हक हस्तान्तरण भएको वा सरेको भन्न सकिने अवस्था छैन । सो अवस्था छैन भन्ने कुरा मिति २०६२।१०।५ को यसै विषयको सम्झौताले स्पष्ट पारेको छ । सो लिखतमा उल्लेखित व्यहोरा अनुसार हेर्दा, जबसम्म वादीले करार अनुसारको रकम करारको सर्त बमोजिम तिर्न बुझाउन तत्पर रहन्छन् तबसम्म उक्त सम्पत्तिको पूर्णाधिकारयुक्त स्वामी यी वादी नै हुन् भन्ने मान्नुपर्दछ । सम्पत्ति सम्बन्धी कानुनको सिद्धान्त अनुसार पनि यी पक्षहरूको कि.नं. ४३८ माथिको हक अधिकारलाई पूर्ण अधिकार र आंशिक अधिकार (Rights in repropia and rights in re- aliena) को रूपमा हेर्नुपर्ने हुन्छ । यसलाई आफ्नो सम्पत्तिमाथिको अधिकार र अरूको सम्पत्तिमाथिको अधिकारको रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ । कुनै पनि सम्पत्तिमाथि सो वस्तुको वास्तविक स्वामीको अधिकार एकलौटी रूपमा कायम रहेको छ भने त्यस्तो अधिकारलाई पूर्ण अधिकार वा स्व-साम्पत्तिक अधिकार भनिन्छ । करारको सर्त पूरा गर्ने अवस्था रहेसम्म प्रस्तुत विवादको सम्पत्तिमा वादीको पूर्ण अधिकार नै रहेको मान्नुपर्दछ । आंशिक अधिकार भनेको अर्काको सम्पत्तिमाथि रहेको नियन्त्रित अधिकार हो । कानुनविद् Salmond का अनुसार "A right is re- aliena or encumbrance is on which limits or derogates from some more general rights belonging to some person in respect of the same subject matter" भनिन्छ । यो एक किसिमको सुविधाको अधिकार मात्र हो । यस्तो अधिकारले पूर्णता जनाउँदैन ।

29. प्रस्तुत मुद्दामा यदि वादीले सर्त बमोजिम भाखामा रकम बुझाउने प्रयास नगरी समय नघाएको भएमा मात्र प्रतिवादीले करारको सर्त नं.२ अनुसार त्यस सम्पत्तिमा पूर्णाधिकार प्राप्त गर्न सक्ने स्थिति आउँछ । तोकिएको भाखाभित्र वादीले रकम बुझाउन जाँदा प्रतिवादीले इन्कार गरेको भन्ने प्रश्नमा माथि नै निर्णय भइसकेको हुँदा यी प्रतिवादी वादीले रकम नबुझाएको अवस्थामा मात्र पूर्णाधिकार पाउने अधिकारीको रूपमा रहने र सो कार्य पूरा नहुँदासम्म सम्भावित पूर्णाधिकारीको रूपमा मात्र रहने स्वामी हुन् भन्न सकिन्छ ।

30. अर्को अर्थमा, यस विवादित सम्पत्तिमाथिको अधिकारलाई प्रमुख र सहायक अधिकारको रूपमा पनि हेर्न सकिन्छ । उक्त संपत्तिमा प्रमुख अधिकार तबसम्म वादीकै रहेको हुन्छ जबसम्म मिति २०६२।१०।५ को करार क्रियाशील रहने अवस्थाको विद्यमानता रहन्छ । सो करारको अस्तित्व कायम रहेसम्म प्रतिवादीले स्वतन्त्र रूपमा विवादित सम्पत्तिमाथि एकलौटी अधिकार ९क्यभि च्प्नजत० स्थापित गराउनै सक्तैन । उदाहरणको निम्ति प्रतिवादीको नाममै दर्ता स्रेस्ता भए पनि ९ महिनाभित्र निजले सो सम्पत्तिको हक अरू कुनै व्यक्तिलाई हस्तान्तरण गरेमा के हुन्छ ? भन्ने प्रश्न गर्न सकिन्छ । सोही ९ महिनाभित्रको दुई पक्षबीचको विवाद अदालतसमक्ष विचाराधीन रहेको स्थिति हाल विद्यमान छ । यस्तोमा निश्चय पनि यदि यी प्रतिवादीले विवादको जग्गा आफ्नो नाममा दर्ता भएको नाताबाट अरू कुनै व्यक्तिलाई कुनै तवरले हक

हस्तान्तरण गरेको अवस्था परिकल्पना गर्ने हो भने करारका पक्ष रहेका दातालाई सो कार्य बदर गराउन सक्ने हक सुरक्षित नै रहन्छ भन्न सकिन्छ ।

31. यसप्रकार, माथि विवेचित आधार प्रमाणहरूबाट प्रस्तुत मुद्दामा करारको सर्तलाई वादीले उल्लंघन गरी भाखाभित्र रकम बुझाउन नगएको भन्ने तथ्य प्रामाणिक रूपमा प्रतिवादीले स्थापित नगर्दासम्म यी वादी रकम बुझाउन गएको भन्ने नै मान्नुपर्ने र यस अवस्थामा वादीले नालेस गर्दा प्रतिवादीले जग्गा फिर्ता नगरेकोले रकम बुझी फिर्ता गराई पाऊँ भन्ने दाबी रहेको हुँदा उक्त करार अनुरूपको रकम वादीले प्रतिवादीलाई बुझाएमा वादीको दाबी अनुसार करार बमोजिम जग्गा फिर्ता गराई लिन पाउने नै देखिँदा वादी दाबी पुग्ने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिलमा लेखिए बमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम यो फैसला गरिदिएको छु ।

**तपसिल**

- माथि ठहर खण्डमा उल्लेख भए बमोजिम करार अनुरूपको रकम प्रतिवादीलाई बुझाएमा वादीले दाबी अनुसार करार बमोजिम जग्गा फिर्ता गराई लिन पाउने नै देखिँदा वादी दाबी पुग्ने ठहरी फैसला भएकाले पुनरावेदनको अवधि व्यतीत भएपछि प्रतिवादीलाई रकम बुझाउन ल्याई सो फैसला बमोजिम गराई पाऊँ भनी मुलुकी ऐन, दण्ड सजायको ४४ नं.को म्यादभित्र वादीको दरखास्त पर्न आए सो फैसला अनुसार गरिदिनु भनी सम्बन्धित निकायमा लेखी पठाइदिनू ...............................................१

- वादीले फिरादसाथ र.नं.१९६ बाट दाखेल गरेको कोर्ट फी रु.१००।- भराई पाऊँ भनी पुनरावेदनको म्याद व्यतीत भएपछि प्रतिवादीको जेथा देखाई कोर्ट फी ऐन, २०१७ को दफा १५(११) को म्यादभित्र वादीको दरखास्त पर्न आए उक्त कोर्ट फी वादीलाई प्रतिवादीहरूबाट भराई दिनू ............................२

- प्रस्तुत फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीका नाउँमा अ.ब.१९३ नं.बमोजिम पुनरावेदनको म्याद जारी गर्नू .......................................३

- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू ................................४

- दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू .............................५

कम्प्युटर टाइप गर्ने डि. राजकुमार खत्री
फाँट नं.:- १० (ना.सु. कैलाश दाहाल)

......................
टेकनारायण कुँवर
जिल्ला न्यायाधीश

इति संवत् २०६६ साल मंसिर २८ गते रोज १ शुभम् ...........................................।

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री टेकनारायण कुँवर**
**फैसला**
**संवत् २०६५ सालको दु.दे.नं.३७९९**
**नि.नं.४९२**

| **वादीको नाम, थर र वतन** | **प्रतिवादीको नाम, थर र वतन** |
|---|---|
| का.जि.का.म.न.पा. कान्तिपथस्थित नेपाल वायु सेवा निगमको मानव संसाधन विभागको तर्फबाट अधिकार प्राप्त का.मु. निर्देशक उमा भट्टराई . ....१ | का.जि.का.म.न.पा. वडा २ लाजिम्पाटमा रजिस्टर्ड कार्यालय रहेको दोलखा ट्राभल्स एन्ड टुर्स प्रा. लि..........................................१<br>ऐ.ऐ. का सञ्चालक दोलखा जिल्ला दोलखा गा.वि.स. घर भई हाल का.जि.का.म.न.पा. वडा नं. २९ बस्ने माधवमणी राजभण्डारी ..........१<br>ऐ. का सञ्चालक का.जि.का.म.न.पा. वडा नं. १६ बस्ने रामबहादुर संजितको छोरा गुञ्जबहादुर रञ्जित........................................१<br>ऐ. का सञ्चालक का.जि.का.म.न.पा. वडा नं. २७ कलटोल हाल ऐ.ऐ. वडा नं.२ लाजिम्पाट बस्ने देवज्योति कंसाकार.................१<br>दोलखा जिल्ला पातलीटोल घर भई हाल का. जि.का.म.न.पा. वडा नं.४ विशालनगर बस्ने तत्कालीन दोलखा ट्राभल्स एण्ड टुर्स प्रा.लि. को सञ्चालक म्यानेजिङ्ग डाइरेक्टर स्वर्गिय जगन्नाथ राजभण्डारीको हकमा निजको श्रीमती विद्यादेवी राजभण्डारी .........................१ |

*मुद्दा :- रकम दिलाई भराई पाऊँ*

दायर मिति :- २०६५/७/२१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-

**फिराद दाबी :-**

1. विपक्षी प्रतिवादीहरू सञ्चालक रहेको दोलखा ट्राभल्स एण्ड टुर्स प्रा.लि. लाई यस नेपाल वायु सेवा निगमले सेल्स एजेन्टको रूपमा काम गर्नको लागि ५ अक्टुबर १९७७ मा सम्झौता भई एजेन्टको रूपमा नियुक्त गरिएको थियो। सो सम्झौता अनुसार विपक्षी ट्राभल्सले हवाई टिकट बिक्री बापतको हिसाब किताब तोकिए बमोजिम साप्ताहिक वा पाक्षिक रूपमा नगदै बुझाउनु पर्ने र सो बापतको निगमले विपक्षीलाई निश्चित रकम कमिसनको रूपमा दिने गरी सम्झौता भएको हो। विपक्षीले उक्त सम्झौता अनुसारको रकम यस निगमलाई नबुझाएकोले २०४० सालमा विपक्षीउपर तत्कालीन विशेष प्रहरी विभागले वागमती विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। सो अदालताबाट प्रतिवादीलाई कसुरदार ठहऱ्याई फैसला भएको थियो। सो फैसलाउपर विपक्षीहरूले सर्वोच्च अदालतमा पुनरावेदन गर्नुभयो। सर्वोच्च अदालतबाट लेनदेन व्यवहारलाई भ्रष्टाचार ऐन, २०१७ अन्तर्गत चलाएको कारबाही कानुन संगत नदेखिएको भनी फैसला भयो। तर निगमले दोलखा ट्राभल्सबाट प्राप्त गर्नुपर्ने बाँकी रकम भए सो सम्बन्धमा प्रचलित

नेपाल कानुन बमोजिम असुलउपर गर्न गराई लिन सक्ने नै देखिन्छ भनी मिति २०४५।१२।२१ मा सर्वोच्च अदालतबाट फैसला भएको छ । अतः विपक्षीहरूले कम्पनीलाई मोहरा बनाई ने.वा.नि. र कम्पनीलाई घाटा र आफूलाई व्यक्तिगत लाभ हुने कार्य गरेकोले हवाई टिकट बिक्री बापतको रु.७२,६६,१९७।२१, सो रुपैयाँको नियमानुसार लाग्ने ब्याज, नेपाल वायु सेवा निगमलाई पुगेको क्षतिको उचित क्षतिपूर्ति र मुद्दा फैसला भई कार्यान्वयन हुँदाका दिनसम्मको ब्याजसमेत हिसाब गरी विपक्षीहरूबाट दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल वायु सेवा निगमको मिति २०६५/७/२१ को फिराद पत्र ।

**प्रतिउत्तर जिकिर**

2. सर्वोच्च अदालतको फैसलाले निगमको नालिस जहिले सुकै पनि स्वतः लाग्छ भनी भनिएको छैन । “प्रचलित कानुन बमोजिम असुलउपर गरी लिन सक्ने नै देखिन्छ” भन्नाले प्रचलित कानुनको आधार र हद म्यादभित्र नालिस लिई आउनैपर्ने हुन्छ । जुन माथि उल्लेखित प्रचलित कानुनी आधार र हद म्यादभित्र वादीको यो नालेस पर्न आएको छैन । म प्रतिवादी विद्यादेवी राजभण्डारी सो दोलखा ट्राभल्ससँग संलग्न छैन । म त कम्पनी बाहेकको उनाउ व्यक्ति भएकोले मउपर प्रस्तुत फिराद लाग्न सक्ने नै होइन । त्यस्तै कुन कुन मितिका टिकट बिक्रीका रकम हुन्, त्यो के कसले कसलाई बिक्री गरी रकम लिएको हो ? सो को कुनै पनि आधार प्रमाण खुलाई दाबी गर्न नसकेको हुँदा फिराद खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी विद्यादेवी राजभण्डारीको मिति २०६५।१०।१५ को प्रतिउत्तर पत्र ।
3. लेनदेनको कुरा र बाँकी नतिर्नेको दाबी गरी आउँदा एउटा वास्तविक रकम लिए खाएको वा मासेको यकिन अक किटान गरी दाबी पुष्टि हुने सप्रमाण साथ फिराद दायर हुनुपर्ने हो । यसमा त्यस्तो नभई हचुवाको भरमा अख्तियारविहीन, हदम्यादविहीन तथा कम्पनी ऐन विपरीत दायर भएको प्रस्तुत फिराद खारेज गरी विपक्षीलाई झुट्टा फिराद गरेकोमा दण्ड जरिवाना गरी पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी देवज्योति कंसाकारको मिति २०६५।१०।१५ को प्रतिउत्तर पत्र ।
4. विपक्षीले हवाई टिकट बिक्रीको सम्झौता प्र. मध्येको दोलखा ट्राभल्स एण्ड टुर्स प्रा. लि. सँग सम्झौता गरी कारोबार सञ्चालन गर्दाको अवस्थामा सञ्चालकसमेतको हैसियतले मेरो कुनै संलग्नता छैन । सञ्चालकको हैसियतले सो विवादास्पद कारोबारको विषयमा मैले कुनै निर्णय गरेको पनि छैन । त्यस्तै कुन कुन मितिका टिकट बिक्रीका रकम हुन्, त्यो के कसले कसलाई बिक्री गरी रकम लिएको हो ? सोको कुनै पनि आधार प्रमाण खुलाई दाबी गर्न नसकेको हुँदा झुट्टा फिराद खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी माधवमणी राजभण्डारीको मिति २०६६।१।१३ को प्रतिउत्तर पत्र ।
5. म उक्त ट्राभल्सको सञ्चालक होइन । मैले सो ट्राभल्सको Executive Director पदमा मात्र काम गरेको हुँ । तत्कालीन अवस्थामा कर्मचारीबाट राजीनामासमेत दिइसकेको छु । कम्पनीसँगको लेनदेन कारोबारमा मेरो कुनै दायित्व हुँदैन । तसर्थ मउपरको झुट्टा दाबी खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी गुञ्जबहादुर रञ्जितको मिति २०६५/१२/१२ को प्रतिउत्तर पत्र ।
6. दोलखा ट्राभल्स एण्ड टुर्स प्रा.लि.का नाउँको म्याद बेपत्ते तामेल भएकाले मिति २०६६।२।६ को आदेशानुसार गोरखापत्र दैनिकमा मिति २०६६।२।२२ मा म्याद सूचना प्रकाशित गरिएकोमा सो को निर्दिष्ट म्यादभित्र प्रतिवाद नगरी सुरु म्यादै गुजारी बसेको ।

**बुझिएको प्रमाण**

7. प्रस्तुत विषयमा दुई पक्षबीच करार सम्पन्न भएपछि सेल्स एजेन्टको तर्फबाट बैंक ग्यारेन्टी राखिएको थियो थिएन ? राखेको भए के कति राखेको थियो र नराखेको भए सो नराखिनुको कारण के रहेको थियो ? वादी पक्षबाट खुलाई सो व्यहोरा प्रतिवादी पक्षलाई समेत जानकारी गराई व्यहोरा उल्लेख गर्ने भन्ने आदेशानुसार वादी पक्षबाट कागज गराउँदा वागमती विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा चलाएको कारबाहीमा सो अदालतले दाबी अंकको जायजेथा धरौटी लिएको थियो भनी कागज गरी मिसिल संलग्न रहेको ।
8. दोलखा ट्राभल्स एण्ड टुर्स प्रा.लि. को कानुनी हैसियतको बारेमा कम्पनी रजिस्ट्रारको कार्यालयबाट जानकारी माग गर्दा दोलखा ट्राभल्स एण्ड टुर्स प्रा.लि. उद्योग विभागमा कम्पनी दर्ता नं. ८९५ मिति २०३३।१०।१० मा दर्ता भएको, २०४५ साल पश्चात् कम्पनीले कुनै पनि कागजातहरू पेस गरेको नदेखिएको साथै हालसम्म कम्पनी खारेज भएको पनि नदेखिएको भन्ने व्यहोरा उल्लेख गरी जवाफ प्राप्त भएको ।
9. दुवै पक्षका विद्वान् कानुन व्यवसायीहरूले बहसको क्रममा उठाएका कानुनी पक्षहरूलाई स्पष्ट पार्न दुवै पक्षका कानुन व्यवसायीहरूबाट बहस नोट पेस गर्न लगाउनु भन्ने आदेशानुसार बहस नोट पेस भई मिसिल संलग्न रहेको ।

**अदातलको ठहर**

10. जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा उपस्थित वादी प्रतिवादीहरूलाई छलफलका लागि रोहवरमा राखी दुवै पक्षको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस छलफलसमेत सुनियो । वादी प्रतिवादीहरूको तर्फबाट बहस गर्नुहुने विद्वान् अधिवक्ताहरूको तर्कपूर्ण अभिव्यक्ति निम्न बमोजिम छ :-

**वादीको तर्फबाट :**

१) विद्वान् अधिवक्ता श्री हरिकृष्ण कार्की :- प्रस्तुत मुद्दाको Factual question मा कुनै विवाद छैन । विपक्षीले हदम्यादको प्रश्न उठाए तापनि बाँकी नतिर्नेको महलको दफा ३ क, ३ ख, ९ र ११ नं. समेतको कानुनी आधारमा मुद्दा परेको हुँदा हदम्याद नाघेको भन्न मिल्दैन । सर्वोच्च अदालतबाट २०४२ सालमा भएको नि.नं. २४२४ ले पनि त्यसलाई समर्थन गर्दछ । विपक्षीले Limited liability को प्रश्न पनि उठाउनुभएको छ । तर सेयर लिन मञ्जुरी गरे जतिमा सो प्रश्न उठाउन पाइँदैन । उनीहरूले सरकारी रुपैयाँ मसौट कार्य गरेको अन्तर्गत वादी पक्ष अदालत आएको हो । बाँकी नतिर्नेको महलले यस्तो विवादलाई Criminal liability भित्र राखेको छ । तसर्थ तत्कालीन सञ्चालकले दायित्वबाट उन्मुक्ति पाउन नसक्ने हुँदा फिराद दाबीअनुसार रकम भराई दिनुपर्दछ ।

२) विद्वान् अधिवक्ता श्री गोविन्द बन्दी :- प्रस्तुत विवादमा मुख्यतः ३ वटा कुरालाई इजलासले महत्वका साथ हेर्नुपर्दछ । पहिलो, भ्रष्टाचार मुद्दामा भएको फैसलाबाट प्रतिवादीहरूले Liability बाट मुक्ति पाउने हुन होइनन् ? दोस्रो, यस मुद्दामा करार ऐन आकर्षित हुन सक्छ कि सक्दैन ? तेस्रो, हदम्याद भए पनि विलम्बको सिद्धान्त लागू हुन सक्छ सक्दैन ? विवादित विषयलाई Supreme Court ले Corruption को ambit भित्र मात्र हेरेको हो । कुनै पनि आपराधिक कार्य (criminal act) बाट सिर्जित Liability बाट उन्मुक्ति पाउँदैमा Civil liability बाट पनि उन्मुक्ति पाउँदैन भन्ने तथ्य स्वयं Supreme Court ले नै निर्धारण गरेको छ । यदि

पक्षहरूबीच कुनै लिनु दिनुभए प्रचलित कानुन अनुसार सम्बन्धित निकायमा जान सक्ने भनी सर्वोच्च अदालतले गरेको निर्णयबाट सो कुरा पुष्टि हुन्छ । कम्पनीले Principle of legality को प्रश्नमा कुनै त्रुटि गरेको छैन । विपक्षीहरूको Intention हेरिनुपर्दछ । कुनै संस्था दर्ता गरी व्यक्ति पर्दा पछाडि बसेर, संस्थाको मुखुण्डो ओढेर नेपाल वायु सेवा निगम जस्तो सार्वजनिक सरकारी संस्थाको सम्पत्ति खान पाइँदैन । हदम्यादको सम्बन्धमा अ.वं. ३६ र बाँकी नतिर्नेको महलको दफा ३ख. ले जहिलेसुकै पनि सरकारी बिगो उठाउन पाइन्छ । विलम्ब र हदम्याद फरक सिद्धान्त हुन् । Judical practice मा स्थापित ती सिद्धान्तको थप व्याख्या आवश्यक छैन । तसर्थ वादी दाबी बमोजिम नै हुनुपर्दछ ।

३) विद्वान् अधिवक्ता श्री सरोजकृष्ण घिमिरे :- नेपाल वायु सेवा निगमको ऐनको प्रस्तावनाले नै सो संस्था सर्वसाधारणको सुविधा कायम राख्न गठित सार्वजनिक महत्वको संस्था हो भन्ने उद्घोष गरेको छ । प्रस्तुत मुद्दामा state ले as a person को रूपमा विपक्षीसँग contract गरेको छ । करार अनुसार विपक्षीहरूले रकम मासेको प्रस्टै छ । प्रस्तुत मुद्दामा करारका पक्षले बेहोर्नुपर्ने legal obligation लाई कुनै corporate को mask लगाएर छल्न पाइँदैन । Lifting the corporate veil को सिद्धान्तले पनि त्यस्ता कथित संस्थाको पर्दाभित्र के छ, unveil गरिनुपर्छ भन्दछ । प्रस्तुत विवादमा विपक्षीको मनसाय नै गलत देखिन्छ । सार्वजनिक सम्पत्ति खाने बदनियत विपक्षीहरूमा रहेको प्रस्टै छ। तसर्थ, निर्विवाद रूपमा उक्त दाबी अनुसारको रकम विपक्षीहरूले निगमलाई तिर्नु बुझाउनुपर्दछ ।

**प्रतिवादीको तर्फबाट :-**

१) विद्वान् अधिवक्ता श्री नरेन्द्र के.सी. :- प्रतिवादी माधवमणी राजभण्डारीको तर्फबाट विद्वान् अधिवक्ताले आफ्नो तर्क प्रस्तुत गर्नुभयो । उहाँका अनुसार प्रस्तुत विवाद २०४५ सालमा नै टुङ्गो लागिसकेको छ । दुई पक्षबीच करार भएपछि करार ऐन अन्तर्गत आउनुपर्नेमा बाँकी नतिर्नेको महलको आधारमा आएको छ । कम्पनी ऐन, २०६३ ले सेयरधनीको सीमित दायित्व हुने सिद्धान्त अंगीकार गरेको छ । सो सिद्धान्त अनुसार हाल दोलखा ट्राभल्सको अस्तित्व नै नरहेकोमा सो संस्थाको अवसानसँगै सेयरधनीको दायित्व पनि समाप्त भै सकेको छ । तसर्थ झुट्टा फिराद दाबी खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत भयो ।

२) विद्वान् अधिवक्ता श्री कोमल प्रकाश घिमिरे :- प्रतिवादी देवज्योति कंसाकारको तर्फबाट उपस्थित अधिवक्ताले भन्नुभयो कि दोलखा टुर्स एण्ड ट्राभल्स एउटा प्राइभेट लिमिटेड कम्पनी हो । यसको सेयरहोल्डरहरूको दायित्व सीमित हुन्छ । यो universal नियम हो । वादीले मेरो पक्षलाई Director भन्नु भएको छ । उहाँ Director पनि हैन । कम्पनी ऐन, २०२१ को दफा १४ अनुसार प्रथमतः कम्पनी ऐनलाई नै टेकेर आउनुपर्ने थियो । यदि बदमासी भएको छ भने मुलुकी ऐनको जुन महलको दाबी लिइएको छ, त्यसै महलको हद म्यादभित्र आउनुपर्दछ । जस्तो कि दूषित दर्ता भएमा जहिले पनि आउन सकिन्छ भनेजस्तो प्रस्तुत विवादमा हुँदैन । हद म्यादै नघाई आएको हुँदा प्रथमतः यो मुद्दा खारेज हुनुपर्दछ । अर्कोतर्फ नागरिक उड्डयन प्राधिकरण सिङ्गो संस्थाले दाबी नलिई मानव संसाधन विभागको तर्फबाट फिराद परेको छ । तसर्थ वादीले हकदैया पनि गुमाएको छ । विपक्षी भनेको दोलखा ट्राभल्स हो, अरू होइनन् । दोलखा ट्राभल्स हाल अस्तित्वमा छैन । मरिसकेको कम्पनीबाट बिगो असुल हुन सक्तैन । मेरो पक्ष देवज्योति promoter सेयरहोल्डर पनि होइनन् । अर्का सेयरधनी लक्ष्मण रत्नको ५० कित्ता सेयर खरिदसम्म गरेका हुन् । उनी कम्पनीका सञ्चालक पनि नभएकोले मेरो पक्षको हकमा दाबी खारेज भागी छ ।

दुवै पक्षहरूबाट पेस भएको बहसनोटमा उल्लेखित मुख्य बुँदाहरू :-

11. यस इजलासको मिति २०६७।२।४ को आदेशानुसार पक्ष विपक्षको तर्फबाट लिखित बहस नोट पनि प्राप्त भएको छ । बहस नोटमा मुख्यतः जोड दिइएका विषयहरू निम्न बमोजिम छन् :-

वादीको तर्फबाट :- वादी पक्षले पेस गरेको लिखित बहस नोटमा निरुपण गर्नुपर्ने प्रश्नहरू भनी निम्न लिखित प्रश्नहरू प्रस्तुत गरिएको देखिन्छ । जसमा :-

i) बाँकी नतिर्नेको महलको आधार लिई पुनः मुद्दा गर्न मिल्छ मिल्दैन ?

ii) पक्षलाई जहिलेसुकै फिराद गर्न पाउने अधिकार छ, छैन ?

iii) एउटै विषयमा दोहोरो दाबी लिन मिल्छ मिल्दैन ?

iv) दाबीको रकम वादीले पाउनुपर्ने हो होइन ?

v) लेनदेन व्यवहारको महलको ४० नं. को हदम्याद लाग्ने हो होइन ?

vi) रकम तिर्ने दायित्व कम्पनीका सञ्चालक र कर्मचारीमा छ छैन ?

उपरोक्त प्रश्नहरूको निरोपण गर्ने आधारहरू प्रस्तुत गर्दै सो बहस नोटमा केही सैद्धान्तिक पक्ष उठाइएको छ र बाह्य मुलुकको cases पनि refer गरिएको देखिन्छ ।

प्रतिवादीको तर्फबाट :-

१. प्रतिवादी माधवमणी राजभण्डारीको तर्फबाट : यस बहसनोटमा प्रतिवादीले दुईवटा मुख्य प्रश्न उठाएको देखिन्छ :

i) सर्वोच्च अदालतको मिति २०४५।१२।२१ को फैसला के भन्छ ?

ii) फिराद दाबी अनुसार मुलुकी ऐन बाँकी नतिर्नेको महलको दफा २, ३क र ३ख आकर्षित हुन्छ, हुँदैन ?

उक्त प्रश्नको निरुपण गर्दै यी प्रतिवादीको पक्षबाट २०४५।१२।२१ को फैसलाको मनसाय र बाँकी नतिर्नेको महलको उक्त कानुनी व्यवस्थाको आधारमा वादीलाई यो मुद्दा दायर गर्न हदम्याद नै नरहेको भन्ने तर्क प्रस्तुत गरिएको छ ।

२. प्रतिवादी देवज्योति कंसाकारको तर्फबाट : यी पक्षको तर्फबाट प्रस्तुत बहसनोटमा वादीलाई मुद्दा गर्ने हकदैया नरहेको, कानुनको पश्चात्दर्शी असर नरहने, हदम्याद नै नभएको, प्राङ्न्यायको सिद्धान्त विपरीत मुद्दा दायर भएको, लेनदेन मुद्दा केवल कानुनी व्यक्तिबीच मात्र चल्न सक्ने, यी प्रतिवादी दोलखा टुर्सको सञ्चालक नै नरहेको, अमूर्त कम्पनीविरुद्ध फिराद नलाग्ने, देवानी मुद्दामा दाबी लिने प्रमाण चाहिने, यी पक्षले रकम लिए खाएको प्रमाण नै नभएको, सम्झौता अनुसारको कुरामा करार ऐन अनुसार मात्र मुद्दा लाग्ने, बाँकी नतिर्नेको महल आकर्षित नहुने भन्ने जस्ता विभिन्न १२ वटा बुँदामा प्रतिवाद जिकिर पुष्टि गर्ने आधारहरू प्रस्तुत गरेको पाइन्छ ।

३. प्रतिवादी गुञ्जबहादुर रञ्जितकारको तर्फबाट : यी प्रतिवादीको तर्फबाट प्रस्तुत भएको बहस नोटमा विद्वान् अधिवक्ता श्री उद्धवकुमार के.सी.ले विभिन्न ४ वटा प्रश्नहरूको निराकरण हुनुपर्ने भनी उल्लेख गर्नुभएको छ । ती हुन् :-

i) वादीको हकदैया छ छैन ?

ii) बाँकी नतिर्नेको महलको दफा ३(क) र ३(ख) को हदम्याद आकर्षित हुन्छ हुँदैन र कानुनको पश्चात्दर्शी असर हुन्छ हुँदैन ?

iii) प्रस्तुत फिरादपत्र अ.वं. ७२ र ७३ नं. प्रतिकूल छ छैन ?

iv) यी प्रतिवादी तत्कालीन कर्मचारी हुनाले निजउपर दाबी लाग्छ लाग्दैन ?

माथि उल्लेखित प्रश्नको जवाफ दिने कोसिस यस बहस नोटमा भएको पाइन्छ ।

प्रस्तुत मुद्दामा निर्णय दिनुपर्ने मुख्य प्रश्नहरू :-

12. यसप्रकार वादीको फिराद दाबी, प्रतिवादीको प्रतिवाद जिकिर, दुवै पक्षका विद्वान् कानुन व्यवसायीहरूबाट यस इजलासमा प्रस्तुत गर्नु भएको उपरोक्त बहस छलफल एवं लिखित रूपमा पेस गर्नुभएको बहसनोट मुद्दाको तथ्यगत अवस्था, वादी दाबी र प्रतिउत्तर जिकिरमा उल्लेखित कानुनी आधारहरू र सम्बद्ध मिसिल एवं प्रमाणहरूको मूल्यांकन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निम्नलिखित मुख्य प्रश्नहरूमा निर्णय दिनुपर्ने अवस्था देखिन्छ :-

    i) वादीलाई फिराद गर्ने हकदैया छ, छैन ?

    ii) प्रस्तुत फिराद हदम्यादभित्र परेको छ, छैन ?

    iii) कानुनको पश्चात्दर्शी असरको सिद्धान्त विपरीत छ, छैन ?

    iv) बाँकी नतिर्नेको महलको दफा ३क र ३ख आकर्षित हुन्छ, हुँदैन ?

    v) करार ऐन अनुसार मुद्दा दायर हुनुपर्ने हो, होइन ?

    vi) अ.वं. ७२ र ७३ को प्रतिकूल छ, छैन ?

    vii) एउटा विषयमा दोहोरो दाबी लिन मिल्छ, मिल्दैन ?

    viii) कम्पनीको सीमित दायित्वको सिद्धान्त प्रासङ्गिक छ, छैन ? र कम्पनीको कर्मचारी र सञ्चालकउपर दायित्व पर्छ, पर्दैन ?

    ix) वादी दाबी अनुसार रकम भराई दिनुपर्ने हो, होइन ?

**यस अदालतबाट भएको ठहर :-**

13. प्रस्तुत विवादको ठहर वा निष्कर्षमा पुग्नुभन्दा अगाडि मुद्दाको संक्षिप्त पृष्ठभूमिको बारेमा जानकारी राख्नु उचित हुनेछ । त्यसतर्फ हेर्दा :-

    - सन् १९७७ अक्टुबर ५ का दिन नेपाल वायु सेवा निगम र दोलखा ट्राभल्स एण्ड टुर्स प्रा.लि. बीच हवाई टिकट बिक्री सम्बन्धी सम्झौता भएको,
    - सम्झौतामा करारका दुवै पक्षको दायित्व किटानी भएको,
    - प्रथम पक्ष (ने.वा.नि.) ले टिकट बिक्रीको जिम्मा दोस्रो पक्ष (दोलखा ट्राभल्स) लाई दिने र दोस्रो पक्षले टिकट बिक्री गरेबापत तोकिएको कमिसन लिई टिकटको रकम प्रथम पक्षलाई बुझाउने सर्त रहेको,
    - सम्झौता अनुरूप बिक्री भएका टिकटको रकम नेपाल वायुसेवा निगमलाई बुझाउनुपर्नेमा नबुझाएको भन्ने वादीको दाबी,
    - प्रतिवादीहरूमध्ये विपक्षी दोलखा टुर्स एण्ड ट्राभल्सको प्रतिउत्तर नपरेको र अरू प्रतिवादीको इन्कारी प्रतिउत्तर परेको,
    - दोलखा ट्राभल्स हाल सञ्चालनमा नरहेको भन्ने कम्पनी रजिस्ट्रारको कार्यालयबाट लेखी आएको,
    - प्रतिउत्तरमा प्रतिवादीहरूले रकम तिरे बुझाएको छु भन्न नसकेको,
    - यसै विषयमा प्रतिवादीहरू उपर भ्रष्टाचार मुद्दा परी विशेष अदालतबाट भ्रष्टाचार ठहर भएको,
    - विशेष अदालतको उक्त निर्णयउपर सर्वोच्च अदालतमा पुनरावेदन परेको,

- सर्वोच्च अदालतबाट २०४५।१२।२१ मा निम्नानुसार निर्णय भएको :- "प्रस्तुत मुद्दाको विवादको निरुपण सामान्य कानुन बमोजिम फौजदारी प्रकृत्तिको मुद्दा मानी भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत चलाइएको कारबाही नै सारगर्भित र कानुन संगत देखिन आएन । नेपाल वायु सेवा निगमले दोलखा ट्राभल्सबाट प्राप्त गर्नुपर्ने बाँकी रकम भए सो सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम असुलउपर गराई लिन सक्ने नै देखिन्छ ।"
- सर्वोच्च अदालतको उक्त फैसलाको आधारमा मिति २०६५।७।२१ मा यस अदालतमा नेपाल वायु सेवा निगमको फिराद पत्र परेको,
- प्रतिवादीहरूले वादी दाबीलाई इन्कार गरी मुद्दा खारेज गर्न माग गरेको ।

14. यस प्रकार उपरोक्त वस्तुगत एवं तथ्यगत अवस्था भएको प्रस्तुत मुद्दामा माथि उल्लेखित सबै प्रश्नहरूको निरुपण निम्न बमोजिम गरिएको छ :-
15. पहिलो प्रश्न, वादीलाई फिराद गर्ने हकदैया छ, छैन ? भन्नेतर्फ विचार गरौं । निश्चय पनि देवानी मुद्दामा उजुरकर्ताको हकदैयाको विशेष महत्व हुन्छ । तसर्थ हकदैयालाई कानुन व्याख्याको कठोर नियमको सिद्धान्तबाट हेरिनुपर्दछ । यदि कसैले गरेको कुनै गैरकानुनी कार्यबाट कुनै व्यक्ति खास मर्कामा पर्दछ अथवा कसैको कानुनी हकमाथि आघात भई क्षति पुगेको छ भने सो कार्यबाट पीडित व्यक्तिले मात्र कानुनी उपचारको निम्ति नालिस वा फिराद गर्न सक्तछ । यदि कुनै उजुरकर्ताले गरेको दाबीमा उसको हकदैया छैन भनी प्रतिवादीबाट प्रश्न उठाइएमा आफ्नो हकदैया भएको प्रमाण वादीले पुऱ्याउनुपर्दछ । मुलुकी ऐन अ.वं. ८२ र ८३ नं. मा जसको जुन कुरामा हक पुग्छ, उसले सो कुरामा नालिस उजुर गर्न पाउँछ भन्ने कानुनी व्यवस्था रहेको छ । तसर्थ प्रत्येक मुद्दा गर्ने उजुरकर्तामा सो कुराको हक पुगेको हुनुपर्दछ । अदालतले पनि त्यस सम्बन्धमा विचार गरी दाबीसँग वादीको हकदैया भएको कुरामा वस्तुनिष्ठ रूपमा विस्वस्त हुनुपर्दछ । कुनै विचाराधीन देवानी मुद्दामा दाबी गर्ने हक वादीलाई प्राप्त छ भन्ने कुरा मुद्दाको जुनसुकै चरणमा पनि विवादको रूपमा उठ्न सक्ने हुँदा हकदैयाको प्रश्नमा निर्णयकर्ता सन्तुष्ट हुनुपर्दछ ।
16. प्रस्तुत विवादमा विपक्षी प्रतिवादीहरूका विद्वान् कानुन व्यवसायीले यी प्रतिवादीहरू उपर पहिले नै फौजदारी कारबाही चली सर्वोच्च अदालतबाट अन्तिम टुङ्गो लागेको हुँदा एउटा टुङ्गो लागिसकेको मुद्दाबाट सिर्जित अधिकारमाथि नै हस्तक्षेप हुने गरी अर्के मुद्दाको आधार लिई पहिला भइसकेको कारबाही निष्क्रिय हुने गरी पुनः मुद्दा गर्ने हकदैया वादीलाई नभएको भन्ने कानुनी तर्क अघि सार्नुभएको छ । तापनि प्रतिवादीले जुन विषय सर्वोच्च अदालतबाट टुङ्गो लागिसकेको भनी जिकिर गरेका छन्, सोही मुद्दाको फैसलामा नै सर्वोच्च अदालतले "दुई पक्षबीच कुनै लेनदेन बाँकी भए प्रचलित नेपाल कानुन बमोजिम कारबाही चलाई लेनदेन रकम असुल गर्न सक्ने नै हुन्छ" भनी स्पष्ट रूपमा उल्लेख गरेको देखिन्छ । सोही फैसलाको आधारमा यी वादी आफ्नो लेना रकमको दाबीसाथ अदालत प्रवेश गरेको देखिँदा वादीलाई यो मुद्दा दायर गर्ने हकदैया नरहेको भन्ने प्रतिवादीको तर्फबाट प्रस्तुत बहस जिकिर मनासिब देखिन आउँदैन । अतः वादीलाई प्रस्तुत मुद्दा गर्ने हकदैया सर्वोच्च अदालतको मिति २०४५।१२।२१।५ को फैसलाबाट नै प्राप्त भएको देखिन्छ ।
17. दोस्रो प्रश्न, प्रस्तुत फिराद पत्र कानुनको हद म्यादभित्र परेको छ, छैन ? भन्ने सन्दर्भमा विचार गर्दा हद म्यादको सामान्य सिद्धान्तलाई बुझ्नुपर्ने हुन्छ । हद म्यादको उद्देश्य हो, आफ्नो हकप्रति सबै सचेत रहनुपर्दछ र सो हकमाथि अतिक्रमण भएमा कानुनले निर्दिष्ट गरेको समयभित्र आफ्नो अधिकार खोज्नुपर्दछ । जुनसुकै

अड्डाले ठहर निर्णय गर्नुपूर्व सो मुद्दाको फिराद कानुनको म्यादभित्र परेको छ, छैन अनिवार्य रूपले हेर्नुपर्दछ । यसै सन्दर्भमा गुणराज्यलक्ष्मी शाहविरुद्ध उत्तमप्रसाद खरेलको मुद्दा (ने.का.प. २०५६ नि.नं. ६६९६, पृ.२४५) मा सर्वोच्च अदालतले हदम्यादको महत्वको बारेमा थप व्याख्या गरेको समेत पाइन्छ । प्रस्तुत विवादमा प्रतिवादीहरूले हद म्यादको प्रश्न पनि उठाएको पाइन्छ । वादीले फिरादपत्र अ.वं. ३६, बाँकी नतिर्नेको महलको दफा ३(क), ३(ख) तथा शा.ने.वा.नि. ऐन, २०१९ को दफा ३(२) समेतको हद म्यादलाई टेकेर दर्ता गरेको देखिन्छ । अ.वं. ३६ नं. ले "ऐनमा हद म्याद नलेखिएको कुरामा जहिलेसुकै नालिस दिए पनि लाग्छ" भन्ने व्यवस्था गरेको छ भने मुलुकी ऐन बाँकी नतिर्नेको महलको दफा ३(क) मा "नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था वा कुनै बैंकको नगदी, जिन्सी मस्यौट गरे वा गर्ने प्रयत्न गरेमा बिगो भराउन पर्नेमा बिगो भराई बिगो बमोजिम जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय र बिगो भराउन नपर्नेमा पाँच हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । बाँकी नतिर्नेको महलमा आएको यस दफामा सिधै हद म्यादको कुरा उल्लेख नगरे तापनि "नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नगदी, जिन्सी मस्यौट गरेमा बिगो भराउने" समेतको विषयवस्तु समेटेको मुद्दा लाग्ने कार्यविधिको विषयमा उल्लेख गरेको देखिन्छ । यस कानुनी व्यवस्थाको पूर्णताको निम्ति सोही महलको दफा ३(ख) लाई पनि सँगसँगै हेर्नुपर्ने हुन्छ । जसमा उल्लेख भएको छ कि "नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको वा कुनै बैंकको मस्यौट गरेमा बिगो मस्यौट गर्नेको अंश हकको सम्पत्तिबाट भराई दिइनेछ ।" कानुनको उपरोक्त दफा ३(क) र ३(ख) ले सोही महलको दफा ९ सँग अन्तरसम्बन्ध राखेको पाइन्छ । उक्त दफा ९ लाई हेर्दा "यसै महलका २ नं., ३ नं. र ३ ख नं. मा लेखिएदेखि बाहेक अरूको काम गर्ने कामदारले आफ्ना जिम्माको नगदी, जिन्सी, तहविल मासेमा धनीको उजुर परी ठहर्‍यो भने बिगोको सयकडा पच्चीस जरिवाना गरी बिगो भराउनुपर्नेमा बिगोसमेत भराई दिनुपर्दछ" भन्ने व्यवस्था गरेको छ । दफा ९ को यस व्यवस्थाबाट पनि प्रस्तुत मुद्दाको हद म्यादको सन्दर्भ अझै स्पष्ट रूपमा खुल्न नसक्ने हुँदा यसै दफासँग अन्तरसम्बन्धित दफा ११ लाई व्याख्या गर्नुपर्ने हुन्छ । दफा ११ मा "यसै महलको ९ नम्बर बमोजिमको कसुरमा सो कसुर भए गरेका मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्तैन" भन्ने उल्लेख छ ।

18. यस प्रकार बाँकी नतिर्नेको महलको उपरोक्त व्यवस्थालाई हेर्दा हदम्याद सम्बन्धी विषयलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :-
    1. दफा ३क र ३ख ले सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको बिगो मस्यौट गरेमा मुद्दा लाग्ने व्यवस्था गरेको,
    2. दफा ९ ले उक्त दफा ३क र ३ख नं. मा लेखिएदेखि बाहेकको कुरामा जरिवाना र बिगो भराउने (काम गर्ने काम दारको हकमा मात्र) व्यवस्था गरेको, र
    3. दफा ११ ले उक्त ९ नं. बमोजिमको कसूरमा मात्र सो कसूर भए गरेको मितिले २ वर्षभित्र नालिस दिनुपर्ने व्यवस्था गरेको ।

19. बाँकी नतिर्नेको महलको उपरोक्त ३क, ३ख, ९नं. र १ नं. मा भएको हदम्याद सम्बन्धी व्याख्या र यस मुद्दाको विषयवस्तुलाई हदम्यादको दृष्टिकोणबाट निक्यौल गर्नुपर्दा यति नै समयभित्र नालिस दिनुपर्छ भनी स्पष्टतः किटान गरेको देखिँदैन । दफा ३क र ३ख ले सरकारी स्वामित्वको बिगो मस्यौट गरेको कार्यलाई गैरकानुनी घोषित गरिसकेको छ । हदम्यादको हकमा बाँकी नतिर्नेको महलको दफा ९ मा गएर दफा ३ क

र ३ ख लाई बाहेक गरी "अरूको काम गर्ने कामदारको हकमा मात्र दफा ११ अनुसार २ वर्षको हदम्याद कायम गरेको छ । यसबाट उक्त दफा ३क र ३ख को कार्य सो २ वर्षभित्रको हदम्यादभन्दा बाहिर (exclude) पारेको देखियो । यसरी २ वर्षबाहिर पार्नुको अर्थ हो जहिलेसुकै नालिस दिए पनि लाग्नु । तसर्थ प्रस्तुत मुद्दाको सन्दर्भमा स्वतः अ.वं. ३६ नं. आकर्षित हुने देखिन्छ । तसर्थ अ.वं. ३६ नं. ले हदम्याद नलेखेको कुरामा जहिले सुकै नालिस गर्न सक्ने व्यवस्था गरेको र बाँकी नतिर्नेको ३क, ३ख को कार्यमा हदम्याद अन्यत्र कानुनमा लेखिएको नपाइँदा प्रस्तुत फिराद अ.वं. ३६ नं. कै हदम्यादको आधारमा दर्ता हुन सक्ने देखियो ।

20. तेस्रो प्रश्न, प्रस्तुत विवादमा कानुनको पश्चात्‌दर्शी असरको सिद्धान्त आकर्षित हुन्छ, हुँदैन ? भन्ने सन्दर्भमा पनि निर्णय दिनुपर्ने भएको छ । यस प्रश्नमा प्रतिवादी देवज्योति कंसाकारको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कोमलप्रकाश घिमिरेले हदम्यादको सन्दर्भलाई जोडेर बाँकी नतिर्नेको महलको दफा ३क, ३ख तथा अ.वं. ३६ को कानुनी व्यवस्था Oct.5, 1977 मा सम्पन्न सम्झौतापश्चात् मुलुकी ऐनमा नवौं संशोधन (मिति २०४३।७।२४।२ मा) भएपछि बाँकी नतिर्नेको महलको ३क र ३ख को व्यवस्था कानुनमा पछि मात्र आएको हुँदा पहिले नै सम्पन्न भइसकेको करारमा पछि संशोधन भएको ऐनले गरेको हदम्याद सम्बन्धी व्यवस्था लागू हुँदैन भनी बहस नोटमा प्रश्न उठाउनुभएको छ । वस्तुतः पक्षहरूबीच सम्झौता Oct 5, 1977 मा सम्पन्न भएको र बाँकी नतिर्नेको महलको ३क र ३ख को प्रावधान मुलुकी ऐन नवौं संशोधन पनि मिति २०४३।७।२४।५ बाट नै भएको देखिन्छ । तर सर्वोच्च अदालतले यसै विषयको यिनै पक्षहरू रहेको भ्रष्टाचार सम्बन्धी मुद्दामा "पक्षहरूबीच लेनदेन सम्बन्धी कुनै विवाद भए प्रचलित कानुन अनुसार सम्बन्धित निकायमा जान सक्ने" भनी फैसला गरेको अवस्था रहेको छ । साथै उक्त भ्रष्टाचार मुद्दा मुलुकी ऐनको नवौं संशोधन हुनुपूर्व नै विशेष अदलातमा चलेको र तहतह फैसला हुँदा सर्वोच्च अदालतले लेनदेन सम्बन्धी प्रचलित कानुन अनुसार कारबाही चलाउन सक्ने बाटो खुल्ला राखी फैसला गरेको आधारमा नै ने.वा. नि. को तर्फबाट यस अदालतमा प्रस्तुत मुद्दा पर्न आएको कार्यबाट सुरुमा भ्रष्टाचार ऐनअन्तर्गत चलेको विवादकै निरन्तरता देखिएकोले कानुनको पश्चात्‌दर्शी असर रहेको भन्न मिल्ने अवस्था देखिँदैन ।

21. चौथो प्रश्न, प्रस्तुत मुद्दामा बाँकी नतिर्नेको महलको दफा ३क र ३ख समेतको आधामा दायर हुन सक्दछ, सक्तैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन्छ । मुलुकी ऐन बाँकी नतिर्नेको महलको दफा ३क मा "नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको वा कुनै बैंकको नगदी जिन्सी मस्यौट गरे वा गर्ने प्रयास गरेमा बिगो भराउनुपर्नेमा बिगो भराई बिगो बमोजिम जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै सजाय र बिगो भराउन नपर्नेमा ५ हजारसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै सजाय हुने" भन्ने व्यवस्था रहेको छ । सोही दफा ३ख मा "नेपाल सरकारको संगठित संस्थाको बिगो मस्यौट गर्नेलाई कैद गरी पाऊँ भनी निवेदन दिएमा प्रतिमहिना रु. ५००।- कट्टा हुने गरी कैदसमेत गर्न सक्ने" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

22. प्रस्तुत विवाद नेपाल वायु सेवा निगम वादी भै चलेको रकम दिलाई भराई पाऊँ भन्ने दाबीसँग सम्बन्धित रहेको छ । नेपाल वायु सेवा निगम एउटा सार्वजनिक सरकारी संस्था हो भन्ने तथ्य निर्विवाद नै छ । त्यस्तो सार्वजनिक संस्थाको नगद मस्यौट गरेको विषय नै मुद्दामा समावेश भएको छ । बाँकी नतिर्नेको महलको दफा ३ क र ३ख मा उल्लेखित उपरोक्त कानुनी व्यवस्थाको परिधिभित्र विवादित विषय पर्न आउने नै स्थिति विवादित विषयको अन्तरवस्तुबाट देखिन्छ । उक्त दफा ३क र ३ख को सम्बन्धमा कुनै हदम्याद उल्लेखसमेत

नभई अ.वं. ३६ आकर्षित हुने भन्ने विषयमाथि दोस्रो प्रश्नमा नै निरुपण गरिसकिएको अवस्थासमेत विद्यमान रहेको छ। सर्वोच्च अदालतले पनि प्रस्तुत विषयको निर्णय गर्दा (मिति २०४५।१२।२१।५ को फैसला) मा "शाही नेपाल वायु सेवा निगमले दोलखा ट्राभल्सबाट प्राप्त गर्नुपर्ने बाँकी रकम भए सो सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम असुलउपर गर्न, गराई लिन सक्ने नै देखिन्छ। यस सम्बन्धमा सिद्धार्थ ट्राभल्सले शाही नेपाल वायु सेवा निगमको हवाई टिकट बिक्री गरेबापत निगमलाई तिर्नु बुझाउनुपर्ने रकम नतिरेको, त्यस विषयमा मुलुकी ऐन, बाँकी नतिर्नेको महल बमोजिम निगमले ट्राभल्स उपर टिकटको रकम दिलाई पाऊँ भनी सामान्य अदालत (regular court) समक्ष मुद्दा दायर गरेको, (ने.का.प. २०४२, नि.नं. २०२४, अंक ७ मा प्रकाशित भएको सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट देखिन्छ" भनी फैसलामा उल्लेख गरेको पूर्व दृष्टान्तसहितको निर्णयाधारलाई नै निर्णयार्थ प्रस्तुत प्रश्नको निरुपणको निर्णयाधार (ratio decidendi) को रूपमा लिनुपर्ने हुन्छ। अतः सर्वोच्च अदालतबाट भएको यिनै वादी प्रतिवादी पक्ष रहेको संवत् २०४१ सालको फौ.दु.नं. ४०३, ४०४, ४०५, ४०६, ४६८, ४६९ र ४७० तथा ने.का.प. २०४२ नि.नं. २०२४, अंक ७ मा प्रकाशित शा.ने.वा.नि. वि. सिद्धार्थ ट्राभल्ससमेतको मुद्दामा भएको निर्णयको आधारमा प्रस्तुत मुद्दा मुलुकी ऐन बाँकी नतिर्नेको महलको आधारमा सामान्य अदालतमा मुद्दा दायर हुन सक्ने नै देखिन्छ।

23. पाँचौं प्रश्न, प्रस्तुत मुद्दा करार ऐन अन्तर्गत दायर हुनुपर्ने हो, होइन ? भन्नेतर्फ हेर्दा, निश्चित रूपमा वादी ने.वा.से.नि. र प्रतिवादी दोलखा ट्राभल्स एण्ड टुर्सबीच मिति Oct 5, 1977 मा भएको करारबाट उत्पन्न दायित्वको विषयमा प्रस्तुत मुद्दा सामान्य अदालतको क्षेत्राधिकारभित्र प्रवेश गरेको छ। सिद्धान्ततः करारको सामान्य नियम अनुसार करार वा सम्झौताबाट सिर्जित पक्षहरूको दायित्व निर्धारण गर्न मुलुकको करार ऐन नै लागू हुन्छ। तर प्रस्तुत मुद्दामा माथि चौथो प्रश्नमा उल्लेख गरिएको सर्वोच्च अदालतबाट भएको मिति २०४५।१२।२१।५ को यसै विषयको भ्रष्टाचार सम्बन्धी मुद्दामा भएको फैसला र सो फैसलामा समेत उद्धृत गरिएको सिद्धार्थ ट्राभल्सलाई विपक्षी बनाई तत्कालीन शाही नेपाल वायु सेवा निगमले दायर गरेको यस्तै विषयवस्तु समावेश भएको मुद्दामा सर्वोच्च अदालले प्रतिपादन गरेको सिद्धान्तको आधारमा निरुपण गर्नुपर्ने विषयको रूपमा प्रवेश गरेको पाइन्छ। यस आधारमा प्रस्तुत मुद्दा करार ऐन अनुसार दायर हुनुपर्ने भनी जिकिर लिन मिल्ने देखिँदैन। किनभने नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६(२) ले मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नुपर्नेछ" भन्ने संवैधानिक व्यवस्था गरेको छ। यस परिप्रेक्ष्यमा यस इजलासले पनि उक्त संवैधानिक प्रावधानको आधारमा सर्वोच्च अदालतबाट भएको व्याख्या र प्रतिपादित माथि उल्लेखित सिद्धान्तलाई पालना गर्नुपर्ने बाध्यात्मक कर्तव्य रहेको हुन्छ। तसर्थ प्रस्तुत विवाद करार ऐन अन्तर्गत सम्बोधन हुनुपर्ने हो भन्ने प्रतिवादी पक्षका विद्वान् अधिवक्ताहरूको मतसँग म सहमत हुन सकिनँ।

24. छैटौं प्रश्न, अ.वं. ७२ र ७३ नं. को प्रतिकूल हुने गरी प्रस्तुत फिराद दायर भएको छ, छैन ? भन्ने प्रश्नको निरुपणतर्फ हेरौं, प्रतिवादी गुञ्जबहादुर रञ्जितको तर्फबाट पेस भएको बहस नोटमा उक्त प्रश्न उठाइएको देखिन्छ। उक्त बहस नोटमा कम्पनी र कर्मचारीउपर एउटै फिराद अ.वं. ७२ नं. प्रतिकूल हुनुको साथै भ्रष्टाचार मुद्दाको रूप विचार गरी अ.वं. ७३ नं. प्रतिकूल सोही विषयमा मुद्दा परेको भनी जिकिर लिएको

पाइन्छ । कम्पनी भनेको एउटा कानुनद्वारा सिर्जित संगठित संस्था हो । त्यस्तो संस्था सञ्चालन गर्नको लागि मानवीय शक्तिको जरुरत पर्दछ । निर्जीव संस्था आफैं गतिशील हुन सक्तैन । तसर्थ मानवीय व्यक्तित्वको अभावमा संस्था गतिहीन हुन्छ । संस्थाको नामबाट त्यसका सञ्चालक र कर्मचारीले कम्पनीको उद्देश्य अनुसार क्रियाशील रहने हुँदा अ.वं. ७२ नं. प्रतिकूल मुद्दा दायर भएको भन्न मिल्ने देखिँदैन । अ.वं. ७३ नं. प्रतिकूल भएको भन्ने जिकिरतर्फ हेर्दा नेपाल वायु सेवा निगमले भ्रष्टाचार मुद्दाको रूप विचार गरी प्रस्तुत मुद्दा दायर गरेको नभई सर्वोच्च अदालतको मिति २०४५।१२।२१ को फैसलाले निर्देश गरे अनुसार नै प्रस्तुत मुद्दा दायर भएको तथ्यमा स्वयं बहस नोट प्रस्तुतकर्ता विद्वान् अधिवक्तासमेत पर्याप्त जानकार रहेको हुँदा उहाँको उक्त जिकिरसँग पनि सहमत हुन सकिएन ।

25. सातौं प्रश्न, एउटै विषयमा दोहोरो दाबी लिन मिल्छ, मिल्दैन ? भन्ने प्रश्न यस मुद्दाको ठहर गर्नुपर्ने विषय हो होइन भनी हेर्नुपर्ने हुन्छ । प्रतिवादी देवज्योति कंसाकारका विद्वान् अधिवक्ताले बहस नोटमा प्रस्तुत मुद्दा प्राङ्गन्याय (Res-judicata) को सिद्धान्त विपरीत छ भन्नुभएको छ । यस प्रसङ्गमा उहाँले ने.का.प. २०४७ नि.नं. ४०६९ लगायत अन्य मुद्दाहरूमा सिद्धान्त प्रतिपादन भएको छ भनी उल्लेख गर्नुभएको छ । त्यस्तै अधिवक्ता उद्धवकुमार के.सी.ले पनि ने.का.प. २०६६ अंक १, पृष्ठ १४६ नि.नं. ८०६२ को आधारमा प्राङ्गन्यायको प्रश्न उठाई आफ्नो जिकिर गर्नुभएको छ । विद्वान्हरूले मुद्दाको नाउँ फरक भए पनि प्रस्तुत मुद्दा २०४५।१२।२१।५ मा फैसला भै सकेको आधारमा त्यस्तो जिकिर लिनुभएको देखिन्छ । प्राङ्गन्याय (Res Judicata) को सिद्धान्तलाई मुद्दा मामिलामा एक पटक अन्तिम निर्णय भएपछि त्यसको अन्त्य (finality of the case) हुनपर्छ भन्ने सिद्धान्तसँग जोडेर हेरिन्छ भन्ने उहाँहरूको सैद्धान्तिक तर्कलाई यो इजलास पनि सम्मान गर्दछ । तर जुन विवाद आज यस इजलासमा प्रस्तुत भएको छ, सो विवाद उपरोक्त मुद्दाको अन्तिमताको सिद्धान्त विपरीत प्रवेश गरेको छैन भन्ने तथ्य स्वयम् विद्वान्ले नै उद्धृत गर्नुभएको २०४५।१२।२१।५ को सर्वोच्च अदालतकै फैसलामा उल्लेख भएको छ । उक्त फैसलामा "वादी प्रतिवादीको बीचमा कुनै लेनदेन कारोबार भए प्रचलित नेपाल कानुन अनुसार सामान्य अदालत (court of law) बाट कानुनी उपचार पाउन सक्ने" भनी प्रस्ट रूपमा निर्णय गरिएको आधारमा नै वादी नेपाल वायु सेवा निगमले बाँकी नतिर्नेको महल अन्तर्गत प्रस्तुत फिराद दायर गरेको पाइन्छ । त्यसो हुँदा एउटै विषयमा दोहोरा दाबी लिएको भन्ने विद्वान् अधिवक्ताहरूको मतसँग यो इजलास सहमत नभई फरक मत राख्दछ ।

26. आठौं प्रश्न, कम्पनीको सीमित दायित्व हुने सिद्धान्त प्रस्तुत मुद्दामा प्रासङ्गिक छ, छैन ? र कम्पनीका कर्मचारी र सञ्चालकउपर दायित्व पर्ने हो, होइन ? भन्नेतर्फ हेरौं । प्रतिवादीतर्फका विद्वान् अधिवक्ताहरूले प्रस्तुत मुद्दा तत्कालीन कम्पनी ऐन, २०२१ तथा हालको कम्पनी ऐन, २०६३ अनुसार दायर हुनुपर्नेमा कार्यविधिगत त्रुटि गरी दायर भएको हुँदा खारेज हुनुपर्दछ भन्ने तर्क प्रस्तुत गर्नुभएको छ । साथै दोलखा ट्राभल्स एण्ड टुर्स प्रा.लि. नामको कम्पनी यो मुद्दा गर्दाको अवस्थामा जीवित नरहेको, कम्पनीको अस्तित्व नै नरहेको अवस्थामा त्यसका सेयरहोल्डर र सञ्चालकको हैसियत पनि समाप्त हुने, यस्तो अवस्थामा पूर्व सञ्चालक वा सेयरधनीको जवाफदेहिता नरहने भनी जिकिर लिनुभएको छ । बहसको क्रममा उहाँहरूले कम्पनीको सेयरहोल्डरहरूमा आफ्नो नाममा रहेको सेयरमा सम्म दायित्व रहने हुँदा त्यस्तो सीमित दायित्व भएको कम्पनीका सञ्चालक वा सेयरधनीलाई कम्पनीको पुँजी नै नरहे नभएको अवस्थामा दायित्व थोपर्नु गैरकानुनी र गैरसैद्धान्तिक अवधारणा हुन जान्छ भनी तर्क गर्नुभएको पाइन्छ । तर उहाँहरूबाट प्रस्तुत

बहस जिकिरलाई आधार मानी कुनै पनि सार्वजनिक संगठित संस्थाको रकम भुक्तानी गर्नुपर्ने दायित्वबाट कम्पनीका बाहकहरू (सेयरधनी वा संस्थापकहरू) ले उन्मुक्ति पाउने हो भने सबै सार्वजनिक प्रकृतिका संस्थाहरू  धराशयी भएर जाने अवस्था आइपर्दछ । कम्पनी भनेको एउटा निर्जीव तर कानुनी व्यक्ति हो । मानवीय व्यक्तित्वको ऊर्जाबिना त्यो जीवन्त रहन सक्तैन भने सत्य शाश्वत छ। कम्पनीको कानूनी व्यक्तित्व मात्र हुने र आफ्नै अस्तित्व नभएको कृत्रिम व्यक्ति भएको हुनाले त्यसमा प्राकृतिक व्यक्तिले काम गरेपछि मात्र प्राण भरिन्छ र कम्पनी जीवन्त र क्रियाशील हुन जान्छ । त्यसरी काम गर्नको लागि कम्पनीको सर्वोच्च कार्यकारिणी अधिकार सामूहिक रूपमा सञ्चालक समितिलाई र व्यक्तिगत रूपमा सञ्चालकलाई हुन्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ । दशकौंअघि *Solomon V. A solomen and co. (1897) AC 22* को मुद्दामा उपरोक्त विचार व्यक्त भएको छ भनी वादीतर्फका विद्वान् अधिवक्ताहरूले प्रस्तुत गर्नुभएको दृष्टान्तलाई प्रस्तुत प्रश्नको सन्दर्भमा सकारात्मक रूपमा ग्रहण गर्न आवश्यक ठान्दछु ।

27. अर्कोतर्फ प्रस्तुत प्रश्नको निरुपणको सन्दर्भमा कम्पनीको घुम्टो उघार्ने (lifting the corporate veil) भन्ने सिद्धान्तलाई पनि संक्षिप्त चर्चा गर्नु सान्दर्भिक देख्दछु । कुनै पनि कम्पनीले यदि एउटा corporate body को रूपमा कम्पनीको खोल ओढेर सो कम्पनीले दिएको अधिकारभन्दा बाहिर गएर कुनै कार्य गर्दछ भने त्यस्तो अवस्थामा उसलाई नै दायित्व थोपर्नुपर्दछ भन्ने यस सिद्धान्तको मक्सद हो । *Gilford. Motor Co V. Home [(1933) ch 935 (CA)]* को मुद्दामा यसै सिद्धान्तको प्रकाशमा व्याख्या भएको पाइन्छ ।

28. प्रतिवादीतर्फका विद्वान् अधिवक्ताहरूले दोलखा ट्राभल्स एउटा सीमित दायित्व भएको कम्पनी हो । लिमिटेड कम्पनीको आफ्नो छुट्टै अस्तित्व हुने र हाल सो लिमिटेड कम्पनी जीवित नरहेको हुँदा त्यसका सञ्चालकहरूको सीमित दायित्व पनि कम्पनीसँगै समाप्त भै सकेको हुँदा वादी दाबी अनुसार रकम भराउन मिल्दैन भन्ने जिकिर प्रस्तुत गर्नुभएको छ । तर लिमिटेड कम्पनीको दायित्वको सम्बन्धमा सन् १८९७ मा *Solomon v. Solomon and Company* को मुद्दामा House of Lords ले कम्पनी एउटा Distinct Legal Person हो र यो पूर्णतया कम्पनीका सदस्यहरूभन्दा फरक हुन्छ भनी प्रतिपादन गरेको सिद्धान्तसँगसँगै अदालतले आवश्यक ठानेमा कम्पनीको घुम्टो उघारेर सत्य तथ्य उजागर गर्न सक्तछ भन्ने Twin Principle स्थापित गरेको पाइन्छ । आधुनिक कम्पनी कानुनमा यो सिद्धान्तको आधारमा धेरै व्याख्या र सिद्धान्त प्रतिपादन भै सकेको छ । Solomon सिद्धान्त अनुसार कम्पनीको आफ्नै जीवन हुन्छ, यसले आफ्नो नाममा सम्पत्ति आर्जन गर्न सक्छ, मुद्दा गर्न सक्छ र यसमाथि पनि मुद्दा पर्न सक्दछ । साथै यसको जीवन र अस्तित्वको निरन्तरता संस्थागत लाभको लागि रहेको हुन्छ। यद्यपि यो एउटा कम्पनी र त्यसका सञ्चालकबीचमा रहेको ठूलो पर्दा (hefty veil) को तुलनामा अझै कडा नियम हो । त्यस्तो पर्दा धेरै सीमित संख्याका परिस्थितिमा मात्र उघार्न सकिन्छ । जुन तत्कालीन न्यायिक विचार अनुसार केही लचकदार भने हुनसक्दछ ।

29. तथापि अदालतहरूले Solomon case मा प्रतिपादित सिद्धान्तमा व्यक्त दुई प्रमुख विचारहरू (Twin Principle) पहिलो कम्पनीको स्वतन्त्र अस्तित्वलाई विचार गर्नुपर्दछ भने दोस्रो कम्पनीको वास्तविक चरित्रलाई न्यायिक स्वविवेकको आधारमा आवश्यक परेमा पर्दा उघारेर समेत हेर्नुपर्दछ । विभिन्न परिस्थितिमा अदालतको निर्णयले संस्थाको घुम्टो उघार्ने गरेको अथवा घुम्टोभित्र लुकिरहेको व्यक्तिसम्म पुग्न इन्कार गरेको अथवा सरोकारवाला कम्पनीको वास्तविक रूप र चरित्र उदाङ्गो पारिदिएको समेत पाइन्छ । जस्तै :

*R.V Mc Donnel, (1966) 1 All ER 193: (1966) I QBZ33.* को मुद्दामा "where the sole responsible person in the company is the defendent himself, it would not be right to say that there were two person or two minds" भन्ने व्याख्या भएको पाइन्छ । त्यस्तै Veil of corporate personality को सन्दर्भमा "The corporate veil is said to be lifted when the court ignores the company and concerns itself directing with members of managers भन्ने व्याख्या भएको छ । (*(1962) 78 LQR 315*, Avtar singh, company law, 15th edition (2009) Estern Book Company, P.14) । प्रस्तुत मुद्दामा पनि प्रतिवादी पक्षले सीमित दायित्वको जिकिर लिए तापनि दोलखा ट्राभल्सले ने.वा.नि. सँग गरेको सम्झौता अनुसारको कार्य व्यवहार तथा वास्तविकतामा त्यस्ता सञ्चालकहरूको सक्रियतामा क्रियाशील हुने हो । सो ट्राभल्सको दायित्व ट्राभल्सका व्यवस्थापक अर्थात् सञ्चालकहरूसँग प्रत्यक्ष रूपमा नै सम्बन्धित देखिएको छ । यस्तो आधारमा उपरोक्त दृष्टान्तहरूसमेतको आधारमा एउटा दोलखा ट्राभल्स एण्ड टुर्स नामधारी कम्पनी भएकै आधारमा ने.वा.नि.जस्तो सार्वजनिक संस्थालाई तिर्नुपर्ने कुनै पनि रकम तिर्न इन्कार गर्न सक्ने वा सो कम्पनीका सञ्चालकहरूले दायित्वबाट उन्मुक्ति पाउन सक्ने भन्ने हुँदैन ।

30. सम्भवतः यसको पछाडि रहेको विधिशास्त्रीय अवधारणा के हो भने कानुनले कुनै पनि संगठित संस्थालाई त्यसको विधान र त्यसको उद्देश्यको विपरीत काम गरी दुरुपयोग हुनुबाट रोक्नु नै हो । त्यस्तो परिस्थितिमा यदि अदालतले कुनै कम्पनीद्वारा त्यसको उद्देश्य विपरीत कार्य भएको प्रत्यक्ष अनुभूति गर्ने आधारहरू रहेको अवस्था छ भने Solomon principle को पनि अवज्ञा गर्न सक्दछ र त्यस्तो कम्पनीको मुखुण्डो उघारेर त्यसको वास्तविक चरित्र र प्रकृतिलाई नङ्ग्याउन सक्दछ भन्ने मान्यता English Law मा समेत विकसित हुँदै आएको छ ।

31. खासगरी कम्पनीको घुम्टो उघार्ने सिद्धान्त जालसाज (Fraud), सामूहिक उद्यम (Group Enterprises), संस्था (Agency), गुठी (Trust), शत्रु चरित्र (Enemy character) र कर (Tex) जस्ता अवस्थामा लागू गर्ने अदालती परम्परा रही आएको छ । जस्तै Gilford motor company Ltd v. Home र Jones v. Lipman को मुद्दामा जालसाज (Fraud) को आधारमा लिन खोजिएको सुविधा नपाउने गरी कम्पनीको घुम्टो उघार्ने सिद्धान्त लागू हुने व्याख्या भएको पाइन्छ । उपरोक्त मुद्दाको संक्षिप्त तथ्य यस प्रकार रहेको थियो - In the first case, Mr. Horne was an ex-employee of the Gilford motor company and his employment contract provided that he could not solicit the customers of the company. In order to defeat this he incorporated a limited company in his wife's name and solicited the customers of the company. The company brought an action against him. The Court of appeal was of the view that "the company was formed as a device, a stratagem, in order to mask the effective carrying on of business of Mr. Horne" In this case it was clear that the main purpose of incorporating the new company was to perpetrate fraud. Thus the court of appeal regarded it as a mere sham to cloak his wrongdoings.

In the second case of *Jones v. Lipman* a man contracted to sell his land and thereafter changed his mind in order to avoid an order of specific performance he transferred his property to a company. Russel judge specifically referred to the judgments in *Gilford v. Home* and held that the

company here was "a mask which (Mr. Lipman) holds before his face in an attempt to avoid recognition by the eye of equity" he awarded specific performance both against Mr.Lipman and the company.

32. करार भनेको सम्बद्ध पक्षहरूले आफै बनाएको Private law हो । सो करार अनुसार कार्य गर्न पक्षहरू स्वतन्त्र हुन्छन् । तर यसको मतलब यो होइन कि उनीहरू त्यो स्वतन्त्रताको दुरुपयोग गर्ने हदम्याद निरपेक्ष रूपमा स्वतन्त्र हुन्छन् । यदि करारीय स्वतन्त्रताको दुरुपयोग गरेर कसैले Corporate entity को mask लगाएर व्यक्तिगत लाभ प्राप्त गर्ने धृष्टता राख्दछ र त्यसमा पनि सार्वजनिक वा राज्यको सम्पत्ति हिनामिना गर्छ भने उसले निश्चित रूपमा त्यसको उत्तरदायित्व लिनुपर्दछ र हानि नोक्सानी भएको सम्पत्ति परिपूरण गर्नुपर्दछ ।

33. प्रस्तुत प्रश्नको सन्दर्भमा वादी पक्षका विद्वान्हरूले Unjust enrichment को सिद्धान्त पनि लागू हुने तर्कहरू प्रस्तुत गर्नुभएको छ । यस सिद्धान्त अनुसार कुनै पनि व्यक्ति अनधिकृत रूपमा धनी हुन सक्तैन । अर्थात् आफूले कुनै दुःख नगरीकन ऊ सुखको मालिक हुन सक्तैन भन्ने हो । यस मुद्दामा केही हदसम्म यो सिद्धान्त पनि आकर्षित हुन आएको छ । किनभने वादीसँग भएको करारको सर्त अनुरूप बिक्री भएका टिकटको कमिसन मात्र पाउने हक प्राप्त कम्पनीका सम्बद्ध व्यक्तिहरूले टिकट बिक्री गरी मूल रकम नै फिर्ता नगर्ने जस्तो शतप्रतिशत लाभ आफैं लिन खोज्नु अप्रत्यक्षतः Unjust enrichment नै हो ।

34. उपरोक्त दुईवटा सिद्धान्तहरू Lifting the corporate veil र Unjust enrichment प्रस्तुत मुद्दामा लागू हुने हो वा होइन भन्ने अवस्थातर्फ विचार गर्दा, प्रतिवादी दोलखा ट्राभल्सको नामबाट त्यस प्रा.लि. का सञ्चालक तथा सेयरधनीहरूले वादी नेपाल वायु सेवा निगमसँग टिकट बिक्रीको सम्झौता गरेको देखिन्छ । बिक्री भएका टिकटहरूको रकम सम्झौताको परिधिभित्र रहेर नेपाल वायु सेवा निगमलाई बुझाउनुपर्ने दायित्व प्रतिवादीहरूको भएकोमा सो दायित्व पूरा नगरी बसेको देखिन्छ । यस्तो अवस्थामा हाल दोलखा ट्राभल्सको अस्तित्व नै समाप्त भएको भन्ने आधारमा बिक्री भएका टिकटको रकम सञ्चालक र सेयरधनीले आफ्नो निजी सम्पत्तिको रूपमा प्रयोग गर्न पाउनु भनेको अनुचित रूपमा सार्वजनिक संस्थाको सम्पत्तिमाथिको बदनियतपूर्ण हस्तक्षेप हो । कम्पनी निर्जीव संस्था भएकोले त्यस निर्जीव संस्थामा प्राण भर्ने माध्यमको रूपमा रहेका सो संस्थाका सञ्चालक वा सेयरधनीले उक्त संस्थाको मृत्यु भएको भन्ने आधारमा आफ्नो दायित्वबाट भाग्न वा उम्कन मिल्दैन । यदि कम्पनीलाई मृत घोषित गरी उसको नामबाट भएका लाभहरू निजीकरण गर्न छुट दिने हो भने सम्भवतः अविश्वास र बेइमानीको यस दुनियाँमा विरलै मात्र सच्चा कम्पनीहरूको अस्तित्व रहनेछ । तसर्थ त्यस्ता बदनियतधारी कम्पनीको पर्दा निश्चित रूपमा उघारिनुपर्छ । पर्दा पछाडि बसेर सार्वजनिक संस्थाको सम्पत्तिमा मोजमस्ती गर्ने छुट कसैलाई दिइनु हुँदैन । त्यस्तै Unjust enrichment को सिद्धान्त अनुसार पनि सार्वजनिक संस्थानको सम्पत्ति दोलखा ट्राभल्स र त्यसका सञ्चालक तथा सेयरधनीहरूले सम्झौता बमोजिम बुझाउनुपर्ने टिकट बिक्रीको रकम नबुझाई आफ्नो निजी सम्पत्तिसरह प्रयोग गर्न पाउने सुविधा निजहरूलाई प्राप्त हुन सक्दैन ।

35. नवौं प्रश्न, वादी दाबी अनुसार रकम भराई दिनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णयतर्फ विचार गर्दा माथि उल्लेखित पहिलो प्रश्नमा वादीलाई फिराद गर्ने हकदैया रहेको छैन भन्ने प्रतिवादीको जिकिर स्थापित हुन नसकी यी वादीलाई फिराद गर्ने हकदैया रहेको भनी निर्णय भै सकेको छ । फिराद हद म्यादभित्र परेको छैन भन्ने दोस्रो प्रश्नको निरुपण पनि सर्वोच्च अदालतको मिति २०४५।१२।२१।५ को फैसलाको आधारमा बाँकी नतिर्नेको महल अन्तर्गत मुद्दा दायर। भएको हुँदा हद म्यादभित्र नै प्रस्तुत मुद्दा दर्ता भएको हो भन्ने

ठहर भएको छ । कानुनको पश्चात्‌दर्शी असर रहेको भन्ने प्रतिवादीहरूको भनाइ पनि स्थापित हुन नसक्ने निर्णयमाथि नै तेस्रो प्रश्नमा भएको अवस्था छ । प्रस्तुत मुद्दामा मुलुकी ऐन बाँकी नतिर्नेको महल आकर्षित हुँदैन भनी लिएको प्रतिवाद जिकिर पनि माथि चौथो प्रश्नमा सर्वोच्च अदालतको उक्त मिति २०४५।१२।२१।५ को फैसलाको आधारमा खण्डित भै निर्णय भै सकेको स्थिति छ ।

36. पाँचौं प्रश्न प्रस्तुत मुद्दा करार ऐन अन्तर्गत दर्ता हुनुपर्ने भन्ने विपक्षीहरूको भनाइ औचित्यपूर्ण नदेखिई सर्वोच्च अदालतकै उपरोक्त फैसलामा निर्देश भएअनुरूप संगठित सरकारी संस्थाको रकम असुल गर्ने कानून अनुसार दायर हुन आएको अवस्था छ । छैटौं प्रश्नमा अ.वं ७२ र ७३ नं. को प्रतिकूल हुने भनी विपक्षीहरूले प्रश्न उठाएकोमा सर्वोच्च अदालतले उपरोक्त फैसलामा उल्लेख भए बमोजिम भ्रष्टाचार नठहरी लेनदेनको विषयमा सामान्य अदालतमा मुद्दा गर्न सकिने भन्ने निर्णय भएको आधारमा दायर भएको हुँदा प्रतिवादीहरूको जिकिरसँग सहमत नहुने भनी माथि नै विवेचना गरिसकिएको छ । सातौं प्रश्नमा प्राङ्गन्याय (Res-judicata) को प्रश्न उठाइएकोमा सो सिद्धान्त प्रस्तुत मुद्दामा लागू नहुने विश्लेषण गरिएको छ । आठौं प्रश्नमा कम्पनीको सीमित दायित्व हुने सिद्धान्त अनुसार कर्मचारी र सञ्चालकउपर दायित्व नपर्ने भन्ने प्रतिवादीहरूको भनाइ जिकिरलाई मुद्दाको तथ्यगत अवस्था सार्वजनिक सरकारी संस्थानको सम्पत्तिको संरक्षण र Lifting the corporate veil तथा Unjust enrichment को सिद्धान्त अनुरूप प्रतिवादीहरूले दायित्व व्यहोर्न बाध्यता हुने विश्लेषण गरी ठहर भएको अवस्था छ ।

37. अतः उपरोक्त आठवटा प्रश्नहरूमा केन्द्रित रही गरिएको तथ्यगत र कानुनी विश्लेषणको आधारमा वादीको दाबी अनुसारको रकम दोलखा ट्राभल्स एण्ड टुर्स प्रा.लि.का कर्मचारी तथा सञ्चालक प्रतिवादी खण्डमा उल्लेखित व्यक्तिहरूबाट सम्झौता बमोजिम ने.वा.नि. लाई बुझाउनुपर्नेमा नबुझाएको अवस्था प्रस्ट रूपमा देखियो । तसर्थ प्रतिवादीहरूको आ-आफ्नो सेयरको हिस्सा अनुसार हुन आउने रकम निजहरूको नाउँमा रहेको सेयरको अनुपातमा स्वयं नेपाल वायु सेवा निगमले नै हिसाबकिताब गरी गराई दामासाहीले प्रतिवादीहरूबाट भराई पाउने ठहर्छ ।

38. अब कुन प्रतिवादीले के कति रकम बुझाउनुपर्ने हो भन्ने प्रश्नको सन्दर्भमा प्रतिवादीका विद्वान्‌हरूले गरेको जिकिर अनुरूप वादीले आफ्नो फिराद दाबीमा प्रत्येक व्यक्तिको दायित्व प्रस्ट रूपमा खोल्न सकेको पाइँदैन । तर व्यक्तिपिच्छेको दायित्व वादीले किटान नगरेकै आधारमा ने.वा.नि. लाई तिर्नुपर्ने उक्त दायित्वबाट प्रतिवादीहरूले उन्मुक्ति पाउने भन्ने जिकिर भने मनासिब देखिँदैन । सम्पूर्ण नेपाली नागरिकको साझा सम्पत्तिको रूपमा रहेको ने.वा. नि. को लेना रकम सो खाने वा मास्ने व्यक्तिबाट असुल उपर हुनैपर्दछ । अब, जुन जुन व्यक्तिले जे जति हक हिस्सा दोलखा ट्राभल्सको नाउँमा लिएका छन्, त्यसको सम्पूर्ण हिसाबकिताब स्वयं दाबीकर्ता (फिरादी) ले प्रचलित आर्थिक ऐन नियम अनुसार गर्नु गराउनु निजकै कर्तव्य र दायित्व पनि हो । तसर्थ यस इजलासले यी यस प्रतिवादीबाट यो यति रकम भराउने भन्ने स्थिति फिराद माग दाबीबाट पनि प्रस्ट नभएकोले निम्नलिखित सामान्य मार्गदर्शनको आधारमा वादीले प्रतिवादीबाट रकम भराई लिन पाउने ठहर्छ ।

(१) मिति Oct 5, 1977 को सम्झौताको आधारमा प्रतिवादी ट्राभल्स एजेन्सीले बिक्री गर्न जिम्मा लिएको टिकटको ने.वा.नि. ले खुद पाउने रकम बुझाएको भन्ने नदेखिँदा वादी दाबीमा उल्लेखित रु.७२,६६,१९७२१ लाई नै कायम गर्ने,

(२) उक्त रकमलाई प्रतिवादीहरूले दोलखा ट्राभल्समा रहेको आफ्नो सेयर संख्याको अनुपातमा दामासाहीले हिसाब गरी तिर्नुपर्ने दायित्व निर्धारण गर्ने,

(३) ब्याजतर्फको दाबीको हकमा सर्वोच्च अदालतको फैसला अनुसार लेनदेन प्रकृतिको विषय देखिएको भनी फैसलामा उल्लेख भएको कारणबाट उल्लेखित रकम लाई जम्मा भराउनुपर्ने रकम मानी मुलुकी ऐन, लेनदेन व्यवहारको ६ नं. अनुसार १०% का दरले भराई दिनू ।

39. प्रस्तुत मुद्दा सर्वोच्च अदालतबाट मिति २०४५।१२।२१।५ मा भएको फैसलाको आधारमा दायर हुन आएको देखिन्छ । उक्त फैसलाले वादी पक्षलाई विपक्षी प्रतिवादीसँग कुनै लेनदेन कारोबार भए प्रचलित कानुन बमोजिम सामान्य अदालत (Court of law) मा मुद्दा गर्नु भनी तत्कालीन शाही नेपाल वायु सेवा निगमविरुद्ध सिद्धार्थ ट्राभल्ससमेतको मुद्दा (ने.का.प.२०४२ नि.नं. २०२४ अंक ७) को सैद्धान्तिक सन्दर्भसमेत उल्लेख गरी निर्णय भएको पाइन्छ । तर नेपाल वायु सेवा निगमको तर्फबाट प्रस्तुत मुद्दा मिति २०६५।७।२१ मा मात्र दायर हुन आएको पाइयो । दाबी बमोजिमको रकम दिलाई भराई पाऊँ भनी वादीको तर्फबाट सार्वजनिक संस्थाको सम्पत्तिको महत्व र व्यक्ति विशेषले त्यस्तो सार्वजनिक सम्पत्ति हानि नोक्सानी गर्न नपाउने सैद्धान्तिक आधारहरूसमेत देखाई वादीको दाबी परेको र सो कुरा वादी पक्षबाट प्रस्तुत बहस नोटसमेतमा उल्लेख भएको पाइन्छ । उक्त उल्लेखबाट ने.वा.नि. तत्काल गम्भीर हुनुपर्नेमा किन भएन भन्ने स्वाभाविक प्रश्न उठेको छ । साथै प्रस्तुत मुद्दामा वादीको पक्षबाट २० वर्षभन्दा बढी लामो अवधिसम्म सर्वोच्च अदालतको फैसला अनुसार मुद्दा दायर नगरी लामो अन्तरालपछि मात्र मिति २०६५।७।२१ मा मुद्दा दायर हुन आएको देखियो । उपरोक्त मुद्दा गर्ने बाटो खुल्ला भएको २०४५।१२।२१ मा नै हो भने अस्वाभाविक लामो अवधिसम्म के कति कारणबाट ने.वा.लि. ले यथा समयमा मुद्दा दायर गर्न सकेन ? यस प्रकार अस्वाभाविक लामो अवधिसम्म मुद्दा दायर नगर्नुमा नेपाल वायु सेवा निगमका तत्कालीन जिम्मेवार पदाधिकारीहरूबाट संस्थाको हितप्रति चरम लापरबाही र हेलचक्र्याइँ हुन गएको देखिन्छ। सर्वोच्च अदालतबाट २०४५।१२।२१ मा फैसला भएपश्चात् प्रस्तुत मुद्दा दायर नभएसम्म ने.वा.नि. मा कार्यरत जिम्मेवार पदाधिकारीहरूले प्रचलित कानुन बमोजिम यथासमयमा पर्याप्त ध्यान नदिएको तर्फ तथा यस प्रकारको चरम उदासीनताप्रति सम्बन्धित जिम्मेवार पदाधिकारीहरूले कुनै जवाफदेहिता लिनुपर्छ पर्दैन ? सो सम्बन्धमा व्यवस्थापनको गम्भीर ध्यानाकर्षण गर्दै नेपाल वायुसेवा निगमको वर्तमान व्यवस्थापनलाई छुट्टै जानकारी गराउन अपरिहार्य देखिएकोले प्रस्तुत फैसलामा यो टिप्पणी उल्लेख गर्न मनासिब ठान्दछु ।

**तपसिल**

- माथि ठहर खण्डमा उल्लेख भए बमोजिम वादी दाबीमा उल्लेखित रु.७२,६६,१९७।२१ लाई नै प्रतिवादी ट्राभल्स एजेन्टले बिक्री गर्न जिम्मा लिएको टिकटको ने.वा.नि. ले खुद पाउने रकम कायम गरी दामासाहीले प्रतिवादीहरूबाट बिगो रु.७२,६६,१९७।२१ तथा सोको १०% का दरले ब्याजसमेत भराई पाउने ठहरी फैसला भएकाले सो फैसला अनुसारको उक्त साँवा ब्याजसमेत भराई पाऊँ भनी पुनरावेदनको अवस्था व्यतीत भएपछि प्रतिवादीको जेथा देखाई मु.ऐन, दण्ड सजायको महलको ४२ नं.को म्यादभित्र वादीको दरखास्त पर्न आए उक्त फैसला अनुसारको साँवा ब्याजसमेत वादीलाई प्रतिवादीहरूबाट दामासाहीले भराई दिनू । बिगो भराएका बखत लाग्ने २.५Ü दस्तुर वादीबाट लिनू ..१

- वादीले फिरादसाथ र.नं. १०४४ बाट दाखेल गरेको कोर्ट फी रु. ७६,४३१।- भराई पाऊँ भनी प्रतिवादीको जेथा देखाई कोर्ट फी ऐन, २०१७ को दफा १५(११) को म्यादभित्र वादीको दरखास्त पर्न आए कुनै दस्तुर नलिई सो कोर्ट फी वादीलाई प्रतिवादीबाट भराई दिनू .......................................२

- प्रस्तुत फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी उपस्थित प्रतिवादीहरूका नाउँमा अ.वं.१९३ नं.बमोजिम पुनरावेदनको म्याद जारी गर्नू......................................................................................................................३

- प्रतिवादी दोलखा ट्राभल्स एण्ड टुर्स प्रा.लि. ले सुरु म्यादै गुजारी बसेकाले अ.वं. २०८ नं.बमोजिम पुनरावेदनको म्याद जारी गरिरहनु परेन ..........................................................................४

- प्रस्तुत फैसलाको ध्यानाकर्षण टिप्पणी उल्लेख गर्दै फैसलाको प्रतिलिपिसमेत साथै राखी जानकारीको लागि नेपाल वायु सेवा निगमको व्यवस्थापन समितिलाई पठाइदिनू ..............................................५

- सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू .................................६

- दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू .................................७

मा. न्या.ज्यूले टिपाए बमोजिम पाना २२ को फैसला टाइप
गर्ने डि. राजकुमार खत्री, फाँट नं. १० (ना.सु.कैलाश दाहाल)

........................
टेकनारायण कुँवर
जिल्ला न्यायाधीश

इति संवत् २०६७ साल आषाढ ३१ गते रोज ५ शुभम् ..............................................।

Serial No. 23

Mailing Address:
National Judicial Academy (NJA)
Hariharbhawan, Lalitpur Nepal
Tel : 977-1-5549057/5549067
Fax : 977-1-5530662
E-mail : info@njanepal.org.np
URL: njanepal.org.np